# राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन

२०४९

शिक्षा मन्त्रालय

राष्ट्रिय शिक्षा आयोग,

केसरमहल, काठमाडौं।

# राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन

२०४९

शिक्षा मन्त्रालय

राष्ट्रिय शिक्षा आयोग,

केसरमहल, काठमाडौं।

राष्ट्रिय शिक्षा आयोग

केसरमहल, कान्तिपथ

काठमाडौँ, नेपाल

मिति: २०४९।३।१४

सम्माननीय प्रधानमन्त्री

श्री गिरिजाप्रसाद कोइरालाज्यू

प्रधानमन्त्रीको कार्यालय

सिंहदरबार, काठमाडौँ ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

राष्ट्रिय शिक्षा आयोगका तर्फबाट यो प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यूमा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

परिवर्तित सन्दर्भमा शिक्षालाई नयाँ दिशा दिनु पर्ने आवश्यकता अनुभव भएअनुरुप गठित यस आयोगले विगत ९ महिनाभित्र काम गरी यो प्रतिवेदन तयार गरेको हो।

आयोगले पाएको कार्यक्षेत्रलाई ध्यानमा राख्दा शिक्षाका विभिन्न पक्षमा अध्ययन गर्नका निम्ति निर्धारित समय सीमित भए पनि आयोगले राष्ट्रिय शिक्षाका विभिन्न पक्षको वर्तमान स्थितिको विश्लेषणका साथ समस्या र मुद्दाहरु केलाएर सिफारिसहरु प्रस्तुत गरी आफ्नो काम पूरा गरेको छ ।यी सिफारिसहरु आयोगबाट विभिन्न स्तरमा भएका अध्ययन, छलफल गोष्ठीहरुको निष्कर्ष र विशिष्ट व्यक्तिका राय-सुझाउहरुमा समेत आधारित छ ।

यस प्रतिवेदनका कतिपय उल्लेख्य बुंदाहरु निम्नानुसार छन्

(१) शिक्षाका उद्देश्य निर्धारण गर्दा नेपाल अधिराज्यको संविधान २०४७ को हक र राज्य नीतिका निर्देशक सिद्धान्तहरुलाई ध्यानमा राखिएको छ ।

(२) शिक्षालाई सर्वसुलभ बनाउन औपचारिक शिक्षाका साथै अनौपचारिक शिक्षाका कार्यक्रमहरुको विस्तारमा जोड दिइएको छ ।

शिक्षा मन्त्रालय

(३) औपचारिक र अनौपचारिक शिक्षालाई एक-अर्काको सम्पूरक बनाई प्राविधिक तथा व्यवसायिक शिक्षालाई तल्ला कक्षाहरुदेखि नै शिक्षाको मूलधारामा समाहित गरिएको छ।

(४) नेपालको प्रचलित शैक्षिक संरचनाको पुनर्निर्धारण गरिएको छ र यसो गर्दा छिमेकी राष्ट्रहरुको शिक्षा प्रणालीलाई समेत ध्यानमा राखिएको छ।

(५) उच्च शिक्षाको सुविधालाई विकेन्द्रित गरी नेपालका विभिन्न क्षेत्रहरुका विश्वविद्यालय, महाविद्यालय र उच्च शैक्षिक संस्थाहरुको स्थापना गर्न सिफारिस गरिएको छ ।

(६) शिक्षामा जनसहभागिता, प्रतिस्पर्धा, नवप्रवर्तन, विविधता र विस्तारका लागि निजीकरणलाई प्रोत्साहित गर्न सिफारिस गरिएको छ।

यस प्रतिवेदनले आफ्ना सिफारिसहरुलाई मुख्यतः नीतिगत तहमा मात्र सीमित राखेको छ। उक्त सिफारिस अनुसारका कार्यक्रमहरु बनाई कार्यान्वयन गर्नेतर्फ यथाशीघ्र पाइला चाल्नु पर्ने देखिन्छ।

राष्ट्रिय शिक्षाका विभिन्न पक्षमा अध्ययन गरी सिफारिस गर्ने गहन दायित्व प्रदान गरिएकोमा राष्ट्रिय शिक्षा आयोगका तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

गोविन्दराज जोशी

शिक्षा, संस्कृति तथा समाज

शिक्षा मन्त्रालय

राष्ट्रिय शिक्षा आयोगका सदस्यहरु

(१) श्री गोविन्दराज जोशी शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री अध्यक्ष

(२) डा. त्रैलोक्यनाथ उप्रेती शिक्षाविद् उपाध्यक्ष

(३) डा. बालगोपाल वैद्य सदस्य, राष्ट्रिय योजना आयोग सदस्य

(४) श्री केदारभक्त माथेमा उपकुलपति, त्रिभुवन विश्वविद्यालय सदस्य

(५) श्री श्रीकृष्ण आचार्य उपकुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय सदस्य

(६) डा. ईश्वरप्रसाद उपाध्याय सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय सदस्य

(७) श्रीमती सुप्रभा घिमिरे अध्यक्ष, नेपाल प्राध्यापक संघ सदस्य

(८) डा. सुरेशराज शर्मा उपकुलपति, काठमाडौं विश्वविद्यालय सदस्य

(९) डा. पूर्णकान्त अधिकारी शिक्षाविद् सदस्य

(१०) डा. रामावतार यादव निर्देशक, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय सदस्य

(११) डा. शेषकान्त अर्याल सहप्राध्यापक, चिकित्साशास्त्र अध्ययन संस्थान सदस्य

(१२) श्री हिक्मतसिंह भण्डारी उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस सदस्य

(१३) श्री सुदर्शन रिसाल रजिष्ट्रार, त्रिभुवन विश्वविद्यालय सदस्य

(१४) श्री चन्द्रशेखर ठाकुर प्रधानाध्यापक, जुद्ध माध्यमिक विद्यालय, गौर सदस्य

(१५) डा. लेखनाथ बेलवासे शिक्षाविद् सदस्य

(१६) श्री पुष्पबहादुर श्रेष्ठ राष्ट्रिय शिक्षा समिति सदस्य-सचिव

शिक्षा मन्त्रालय

# भूमिका

प्रजातन्त्रको पुनर्बहालीपछि नेपालको सविधान(२०४७) द्वारा सुरक्षित मानवअधिकार तथा प्रजातान्त्रिक मूल्य र मान्यताका साथै सामाजिक न्याय, शिक्षाको समान अवसरका धारणा र राष्ट्रिय आकाक्षा तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेत मनन गरी विगतका कमजोरीहरुको निराकरण गर्नुका साथै राष्ट्रिय शिक्षाको उद्देश्य स्पष्ट गरी नीति निर्धारण गर्नका निम्ति श्री ५ को सरकारलाई सुझाव प्रस्तुत गर्न अन्तरिम कालमा नै २०४७ साल फागुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भएको थियो ।त्यसबेला यसको कार्यकाल २०४८ वैशाख मसान्तसम्म भनिए तापनि त्यो अवधि ज्यादै छोटो भएकाले कार्यसम्पादनमा खास प्रगति हुन सकेन ।राष्ट्रिय शिक्षाको योजना निर्माण गर्ने कार्यलाई अघि बढाउन शिक्षा आयोगको पुनर्गठन गरी नयाँ १६ सदस्यीय राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । यस आयोगले २०४९ जेष्ठ ५ गतेसम्म काम गरेर वर्तमान प्रजातान्त्रिक नेपालको शिक्षाबारे यो प्रतिवेदन तयार गर्यो ।

**आयोगको कार्यक्षेत्र**

राष्ट्रिय शिक्षा आयोगका निम्ति श्री ५ को सरकारबाट निर्धारित कार्यक्षेत्र निम्नलिखित अनुसार छः

आयोगले निम्नलिखित विषयहरुमा राय, सुझाउ र सिफारिस सहितको प्रतिवेदन पेश गर्ने :

(१) शैक्षिक उद्देश्यहरुको पुनर्निर्धारण, शिक्षामा समान अवसर, शैक्षिक गुणस्तर तथा शैक्षिक जनशक्ति योजना वारे।

(२) पूर्वप्राथमिक तहदेखि उच्च शिक्षाका तहसम्मको संगठनात्मक ढाँचाको समीक्षा र सोको पुनर्निर्धारण वारे।

(३) बहुविश्वविद्यालय (साधारण, प्राविधिक र खुला विश्वविद्यालय समेत), नेपालिज इन्ष्टिच्युट अफ टेक्नोलोजी, पोलिटेक्निक इन्ष्टिच्युट, पोलिटेक्निक स्कूल, प्राविधिक शिक्षालय, अनौपचारिक शिक्षा (प्रौढ शिक्षा, महिला शिक्षा, राष्ट्रिय साक्षरता अभियान, विशेष शिक्षा) र अन्तर्राष्ट्रिय स्तरका विद्यालय जस्ता नयाँ शैक्षिक आयाम र संरचना वारे।

(४) विभिन्न शैक्षिक परियोजनाहरुको प्रभावकारिता अध्ययन र सो सम्बन्धी नीति वारे।

(५) सरकारी अनुदान प्राप्त र जनसहभागितादवारा संचालित शिक्षण संस्थाहरुको संगठनात्मक शैक्षिक तथा प्रशासनिक व्यवस्थापन वारे।

(६) सबै स्तरका शैक्षिक संस्थाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी नीति वारे।

(७) शिक्षाका विभिन्न क्षेत्र तथा शैक्षिक तथा प्राज्ञिक क्रियाकलाप एवम् प्रशासनिक र व्यवस्थापन पक्षको सुपरिवेक्षण, मूल्यांकन र अनुगमनवारे उपयुक्त नीति निर्धारण सम्बन्धी।

(८) सार्क संगठनका अन्य सदस्य राष्ट्रहरुको शैक्षिक स्तरलाई समेत दृष्टिगत गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक नीतिवारे।

(९) पाठ्यक्रमहरुको स्तरीयता, समय सापेक्षता, उपादेयता र तदनुरुप पाठ्यपुस्तकहरुका साथै उपयुक्त पाठ्यपुस्तक र पाठ्यसामग्री तयार गर्ने वारे।

(१०) सन्दर्भ सामग्री तथा अन्य शैक्षिक सामग्रीहरुको उत्पादन सम्बन्धी।

(११) राष्ट्रिय शिक्षा समिति, शिक्षा तथा संस्कृति मन्त्रालय र पूर्व प्राथमिकदेखि उच्च शिक्षा सम्मका विभिन्न शैक्षिक निकायहरुको संगठनात्मक स्वरुप र कार्यपद्धति वारे विचार गरी समन्वय र सामञ्जस्य कायम राख्ने वारे।

(१२) संस्कृत शिक्षा वारे।

(१३) परीक्षा पद्धति र परीक्षा संचालन वारे।

(१४) शिक्षकहरुको सेवा, वृत्ति विकास, तालिम र सुविधा वारे।

(१५) उच्च शिक्षाको वर्तमान व्यवस्थापन, आर्थिक भार आदि समस्याहरुको पुनरावलोकन गरी स्पष्ट नीति निर्धारण गर्ने वारे।

(१६) शैक्षिक क्षेत्रमा जनसहभागिता अभिवृद्धि गर्ने वारे।

(१७) उपर्युक्त विषयहरुका अतिरिक्त आयोगले उचित ठहराएका सुझाउहरु।

**कार्यविधिको निर्धारण**

कार्यविधिको निर्धारणका क्रममा आयोगले सर्वप्रथम तीनदिने सघन कार्याशालको आयोजना गर्यो । यस कार्याशालाको छलफलबाट परिवर्तित पिरिप्रेक्ष्यमा राष्ट्रिय शिक्षाका विभिन्न पक्षहरुको गहिराइसम्म पुगेर अध्ययन गर्नका निम्ति तोकिएको समय अपर्याप्त छ भन्ने कुराको अनुभव भयो । यसै कार्यशालामा आयोगले आफ्नो अध्ययनलाई शिक्षाका विभिन्न पक्षहरुको वस्तुस्थितिको अध्ययन, समस्या र मुद्दाहरुको पहिचान र समाधानका निम्ति दिइने सुझाउहरुमा केन्द्रित गर्ने निर्णय गर्‍यो ।

**कार्यटोलीहरुको गठन**

राष्ट्रिय शिक्षा आयोगले आफूलाई दिएको कार्यक्षेत्रलाई ध्यानमा राखी शिक्षाका विभिन्न पक्षहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्नका निम्ति राष्ट्रिय शिक्षासँग सम्बन्धित विभिन्न विषयमा कार्यटोलीहरु गठन गरी अध्ययन गर्ने निर्णय भएअनुसार निम्नलिखित शीर्षकहरुमा अध्ययन गर्नका निम्ति कार्यटोलीहरुको गठन गरियो ।१ शिक्षाको उद्देश्य, नीति, जनशक्ति, संगठन तथा आर्थिक व्यवस्थापन, २) उच्च शिक्षा (साधारण), ३) उच्च शिक्षा(प्राविधिक), (४) शिक्षक शिक्षा, (५) माध्यमिक तथा उच्चमाध्यमिक शिक्षा, ६) संस्कृत शिक्षा, ७) पूर्वप्राथमिक शिक्षा तथा प्राथमिक शिक्षा, ८) प्राविधिक तथा व्यवसायिक शिक्षा तथा ९) अनौपचारिक शिक्षा, दूर शिक्षा र विशेष शिक्षा ।

यिनका साथै शिक्षाका केही मूलभूत विषयहरुमा अध्ययन गर्न केही अन्य व्यक्तिहरुको पनि विशेष योगदान रहेको छ ।कार्यटोलीका सदस्यहरुको साथै यस्ता विभिन्न पक्षमा आयोगलाई सहयोग गर्ने विद्वानहरुको नाम परिशिष्टमा दिइएको छ ।कार्यटोलीहरुद्वारा आ-आफ्ना क्षेत्रका विशिष्ट व्यक्तिहरुलाई समेत आमन्त्रित गरेर आवश्यक परामर्श गरी आ-आफ्ना प्रतिवेदनहरु तयार गरिए । शिक्षाका विभिन्न पक्षहरुको अध्ययनका क्रममा विभिन्न कार्यटोलीहरुले तयार गरेका प्रतिवेदनका साथै कतिपय विषयमा भएका अध्ययनलाई समेत समेटी प्रतिवेदनलाई १३ अध्यायहरुमा प्रस्तुत गरिएको छ ।ती हुन्: १) शिक्षाको राष्ट्रिय उद्देश्य, संरचना र नीति, २) प्राथमिक शिक्षा, ३) माध्यमिक तथा उच्चमाध्यमिक शिक्षा, ४) उच्च शिक्षा (साधारण), ५) उच्च शिक्षा (प्राविधिक), ६) संस्कृत शिक्षा, ७) प्राविधिक तथा व्यवसायिक शिक्षा, ८) शिक्षक शिक्षा, ९) विशेष शिक्षा, १०) अनौपचारिक शिक्षा, ११) शिक्षा क्षेत्रको आर्थिक व्यवस्थापन, १२) शैक्षिक व्यवस्थापन तथा निरीक्षण, र १३) विविध । विविध अन्तर्गत क) पूर्व प्राथमिक शिक्षा, ख) निजी क्षेत्रमा संचालित विद्यालयहरु, ग) पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन, घ) पुस्तकालय र ङ) अतिरिक्त क्रियाकलापसम्बन्धी विषयहरु परेका छन् ।

**क्षेत्रीय गोष्ठीहरुको आयोजना:**

कार्यटोलीका प्रतिवेदनहरुको सारसंक्षेपका रुपमा आधारपत्रहरु बनाई राष्ट्रिय शिक्षा आयोगले नेपालका विभिन्न क्षेत्रमा क्षेत्रीय गोष्ठी (सेमिनार)हरुको आयोजना गर्ने

शिक्षा मन्त्रालय

## शिक्षाको राष्ट्रिय उद्देश्य, संरचना र नीति

### पृष्ठभूमि

शिक्षालाई जीवनको अनिवार्य आवश्यक्ता मानिएकाले मानव इतिहासका विभिन्न चरणमा यसबारे विचार हुँदै आएको छ । समय समयमा शिक्षाको बिषय र माध्यमको छनोटमा फेरबदल भएको छ, उद्धेश्य र नीतिमा पुनर्विचार पनि गरिएको छ र पद्धति तथा प्रक्रियाहरुमा परिवर्तन गरिएको छ । नेपालमा लामो समय सम्म परम्परागत शिक्षा प्रणालीको प्रचलन पछि राणाकालमा आधुनिक शिक्षा पद्धतिको प्रारम्भ भएको हो र शिक्षाको योजनाका निम्ति २००४ सालतिर प्रारम्भिक चेष्टाहरु देखा परेका हुन् । तर २००७ सालमा प्रजातन्त्रको स्थापनापछि मात्र राष्ट्रिय शिक्षाको विकासका लागि योजनाबद्ध प्रयास हुन थालेको पाइन्छ। विसं २००९ सालमा शिक्षा समितिको स्थापना भयो र यस समितिले राष्ट्रिय शिक्षामा समयानुकूल परिवर्तनको लागि शिक्षासम्वन्धी राष्ट्रिय योजना तयार गर्नुपर्ने कुरामा जोड दिई  सुझाव दिए अनुसार २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो । २०१७ सालको राजनैतिक परिवर्तनपछि २०१८ सालमा सर्वाङ्गीण शिक्षा समितिको गठन भयो । यसपछि श्री ५ को सरकारको अनुरोधमा २०१९ सालतिर युनेस्कोको सहयोगमा ह्यू बी उडको नेतृत्वमा आएको एउटा टोलीले नेपालको शिक्षा सम्बन्धी अध्ययन गरी सरकारलाई आफ्नो प्रतिवेदन दिएको थियो । शिक्षामा ब्यापक परिवर्तन गर्नेक्रममा  बिशेष गरी दक्ष जनशक्तिको उत्पादन गर्ने र पंचायती ब्यवस्थामा अझ बढी आस्था जगाउने उद्धेश्यले राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सालमा लागु गरियो । तर २०३६ सालको विद्‌यार्थी आन्दोलनले पंचायती ब्यवस्थाप्रतिको आस्थामा प्रश्न चिन्ह लगायो र त्यसपछि राष्ट्रिय शिक्षा पद्धतिको योजनाका कतिपय मूलभूत कुराहरुमा पुनर्विचार गरियो । यसै क्रममा २०३९ मा गठित शाही उच्च शिक्षा आयोगले २०४० मा आफ्नो प्रतिवेदन प्रस्तुत गर्यो ।र यसलाई लागु गर्ने क्रममा महेन्द्र संस्कृत विश्वविद्‌यालयको स्थापना र अध्ययन संस्थानहरुलाई संकायका रुपमा परिवर्तनका साथै अरु साधारण फेरबदल भए । यस अबधिमा त्रिभुवन विश्वविद्‌यालयको प्रशासनमा केन्द्रीकरणको प्रवृत्ति बढ्दै गई शैक्षिक वातावरणा झन् झन् अब्यव्यस्थित हुदै गयो भने शिक्षामा पंचायतीकरण पनि बढ्दै गएकाले शैक्षिक समुदायमा बिद्रोहको भाबना पनि प्रबल हुँदै गइरहेको थियो ।यसैको फलस्वरुप २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा प्राथमिक कक्षादेखि उच्च कक्षासम्मका विद्‌यार्थीहरु अरुका साथसाथै प्रजातन्त्रको माग गर्दै सडकमा उत्रे र

तीमध्ये कति शहीद पनि भए । यसरी देशमा प्रजातन्त्रको पुनःस्थापना भएपछि सामाजिक परिवर्तन तथा राष्ट्रिय पुनर्निर्माणमा शिक्षाको विशेष भूमिका रहने कुरालाई समयमै राष्ट्रिय शिक्षालाई नयाँ आयाम दिनु पर्ने आवश्यकताको अनुभव भएको छ ।तत्कालीन व्यवस्थाको अनुकूल बनी विगत दुई दशकको शिक्षालाई प्रभावित पारेको राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) आफ्नै कमजोरीहरुले गर्दा आफै असफल भइरहेको समयमा यस्तो परिवर्तन अनिवार्य भएको छ ।नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य र मान्यताले शिक्षाको मूलभूत उद्देश्यमा परिवर्तनको अपेक्षा देखाएका छन् भने जनआकाङ्क्षा, राष्ट्रिय प्रतिबद्धता र अनर्राष्ट्रिय परिस्थिति र सामयिक सन्दर्भहरुले राष्ट्रिय शिक्षा पद्धतिमा समयोचित सुधार र नवप्रवर्तनहरुको माग गरेका छन् ।

**वर्तमान परिस्थितिः**

समय समयमा सशेधन गरिएतापनि अहिलेसम्मको शिक्षा योजना राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) कै ढाँचा अन्तर्गत रहेको छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना यसको कार्यान्वयन काल (२०२८-२०३२) भित्रैका अनुभवबाट ज्यादै कठोर प्रणाली सावित  भयो । फलस्वरुप यसका केही अव्यावहारिक लक्ष्यहरुले गर्दा यस शिक्षा पद्धतिको कार्यान्वयन अवधिमा नै यसका कतिपय मूलभूत नीतिहरुमा नै परिवर्तन ल्याइएको थियो । उदाहरणका निम्ति १)प्राथमिक शिक्षा ३ वर्षे बनाई यसको उद्देश्य साक्षरता मात्र राखिएको नीतिलाई अनुपयुक्त ठहर्याई  प्राथमिक शिक्षालाई ५ वर्षे तुल्याइयो, २)  निम्नस्तरका प्राविधिक जनशक्ति तयार गर्ने लक्ष्य राखी स्थापित भएका व्यावसायिक माध्यमिक विद्यालयहरुलाई ४०० अकको व्यावसायिक शिक्षाको सट्टा १०० अक दिई साधारण माध्यमिक विद्यालयमा परिवर्तन गरियो र निम्नस्तरको प्राविधिक जनशक्ति तयार गर्ने नीतिलाई छोडियो, ३) कुनै पनि तहको शिक्षा पूरा गरी अर्को तहको शिक्षामा प्रवेश पाउने प्रवेश परीक्षाको व्यवसर्था गर्ने जस्तो उपयुक्त नीतिलाई १/२ वर्ष लागू गर्दैमा अव्यावहारिक ठानेर हटाइयो र राजनैतिक चापले गर्दा एसएलसी पास गरेको सबैलाई उच्च शिक्षाको ढोका पूर्ण रुपले खोलियो, ४) तोकिएको अवधिभित्र उच्च शिक्षाका ५० % भन्दा बढी  विद्यार्थी प्राविधिक शिक्षामा प्रवेश दिने नीतिको कार्यान्वयन गर्नेतर्फ प्रयास पनि गर्न नसकी साधरण शिक्षामै करीब ८० प्रतिशत विद्यार्थीलाई प्रवेश दिइयो,  ५) विकेन्द्रित प्रशासनको आधारमा अध्ययन सस्थानहरुको समष्टि नै त्रिभुवन विश्वविद्यालय हो भन्ने नीतिको आधारमा पुनर्गठित

विश्वविद्यालय योजना कार्यान्वयनको ३ वर्ष पूरा नहुँदै अध्ययन संस्थानहरुको स्वायत्तता समाप्त गरी केन्द्रीकृत प्रशासन व्यवस्थाको सचालन भयो ।यसरी उद्देश्य र नीतिका रुपमा आदर्श देखिने राष्ट्रिय शिक्षा पद्धतिको योजना व्यापक जनहितको प्रयोजनको निम्ति भन्दा नियोजनका निम्ति थियो भन्ने कुरा क्रमश: स्पष्ट हुँदै गयो ।

यद्यपि राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा शैक्षिक व्यवस्थापनको क्षेत्रमा विकेन्द्रीकरणको नीति अगाली शिक्षा मन्त्रालय नीति निर्माण, मूल्याङ्कन र अनुगमन जस्ता कार्यमा सलग्न रहने र क्षेत्रीय कार्यालयहरु कार्यक्रम कार्यान्वयनमा सलग्न हुने नीति उल्लिखित थियो र सोही अनुरुप विकेन्द्रीत प्रशासनलाई प्रभावकारी तरीकाबाट सचालन गर्ने जिल्ला स्तरका कार्यालयहरुलाई पनि सुदृढ गरिएको थियो । तर विगत दुई दशकभित्र शैक्षिक प्रशासनको सचालनको सिलसिलामा व्यवस्थापनका आधारभूत सिद्धान्त तथा नीतिलाई नै बिर्सेको जस्तो देखियो । उदाहरणका निम्ति १) वर्तमान शिक्षा तथा सस्कृति मन्त्रालय नीति निर्माणमा भन्दा कार्यक्रम कार्यान्वयनका प्रशासकीय काममा नै व्यस्त भयो ,२) क्षेत्रीय शिक्षा निर्देशनालयहरु (हाल क्षेत्रीय शिक्षा निरीक्षक कार्यालय) लाई प्रदान गरीएको सीमित अधिकार कार्यक्रमहरुको अभावले गर्दा यी अह्राएको मात्र काम गर्ने कार्यालय जस्ता भए । ३) त्रिभुवन विश्वविद्यालय विकेन्द्रित प्रशासनका आधारमा सचालित हुनु पर्नेमा केन्द्रीकृत तथा नीतिगत अस्पष्टताले ग्रस्त प्रशासनका रुपमा सचालित हुन थाल्यो ।

प्रभावकारी निरीक्षण व्यवस्थाको अनिवार्यतालई महसुस गरी २०२८ सालमा प्रत्यके जिल्लामा पहाड तराई तथा उपत्यकालाई विद्यालय सख्याको आधारमा निरीक्षकहरु तोकिएका थिए । तर २०२८ देखि २०४८ सम्ममा विद्यालय सख्या सरदर तीन गुना बढेको छ भने निरीक्षकको सख्या र अनुपात २०२८ सालकै रहेको छ । विद्यालय निरीक्षकको अनुपातको नीति उही छ, तर निरीक्षकहरु थपिएनन् । निरीक्षकका लागि भ्रमण गर्ने सुविधाको व्यवस्था भएन र निरीक्षण प्रणाली नै पूर्णरुपले निष्क्रिय रहन गयो ।

नेपालको शिक्षा विस्तार तथा विकासको विषयमा गरिने कुनै पनि बयान तथा टिप्पणीमा नेपालमा गत चार दशकमा भएको शैक्षिक सहुलियतमा भएको सफल विस्तारको विवरण पेश गरिन्छ । वास्तवमा सङ्ख्यात्मक विस्तारकै दृष्टिले हेर्ने हो भने नेपालमा यस क्षेत्रमा गरेको प्रगति सन्तोषजनक नै मान्नु पर्छ ।२००७ सालमा

३२१ प्राथमिक पाठशाला, ११ वटा माध्यमिक विद्यालय र एउटा कलेज (त्रिचन्द्र) भएको देशमा आज प्राथमिक विद्यालय १७८४२, निम्न माध्यमिक विद्यालय २९६४ र माध्यमिक विद्यालय १९५३ वटा सञ्चालित छन् ।दुई वटा विश्वविद्यालयअन्तर्गत १२३ क्याम्पसहरु सन्चालित छन् । हालै निजी क्षेत्रमा पनि एउटा विश्वविद्यालय खुलेको छ । शैक्षिक सुविधाको विस्तारकै कुरा गर्ने हो भने छिमेकी देशहरुभन्दा अवश्य पनि नेपाल पछि परेको छैन । तर विडम्बना के छ भने सहुलियतको विस्तारमा मात्रै सन्तोष लिनुपर्ने अवस्था छ । शिक्षा प्रणालीको अरु क्षेत्रको समीक्षा गर्दा आजको राष्ट्रिय शिक्षा प्रणाली अझ कहालिलाग्दो आपात स्थितिबाट गुज्रेको देखिन्छ । राष्ट्रले शिक्षामा लगानी गरेको त देखिएको छ तर त्यसअनुरुपको प्रतिफल निकै कम रहेको छ । फलस्वरुप विभिन्न विसंगति र यो विकृतिहरु बोकेर हिँडिरहेको हालको शिक्षा प्रणाली धान्न राष्ट्रलाई कठिन भएको छ । साधारण तथ्याङ्क अनुसार नेपालमा १०७ प्रतिशत प्राथमिक उमेरका विद्यार्थीहरु विद्यालयमा अध्ययनरत देखिन्छन् । वास्तविक तथ्याङ्कअनुसार यस उमेरका ७९ ६ प्रतिशत मात्र विद्यार्थी विद्यालयमा भर्ना भएको पाइन्छ । यस्तै तथ्याङ्कको नै कुरा गर्ने हो भने कक्षा १ र कक्षा २ मा ६४ प्रतिशत मात्र विद्यार्थी विद्यालय जाने गर्छन् । कक्षा दोहोर्‍याउनेको संख्या ज्यादै बढी देखिन्छ र ५ वर्षको प्राथमिक शिक्षा पूरा गर्न केही विद्यार्थीलाई १२ वर्ष लाग्छ । वर्षमा १८० दिन कक्षा संचालन हुनु पर्नेमा १०० दिन पनि संचालन हुँदैन । कक्षा ५ का विद्यार्थीको सरदर ज्ञानको स्तर कक्षा ३ को जस्तो हुन्छ । यस्तो लक्ष्यरहित प्राथमिक शिक्षा संचालन गर्न श्री ५ को सरकारले वर्षको करीब १ अरब ४० करोड खर्च गर्दछ । शहरी इलाकामा सरकारी अनुदान प्राप्त तर सन्तोषजनक रुपमा संचालित नभएका विद्यालयबाट असन्तुष्ट अभिभावकहरु निजी क्षेत्रका विद्यालयहरुप्रति आकर्षित हुँदै गइरहेका छन् । अब त गाउँ गाउँमा पनि यस्ता अंग्रेजी माध्यमका प्राथमिक विद्यालयहरु ज्यादै छिटो गतिले बढ्दै छन् । तर अभिभावकहरुले ठूलो रकम खर्च गरेर त्यस्ता विद्यालयहरुमा पठाउँदा पनि उनीहरुले आफ्ना सन्तानका लागि राम्रो शिक्षाको व्यवस्था गर्न सकेका छैनन् । यस्ता केही विद्यालयहरुले उल्लेखनीय शैक्षिक उपलब्धी हासिल गरे तापनि धेरैजसो निजी विद्यालयहरु कक्षामा अत्यधिक विद्यार्थी संख्या, बढी पाठ्यपुस्तकहरु, कम योग्य र तालिम अप्राप्त शिक्षक आदि समस्याले ग्रस्त छन् । यसरी अहिले देशमा दुई प्रकारका विद्यालय स्पष्टरुपमा देखा परेका छन् ; विपन्न वर्गका लागि सरकारी अनुदानप्राप्त विद्यालय र सम्पन्न र सन्तानको शिक्षाका लागि विशेष प्रयत्न गर्नेहरुका लागि

निजी विद्यालय । आफ्नो साधारण आयले सन्तानको शिक्षा खर्च धान्न नसक्नेहरु समेत आफ्नो गाँस काटेर भएपनि आफ्ना सन्तानलाई यस्ता विद्यालयहरुमा पठाउँदै छन् ।

नेपालको उच्च शिक्षाका कार्यक्रमहरुको संचालन गर्ने त्रिभुवन विश्वविद्यालय आज अनेकौँ समस्याले ग्रस्त छ । देशभरि आफ्ना क्याम्पसहरुको विस्तार गरेर पनि नपुगेकाले निजी क्याम्पसहरु खुल्दैछन् ।विद्यार्थी भर्नाको चाप प्रत्येक वर्ष बढ्दै आएको भए तापनि ठोस नीति र योजनाका अभावमा भर्ना समस्या जस्ताको तस्तै छ । भर्ना भए पनि नियमित रुपमा पढाइ नहुने, समयमा जाँच र प रीक्षाफल प्रकाशित नहुने कारणले गर्दा विद्यार्थीहरुको अमूल्य समय नष्ट भएको छ। पाठ्यक्रममा समयानुकुल सुधार हुन सकेको छैन, पाठ्यपुस्तकहरुको निर्माणको गति पनि ज्यादै मन्द छ र क्याम्पसहरुमा कक्षा कोठा र छात्रावास, पुस्तकालय, प्रयोगशाला आदि सुविधाको कमीले गर्दा शैक्षिक वातावरणको विकास हुन सकेको छैन । उच्च शिक्षा आज त्रिविलाई सम्हालिनसक्नु भएको छ । यसमा स्पष्ट नीति, योजना र कार्यक्रमका अभावमा कतिपय शिक्षक र कर्मचारीहरुका लागि कामै छैन र विद्यार्थीहरुका लागि उपयुक्त शैक्षिक कार्यक्रम छैन ।केन्द्रीकरणले गर्दा पूर्वमा इलमा र भद्रपुरका अथवा पश्चिमका डोटी र महेन्द्रनगरका क्याम्पसले पनि प्राज्ञिक निर्देशन, परामर्श र आर्थिक सहायताका निम्ति काठमाडौँ नै धाउनु परेको छ र यसो गर्दा समय, श्रम र स्रोतको दुरुपयोग भएको छ । पंचायती व्यवस्थामा राजनीति गर्न नदिने राजनीतिले शिक्षा क्षेत्रलाई राजनीतिको साधन बनाएकाले शिक्षालाई आज पनि राजनीतिबाट मुक्त गर्न सकिएको छैन । प्रजातन्त्रको पुनर्वहालीपछि उच्च शिक्षाका शिक्षक र कर्मचारीहरुलाई स्वतः स्थायी गर्ने र पदोन्नति गर्ने जस्ता दूरगामी परिणाम ल्याउने अप्राज्ञिक निर्णयहरु पनि गरिए । शिक्षण संस्थाहरुलाई राजनीतिबाट अलग्ग राखेर विद्यार्थीहरुलाई पठन पाठन र अध्ययन अनुसन्धानको गतिविधिहरुमा केन्द्रित गरी शैक्षिक वातावरणको विकास गर्न आगामी दिनहरुमा सम्बन्धित क्षेत्रले निकै प्रयास गर्नुपर्ने देखिन्छ ।

साधारण र प्राविधिक उच्च शिक्षाका संस्थानका अनुसन्धान केन्द्र र केन्द्रीय विभागमा उपयुक्त कार्यक्रमहरुको अभाव, विविध शैक्षिक क्रियाकलापको कमी तथा प्रशासनमा बढ्दो खर्च, परिवर्तित प्रजातान्त्रिक सन्दर्भका लागि उपयुक्त शैक्षिक नीति, नियम र कार्यक्रमहरुको निर्माण भइनसकेकाले गर्दा पनि उच्च शिक्षा आज अनेकौँ विसंगति र

समस्याहरुले ग्रस्त छ । प्राविधिक उच्च शिक्षाको विस्तार र विकास अत्यन्त मन्द गतिमा भएको छ । प्राविधिक उच्च शिक्षा पनि त्रिविका साझा समस्याहरुले पीडित छ । विद्यार्थी भर्नाको बढ्दो चापलाई दृष्टिगत गरी प्राविधिक उच्च शिक्षामा विस्तारको आवश्यकता अनुभव गरिए तापनि समस्याहरु छँदैछन् ।

संस्कृत उच्च शिक्षाका लागि महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएको छ र यस अन्तर्गतका देशभरि ७ विद्यापीठहरु छन् । संस्कृत शिक्षाका लागि गरिएको लगानीको तुलनामा विद्यार्थी संख्या कम छ । यी विद्यार्थीहरुमध्ये केही संस्कृत अध्ययनपछिको रोजगारीका अभावमा आधुनिक विषयहरु पढी कुनै तहमा पुगेर संस्कृतको अध्ययन छोडी साधारण शिक्षातिर जान्छन् । शिक्षकहरुलाई प्राज्ञिक विकास गर्ने र अनुसन्धान गर्ने प्रेरणा र प्रोत्साहनको कमी छ । एकातिर उच्चस्तरीय प्राविधिक शिक्षा चाहेका जतिलाई दिन नसकिने स्थिति छ भने अर्कातिर देश निर्माणका क्रममा आवश्यक पर्ने सामान्य, दक्ष र अद्धदक्ष जनशक्तिको आवश्यकताको पूर्ति हुन सकेको छैन । जनशक्तिको उत्पादन गर्ने नीति लिएको राशिपयो बाट लक्ष्य प्राप्तिका निम्ति कार्यक्रमहरुको निर्माण र तिनको कार्यान्वयन हुन सकेन । जसका फलस्वरुप देशमा सामान्य स्तरका प्राविधिक तथा दक्ष जनशक्तिको ठूलो अभाव देखापर्छ । देशको साक्षरताको दर ज्यादै कम रहेको नेपालमा अनौपचारिक शिक्षाको विशेष महत्व छ । देशको कुल शिक्षा बजेटको ०.३ प्रतिशत मात्र अनौपचारिक शिक्षामा खर्च गरिएको र त्यसमा ४२.३ प्रतिशत बाह्य स्रोतबाट प्राप्त भए तापनि यस क्षेत्रमा भएको प्रगति सन्तोषजनक छैन । अनौपचारिक शिक्षाप्रतिको नीति र योजना कार्यान्वयनमा अस्थायी र हुचवा प्रवृत्ति, पाठ्यक्रम र पाठ्यसामग्रीको कमी, संगठनात्मक संरचना तथा कार्यक्रमहरुको मूल्याङ्कन र अनुगमन आदिको अप्रयाप्त व्यवस्थाले ग्रस्त अनौपचारिक शिक्षा अहिले अपठ्यारो स्थितिमा छ । यस्तै अन्धा, अपाङ्ग तथा सुस्त मनःस्थितिका व्यक्तिहरुलाई दिइने विशेष शिक्षा पनि आफ्ना नागरिकलाई दिनुपर्ने शिक्षाका रुपमा नलिएर परोपकारी कार्यका रुपमा लिइने गरेकाले र प्राथमिकता नदिइएकाले आज दयनीय स्थितिमा पुगेको छ ।

राष्ट्रिय शिक्षाको वर्तमान स्थिति र मूलभूत समस्याहरुको अवलोकलन गर्दा के स्पष्ट भएको छ भने यसमा यथाशीघ्र सुधार गर्नुपर्ने आवश्यकता छ । तर सुधारको स्वरुप कस्तो हुनुपर्छ, राष्ट्रिय शिक्षाले कुन दिशा र आयाम लिनुपर्छ भन्ने कुराको निर्धारणका निम्ति २०४६ को जनआन्दोलन र प्रजातन्त्रको पुनर्बहाली, २०४७ को नेपाल

अधिराज्यको संविधान, राष्ट्रिय आकांक्षा र प्रतिबद्धता, समसामयिक अन्तर्राष्ट्रिय वातावरण र भविष्यलाई हेर्नुपर्ने हुन्छ । शिक्षाको राष्ट्रिय उद्देश्यबारे विचार गर्नु अघि उपर्युक्त कतिपय विषयमा छलफल गर्नु प्रासङ्गिक छ ।

**प्रजातान्त्रिक संस्कारको अनुकूल शिक्षाः** नेपालको इतिहासमा २०४६ सालमा ऐतिहासिक जन-आन्दोलनको विशेष महत्व छ । किनभने यस आन्दोलनपछिको प्रजातन्त्रको पुनर्बहालीले देशको शिक्षा प्रणालीमा पनि समयोचित र प्रजातान्त्रिक संस्कारको अनुकूल शिक्षा एवं शिक्षण पद्धतिको आवश्यकता अनुभव भएको छ । यो परिवर्तन परम्परागत शिक्षा पद्धतिमा रहेको नियन्त्रणमूलक पद्धतिका विरुद्ध प्रजातान्त्रिक आदर्श अनुकूल व्यक्तिगत प्रतिभा, वैयक्तिक विशिष्टता र व्यक्तित्वको विकासका निम्ति हुनुपर्दछ । व्यक्तिलाई कोरा नैतिकता र अनुशासनको पाठ सिकाएर उसको विवेकमा बिर्को लगाई यान्त्रिक अनुकूलन गर्दै आफूले चाहेको बाटामा डोर्‍याउने होइन, आत्मबोध र आत्मप्रेरणा जगाएर उसमा अन्तर्निहित सम्भावनाहरुको प्रस्फुटन हुने वातावरण दिई उसलाई सिर्जनशील तुल्याउनु पर्छ । यसका निम्ति उपयुक्त शिक्षण पद्धतिको पनि चयन हुनुपर्दछ । उदाहरणका निम्ति शिक्षा क्षेत्रलाई लामो समयसम्म प्रभावित पारेको नियन्त्रित अभ्यासमा  जोड दिने व्यवहारवादी शिक्षण पद्धतिले होइन व्यक्तिका अन्तर्निहित प्रतिभाको विकासमा सहयोग गर्ने संज्ञानात्मक पद्धतिले नै प्रजातान्त्रिक संस्कारको अनुकूल शिक्षाको विकासमा सहयोग मिल्छ । आजको शिक्षा शिक्षकपरक होइन, विद्यार्थीपरक हुनुपर्दछ र विद्यार्थीका प्रतिभाको प्रष्फुटन नियन्त्रणवादी परिवेशमा होइन, प्रजातान्त्रिक परिवेशमा नै हुन्छ ।

**संवैधानिक अधिकार र निर्देशक सिद्धान्त तथा नीतिहरुको अभिप्रायः** राष्ट्रिय शिक्षालाई नयाँ आयाम दिंदा नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मौलिक हक र मानव अधिकारका साथै निर्देशक सिद्धान्त र नीतिहरुको अभिप्रायलाई अगाडि राख्नुपर्ने हुन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा १८ को उपधारा १ मा संस्कृति तथा शिक्षासम्बन्धी हकअन्तर्गत नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ । यसै धाराको उपधारा २ मा प्रत्येक समुदायले बालबालिकालाई आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउनेछन् भनिएको छ । यसै संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथ नीतिअन्तर्गत पनि

शिक्षासम्बन्धी नीतिहरुको उल्लेख गरिएको छ । यसै भागको धारा २६ को उपधारा २ मा विभिन्न धर्म, जाति, सम्प्रदाय र भाषाभाषीहरुका बीच स्वस्थ, सुमधुर र सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रीय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने कुरा उल्लेख गरिएको छ । धारा २६ कै उपधारा ७,८,९र १० मा महिला वर्ग, बालबालिका, अनाथ, असहाय, बृद्ध, अपाङ्ग र अशक्तहरु तथा पिछडिएका जनजातिको उचित शिक्षाको व्यवस्थाद्वारा तिनीहरुको देश विकासमा सहभागिता गराउने, रोजगारको व्यवस्था गर्ने, हक-हितको संरक्षण गर्ने र समुदायको उत्थान गर्ने नीति लिनुपर्ने कुराको समेत उल्लेख छ । धारा २६ कै उपधारा ११ मा विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने र स्थानीय प्रविधिहरुको विकास गर्नेतर्फ ध्यान दिइने कुरा पनि उल्लेख गरिएको छ ।

राष्ट्रिय आकांक्षा र प्रतिबद्धताः प्रजातन्त्रको पुनर्बहालीपछि देशको राजनैतिक व्यवस्थामा आएको परिवर्तन राष्ट्रिय परिवर्तनको एउटा महत्वपूर्ण साधन भएकाले यसलाई जनआकांक्षाको अनुकूल अघि बढाउनुपर्ने दायित्वलाई अनुभव गरी निर्वाचित सरकारले शिक्षाका कतिपय पक्षमा गर्नुपर्ने परिवर्तनबारे पनि आफ्नो प्रतिबद्धता जनाएको छः

(१) सन् १९९०मा थाइल्याण्डमा भएको सबैका लागि शिक्षा विषयको विश्वसम्मेलनमा र न्यूयोर्कमा भएको बालबालिकाका निम्ति विश्व शिखर सम्मेलनको घोषणापत्रमा नेपालले प्रतिबद्धता देखाई हस्ताक्षर गरेको छ र सन् १९९० को दशकमा राष्ट्रियस्तरमा गर्नुपर्ने कार्ययोजना पनि तयार गरेको छ । यस योजनाअनुसार आगामी १० वर्षभित्र अहिले ६४ प्रतिशत मात्र विद्यालय जानेलाई १०० प्रतिशतमा पुर्‍याउने र अहिलेको ३१ प्रतिशत बालबालिका भर्नालाई पनि शतप्रतिशतमा पुर्‍याउने र अहिले २७ प्रतिशतले मात्र प्राथमिक शिक्षा पूरा गर्ने स्थिति रहेकोमा ७० प्रतिशतमा पुर्‍याउने लक्ष्य छ । यसलाई साकार तुल्याउन श्री ५को सरकारले नीति, योजना र कार्यक्रम बनाइसकेको छ र तिनलाई शिक्षाका अन्य तहसंग सम्बन्धित गरी सफल पार्नु आवश्यक छ ।

(२) नेपाल अधिराज्यको संविधान २०४७ अनुसार मातृभाषामा प्राथमिक शिक्षा दिन सकिने प्रावधान छ र यसका निम्ति आवश्यक तयारी गर्नुपर्ने छ । नेपालका विभिन्न क्षेत्रमा छरिएर रहेको विभिन्न राष्ट्रिय भाषाहरु बोल्ने परिवारका बालबालिकाहरुलाई उनका भाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्न स्पष्ट नीति र योजनाको आवश्यकता छ ।

(३) उच्च माध्यमिक शिक्षा ऐन २०४६ मा बने पनि उच्च माध्यमिक कक्षा (१०+२) को पठनपाठनको प्रारम्भ भइसकेको छैन । त्रिविले पुराना र नयाँ थपेका क्याम्पसहरुमा एसएलसी उत्तीर्ण विद्यार्थीहरुलाई प्रवीणता प्रमाणपत्र तहमा भर्ना गर्दै आएको छ तापनि विद्यार्थीहरुको बढ्दो संख्यालाई र उनीहरुको बौद्धिक स्तर तथा व्यावहारिक कठिनाईलाई समेत दृष्टिगत गरी उच्च माध्यमिक शिक्षा बारेको नीति, योजना र कार्यक्रमलाई निश्चत दिशा दिनुपर्ने अनुभव भएको छ ।

(४) माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क गरी समाजमा शिक्षाको विस्तार गर्ने कुरामा प्रतिबद्ध सरकारले यसै वर्ष देखि छैटौ कक्षालाई निःशुल्क गर्ने घोषणा गरेको छ। यस सम्बन्धमा स्पष्ट नीति, योजना र कार्यक्रम तयार गरी चरणबद्ध रुपमा कार्यान्वित गर्नु परेको छ ।

(५) आफ्ना सन्तानलाई स्तरीय शिक्षा दिने प्रतिस्पर्धामा आज निजी क्षेत्रमा प्राथमिक र माध्यमिक विद्यालयहरुको व्यापक रुपमा बृद्धि भइरहेको छ । यी विद्यालयहरु र सार्वजनिक विद्यालयहरुको पठनपाठनको गुणस्तरमा देखिएको अन्तरलाई कम नगरेमा समाजमा शैक्षिक विषमता अझ बढ्ने संभावना छ । यसरी एकातिर सार्वजनिक प्राथमिक विद्यालय जाने बालबालिकाहरुले विद्यालय छाड्ने स्थितिमा सुधार गर्दै जानुपर्ने देखिन्छ भने निजी विद्यालयहरुलाई समाजको पहुँचभित्र राखी संचालन गर्नका लागि पनि उचित व्यवस्था गर्नु परेको छ ।

(६) महिला साक्षारतामा जोड दिई नरक्षरताको प्रतिशतलाई यस दशकभित्र ६५ प्रतिशतबाट घटाएर ३२ प्रतिशतमा ल्याउने राष्ट्रिय लक्ष्य प्राप्तिका निम्ति गरिने प्रयासलाई सफल पार्नका निम्ति स्पष्ट नीति र कार्यक्रमको निर्धारणका साथै तिनको यथाशीघ्र कार्यान्वयनका लागि व्यापक तयारी गर्नुपरेको छ ।

(७) सामान्य जनतालाई विभिन्न सीप सिकाई दक्ष तथा अर्द्धदक्ष जनशक्ति तयार गर्न र निजी व्यवसायहरुको संचालन गर्न प्रेरित गरी तिनलाई आत्मनिर्भर तुल्याएर तिनको आर्थिक अवस्था र मनोबल उठाउनका निम्ति श्रमप्रतिको सम्मान बढाउन आवश्यक छ । यसका निम्ति विभिन्न प्रकारका प्राविधिक तथा व्यावसायिक तालिमसम्बन्धी नीत, योजना र कार्यक्रमहरुको निर्माण गरी तनिको यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

(८) शिक्षक शैक्षिक व्यवस्थाको प्रभावकारिताको महत्वपूर्ण आधार भएकाले उसको सेवालाई स्तरीय र जिम्मेवारीपूर्ण बनाउने प्रयास हुनुपर्दछ । यसका निम्ति शिक्षण कार्य सम्पन्न गर्ने शिक्षकहरुलाई चाहिंदो मात्रामा प्रशिक्षणको व्यवस्था समेत गर्नु आवश्यक छ । शिक्षकलाई तालिम अनिवार्य गराउने लक्ष्यअनुरुप प्रतिवर्ष प्राथमिक शिक्षक र माध्यमिक शिक्षकका साथै सबै उच्च माध्यमिक

शिक्षकहरु, प्राविधिक र व्यावसायिक विषयका प्रशिक्षकहरुको तालिमका लागि समुचित योजना र कार्यक्रमको निर्माण गरी समयमै तदनुसारको कार्य संचालित गर्नुपर्ने हुन्छ ।

(९) अब नेपालमा त्रिवि ले देशभरिका आङ्गिक र निजी क्षेत्रका क्याम्पसहरुलाई हेर्न व्यावहारिक दृष्टिले कठिन भएकाले देशमा बहुविश्वविद्यालय पद्धतिको उच्च शिक्षा संगठन गर्नुपर्ने बारे सरकारी तहमा र राजनैतिक क्षेत्रमा पनि चर्चा भइसकेको छ । वर्तमान स्थितिमा विश्वविद्यालयहरुको स्थापना, स्वरुप र संरचना तथा कार्यक्रमहरुको संचालन जस्ता मूलभूत प्रश्नबारे विचार गरी नीति निर्माण गर्नु परेको छ ।

(१०) बहुविश्वविद्यालयको परिकल्पनाका साथ यी विश्वविद्यालयका कार्यक्रमहरुको संयोजन र मूल्याङ्कन गर्ने, आवश्यक सरसल्लाह दिने र आर्थिक अनुदान प्रदान गर्ने कार्यका लागि विश्वविद्यालय अनुदान आयोग जस्तो एउटा संस्थाको स्थापना हुनुपर्ने कुरा पनि जोडिएर आएको छ ।

(११) अपाङ्ग व्यक्तिहरुलाई समुचित शिक्षा प्रदान गरी तिनलाई समाजमा एकीकृत गर्ने दायित्व बढेको वर्तमान परिप्रेक्ष्यमा देशमा " विशेष शिक्षा"लाई गति दिनु पर्ने कुरालाई आजको परिवर्तित सन्दर्भमा अझ बढी मात्रामा अनुभव गरिएको छ ।

अन्तर्राष्ट्रिय सन्दर्भः विज्ञान र प्रविधिको शिक्षाले गर्दा आजको मान्छेले स्थानको दुरीलाई घटाएको र संसार आज निकै नजिक भएको छ । यस्तो स्थितिमा नेपालीहरुले पनि विश्व रंगमन्चमा आफ्नो भूमिका खेल्नु पर्ने हुन्छ । यसका निम्ति नेपालको शिक्षा पद्धतिले अन्तर्राष्ट्रिय स्तरमा र विशेष गरी दक्षिण एशियाली सहयोग संगठनका छिमेकी देशका शिक्षा पद्धतिसँग गुणस्तरको समतुल्यता राख्नुपर्छ । आजको बढ्दो अन्तर्राष्ट्रिय सम्बन्धलाई दृष्टिगत गरी विश्वको र अझ छिमेकी देशहरुको शैक्षिक वातावरणसँग समन्वय स्थापित गर्न सकिएन भने शिक्षाका अवसरहरु साँघुरिनेछन् । विभिन्न देशका शैक्षिक संस्थाहरुमा पढ्न जाने प्रवृत्ति नेपालीहरुमा निरन्तर बढ्दो छ र भविष्यमा यो अझ बढ्ने सम्भावना छ । खास गरी दक्षिण एशियाली सहयोग संगठनका देशहरुसँगको शैक्षिक तथा सांस्कृतिक सम्पर्क बढिरहेको वर्तमान सन्दर्भमा नेपालले आफ्नो शैक्षिक गुणस्तरलाई उच्च राखी मान्यता दिने र लिने कुरा पनि विचारणीय छ । निजी र आधिकारिक रुपमा विभिन्न तह र विषयमा विदेशमा पढ्न जाने नेपाली विद्यार्थीहरुको वर्तमान प्रवृत्तिलाई दृष्टिगत गरी गुणात्मक शिक्षाका निम्ति उपयुक्त अवसरहरुको व्यवस्था गर्ने कार्य पनि शिक्षा नीति अन्तर्गतकै विषय हुन आएको छ ।

भविष्य दृष्टिः कुनै पनि समयमा तयार गरिएको शिक्षा पद्धतिले भविष्यलाई पनि समाहित गरेको हुन्छ । किनभने त्यसपद्धतिअनुसार शिक्षा प्राप्त गर्नेहरुले भविष्यमा आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यसकारण कुनै पनि शिक्षा पद्धतिले भविष्यको समाजलाई असर नपारी छाड्दैन । हिजोको शिक्षा पद्धतिको प्रभाव आजको समाजमा परेको छ भने आजको शिक्षा पद्धतिले पनि भोलिलाई प्रभावित पार्छ । यसकारण शिक्षा पद्धतिको निर्धारण भविष्य दृष्टि अत्यन्त महत्वपूर्ण विपय हो । यस विषयमा विचार गरिएन र विगतमा जस्तै हतारमा सीमित व्यक्तिहरुको सहभागितामा योजना र कार्यक्रमहरु बनाइयो भने योजना कार्यान्वयनको अवधि पूरा हुन नपाउँदै संशोधन र परिवर्तनहरु गरेर तिनलाई धराशायी बनाउँदै जाने स्थिति आउँछ । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) को समीक्षा गर्दा यो कुरा स्पष्ट भइसकेको छ । भविष्यमा पनि यस्ता विसँगतिहरु नदोहोरियून भन्ने कुरामा सतर्क रही राष्ट्रिय शिक्षाको निर्धारण गर्दा भविष्य दृष्टि राख्नु पर्छ । शिक्षाको उद्देश्य, नीति र संरचना, आर्थिक तथा प्रशासनिक व्यवस्थापन र कार्यान्वयनका तहमा राम्ररी दृष्टि पुर्‍याएर मात्र एउटा सफल, सामयिक र समाजोपयोगी योजनाको निर्माण हुन सक्दछ ।

भविष्य दृष्टि शिक्षाको राष्ट्रिय उद्देश्यसँग सम्बद्ध छ । शिक्षाको उद्देश्य नै व्यक्ति, समाज र राष्ट्रको भविष्य निर्माण हो । तर भविष्य कुनै पूर्व निर्मित स्थल होइन । यसको सिर्जना गर्नुपर्छ, निर्माण गर्नुपर्छ र उपयुक्त शिक्षा पद्धतिले नै व्यक्ति, समाज र देशको निर्माण गर्छ । एकाइसौँ शताव्दीको संघारमा आइपुगेको आजको व्यक्तिलाई प्रदान गरिने शिक्षा उसको भविष्यका निम्ति उपयोगी हुने किसिमको भएन भने उ सधैँका निम्ति पछि पर्नेछ, आजको शिक्षा समाजमा भविष्यका निम्ति उपयुक्त भएन भने आधुनिकीकरणको अभावले त्यो समाज अरुका तुलनामा पछि पर्नेछ र राष्ट्रिय शिक्षाका विषयका सही भविष्य दृष्टि राखिएन भने पनि विकासका अवरोधहरु आई देश अल्पविकसित स्थितिमा रहनेछ । भविष्य दृष्टिले समुचित शिक्षाका अभावमा हुन सक्ने हानीबाट व्यक्ति, समाज र राष्ट्रलाई समयमै बचाउन सक्छ र बचाउनु पनि पर्छ ।

अहिले नेपालको विकासशील स्थितिलाई ध्यानमा राख्दा राष्ट्रलाई विकासको सही मार्गमा डोहोर्‍याउनु सबभन्दा महत्वपूर्ण हाँकका रुपमा देखा परेको छ । राष्ट्रिय सन्दर्भलाई ध्यानमा राख्दा जनसंख्याको विष्फोट, वातावरण विनाश, बेरोजगरीको बृद्धि, अनैतिकता र मूल्यहीनता जस्ता नकारात्मक प्रवृत्तिहरुको निराकरण र रोकथाम गरी

व्यक्ति, समाज र देशलाई माथि उठाई भविष्यमा सुयोग्य नागरिकको निर्माण गर्न शिक्षाले सहयोग गर्नुपर्छ भने निरन्तर बढ्दो ज्ञानको विस्तार, सूचनाको प्रवाह तथा प्रविधिको हस्तानान्तरणमा मद्धत गरी मानव संशाधनको विकास र व्यक्तिको जीवनस्तरमा सुधार गर्न सहयोग, सद्भावना र समझदारीमा आधारित आन्तरिक र बाह्य सम्बन्धहरुलाई सुदृढ तुल्याउन र क्षेत्रीय तथा वर्गीय असन्तुलन हटाई समाजमा पछि परेकाहरुलाई राष्ट्रिय मूलधारामा समाहित गर्न शिक्षाले महत्वपूर्ण भूमिका खेल्नुपर्ने कुरा स्पष्ट छ । यस्ता विषयहरुमा सही भविष्य दृष्टि राख्दै राष्ट्रिय शिक्षाका उद्देश्य र नीतिहरुको निर्धारण हुनु आवश्यक छ ।

(१) शिक्षाको राष्ट्रिय उद्देश्य

(२) उपर्युक्त सन्दर्भमा शिक्षाको राष्ट्रिय उद्देश्य निम्नलिखितअनुसार निर्धारित गर्नु वाञ्छनीय छः

(३) अन्तर्निहित प्रतिभा र व्यक्तित्वको विकासः मानिस यस संसारमा जन्मदा अनन्त सम्भावनाहरुका साथ जन्मेको हुन्छ । उसको पहिलो शिक्षा घरबाट हुन्छ, जहाँ उसलाई हुर्काइन्छ ।शिक्षाको सर्वप्रथम लक्ष्य व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्वको विकासका सम्भावनाहरु प्रष्फुटित गराउन सहयोग गर्नु हो । नेपालको संविधानको नीति निर्देशक सिद्धान्तहरुमा भनिएका राज्यका उद्देश्यहरुको प्राप्तिका निम्ति व्यक्तिलाई उपयुक्त ज्ञान र सीप प्रदान गरी योग्य बनाउनुपर्छ । यो योग्यता व्यक्तिलाई शिक्षाले बाहिरबाट थपिदिने भन्दा पनि व्यक्तिमा अन्तर्निहित मानवीय योग्यताको सम्बर्धन गर्ने हो । शिक्षा विद्यार्थी केन्द्रीत हुनुपर्छ र प्रतिभा पहिचानका निम्ति अवसरहरु उपलब्ध गराउनका साथै पाठ्यक्रम र शैक्षिक कार्यक्रमहरुमा आवश्यक व्यवस्था हुनुपर्दछ । राष्ट्रिय शिक्षाले शिक्षाका विभिन्न चरणमा प्रतिभाहरुलाई पहिल्याउने र परिश्रमी तथा जेहेन्दारहरुलाई प्रोत्साहित गरेर सिर्जना, अनुसन्धान र आविष्कारका निम्ति सुविधाहरु उपलब्ध गराई कला, साहित्य र ज्ञान विज्ञानका क्षेत्रमा राष्ट्रिय प्रतिभाको सम्बर्द्धन गर्नुपर्छ । राष्ट्रको पहिचान प्रकट हुने हुँदा शिक्षाले व्यक्तित्व स्थापनालाई गम्भीरतासाथ ग्रहण गर्नुपर्छ ।

(४) सार्वभौम मानवीय मूल्य, राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरुको सम्बर्द्धनः शिक्षाले प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक, मान्यता र आस्थाहरुको सम्बर्द्धन गरी स्वस्थ सामाजिक विकासका निम्ति सहयोग गर्नुपर्छ । शिक्षाले इतिहासका प्रत्येक चरणमा समाजद्वारा स्वीकृत मूल्यहरुको सम्बर्द्धन गरेको पाइन्छ । समाजमा आएका परिवर्तनका साथै सामाजिक मूल्यहरुमा पनि परिवर्तन हुनसक्छ । तर बृहत्तर मानवीय मूल्यहरु सर्वत्र र सदैव उही रहन्छन् । शिक्षाले व्यक्तिलाई

आत्मनिर्भर बन्ने पाठ सिकाउनुपर्छ । शिक्षाले व्यक्तिलाई श्रमप्रतिको आस्था बढाउनुपर्छ । शिक्षाले व्यक्तिलाई सबैप्रति सद्भाव राख्ने, सहिष्णु र चरित्रवान नागरिक बनाउन सहयोग गर्नुपर्छ । सामाजिक तथा सांस्कृतिक एकता एवं पारस्परिक सद्भावको सुदृढीकरणका साथै व्यक्तिमा मानवीय गुणहरुको विकास गरी नैतिक मूल्यहरुको सम्बर्द्धन गर्न शिक्षाले विशेष भूमिका खेल्नुपर्छ । संविधानका निर्देशक सिद्धान्त र नीतिहरुमा संकेत गरिएका न्यायपूर्ण व्यवस्था र खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिबृद्धि, शोषणको उन्मूलन, न्याय र नैतिकतामा आधारित स्वस्थ र सामाजिक जीवनको स्थापना र विकास, मानव अधिकारहरुको संरक्षण र सम्बर्द्धन तथा सार्वजनिक हितको प्रवर्द्धनका निम्ति शिक्षाका तल्ला तहदेखि माथिल्ला तहसम्म विभिन्न रुपमा र विभिन्न विषयमा एकीकृत गरी नैतिक शिक्षा प्रदान गर्नुपर्छ ।

(५) समाजीकरण र सामाजिक एकताको सुदृढीकरणः शिक्षाले व्यक्तिको समाजीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउनुपर्छ । बहुजातीयता र बहुभाषिकता नेपाली राष्ट्रियताको प्रमुख विशेषता हो र राष्ट्रिय एकता भनेको सामाजिक, सांस्कृतिक विविधता भित्रको एकता हो । संविधानको निर्देशक सिद्धान्त र नीतिमा भनिएअनुसारको विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीका बीच स्वस्थ एवं सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्न शिक्षाले सहयोग गर्नुपर्छ ।

(६) बहुजातीय समाजमा सबै समुदायका भाषा, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीतिलाई व्यवहारमा उतार्न पनि शिक्षाको भूमिका महत्वपूर्ण छ । बहुजातीय तथा बहुभाषिक राष्ट्रमा जातीय संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी निजी पहिचानलाई कायम राख्नका निम्ति विषयका रुपमा जातीय भाषा,लिपि, कला र संस्कृतिहरुको ज्ञान सबैलाई दिनु बाञ्छनीय छ। यसरी शिक्षाका विभिन्न तहमा जातीय संस्कृतिका तत्वहरुलाई समाविष्ट गरी समझदारीको विकास गर्ने र सबैको भाषा, साहित्य र संस्कृतिहरुको संरक्षण र सम्बर्द्धन गर्ने काम शिक्षाले गर्नुपर्छ । राष्ट्रिय भाषाका साहित्यलाई पाठ्यक्रममा समावेश गर्नका निम्ति आवश्यक पाठ्यपुस्तक र पाठ्यसामग्रीको निर्माणका निम्ति पनि आवश्यक तयारी गर्नुपर्छ ।

(७) बहुभाषिक समाजमा राष्ट्रिय एकताको सुदृढीकरणको महत्वपूर्ण आधार समझदारीको विकास हो । यसका लागि राष्ट्रिय संचार प्रक्रियामा राष्ट्रभाषाको र जातीय र सामुदायिक तहमा राष्ट्रिय भाषाहरुको भूमिकालाई स्वीकार गर्नुपर्छ

र प्राथमिक शिक्षामा मातृभाषाको प्रयोगबाट समाजमा ज्ञान र सीपको विस्तारको सम्भावना अनुरुप शिक्षाको प्रजातान्त्रिकरण गर्नुपर्छ ।

(८) नेपाली भाषा राष्ट्रभाषाका साथै सरकारी कामकाजको भाषा पनि हो । प्रत्येक देशवासीलाई देशभित्रको व्यापक संचार व्यवस्थामा प्रयोगका लागि र आफ्ना समुदाय बाहिर सम्पर्क राख्नका लागि नेपालीभाषाको ज्ञानको आवश्यकता पर्छ । व्यापक रुपमा राष्ट्रिय एकताको सम्बर्द्धनमा राष्ट्रभाषाको विशेष महत्व हुन्छ, किनभने यसले सबैलाई भावनाको स्तरमा एक बनाउँछ । राष्ट्रिय एकताको सम्बर्द्धनका लागि बालबालिकालाई सानैदेखि राष्ट्रभाषामा दक्षताका निम्ति आवश्यक व्यवस्था गरी मातृभाषामा शिक्षा आर्जन गर्नेहरुलाई पनि प्राथमिक शिक्षाको अन्तसम्ममा नेपालीमा दक्षताको विकास गरेर माध्यमिक शिक्षा ग्रहण गर्न सक्षम तुल्याउनु पर्छ । ज्ञानको विशिष्टिकरणका साथै सूचना र सीपको हस्तान्तरणलाई गति प्रदान गर्ने क्रममा उच्च शिक्षाको माध्यमको रुपमा नेपालीभाषाको प्रयोग बढ्दै गएकाले यसबाट शिक्षाको विस्तारका साथै गुणस्तरको समुचित रुपमा बृद्धि हुने कुरालाई ध्यानमा राखी यस प्रक्रियालाई गतिशील बनाउनु आवश्यक देखिन्छ ।

**सामञ्जस्यपूर्ण जीवनयापनः** शिक्षाले आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सामञ्जस्यपूर्ण जीवनयापनका निम्ति सहयोग गर्नुपर्छ । विविधताभित्रको एकताको संरक्षण र सम्बर्द्धन राष्ट्रिय पहिचानसँग पनि सम्बद्ध छ । शिक्षाले व्यक्तितत्वलाई समसामयिक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेशमा समन्वय स्थापित गर्न सहयोग गर्नुपर्छ । कुनै पनि व्यक्ति शिक्षित हुनु भनेको नै उसले समसामयिक समाजमा सामञ्जस्यपूर्ण जीवनयापन गर्नु हो । यसका निम्ति व्यक्तिले र अन्तर्राष्ट्रिय भाषाका रुपमा व्यापक रुपमा प्रचलित रहेको अंग्रेजी भाषामा आवश्यक मात्रामा दक्षताको विकास गर्नुपर्ने हुन्छ । विज्ञान र प्रविधिको विस्तार र सूचनाको प्रवाहका साथै अन्तर्राष्ट्रिय सम्पर्कका लागि चाहिने अंग्रेजी भाषाको दक्षतालाई बढाएर व्यक्तिको उच्च शिक्षाको संभावनालाई सधै खुला राख्नुपर्छ र अन्तर्राष्ट्रिय सम्पर्क र समझदारीको विकासका लागि अन्य अन्तर्राष्ट्रिय भाषाहरु र छिमेकी देशका भाषाहरुको पनि आवश्यक मात्रामा शिक्षणको व्यवस्था गर्ने कार्यलाई बढाउँदै जानु पर्छ । यसै उद्देश्यका निम्ति विश्वका महान् धर्म र संस्कृतिहरु, भाषाहरु र साहित्यकारका उत्कृष्ट कृतिहरुका साथै मानव व्यवहार र सिर्जनाका विभिन्न पक्षमा अध्ययन अनुसन्धान गर्ने कार्यलाई प्रोत्साहित गर्नुपर्छ ।

**समाजको आधुनिकीकरण र मानव संशाधनको विकासः** शिक्षाले समाजको आधुनिकीकरणमा सहयोग पुर्‍याउनु पर्छ । आधुनिकीकरण विचार व्यवहारको त्यो परिवर्तन हो जुन व्यक्तिले आफूलाई आधुनिक बनाउने क्रममा ल्याउँछ । यो एक प्रकारको सामाजिक तथा सांस्कृतिक परिवर्तन हो । शिक्षाले व्यक्तिको अनुभव, ज्ञान र सोचाइमा परिवर्तन ल्याउँछ र वैचारिक परिवर्तनले व्यक्ति व्यक्तिकव व्यवहारमा परिवर्तन आउँछ । समाजको आधुनिकीकरणका निम्ति देशमा विज्ञान र प्रविधिको शिक्षाको आवश्यक व्यवस्था हुनुपर्छ । संविधानको धारा २६ मा उल्लेख भएअनुसारको विज्ञान र प्रविधिको विकासका निम्ति शिक्षाले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । वैज्ञानिक ज्ञानको विस्तारको परिणामस्वरुप आफ्नो समाज र वातावरणप्रतिको सकारात्मक र विवेकपूर्ण सोचाइ  र व्यवहार तथा प्रविधिको प्रयोगले गर्दा जीवनशैलीमा भएको परिवर्तनबाट समाजको आधुनिकीकरणको स्वरुप प्रकट हुन्छ । यसकारण विज्ञान र प्रविधिको विकास नै समाजको आधुनिकीकरणको आधारशिला हो । समाजमा द्रुतगतिमा भइरहेको यस प्रकारको आधुनिकीकरणको गतिसँग पाइला मिलाउन देशले विज्ञान र प्रविधिको शिक्षाको समुचित व्यवस्था गर्नु आवश्यक छ ।

विज्ञान र प्रविधिको विकास गर्दा आफ्ना परम्परागत प्रविधिलाई समयअनुसार परिवर्तित गरी आधुनिक बनाउनु आवश्यक पर्ने हुन्छ । आफ्ना निजीपनलाई कायम राख्दै आफ्नै साधन र स्रोतको सदुपयोगबाट समाजलाई उपयोगी हुने सामग्रीहरुको निर्माण गरी विभिन्न जाति र समुदायको संस्कृतिलाई जीवित राख्न सकिन्छ । समाजको आधुनिकीकरण भनेको आफ्ना विचार र व्यवहारलाई आधुनिक बनाउनु हो, आफ्ना संस्कृतिका ठाउँमा विदेशी संस्कृतिलाई प्रतिस्थापित गर्नु होइन । आधुनिकीकरण समाजको एक दिशात्मक यात्रा हो जसलाई शिक्षाले गति प्रदान गर्दछ । यात्राको लक्ष्य निश्चित हुनुपर्छ । देश निर्माणका क्रममा आवश्यक पर्ने मानव संशाधनको विकास गरी व्यक्तिलाई आफ्नो ज्ञान र दक्षता अनुकूल आफैँ उद्यम गर्न सकिन्छ भन्ने भावना तथा प्रवृत्तिको विकास गरी आत्मनिर्भरताको शिक्षा दिनुपर्छ ।

**प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण तथा सदुपयोगः** शिक्षाले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण, र सदुपयोग गर्ने सहयोग गर्नुपर्छ । यस संसारलाई भविष्यका निम्ति स्वच्छ ,सुन्दर र प्रदूषणरहित राख्न एकातिर व्यक्तिले पाएको नागरिक ज्ञानले र अर्कातिर व्यक्तिको सौंन्दर्य चेतना तथा प्रकृतिप्रेमले अवश्यै

सहयोग गर्छ । तर यति मात्र आजको बढ्दो वातावरण प्रदूषणबाट विश्वलाई बचाउनका लागि पर्याप्त छैन । एकातिर वातावरण विनाशको त्रासले संसारनै त्रस्त छ भने अर्कातिर देशको बढ्दो जनसंख्या, निर्माण कार्यहरु, औधोगीकरण र प्रदूषणले प्राकृतिक वातावरणमा परिवर्तन भइरहेको छ । वातावरण शिक्षा तथा प्रकृति संरक्षणका विषयमा आज विश्वको ध्यान आकर्षण भएको छ । वातावरण शिक्षालाई तलैदेखि माथिसम्म शिक्षाका विभिन्न तहमा एकीकृत गरी पाठ्यक्रम बनाएर शिक्षण कार्यलाई अघि बढाउन सकिन्छ भने वातावरणीय स्वच्छताको चेतना बढाउनका निम्ति औपचारिक र अनौपचारिक रुपमा पनि जनतालाई शिक्षा दिनुपर्ने हुन्छ ।

देशको श्रमशक्तिको अधिकतम उपयोगबाट राष्ट्रनिर्माणका साथै जनसाधारणको जीवन स्तरमा सुधार ल्याउने कार्यमा शिक्षाले योगदान गर्नुपर्छ । देशका बहुसंख्यक कृषकहरुलाई स्थानीय स्तरकै स-साना उद्यमहरुमा प्रवृत्त गराउन सकेमा सन्तुलित क्षेत्रीय विकासलाई गति प्रदान गर्न सकिन्छ र कतिपय परम्परागत प्रविधिको पनि संरक्षण हुनसक्छ । उपयुक्त स्तरका व्यावसायिक र प्राविधिक तालिम दिई स्थानीय तहका विभिन्न प्रकारका सीपमूलक उद्यमहरुको परिचालन गरेर स्थानीय साधनहरुको प्रयोगबाट सर्वसाधारणको जीवीकोपार्जनलाई सरल र सुगम तुल्याउन पनि शिक्षाले सघाउनुपर्छ । नेपालजस्तो कृषिप्रधान देशले आफ्नो कृषियोग्य भूमिको सदुपयोगद्वारा कृषि उत्पादमा बृद्धि गरी कृषिमा आधारित अधिकांश जनताको जीवनस्तरमा सुधार हुने र देशको आर्थिक उन्नति हुने अवस्थाको सिर्जना गर्नुपर्छ।देशको आर्थिक विकासका निम्ति परम्परागत कृषि प्रविधिमा सुधार ल्याई कृषि उत्पादनमा बृद्धि गर्न कृषिसम्बन्धी अध्ययन -अनुसन्धान कार्यको क्षेत्रीय आधारमा विस्तार गर्नु आवश्यक छ । कृषिका साथै पशुपालनमा आवश्यक बृद्धिका निम्ति पशुविज्ञानसम्बन्धी अध्ययन-अध्यापन कार्यमा पनि समुचित रुपमा प्रवर्द्धन हुनुपर्दछ ।

७ पछि परेका व्यक्तिहरुलाई राष्ट्रिय मूलधारामा समाहित गर्ने कार्यः खास गरी नारी वर्ग, शारीरिक र मानसिक दृष्टिले अपाङ्ग र आर्थिक दृष्टिले विपन्न एक वर्ग मात्र शिक्षित, सभ्य र सम्पन्न भएर अरु अशिक्षित, असभ्य र विपन्न रहे भने समाजको विकास भएको मानिन्न । समाजमा नारीहरुको स्थानलाई ध्यानमा राखी उनीहरुलाई उपयुक्त शिक्षा प्रदान गरेर सामाजिक पुनर्निर्माण र विकास कार्यमा सहभागी तुल्याउन सबै किसिमका सामान्य शैक्षिक क्रियाकलापमा उनीहरुलाई प्राथमिकता दिनु आवश्यक छ । शैक्षिक गुणस्तर र सामाजिक न्यायमा असर नपर्ने गरी नारीहरुलाई प्रोत्साहन

नदिएमा  महिला शिक्षाको वर्तमान स्थितिमा सुधार ल्याउन समय लाग्नेछ र यसले गर्दा विकासको गतिमा अपेक्षित तीब्रता आउन सक्ने छैन । यस कारण शिक्षाका सबै गतिविधिहरुमा महिलाहरुलाई प्राथमिकता दिनुका साथै महिलाहरुकै निम्ति विशेष किसिमका शैक्षिक कार्यक्रमहरुको संचालन गरी देश निर्माणमा उनीहरुलाई सहभागी तुल्याउने प्रयास पनि हुनुपर्छ । शारीरिक तथा मानसिक रुपले अशक्त र विकलाङ्गहरुका निम्ति अपाङ्गताको स्तर हेरी विशेष प्रकारको शिक्षाको आवश्यकता पर्छ । सामान्य विकलाङ्गहरुलाई स्थानीय साधारण विद्यालयमा नै शिक्षा दिने व्यवस्था गरेर तिनलाई समाजमा एकीकृत गर्न सकिन्छ । यसो गर्दा उनीहरुलाई प्राथमिकता, प्रोत्साहन र सहयोग दिए पुग्छ । तर विशेष अन्धा, लाटा, बहिरा र सुस्त मनस्थितिका व्यक्तिहरुका निम्ति विशेष शिक्षाको आवश्यकता पर्छ र यो विशेष शिक्षा कुनै पनि कल्याणकारी कार्यका रुपमा होइन, राज्यले आफ्ना नागरिकहरुलाई  दिनुपर्ने उचित शिक्षाका रुपमा हुनुपर्छ । यसो भएमा मात्र संविधानमा भनिएको लोककल्याणकारी व्यवस्थाको अभिबृद्धि हुन सक्छ ।

नेपाल जस्तो बहुजातीय समाजमा केही जाति र समुदायहरु अझै पनि सामाजिक, आर्थिक र भौगोलिक दृष्टिले निकै पछि परेका छन् र यस्ता समुदायको उत्थानका निम्ति समयमै प्रयास गरिएन भने यिनीहरु झन् पछि पर्नेछन् । यस कारण नेपालका विभिन्न क्षेत्रमा वसोवास गर्ने जनजाति र समुदायको आर्थिक-सामाजिक स्थितिमा परिवर्तन ल्याउने आधारका रुपमा उनीहरुका लागि आधारभूत साक्षरता र सीप तालिमका साथै प्राथमिक शिक्षाको व्यवस्थालाई प्राथमिकता दिनुपर्छ र तिनीहरुमध्येका योग्य, प्रतिभाशाली, दक्ष र परिश्रमीहरुलाई उच्च तहसम्मको उत्तरोत्तर शिक्षाका अवसरहरु उपलब्ध गराउनुपर्छ ।

यसरी उपर्युक्त आधारमा राष्ट्रिय शिक्षाको उद्देश्यलाई निम्नलिखित अनुसार प्रस्तुत गरिएको छः

(१) शिक्षाले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका संभावनालाई प्रष्फुटित गर्न सहयोग गर्नुपेछ ।

(२) शिक्षाले प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरुको सम्बर्द्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्नुपर्छ ।

(३) शिक्षाले व्यक्तिको समाजीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउनुपर्छ ।

(४) शिक्षाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सामञ्जस्यपूर्ण जीवन यापनका निम्ति सहयोग गर्नुपर्छ ।

(५) शिक्षाले समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्नुपर्छ ।

(६) शिक्षाले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्नुपर्छ ।

(७) शिक्षाले समाजमा पछि परेका व्यक्तिहरुलाई राष्ट्रिय मूलधारामा समाहित गर्न सहयोग गर्नुपर्छ ।

**शिक्षाको संरचना**

१ उपर्युक्त शिक्षाको राष्ट्रिय उद्देश्य पूर्तिका निम्ति शिक्षाको वर्तमान संरचनामा परिवर्तन गरी आयोगले नयाँ संरचना प्रस्तावित गरेको छ । शिक्षाको नयाँ संरचनाअन्तर्गत शिक्षा र सीप प्रदान गर्ने तीन मार्गहरु छन् : औपचारिक, अनौपचारिक र व्यावसायमूलक । नियमित रुपमा शिक्षण संस्थाहरुमा दिइने शिक्षा औपचारिक शिक्षा हो । कुनै पनि व्यक्तिले पूरा समय पढ्ने विद्यार्थीका रुपमा आफूलाई राखी औपचारिक शिक्षा प्राप्त गरेको हुन्छ । विद्यालयहरु, महाविद्यालयहरु र विश्वविद्यालयहरुबाट व्यक्तिहरुलाई औपचारिक रुपमा शिक्षा प्रदान गर्ने परम्परा छ । तर शिक्षा अनौपचारिक रुपमा पनि दिन सकिन्छ । साक्षरता शिक्षा, कार्यमूलक प्रौढ शिक्षा र चेलीबेटी कार्यक्रम अनौपचारिक शिक्षाका केही उदाहरण हुन् । व्यवसायमूलक शिक्षा चाहिँ सीप तालिम हो जसमा ज्ञानमा भन्दा सीप विकासमा जोड रहन्छ । राष्ट्रिय शिक्षाको प्रस्तावित संरचनामा भन्दा सीप विकासमा जोड रहन्छ । राष्ट्रिय शिक्षाको प्रस्तावित संरचनामा औपचारिक, अनौपचारिक एवं प्राविधिक तथा व्यावसायिक शिक्षालाई यथासम्भव एकीकृत गर्ने प्रयास गरिएको छ ।

२ प्राथमिक तहः राष्ट्रिय शिक्षाको प्रस्तावित संरचना (तालिका नं १) अनुसार शिक्षालाई सर्वसुलभ बनाउने । कार्यलाई गति प्रदान गर्न १ देखि ३ कक्षासम्मको शिक्षालाई अनौपचारिक शिक्षा र सीप तालिमको कार्यक्रमसँग समतुल्य गरिएको छ । अनौपचारिक शिक्षाको आधारभूत साक्षरता गणितको ज्ञानलाई आधारभूत साक्षरताको तह मानिएको छ । यसरी तीनै प्रकारले दिइने

शिक्षालाई आधारभूत तहमा राखेर सामान्य जीवन यापनका निम्ति आवश्यक पर्ने न्यूनतम ज्ञान र सीपका रुपमा हेरिएको छ । कुनै कारणले औपचारिक शिक्षा लिन नसक्नेहरु अनौपचारिक रुपमा विभन्न कार्यक्रममा सम्मिलित भई शिक्षा प्राप्त गर्न सक्छन् । कक्षा १ देखि ३ सम्मको शिक्षा दिनका निम्ति नयाँ आधार विद्यालयहरु हुनेछन् । नक्साङ्कन गरी स-साना बालबालिका र भाषिक समुदायहरुलाई सुविधा पर्ने गरी न्यूनतम विद्यार्थी संख्यालाई समेत दृष्टिगत गरी यस्ता विद्यालयहरुको स्थापना गर्न सकिनेछ र आवश्यक भएमा बहुकक्षा शिक्षणको व्यवस्था मिलाउनु पर्नेछ । प्राथमिक तह कक्षा ५ सम्मको नै हुनुपर्छ तर शिक्षाको सर्वसुलभतालाई र बालबालिकाहरुको उमेरअनुसार विद्यालय जान सक्ने सुगमतालई दृष्टिगत गरेर मात्र १-३ कक्षाका आधार विद्यालयहरुको व्यवस्था पनि आवश्यक ठानिएको हो । अनौपचारिक रुपमा प्राथमिक तह बराबरको शिक्षा दिनका निम्ति गैरसरकारी निकायहरु समेतलाई प्रोत्साहित गरिनेछ र यसरी अनौपचारिक शिक्षाप्राप्त गर्नेहरुले प्रवेश परीषा दिई औपचारिक शिक्षाको खास तहमा प्रवेश पाउन सक्नेछन् ।

माध्यमिक तहः माध्यमिक तह तीन चरणको हुनेछ- १) निम्न माध्यमिक (कक्षा ६-८), माध्यमिक (कक्षा ९-१०) र उच्च माध्यमिक (कक्षा ११-१२) । माध्यमिक शिक्षा कक्षा ९ र १० गरी दुई वर्षको हुनेछ, र यस तहमा ऐच्छिक र अतिरिक्त ऐच्छिकका रुपमा व्यावसायिक र संस्कृत वा अन्य विषय लिनेहरु ती विषयहरुको विषिष्टीकरणतिर लाग्नेछन् । अनौपचारिक रुपमा अध्ययन गरेर माध्यमिक तहको औपचारिक परीक्षामा पनि सम्मिलित हुन सक्नछन् । माध्यमिक शिक्षा पछिको दुई वर्षको औपचारिक शिक्षालाई उच्चमाध्यमिक शिक्षा भनिनेछ । सामान्यतः १५ वर्षको उमेरमा एसएलसी पूरा गरी माथिल्ला तहमा जानेहरु शारीरिक र बौद्धिक रुपले विश्वविद्यालयको शिक्षाका निम्ति तयार हुँदैनन् । उनीहरुलाई आफ्नै परिवेशको विद्यालयमा गुणात्मक शिक्षा दिएमा स्तरीय उच्च शिक्षाका लागि तयार गर्न सकिन्छ । यसकारण उच्चमाध्यमिक तहको व्यवस्था गरेर यसलाई विशिष्टीकरणको पहिलो चरण बनाइएको छ । साधारण, प्राविधिक, बहुप्राविधिक, पेशागत र संस्कृत गरी विशिष्टीकरणका पाँच क्षेत्र हुनेछन् । अहिलेको प्रवीणता प्रमाणपत्र तहलाई यसैको बराबर मानिनेछ र आगामी २०५७ साल सम्ममा प्रवीणता

प्रमाणपत्र तहलाई विश्वविद्यालयबाट उच्च माध्यमिक परिषद् अन्तर्गत ल्याइनेछ ।

उच्च शिक्षाः साधारण, पेशागत, संस्कृत, विज्ञान र प्रविधि तथा बहुप्राविधिक विषयहरुमा उच्च शिक्षाको व्यवस्था हुनेछ । सामान्यतः उच्च शिक्षाका चार तह हुनेछन् : स्नातक, स्नातकोत्तर , एमफिल र विद्यावारिधि । साधारण, व्यवस्थापन, विज्ञान र संस्कृतमा सामान्यतः तीन वर्षको सामान्य अथवा अनर्स सहितको स्नातक तहको शिक्षा दिइनेछ । पेशागत विषयहरुमध्ये तीन वर्षको स्नातक तह पूरा गरेकालाई एक वर्षको शिक्षा स्नातक तहमा र कानूनमा पनि निर्धारित योग्यता पुगेकालाई दुई वर्षे बीएल कार्यक्रममा प्रवेश दिन सकिनेछ । प्राविधिक विषयका स्नातकस्तरीय कार्यक्रमहरु विभिन्न अवधिका हुनेछन् । साधारण, संस्कृत, पेशागत र विज्ञानमा स्नातक तह उत्तीर्ण गरेकालाई दुई वर्षको स्नातकोत्तर तहमा प्रवेश दिइनेछ । यिनका साथै स्नातकोत्तर तहका अन्य आवधिक कार्यक्रम पनि हुनेछन् र प्राविधिक संस्थानहरुले पनि आफ्ना स्नातकोत्तरस्तरीय कार्यक्रमको संचालन गर्नेछन् । साधारण, विज्ञान, पेशागत र संस्कृत विषयहरुमा स्नातकोत्तर स्तर उत्तीर्ण गरेका र निर्धारित अंक प्राप्त गरी स्नातकोत्तर उपाधि प्राप्त गरेकाहरुका निम्ति एक वर्षको एमफिल तह रहनेछ । विद्यावारिधि (पिएचडी) गर्नका लागि एमफिल लाई पूर्वावश्यक मानिनेछ । एक वर्षको एमफिल तह पूरा गरेका वा सम्बद्ध संकायद्वारा निर्धारित शर्त पूरा गरेका व्यक्तिलाई कम्तीमा दुई वर्ष र बढीमा ५ वर्षमा पूरा गर्न सकिने गरी विद्यावारिधि तहका कार्यक्रमहरु विभिन्न विषयहरुमा रहनेछन् ।

अनौपचारिक शिक्षाः औपचारिक शिक्षाको प्रक्रियाबाट आफूले चाहेअनुसारको शिक्षा प्राप्त गर्न नसक्नेहरुका लागि अनौपचारिक रुपमा शिक्षा प्राप्त गर्ने अवसरहरुको विस्तार हुनेछ । अनौपचारिक शिक्षाका तहहरुलाई छुट्याउन गाह्रो छ तापनि सामान्यतः यसका तीन तह हुनेछन् : आधारभूत, मध्यस्तरीय र उच्चस्तरीय । राष्ट्रिय स्तरमा निर्धारित गरिएका साक्षरताको स्तर आधारभूत साक्षरताको तह हुनेछ । एउटा नेपाली साक्षरले लेखपढ र गणितको कुन स्तरको ज्ञान प्राप्त गर्नुपर्छ भन्ने कुराको निर्णय गरी आधारभूत साक्षरताको शिक्षा प्रदान गरिनेछ । साक्षरता कार्यक्रम पूरा गरी प्राथमिक शिक्षाको कुनै कक्षामा प्रवेश गर्न सक्नेछन् र कुनै कारणले विद्यालयको पढाइ छोड्नेहरुले अनौपचारिक रुपले अध्ययन चालू

राखी अरुलाई भेट्न सक्नेछन् । अहिले आधारभूत साक्षरताको शिक्षा प्रौढहरुका निम्ति प्रौढ शिक्षा कार्यक्रमका रुपमा, विद्यालय जान नसकेकाहरुका बालबालिकाहरुका निम्ति बाल शिक्षाका रुपमा र किशोरी र युवतीहरुलाई चेलीबेटी कार्यक्रमका रुपमा चलिरहेको तथ्यलाई ध्यानमा राखी भविष्यमा यस्ता कार्यक्रमहरुको व्यापक रुपमा विस्तार गर्नुपर्नेछ । आधारभूत साक्षरताको ज्ञान र सीप प्राप्त गरिसकेपछि स्वाध्यायनबाट आत्मोन्नतिका मार्गहरु खुल्नेछन् र व्यक्तिलाई अझ बढी ज्ञान र सीप प्राप्त गर्ने अवसरका निम्ति विभिन्न तहका मध्यमस्तरीय अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालित हुनेछन् । खास गरी अनौपचारिक शिक्षा प्राप्त गर्नेहरुलाई औपचारिक शिक्षाका विभिन्न तहमा प्रवेशका लागि तयार गर्ने खुला विद्यालयहरु तथा व्यावसायिक शिक्षाका विभिन्न तहहरु सहायक हुन सक्छन् । यस्ता विद्यालयहरुको संचालन निजी क्षेत्रमा व्यक्ति वा समुदायबाट गर्न सकिन्छ । खास गरी व्यावसायिक तथा प्राविधिक क्षेत्रबाट आउने विद्यार्थीहरुका लागि केही विषयहरुमा सेतु-पाठ्यांश (Bridge Course) हरुको व्यवस्था गर्नुपर्छ । प्राइभेट रुपमा अध्ययन गरी परीक्षा दिने उच्चस्तरीय अनौपचारिक शिक्षा विशेष गरी स्वाध्यायनबाट नै प्राप्त गर्न सकिन्छ । विश्वविद्यालयमा प्रवेश लिई उच्चस्तरीय शिक्षा प्राप्त नसक्नेहरुलाई खुला विश्वविद्यालयद्वारा पत्राचार शिक्षा, रेडियो र टीभीका माध्यमबाट नियमित रुपमा पाठ्यसामग्री दिएर दूरशिक्षणका विभिन्न पद्धति समेत अँगाली शिक्षा दिन सकिन्छ । प्रस्तावित खुला विश्वविद्यालयले व्यक्तिगत परीक्षार्थीहरुको परीक्षा लिने काम मात्र नगरेर औपचारिक रुपमा नियमित कक्षाहरुको पनि संचालन गर्नुपर्छ ।

**शिक्षाको राष्ट्रिय नीति:** शिक्षाका राष्ट्रिय उद्देश्यहरुको परिपूर्तिका निम्ति उपर्युक्त शैक्षिक संरचनालाई ध्यानमा राखी राष्ट्रिय नीतिहरुको अवलम्बन गर्नु पर्ने हुँदा यस्ता नीतिहरुमा शिक्षाका विशेष क्षेत्रसँग सम्बद्ध नीतिहरु सम्बन्धित अध्याय अन्तर्गत प्रस्तुत सुझाउहरुका रुपमा समाविष्ट छन्। यहाँ केही मूलभत नीतिहरु मात्र प्रस्तुत गरिएका छन्, जुन राष्ट्रिय शिक्षाका विभिन्न पक्षसँग सम्बद्ध भएकाले व्यापक छन्। यहाँ सिफारिस गरिएका नीतिहरु पनि खास उद्देश्यसँग मात्र नभई, विभिन्न उद्देश्यसँग सम्बद्ध छन् तापनि तिनलाई खास समूह अन्तर्गत राखिएको छ।

(१) व्यक्तिलाई उसको अन्तर्निहित प्रतिभाको विकासका निम्ति सहयोग गर्न निम्नलिखित अनुसारको व्यवस्था गर्नुपर्दछः

(क) प्राथमिक शिक्षालाई सर्वसुलभ बनाई प्रतिभाको पहिचान गर्ने,

(ख) विद्यालयीय शिक्षाको अवसरबाट बञ्चित रहेका बालबालिकाहरुका निम्ति अनौपचारिक रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने,

(ग) प्रतिभाशाली योग्य, परिश्रमी र दक्ष व्यक्तिलाई उपयुक्त स्तरको उत्तरोत्तर शिक्षाका लागि अवसर र प्रोत्साहन दिने।

(२) प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरुको सम्बर्द्धन गरी स्वस्थ समाजको विकास गर्ने प्राथमिक तहदेखि उच्च तहसम्मको शैक्षिक कार्यक्रममा यिनलाई उपयुक्त र सान्दर्भिक रुपले समायोजित गर्नु पर्दछ।

(३) समाजीकरणलाई सुगम तुल्याई सामाजिक एकताको सुदृढीकरण गर्न निम्नलिखित अनुसारको नीति अवलम्बन गर्नुपर्छः

(क) भाषाभाषीहरुको आकांक्षालाई ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्न, प्रोत्साहित गर्ने,

(ख) राष्ट्रभाषा र सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषाको प्रयोगलाई ध्यानमा राखी उच्च तहसम्मको शिक्षा राष्ट्रभाषामा दिने,

(ग) राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा साहित्य, कला र संस्कृतिका विविध पक्षमा मौलिक सिर्जना गर्ने व्यक्तिलाई सक्षम तुल्याउने,

(घ) नेपाली जनजीवनसँग सम्बद्ध ज्ञान-विज्ञानका विविध पक्षमा उच्चस्तरीय अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्ने,

(ङ) नेपाली र नेपालका राष्ट्रिय भाषाहरुको सम्बर्द्धन, अध्ययन र अनुसन्धान गर्न एउटा राष्ट्रिय स्तरका संस्थाको स्थापना गर्ने,

(च) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रुपले समायोजित गरी ज्ञान र समझदारीको विकास गर्ने।

(४) आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै सामञ्जस्यपूर्ण जीवनयापनका लागि व्यक्तिलाई सक्षम तुल्याउनका निम्ति निम्नलिखित नीति लिनुपर्छ :

(क) अन्तर्राष्ट्रिय भाषाका रुपमा अंग्रेजीको आवश्यकतालाई दृष्टिगत गरी विषयका रुपमा अंग्रेजी भाषाको शिक्षालाई प्राथमिकता दिने,

(ख) छिमेकी देशका भाषाहरु र अन्तर्राष्ट्रिय भाषाहरुको शिक्षणलाई आवश्यकतानुसार वृद्धि गर्ने,

(ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा मानवीय व्यवहार, संस्कृति र सिर्जनाका विविध पक्षको तुलनात्मक अध्ययनलाई प्रोत्साहित गर्ने।

(५) शिक्षाका माध्यमबाट मानव संसाधनको विकास गरी समाजको आधुनिकीकरण र देश निर्माणमा सहयोग पुर्‍याउन निम्नलिखित अनुसारको नीति निर्धारण गर्नु पर्ने देखिन्छ:

(क) समाजमा वैज्ञानिक चेतनाको विस्तार गर्न शिक्षाका सबै तहमा विज्ञानलाई आवश्यकतानुसार समायोजित गर्ने,

(ख) विज्ञान र प्रविधिको विकासलाई प्राथमिकता दिई थप उच्च शैक्षिक संस्थानहरुको स्थापना गर्ने,

(ग) प्रत्येक विकास क्षेत्रमा प्राविधिक विद्‌यालयहरुको विकास गर्ने र सो अन्तर्गत आवश्यकतानुसार र अन्य प्राविधिक विद्‌यालयहरुको स्थापना गर्ने।

(६) प्राकृतिक वातावरण तथा राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न निम्नलिखित अनुसारको नीति अवलम्बन गर्नु पर्दछ:

(क) देशको प्राकृतिक र सांस्कृतिक वातावरण तथा सम्पदाको संरक्षणका निम्ति शिक्षाका विभिन्न तहमा वातावरण शिक्षालाई समुचित रुपमा समाविष्ट गर्ने,

(ख) संचार माध्यमहरुबाट वातावरण संरक्षणका साथै कृषि विकासका निम्ति अनौपचारिक शिक्षा प्रदान गर्ने,

(ग) वातावरण शिक्षालाई प्रभावकारी बनाउन अध्ययन-अध्यापन र अनुसन्धान कार्यको विस्तार गर्ने,

(घ) राष्ट्रिय सम्पदाको संरक्षणका लागि कृषिको महत्वलाई ध्यानमा राखी प्रारम्भिक तहदेखि नै कृषि शिक्षालाई समाविष्ट गर्ने,

(ङ) कृषि सम्बन्धी अध्ययन अनुसन्धान कार्यको सुदृढीकरण र विस्तार गर्ने,

(च) खेर गइरहेका श्रमशक्तिको सदुपयोग गर्न देशका सबै क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र विकास गर्ने।

(७) समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारामा समाहित गर्न निम्नलिखित अनुसारको व्यवस्था गर्नु पर्दछ:

(क) सबै तहका शिक्षामा महिलाहरुलाई प्राथमिकता दिई प्रोत्साहित गर्ने,

(ख) अपाङ्ग तथा अशक्त बालबालिकाहरुलाई उच्च शिक्षासम्मको उपयुक्त व्यवस्था गर्ने,

(ग) आर्थिक तथा सामाजिक रुपले पछि परेका जनजाति र समुदायको उत्थानका लागि शिक्षा र तालिमहरुको व्यवस्था गर्ने, र

(घ) अनाथ र असहाय बालबालिकाहरुका निम्ति समुचित शिक्षाको व्यवस्था गर्ने,

(ङ) भौगोलिक दृष्टिले पछि परेका क्षेत्रमा शिक्षा प्रसारको समुचित व्यवस्था गर्ने।

**शैक्षिक व्यवस्थापन**

शिक्षाका राष्ट्रिय उद्देश्यहरुको प्राप्तिका निम्ति राष्ट्रिय शिक्षा व्यापक हुनुका साथै स्तरीय पनि हुनुपर्छ। यसका निम्ति शैक्षिक संरचनामा समयानुकूल परिवर्तन गरी शिक्षाको गुणस्तरलाई बढाउने कार्यक्रमहरुका साथै व्यवस्थापन पक्षलाई सुदृढ तुल्याउनु आवश्यक छ।

(८) औपचारिक शिक्षाको प्रचलित शैक्षिक संरचनामा निम्नलिखित अनुसारको परिवर्तन गर्नुपर्छ:

(क) प्राथमिक तह (१-५) को कक्षा १ देखि ३ सम्मको शिक्षालाई आधारभूत शिक्षा भन्ने,

(ख) माध्यमिक तहको कक्षा ६-८ लाई निम्नमाध्यमिक शिक्षा, कक्षा ९-१० लाई माध्यमिक शिक्षा र १०+२ लाई उच्च माध्यमिक शिक्षा मान्ने,

(ग) उच्च तहको शिक्षामा साधारण, विज्ञान, शिक्षाशास्त्र, व्यवस्थापन र संस्कृतमा साधारण वा अनर्स सहितको स्नातक कार्यक्रम सामान्यतः तीन वर्षको बनाउने,

(घ) दुई वर्षको स्नातकोत्तर तहपछि स्नातकोत्तर डिप्लोमा वा एम.फिल. कार्यक्रमको संचालन गर्ने र विद्यावारिधि गर्नका लागि एम.फिल. अनिवार्य बनाउने।

(९) अनौपचारिक रुपले शिक्षा आर्जन गर्ने प्रक्रियाको विस्तार गर्न निम्नलिखित अनुसारको व्यवस्था गर्नु आवश्यक छः

(क) साक्षरताको राष्ट्रिय परिभाषा निर्धारण गर्ने,

(ख) अनौपचारिक रुपमा शिक्षा आर्जन गरेकाले औपचारिक शिक्षामा प्रवेश गर्न अवसर दिने,

(ग) खुला विद्यालय र खुला विश्वविद्यालयबाट अनौपचारिक शिक्षाको विस्तार गर्ने।

(घ) पत्राचार, रेडियो र टेलिभिजनका माध्यमबाट विभिन्न विधिहरुको प्रयोग गरी अनौपचारिक शिक्षाको संचालन गर्ने आवश्यक व्यवस्था गर्ने।

(१०) व्यावसायिक र प्राविधिक शिक्षामा निम्नलिखित अनुसारको व्यवस्था हुनुपर्दछः

(क) अनौपचारिक रुपबाट आधारभूत सीप तालिमको सम्बर्द्धन गर्ने,

(ख) व्यावसायिक विद्यालयहरुबाट मध्यम र उच्चमध्यम स्तरीय प्रशिक्षणहरु दिने,

(ग) बहुप्राविधिक विद्यालयबाट उच्चस्तरीय प्रशिक्षण दिने।

(११) शिक्षाका गुणस्तरको सम्बर्द्धन शिक्षा विकासको अर्को महत्वपूर्ण पक्ष हो। यसका निम्ति निम्नलिखित अनुसारको व्यवस्था गर्नु वाञ्छनीय छः

(क) व्यावसायिक तथा प्राविधिक शिक्षा लगायत औपचारिक शिक्षाका विभिन्न तहमा प्रवेशका लागि सम्बद्ध संस्थाले निर्धारित गरेको प्रवेश परीक्षामा सम्मिलित भई छानिएको हुनुपर्ने,

(ख) शिक्षणलाई प्रभावकारी र विद्यार्थी केन्द्रित बनाउन शिक्षण पद्धतिमा विविधता ल्याउने,

(ग) विद्यालयहरुमा काम गर्ने शिक्षकहरुका लागि तालिम अनिवार्य गरी सबैलाई प्रशिक्षित तुल्याउने,

शिक्षा मन्त्रालय

(घ) उच्च शिक्षामा काम गर्ने शिक्षकहरुले स्नातकोत्तर तहपछिको प्रशिक्षण, एम.फिल. वा पिएच.डी. गर्नु पर्ने,

(ङ) विद्यार्थीहरुको मूल्यांकन गर्ने परिपाटीलाई स्तरीय र सामयिक बनाई परीक्षालाई व्यवस्थित र नियमित बनाउने,

(च) शिक्षाका सबै तहमा पठनशीलताको अभिवृद्धिका निम्ति सबै शैक्षिक संस्थाहरुले न्यूनतम संख्याका पाठ्यपुस्तक र पत्रपत्रिका भएका पुस्तकालयको विकास गर्नु पर्ने,

(छ) शिक्षक नै शैक्षिक व्यवस्थाको मेरुदण्ड भएकाले सबै तहका शिक्षकका सेवाको सुरक्षाका साथै उनीहरुको हकहितको संरक्षण गर्ने,

(ज) आफ्ना विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा शिक्षकको विशेष भूमिका रहने हुँदा विद्यार्थी प्रतिको शिक्षकको जवाफदेहीलाई प्रभावकारी बनाउने,

(झ) शिक्षक र शिक्षा प्रशासकहरुले आफूलाई सक्रिय राजनीतिबाट अलग्ग राखी शैक्षिक वातावरणको सम्बर्द्धन गर्नुपर्ने,

(ञ) शिक्षाका सबै तहमा पठन पाठन साथै विद्यार्थीहरुको शारीरिक, मानसिक र भावनात्मक विकास गर्न विविध कार्यक्रमहरुको संचालनका निम्ति प्रोत्साहित गर्ने,

(ट) ज्ञान र सीपको विकास, शिक्षाका सिद्धान्त र पद्धतिमा आएका परिवर्तन र देश कालका मागलाई ध्यानमा राखी पाठ्यक्रमहरुमा समयोचित सुधार गर्ने,

(ठ) पाठ्यपुस्तकहरुको गुणस्तरमा सुधार गर्न प्रतिस्पर्धाका आधारमा लेखन, प्रकाशन र वितरणको व्यवस्था गर्ने,

(ड) निजी क्षेत्रमा विद्यालय, महाविद्यालय, उच्च शैक्षिक संस्थानहरु तथा विश्वविद्यालयहरुको स्थापना गरी संचालन गर्न प्रोत्साहित गर्ने,

(ढ) विद्यालयको शिक्षामा सुधार गर्ने र विद्यालयहरुको समूह बनाई विद्यालय स्तरको निरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउने,

(ण) उच्च शिक्षामा सुधार ल्याउनका निम्ति शैक्षिक क्रियाकलापको समन्वय र मूल्यांकन गरी सरकारी अनुदान दिन विश्वविद्यालय अनुदान आयोगको स्थापना गर्ने,

(त) उच्च शिक्षाको केन्द्रीकृत व्यवस्थालाई विकेन्द्रित गरी शिक्षाको गुणस्तर बढाउन बहुविश्वविद्यालयको सिद्धान्तलाई व्यवहारमा कार्यान्वित गराउने,

(थ) शिक्षाका विविध पक्षमा नीति-निर्माण तथा योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका निम्ति विभिन्न स्तरका निकायहरुको स्थापनाका साथै वर्तमान व्यवस्थापनलाई सदृढ तुल्याउने,

(द) राष्ट्रिय शिक्षाको विस्तार र सुदृढीकरणका लागि राष्ट्रिय लगानीमा समुचित बृद्धि गर्नुका साथै आन्तरिक तथा बाह्य स्रोतहरुको परिचालन गर्ने।

शिक्षा मन्त्रालय

# २. प्राथमिक शिक्षा

## १ पृष्ठभूमी

नेपालमा २००७ सालमा प्रजातन्त्रको अभ्युदयपछि नै राष्ट्रिय विकासका लागि शैक्षिक विकासको आवश्यकतलाई वास्तविक रुपमा महसुस गर्न थालिएको हो । त्यस बेलादेखि वर्तमान समयसम्मको शैक्षिक स्थिति हेर्दा नेपालले शिक्षाको क्षेत्रमा ठूलो फड्को हालेको अवगत हुन्छ । यसका लागि समय समयमा विभिन्न महत्वपूर्ण प्रयासहरु गरिएका देखिन्छन् । २०११-१२ को राष्ट्रिय शिक्षा योजना आयोग, २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०२४ को राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् , राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, आधारभूत एवं प्राथमिक शिक्षाको कार्यक्रम २०४५ जस्ता कदमहरुलाई यसै सन्दर्भमा गरिएका विशेष प्रयासहरु मान्न सकिन्छ । यी प्रयासहरुका बाबजुद पनि अन्य विकासोन्मुख देशहरुका तुलनामा नेपाल शिक्षा क्षेत्रमा निकै पिछडिएको छँदैछ । जनसंख्याको ठूलो अनुपात अझै पनि निरक्षरताले ग्रसित छ र जनस्तरमा २०४६ को अन्त्यतिर मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात शिक्षालाई सर्वसुलभ बनाउन अझ महत्वपूर्ण कदम चालिएका छन् । सन् १९९० मा थाइल्याण्डमा भएको " सबैका लागि शिक्षा " सम्बन्धी विश्वसम्मेलनका सिफारिशहरुमा नेपालले सहमति जनाएको छ । संयुक्त राष्ट्र संघको तत्वाबधानमा सन् १९९० को सेप्टेम्वर महिनामा भएको बालबालिकासम्बन्धी विश्व शिखर सम्मेलनको " बाल बचावट, संरक्षण तथा विकाससम्बन्धी विश्वघोषणा पत्र " लाई अनुमोदन गरी नेपालले सन् १९९० को दशकमा कार्यान्वयन गर्नका लागि तयार गरेको कार्ययोजना अनुसार आफ्नो राष्ट्रिय कार्ययोजना तयार गरेको छ ।यस कार्ययोजनाअनुसार नेपालमा अहिले प्राथमिक कक्षामा पढ्ने उमेरका ६४ प्रतिशत बालबालिका मात्र भर्ना हुने गरेकोमा वि.सं. २०५७ सम्म शतप्रतिशत पुर्‍याउने र त्यसमा पनि अहिले ३१ प्रतिशत बालिकाहरु मात्र भर्ना हुने गरेकोमा त्यसलाई पनि शतप्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ । यस्तै अहिले भर्ना भएका मध्ये २७ प्रतिशतले मात्र प्राथमिक शिक्षा पूरा गर्ने स्थितिलाई पनि ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । यो लक्ष्य प्राप्तिका निम्ति प्रारम्भिक चेष्टाहरु देखाइएका छन् र आधारभूत प्राथमिक शिक्षाको गुरुयोजना र राष्ट्रिय शिक्षा आयोगको स्थापनालाई यसै परिप्रेक्ष्यमा हेर्नुपर्दछ ।त्यसो हुँदा प्राथमिक शिक्षामा सुधारका प्रयासको थालनी गर्न वर्तमान

आधारभूत प्राथमिक शिक्षाको अवस्था र समस्याहरु केलाएर मात्र आवश्यक कदमहरु चाल्ने सिफारिस गर्न सकिन्छ । यसै कुरालाई ध्यानमा राखी यहाँ आधारभूत प्राथमिक शिक्षाको वर्तमान स्थितिबारे संक्षेपमा समीक्षा गर्ने जमर्को गरिएको छ ।

## २ वर्तमान स्थिति

२००७ सालदेखि हालसम्म प्राथमिक शिक्षाको संख्यात्मक वृद्धिलाई तालिका १ मा दर्शाइएको छ । यस आधारमा विद्यालय जानुपर्ने उमेरका विद्यार्थीहरुको एउटा नगण्य अनुपात मात्र विद्यालय भर्ना भएको स्थितिबाट वर्तमानमा आइपुग्दासम्म कुल भर्ना १०७ % र खास भर्ना लगभग ७९.६ उपलब्धि भएको देख्दा उल्लेखनीय प्रगति भएको भन्न सकिन्छ ।

| | २००७ | २०२७ | २०३२ | २०३७ | २०४२ | २०४७ |
|---|---|---|---|---|---|---|
| विद्यालय | ३२१ | ७२५६ | ८३१४ | १०१३० | ११८७३ | १७८४२ |
| शिक्षक | ८५०५ | | १८८७४ | २७८०५ | ५१२६६ | ७१२१३ |
| विद्यार्थी | | ४४९१४१ | ४५८५१६ | १०६७९१३ | १८१२०९८ | २७८८६४४ |
| छात्रा प्रतिशत | | | १८.३% | २८% | २९.४% | ३६% |
| भर्ना प्रतिशत कुल जम्मा | ०.९% | ३२.०% | ४३.२% | ९०.४% | ७७% | १०७% |
| भर्ना प्रतिशत (कुल) छात्रा | | | १६.५% | | ४७% | ८१% |
| भर्ना प्रतिशत (खास) जम्मा | | | | | ५७% | ७९.६% |
| भर्ना प्रतिशत (खास) छात्रा | | | | | | ६०.५% |

स्रोतः शिक्षा तथा संस्कृति मन्त्रालय, योजना महाशाखा तथ्याङ्क तथा जनशक्ति शाखा, केशरमहल ।

शिक्षामा यस प्रकार भएको वृद्धिसँग सम्बन्धित विभिन्न कारकहरु हुन सक्छन् । प्रमुख कारकहरु हुनः १) २००७ सालमा प्रजातन्त्रको प्राप्तिका साथ बढ्दो शैक्षिक चेतना, २) शिक्षालाई "मानव संशाधन विकास" को रुपमा हेर्ने अवधारणाको विकास, ३) समाजको चेतनशील वर्गमा सामाजिक उन्नयनका लागि शिक्षाको आवश्यकतामाथि बढ्दो विश्वास र ४) प्रजातन्त्र र शिक्षा तथा विज्ञान र प्रविधिको राष्ट्रिय विकासमा अन्तर्सम्बन्धबारे विश्वव्यापी धारणाको नेपालमा प्रभाव ।

यी विभिन्न कारकहरुको परिणामस्वरुप शिक्षामा उल्लेखनीय वृद्धि भएको देखिन्छ । तर उक्त वृद्धिको गुणात्मक पक्षबारे समीक्षा गरेमा मात्र वास्तविक कुरा स्पष्ट हुन आउँछ । प्राथमिक शिक्षाका सन्दर्भमा निम्नलिखित आधारमा गर्नु आवश्यक देखिन्छः

**शिक्षामा अवसर र सहभागिताः** विद्यालय सुविधालाई शिक्षामा अवसरको रुपमा लिइने हो भने उच्च पहाडी क्षेत्रमा शिक्षाको अवसर उपलब्ध गराइएको छ । यस सम्बन्धमा तराईमा थोरै मात्रामा र पहाडका भने केही जिल्लाहरुमा अझै पनि अवसरको कमी रहिरहेकै छ । विद्यालयको सुविधा पर्याप्त भएका जिल्लाहरुमध्ये सबै जिल्लामा समान मात्रामा विद्यार्थी सहभागिता रहेको देखिन्न । उदाहरणका रुपमा ७५ मध्ये ४२ जिल्लामा  शैक्षिक सुविधा बढी देखिन्छ तर त्यसमध्ये २७ जिल्लामा मात्र बढी विद्यार्थी सहभागिता देखिएको छ । यस्तो सहभागिताको दृष्टिबाट अझै पनि पहाडी क्षेत्र नै प्रभावित रहेको छ । शिक्षाको अवसर र विद्यार्थी सहभागिता बढाउने सम्बन्धमा विभिन्न समस्याहरु छन् तापनि सहभागिता सम्बन्धी समस्याहरु बढी जटिल देखिन्छन् । एउटा कुरा स्पष्टसँग के भन्न सकिन्छ भने विद्यालयको सुविधा वा अवसर विद्यार्थी सहभागिताका लागि आवश्यक छ तर विद्यालयको सुविधा उपलब्ध हुँदैमा विद्यार्थी सहभागिता बढ्दो रहेनछ । विशेष गरी छात्राहरु र पिछडिएका वर्गको हकमा यो तथ्य बढी सत्य देखिन्छ । विद्यार्थीको शैक्षिक सहभागिता खासगरी विद्यार्थीको पारिवारिक स्थिति, लिङ्ग र विद्यालयको शैक्षणिक वातावरण जस्ता कारकहरुसँग घनिष्ठ रुपमा सम्बन्धित रहेको तथ्य अध्ययनबाट देखिएको छ । समग्र रुपमा विश्लेषण गर्दा कारकहरु खास गरी परिवारको आर्थिक स्थिति एवं सामाजिक र सांस्कृतिक परिवेशका साथै विद्यालयमा सिकाइको अनुकूल स्थितिसँग सम्बन्धित रहेका हुन्छन् ।

शैक्षिक प्रणालीको आन्तरिक क्षमताः अहिलेसम्मको प्राथमिक शिक्षाको सक्षमतासम्बन्धी विश्लेषणअनुसार पढाइ शुरु गर्ने संख्याको एउटा सानो अनुपात मात्र तह पार गर्दै पाँच कक्षा उत्तीर्ण गरी निस्कन्छ । एउटा अध्ययनबाट प्राथमिक तह पार गर्न करिव १२ वर्ष लागेको देखाइएको छ जसबाट शिक्षा प्रणालीको क्षमता करिब ४० प्रतिशत मात्र देखिन्छ भने अर्को एउटा अध्ययनबाट प्राथमिक तह ९ वर्षमा पूरा हुने गरेको देखिन्छ । यसरी प्रणालीको सक्षमता लगभग ५३ प्रतिशत । यी अध्ययनहरुबाट शिक्षा प्रणालीभित्र ठूलो  मात्रामा शैक्षिक नोक्सानी भएको स्पष्ट हुन्छ । यस प्रकारको नोक्सानी पनि खास गरी तल्ला कक्षाहरुमा बढी  मात्रामा हुने गरेको

छ । खास गरी पहिलो कक्षामा नै धैरैजसो बालबालिकाहरु कि त पढाइ छाड्छन् कित कक्षा दोहोर्‍याउँछन् । यसमा पनि कक्षा दोहोर्‍याउनेभन्दा पढाइ नै छोडेर जानेहरुबाट हुने गरेको नोक्सानी बढी छ । छात्राहरुको सम्बन्धमा  क्षमतासम्बन्धी प्रश्नमा झन नराम्रो स्थति रहेको छ । खर्चको हिसाबले हेर्ने हो भने शैक्षिक प्रणाली सक्षम भएको भए अहिले प्रत्येक प्राथमिक स्तर उत्तीर्ण विद्यार्थीमा हुने गरेको खर्चबाट केही रकम बचत गर्न सकिने थियो । यसरी हुने गरेको शैक्षिक नोक्सानी छात्रहरुको हकमा केही मात्रमा घटी रहेको छ तर छात्राहरुको हकमा भने यो नोक्सानीको अनुपात यथावत् रहिरहेको अनुमान गरिएको छ  । अर्कातर्फ "तोकिएको पठनपाठनको कार्यमा कति समय लगाइयो " भन्ने विषयमा गरिएको अध्ययनबाट प्राथमिक शिक्षा परियोजना लागू भएका विद्यालयहरुमा समेत केवल २८ प्रतिशत क्षमता दर देखिएको छ भने अन्य साधारण विद्यालयहरुमा उक्त दर अझै कम हुने सहजै अनुमान गर्न सकिन्छ । यसरी के भन्न सकिन्छ भने पहिलो  कुरा त विद्यार्थी सहभागित धैरै उल्लेखनीय रुपमा बढेको छैन । त्यसमा पनि तह पार गरेर जानेहरुको रुपमा वास्तविक उपलव्धि त थोरै मात्र छ ।

प्राथमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरः अहिलेको बदलिएको राजनैतिक आर्थिक परिवेश र विश्वव्यवस्थामा हाम्रो प्राथमिक शिक्षा केवल साक्षरताको मात्र उद्देश्यमा सीमित रहेको देखिन्छ । यसमा विशेष गरी कार्यमूलक तत्वको अभाव रहेको छ । नेपालको प्राथमिक शिक्षाद्वारा कुनै पनि चाहना उपयुक्त मात्रामा पूर्ति हुन नसकेको मानिएको छ  ।यसबाट बालबालिकाहरुको विकासात्मक चाहनाहरु परिपर्ति भइरहेका छैनन् , केवल किताबी ज्ञानमा जोड दिइएको छ । राष्ट्रिय विकासलाई चाहिने कुरा त परै छन् । यसरी शिक्षा राष्ट्रिय एवं सामाजिक वैयक्तिक आवश्यकताहरु परिपूर्ति गर्न सक्षम नभएको देखिन्छ । प्राथमिक शिक्षाको पाठ्यक्रमबाट अझै जीवनोपयोगी सीपहरुको ज्ञान पर्याप्त मात्रामा दिन नसकेको पाइएको छ । बालबालिकाहरुका लागि रुचिकर एवं ग्रामीण परिवेश सुहाउँदो पाठ्यक्रम तयार हुन नसकेको देखिन्छ । पाठ्यक्रमका विषयबस्तु र कार्यकलापहरु विशेष गरी आधुनिक सुविधाप्राप्त केही सहरी क्षेत्रसँग सम्बन्धित भएका पाइन्छन् । यसरी ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलापहरु पाठ्यक्रममा नराख्नाका कारणले धैरैजसो केटाकेटीहरु विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख लिदैनन् र विद्यालय छोडिदिन्छन् । विद्यार्थीहरुको कम सहभागिता हुनुमा आर्थिक कारणहरुबारे  बढी  मात्रामा चर्चा हुने गरेको छ । तर

पाठ्यक्रमको असान्दर्भिकताले गर्दा पनि बालबालिकाहरु पढाइ छोडी जान सक्छन् भन्ने कुरातिर खास ध्यान गएको देखिन्न । पाठ्यक्रमको यस असान्दर्भिकताको कारणले दुई प्रकारले नोक्सानी हुने गरेको छ । पहिलो; विद्यार्थीहरुले कोरा किताबी कार्यकलापमा रुचि नभई तह पार नगर्दै पढाइ छोडिदिन्छन् । दोस्रो कुरा; केही गरी विद्यार्थीलाई उक्त पाठ्यक्रमअन्तर्गत विद्यालयका शैक्षिक गतिविधिले रोकेर राख्न सफल भए पनि विद्यार्थी आफ्नो सांस्कृतिक परिवेशबाट छुट्टिइसकेको हुन्छ । यसरी के देखिएको छ भने विद्यार्थीले उपयोगी  कुरा केही नसिकेर फर्किन्छ । यदि शिक्षा प्रणालीमा केही वर्ष रहिहाले पनि त्यहाँबाट निस्किनासाथ नयाँ परिवेशको खोजीमा शहरतिर हिँड्छ । ग्रामीण परिवेशलाई सुधार गर्ने शिक्षाको मुख्य कार्य सफल हुन सकेको छैन । अध्ययनहरुबाट पनि के देखिन्छ भने प्राथमिक विद्यालयमा पढाइने विषयहरुमध्ये प्रायः सबैमा विद्यार्थीहरुको औसत उपलब्धी ५० प्रतिशत भन्दा कम नै रहेको छ । त्यसमा पनि शहरी क्षेत्रका  अभिभावकका बालबालिकाहरुभन्दा गाउँ घरका कृषक र अन्य श्रमजीवी परिवारका बालबालिकाहरु पढाइमा पछिपरेका पाइएका छन् ।

पाठ्यक्रम पाठ्यपुस्तक र पाठ्यसामग्रीः प्राथमिक शिक्षाको बृहत् सामाजिक राष्ट्रिय सान्दर्भिकताबारे माथि उल्लेख भइसकेको छ  तर शुद्ध शैक्षिक दृष्टिकोणबाट समेत प्राथमिक शिक्षाको पाठ्यक्रम त्रुटिपूर्ण देखिन्छ । यसमा केवल विषयबस्तुहरुको संकलनलाई नै प्रमुख जोड दिइएको छ । विशेष गरी विद्यालय शिक्षाको अन्त्य एसएलसी परीक्षाद्वारा हुने हुँदा विशेषज्ञ, शिक्षक, शिक्षा प्रशासकहरुले समेत  प्राथमिक शिक्षाको पाठ्यक्रमबारे कुरा गर्दा विद्यार्थीले माथिल्लो कक्षामा गएपछि पढ्नुपर्ने विषयबस्तुमा ध्यान केन्द्रित गरी विचार गर्ने गरेका छन् । माध्यमिक तहको पाठ्यक्रमले प्राथमिक शिक्षालाई प्रभावित गर्ने गरेको छ । पाठ्यक्रमअनुसार पठनपाठन भए नभएको हेर्ने, निरीक्षण गर्ने र पाठ्यक्रममा उपयुक्त सुधार गर्ने कुरामा तालमेल पनि मिल्न सकेको देखिँदैन । पाठ्यक्रम खास गरी वस्तुगत ज्ञानको आधारमा विकसित हुनु पर्नेमा विशेषज्ञ र विद्वानहरुको दिमागी उपजको रुपमा बढी देखा पर्ने गरेको छ । प्राकृतिक वातावरणको संरक्षण र सदुपयोग जस्ता विषयबस्तु पाठ्यक्रममा समाविष्ट हुन सकेका छैनन् । क्षेत्रगत रुपमा वास्तविक परीक्षण हुने गरेको प्रायः पाइँदैन । पाठ्यपुस्तकहरुमा विषयवस्तुको सन्तुलन पनि कमै हुने गरेको छ । वास्तविक परीक्षणका आधारमा तयार नभएका हुँदा तिनमा निहित विशेषताको लेखाजोखा लेखककै बुद्धिविवेकमा भर पर्ने हुन्छ । पाठ्यपुस्तक बाहेक अन्य

पाठ्यसामग्री छँदै छैनन् भने पनि हुन्छ । केही परियोजनाहरुले सीमित मात्रामा पाठ्यसामग्री तयार गरेका छन् तर त्यहाँ पनि तिनको प्रयोग राम्ररी हुने गरेको छैन । अन्य शिक्षण तथा सिकाइ सामग्रीको उत्पादन त झन् छैन भने पनि हुन्छ । अहिलेको अवस्थामा किताब मात्र एउटा ठूलो शैक्षिक सामग्री हुने गरेको छ ।

शिक्षकको तयारी र तालिमः शैक्षिक व्यवस्थाअन्तर्गत एउटा महत्वपूर्ण पक्षको रुपमा रहेको शिक्षकको अवस्था सन्तोषजनक छैन । हाल प्राथमिक तहमा करीब ४० प्रतिशत शिक्षक तालिम प्राप्त छन् तर तोकिएको न्यूनतम योग्यता र तालिमको हिसाबले भने करीव ३० प्रतिशत मात्र छन् । त्यसमा पनि महिलाहरुको प्रतिशत ज्यादै कम रहेको छ । यसरी एक तिहाइभन्दा कम तालिमप्राप्त शिक्षकहरुबाट प्राथमिक शिक्षाको गुणस्तरबारे धेरै आशा गर्न सकिन्न । शिक्षक पेशा ग्रहण गर्न हाल कुनै तालिम अनिवार्य मानिएको छैन, तालिमलाई पूर्वावश्यक योग्यता ठानिएको छैन । जुनसुकै पनि लेखपढ गर्न सक्ने मानिस साधारण प्रवेशिका उत्तीर्ण प्रमाणपत्रको भरमा शिक्षक हुन सक्छ । पेशा र पठनपाठन प्रक्रियाको प्राविधिक स्वरुप नबुझेका व्यक्ति पनि सजिलै शिक्षक बन्न सक्छन् । प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिइएको छ तर प्राथमिक शिक्षकको समाजिक प्रतिष्ठा त्यति सम्मानजनक छैन । शिक्षक तालिमहरुको प्रशासनिक व्यवस्था पेशा प्रवेशपछि मात्र हुने गरेको र त्यसमा पनि दिइने तालिमहरु विशेष गरी सैद्धान्तिक हुने गरेका छन् । त्यस्तै विश्वविद्यालयअन्तर्गत दिइने पूर्वसेवाकालीन शिक्षक तालिम थोरैले मात्र लिने गरेको देखिन्छ । त्यसको पनि व्यवहारिकता धेरै कम रहेको पाइन्छ । पुनर्ताजगी तालिमहरु पनि नगण्य मात्रामा हुने गरेका छन् । त्यसको पनि कुनै पक्षमा विशिष्ट सीपहरुमा केन्द्रित नभई सामान्य प्रकृतिका बढी रहेका छन् । यी सम्पूर्ण कारणहरुले गर्दा शिक्षकको स्थिति दयनीय र उपेक्षित भएको देखिन्छ । यसबाट प्राथमिक शिक्षाको प्रभावकारितामा नकारात्मक प्रभाव परेको छ ।

शिक्षण-सिकाइको अवस्थाः प्राथमिक शिक्षामा शिक्षण-सिकाइको अवस्था पनि निराशाजनक नै छ । तोकिएअनुसार विद्यालयहरु खुल्ने गरेका छैनन् । खुलेकै भए पनि तिनमा शिक्षक र विशेष गरी विद्यार्थीको उपस्थिति निकै कम देखिन्छ । विद्यार्थी र शिक्षक उपस्थित भए पनि खास पठनपाठनको अवस्था राम्रो छैन । शिक्षकहरु उपस्थित भए पनि नियमित रुपमा कक्षा नलिई त्यसै बसेको प्राय जताततै देखिन्छ । जे जति मात्रामा पठनपाठन हुन्छ त्यसको गुण र प्रकृति पनि यथार्थमा

सैद्धान्तिक र विशेष गरी किताबी छ । नबुझे पनि किताब कण्ठ गर्ने प्रवृत्तिलाई विद्यार्थीहरुमा प्रोत्साहित गरिन्छ । परीक्षा र मूल्याँकन पनि त्यसरी नै गरिन्छ जसबाट त्यसै प्रवृत्तिमा प्रोत्साहन भएको छ । वास्तविक क्रियाकलापका अभावमा विद्यार्थीको सिकाइ अर्थपूर्ण देखिंदैन । विद्यालयहरुमा पठनपाठनको उपयुक्त वातावरणको अभाव छ । धेरैजसो विद्यालयमा शैक्षिक सामग्री नै छैन र भए पनि राम्ररी राख्ने व्यवस्था छैन । कालोपाटी, चक जस्ता अत्यावश्यक सामग्रीको पनि व्यवस्था छैन ।

शैक्षिक व्यवस्थापनः प्राथमिक विद्यालयको सबैभन्दा कमजोर र बिग्रेको पक्ष व्यवस्थापन हो। शैक्षिक व्यवस्थापनमा उत्तरदायी भावनाको कमी छ । विद्यालयहरु तोकिए जति समय चल्दैनन् , उपस्थिति कम हुन्छ । त्यहाँका सरसामान व्यवस्थित छैनन्, कक्षा कोठा फोहोर हुन्छन्, बस्ने प्रबन्ध मिलेको हुँदैन र पाठ्यसामग्री पनि अव्यवस्थित हुन्छन् । शिक्षकहरुको योग्यता र कार्यक्षमताको समुचित मूल्याँकन हुन सकेको छैन । जिल्ला शिक्षा कार्यालयहरु शिक्षकहरुलाई तलबको व्यवस्था गर्ने, तलबको हिसाब मिलाउने र सरुवा गर्ने अड्डाका रुपमा रहेका छन् । जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरीक्षणसम्बन्धी कर्मचारी पर्याप्त छैनन् । जे जति छन् तिनीहरुको निरीक्षणसम्बन्धी कुनै निर्धारित कार्यक्रम हुँदैन । भएका सम्बन्धित कर्मचारीहरु पनि तोकिएको काम गर्दैनन् र तिनीहरुलाई चाहिने आवश्यक रकमहरुको त्यहाँ व्यवस्था गरिएको छैन। जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा कार्यालयहरु भए पनि ती आफ्नो कार्यसम्पादनमा स्वतन्त्र छैनन् । विकेन्द्रीकरण व्यवस्था व्यवहारिक रुपमा लागू हुन सकेको छैन । यी कार्यालयहरु मन्त्रालय वा विभागबाट आएको निर्देशनलाई फिल्डमा पठाउने एउटा स्टेशनका रुपमा रहेका छन् । शैक्षिक कर्मचारीहरुको दरबन्दी आवश्यकताअनुसार भएको छैन र शैक्षिक व्यवस्थापनलाई प्राविधिक स्वरुप प्रदान गरिएको छैन । प्रशासनिक व्यवस्थापनको सुधारका नाममा संरचना र नामको परिवर्तन प्रायः हुने गरेको छ तर कार्यान्वनयन पक्ष भने कमजोर रहिरहेको छ । निजी विद्यालयहरुको गुणस्तर परीक्षणबारे केही नीतिगत आधारहरु छैनन् । तिनीहरुको निरीक्षण गर्ने व्यवस्था पनि भएको पाइँदैन ।

आर्थिक क्षमताः नेपालमा हाल प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिई निःशुल्क गरिएको हुँदा यसको संचालन सम्बन्धी प्रायः सम्पूर्ण खर्च सरकारी दायित्वभित्र परेको पाइन्छ । यस कार्यका लागि श्री ५ को सरकारले पछिल्ला योजना

अवधिहरुमा क्रमशः खर्च बढाउँदै लगेको पाइन्छ तापनि अन्य विकासोन्मुख मुलुकको दाँजोमा नेपालको बजेटमा राखिएको शिक्षा सम्बन्धी खर्च कम नै रहेको छ । शैक्षिक खर्चहरु प्रायः प्रशासनिक खर्चका रुपमा हुने गरेका छन् । सरकारी शैक्षिक खर्चलाई विकास र साधारण भनी छुट्याए तापनि त्यसको ९५ प्रतिशत भन्दा बढी शिक्षक तलबको रुपमा मात्र खर्च हुन्छ । न्यून गुणस्तरका प्राथमिक भवनहरुको निर्माण सिवाय स्थानीय तवरमा आर्थिक स्रोतहरुको सन्तोषजनक परिचालन हुन सकेको देखिदैँन । प्राथमिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी तोकिएको हुँदा प्रतिवर्ष शिक्षक कोटा बढाउनुपर्ने र त्यसकै आधारमा विद्यालय अनुदान बढ्ने गरेको देखिएको छ । शैक्षिक क्षेत्रमा खर्चको केही भाग विदेशी स्रोतबाट पनि आउने गरेको देखिन्छ । तर यसमा पनि सहयोगभन्दा ऋणहरुको मात्रा बढ्ने गरेको देखिएको छ । प्राथमिक शिक्षामा गरेको लगानीबाट दूरगामी रुपमा प्रतिफल प्राप्त हुन्छ । यसकारण प्राथमिक शिक्षामा गरिएको ऋण लगानी अर्थपूर्ण नै हुन्छ तर त्यस्तो लगानी खास गरी उपभोक्ताहरुको वास्तविक लाभ हुने गरी खर्च  हुन सकेन र व्यवस्थापनको कमजोरीले लगानी उत्पादक नभएमा निरासा नै हुन्छ । यसरी समग्र रुपमा शिक्षामा गरिने खर्चहरुको राम्रो परिचालन भएको देखिँदैन । केही निजी विद्यालयहरुमा आफ्ना बालबालिका पठाएर ग्रामीण क्षेत्रका गरिब अभिभावकहरुले समेत महँगो शुल्क तिरेको पाइन्छ । गुणात्मकता बढाउन सकिने विश्वास दिलाउन सकेका खण्डमा ग्रामीण क्षेत्रमा समेत आर्थिक स्रोतको परिचालन हुन सक्ने संभावनाका संकेत भने देखिएका छन् ।

**३. प्रमुख समस्या र मुद्दाहरु**

नेपालको प्राथमिक शिक्षामा रहेका कतिपय मूलभूत मुद्दाहरुका विषयमा छलफल हुनु यहाँ प्रासंगिक देखिन्छः

शिक्षाको अवसर र सहभागिताः १) विद्यालयको संख्या बढेर पनि सहभागिता उल्लेखनीय रुपमा बढ्न सकेको छैन । २) त्यसमा पनि महिला र पिछडिएका समुदायको सहभागिता कम छ । ३) देशका सबै क्षेत्रमा समान मात्रामा शैक्षिक अवसर उपलब्ध गराउन सकिएको छैन र विभिन्न कारणका साथै भौगोलिक अवरोधले पनि किठनाइ ल्याएको छ । तर ४) विभिन्न किसिमका कठिनाइ हुँदाहुँदै पनि अवसर र सहभागितामा वृद्धि गर्नुपर्ने कुरा छँदैछ ।

शैक्षिक गुणस्तर र सक्षमताः नेपालको प्राथमिक तथा आधारभूत शिक्षाको प्रमुख प्रश्न शैक्षिक र संख्यात्मक वृद्धि मात्र  होइन गुणात्मक वृद्धि पनि हो । त्यसका लागि शैक्षिक प्रणालीलाई सक्षम बनाउनु त पर्छ नै, साथै राष्ट्रिय विकासका लागि उत्पादनको गुणस्तर पनि राम्रो हुनैपर्दछ ।

आधारभूत प्राथमिक शिक्षाको सम्पूरकको रुपमा अनौपचारिक शिक्षाको विस्तारः प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन केवल औपचारिक शिक्षाबाट मात्र संभव देखिन्न । अतः प्राथमिक शिक्षाको विकासका लागि अनौपचारिक शिक्षाको विस्तार गर्नु एउटा प्रमुख आवश्यकता हो ।

आर्थिक स्रोतको परिचालनः हालसम्म प्राथमिक शिक्षामा सरकारी आर्थिक संलग्नता प्रमुख रहेको छ । प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन सरकारी दायित्वमा क्रमशः वृद्धि हुन आवश्यक छ । तर पूर्णरुपेण सरकारी स्रोतमा प्राथमिक शिक्षाको विकासलाई निर्भर राख्न खोजेमा प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन गाह्रो पर्छ । यसमा निजी र स्थानीय स्रोतलाई कसरी र कति मात्रामा लगाउने भन्ने हालका प्रमुख मुद्दाहरु हुन् ।

शैक्षिक सुधारको प्रकृति र स्वरुपः वि.सं. २०५७ सम्म सबैलाई आधारभूत प्राथमिक शिक्षा सुलभ गराउने भनिएको छ । तर हाल सम्मको प्रयासबाट प्रचलित प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने स्पष्ट र सुगम मार्ग निर्धारित भइसकेकव देखिएको छैन । बालबालिकाहरुको एउटा ठूलो जमात प्राथमिक शिक्षा प्रणालीभित्र आउन सकेको छैन । बालबालिकाहरुलाई प्राथमिक शिक्षा प्रणालीमा भित्र्याउन अवसरको सुलभता र अवसरको समानता हुनपर्दछ । त्यसपछि विद्यार्थी सहभागिता बढाउन सकिन्छ । त्यसैले अवसरको समानता र सहभागिता समस्याको पहिलो पाटो भन्न सकिन्छ । जे जति विद्यार्थीहरु प्राथमिक शिक्षा प्रणालीभित्र पर्दछन् त्यसमा पनि पहिलो कुरा ती विद्यार्थीहरुले प्रचलित प्राथमिक शिक्षाको वर्तमान सम्पूर्णतालाई ग्रहण गर्न सकेका छैनन् । बीचमै विद्यालय छोड्ने र दोहोर्‍याउने प्रवृत्ति व्यापक रुपमा देखिन्छ । अर्को कुरा, जे जतिले सकेका छन् त्यो पनि गुणस्तरको हिसाबले सन्तोषजनक छैन । यसप्रकार शिक्षाको सक्षमता र गुणस्तरको अभाव मुख्य मुद्दा देखिन्छन् । यी कुराहरुमा कसरी सुधार ल्याउने भन्ने प्रश्न विचारणीय छ ।

यी व्यापक मुद्दाहरुसँग सम्बन्धित अन्य प्रमुख मुद्दाहरु पनि छन् । तीमध्ये शैक्षिक व्यवस्थाको प्रश्न विशेष उल्लेखनीय देखिन्छ । प्राथमिक शिक्षाको मुख्य थलो प्राथमिक विद्यालय हो । त्यस विद्यालयको व्यवस्था प्रधान अध्यापक, संचालक

समिति, जिल्ला शिक्षा कार्यालय वा अन्य स्थानीय निकायहरुको दायित्व, यिनका बीचमा अधिकार र कर्तव्यको सन्तुलन आदि विषय पनि प्रमुख मुद्दाका रुपमा रहेका छन् ।

हालसम्म प्राथमिक शिक्षासम्बन्धी सम्पूर्ण दायित्व सरकारको रहिआएको छ । प्राथमिक शिक्षालाई निःशुल्क घोषित गरेर विद्यालयमा शिक्षकको तलब अनुदानको रुपमा दिइरहनाले सरकारी खर्चमा निकै वृद्धि हुने गरेको छ तर विद्यालय संचालन र पठनपाठन र अन्य आर्थिक समस्याका कारणले पढाइमा  असर परेको छ । तसर्थ आर्थिक अनुदानसम्बन्धी सरकारी नीति बढ्दो शैक्षिक खर्चबारेको व्यवस्था , आर्थिक स्रोतहरु, प्राथमिक शिक्षाको निम्ति विदेशी अनुदान वा ऋण सम्बन्धको तथा हाल खुलेको निजी क्षेत्रका प्राथमिक विद्यालयहरुका सम्बन्धमा सरकारी अनुदानको नीति र त्यस्ता विद्यालयको व्यवस्थापन तथा पठनपाठनसम्बन्धी स्वायत्तताका प्रश्नहरु पनि विचारणीय छन् ।

प्राथमिक शिक्षाको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाँउदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसमा क्षेत्रीय वा स्थानीय आवश्यकताहरुलाई सुहाँउदा व्यवस्थाहरुको प्रावधानबारे विचार गर्नु बाञ्छनीय छ । प्राथमिक शिक्षालाई मातृभाषामा प्रदान गर्नेबारे हालको अवस्थामा गर्नुपर्ने उपयुक्त व्यावहारिक प्रावधानहरु तथा प्राथमिक शिक्षामा अंग्रेजीको पठनपाठनसम्बन्धी आवश्यक व्यवस्थाका मुद्दाहरु पनि सान्दर्भिक छन् ।यस्तै पाठ्यपुस्तक तथा अन्य आवश्यक पाठ्यसामग्रीबारेका व्यवस्था, विद्यालयको सुधार गर्न तथा शिक्षक तालिम र शिक्षणको गुणस्तरमा वृद्धि गर्न निरीक्षण तथा मूल्याँकन  कार्यलाई प्रभावकारी बनाउन गर्नुपर्ने व्यवस्था पनि उत्तिकै विचारणीय छ । देशको भौगोलिक स्थितिलाई ध्यानमा राखी प्राथमिक शिक्षालाई व्यापक र गुणस्तयुक्त बनाउनका निम्ति गर्नुपर्ने व्यवस्था कस्तो हुनुपर्छ भन्ने कुराको स्पष्ट हुन आवश्यक छ र प्राथमिक शिक्षासम्बन्धी समग्र व्यवस्थाका लागि आवश्यक निरीक्षण, अनुसन्धान, मूल्याङ्कन, अनुगमन गर्न स्थानीय वा राष्ट्रिय स्तरमा समुचित व्यवस्था हुन बाञ्छनीय छ ।

## ४. सुझाउहरु:

प्राथमिक शिक्षामा सामयिक सुधार ल्याउने निम्नलिखित बमोजिम आवश्यक व्यवस्था गर्नका लागि सुझाउहरु प्रस्तुत गरिएका छन्:

(१) प्राथमिक शिक्षाको मूलभूत उद्देश्य शिक्षालाई बालकेन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने साधारण लेखाई, पढाई र हिसाब सम्बन्धी सीपको विकास गर्ने, जीवनोपयोगी मूल्य, मान्यता र आस्थाहरुको सम्बर्द्धन गरी इमान्दारी, स्वाबलम्बन र श्रमशीलता जस्ता गुणहरु र नागरिक, वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने हुनुपर्छ।

(२) प्राथमिक शिक्षा ५ वर्षको हुनु पर्छ र कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी ६ वर्ष लागेको हुनुपर्छ।

(३) प्राथमिक शिक्षालाई सर्वसुलभ गराउँदै लैजान हालसम्म प्रचलित प्राथमिक शिक्षामा केही संरचनात्मक समायोजन गरिनुपर्छ। यसो गर्दा कक्षा १ देखि ३ सम्मको शिक्षालाई आधारभूत साक्षरताको रुपमा मानिनुपर्छ र अनौपचारिक शिक्षाको आधारभूत साक्षरतालाई यसको समकक्ष मानिनु पर्छ। साथै कक्षा १–३ सम्मको आधारभूत साक्षरतालाई सर्वसुलभ बनाउन बालबालिकाहरुको विद्यालय जाने सुगमतालाई दृष्टिगत गरी प्राथमिक विद्यालयका अतिरिक्त आधार विद्यालयहरु पनि खोल्नु पर्छ। विद्यार्थी संख्या कम भएका यस्ता विद्यालयहरुमा बहुवर्गीय शिक्षण पद्धति अँगाली कम शिक्षकबाट पनि पठन पाठनको व्यवस्था गर्न सकिन्छ तर यस्ता विद्यालयमा कम्तीमा दुई शिक्षकको नियुक्ति हुनु आवश्यक छ।

(४) प्राथमिक शिक्षामा वास्तविक जीवनसँग सम्बन्धित तथा वातावरण शिक्षा, कृषि जस्ता विषयको व्यावहारिक ज्ञान दिनमा समेत ध्यान दिइनुपर्दछ। तर यस सम्बन्धमा कक्षामा सैद्धान्तिक शिक्षण नभई विद्यालयमा विभिन्न व्यावहारिक कार्यकलापहरुका (जस्तै करेसाबारी, फूलबारी, फलफूलका बिरुवा रोप्ने आदि) माध्यमबाट प्रेरित गर्नु पर्दछ।

(५) प्राथमिक शिक्षामा सफाइ, स्वास्थ्य र शारीरिक शिक्षाका साथै हस्तकला, चित्रकला जस्ता विभिन्न विषयमा व्यावहारिक कार्यकलापहरुका माध्यमबाट अभिमुखीकरण गर्नु पर्दछ।

(६) प्राथमिक शिक्षाको लक्ष्य र आधारहरुलाई दृष्टिगत गरी श्री ५ को सरकार शिक्षा मन्त्रालयले अधिराज्यका प्राथमिक विद्यालयहरुलाई उपयुक्त हुने गरी वर्तमान पाठ्यक्रममा आवश्यक सुधारसहित प्राथमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम तयार गरी लागू गर्नु पर्दछ।

(७) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागू गर्न चाहेमा त्यस्तो पाठ्यक्रम राष्ट्रिय शिक्षाका उद्देश्य र लक्ष्यसँग मेल खाने हुनुपर्छ र श्री ५ को सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनु पर्दछ।

(८) नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रुपमा राष्ट्रिय भाषाहरुको प्रयोग गर्न सकिनेछ। हाल नेपाली बाहेक नेपालमा बोलिने अन्य भाषाहरुमा पठनपाठनको लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्तो पाठ्यसामग्री उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने व्यवस्था हुनु उपयुक्त देखिन्छ।

(९) बहुभाषिक समुदायका बालबालिकाहरुलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्नुपर्छ।

(१०) प्राथमिक कक्षामा तालिका २ मा उल्लेख भएका विषयहरुको पठन पाठन प्रस्तावित गरिएको छ :

**तालिका २**

**कक्षा १ देखि ५ सम्म पढाइने विषय र अंक वितरण**

| क्र सं | विषयहरु | कक्षा | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| १ | नेपाली भाषा | १०० | १०० | १०० | १०० | १०० |
| २ | मातृभाषा वा अन्य भाषा | १०० | १०० | १०० | १०० | १०० |
| ३ | अंग्रेजी भाषा | - | - | - | १०० | १०० |
| ४ | गणित | १०० | १०० | १०० | १०० | १०० |
| ५ | सामाजिक शिक्षा | १०० | १०० | १०० | १०० | १०० |
| ६ | स्वास्थ्य, शारीरिक तथा वातावरण शिक्षा | ५० | ५० | ५० | ५० | ५० |
| ७ | कला (हस्तकला, चित्रकला, नृत्य आदि) | ५० | ५० | ५० | ५० | ५० |
| ८ | विज्ञान | - | - | - | १०० | १०० |
| | जम्मा | ५०० | ५०० | ५०० | ७०० | ७०० |

(११) (११) पाठ्यपुस्तकहरुका साथै प्रत्येक विद्यालयमा विद्यार्थीहरुले मिलेर वा पालैपालो गरी पढ्न पाउने गरी स–साना चित्र–पुस्तकहरु र बाल–साहित्य तथा र सन्दर्भ सामग्रीका रुपमा भाषा र ज्ञान विज्ञानका विविध विषयहरुमा सरल पाठ्य सामग्रीको व्यवस्था हुनु पर्दछ। क्रमशः यस्ता पाठ्य सामग्रीको संकलनमा बृद्धि गरी स–साना पुस्तकालयको स्थापनातर्फ प्रत्येक विद्यालयले तयारी गर्नु पर्दछ।

(१२) (१२) यस्तो पाठ्यसामग्री सबै विद्यालयहरुमा पुऱ्याउनका निम्ति विद्यालयलाई वार्षिक रुपमा केही रकम उपलब्ध गराएर त्यसैबाट चित्र पुस्तकहरु, बालसाहित्य र सन्दर्भ पुस्तकहरु किनी विद्यालयमा प्रयोग गराउनु उपयुक्त हुनेछ। शिक्षण पाठ्य सामग्रीका रुपमा कालोपाटी र चकको विद्यालयमा अनिवार्य रुपमा व्यवस्था हुनु पर्दछ। आधार तथा प्राथमिक विद्यालयहरुले आवश्यक शिक्षण सामग्रीको निरन्तर वृद्धि गर्नु पर्दछ।

(१३) (१३) प्रत्येक विद्यालयमा बालबालिकाहरुका निम्ति खेलकूद, स्काउटिङ, सरसफाई र विभिन्न प्रकारका प्रतियोगितात्मक कार्यक्रमहरुको नियमित रुपमा आयोजना हुनुपर्दछ र यस्ता कार्यक्रमहरुका निम्ति आवश्यक न्यूनतम सामग्री राख्ने व्यवस्था हुनुपर्दछ।

(१४) (१४) प्राथमिक कक्षाका बालबालिकाहरुको मूल्याङ्कन गर्ने नियमित परिपाटी बसाल्नु पर्छ। यसो गर्दा गृह कार्य, मौखिक कार्य र अतिरिक्त क्रियाकलापमा संलग्नताका साथै पाठका अन्त्यमा कक्षा परीक्षा लिई सोको अभिलेख राख्ने व्यवस्था हुनुपर्छ।

(१५) (१५) कक्षा ३ का अन्तमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक र स्थानीय स्रोत केन्द्रको प्रधान अध्यापकले खटाएका एक जना शिक्षक समेतको समितिले विद्यार्थीको लिखित परीक्षा तथा मौखिक अन्तर्वार्ताद्वारा मूल्यांकन गरी विद्यार्थीको स्तर निर्धारण गरेर परीक्षाको आधारसहित परीक्षाफल जिल्ला शिक्षा कार्यालयमा पठाउने व्यवस्था गर्नु उपयुक्त हुनेछ।

(१६) (१६) कक्षा ४ र ५ मा प्रयोगात्मक तथा लिखित परीक्षाहरुका आधारमा मूल्यांकन गर्नु उपयुक्त हुन्छ र कक्षा ५ को अन्तिम परीक्षा जिल्ला स्तरमा जिल्ला शिक्षा अधिकारीद्वारा संचालन गर्नु पर्ने व्यवस्था हुनुपर्छ।

(१७) प्राथमिक तहमा शिक्षकको नियुक्ति गर्दा बालबालिकाको मातृभाषा जानेको व्यक्तिलाई प्राथमिकता दिनुपर्छ। प्रत्येक विद्यालयमा कम्तीमा एकजना महिला शिक्षकको व्यवस्था हुनुपर्छ।

(१८) समुदाय वा स्थानीय एकाइहरुलाई आफ्नो क्षेत्रमा प्राथमिक विद्यालय खोली शिक्षालाई सर्वसुलभ बनाउने कार्यमा योगदान गर्न प्रोत्साहित गर्नुपर्छ।

(१९) साधारणतया प्राथमिक विद्यालयको व्यवस्थापन अलग्गै हुनुपर्छ। प्राथमिक तह समेत समाविष्ट भएका माध्यमिक विद्यालयहरुमा एउटै व्यवस्थापन पनि रहन सक्छ।

(२०) प्राथमिक विद्यालयहरुको समूह बनाई स्रोत केन्द्रद्वारा विद्यालयको शैक्षिक व्यवस्थापन तथा पठनपाठनका गतिविधिको निरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्छ।

# ३. माध्यमिक तथा उच्च माध्यमिक शिक्षा

## १. पृष्ठभूमि

जुनसुकै देशको शिक्षा प्रणालीमा पनि माध्यमिक शिक्षाले ज्यादै महत्वपूर्ण स्थान ओगटेको हुन्छ । नेपालमा पनि माध्यमिक शिक्षाले त्यत्तिकै महत्वपूर्ण स्थान लिएको छ तर बितेको एक दशकमा नेपालको माध्यमिक शिक्षामा कमै ध्यान दिइएको छ । यस कारणले यस तहको शिक्षामा केही प्रतिकूल प्रभाव परेको देखिन्छ । उदाहरणार्थ; सातौँ योजनाको अवधिमा नयाँ माध्यमिक विद्यालयलाई सञ्चालन नगर्ने नीति अँगालियो र माध्यमिक विद्यालयको स्वीकृति दिई आर्थिक सहायता दिने व्यवस्था भएन । तर माध्यमिक शिक्षाको सामाजिक मागलाई रोक्न सकिने कुरा भएन । फलस्वरुप आर्थिक सहायता नलिई आफ्नै स्रोतले सञ्चालन गर्ने गरी नयाँ माध्यमिक विद्यालयहरु स्थापना गरिए । यस्ता विद्यालयलाई "प्रस्तावित माध्यमिक विद्यालय" भनिएको छ । स्वीकृति प्राप्त गरी माध्यमिक विद्यालयमा सरकारी आर्थिक सहायताको आशामा जसोतसो सञ्चालन गरिदै आएका प्रस्तावित माध्यमिक विद्यालयको संख्या २०४८ सालमा २५६ पुगेको छ ।

वि.सं. २००७ सालमा ११ वटा माध्यमिक विद्यालय भएको स्थितिबाट नेपाल ४ दशकपछि २०४७ सालमा करिब २००० माध्यमिक विद्यालय सञ्चालन गर्ने स्थितिमा पुगेको छ । तथ्यांकअनुसार २०४७ सालमा नेपालमा ३९६४ निम्नमाध्यमिक विद्यालयमा र १९५३ माध्यमिक विद्यालय सञ्चालित भएका छन् र सञ्चालित निम्न माध्यमिक विद्यालयमा ३,४४,१३८ र माध्यमिक विद्यालयमा ३,६४,५२५ विद्यार्थीहरु अध्ययन गर्दैछन् ।

## २.वर्तमान स्थितिः

माध्यमिक शिक्षाको विकासक्रम स्वभाविक रुपमा भएको देखिन्छ । जसरी प्राथमिक विद्यालयमा विद्यार्थी संख्या बढ्यो, माध्यमिक तहमा पनि त्यसरी नै बढेको पाइन्छ । प्राथमिक कक्षा पूरा गरेपछि माध्यमिक विद्यालयमा अध्ययन गर्नेको संख्या बढेको कुरा तालिका १ मा दिइएको तथ्याङ्कले स्पष्ट गर्दछ ।

**तालिका १**

**माध्यमिक विद्यालय र विद्यार्थीहरु**

| विद्यालय | २०४२ | २०४३ | २०४४ | २०४५ | २०४६ | २०४७ |
|---|---|---|---|---|---|---|
| निम्नमाध्यमिक विद्यालय | ३५७८ | ३७२९ | ३८२४ | ३८९७ | ३९४१ | ३९६४ |
| माध्यमिक विद्यालय | १३२१ | १४११ | १५०१ | १६३८ | १७९१ | १९५३ |
| निम्नमाध्यमिक विद्यार्थी | २५४३५४ | २७१२४४ | २८९५९४ | ३०५४०९ | ३२५२३७ | ३४४१३८ |
| माध्यमिक विद्यार्थी | २४२४६७ | २६८८०५ | २८९९२३ | ३०७५३४ | ३३८७७९ | ३६४५२५ |
| निम्नमाध्यमिक विद्यार्थी वृद्धि प्रतिशत | ६.५ | ६.६ | ६.८ | ५.५ | ६.५ | ५.८ |
| माध्यमिक विद्यार्थी वृद्धि प्रतिशत | १२.० | १०.९ | ७.९ | ६.१ | १०.२ | ७.६ |

विद्यालयहरुको संख्या बढेकोमा सन्तोष मान्ने कुरो अवश्य छ तर विद्यालयमा भर्ना भई आफ्नो अध्ययन कतिले पूरा गरेका छन् भन्ने कुराले नै विद्यालयको सक्षमताको मापन गर्न सकिन्छ । हाम्रा विद्यालयहरुमा अध्ययन गर्न आउने विद्यार्थीमध्ये खास तहको अध्ययन पूरा नगरी छोड्नेहरुको संख्या ज्यादै बढी छ । यसले गर्दा शिक्षामा गरेको लगानी खेर गई नोक्सानी भएको देखिन्छ । तालिका २ मा दिइएको तथ्याङ्कले यस नोक्सानीको पुष्टि गर्दछ ।

**तालिका २**

**२०४७ सालमा निम्न माध्यमिक तथा माध्यमिक कक्षामा विद्यार्थी संख्या**

| कक्षा | ६ | ७ | ८ | ९ | १० | कूल |
|---|---|---|---|---|---|---|
| संख्या | १८३५९३ | १६०५४५ | १३३१८८ | ११९३९५ | १११९७२ | ७०८६६३ |

### तालिका ३

### विद्यार्थीहरुको एसएलसी परीक्षामा उत्तीर्ण प्रतिशत

| वर्ष/साल | परीक्षा दिने | सफल संख्या | सफल प्रतिशत |
|---|---|---|---|
| २०४० | १००००१ | २३६२४ | २३.८ |
| २०४१ | ९९८६२ | २९५४६ | २९.६ |
| २०४२ | ५२५५१ | १५१८० | २८.१ |
| २०४३ | ४१३५१ | १७२०१ | ३४.९ |
| २०४४ | ५०४९५ | १८४०२ | ३६.४ |
| २०४५ | ५६८७० | १९२९१ | ३३.९ |
| २०४६ | ६४१६६ | २८३१९ | ४४.१ |
| २०४७ | १००३८२ | ४८६५६ | ४८.५ |

विद्यालय सञ्चालन गर्दा स्थानीय भौगोलिक स्थिति र जनघनत्वले प्रभाव पारेको हुन्छ । नेपालको भौगोलिक वातावरणको कारण कुनै जिल्लामा विद्यालय विद्यार्थी अनुपात निकै विषमता छ भन्ने कुरा तालिका ४ बाट स्पष्ट हुन्छ । यस कारणबाट पनि माध्यमिक शिक्षाको सक्षमतामा असर परेको देखिन्छ ।

### तालिका ४

### २०४६ सालमा केही जिल्लाका विद्यालय विद्यार्थी अनुपात

| जिल्ला | विद्यालय | विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| मनाङ | २ | ८५ | १:४३ |
| डोल्पा | ५ | ४१२ | १:८२ |
| मुगु | ६ | २६१ | १:४४ |
| रोल्पा | १० | १०६२ | १:१०६ |
| सोलुखुम्बु | १३ | १६८६ | १:१३० |
| रसुवा | ६ | ३९६ | १:६६ |
| मुस्ताङ | ६ | १७२ | १:२९ |
| महोत्तरी | २४ | ५११९ | १:२१३ |
| पाल्पा | ३३ | ६०८४ | १:१८४ |
| चितवन | ५० | १३६६६ | १:२७३ |
| स्याङ्जा | ५७ | १०३६५ | १:१८१ |
| मोरङ | ६८ | २०२२१ | १:२९७ |
| काठमाडौं | १४४ | ३०३७० | १:२११ |

विद्यालयको संख्यात्मक स्थितिः वितेका वर्षहरुमा माध्यमिक शिक्षाको विस्तार कुनै खास नीतिअनुरुप भएको देखिन्न । प्राथमिक शिक्षाको तहमा भएको विस्तारबाट माध्यमिक शिक्षाको तहमा प्रवेश पाउन चाहने विद्यार्थीको चाप र सामाजिक मागको कारणले निम्नमाध्यमिक र मध्यमिक विद्यालयको संख्यामा वृद्धि भएको छ । प्राथमिक तहमा ६ देखि १० वर्षको उमेरका सम्पूर्ण विद्यार्थीलाई भर्ना गर्ने उद्देश्य भए झै माध्यमिक तहमा यस्तो कुनै नीति भएन । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को नीतिमा प्राथमिक तहको भर्नाको ४० प्रतिशत निम्नमाध्यमिकमा, निम्नमाध्यमिक विद्यार्थीको भर्ना संख्याको ५० प्रतिशत माध्यमिक शिक्षाको तहमा भर्ना गर्ने लक्ष्य राखिएको थियो। तर यस नीतिको अनुसरण कहिल्यै पनि गरिएन ।

शहरी इलाका र कुनै कुनै जिल्लामा अनावश्यक रुपमा नजिक नजिक माध्यमिक विद्यालय स्थापना भएको कारणले यस्ता इलाकामा चलेका विद्यालयहरुलाई शैक्षिक स्तर बढाउने तथा आर्थिक स्थिति सुधार्ने समस्या परेको छ । दुर्गम जिल्लामा विद्यार्थी संख्या अति नपुग हुने ठाउँमा विद्यालय स्थापना गर्दा सरकारी खर्च अत्यधिक खेर गएको छ । कानूनी रुपमा प्रावधान नभए पनि सञ्चालन भइरहेका निम्नमाध्यमिक विद्यालयहरुलाई कुन नीति अनुरुप कानूनी रुप दिने भन्ने सवाल पनि कम महत्वपूर्ण छैन । वास्तवमा उपयुक्त नक्साङ्कनका आधारमा विद्यालय स्थापना नगरिएको हुँदा कुनै ठाउँमा आवश्यकता भन्दा बढी विद्यालय स्थापना भएका छन् भने कतिपय आवश्यक ठाउँमा पनि विद्यालय छैनन् । कुनै जिल्लामा विद्यालय-विद्यार्थी अनुपात सरदर ४० छ भने कुनै जिल्लामा २०० भन्दा बढी छ ।

विद्यालयको आर्थिक स्थितिः राष्ट्रिय शिक्षा पद्धतिको योजनाद्वारा प्रतिपादित सिद्धान्तअनुरुप अहिलेसम्म निम्नमाध्यमिक विद्यालयका शिक्षकको तलबको ७५ प्रतिशत र माध्यमिक शिक्षाको तलबको ५० प्रतिशत श्री ५ को सरकारले बेहोर्ने गरेको छ । व्यावसायिक माध्यमिक विद्यालयको शिक्षकको तलबको ७५ प्रतिशत दिने व्यवस्था शुरुमा थियो । तर २०३८ सालमा व्यावसायिक विद्यालय नरहने भएपछि सबैले ५० प्रतिशत पाउने व्यवस्था गरियो । व्यावहारमा यस नीतिको अवलम्वन भएको छैन । पञ्चायत कालमा कर्मचारीको तलब बढाउँदा शिक्षकको तलब तुरुन्त नबढाउने, फेरि तलब बढेको अनुपातमा आफूले बेहोर्नु पर्ने प्रतिशत दिंदा शिक्षकहरुले नमानेपछि बढेको तलबको शतप्रतिशत दिने जस्ता निर्णयहरु भएका थिए । फलस्वरुप अहिले माध्यमिक विद्यालयको तलबको ६० प्रतिशत पाएको देखिन्छ ।

तलबको प्रतिशत दिने व्यवस्था गर्दा कुनै शहरी विद्यालयमा बढी रकम हुने र कम विद्यार्थी भएका ग्रामीण विद्यालयले तलब खवाउन पनि नसकेको अवस्था आएको हुँदा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरिएका शुरुका वर्षहरुमा विद्यालयहरुको आम्दानीबाट ५ प्रतिशत जिल्ला शिक्षा कोषमा राख्ने र त्यो रकमबाट तलब खवाउन नसकेका विद्यालयहरुलाई सहयोग दिने व्यवस्था गरिएको थियो । तर त्यो व्यवस्था पछि सञ्चालन गरिएन । फलस्वरुप अहिले कम विद्यार्थी भएका ग्रामीण क्षेत्रमा विद्यालयहरुले शिक्षकको तलब र सञ्चलयकोष समयमा दिन सकेका छैनन् । हालको विद्यालयलाई आर्थिक सहायता दिने प्रथा ज्यादै सरल तथा अवैज्ञानिक छ । प्रारम्भमा जति शिक्षक छन् ती भन्दा बढी शिक्षकको दरबन्दी सितिमित दिइन्न । विद्यालयसँग थप विद्यार्थी भर्ना गर्ने क्षमत पनि भएको र विद्यार्थी भर्नाको चाप पनि बढेको कारणले थप शिक्षकको माग गरे पनि दरबन्दी पाउन कठिन छ । शिक्षा मन्त्रालयमा एउटा निश्चित नीतिको आधारमा वार्षिक कोटाको व्यवस्था नभएको हुँदा यसलाई पनि निर्णय गर्न कठिनाई परिरहन्छ ।

केही दुर्गम जिल्लाहरुमा शिक्षकको तलबको शतप्रतिशत सरकारले बेहोर्नुको अलावा स्थानीय दुर्गम भत्ता पनि दिइन्छ । यसरी सञ्चालन गरिएका विद्यालयहरुमा विद्यार्थी संख्या यति कम छ कि त्यहाँ विद्यालय सञ्चालन गर्नुको औचित्यमा नै प्रश्न चिन्ह खडा भएको छ । त्यहाँका विद्यार्थीहरुलाई नजिकको जिल्लामा छात्रवृत्ति दिएर पढाउनु बढी लाभदायक हुने देखिएको छ । तर यसमा कुनै सोचविचार भएको छैन ।

माध्यमिक शिक्षाका लागि छुट्याइएको बजेटमा करिब ८५ प्रतिशत शिक्षकको तलबमै खर्च हुन्छ । माध्यमिक शिक्षाको विकासका लागि खास रकम नै उपलब्ध रहन्न । पाठ्यक्रम विकास, शिक्षक तालिम, निरीक्षण व्यवस्था, प्रधानअध्यापक तालिम, विद्यालयको भौतिक सुविधा, विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीका लागि सहयोग जस्ता क्षेत्रमा कुनै खास रकम नै उपलब्ध छैन । विद्यालयहरुका बीचमा प्रतिस्पर्धा गरी पुरस्कार दिने कार्यक्रम प्रारम्भ गरिएको थियो तर पुरस्कारको आधार तथा पाउने विद्यालय संख्या यति थोरै भयो कि यसबाट विद्यालयहरुमा कुनै उत्साह जगाउन नै सकिएको देखिएन ।

नेपालका सबैजसो विद्यालयहरु जनसहभागिताबाट प्रारम्भ भएका हुन् । जनसहभागिताको परम्परालाई बचाई राख्न प्रत्येक विद्यालयको एउटा सञ्चालक

समिति गठन गर्ने र यस समितिमा स्थानीय शिक्षाप्रेमी रहने व्यवस्था गरिएको छ । कतिपय विद्यालयको आफ्नो स्थायी अचल सम्पतिको रुपमा जग्गा पनि छ । यता केही वर्षदेखि जनसहभागिताको रुपमा विद्यालयहरुले जग्गाजमिन उल्लेख्य रुपमा पाएको देखिन्न । सञ्चालक समितिको सहयोग विद्यालय भवन बनाउने कार्यमा अवश्य सह्राहनीय रुपमा देखापरेको छ । तर विद्यालय सञ्चालन खर्च बेहोर्ने काममा जनसहभागिता त्यति उत्साहजनक देखिएको छैन ।

वर्तमान विद्यालयको आर्थिक सहायता प्रणाली कुनै दृष्टिकोणमा पनि सन्तोषप्रद देखिँदैन। यस व्यवस्थामा आर्थिक नियमको न्यूनतम अनुशासन कायम गर्न पनि कठिन भएको छ । एकातिर अधिकांश विद्यालयहरु आर्थिक दृष्टिकोणले असुरक्षित छन् भने अर्कोतिर शिक्षा मन्त्रालयले जिल्ला र विद्यालय तहका आर्थिक नियमको पालना गर्न सकेको छैन । अब माध्यमिक विद्यालयसम्म निःशुल्क गराउने नीतिअनुरुप कार्यक्रम सञ्चालन गर्दा प्राथमिक तहमा झै शिक्षक तलब र नगण्य अरु खर्च दिएर काम चलाउन खोजेमा माध्यमिक शिक्षाको उपयुक्त स्तर रहन सक्छ भन्न कठिन हुन्छ ।

माध्यमिक शिक्षाको कुरा गर्दा साधारण माध्यमिक शिक्षाको कुरा गरिन्छ। माध्यमिक कक्षामा व्यावसायिक विषय अध्यापन गराई निम्नस्तरको प्राविधिक जनशक्ति तयार गर्ने विगत वर्षहरुको नीति व्यावसायिक शिक्षा तालिम दिन चाहिने लगानी गर्न नसकेको कारणले असफल घोषित भयो । आर्थिक अभावकै कारणले साधारण शिक्षा मात्र दिने गरी माध्यमिक शिक्षाको तर्जुमा गरेमा यस तहको शिक्षाले देश विकासमा खास सहयोग पुर्‍याउन नसक्ने कुरा पनि विचारणीय छ।

माध्यमिक शिक्षाको पाठ्यक्रमः प्रचलित माध्यमिक तहको पाठ्यक्रम धैरै दृष्टिकोणबाट उपयुक्त देखिन्न । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक विषय अध्ययन गराई प्राविधिक जनशक्ति तयार गर्ने उद्देश्यसम्म राख्यो । तर २०३८ सालमा पाठ्यक्रममा परिवर्तन गरेपछि अब व्यावसायिक विषय नाम मात्र १०० पूर्णाङ्कको छ । त्यसको खास महत्व देखिएको छैन । फेरि गएको दशकमा बढी उपयोगी खालका व्यावसायिक विषय झिकिएर शिक्षा र लेखा जस्ता कम महत्वका विषयलाई व्यावसायिक विषयको रुपमा राखिएको छ । प्रचलित पाठ्यक्रममा विषय छान्ने मौका कम छ । एसएलसी परीक्षामा अंग्रेजी, गणित, विषयमा अनुत्तीर्ण हुनाको कारणले असफल हुने विद्यार्थी धैरै भए पनि अंग्रेजी भाषा तथा गणितको विकल्प छैन ।

माध्यमिक तहमा इतिहास तथा भूगोल ऐच्छिक विषय भएको हुँदा माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीलाई नेपालको इतिहास तथा भूगोलको ज्ञान हुन नसक्ने भएको छ ।

एसएलसी परीक्षामा बढी अङ्क ल्याउन ऐच्छिक विषयको छनोटको व्यवस्था स्पष्टरुपमा छ । अलि माथिल्लो स्तरको विद्यालयले आफ्ना विद्यार्थीलाई गणित र विज्ञान नै अध्ययन गराउँछ र तेस्रो विषय स्वास्थ्य वा शारीरिक शिक्षा दिन्छ । इतिहास, भूगोल जस्ता विषयको अध्यापन नै गराइँदैन । राष्ट्रिय शिक्षा पद्धति योजनाको पाठ्यक्रममा विज्ञान विषय अनिवार्य थियो । करिव दश वर्ष विज्ञान अनिवार्य भइसके पछि शिक्षकको अभाव भनी यो विषय ऐच्छिक बनाइयो । फेरि यो विषय अहिले अनिवार्य बनाउने निर्णय गरिएको छ ।

पाठ्यपुस्तकः हुन त केही वर्ष अघि विदेशी पाठ्यपुस्तक पढाउने र समयमा पाठ्यपुस्तक नपाइने स्थिति रहेकोमा अब आफ्नो देशमा लेखिएका पाठ्यपुस्तक पाउनु राम्रो विकास भएको मान्नुपर्दछ । तर यस क्षेत्रमा गर्नु पर्ने काम काम धेरै बाँकी छन् । गर्नुपर्ने काममा पाठ्यपुस्तकको स्तरलाई उठाउनु पनि मुख्य हो । स्तरीय पाठ्यपुस्तक उत्पादन गर्न धेरै काम गर्नु पर्ने खाँचो छ ।

अहिलेको व्यवस्थामा एउटै पाठ्यपुस्तक प्रचलनमा छ । प्रचलित पाठ्यपुस्तकलाई स्तरीय बनाउने आवश्यकताको विषयमा खास प्रयास भएको देखिन्न । कक्षा ६-८ मा विभिन्न सेट पाठ्यपुस्तक राख्ने व्यवस्था गरी प्रतिस्पर्धाको वातावरण सृजना गर्न कुनै पाइला चालेको देखिन्न । सामयिक सुधार गर्ने काम त धेरै टाढाको कुरा भएको छ, भएको त्रुटि सम्म पनि सुधार्ने व्यवस्था हुनसकेको छैन । यही कारणले पनि निजी क्षेत्रका विद्यालयहरु विदेशमा प्रकाशित पाठ्यपुस्तकप्रति आकर्षित भइरहेका छन् ।

शैक्षिक व्यवस्थापनको स्थितिः क्षेत्रीय शिक्षा निरीक्षक कार्यलयलाई माध्यमिक विद्यालयलाई स्वीकृति दिने अधिकार प्रत्यायोजित छ । तर त्यस कार्यलयअन्तर्गत माध्यमिक शिक्षाको योजना बनाउने, शैक्षिक कार्यक्रम सञ्चालन गर्ने तथा नियन्त्रण गर्ने जस्तो कुनै ठोस काम भएको देखिन्न ।उक्त क्षेत्रीय कार्यलयमा निरीक्षण तथा तालिमका लागि १०/१५ जना विशेषज्ञहरु छन् । तर तिनीहरुबाट तालिम र निरीक्षण कार्यमा खास योगदान पुग्न सकेको छैन ।

जिल्ला तहको जिल्ला शिक्षा निरीक्षक कार्यालय वास्तवमा माध्यमिक शिक्षाको प्रशासनको केन्द्र नै मान्नुपर्दछ । यसै कार्यालयले दिएको सूचनाको आधारमा

माध्यमिक शिक्षा सम्बन्धी सबै निर्णय लिइन्छ ।तर यो कार्यालय कामको बोझले एकातिर थिचिएको छ भने अर्कातिर कर्मचारीको अभावमा यसले न्यूनतम प्रशासनसम्म पनि गर्न सकेको छैन ।

यस्तै विद्यालय संचालक समिति नेपालको शिक्षा विकासको एउटा महत्वपूर्ण संस्था हो । हालसम्म पनि जनताकै माग र चाहनामा विद्यालय स्थापना गरिन्छ । तर यस्तो समितिको पनि काम, कर्तव्य तथा अधिकारको समय समयमा अस्पष्टता हुन गएको छ ।वास्तवमा माध्यमिक विद्यालय तहमा खास प्रशासनिक एकाइ नभएकै सरह छ । सरकारबाट प्रशासकीय खर्च बेहोर्ने व्यवस्था नभएकोले शिक्षक तलब समयमा दिन नसक्ने विद्यालयले प्रशासकीय कर्मचारी आवश्यक मात्रामा नराख्नु अस्वभाविक मान्न सकिँदैन । सक्षम विद्यालयले पनि शुल्क उठाउन र साधारण प्रशासन चलाउन विद्यालय सुरक्षा र सरसफाइका लागि पियन र पाले केही राखेको पाइन्छ । यसैले माध्यमिक विद्यालयमा पनि विद्यार्थीको राम्रो रेकर्ड नहुनु, हिसाब-किताब नियमित नरहनु, तथ्याङ्क ठीकसँग नराख्नु जस्ता कुरा भएका छन् ।

शिक्षक सेवाः कुनै पनि शिक्षा प्रणालीको प्रभावकारीता शिक्षकको दक्षता तथा लगनशीलतामा आधारित हुन्छ ।यसै तथ्यलाई मनन गरी बितेका केही दशकमा नेपालमा पनि शिक्षक सेवालाई आकर्षक, सुविधायुक्त तथा सुरक्षित गर्ने प्रयासहरु नभएका होइनन् । शिक्षा नियमावली २०२८ को आठौँ संशोधनमा शिक्षक सेवालाई बृत्ति विकासका दृष्टिकोणले सापेक्षिक रुपमा आकर्षक बनाउने प्रयास गरिएको छ । शिक्षक सेवाको क्षेत्रमा सुविधा थपिंदै गए पनि त्यसको दक्ष प्रशासनका लागि खास आधारभूत प्रशासकीय संगठन नवनेको हुँदा यस क्षेत्रमा पाइने सुविधा पाउन गाह्रो भएको छ । सेवाको अभिलेख राख्ने उपयुक्त व्यवस्था नहुनु र समयमा सरुवा बढुवा नहुनु जस्ता समस्याहरु यसमा उल्लेख्य छन् ।

एसएलसी परीक्षाः १९९१ सालमा नेपालमा एसएलसी परीक्षा संचालन गर्ने व्यवस्था भएपछि आजसम्म नेपालको शिक्षा प्रणालीमा ज्यादै विस्तार भइसकेको छ । यस अवधिमा बढ्दो विद्यार्थी संख्यालाई विचार गरी परीक्षा नियन्त्रण कार्यालयका कर्मचारी तथा भौतिक सुविधामा विस्तार गर्नुबाहेक परीक्षाको प्रक्रियामा खास उल्लेखनीय परिवर्तन भएको पाइन्न । परीक्षा सञ्चालन प्रश्नपत्र निर्माण तथा उत्तर पुस्तिका जाँच्ने व्यवस्थामा खास फरक भएको देखिन्न । यता विद्यार्थी संख्याको बृद्धिको कारणले पहिले जस्तो उत्तर पुस्तिका जाँच्ने व्यक्तिको छनोट परीक्षा केन्द्र आदि

व्यवस्था पनि राम्ररी गर्न सकिएको छैन । यसैको कारणले पनि एसएलसी परीक्षाको व्यवस्थापन पक्षा विभिन्न समस्याहरुले ग्रस्त छ ।

एसएलसी परीक्षाको प्रमुख समस्या मध्ये एउटा हो परीक्षा सञ्चालन गर्ने र परिणाम प्रकाशित गर्नुको बीचमा ५/ ६ महिना समय लाग्नु । अहिलेको केन्द्रित व्यवस्थामा परीक्षाको परीणाम १/२ महिनाभित्र निकाल्न सम्भव पनि छैन । यस्तै व्यवस्था रहीरहने हो भने एक लाख भन्दा बढी विद्यार्थीको करिब एक वर्ष खेर जान्छ जुन राष्ट्रको लागि अपूरणीय क्षति हो । यसरी परीक्षा नियन्त्रण कार्यालयले एउटा परीक्षा सञ्चालन गरी परिणाम प्रकाशित गर्नासाथ अर्को परीक्षाको तयारीमा लाग्नुपर्ने हुन्छ । परीक्षा प्रणालीमा सुधार ल्याउने काम गर्ने समय नै रहन्न । यसैको कारणले पनि प्रश्नपत्रको ढाँचा र उत्तरकापी जाँच्ने काममा पनि अपेक्षित सुधार हुन सकेको छैन ।

एकातिर वर्षौंदेखि परीक्षा सञ्चालन गरिसक्दा पनि परीक्षाको विस्तृत नियम विनियम बनेको छैन । अर्कातिर गोप्यताको नाममा प्रश्नपत्र निर्माणमा सुधार गर्ने, उत्तरकापी परीक्षणको तरिकामा सुधार गर्ने इत्यादि काम केही हुन नसक्ने स्थिति छ । प्रश्नपत्र बनाउने काम सजिलो पार्न निबन्धात्मक प्रश्न पत्र बनाउने काम नै हुँदै आएको छ ।

उच्चमाध्यमिक शिक्षाः शिक्षा विकासको कारणले तथा अन्य कारणले गर्दा माध्यमिक कक्षाको १० मा कक्षा २ (१०+२) थपेर उच्च माध्यमिक शिक्षाको व्यवस्था गर्न उच्चमाध्यमिक शिक्षा ऐन २०४६ बनेको छ ।

विभिन्न दृष्टिले उच्च माध्यमिक शिक्षाको व्यवस्था गर्नुपर्ने आवश्यकता भएको देखिन्छः

क) १६ वर्षको उमेरमा एसएलसी परीक्षा उत्तीर्ण गरी क्याम्पसमा पढ्ने हालको व्यवस्था शैक्षिक दृष्टिकोणले त्यति उपयुक्त होइन । त्यस उमेरका विद्यार्थीहरुलाई माध्यमिक विद्यालयकै वातावरणमा शिक्षकको निगरानीमा अध्यापन गराउन दिनु बढी उपयुक्त हुन्छ ।

ख) माध्यमिक विद्यालयमा कक्षा ११ तथा १२ थपेर उक्त विद्यालयमा अध्ययन गर्ने अवसर प्रदान गरिएमा देशका अधिकांश अभिभावकहरुलाई आफ्ना बालबच्चाहरुलाई उच्च शिक्षा दिनमा हुने खर्चको कटौती हुन गई राहत मिल्नेछ ।

ग) हालको प्रविणता प्रमाणपत्र तहको क्याम्पसमा यस तहको शिक्षा दिँदा संचालन खर्च पनि बढी लाग्ने हुन्छ ।विद्यालयमा नै कक्षा ११ र १२ पढाउने व्यवस्था भएमा एकातिर संचालन खर्च कम हुन्छ भने अर्कातिर विद्यालयको शैक्षिक योग्यता पुगेर कक्षा ११ र १२ पढाउन सक्ने शिक्षककहरुका लागि वृत्ति विकासको अवसर पनि प्रदान गर्न सकिन्छ ।

घ) एसएलसी परीक्षा उत्तीर्ण भइसकेपछि कुनै व्यवसायिक तालिमतिर लाग्ने खालका विद्यार्थीहरुलाई व्यवसायमूलक उच्चमाध्यमिक  शिक्षा दिने व्यवस्था गरी उनीहरुलाई विद्यालय शिक्षा पूरा गर्ने बित्तिकै कमाएर खान सक्षम गराउन सकिने हुन्छ ।

ङ) प्रवीणता प्रमाणपत्र तहको शिक्षा दिनमा विश्वविद्यालय संलग्न भएको हुँदा विश्वविद्यालय उच्च शिक्षालाई स्तरीय गराउने काममा त्यति सक्रिय हुन सकेको देखिन्न । प्रवीणता प्रमाणपत्र तह विद्यालयमा सरेपछि विश्वविद्यालयले आफ्नो उच्च शिक्षाको  क्षेत्रमा बढी समय दिई त्यस तहको शिक्षाको स्तरलाई विकास गर्न सक्षम हुनेछ ।

च) हाल एसएलसी को पाठ्यक्रम र प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रमका बीच ठूलो खाडल छ । यसै कारणले पनि प्रवीणता प्रमाणपत्र तहमा धेरै प्रतिशत विद्यार्थीहरु प्रतिवर्ष असफल रहन्छन् । कक्षा ११ र १२ उच्चमाध्यमिक विद्यालयमा सञ्चालन गराइएपछि यी  दुई तहको पाठ्यक्रमको बीचको खाल्डो हटाउन सकिने छ  र उच्चमाध्यमिक शिक्षाको अन्तमा दिइने परीक्षामा विद्यार्थीहरु बढी उत्तीर्ण हुन सक्नेछन् ।

छ) वर्तमान अवस्थामा उच्च शिक्षाको अवसरको बढी उपयोग शहर तथा सदरमुकाममा बसोबास गर्नेका छोराछोरीहरुले पाउने  अवस्था रहेको हुँदा शिक्षामा समान अवसरको व्यवस्था त्यति राम्रो छैन । अब माध्यमिक विद्यालयमा कक्षा ११ र १२ पनि रहेपछि गाउँघरका छात्रछात्राहरुलाई समेत उच्च शिक्षातिर उन्मुख गराउने उच्चमाध्यमिक तहकव शिक्षा सुलभ हुनेछ ।

**प्रमुख समस्या र मुद्दाहरु**

माध्यमिक शिक्षा राष्ट्रिय शिक्षा प्रणालीको ज्यादै महत्वपूर्ण अङ्ग हो । आज सबैले प्राथमिक शिक्षा पाउने र माध्यमिक शिक्षासम्म सबैलाई ढोका खोल्ने

लहर चलेको बेलामा यो तहको शिक्षालाई उद्देश्यदेखि लिएर प्रक्रियासम्मका सबै क्षेत्रमा सुधार गर्न सकेमा मात्र राष्ट्रिय शिक्षा प्रणालीलाई उपयोगी बनाउन सकिनेछ । यस तहको शिक्षाका प्रमुख समस्या र मुद्दाहरु निम्नअनुसार छन्:

क) माध्यमिक तहको शैक्षिक संगठनमा हालकै व्यवस्था कायम राख्ने वा केही परिवर्तन गर्ने?

ख) वर्तमान माध्यमिक शिक्षाको उद्देश्यमा निहित अस्पष्टतालाई कसरी हटाउने र यस शिक्षालाई कसरी व्यावहारिक तथा व्यवसायमूलक बनाउने?

ग) माध्यमिक शिक्षा निःशुल्क गर्दै जाँदा के कस्ता नीति र कार्यक्रम अपनाउने?

घ) कानूनी रुपमा निम्नमाध्यमिक विद्यालय नभए पनि व्यवहारमा यस्ता कक्षा १ देखि ७ सम्म सञ्चालित विद्यालयहरु करिब चार हजार छन् । यस तहको शिक्षाको छुट्टै नाम राख्ने वा अहिले व्यवस्था भए बमोजिम गर्ने?

ङ) माध्यमिक विद्यालयसम्म निःशुल्क गर्ने नीतिको अवलम्बन गरेपछि हालको शिक्षक तलबका लागि आर्थिक सहायता दिने नीतिको अवलम्बन गर्दै रहने वा नयाँ नीति लिने?

च) माध्यमिक शिक्षासम्म निःशुल्क गरेपछि सरकारी खर्च यसैमा बढ्नेछ । सञ्चालन र विकास खर्च पनि सरकारबाट बेहोर्ने हो वा जनसहभागिताका लागि स्थान राख्ने?

छ) माध्यमिक शिक्षा उमेरका युवाहरुलाई साधारण माध्यमिक शिक्षा मात्र नदिई व्यावसायिक तालिम पनि दिने व्यवस्था गर्ने हो भने त्यसमा लाग्ने लगानी कसले कसरी गर्ने?

ज) हाल माध्यमिक तहमा साधारण तथा संस्कृत गरी २ हाँगा छन् । यी दुई प्रकारमा के कस्तो पाठ्यक्रम बनाई कसरी समन्वय राख्ने?

झ) पाठ्यपुस्तकको व्यवस्थामा हालको अविकल्पिक पाठ्यपुस्तक र एकल प्रकाशनको स्थितिलाई कायम गर्ने वा वैकल्पिक पाठ्यपुस्तक र बहुप्रकाशक-वितरक व्यवस्था कायम गर्ने?

ञ) एसएलसी परीक्षामा सुधार ल्याउन हालको व्यवस्थालाई सुधार ल्याउने वा छुट्टै स्वायत्तता प्राप्त संस्थाबाट गराउने वा क्षेत्रीय स्तरमा गर्ने?

ट) उच्चमाध्यमिक शिक्षाको संगठन लागू गर्ने वा नगर्ने? गर्ने भएमा कस्तो व्यवस्था गरी उच्च माध्यमिक शिक्षाको संचालन गर्ने?

## ४. सुझाउहरु

(१) संरचना र उद्देश्य : माध्यमिक तहको शिक्षाको उद्देश्यदेखि पाठ्यक्रम र सञ्चालनसम्म समष्टिगत विचार गर्दा देशको आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक स्थिति र सीमाहरुलाई मध्यनजर राख्नु आवश्यक हुन्छ। उक्त वास्तविकता र सीमाका आधारमा उपयोगी शिक्षा प्रणालीको स्थापना गर्ने क्रममा भौगोलिक दृष्टिले विद्यार्थीहरु घरबाट २ घण्टाभन्दा बढी हिंडेर जानु नपर्ने गरी कम्तीमा कक्षा ८ सम्म पढ्न पाउने व्यवस्था हुनुपर्छ।

(२) माध्यमिक शिक्षाको संरचना तीन तहको हुनुपर्छ : निम्नमाध्यमिक (कक्षा ६–८), माध्यमिक (९–१०) र उच्चमाध्यमिक (१०+२)।

(३) श्रमप्रति सकारात्मक भावना भएका, राष्ट्र र प्रजातन्त्र प्रति आस्थावान् तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका, चरित्रवान् नागरिक तयार पार्नु निम्नमाध्यमिक शिक्षाको उद्देश्य हुनुपर्छ।

(४) माध्यमिक शिक्षा नेपालको आर्थिक विकासका लागि मानव संसाधनको मूल आधार हुनुपर्छ। भाषिक व्यवहारमा सक्षम, सृजनशील, सहयोगी, राष्ट्रिय परम्परा र संस्कृतिसँग परिचित, वैज्ञानिक सुझबुझ भएका, स्वावलम्बी, उद्यमशील र प्रजातान्त्रिक जीवनमूल्यसँग सचेत नागरिक तयार पार्नु यस शिक्षाको उद्देश्य हुनुपर्छ।

(५) संख्यात्मक विस्तारका हकमा आठौं अवधिमा माध्यमिक तहको उमेर समूहका विद्यार्थीमा सरदर भर्ना प्रतिशत निम्नमाध्यमिक शिक्षामा ६०, माध्यमिक शिक्षामा ४५ र उच्च माध्यमिकमा ३० पुर्‍याउनु पर्छ। यस्तो गर्न औपचारिक कक्षा खोलेर मात्र सम्भव नभएमा दूर शिक्षा प्रणाली समेत अपनाउनु पर्छ। आठौं योजनाभित्र अधिराज्यका सबै जिल्लामा कक्षा १२ सम्मको अध्ययन गर्ने सहुलियत प्रदान गर्नुपर्छ। औपचारिक विद्यालय खोल्न सम्भव नभएमा नजिकको जिल्लामा विद्यार्थीहरुलाई छात्रवृत्ति तथा अन्य सुविधा उपलब्ध गराउनु पर्छ।

(६) निम्नमाध्यमिक (६–८) शिक्षामा तालिका ५ मा उल्लेख भए अनुसारका विषयहरुको पठनपाठन प्रस्तावित गरिएको छ:

**तालिका ५**

**निम्नमाध्यमिक कक्षा (६ देखि ८ सम्म) का विषयहरु**

| **विषय** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| नेपाली | १०० | १०० | १०० |
| संस्कृत | ५० | ५० | ५० |
| अंग्रेजी | १०० | १०० | १०० |
| गणित | १०० | १०० | १०० |
| विज्ञान र वातावरण शिक्षा | १०० | १०० | १०० |
| सामाजिक शिक्षा | १०० | १०० | १०० |
| स्वास्थ्य र शारीरिक शिक्षा | ५० | ५० | ५० |
| ऐच्छिक भाषा | १०० | १०० | १०० |
| कला पूर्वव्यावसायिक | ५० | ५० | ५० |
| जम्मा | ७५० | ७५० | ७५० |

(अ) ऐच्छिक भाषामा मातृभाषा, राष्ट्रभाषा, अंग्रेजी र संस्कृतमध्ये कुनै एक लिनुपर्छ।

(आ) कला/पूर्वव्यावसायिकमा चित्रकला, नृत्य, संगीत, हस्तकला र पूर्वव्यावसायिकमध्ये कुनै एक विषय लिनुपर्छ।

(इ) संस्कृत माध्यमिक शिक्षामा ऐच्छिक भाषा अन्तर्गत संस्कृत लिनुपर्छ।

(७) माध्यमिक शिक्षा (९–१०) मा तालिका ६ मा उल्लेख भए अनुसारका विषयहरुको पठन पाठन प्रस्तावित गरिएको छ:

**तालिका ६**

**माध्यमिक शिक्षा (कक्षा ९ र १०) का विषयहरु**

| विषय | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| नेपाली | १०० | १०० |
| अंग्रेजी | १०० | १०० |
| गणित | १०० | १०० |
| विज्ञान (र वातावरण शिक्षा) | १०० | १०० |
| सामाजिक शिक्षा | १०० | १०० |
| ऐच्छिक | २०० | २०० |
| अतिरिक्त ऐच्छिक | १०० | १०० |
| जम्मा | ७००+१०० | ७००+१०० |

(अ) नेपाली विषय अन्तर्गत सहयोगीका रुपमा संस्कृतलाई पनि समावेश गर्ने व्यवस्था हुनुपर्छ।

(आ) ऐच्छिक २०० पूर्णाङ्कको हुनुपर्छ। यस अन्तर्गत निर्धारित विषय समूहहरुबाट कुनै दुई विषय वा एउटै विषयबाट दुई पत्र लिन सकिनेछ।

(इ) ऐच्छिकमा नलिएको कुनै एक विषय वा एक पत्र अतिरिक्त ऐच्छिकमा लिन सकिनेछ।

(ई) संस्कृत माध्यमिक शिक्षामा ऐच्छिक विषयका रुपमा २०० पूर्णाङ्क संस्कृत अनिवार्य रुपमा लिनुपर्छ। अतिरिक्त ऐच्छिकमा साधारण समूहको अन्य विषय वा संस्कृत पनि लिन सकिनेछ।

(उ) अतिरिक्त ऐच्छिकमा उत्तीर्ण अनुत्तीर्णसँग सम्बद्ध नगरी उत्तीर्णभन्दा माथिको प्राप्ताङ्क जोडिने व्यवस्था गरिनुपर्छ।

(ऊ) ऐच्छिक र अतिरिक्त ऐच्छिकमा विद्यालयको क्षमताको व्यवस्था गर्न सकेको विषय लिन सक्ने प्रावधान हुनुपर्छ।

(८) संगीत तथा नाट्य विद्यालयहरु खोल्न प्रोत्साहित गर्नु पर्छ।

(९) एस.एल.सी. परीक्षा सम्बन्धी व्यवस्था निम्नलिखित अनुसार गर्नुपर्छ : (क) एउटै पाठ्यक्रम लागू हुने हालको स्थितिमा केन्द्रीय तहमा एस.एल.सी. परीक्षाको तयारी गरी क्षेत्रीय तहमा परीक्षा सञ्चालन गर्ने उत्तरपुस्तिका परीक्षण तथा परीक्षाफल प्रकाशन गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्छ। (ख) प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, परीक्षा सञ्चालन प्रक्रिया, परीक्षाफल प्रकाशन व्यवस्था आदिमा सुधार गर्न उपयुक्त व्यवस्था गरिनुपर्छ। (ग) विभिन्न विशेषज्ञहरुका समितिको व्यवस्था हुनुपर्छ। (घ) कम्पार्टमेन्टलको व्यवस्था केही वर्ष कायमै राखिनु पर्छ।

**उच्चमाध्यमिक शिक्षा**

(१०) उच्चमाध्यमिक शिक्षा ज्ञान र सीपको विशिष्टीकरणतिर जाने पहिलो चरणका रुपमा हुनुपर्छ। यस तहको प्रमुख उद्देश्य मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने हुनुपर्छ।

(११) उच्चमाध्यमिक शिक्षाको धारा पाँचको किसिमको हुनुपर्छ : (१) साधारण (२) पेशागत (३) प्राविधिक (४) बहुप्राविधिक (५) संस्कृत।

(१२) समाजमा रोजगार पाउन सकिने गराउन यस तहमा पेशागत तथा प्राविधिक शिक्षामा विशेष जोड दिइनुपर्छ।

(१३) दुर्गम तथा ग्रामीण क्षेत्रमा उच्च माध्यमिक कक्षा खोल्न श्री ५ को सरकारका तर्फबाट विशेष प्रयास गरिनुपर्छ।

(१४) उच्चमाध्यमिक विद्यालय स्थापना गर्दा त्यसको आसपासमा रहेका सहयोगी विद्यालयहरुको संख्यालाई समेत आधार मान्नुपर्छ। सुविधायुक्त तथा जनसहभागिता प्राप्त विद्यालयहरुलाई पनि उच्च माध्यमिक तह सञ्चालन गर्न स्वीकृत दिइनुपर्छ।

(१५) उच्चमाध्यमिक शिक्षाको अध्ययन अवधि साधारणतया दुई वर्षको हुनुपर्छ।

(१६) प्रचलित माध्यमिक विद्यालयहरुमा कक्षा ११ र १२ थप गरेर उच्चमाध्यमिक विद्यालयहरु स्थापना गरिनुपर्छ। तर हाल विश्वविद्यालयहरुबाट संचालित तथा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका क्याम्पसका प्रवीणता प्रमाणपत्र तहका कक्षाहरु पनि उच्च माध्यमिक शिक्षाको संरचनामा पर्न आउने हुँदा साधारणतया त्यस तहमा १–१२, ६–१२, ९–१२ वा ११–१२ कक्षा सञ्चालन हुन सक्नेछन्। उपर्युक्त प्रकारका विद्यालयहरु हुने भए पनि अन्ततोगत्वा उच्चमाध्यमिक विद्यालयलाई ६ अथवा ९ देखि १२ कक्षासम्म चल्ने विद्यालयको रुपमा परिणत गर्ने नीति अपनाइनु पर्छ।

(१७) उच्चमाध्यमिकमा पनि मूल पाठ्यक्रम सामान्यतया एउटै प्रकृतिको हुनुपर्छ। अन्य विषय क्षेत्रको पाठ्यक्रम ज्ञान र सीपको विशिष्टीकरणतिर जाने पहिलो सिंढीका लागि आवश्यक हुने विषयवस्तुहरुका आधारमा निर्धारित गरिनुपर्छ। यसो गर्दा हाल विश्वविद्यालयहरुमा प्रचलित प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रमको स्तरलाई कायमै राखी अझ उपयुक्त र व्यवस्थित गरिनुपर्छ।

(१८) उच्चमाध्यमिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा विकास गरिने हुनाले यस तहको शिक्षाको व्यवस्थापन पनि माध्यमिक शिक्षा व्यवस्थापन संगठनभित्रै समाहित हुनुपर्छ अर्थात् सञ्चालक समिति, निरीक्षण व्यवस्था तथा अन्य नियमहरु माध्यमिक विद्यालयको व्यवस्थापन सरह हुनुपर्छ।

(१९) यस तहमा अध्यापन गर्ने शिक्षकहरुको योग्यता सामान्यतः स्नातकोत्तर तहको हुनुपर्छ। शिक्षकहरुको नियुक्ति, सरुवा र बढुवाको व्यवस्था माध्यमिक तहका शिक्षकको व्यवस्था अन्तर्गत नै उनीहरुको योग्यताका आधारमा विभिन्न पदको सृजना गरी राख्न सकिने व्यवस्था गर्नुपर्छ।

(२०) उच्चमाध्यमिक शिक्षामा पठनपाठनको गुणात्मकता तथा जनशक्ति उत्पादनमा विशेष जोड दिइने हुँदा यस तहका विद्यालयको स्थापना, पाठ्यक्रम–पाठ्यपुस्तक तथा अन्य पूर्वाधारको उपयुक्त तयारीका साथ तोकिएको शैक्षिक आधार अनुरुप गरिनुपर्छ।

(२१) उच्चमाध्यमिक शिक्षा परिषद् ऐन, २०४६ लाई आवश्यक संशोधन गरी यस परिषद् अन्तर्गत परीक्षा संचालन गर्ने बोर्ड तथा यस तह सम्बन्धी नीति निर्माण, पाठ्यक्रम विकास अध्ययन मूल्यांकन आदिको उपयुक्त व्यवस्था मिलाइनु पर्छ।

(२२) उच्चमाध्यमिक शिक्षामा निजी क्षेत्र तथा जनसहभागितालाई विशेष जोड दिइनुपर्छ र यस आधारमा उच्चमाध्यमिकसम्म चल्ने विद्यालयहरु श्री ५ को सरकारबाट वार्षिक अनुदान पाउने, पटके अनुदान पाउने, ११ र १२ कक्षा आफ्नै स्रोतले संचालन गर्ने गरी तीन किसिमका हुनेछन्।

(२३) उच्च माध्यमिक शिक्षा अन्तर्गत रहेका विभिन्न धारा अनुसार श्री ५ को सरकारले दिने अनुदान तथा सहयोगको प्रकृति फरक फरक हुनुपर्छ।

(२४) उच्चमाध्यमिक शिक्षाको कार्यक्रमलाई कार्यान्वयन गर्दा हाल संचालन भएका माध्यमिक विद्यालयमा कक्षा ११ र १२ थपेर उच्चमाध्यमिक विद्यालय संचालन गर्ने, उच्चमाध्यमिक तह (१०+२) मात्रै पनि सञ्चालन गर्ने र हाल विश्वविद्यालयले संचालन गर्दै आएका प्रवीणता प्रमाणपत्र तहका क्याम्पस तथा कक्षाहरुको पाठ्यक्रम तथा परीक्षा व्यवस्था उच्चमाध्यमिक शिक्षा व्यवस्था अन्तर्गत ल्याउँदै जाने नीति लिनुपर्छ। यी कुराहरुलाई दृष्टिगत गरी कार्यान्वयनको प्राथमिकता क्रम निम्नानुसार हुनुपर्छ:

(क) उच्चमाध्यमिक कक्षा आवश्यक सबै साधन स्रोत उपलब्ध भएको विद्यालयमा थपिनु पर्छ।

(ख) हालसम्म क्याम्पस नभएको तर कक्षा ११ र १२ संचालन गर्दा प्रति कक्षा कम्तीमा ४० विद्यार्थी हुने दुर्गम तथा पहाडी जिल्लाका माध्यमिक विद्यालयमा कक्षा ११ र १२ थप्न सकिने व्यवस्था हुनुपर्छ।

(ग) विद्यालयको भवनमा संचालन भएका, आफ्नो स्थायी शिक्षक नभएका प्रमाणपत्र तहका निजी क्षेत्रमा क्याम्पसहरु र विश्वविद्यालयहरुका प्रवीणता प्रमाणपत्र तहका आंगिक क्याम्पसहरुको सम्बन्धन उच्चमाध्यमिक शिक्षा व्यवस्था अन्तर्गत ल्याउनुपर्छ।

(२५) (२५) विश्वविद्यालयहरुले २०५० सालपछि प्रवीणता प्रमाणपत्र तहको सम्बन्धन वा आंगिक क्याम्पसहरु खोल्ने स्वीकृति बन्द गर्नुपर्छ। साथै वि.सं. २०५७ सालसम्ममा देशमा विश्वविद्यालयहरु अन्तर्गत प्रवीणता प्रमाणपत्र तहको कार्यक्रम संचालन पूर्णतः उच्चमाध्यमिक शिक्षा अन्तर्गत ल्याइनुपर्छ।

(२६) हाल निजी क्षेत्रमा सञ्चालित प्रवीणता प्रमाणपत्र तहका कार्यक्रमहरुलाई प्रस्तावित उच्च माध्यमिक विद्यालयहरुमा समाहित गर्न वा स्नातक तहमा स्तरबृद्धि गर्न प्रोत्साहित गर्नुपर्छ। यसो गर्दा हाल कार्यरत शिक्षकहरुको सेवा सुरक्षाको प्रत्याभूति हुनुपर्छ।

(२७) स्वीकृत पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक तयार गराई प्रयोगमा ल्याउने व्यवस्था गरिनुपर्छ। पाठ्यपुस्तक लेखन तथा प्रकाशनमा एकाधिकारको व्यवस्था नराखी निजीकरण तथा प्रतिस्पर्धाको आधारमा स्तरीय पाठ्यपुस्तक लेखाई उपलब्ध गराउनुपर्छ।

(२८) कक्षा ११ र १२ को अन्तमा लिइने बाह्य परीक्षाका आधारमा विद्यार्थीको शैक्षिक उपलब्धि मापन गरी उपाधि प्रदान गरिनुपर्छ। विषयको प्रकृति हेरी २ वर्ष बाह्य परीक्षाको प्रणाली वा सेमेस्टर प्रणाली तथा आन्तरिक मूल्यांकनको व्यवस्था पनि लागू गर्न सकिने व्यवस्था हुनुपर्छ।

शिक्षा मन्त्रालय

# ४. उच्च शिक्षा (साधारण)

## १ पृष्ठभूमि

नेपालमा आधुनिक शिक्षाको थालनी दरवार स्कूलको स्थापनाका साथ १९१० सालतिर भयो। तर नेपालमा आधुनिक विषयहरुको अध्यापन गर्ने त्रिचन्द्र कलेज जस्तो उच्च शिक्षा संस्थाको स्थापना भने १९७५ सालमा भयो । नेपालमा राष्ट्रिय विश्वविद्यालयको आवश्यकता अनुभव गरी २००४ सालमा केही प्रारम्भिक चेष्टा देखिए तापनि २००७ सालको परिवर्तनले उच्च शिक्षाको विस्तार गर्न उचित वातावरण बनायो र त्रिभुवन विश्वविद्यालयको अध्यापन कार्य संचालन गर्नु भन्दा अघि सरकारी स्तरका ५ र गैरसरकारी स्तरका १६ कलेजहरु स्थापित भए। त्रिभुवन विश्वविद्यालयले २०१२सालमा परिकल्पना तयारी गरेर २०१६सालदेखि त्रिपुरेश्वरमा केही स्नातकोत्तर विभागहरुमा शिक्षण कार्य प्रारम्भ गर्‍यो। यसरी २०१६सालमा २५ शिक्षण संस्था र ५,००० विद्यार्थी थिए भने २०२७सम्ममा ४९ शिक्षण संस्थाहरु र १७,००० जति विद्यार्थी भए। राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८मा लागू भयो र उच्च शिक्षामा संगठनात्मक , शैक्षिक तथा व्यवस्थागत परिवर्तनहरु भए। तर राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई कार्यान्वित गर्ने प्रयासमा दिन बित्दै जाँदा उच्च शिक्षामा अनेकौं समस्या देखिन थाले। त्रिभुवन विश्वविद्यालयलाई प्राज्ञिक र प्रशासनिक स्तरमा केन्द्रीकरणको पद्धतिमा विकसित गरियो । यसै क्रममा उठेका समस्याहरुको समाधान गर्न २०४०सालमा शाही उच्च शिक्षा आयोगले एउटा प्रतिवेदन प्रस्तुत गर्‍यो। यसै प्रतिवेदनलाई कार्यान्वित गर्ने क्रममा २०४३मा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भयो। उच्च शिक्षामा विद्यार्थी भर्नाको चाप बढ्दै गएपछि त्रिभुवन विश्वविद्यालयले आफ्ना क्याम्पसहरुबाट मात्र अध्यापन कार्य गराउन सम्भव नदेखी २०३७ सालदेखि निजी क्याम्पसहरुको स्थापना गर्न स्वीकृति दियो। निजी क्याम्पसहरुमा विद्यार्थीको संख्या क्रमिक रुपमा वृद्धि भएको छ।

उच्च शिक्षामा छात्रछात्राहरुको भर्नामा भएको क्रमिक वृद्धिलाई तालिका २ मा प्रस्तुत गरिएको छ। यसमा आर्थिक वर्ष २०३१/३२ देखि २०४६/४७ सम्मको विवरण प्रस्तुत छ जसमा त्रिवि अन्तर्गतका १० अध्ययन संस्थानहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको विवरण छ। महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना पछि संस्कृत अध्ययन संस्थानको कार्यक्रमहरुको संचालन उक्त विश्वविद्यालयबाटै भएकाले तालिका १मा २०४४/४५ पछि संस्कृत अध्ययन संस्थानतर्फको विद्यार्थी विवरण समाविष्ट छैन।

तालिका २मा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरुको औसत वार्षिक वृद्धिदरलाई प्रस्तुत गरिएको छ।

उच्च शिक्षाको विस्तारका क्रममा शिक्षकहरुको संख्यामा भएको क्रमिक वृद्धिलाई तालिका ३ मा प्रस्तुत गरिएको छ। यस तालिकामा त्रिभुवन विश्वविद्यालयमा काम गर्ने शिक्षकहरुको संख्या २०३१-३२मा १८७० रहेकोमा २०४७/४८मा सो संख्या ५७८८ पुगेको देखाइएको छ। त्रिभुवन विश्वविद्यालयमा हाल कार्यरत प्रशासनिक कर्मचारीको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ। महेन्द्र संस्कृत विश्वविद्यालय र निजी क्याम्पसका शिक्षकहरुको र कर्मचारीहरुको विवरण संख्या यसमा समाविष्ट छैन।

विश्वविद्यालयको संगठनात्मक स्वरुपमा धेरै पल्ट फेरबदल गरियो। राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विश्वविद्यालयमा विद्यमान केन्द्रीकरणको समस्यालाई दृष्टिगत गरी विकेन्द्रीकरणको नीतिको अवलम्बन गरेको थियो।यस प्रकार प्रत्येक अध्ययन संस्थानलाई क्याम्पसहरुको संघात्मक स्वरुप र विश्वविद्यालयलाई अध्ययन संस्थानहरुको संघात्मक स्वरुपमा विकसित गर्ने प्रयास गरिएको थियो। तर २०३६सालपछि पुनः केन्द्रीकरणको प्रक्रिया शुरु हुन पुग्यो। त्यसपछिका वर्षहरुमा विश्वविद्यालयको स्वरुपमा निम्नलिखित परिवर्तनहरु गरिएः

- साधारण शिक्षातर्फका अध्ययन संस्थानहरुलाई  संकायमा परिणत।
- केही अध्ययन संस्थानहरु अनुसन्धान केन्द्रमा परिणत।
- केही गैरशैक्षिक एकाइलाई निर्देशनालयका रुपमा प्रतिस्थापन।
- शैक्षणिक एकाइहरुको अधिकार क्षेत्रमा कटौती।
- केन्द्रीय कार्यालयअन्तर्गत प्रशासनिक एकाइहरुको संख्यामा अत्यधिक वृद्धि।

त्रिभुवन विश्वविद्यालय ऐन २०२८लाई आजसम्ममा ६ पटक संशोधित गरियो। विश्वविद्यालयको संगठनात्मक स्वरुपमा पटक-पटक गरिएका यी परिवर्तनहरुले विश्वविद्यालयको संस्थागत विकासमा अवरोध पुर्‍याएका छन्। बढी केन्द्रीकृत हुँदै गएको कारणले निर्णय प्रक्रियालाई पनि अनावश्यक रुपमा केन्द्रीय स्तरमा केन्द्रित अधिकार रहेकोले कार्य-सम्पादनमा यसले प्रतिकूल प्रभाव पारेको देखिन्छ।

**तालिका २**

**त्रिभुवन विश्वविद्यालयको**

कूल विद्यार्थी विवरण तथा औसत वार्षिक वृद्धि दर (२०३१/३२-२०४६/४७)

औसत वार्षिक वृद्धि दर १०.५५

| वर्ष | कुल भर्ना | वार्षिक वृद्धि दर |
|---|---|---|
| २०३१/३२ | २१४५९ | |
| २०३२/३३ | २२७६५ | ६% |
| २०३३/३४ | २१९९० | ५.३३% |
| २०३४/३५ | २५४०३ | १५.५२% |
| २०३५/३६ | ३१९४२ | २५.७४% |
| २०३६/३७ | ३९८६३ | २४.७९% |
| २०३७/३८ | ३४०९४ | १४.४७% |
| २०३८/३९ | ५१३५६ | ५०.६३% |
| २०३९/४० | ५२०७० | १.३९% |
| २०४०/४१ | ४८२२९ | ७.३९% |
| २०४१/४२ | ५५५५५ | १५.१९% |
| २०४२/४३ | ५४३५५ | २.१४% |
| २०४३/४४ | ६११३३ | १२.४६% |
| २०४४/४५ | ६५१६८ | ६.६०% |
| २०४५/४६ | ७४३८८ | १४.१४% |
| २०४६/४७ | ७९४३२ | ६.७८% |

शिक्षा मन्त्रालय

## तालिका ३

## त्रभुवन विश्वविद्यालयमा कार्यरत शिक्षकहरु

| | २०३१-३२ | २०३५-३६ | २०४७-४८ |
|---|---|---|---|
| प्राध्यापक | १९ | २१ | १५५ |
| सह-प्राध्यापक | ५७ | ६५ | ८३२ |
| उप-प्राध्यापक | २०४ | ६३१ | १३५२ |
| सहायक प्राध्यापक | ९३३ | १०६२ | १८१२ |
| वरिष्ठ प्रशिक्षक | | | ३२ |
| प्रशिक्षक | ४४ | ५३ | १७४ |
| उप-प्रशिक्षक | १०४ | ९७ | १८९ |
| सहायक प्रशिक्षक | ९८० | १२४ | १७९ |
| सरकारी शिक्षक | १६९ | १७१ | ४६ |
| विदेशी | ५९ | ५१ | ५५ |
| अन्य | ६१ | ४ | ३६ |
| जम्मा | १८६९ | २१९२ | ४८६२ |
| प्रशासनिक कर्मचारी सबै तहका जम्मा १८७० | | | ५७८८ |

## तालिका ४

## त्रिभुवन विश्वविद्यालयमा कार्यरत कर्मचारी विवरण २०४७/४८

| क्र.सं | पदको नाम | स्थायी | अस्थायी | करार | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रशासक वा सो सरह | ८ | | १ | ९ |
| २ | सह-प्राध्यापक सरह | २ | | | २ |
| ३ | सह-प्रशासक वा सो सरह | १७ | | | १७ |
| ४ | उप-प्राध्यापक सरह | २१ | | | २१ |
| ५ | उप-प्रशासक वा सो सरह | १८१ | | | १८१ |
| ६ | सहायक प्राध्यापक सरह | १८ | २ | १ | २१ |
| ७ | सहायक प्रशासक वा सो सरह | ५७९ | २३ | २ | ६०१ |
| ८ | सहायक प्रशिक्षक सरह | २०६ | ६ | २१ | २३३ |
| ९ | ल्याव असिस्टेन्ट वा सो सरह | १८५ | १७ | १५ | २१७ |
| १० | हेड असिष्टेन्ट वा सो सरह | ८६८ | ५९ | १२ | ९३९ |
| ११ | ड्राइभर वा सो सरह | १३५ | २० | ३ | १५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | टाइपिष्ट ग वा सो सरह | ५४५ | ७४ | ५ | ६२४ |
| १३ | ल्याव व्याइ वा सो सरह | ५३३ | ४३ | ११ | ५८७ |
| १४ | पियन वा सो सरह | १७८१ | ३७७ | २० | २१७८ |
| जम्मा | | ५०७६ | ६२१ | ९१ | ५७८८ |

## २ वर्तमान स्थिति

नेपालमा उच्च शिक्षालाई राष्ट्रनिर्माण, जनशक्तिको विकास, आर्थिक विकास, सामाजिक परिवर्तन र आधुनिकीकरणका क्षेत्रमा योगदान दिन सक्ने बनाउनु पर्छ। यसलाई जनसम्पदामा लगानी गरिएको भन्ने दृष्टिकोण राखी यसको योजना तथा मूल्यांकन हुनुपर्छ। अहिले विश्वविद्यालयका क्याम्पसमा प्रवेश गर्ने माग बढ्नाका तीन वटा कारण छन् - १) प्रचलित शिक्षा व्यवस्थाले उत्पादन गरेको विभिन्न स्तरीय जनशक्तिलाई अर्थतन्त्रले ग्रहण गर्न वा काम दिन नसक्नु। क्याम्पसहरुले भर्ना नलिने हो भने एसएलसी पास गर्ने विद्यार्थीले जाने ठाउँ नै कतै हुँदैन। २) अर्कातिर विद्यालय स्तरका शिक्षाले कुनै रोजगार वा आम्दानीको स्रोत हात नलागेपछि युवाहरुका सामु डिग्री बढाउन क्याम्पसमा भर्ना हुनु बाहेक अर्को उपाय नै हुँदैन। ३) सीमित रोजगारको अवसरमा चाहिनेभन्दा बढी योग्यता प्राप्त युवाहरुको चाप पर्न जाँदा योग्यता पुगे पनि विद्यार्थी समुदायमा थप योग्यताको चाहना बढ्नु। त्यस्ता डिग्रीले जागीर पाउने ग्यारेण्टी त दिँदैन तर हाम्रो जस्तो परम्परागत सामाजिक व्यवस्था भएका ठाउँमा त्यसले वृहत्तर सामाजिक गति (Social Mobility) दिन सक्ने अलि राम्रो बाटो बनाएर एक प्रकारको बीमा नीतिको काम त अवश्यै पनि गर्छ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२ ले उच्च शिक्षामा जनशक्ति योजनाको धारणा त ल्यायो तर पाइलैपिच्छे सम्झौता गर्दै अन्त्यमा २०३६ सालको विद्यार्थी आन्दोलनमा पूरै असफल भएर सामाजिक माग को नीति लिन पुग्यो। अहिले क्याम्पसमा प्रवेश पाउने माग र सामाजिक दवाव कति बढेको छ भने यसले गर्दा नेपालको पंचवर्षीय योजनाले बनाएको जनशक्ति योजना र जनशक्ति पूर्वानुमानमा पूरै प्रश्न चिन्ह खडा गरेको छ किनभने पहिलो कुरो त विगत चार वटा पंचवर्षीय योजनका यस्ता पूर्वानुमानहरु प्रायः सरकारी क्षेत्रका काल्पनिक मागमा आधारित हुने गर्थे।दोस्रो कारण योजनामा अंकित तथ्याङ्कलाई कहिल्यै पनि सार्वजनिक उद्यम तथा श्री ५ को सरकारले तयार गरेका वा स्वीकृति दिएका वास्तविक पद सिर्जना र तिनीहरुको कार्यसँग भिडाएर हेरिएन। जहाँ त्यो भयो, त्यहाँ पनि पदपूर्ति गर्दा भर्ना

विधि ज्यादै लामो र विरक्तलाग्दो हुन्थ्यो। योजना आयोग, मन्त्रालयहरु र निजी क्षेत्रका उद्यमहरुका वीच समन्वय नहुने हो भने र एउटा केन्द्रीय मानव संशाधन मन्त्रालय नहुने हो भने जनशक्ति विषयक अड्कलहरु शिक्षा नीति, कार्यक्रम र कार्यान्वयनका तहका लागि कोरा सांख्यिकीय अभ्यास मात्र रहनेछन्।

तर सामाजिक तथा आर्थिक आकांक्षाहरु बढिरहेको वर्तमान अवस्थामा विशेषतः उच्च शिक्षाबाट लाभान्वित हुने शहर-बजारका उच्च तथा मध्यम वर्गीय वा माथिल्ला जातका मानिस मात्र भएकोले नेपाल जस्तो गरिब देशका करदाताहरुबाट उठेको रकमले उच्च शिक्षाको सामाजिक मागलाई यसरी अनियन्त्रित रुपले वृद्धि हुन दिइरहन सकिदैन। बढी न्यायोचित, समानतामा आधारित र प्रजातान्त्रिक सामाजिक व्यवस्थाको आधारशिला तयार गर्ने हो भने हामीले अव निरन्तर रुपमा उच्च शिक्षामा लागत असुल हुने नीति लिनुपर्छ जसबाट वस्तु र सेवाको उपभोग गर्ने व्यक्तिले नै पूरै लागत नभए पनि कम्तीमा संचालन गर्ने मुख्य मुख्य खर्चको धेरै भाग तिर्नु परोस् ।दीर्घकालमा सरकारले पूँजी लागत र पटक पटक गरिरहनु पर्ने खर्च एकमुष्ठ अनुदानका रुपमा दिनुपर्छ। नियमित रुपले गर्नु पर्ने खर्च र संचालन खर्चको ठूलो भाग चाहिँ सबै करदाताबाट असुल नगरेर उच्च शिक्षाबाट लाभान्वित हुने व्यक्तिहरुबाटै मात्र गर्नुपर्छ। उच्च  शिक्षाका अवसरको क्षेत्रीय वितरणलाई हेर्ने हो भने सबभन्दा बढी क्याम्पस, विद्यार्थी, शिक्षक, छात्रावास र कर्मचारी आवासहरु मध्यमाञ्चलमा नै रहेका देखिन्छन्। पूर्वाञ्चलको तुलनामा पश्चिमाञ्चलमा केही बढी देखिए तापनि मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरु उच्च शिक्षाको क्षेत्रीय वितरणका दृष्टिले पछि परेका छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गतको उच्च शिक्षाको क्षेत्रीय वितरणलाई तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५**

**उच्च शिक्षाको क्षेत्रीय वितरण (त्रिवि काम्पस मात्र)**

| विकास क्षेत्र | क्याम्पस | कूल विद्यार्थी | पुरुष | स्त्री | शिक्षक | छात्रावास | कर्मचारी आवास |
|---|---|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १४ | १५८५० | १२८३२ | ३०१८ | ७३३ | ७५२ | १७६ |
| मध्यमाञ्चल | ३० | ५६०४५ | ४१५३१ | १४५३१ | ३२९३ | २८२७ | ३५३ |
| काठमाडौं उपत्यका | (-२३) | (-४६४५२) | (-३३७३४) | (-१२७१८) | (-२७७७) | (-१६७) | (-१५७) |
| पश्चिमाञ्चल | १३ | १४८१६ | ११६९० | ३१२६ | ७४० | १७६७ | ३०५ |
| मध्यपश्चिमाञ्चल | ६ | ४७०९ | ४०५२ | ६५७ | १५२ | ४६७ | ४२ |
| सुदूर पश्चिमाञ्चल | २ | ४०६ | २७७ | २९ | ३५ | १०० | ३७ |
| जम्मा | ६५ | ९१८२६ | ७०४८२ | २१३४४ | ४९५३ | ५९१३ | ९१३ |

टिप्पणीः जम्माको २३.३४% महिला भर्ना छ। *मध्यमाञ्चल विकास क्षेत्रमा समाविष्ट

स्रोतः २०४७-४८ को भर्ना तथ्याङ्कः त्रिवि योजना महाशाखा।

विगत २०३७ सालदेखि खोल्न र त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त हुन अनुमति पाएका अहिलेसम्म १३३ संख्या पुगेका निजी क्याम्पसहरु सीमित अर्थमा मात्रै निजी छन्। त्यस्ता क्याम्पसहरुमध्ये केहीलाई छाडेर कुनैसँग पनि न आफ्नै भौतिक साधन छ, न पूरा काम गर्ने शिक्षक नै। त्यस्ता क्याम्पसले आफ्नो विश्वसनीयता अझै हासिल गर्न सकेका छैनन्। तुलनात्मक रुपमा हेर्ने हो भने त्रिभुवन विश्वविद्यालयका क्याम्पसमा दश गुना सस्तो शुल्क भएको र संकाय र सुविधा पनि बढ्ता भएको मानिन्छ। निजी क्याम्पसहरुमध्ये ५/६ वद् जतिले बाहेक अरुले आफ्नो शैक्षणिक विश्वशनीयता नै हासिल गर्न बाँकी छ। उच्च शिक्षाको सामाजिक मागको उपयुक्त मूल्याङ्कन नगरी संचालन गर्न अनुमति दिइएका यस्ता क्याम्पसहरुलाई स्तरीय र व्यवस्थित बनाउने कुरा अझ बाँकी नै छ।

यी सबै कुराहरु उच्च शिक्षामा राष्ट्रिय लगानीको बाँडफाँडको आधारभूत प्रसंगसम्म पुग्छन्। अहिले शिक्षामा नेपालले कूल गार्हस्थ्य उत्पादन (जीडीपी)को २.१ प्रतिशत खर्च गर्छ, तर अल्पविकसित मुलुकहरुको औसत ३.१प्रतिशत र विकासशील देशहरुको औसत ३.७ प्रतिशत छ। नेपालले कुल सरकारी खर्चको १०.८ प्रतिशत शिक्षामा खर्च गर्छ भने अल्पविकसित देशहरुले औसत १४.९प्रतिशत र विकासशील देशले औसत १५.२ प्रतिशत खर्च गर्छन्। तर उच्च शिक्षामा भर्नाको प्रतिशत चाहिँ नेपालमा अहिले नै उमेर समूहको ५ प्रतिशत छ भने अल्पविकसित देशहरुमा यो २.६ प्रतिशत छ। २०४१-४२ देखि २०४६-४७ का बीचमा उच्च शिक्षामा सरकारी अनुदान शिक्षा वजेटको ३४ मात्रै प्रतिशतबाट घटेर २१ प्रतिशत पुगेको छ। त्यसै अवधिमा त्रिभुवन विश्वविद्यालयको जम्मा प्रवेश संख्या २०४१-४२को ५५ हजारबाट बढेर २०४६-४७मा ७९ हजार पुगेको छ जसमध्ये २०४६-४७मा प्रवीणता प्रमाणपत्र तहमा मात्रै २७ हजार नयाँ भर्ना संख्या पर्छ। सरकारी अनुदानकै भरमा उच्च शिक्षाको संचालन विद्यार्थीहरुको वार्षिक वृद्धि दर हेर्दा एउटा कठिन कार्य भएको छ।

वर्तमान सरकारको नीतिका प्राथमिकताहरु उच्च शिक्षाको अझ बढी विस्तार गर्ने पक्षमा हो भने शिक्षा क्षेत्रमा बढी लगानी गर्न पनि श्री ५ को सरकार तत्पर हुनुपर्छ। तर हाल सालै प्रकाशित आठौँ पंचवर्षीय योजनाको आधारपत्र मा भनिएको छः

"देशका विभिन्न भागमा विश्वविद्यालय तथा उच्च शिक्षा संस्थाको संख्या बढाएर उच्च शिक्षामा प्रवेशको संख्या बढाइनेछ। सरकारी खर्चमा कटौती गर्ने निजी तथा गैरसरकारी क्षेत्रको अधिकतम सहभागितालाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।"

**राष्ट्रिय योजना आयोग २०४८:४७**

यसबाट के स्पष्ट हुन्छ भने आफैँले खर्च अर्थात पूरा खर्च बेहोर्न नपरे श्री ५ को सरकार विस्तारकै पक्षमा छ। तर यो कुरा श्री ५को सरकारले उच्च शिक्षामा कति खर्च बेहोर्न सक्छ त्यसैमा निर्भर छ। यस्ता नीतिका पछाडि पर्याप्त मात्रामा स्रोतको आड हुनु आवश्यक छ। प्रचलित साधारण उच्च शिक्षा व्यवस्थामा सान्दर्भिकता र आन्तरिक कार्य क्षमता (Relevance and internal efficiency) जस्ता परस्पर संबद्ध दुई मुद्दा पनि छन्। विश्वविद्यालय र क्याम्पस जस्ता शिक्षण संस्थाको संख्या बढाएर वा भइरहेकै संस्थामा बिहान-बेलुका कक्षा वा थप कार्यक्रम चलाएर धेरै विद्यार्थी भर्ना गरेर उच्च शिक्षामा विस्तार गर्ने चर्चा गर्दा प्राय साधारणतर्फका विषय नै समाविष्ट हुने कुरालाई नकार्न सकिँदैन। त्रिभुवन विश्वविद्यालयका ९ वटा संकायहरुले जम्मा ९० वटा जति विषय पढाउँछन्, तर यसका वा यससँग संवद्ध अधिकांश क्याम्पसहरुले खालि अङ्ग्रेजी, नेपाली, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास र भूगोल आदि विषय नै अधिकांश मात्राम पढाउँछन्। व्यवस्थापन संकायमा पनि  अन्यत्र व्यवस्थापन भन्नाले जे बुझिन्छ त्यस्ता विषय त्यति छैनन्। शिक्षाशास्त्रसंकायको पनि त्यही हाल छ, जहाँ शिक्षाशास्त्रको परिचय, शिक्षा मनोविज्ञान र आधारभूत शिक्षाशास्त्रलाई छाडेर शिक्षाशास्त्रको विशिष्टीकरण भन्न सुहाउँदा कमै विषयको पठनपाठन हुन्छ। मानविकी संकायअन्तर्गत ७ वटा भाषा अनि संगीत, ललितकला, नृत्य, संस्कृति तथा पुरातत्व र दर्शनशास्त्र जस्ता मानविकीका विशिष्टीकरण पर्दछन् भने सामाजिकशास्त्र मध्ये अर्थशास्त्र, राजनीतिशास्त्र, भूगोल, मनोविज्ञान, समाजशास्त्र आदि विषयका अतिरिक्त हालै समावेश गरिएका आमसंचार, जनसंख्या शिक्षा र सामाजिक सेवा नै प्रमुख छन्। तर औसत क्याम्पसहरुले खालि भाषा र सरल सामाजिक विज्ञानका विषयहरु नै रोज्न दिन्छन्। त्यसैले नेपालको श्रमबजारसँग यस्ता तालिमहरुको कुनै सान्दर्भिकता छ कि छैन भनेर अडकल गर्न कठिन छ। करिब २ प्रतिशत मात्र औधोगिक व्यवसायमा लागेका नेपाली श्रमिकहरुका तीन चार वटा मुख्य समस्या छन्:निरक्षरता, गरिबी र अकुशलता । अनि ९० प्रतिशत चाहिँ परम्परागत ग्रामीण कृषि क्षेत्रमा केन्द्रित छन्।

यी श्रमिकमध्ये ८० लाखभन्दा बढी चाहिँ निरपेक्ष दरिद्रताको देखामुनी बाँचिरहेका छन्। यस्तो बजारको मागलाई सुहाउँदो उचेच शिक्षाको पाठ्यक्रम  कस्तो बनाउने भन्ने जीवन्त समस्या छ।

उच्च शिक्षाकै आन्तरिक कार्यक्षमताको प्रश्न अझ विचलित गराउने खालको छ। एउटा अडकलअनुसार विश्वविद्यालयका क्याम्पसहरुमा अध्ययन गरिरहेका विद्यार्थीमध्ये बढीमा ७५ प्रतिशत र घटिमा ६०-६५ प्रतिशत चाहिँ तृतीय श्रेणीमा उत्तीर्ण हुनेहरु छन्। तृतीय श्रेणीका छात्रहरुको यति ठूलो प्रतिशत विशेषतः प्रवीणता प्रमाणपत्र तहमा त्यो पनि साधारण शिक्षातर्फ केन्द्रित भएपछि अनुत्तीर्ण हुने प्रतिशत बढी नै हुने भयो। २०४२-४५ सम्मको परीक्षाफलअनुसार मानविकी संकायको प्रमाणपत्र तहमा ५ प्रतिशत देखि २० प्रतिशत भन्दा बढ्ता छात्रछात्रा उत्तीर्ण भएको देखिँदैनन्। २०३७-३८मा प्रमाणपत्र तहमा उत्तीर्ण परीक्षार्थीहरुको प्रतिशत घटेर ४ प्रतिशत पुगेको थियो। उच्च शिक्षामा भर्ना भएर बीचैमा छोड्ने, दोहोर्‍याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको तथ्याङ्कबारे विश्वसनीय अध्ययन त्यति भएको छैन। प्रवीणता प्रमाणपत्र तहमा करिब १७ देखि २५ प्रतिशतले बीचैमा पढाइ छोड्ने गरेको देखिन्छ  भने स्नातकोत्तर तहमा यो प्रतिशत बढेर ३० देखि ४० प्रतिशत भएको अनुमान छ। यस तथ्याङ्कलाई लागतमा बदल्ने हो भने देशले जनशक्तिमा लगानी गर्दा लागतको त्यति ख्याल गरेको देखिँदैन। आफ्नो सीमित साधन पनि कहिल्यै कुनै रुपमा असुल उपर नहुने गरी बर्वाद गरिरहेछ। हामीले उच्च शिक्षामा लगानी गर्दा वा राष्ट्रको लगानी बढाउँदा त्यस्ता विद्यार्थीमा लगानी गर्नुपर्छ जो बढी निश्चत रुपमा सफल हुने सम्भावना राख्तछन् र त्यस्ता विद्यार्थीलाई दिइएको सीप, ज्ञान र विचारको तालिमबाट दीर्घकालमा देशलाई निश्चित रुपले प्रतिफल प्राप्त हुन्छ।

यस प्रकारको विस्तारपरक नीतिको सम्भावित तर दुर्भाग्यपूर्ण परिणति चाहिँ के हुन्छ भने विश्वविद्यालयको संकाय र प्रशासनिक कर्मचारीमा अनियन्त्रित रुपले वृद्धि हुन्छ जसले गर्दा  बजेटको ठूलो अंश संकाय र प्रशासनको तलबमै खर्च हुन्छ र थोरै मात्र कक्षा, प्रयोगशाला र पुस्तकालय जस्ता पूँजीमा खर्च हुन्छ। यस वृद्धिले विश्वविद्यालयलाई कसरी उछिन्यो भन्ने कुरा तालका ४ र ६ बाट स्पष्ट हुन्छ। २०४८-४९को ५७ करोड ६० लाख प्रस्तावित कूल संचालन बजेटबाट त्रिभुवन विश्वविद्यालयले रु ३६ करोड ६० लाख (६४ प्रतिशत) चाहिँ प्रशासन र संकायहरुको तलब, भत्ता, निवृत्तिभरण, संचयकोष तथा उपदानका लागि छुट्याएको छ।

त्रिभुवन विश्वविद्यालयको कूल विद्यार्थी भर्ना २०३०-३१ मा २१,४५९ थियो भने २०४६-४७मा बढेर यो ७९,४३२ हुन पुगेको छ। यस विस्तारका समस्याको समाधान गर्न विश्वविद्यालयले आफूसँग रहेका साधन र जनशक्तिको प्रयोग गरी बिहान -बेलका कक्षा चलायो । यसका लागि भर्खरै उत्तीर्ण भएका युवालाई शिक्षकको  रुपमा भर्ना गरियो। गत केही वर्ष यता त्रिभुवन विश्वविद्यालय कुनै कुरामा चाहिएभन्दा बढी उदार भएको छ  भने त्यो चाहिँ विभिन्न संकायहरुमा माथिल्लो पदहरुको सिर्जनामा नै छ।

त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक तथा सह-प्राध्यापक जस्ता संकायका उच्च पदहरु समयावधि वा कुनै स्पष्ट भूमिका वा कार्यक्रमको आवश्यकताका आधारमा देखिदैनन्। उदाहरणका लागि नेपालीमा ७ जना प्राध्यापक र ४६  जना सह-प्राध्यापक, अर्थशास्त्रमा ७ जना प्राध्यापक र २६ जना सह-प्राध्यापक, शिक्षाशास्त्रमा ८ जना प्राध्यापक र १७ जना सह-प्राध्यापक, अनि इतिहासमा ६ जना प्राध्यापक र १० जना सह-प्राध्यापक छन्।विश्वविद्यालयमा नेतृत्व लिनेहरुले यसको आधारभूत औचित्य कहिल्यै प्रमाणित गर्न सकेका छैनन्। प्राध्यापक, सह-प्राध्यापक र सहायक प्राध्यापकले गर्ने काम त्यति फरक नभए दरबन्दी र पद सिर्जनाको कुनै प्रक्रिया वैज्ञानिक छैन। यदि कुनै खास विषयका जम्मा शिक्षकको अनुपात या शिक्षकको अध्यापन अनुभवका आधारमा यसको निर्धारण हुने र कुनै खास क्षेत्रको दक्षतामा कुनै कार्यक्रम विशेषको प्रकृति र त्यसको आन्तरिक स्वरुपलाई ध्यान नदिने हो भने प्राध्यापक जस्ता दरबन्दी र त्यो पनि केन्द्रीय शिक्षण विभागमा झैँ पूर्ण उपयोग पनि  नहुनु विश्वविद्यालयको धैरै दिन नटिक्ने नीति हो। प्रति व्यक्ति आय १७० अमेरिकी डलर मात्र भएको र प्रति वर्ष १० प्रतिशतका दरले बढी रहेको र उमेर समूहको अनुपातमा ५ प्रतिशत नाघिसकेको अहिलेको स्थितिमा नेपालले पूर्ण सरकारी अनुदानका भरमा त्यस्तो उच्च शिक्षा चलाउन सक्तैन, जो न समाजका उत्पादनशील गितविधि र श्रम बजारसँगै मेल खान्छ, न सक्षम छ।

विश्वविद्यालयको स्वायत्तताका सन्दर्भमा विचार गर्दा आन्तरिक र बाह्य स्वायत्तता विचारणीय छ। विश्वविद्यालयभित्रको प्रशासन, आर्थिक क्रियाकलाप, शिक्षक नियुक्ति, विद्यार्थी भर्ना, अध्ययन शुल्क तथा अन्य आन्तरिक पक्षहरुमा विश्वविद्यालय आफैँ निर्णय गर्न सक्षम हुनुपर्दछ। तर उच्च शिक्षा राष्ट्रका निम्ति आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने एक महत्वपूर्ण अङ्ग भएकाले विश्वविद्यालयको राष्ट्र र नागरिकहरुप्रति उत्तरदायित्व र जवाफदेही पनि हुन्छ। केही निश्चित राष्ट्रिय मूल्य र हित (जस्तो

राष्ट्रिय एकता र अखण्डता, संवैधानिक मूल्य र मान्यता आदि)का विपरीत भने विश्वविद्यालय जान सक्दैन। यस्तै उच्च शिक्षाको विकास तथा राष्ट्रिय परिप्रेक्ष्य र विश्वविद्यालयका गतिविधिबीच समन्वय कायम राख्नका निम्ति विश्वविद्यालयका प्राध्यापक , विद्यार्थी र प्रशासनको सम्वन्ध सरकार तथा सरकारी नियकायहरुसँग रहन सक्दछ।सैद्धान्तिक र व्यावहारिक रुपमा समेत स्वायत्ता हुनका निम्ति विश्वविद्यालय स्वयं पनि निश्चित पक्षहरुमा सक्षम हुन सक्नुपर्दछ, जस्तै; आर्थिक पक्ष, प्रशासनिक पक्ष, विश्वविद्यालयका पदाधिकारी र कूलपति, उपकुलपति, रजिष्टार, शिक्षाध्यक्ष, सेवा आयोगको अध्यक्ष आदिको नियुक्ति। आर्थिक पक्षमा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदत्त अनुदानसम्बन्धी नीतिगत आधारको स्पष्टता आर्थिक स्रोत परिचालनमा स्वयं विश्वविद्यालयको भूमिका र त्यसको सक्षमता आर्थिक प्रशासनमा विश्वविद्यालयको पूर्ण नियन्त्रण आदि पर्दछन्। जव विश्वविद्यालय आफ्नै स्रोत परिचालन गरी स्वतन्त्र र सक्षम हुन्छ तब मात्र पूर्ण स्वायत्तता संभव हुन सक्छ।

सामान्यतया उच्च शिक्षा क्षेत्रमा सरकारी अनुदान हाम्रो जस्तो विकासोन्मुख देशमा अपरिहार्य छ। तर अनुदान लिएकै आधारमा मात्र विश्वविद्यालय स्वायत्त छैन भन्न मिल्दैन। हरेक विश्वविद्यालय र त्यसअन्तर्गतका महाविद्यालयहरुले आफ्नो विद्यार्थी र शिक्षकहरुको आवश्यक्ताअनुसार कार्यक्रमहरु तय गर्न सक्नु र आफ्नो विद्यार्थीको भर्ना, शिक्षकको नियुक्ति आदिमा स्वतन्त्र हुनु आवश्यक छ। यसबाट विश्वविद्यालय स्वायत्त भएमा प्रतिस्पर्धाका आधारमा शिक्षाको स्तर बढ्नमा मद्दत पुग्दछ। आर्थिक स्रोत परिचालन गर्न विश्वविद्यालयहरु र ती अन्तर्गतका महाविद्यालयहरुका बीचमा प्रतिस्पस्पर्धात्मक भावनाको विकास हुन्छ।

**तालिका ६**

**त्रिभुवन विश्वविद्यालयको अनुमानित आमदानी खर्च**

(२०४८/४९)

आर्थिक वर्ष २०४८/४९ को आन्तरिक स्रोत तथा वैदेशिक सहयोगबाट गरी १,०२,८४,६९,५००। खर्च हुने अनुमान गरिएको छ। यसमध्ये ५२,७३,२२,०००। आन्तरिक स्रोतबाट र ५०,११,४६,५००। वैदेशिक सहयोगबाट बेहोरिने छ। आन्तरिक सहयोगबाट बेहोरिनेमध्ये त्रिभुवन विश्वविद्यालय आम्दानी रु ४,९०,००,०००। श्री ५को सरकारबाट

रु ४७,८३,२२,०००। प्राप्त हुने अनुमान गरिएको छ। खर्च तथा बेहोरिने स्रोतको मोटामोटी तेरिज यस प्रकार छः

| क्र.सं | खर्च | २०४६/४७को यथार्थ खर्च रकम (रु हजारमा) | २०४७/४८को संशोधित रकम (रु हजारमा) | २०४८/४९को अनुमान रकम (रु हजारमा ) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक अध्ययन संस्थानहरु | १८,१५,०१ | २७,३३,९६ | ६८,०१,८० | ६६.२ |
| २ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | ३,६१,६० | ५,०४,६० | ५,८०,९५ | ५.७ |
| ३ | व्यावसायिक तर्फका क्याम्पसहरु (शिक्षा, कानून, व्यवस्थापन) | ४,६९,४५ | ६,२६,६२ | ७,८२,६३ | ७.६ |
| ४ | मानविकी तथा सामाजिकशास्त्रका क्याम्पसहरु | ६,०२,१२ | ७,८८,६९ | ८,३३,३० | ८.१ |
| ५ | केन्द्रीय शिक्षण विभागहरु | ३,११,२२ | ३,८२,३५ | ४,७५,७०*[1] | ४.६ |
| ६ | अनुसन्धान केन्द्रहरु | ९९,१५ | १,४३,३५ | १,३७,४१** | १.३ |
| ७ | केन्द्रीय कार्यालय र राविसे | ३,७५,३९ | ४,८५,३२ | ६,१०,९० | ५.९ |
| ८ | थप कार्यक्रम | | | ६२,०० | १.६ |
| | | ४०,३३,९४ | ५६,६४,८९ | १,०२,८४,६९ | १००.० |
| | वेहोरिने स्रोत | | | | |
| १ | श्री ५को सरकारको अनुदान | २९,५७,८७ | ४०,२४,८३ | ४७,८३,२२ | ४६.५ |

[1] व्यवस्थापन संकायका २, शिक्षाशासात्रका ६ र मानविकीका १५ गरी जम्मा साधारण उच्च शिक्षातर्फका २३ केन्द्रीय विभागको अनुमानित खर्च रु १,९४,६७,००० मात्र।

**अनुसन्धान केन्द्रहरुको जम्मा अनुमानित खर्च (RECAST बाहेक)रु ९४,६४,०००। आ.वर्ष २०४८/४९को उच्च शिक्षा साधारणतर्फको अनुमानित खर्च रु १९,०५,२४,०००।– मात्र।

| | | | | | |
|---|---|---|---|---|---|
| क) | नियमित | २७,६९,९० | ३७,४१,१६ | ४३,०४,३२ | |
| ख) | निर्देशन प्राप्त आयोजनाको लागि थप अनुदान | ४०,०० | - | - | |
| ग) | थप कार्यक्रम | | | ६२,०० | |
| घ) | बैदेशिक सहयोग कार्यक्रममा लगानी | १,४८,९७ | २,८३,६७ | ४,१६,९० | |
| २ | वैदेशिक सहयोग | ६,५९,३३ | १२,१५,०६ | ५०,११,४७ | ४८.७ |
| ३ | विश्वविद्यालयको आम्दानी | ४,२५,१८ | ४,२५,०० | ४,९०,०० | ४.८ |
| क) | साविक | २,७१,६८ | ३,००,००० | ३,४०,००० | |
| ख) | शिक्षण अस्पताल | १,५३,५० | १,२५,०० | १,५०,०० | |
| ४ | बचत सामान्य जगेडा कोषमा रहने | ९,४४ | - | - | |
| | | ४०,३३,९४ | ५६,६४,८९ | १,०२,९४,६९ | १००.० |

**साधारण उच्च शिक्षाको शैक्षिक संरचना**

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न अध्ययन संस्थानहरुलाई राखी ती अध्ययन संस्थानअन्तर्गतका क्याम्पसहरुले देशभरि शिक्षणका कार्यक्रमहरुको कार्यान्वयन गर्ने प्रक्रिया शुरु गर्‍यो। तीमध्ये केहीले अनुसन्धानका गतिविधिहरुको संचालन गरे। तर पछि क्रमशः अध्ययन संस्थानहरुका ढाँचामा परिवर्तन गरियो र मानविकी तथा सामाजिकशास्त्र, शिक्षाशास्त्र, कानून र व्यवस्थापन अध्ययन संस्थानहरु त्रिविका संकायहरुमा परिणत भए। विज्ञानलाई एक पटक संकायमा ल्याएर पुनः विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रुपमा छुट्याइयो।

प्रवीणता प्रमाणपत्र तहमा प्रवेश गर्न चाहनेहरुको संख्या प्रतिवर्ष बढ्दो छ भन्ने कुरा तालिका १ बाट स्पष्ट हुन्छ। त्रिभुवन विश्वविद्यालयको २०४६-४७ को भर्ना तथ्याङ्क अनुसार त्रिविमा अध्ययनरत प्रवीणतापत्र स्तरीय विद्यार्थीहरुको जम्मा संख्या तालिका ७ अनुसार ४८,२४४ देखिन्छ। सो सम्पूर्ण भर्नाको ६०.७३ प्रतिशत छ। यसै वर्षको त्रिविका क्याम्पस र निजी क्याम्पसहरुमा नयाँ भर्ना हुनेहरुको संख्या ४०,२२० छ। यो संख्या २०४६-४७को माध्यमिक तहमा प्रवेश गर्नेहरुको ३० प्रतिशत र त्यसै वर्षमा विश्वविद्यालयमा पढ्नेहरुको ६७.२ प्रतिशत हो। त्रिविका क्याम्पसहरुमा २०४६-४७ मा

स्नातक तहमा भर्ना हुनेहरुको संख्या २४,१८६ र स्नातकोत्तर तहमा ६,००९ छ। सम्पूर्ण भर्नाको ३०.४४ प्रतिशत स्नातक तहमा र ७.५६ प्रतिशत स्नातकोत्तर तहमा भएको देखिन्छ।

यस प्रतिवेदनका अन्य अध्यायहरुमा प्राविधिक उच्च शिक्षा र शिक्षक शिक्षाका विषयमा विस्तृत रुपमा चर्चा गरिएकाले यो अध्याय उच्च शिक्षाको साधारण क्षेत्रसँग सम्बद्ध विषयहरुमा सीमित छ। यसै क्रममा मानविकी र सामाजिकशास्त्रका साथै व्यवस्थापन र कानून विषयहरुसँग सम्बद्ध कतिपय समस्या र मुद्दाहरुको चर्चा गर्नु यहाँ प्रासङ्गिक देखिन्छ।

व्यवस्थापनः व्यवस्थापनक्षेत्रका विषयको अध्ययन अध्यापन, पाठ्यक्रम निर्माण र अनुसन्धान कार्यक्रमहरुको कार्यक्रमहरुको संचालन विश्वविद्यालयअन्तर्गतका व्यवस्थापन संकायबाट संचालित छ। देशलाई चाहिने आवश्यक दक्ष व्यवस्थापन जनशक्तिको उत्पादनमा व्यवस्थापन शिक्षाको महत्वपूर्ण भूमिका रहिआएको छ।व्यवस्थापन शिक्षामा भएको विकासक्रम तालिका १मा देखाइएको छ। मानविकी र सामाजिकशास्त्रपछि सबभन्दा बढी विद्यार्थी संख्या भएको संकाय यही हो। त्रिविको तथ्याङ्क अनुसार २०४६-४७को सत्रमा अध्ययनरत जम्मा १८३४३ विद्यार्थीहरुमा प्रमाणपत्र तहका १०,८५१, स्नातक तहका ५,९०६ र स्नातकोत्तर तहका १५८६ छन्। यसै वर्ष नयाँ भर्ना हुनेहरुमा व्यवस्थापनको प्रमाणपत्र तहका देखिन्छन्। व्यवस्थापन विषयको शिक्षामा २०४६-४७ को आर्थिक वर्षमा प्रतिविद्यार्थी लागत रु१,१२८ देखाइएको छ।

कानून शिक्षाः प्रजातान्त्रिक मूल्य र मान्यताको समुचित विकास र कानुनी राज्यको सुदृढीकरणका लागि कानूनको शिक्षामा प्रभावकारिता ल्याउनु आवश्यक छ। नेपालमा हाल कानून शिक्षाको स्थिति अन्यौलपूर्ण छ। एसएलसी उत्तीर्ण गरेपछि प्रमाणपत्र तह र स्नातक तहमा कानूनको पढाइ हुन्छ। कानूनमा स्नातकोत्तर शिक्षाको व्यवस्था नभएकाले कानून शिक्षा र विद्यार्थीको स्तर अपेक्षाकृत ढंगबाट विकसित हुन पाएको छैन।कानून शिक्षाको पाठ्यक्रम सैद्धान्तिक, पेशागत र व्यावहारिक रुपमा निकै पछि परेको छ। साधारण उच्च शिक्षाको क्षेत्रमा रहेका समस्या र मुद्दाहरुमा धेरैजसो कानून शिक्षासँग पनि सम्बद्ध छन् तापनि पेशागत विषयका रुपमा कानून शिक्षाका आफ्नै समस्या छन्। कतिपय समस्या र मुद्दाहरुको उल्लेख यहाँ आवश्यक देखिन्छ।

कानूनवेत्ताहरुको उत्पादनमा कानून संकायको योगदान रहिआएको छ। २०४६-४७को आर्थिक वर्षमा कानून संकायका जम्मा ५७७८ विद्यार्थीहरुमा प्रवीणता प्रमाणपत्र स्तरका ३८५५ र स्नातक स्तरका १९२३ देखिन्छन्। यस्तै २०४७को नयाँ भर्नामा प्रमाणपत्र स्तरका ५९१८ देखिन्छन्। प्रवीणता प्रमाणपत्र तहको शिक्षण कार्यको संचालन गरेर कानूनी जनशक्तिको विस्तार विगत वर्षहरुमा अवश्य भयो। तर एलएलसी मात्र पूरा गरेर आउनेहरुले प्रमाणपत्र स्तरको मात्र कानूनको अध्ययन गरी कार्यक्षेत्रमा जाँदा उमेर कम हुनाका साथै विद्यार्थीहरुमा ज्ञान, अनुभव र दक्षताको पनि कमी देखिएकाले प्रमाणपत्र तहलाई कानूनको शिक्षाबाट हटाउनु पर्ने देखिन्छ। स्नातक तह र माथिका कानून शिक्षाको कार्यक्रमहरुको संचालन गरेपछि क्रमशः कानूनमा विद्यावारिधिस्तरको अनुसन्धान प्रारम्भ गर्नु पर्छ। विशेष गरी कानून संकायअन्तर्गत यस्ता अनुसन्धान कार्यक्रमहरुको संचालन गर्न सकिन्छ।

**तालिका ७**

**त्रिभुवन विश्वविद्यालय भर्ना (२०४६-४७)**

| संस्थान/संकाय | निम्न | प्रवीणता | स्नातक | स्नातकोत्तर | जम्मा |
|---|---|---|---|---|---|
| इन्जिनयरिङ्ग | ११५ | १५२३ | ३०८ | | १८३१ |
| चिकित्सा | ३०० | ९४१ | २४६ | २५ | १५२१ |
| कृषि | ५७६ | ८० | ६६२ | | १३१८ |
| वन | | ४६० | ११७ | | ५७७ |
| विज्ञान र प्रविधि | | ५७९७ | २७०३ | ८८४ | ९३८४ |
| शिक्षा | ११७ | २७७९ | ३०१९ | ३५७ | ६२७२ |
| कानून | | ३८५५ | १९२३ | | ५७७८ |
| व्यवस्थापन | | १०८५१ | ५९०६ | १५८६ | १८२४३ |
| मानविकी र समाजशास्त्र | | २१९५९ | ९३०२ | ३१५७ | ३४४१७ |
| जम्मा | ११०८ | ४८२४४ | २४१८६ | ६००९ | ७९४३२ |

**तालिका ८**

**निजी क्याम्पस भर्ना (२०४६-४७)**

| संस्थान/संकाय | प्रवीणता तह | स्नातक तह | जम्मा |
|---|---|---|---|
| मानविकी | १०१२७ | ६०५ | १०७३२ |
| व्यवस्थापन | ७९६७ | १७८१ | ९७४८ |
| विज्ञान | ८५९ | | ८५९ |
| कानून | १३३१ | १५९ | १४८९ |
| चिकित्सा | २८ | | २८ |
| जम्मा | २०३१२ | २५४५ | २२८५६ |

शिक्षा मन्त्रालय

**३ प्रमुख समस्या र मुद्दाहरु**

विद्यार्थीः विश्व बैंङ्कको सोसल सेक्टर स्ट्राटेजी रिभ्यू (१९८९)को अडकल अनुसार सन् २०० सम्ममा नेपालमा उच्च शिक्षाको भर्ना हुन आउने विद्यार्थीको संख्या दुई लाख पुग्न सक्छ। एक अल्पविकसित मुलुकका लागि उमेर समूहको ५ प्रतिशत भर्ना अनुपात अप्रत्याशित हो, किनभने अल्पविकसित मुलुकका प्राथमिक र माध्यमिक तहमा भने नेपालमा यो अनुपात र साक्षरता दर पनि औसत भन्दा धेरै तल पर्दछ (द वर्ल्ड ब्यांक १९८९:१५-७)। विगत पन्ध्र वर्षमा उच्च शिक्षामा वार्षिक विद्यार्थी वृद्धि दर औसत १० प्रतिशत रहेको छ। हालको वार्षिक १० प्रतिशत वृद्धि दरले सन् २००० सम्ममा उमेर समूहको ५ प्रतिशतबाट बढेर ११-१२ प्रतिशत पुग्नेछ। त्रिभुवन विश्वविद्यालय योजना महाशाखाको अनुमान अनुसार वार्षिक ७ प्रतिशत वृद्धि दरले सन् २००० सम्म २ लाख ४२ हजार तथा ९ प्रतिशतको वृद्धि दरले २ लाख ९६ हजार पुग्ने देखिन्छ। विगत २०३१/३२ देखि २०४६/४७ सम्मको वृद्धिदर तालिका १ तथा तालिका २ मा प्रस्तुत गरिएको छ।

शाही उच्च शिक्षा आयोग(२०४०)को सुझाउ अनुसार २०४३सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएपछि नेपालमा "एक राष्ट्र, एक विश्वविद्यालय"को धारणा अब रहेन। त्रिभुवन विश्वविद्यालयको २०४६/४७ भर्ना विवरण अनुसार प्राविधिक संस्थानहरुका जम्मा १५६२२ र साधारणतर्फका विभिन्न विषयका जम्मा ६४८१० गरी कुल जम्मा ७९४३२ विद्यार्थी त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पसहरुमा देखापर्छन्। (हेर्नुहोस् तालिका ७) त्रिभुवन विश्वविद्यालयले नै पनि अब आफैं पढाउने विश्वविद्यालयको पुरानो ढाँचा छाडी "निजी क्याम्पसहरु" लाई सम्बन्धन गरेर परीक्षा लिइदिने धारणा बनाएको छ। अहिले मुलुकमा १३३४ वटा निजी क्याम्पस छन् जहाँ २०४६-४७ को आर्थिक वर्षमा २२८५६ जति (प्रवीणता प्रमाणपत्र तहमा २०,३१२ र स्नातक तहमा २५४५) विद्यार्थी अध्यय गरिरहेका छन्। (हेर्नुहोस् तालिका ८)

गत नीन दशकदेखि त्रिभुवन विश्वविद्यालयले बढिरहेको सामाजिक र राजनैतिक चापले गर्दा भर्ना हुन चाहने विद्यार्थीहरुलाई एउटै क्याम्पसमा बिहान, दिउसो, अपरान्ह र  रात्री गरी चार समूहसम्म कक्षाको व्यवस्था मिलाइदिएर चलाईराख्नुपरेको छ। प्रवीणता प्रमाण पत्र तहमा लगभग १८/२० हजार विद्यार्थीलाई मात्र पढाउन ठाउ पुग्ने विश्वविद्यालयले प्राप्त जानकारीअनुसार यो साल ३६ हजार विद्यार्थीहरुलाई ठाउँ

दिनुपरेको छ। यस प्रकारको नीतिले विश्वविद्यालयको लगानी तथा व्यवस्थापनमा कस्तो प्रभाव पार्ला भन्ने कुराको अडकल जसले पनि गर्न सक्छ, तर यसले गर्दा विश्वविद्यालय र राष्ट्र दुबैले विद्यार्थीको गुणस्तरका हकमा चाहिँ ठूलो क्षति महसुस गर्नु परेको छ। आफ्नो क्षमताले भ्याउने भन्दा बढी विस्तार गर्न खोज्दा जुनसुकै व्यवस्था पनि खलबलिएर नासिन्छ र यो स्थितिलाई गएको लगभग एक दशकदेखि त्रिभुवन विश्वविद्यालयले बेहोर्नु परिरहेको छ। फलतः विश्वविद्यालयकै सम्पूर्ण संरचनामा यसबाट अपूरणीय क्षति भएको छ।

व्यक्तिको चौतर्फी विकासका निमित्त वौद्धिक र मानसिक विकासका साथै शारीरिक विकासको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ। क्याम्पसमा खेलकूद व्यायाम आदिका निम्ति मैदान र आवश्यक सुविधाको अभाव टड्कारै देखिन्छ। विद्यार्थीहरु क्याम्पसमा पढ्दा उनीहरुमा आइपर्ने गैरप्राज्ञिक समस्याहरु (मनोरञ्जन आदि )बारे विद्यार्थीहरुलाई सरसल्लाह दिने क्याम्पसहरुमा व्यवस्था छैन। उदाहरणका निम्ति विद्यार्थीहरुलाई सांस्कृतिक क्रियाकलाप (जस्तै गीत गाउँने, बाजा बजाउने, नाच्ने, कविता लेख्ने , अभिनय गर्ने आदि)मा सरिक गराउने कार्यक्रमहरु क्याम्पसमा कमै भएको देखिन्छ। यी क्रियालापहरुबाट विद्यार्थीहरुले आफूमा सम्पूर्णताको अनुभव गर्नुका साथै एक अर्काको सस्कृतिलाई चिन्ने र आदर गर्ने उदार भावनाको विकास गर्न सहायक सिद्ध हुन सक्तछ। तर नत यस्ता विषयमा पठन-पाठनका कार्यक्रमहरु गरिए न अतिरिक्त क्रियाकलापहरु नै। यस्तै किसिमले क्याम्पस क्याम्पसका बीच र एउटा क्याम्पस भित्रका विभागहरु बीच वादविवाद, हाजिरी जवाफ प्रतियोगिता, निवन्ध प्रतियोगिता आदिको नगण्य मात्रामा आयोजना भएको देखिन्छ। यस सन्दर्भमा विद्यार्थी क्लवहरुको आवश्यकता क्याम्पसमा देखिन्छ। विद्यार्थीहरुको क्लव विद्यार्थी संघ होइन। यस्ता क्लवहरुबाट विद्यार्थीहरुको क्रियाकलापलाई अखवार, पत्रपत्रिका आदि निकाल्ने, हाजिरी जवाफ, वाद-विवाद, निबन्ध प्रतियोगिता आदिको आयोजना गर्ने र गैरराजनैतिक रचनात्मक कार्यहरुतिर प्रोत्साहित गर्ने प्रक्रिया विश्वविद्यालयका क्याम्पसहरुमा देखिँदैन।

क्याम्पसहरुमा छात्रावास हुनु आवश्यक देखिन्छ। छात्रावासलाई बस्ने र सुत्ने घर जस्तो मात्र नगरी विद्यार्थी क्रियाकलापको केन्द्रको रुपमा विकास गर्नु पर्ने खाँचो छ। छात्राहरुका निमित्त महिला छात्रावास नगण्य मात्रामा छन्। अधिराज्यभर हाल जम्मा

५९१३ छात्र-छात्राहरुको लागि मात्र छात्रावासको प्रबन्ध छ।औसत ६ प्रतिशत विद्यार्थीहरु मात्रै आवासीय शिक्षामा समाविष्ट देखिन्छ।

शिक्षकः शिक्षाको विकासमा शिक्षकहरुको विशेष भूमिका रहन्छ। तर शिक्षण पेशामा र खास गरी उच्च शिक्षाका क्षेत्रमा चाहिँदो मात्रामा योग्य र कुशल शिक्षकहरुलाई व्यापक रुपमा आकर्षित गर्न सकिएको छैन। शिक्षण पेशा आकर्षक नहुनुका कारणहरुमा न्यून तलब, उच्च शिक्षालाई देशमा दिइएको कम महत्व र समाजमा उपेक्षित हुने डर नै हुन्।विश्वविद्यालयमा भएका योग्य शिक्षकहरुले पनि विश्वविद्यालयदेखि बाहिरका कामहरुबाट नै ख्याति पाएका छन्। विश्वविद्यालयको पठनपाठन र अनुसन्धान कार्यक्रमहरुबाटै विश्वविद्यालयमा आ-आफ्ना क्षेत्रमा विशिष्टता हासिल गरेका शिक्षक कमै देखिन्छन्।

परीक्षा पद्धति त्रुटिपूर्ण भएको हुनाले र दवावमा औपचारिकता मात्र पुऱ्याएर शिक्षकहरु भर्ना पनि गरिने गरेकोले विश्वविद्यालयका यस्ता शिक्षकहरु पनि छन् जसको डिग्री त छ तर त्यस  अनुरुपको शिक्षण  कार्य छैन। जसको राम्रो ज्ञान छ तर शिक्षण प्रक्रिया पुरानो शैलीको छ। विशेष गरी विज्ञानको उच्च शिक्षामा यसको नराम्रो प्रभाव छ। विशेष प्रकारको तालिम, विचार-गोष्ठी आदिको व्यवस्था नगरिनाले अध्ययन गर्नलाई प्रोत्साहन र सुविधाको अभावका साथै परिवारको भरणपोषणका लागि बाहिरी काम समेत गर्नुपर्ने बाध्यताले कतिपय शिक्षकहरु आफ्ना ज्ञानको विकास गर्न असमर्थ भएका छन्। तिनीहरुको उपेक्षित, विद्रोह र नैराश्यताले भरिएको स्थिति उच्च शिक्षाका प्रत्येक पक्षमा झल्किरहेको छ। योग्य शिक्षकका निम्ति विशेष तालिम र अध्ययनको प्राप्त नभएकोले कतिलाई समसामयिक विश्वको प्राज्ञिक वातावरणको अनुभव र ज्ञान छैन। उच्च शिक्षाको क्षेत्रमा पठनपाठन र अनुसन्धानको वातावरण बन्न सकेको छैन। स्तरीय पाठ्यक्रम नबन्नु, स्तरीय पढाइ नहुनु, योग्य शिक्षकले प्रोत्साहन नपाउनु, काम-चलाउ किसिमको अध्ययन अध्यापनको वातावरण हुनु र शिक्षाका लागि चाहिने सुविधा उपलब्ध नहुनुको कारण प्राज्ञिक नेतृत्वको कमी पनि हो।

उच्च शिक्षाको शिक्षण पेशामा संलग्न व्यक्तिहरुसँग सम्बन्धित प्राज्ञिक वातावरणलाई धमिल्याउने खालका अन्य केही समस्याहरु यस प्रकार छन्:

(१) शिक्षक भर्ना गर्ने प्रक्रियामा केन्द्रीकरण भएको छ जसले गर्दा शिक्षण संस्थाहरुमा आवश्यक जनशक्ति पूरा गर्नलाई केन्द्रको मुख ताक्नु पर्ने वा

केन्द्रसँग अनुमति लिनुपर्ने बाध्यता छ। केन्द्रबाट शिक्षक भर्ना गर्दा समुचित आधार बिना नै गरिएकाले उपयुक्त शिक्षकको नियुक्ति हुन सकेको छैन।

(२) विश्वविद्यालयमा स्नातक तहमा पनि अध्यापन नगरेका शिक्षकलाई विशेष पदमा रहेको पदोन्नति पाएको अथवा धेरै वर्ष पढाएको आधारमा उच्च तहको आवश्यकीय अध्ययन विना नै स्नातकोत्तर तहमा पठनपाठन गराउने तथा विभागीय नेतृत्व समेत दिने चलन पनि देखिएको छ।

(३) खास तालिमप्राप्त शिक्षकहरुलाई पिएचडी गराउन वा एम.फिल.गराउन लगाउनुका साथै आफ्नो अध्ययन र अनुसन्धान गर्नेतर्फ पनि उन्मुख गराउने सुविधा र विद्धतवृत्ति दिने गरेको पाइन्न।दक्ष र उच्च तहका शिक्षण जनशक्तिका लागि त्रिभुवन विश्वविद्यालयका एक दुई शिक्षण संस्था बाहेक अन्य ठाउँमा गएर आफ्ना बहुकुशलताको विकास तथा प्रवर्द्धन गर्ने वा काम गर्ने ठाउँ नभएकाले त्यही सीमित भएर बस्नुपर्ने वाध्यता रहेको छ।

(४) केही योग्य शिक्षकहरु शिक्षण कामका सट्टामा वा शिक्षणका साथै त्रिभुवन विश्वविद्यालय भन्दा बाहिरका परियोजना वा यस्तै अन्य कामहरुमा पनि लागेका देखिन्छन्।कतिले त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्ने हैसियतले पाएका परियोजनाहरु र सुविधाहरु निजी फाइदामा पनि लगाएका छन्। केही शिक्षकहरुले ट्युसन र कोचिङ इत्यादिबाट लाभ पाउने वातावरणको सिर्जना गर्न मद्दत पुऱ्याएको र कक्षा शिक्षणलाई वास्ता नगरेको देखिन्छ। एउटै शिक्षकहरुले बढी भन्दा बढी खेप (सिफ्ट)हरुमा र धेरै क्याम्पसहरुमा पढाउने गरेको पनि पाइन्छ।

(५) अनुसन्धान केन्द्रमा काम गरिरहेका शिक्षक जनशक्तिको समुचित उपयोग भएको छैन। अनुसन्धान केन्द्रमा लाग्ने केहीले विशेष सुविधा र अर्थोपार्जन गरिराखेका छन्। उनीहरु केन्द्र बाहिरको व्यक्तिगत अनुसन्धान कार्यमा पनि व्यस्त देखिएका छन्। अनुसन्धान केन्द्रबाट भइराखेका कामहरुबाट विश्वविद्यालयलाई खास लाभ भएको देखिँदैन। यस्तै किसिमले अनुसन्धान केन्द्रमा र शिक्षण संस्थाहरुमा संलग्न शिक्षण जनशक्तिका बीच प्राज्ञिक आदान प्रदानको अभाव रहेको र शैक्षिक क्षेत्रमा काम गर्नेहरुलाई तथा अनुसन्धान केन्द्रका योग्य व्यक्तिहरुलाई शिक्षणमा उपयोग गराएको देखिन्न।

(६) एकै तहका शिक्षक र अनुसन्धानकर्ताहरुले पाउने पारिश्रमिकमा पनि शिक्षण संस्थाहरुको प्रकार हेरी भिन्नता छ। उदाहरणार्थ; मेडिसिन क्याम्पसको नन्-प्राक्टिसिङ भत्ता, अनुसन्धान केन्द्रहरुको परियोजना भत्ता र शिक्षकहरुको शिक्षण सुविधाहरुमा धेरै फरक पारिराखेको देखिन्छ।

(७) विश्वविद्यालयका शिक्षक भएर पनि केहीले विश्वविद्यालयमा दशौँ वर्षसम्म उपस्थित नै नभई सुविधाको उपयोग गरिराखेका पनि देखिन्छन् र उपस्थित भएपनि उचित र पर्याप्त शिक्षण कार्य हुन सकेको छैन।

(८) एम.एस्सी, एम.ए., एम.कम.,बी.एड. र बी.एल.मा पढाइने तहभन्दा शिक्षकको योग्यताको तह माथि हुनुपर्नेमा त्यस्तो भएको पाइन्न। अझ बी.एड. र बी.एल.लाई पेशागत भनेर सरासर सहायक प्राध्यापकमा लिइने गरेको पनि देखिन्छ।

(९) विश्वविद्यालयमा शिक्षकहरुको तहगत भूमिका र काम कर्तव्यहरु अस्पष्ट छन्।

**पाठ्यक्रमः** पाठ्यक्रम निर्माणको वैज्ञानिक प्रक्रिया अंगाली पाठ्यक्रमहरुको निर्माण र सुधार गर्ने परम्पराको विकास संस्थागत रुपमा र निरन्तर प्रक्रियाको रुपमा अझ सम्म हुन सकेको छैन। यसले गर्दा यस क्षेत्रमा गरिएका प्रयासहरु पूर्ण नभई फाटफुटे हुन पुगेका छन्। पाठ्यक्रम विकास केन्द्र नेपाली, नेपाल परिचय, अङ्ग्रेजी र जनसंख्या शिक्षा आदि ४ अनिवार्य विषयमा सीमित छ।

पाठ्यक्रम एउटा पूर्ण प्रणाली हो। जस्तै;पाठ्यक्रम निर्माणमा उद्देश्य, लक्ष्य र निहित भावनाबाट काम शुरु भई मूल्याङ्कनसम्म आएर टुङ्गिन पुग्दछ। तर पाठ्यक्रमलाई त्यस रुपमा हेरेको पाइँदैन। यसले गर्दा हाल त्रिभुवन विश्वविद्यालयमा पढाइ एकातिर छ र मूल्याङ्कन अर्कातिर। सम्पूर्ण शिक्षण प्रक्रिया र परीक्षा एउटै प्रक्रियाभित्र हुनुपर्नेमा त्यो भइरहेको छैन। विश्वविद्यालयको आन्तरिक संरचनामा आवश्यकभन्दा बढी परिवर्तन भएकाले यसले पाठ्यक्रम, शिक्षण र परीक्षा (मूल्याङ्कन) मा समेत असर पर्न गएको छ। उदाहरणका निम्ति २०३६/३७ साल पछि सेमेष्टर प्रणालीबाट वार्षिक प्रणालीमा अकस्मात परिवर्तन हुँदा पाठ्यक्रमलाई तदनुसार व्यवस्थित गर्न सकिएको छैन। त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमको लेखाजोखा गर्न कुनै निकायलाई जिम्मा दिइएको छैन। शिक्षाध्यक्ष शिक्षासम्बन्धी प्रमुख पदाधिकारी भएता पनि शिक्षाध्यक्षलाई पाठ्यक्रमबारे यथार्थ वस्तुस्थितिको जानकारी दिने कुनै व्यवस्था छैन। पाठ्यक्रम विकास केन्द्र, विद्यापरिषद्हरु विषय समितिहरु र शिक्षण समितिहरु संस्थागत रुपमा सक्रिय हुन सकेका छैनन्।

पाठ्यक्रमहरु निकै पुराना छन्। पाठ्यक्रममा सुधार गर्ने प्रयास गरिएको भएता पनि कुनै ठोस आधारको अवलम्बन गरिएको देखिँदैन। अर्थात् पुरानै विषयवस्तुलाई यताउति हेरफेर गर्ने काम मात्रै भएको बुझिन्छ। यसले गर्दा उच्च शिक्षामा पढाइने विषयहरुको विषयवस्तु अन्तर्राष्ट्रिय स्तरमा वा सार्क राष्ट्रहरुको दाँजोमा निम्न

स्तरको देखिन गएको छ। पाठ्यक्रमलाई अध्यावधिक बनाउने प्रयास भएता पनि ठोस आधारको अभावमा सफलता हासिल हुन सकेको छैन। राष्ट्रका विश्वकै निमित्त आवश्यक देखिएका विषयहरुमा पाठ्यक्रम बनाउन सकिएको छैन। बनाइहाले तापनि कुनै निश्चत नीति छैन। यस्तो नीतिको अभावमा पाठ्यक्रम निर्माण कार्य व्यक्तिगत वा समूहगत निजी परियोजना जस्तै बन्न पुगेको छ। आजसम्म बनाइएका पाठ्यक्रमको मूल्याङ्कन गरी सुधारका उपायहरुको अध्ययन गर्नुपर्ने हो तर पाठ्यक्रमको मूल्याङ्कन सही मात्रामा हुन सकेको छैन र त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रहरु र अन्य अनुसन्धान संस्थानहरुबाट गरिएका नेपालसम्बन्धी अनुसन्धानबाट प्राप्त तथ्यहरुलाई समावेश गर्ने कुनै प्रावधान छैन।

पाठ्यपुस्तकः उच्च शिक्षाका विषयमा सबै पाठ्यपुस्तक र पाठ्यसामग्री आफ्नै देशमा निर्माण हुनसकेको छैन। उच्च शिक्षाका लागि धैरैजसो पाठ्यपुस्तकहरु बाहिरबाटै आयात गर्ने गरिन्छ। तर विभिन्न विषयहरुमा पाठ्यक्रम बनाउँदा उच्च शिक्षाका निम्ति उपयुक्त देशमा निर्मित पाठ्यपुस्तकहरुलाई ध्यानमा राखिएको हुन्छ। तैपनि उच्च शिक्षाका पाठ्यक्रमको लक्ष्य त्यसमा निहित भावना एवं विषयवस्तुको स्तरीय तथा वस्तुगत प्रस्तुतीकरण भएका देशमा उत्पादित पाठ्यपुस्तकहरुको सर्वथा अभाव छ।

पाठ्यक्रम विकास केन्द्रलाई पाठ्यपुस्तक वा सन्दर्भ पुस्तकको उत्पादन गर्ने जिम्मेवारी दिइएको भए पनि यसका अनेकौँ समस्याहरु छन्। पुस्तक उत्पादन प्रक्रिया ज्यादै साँघुरो छ। यसका लागि कुनै एउटा संस्था पूर्ण रुपमा उत्तरदायी छैन। पुस्तक प्रकाशनको निमित्त त्रिभुवन विश्वविद्यालय छापाखाना छ। तर यसले पनि प्रभावकारी रुपमा काम गर्न सकेको छैन। पाठ्यपुस्तक उत्पादनका निमित्त छुट्याइएको खर्च ज्यादै कम छ। यसले गर्दा विगत वर्षमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित हुने पुस्तकहरुको संख्या बढ्नुको साटो झन कम भएको देखिन्छ। अघि प्रकाशित पुस्तकहरु बजारमा पाइदैनन् । तिनको संशोधन र पुनर्मुद्रण कमै भएको देखिन्छ र प्रकाशित पुस्तकहरुको विक्री वितरण पनि व्यवस्थित छैन।

**शिक्षणः** त्रिभुवन विश्वविद्यालयको शिक्षण सन्तोषजनक छ भन्न सकिन्न। शिक्षाको मुख्य उद्देश्य नै विद्यार्थीहरुलाई घोकन्ते बनाउनु जस्तो लाग्छ। विद्यार्थी संख्याको चापले गर्दा शिक्षणमा व्याख्या गर्ने र लेखाउने पद्धतिको बाहुल्य छ। विद्यार्थीहरुको चिन्तन र सृजनशिलताको विकास गर्ने प्रयास भएको देखिन्न। शिक्षण पद्धति एकोहोरो

तथा अनाकर्षक भएकाले विद्यार्थीहरुको अभिरुचि जगाउन सिकएको छैन। शिक्षकहरुको विशेष गरी नयाँ शिक्षकहरुका निमित्त कुनै प्रकारको अभिमुखीकरण तालिमा वा सीप विकास गर्न मौका छैन। पाठ्यक्रम विकास केन्द्रले यसतर्फ केही विषयहरुमा प्रयास गर्न खोजेको छ, तर यसका लागि प्राप्त सुविधा साह्रै नै कम छ।

त्रिभुवन विश्वविद्यालयका अधिकांश शिक्षकहरु त्रिभुवन विश्वविद्यालयकै उत्पादन हुन्। कुनै प्रकारको अभिमुखीकरणको अभावमा त्रिभुवन विश्वविद्यालयको पठनपाठनको स्थितिमा यथास्थितिवादको सिर्जना भई शिक्षण स्तरमा तीव्र ह्रास आएको छ। धेरैजसो क्याम्पसहरुमा विद्यार्थीहरुको हाजिरी लिइँदैन। यसले गर्दा विद्यार्थीहरु वर्ष भरीमा ८०/९०दिन पनि हाजिर हुँदैनन्। विश्वविद्यालयमा विद्यार्थी भर्नादेखि परीक्षासम्मका कार्यतालिकाको कुनै निश्चितता छैन। वर्षमा कुन विषयमा कति दिन पठनपाठन हुनुपर्ने र दिनको कति घण्टा पढाइ हुनुपर्ने भन्ने केही निश्चित अवधारणा छैन।

**मूल्याङ्कनः** मूल्याङ्कन प्रक्रिया परीक्षामा केन्द्रित हुनाले शिक्षामुखी नभई प्रशासनमुखी हुन गएको छ। प्रश्नपत्र निर्माण जस्ता कार्यलाई पनि प्रशासनिक ढाँचाले हेरिएको छ। कक्षा शिक्षण पाठ्यक्रमको उद्देश्य र त्यसमा निहित भावना र मूल्याङ्कन (परीक्षा) बीच आवश्यक तालमेल हुनुपर्नेमा सो भएको देखिन्न।

उत्तरपुस्तका जाँच्नका निम्ति सामान्य आधार बनाए तापनि हरेकले आ-आफ्नो आधार बनाई जाँच्ने गरेको देखिन्छ। परीक्षा सम्बन्धी वस्तस्थितिको अध्ययन वा अनुसन्धान शून्यप्रायः छ। यस विषयमा अध्ययन गराई परीक्षा पद्धतिमा सुधार गर्नु पर्ने आवश्यकता छ। त्यसो भएमा मात्र उच्च शिक्षाको गुणस्तरमा वृद्धि गर्न सकिन्छ।किनभने अहिलेसम्मको हाम्रो शिक्षा परीक्षा केन्द्रित छ र यस प्रकारको सोचाइमा छिटै परिवर्तन आउने सम्भावना पनि छैन।

**अनुसन्धानः** त्रिभुवन विश्वविद्यालयका अनुसन्धान कार्यहरु संकाय तथा अनुसन्धान केन्द्रहरुमा सम्पन्न हुन्छन्।अनुसन्धानका क्षेत्रबारे कुरा गर्दा नीतिगत, कार्यक्रमगत र व्यवस्थापन तहहरुका मुद्दा तथा समस्याहरु विचारणीय छन्। नीतिगत तहमा हेर्दा त्रिभुवन विश्वविद्यालयका संकाय, विभागहरु तथा अनुसन्धान केन्द्रहरु र त्रिभुवन विश्वविद्यालयभित्रका तथा बाहिरका अनुसन्धान संस्थाहरुका बीच व्यवाहरिक रुपले बाञ्छितमात्रामा समन्वय स्थापित हुन सकेको पाइँदैन। यसै कारण अनुसन्धान केन्द्रहरुमा हुने अनुसन्धानको माध्यमबाट शिक्षण र अनुसन्धान कार्यहरु एक आपसमा

परिपोषक हुन सक्ने गरी जति निकट आइसक्नुपर्ने हो त्यति निकट आएका छैनन्। यस्तै किसिमको समन्वय स्थापित गरी कार्यक्रम संचालित गर्न नसकिएकाले श्री ५ को सरकारका मन्त्रालय, विभाग एवं अन्य निकायहरुद्वारा तर्जुमा गरिने अनुसन्धान कार्यक्रमहरुमा त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रहरु तथा संकायहरु चाहिँदो मात्रामा सम्बद्ध हुन पाएका छैनन्। विदेशी एवं अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट प्राप्त हुने परियोजनाहरुसित संबद्ध अनुसन्धान प्रस्तावहरु श्री ५को सरकारका सम्बन्धित मन्त्रालय र अन्य निकायहरुबाट पास गराउँदै लैजानेतर्फको औपचारिक प्रक्रिया घुमाउरो र बढी समय लाग्ने रहेको पाइन्छ।

कार्यक्रमका तहमा हेर्दा त्रिभुवन विश्वविद्यालयका संकाय तथा अनुसन्धान केन्द्रका अनुसन्धानकर्ताहरुलाई नौला अनुसन्धान प्रविधिसम्बन्धी ज्ञान र सीप हासिल गर्ने मौकाहरु उपलब्ध छैनन्। अनुसन्धान अनुभवहरु एवं तथ्याङ्क र डकुमेन्टहरुको आदान-प्रदानका लागि आवश्यक पर्ने प्रणालीहरु पर्याप्त छैनन्। उपत्यकादेखि बाहिरका त्रिभुवन विश्वविद्यालयका शिक्षकहरुलाई केन्द्रीय विभाग तथा अनुसन्धान केन्द्रहरुमा रही अनुसन्धान कार्य गर्ने अवसरहरु आवश्यक मात्रामा उपलब्ध गराउन सकिएको छैन। विद्यावारिधि कार्यक्रमहरुका निमित्त आवश्यक पर्ने अनुसन्धान प्रविधिसम्बन्धी कक्षा, निर्देशन इत्यादिको प्रबन्ध केन्द्रीय विभागहरु तथा अनुसन्धान केन्द्रहरुमा उचित रुपमा र आवश्यक मात्रामा गर्ने गरिएको पाइँदैन। त्यसैले विगत ३१ वर्षमा त्रिभुवन विश्वविद्यालयका मानविकी र सामाजिकशास्त्रमा करीब ३१० जनाले पिएचडी उपाधिमूलक अनुसन्धानको लागि पञ्जीकृत गरे तर ५८ जनाले मात्र काम पूरा गरी उपाधि लिन सकेका छन्।

व्यवस्थापनका दृष्टिले विचार गर्दा त्रिभुवन विश्वविद्यालयमा अनुसन्धान तर्फका लागि छुट्याउने बजेट रकम साह्रै कम छ। हाल अनुसन्धान केन्द्रहरुका हकमा यो रकम सम्पूर्ण वार्षिक बजेटको करीव १३ प्रतिशत हुन आउँदछ। केन्द्रीय विभागहरुमा न अनुसन्धान र  प्रकाशनका लागि कुनै रकम छ । बजेटको कमीले गर्दा आवश्यक न्यूनतम मात्रामा उपकरण सुविधा उपलब्ध नहुनाले अनुसन्धान केन्द्रहरुको कार्य दक्षताको स्तर बढ्न पाएको छैन। सहभागिता बढाउनका निम्ति सामान्य व्यवस्थापन पनि हुन नसकेर अनुसन्धान केन्द्रहरु अन्तर्गत गरिने अनुसन्धान कार्यक्रमहरुमा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभाग वा अन्यत्रका शिक्षकहरुको संलग्नता त्यति

उत्साहबर्द्धक छैन। यसरी नै करार अनुसन्धान तथा परामर्श सेवा पक्ष त्यति सशक्त र सक्रिय देखिँदैन।

**राष्ट्रिय विकास सेवाः** सिद्धान्तको प्राचुर्य रहेको उच्च शिक्षाको पाठ्यक्रमअन्तर्गत शैक्षणिक प्रक्रियालाई केही हदसम्म व्यावहारिक बनाउन राष्ट्रिय विकास सेवाले सहयोग गरेकाले राष्ट्रिय विकास सेवाको उपादेयता छ। यस कार्यक्रमबाट विद्यार्थीहरुलाई आफूले आर्जन गरेको ज्ञानको पृष्ठभूमिमा राष्ट्र वा समाजको स्थिति बुझ्ने अवसर प्राप्त हुन्छ। विद्यार्थीहरुको यस प्रकारको अनुभवबाट सम्बन्धित पाठ्यक्रमलाई देशको निम्ति सुहाउँदो बनाउने आधार प्राप्त हुन्छ र देशको वास्तविकताको नजिक ल्याई समुदायप्रतिका कर्तव्य पूरा गर्नमा ठोस आधार प्रदान गर्दछ। तर राष्ट्रिय विकास सेवाका पनि आफ्ना समस्या छन्। राष्ट्रिय विकास सेवालाई १ वर्षको कार्यक्रमबाट ३ महिनाको कार्यक्रम बनाउनु नै दुःखलाग्दो कुरा भएको छ। प्रचलित तीन महिने कार्यक्रम विद्यार्थीहरुलाई लाभदायक देखिँदैन। राष्ट्रिय विकास सेवासम्बन्धी स्पष्ट राष्ट्रिय नीति छैन जसले गर्दा श्री ५को सरकार र विश्वविद्यालयका बीचमा यसबारे मतभेद हुने स्थिति उत्पन्न भएको छ। उच्च शिक्षाको स्नातकोत्तर तहमा पढ्ने करिब ५ हजार विद्यार्थीहरुलाई मासिक भत्ता दिएर यो कार्यक्रम संचालन गर्न राष्ट्रले ठूलो धनराशी व्यहोर्नुपर्ने देखिन्छ।

**व्यवस्थापनः** उच्च शिक्षामा अध्ययनरत विद्यार्थी संख्या निरन्तर बढ्दै गएको छ। विद्यार्थी संख्यामा हुँदै आएको वृद्धिका साथसाथै नयाँ विषय र क्षेत्रहरु खोल्दै जानुपर्ने आवश्यकताको पनि विश्वविद्यालयले अनुभव गर्दै आएको छ। तीव्र रुपमा बढ्दै गएको विद्यार्थी संख्याको अनुपातमा भौतिक सुविधामा वृद्धि हुन सकेन। क्याम्पसहरुको भौतिक सुविधा यथावत नै रह्यो। फलस्वरुप हाल यता केही वर्ष देखि क्याम्पसहरुमा बिहान, दिउँसो, अपरान्ह र रात्रिका सिफ्टहरु खोली विद्यार्थीहरुको भर्ना र समस्याको समाधान गर्ने नीतिको अवलम्बन गरियो। विश्वविद्यालयको आकार र शैक्षिक कार्यक्रमहरुमा क्रमिक रुपमा हुँदै आएको विस्तारले यसका व्यवस्थापकीय पक्षमा पनि जटिलता उत्पन्न हुँदै गएको छ। वर्तमान अवस्थामा विश्वविद्यालय व्यवस्थापनमा देखिएका केही समस्याहरुले विशेष रुपमा ध्यान आकृष्ट गरेका छन् । आर्थिक स्रोतको कमी, कार्य सम्पादनमा ढिलाइ, प्रशासनिक ढिलासुस्ती, उपलब्ध जनशक्ति र अन्य स्रोतको पूर्ण परिचालन र उपयोगमा न्यूनता, प्रशासनतन्त्रको निरन्तर अभिवृद्धि , निश्चित कार्ययोजना र शैक्षिक कार्यतालिकाको अभाव, बढ्दो वातावरणीय (बाह्य)प्रभाव

आदि जस्ता समस्याहरु प्रखर रुपमा देखिँदै आएका छन्। विश्वविद्यालय व्यवस्थापनका यिनै समस्याहरुलाई छोटकरीमा यहाँ प्रस्तुत गरिएको छ।

नेपालको उच्च शिक्षाको व्यवस्थापनमा देखापरेका अहिलेका मूलभूत समस्या अधिकारको केन्द्रीकरण नै हो भन्ने कुरा स्पष्ट भइसकेको छ। अधिकार केन्द्रीकरणको कारण केन्द्रीय पदाधिकारीहरुको कार्यभार अनावश्यक रुपले बढ्न गएको र यी पदाधिकारीहरुलाई नीतिगतभन्दा प्रशासनिक कुरामा व्यस्त रहनु परेकाले यी पदाधिकारीहरुलाई आ-आफ्नो पदीय दायित्व निर्वाह गर्ने समयको अभाव हुनाका साथै प्रशासनका तल्ला तहहरुमा जिम्मेवारी पन्छाउने प्रवृत्तिमा वृद्धि भएको पनि पाइन्छ। विश्वविद्यालयका अन्य व्यवस्थापकीय समस्याहरु विभिन्न किसिमका देखिन्छन्। अधिकार र जिम्मेवारीबारे स्पष्ट किटान नभएकाले कार्यसम्पादन तथा मूल्याङ्कन व्यवस्था प्रभावकारी हुन सकेको छैन। समन्वय, योजना र नियन्त्रण प्रणालीको विकास हुन सकेको छैन। कार्यक्रम र आर्थिक योजनाका बीच समन्वय देखिँदैन। शैक्षिक संस्था र समाजका बीच सम्पर्क स्थापित हुन नसक्दा जनसहभागिता बढ्न सकेको छैन। शैक्षिक नीति निर्माणमा शिक्षकहरुको वाञ्छित मात्रामा संलग्नता हुन सकेको छैन। अनावश्यक प्रशासनिक एकाइहरुको गठन गरिएबाट प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको देखिन्छ। क्याम्पसहरुका बीचको अन्तर्सम्बन्ध नगण्य रुपमा रहेको देखिन्छ। व्यवस्थापनको दृष्टिकोणले हेर्दा आजको विश्वविद्यालय दिशाहीनताको स्थितिमा देखिन्छ। त्यस्तै यसको कार्यान्वयन पक्ष पनि निकै कमजोर देखिन्छ। शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने र अनुत्पादक खर्चमा कटौती गर्न आवश्यक पर्ने, नियन्त्रण, योजना, समन्वय र मूल्याङ्कन जस्ता पक्षहरु प्रभावकारी हुन सकेका छैनन्। विश्वविद्यालयका कर्मचारी प्रशासनको क्षेत्रमा पनि कतिपय समस्याहरु विद्यमान रहेका देखिन्छन्। उदाहरणका निम्ति शिक्षक र कर्मचारीको संख्यामा वृद्धि भइरहेको छ। यस प्रकारको वृद्धिले गर्दा कर्मचारीका आफ्ना समस्याहरु पनि थपिएका छन्। क्याम्पस तहमा नियुक्तिका निम्ति छनोटको वैज्ञानिक आधारको अवलम्बन नगरिँदा योग्यतम शिक्षकहरुको छनोट हुन सकेको छैन र यसले गर्दा यसबाट शैक्षिक गुणस्तमा प्रभाव परेको छ। अहिले नै पनि कूल शिक्षक संख्याको ३० प्रतिशत जति ज्यालादारी, करार र अस्थायीका रुपमा कार्यरत रहेका छन्। धैरै समयसम्म यस्तो स्थिति रहिरहनु उच्च शिक्षाको विकासका निम्ति अवरोध हो। कुनै पनि पद सिर्जना कार्यभार आदिको आधारमा नभई हचुवा प्रकारले गर्ने गरेको देखिन्छ। सस्तो

लोकप्रियताका लागि र राजनैतिक बाध्यता र दवावको कारणले समयबद्ध पदोन्नति र स्वतः स्थायी जस्ता नीतिको अवलम्बन गरीँदा शैक्षिक गुणस्तर र विशिष्टतालाई प्रभाव पारेको छ र यसबाट शिक्षकहरुको मनोबल र उत्प्रेरणामा ठूलो असर परेको छ।

बहुविश्वविद्यालयको अवधारणाः श्री ५को सरकारले देशका विभिन्न क्षेत्रमा नयाँ विश्वविद्यालय स्थापनाको सम्भाव्यताबारे विचार गर्दा सरकारी तथा निजी क्षेत्रका भौतिक, आर्थिक तथा शैक्षिक पूर्वाधारहरुको विकासतर्फ पनि विशेष ध्यान पुऱ्याउनु पर्ने खाँचो छ।

नयाँ विश्वविद्यालय खोल्दा जुन क्षेत्रमा खोल्ने हो त्यस क्षेत्रमा पर्याप्त माध्यमिक विद्यालयहरु छन्, छैनन् र ती माध्यमिक विद्यालयहरुबाट प्रतिवर्ष पर्याप्त संख्यामा विद्यार्थी उत्तीर्ण हुन्छन् कि हुँदैनन् भन्ने  कुराका आधारमा मात्र खोल्नु न्यायसंगत हुन्छ। त्यसका लागि विगत (२० वर्ष जति) को प्रवृत्ति र दिशा तथा भविष्य (भनौं २०७७ सम्म) को अडकलका आधारमा विश्वविद्यालय खोलिने क्षेत्रभित्र पर्ने प्रत्येक अंचल र जिल्ला-जिल्लाको शैक्षिक स्थितिको विस्तृत विश्लेषण गर्नु सबभन्दा जरुरी छ। किनभने सबभन्दा महत्वपूर्ण कुरो नै खोल्न लागिएको संस्थाको चिरस्थायित्व हो। दोस्रो महत्वपूर्ण आधार प्रस्तावित क्षेत्रमा पर्ने जिल्ला तथा अंचलको सामाजिक, आर्थिक स्वरुप हो। जस्तै जनसंख्या, सामाजिक संरचना, आर्थिक तथा औधोगिक वैभव अनि त्यसको अन्तर्निहित स्वरुप र खानेपानी, बिजुली, सडक, अस्पताल, बैङ्क, क्षेत्रीय केन्द्र तथा कार्यालयहरु, अन्य विकास कार्य तथा अन्य गतिविधिहरु। तेस्रो आधार हो- क्याम्पस, विद्यार्थी तथा शिक्षकको संख्या, विशेष गरी तिनीहरुको कार्यसम्पादन, अनुभव तथा व्यावसायिक पृष्ठभूमि र परिवेश, भएभरका भवन, पुस्तकालय, प्रयोगशाला, छात्रावास, कक्षा र आवास सुविधाको पूर्ण जानकारी यसमा आवश्यक छ। चौथो आधार हो- उच्चशिक्षामा वर्तमान तथा भविष्यमा हुने जनसहभागिता । अनुदान र छात्रवृत्तिका रुपमा जनसहभागिता मुख्य रुपमा चलेकै छ। तर धेरै खर्च लाग्ने भएकाले उच्च शिक्षामा पनि दीर्घकालीन रुपमा त्यस्तै जनसहभागित पर्याप्त होला भन्ने कुरो यसै भन्न सकिदैन।

भविष्यमा खुल्ने विश्वविद्यालयका लागि मुख्य तीनबटा कुरा विस्तृत छलफल हुन आवश्यक छ- १)स्थान, २)स्वरुप, र ३) लगानी। नेपालमा भविष्यमा खुल्ने विश्वविद्यालयहरुको संख्या धेरै हुनु हुँदैन। त्यसैले आउँदो पच्चीस वर्षका लागि विचार गर्दा नेपालले आफ्नो अतितबाट सिक्नुपर्छ र सकेसम्म गल्ती दोहोऱ्याउनु हुँदैन।

त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहमा अहिले ६७ प्रतिशत विद्यार्थीहरु पढिरहेका छन्। तर यस तहका छात्रलाई संसारका अन्य भागमा विश्वविद्यालयका विद्यार्थी मान्ने चलन छैन। अर्कातिर अहिले सम्मको विद्यार्थी भर्ना एकदम असन्तुलित छ, किनभने मानविकीमा ४४ प्रतिशत, व्यवस्थापनमा २३ प्रतिशत र कानूनमा ७ प्रतिशत भएबाट त्रिभुवन विश्वविद्यालय अप्राविधिक किसिमको एउटा विश्वविद्यालय बन्न पुगेको छ। अन्ततः जुनसुकै आधारमा अति ठूलो र भौगोलिक रुपमा पनि अति छरिएको विश्वविद्यालय हुन पुगेको छ।

आगामी दशकहरुमा अप्राविधिक शिक्षाका स्नातकहरुका लागि श्रमबजार निकै साँघुरो हुनेवाला छ किनकि जुन गतिमा हाम्रो अर्थतन्त्र र उत्पादनशील क्षेत्रको विस्ता हुँदैछ त्यसभन्दा धेरै द्रुततर गतिमा हाम्रा स्नातकहरुको उत्पादन भइरहेको छ। अहिले नै पनि प्राविधिक शिक्षा पाएका कति स्नातकहरु बेकार छन् भने अप्राविधिक क्षेत्रका स्नातकहरुको त कुरै नगरे पनि हुन्छ। तैपनि उच्च शिक्षामा  नेपाली करदाताले प्रतिविद्यार्थी प्रतिवर्ष कति लगानी गरेको छ भन्ने कुरा तालिका ९बाट स्पष्ट हुन्छ। प्रस्तुत तथ्याङ्कलाई पनि आन्तरिक दक्षताको मापदण्डका आधारमा हेर्दा लगानी भएको रकमको २५-३० प्रतिशत मात्रै उत्पादन भई अधिकांश चाहिँ अनुत्पादक नै ठहरिन जान्छ।

**तालिका नं ९**

**उच्च शिक्षामा प्रतिविद्यार्थी वार्षिक लगानी**

| | |
|---|---|
| त्रिभुवन विश्वविद्यालय साधारण शिक्षा, आ.व.२०४६/४७ | |
| मानविकी | रु १६९० |
| कानून | रु १०८८ |
| व्यवस्थापन | रु ११२८ |
| शिक्षा | रु २९८३ |
| त्रिभुवन विश्वविद्यालय (प्राविधिक शिक्षा आ.व. २०४७/४८) | |
| चिकित्साशास्त्र | रु ५२२९६ |
| कृषि तथा पशुपालन | रु ३४७०१ |
| वनविज्ञान | रु २८२५८ |
| इन्जिनियरिङ | रु १८७८१ |
| विज्ञान तथा प्रविधि | रु ५२८१ |
| महेन्द्र संस्कृत विश्वविद्यालय आ.व. २०४७/४८ | |
| सबै विषयको सबै तह | रु २०८६८ |

द्रष्टव्यः आ.व. २०४६/४७ मा त्रिविको प्रतिविद्यार्थी औसत खर्च रु ४,०६०।८० र स्नातकोत्तर तहको मात्र प्रतिविद्यार्थी खर्च रु ५०२९ देखिन आउँछ। यसमा अनुमानित बजेटको संचालन खर्च मात्र हिसाब गरिएको छ, पूँजीगत खर्च होइन। विद्यार्थी संख्याको अनुमानित सञ्चालन खर्चलाई विभाजित गरी यो प्रतिविद्यार्थी लगानी निकालिएको हो। महेन्द्र संस्कृत विश्वविद्यालयको प्रतिविद्यार्थी वार्षिक लगानी पनि आ.व.२०४७/४८को सञ्चालन खर्चलाई विद्यार्थी संख्याले भाग गरी निकालिएको छ।

आधारभूत तथा प्राथमिक शिक्षालाई बेवास्ता गरेर सरकारले कुल शिक्षा बजेटको २५ देखि ३० प्रतिशत भन्दा बढी अनुदान उच्च शिक्षालाई दिनुहुँदैन।किनभने यसबाट कम सामाजिक र आर्थिक प्रतिफल हुने र सरकारी कोषलाई महंगो पर्ने हुन्छ। स्थानीय माग तथा दवावको आधारमा अथवा खालि आर्थिक सहयोग सजिलै कुनै न कुनै स्रोतबाट उपलब्ध भयो भन्दैमा नयाँ विश्वविद्यालयको स्थापना गर्नु न्यायोचित हुँदैन। धार्मिक, सांस्कृतिक, राजनैतिक वा व्यापारिक उद्देश्यले विश्वविद्यालय खोल्ने प्रवृत्तिलाई हतोत्साहित गर्नुपर्छ। नयाँ विश्वविद्यालय भरसक आवासीय र शैक्षणिक हुनुपर्छ। खालि क्याम्पसहरु पञ्जीकृत गरेर परीक्षा मात्र लिने खालको हुनु हुँदैन। यसका आफ्नै कार्यशालाहरु, प्रयोगशालाहरु, कक्षा भवनहरु र पुस्तकालय हुनुपर्छ।

नयाँ विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयका अतीतका भुल नदोहोऱ्याउने हो भने तिनीहरुले सरकारी अनुदानका भरमा मात्र नचलेर खर्चमा आत्मनिर्भर हुनुपर्छ, साधारण पाठ्यांश नचलाएर व्यावसायिक तथा प्राविधिक विषयहरु चलाउनुपर्छ। भाषा, मानवीकी र सामाजिकशास्त्र मात्र चलाउनु हुँदैन, चाहे त्यो अर्थशास्त्र र समाजशास्त्र जस्ता मूल सामाजिक विज्ञान नै किन नहोस् । नयाँ विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालयकै क्याम्पसको अनुसरण गरेर खालि नेपाली, अंग्रेजी, नागरिकशास्त्र, अर्थशास्त्र र इतिहास आदि मात्र पढाउने हुनुहुँदैन। विश्वविद्यालय अनुदान आयोग जस्तो माथिल्लो निकायले कुन विश्वविद्यालय कुन कुन विषयलाई विशिष्टीकरणको क्षेत्र बनाउने हो त्यसको निर्धारण गर्नुपर्छ। जसले गर्दा नेपालका सबै विश्वविद्यालयले उही गणित, तथ्याङ्कशास्त्र वा नृतत्वशास्त्र जस्ता विषयहरु पढाइरहनु पर्ने खण्ड नआओस्।

उच्च शिक्षासम्बन्धी राष्ट्रिय उद्देश्य र नीतिलाई ध्यानमा राखी नेपालका वर्तमान तथा पछि स्थापित हुने विश्वविद्यालयहरु र उच्च शिक्षण संस्थाहरुको भूमिका र स्तरका साथै तिनलाई दिइने सरकारी अनुदानको निर्धारण गर्न एउटा विश्वविद्यालय अनुदान

आयोगको स्थापना हुनुपर्छ। यस आयोगले दीर्घकालीन रुपमा निम्नलिखित कुराहरुलाई दृष्टिगत गर्दै प्रस्तावित उच्च शिक्षाका लागि एउटा दीर्घकालीन गुरुयोजना तयार गर्नुपर्छः क)उच्च शिक्षाको प्रस्तावित विस्तार दर, ख) अन्तरसंकाय भर्नाको वितरण, ग) साधनको आवश्यकता र उपलब्धिको स्थिति, ङ) विद्यार्थी-शिक्षक खर्च अनुपात, च)संचालन खर्चको अनुपात, छ) शैक्षिक प्रशासनिक खर्चको बाँडफाँडको अनुपात तथा अनुसन्धान र शिक्षणको खर्चको बाँडफाँडको अनुपात, ज) उच्च शिक्षाका अवसरको क्षेत्रीय तथा समाजिक वितरण, झ)कार्यक्रमको गुणस्तर तथा तलनीयता अनि ञ) राष्ट्रको सामाजिक तथा आर्थिक आवश्यकताअनुरुप प्रचलित तथा प्रस्तावित कार्यक्रमहरुको सान्दर्भिकता।

**४. सुझाउहरु :**

उच्च शिक्षा (साधारण) सम्बन्धी यी सुझाउहरु वर्तमान स्थितिका कतिपय पक्षलाई ध्यानमा राखी बनाइएका छन्। यिनमा आर्थिक पक्ष विशेष रुपले विचारणीय छ। उच्च शिक्षामा अहिले रहेको औसत वार्षिक १० प्रतिशत बृद्धि दर र ५ प्रतिशत भर्ना अनुपात चालू नै रहनेछ। यस वृद्धि दरलाई तुरुन्तै आमूल परिवर्तन गर्नु राजनैतिक दृष्टिले सम्भव देखिंदैन। यसका साथै श्री ५ को सरकारको आधारभूत, प्राथमिक तथा माध्यमिक शिक्षाप्रति बढिरहेको वचनबद्धताले गर्दा पनि उच्च शिक्षाका क्षेत्रबाट अझ खर्चको कटौती हुने संभावना छ।

प्रतिवर्ष एस.एल.सी. उत्तीर्ण हुने विद्यार्थीहरुलाई तुरुन्तै उच्च माध्यमिक (१०+२) तिर वा प्रस्तावित व्यावसायिक तथा प्राविधिक तालिम केन्द्र वा बहुप्राविधिक संस्थानहरुतिर उन्मुख गराउन पनि अझ बढी खर्च चाहिनेछ। यसकारण अहिलेको पूर्ण सरकारी अनुदान दिने प्रणालीबाट उच्च शिक्षामा निजी स्वामित्वलाई प्रोत्साहन दिने प्रणाली अँगाल्नु पर्ने कुरा स्पष्ट देखिन्छ।

(१) विश्वविद्यालय अनुदान आयोग: नेपालमा चालू तथा प्रस्तावित उच्च शिक्षण संस्थाको विशेष गरी विश्वविद्यालय शिक्षाको सामाजिक माग र अर्थतन्त्रमा त्यसको भूमिका तथा कार्यलाई परिभाषित गर्न एउटा उच्चस्तरीय विश्वविद्यालय अनुदान आयोग (University Grant Commission) जस्तो संस्थाको स्थापना हुनुपर्छ। यस संस्थाले उच्च शिक्षामा सरकारी अनुदानलाई संचालन गर्ने र उच्च शिक्षाको स्तर तथा एकरुपता कायम गर्नेछ। यस आयोगको संगठन र कार्यक्षेत्रको विवरण यस अध्यायको अनुसूचीमा दिइएको छ।

(२) बहुविश्वविद्यालयको व्यवस्था: वर्तमान प्रजातान्त्रिक वातावरणमा उच्च शिक्षाको अवसर देशका सबै क्षेत्रका योग्य र प्रतिभाशाली व्यक्तिहरुलाई उपलब्ध गराउन त्रिभुवन विश्वविद्यालयलाई विकेन्द्रित गरी त्रि.वि. का आङ्गिक क्याम्पसहरु र निजी क्याम्पसहरुलाई एकीकृत गरेर पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा एक एक तथा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका लागि एक गरी कम्तीमा चारवटा विश्वविद्यालयहरु खोलिनु पर्छ। यी विश्वविद्यालयहरुको स्वरुप र संरचनावारे प्रस्तावित विश्वविद्यालय अनुदान आयोगले सिफारिस गर्नुपर्छ। सामान्यतः यी विश्वविद्यालयहरुसँग त्यस क्षेत्रका प्राविधिक संस्थानहरु तथा महाविद्यालयहरु सम्बद्ध हुनुपर्छ। तर विश्वविद्यालयको कार्यक्षमता, स्तर र मान्यताका कारणले गर्दा कुनै पनि शैक्षिक संस्थानले आफ्नो क्षेत्रबाहिरका राष्ट्रिय विश्वविद्यालयसँग सम्बन्धन गर्न पाउनुपर्छ।

(३) निकट भविष्यमा श्री ५ को सरकारले एउटा खुला विश्वविद्यालयको स्थापना गर्नुपर्छ। यस विश्वविद्यालयले प्राइभेट परीक्षार्थीहरुका निम्ति पनि परीक्षा संचालन गर्नुका साथै अनौपचारिक माध्यममा उच्च शिक्षाको विस्तारका निम्ति नेपालको आवश्यकतालाई ध्यानमा राखेर दूर शिक्षणको कार्यक्रम पनि संचालन गर्नुपर्छ। यस खुला विश्वविद्यालयलाई श्री ५ को सरकारले शुरुका ५–७ वर्षसम्म एकमुष्ट अनुदान दिनुपर्छ र उक्त चरण पार भएपछि पञ्जिका शुल्क, परीक्षा शुल्क र डिग्री शुल्कले नै त्यसलाई आर्थिक रुपमा आत्मनिर्भर गराउनुपर्छ।

(४) सरकारी आर्थिक अनुदानको नीतिलाई कार्यान्वित गर्ने प्रयोजनका लागि विज्ञानलाई प्राविधिक शिक्षा अन्तर्गत राख्नु पर्छ। आगामी वर्षहरुमा पनि स्नातक तहका केही नयाँ विज्ञान महाविद्यालयहरुको स्थापना गर्नुपर्छ।

(५) हरेक विश्वविद्यालयस्थित अनुसन्धान केन्द्र र केन्द्रीय शिक्षण विभागहरुलाई एउटै व्यवस्था अन्तर्गत राखिनुपर्छ। सो केन्द्रलाई पढाइ र अनुसन्धानका निम्ति पुस्तकालय, अभिलेख केन्द्र, तथा विविध प्रयोगशालाहरुको सुविधाले सम्पन्न गरिनुपर्छ। त्यस निकायलाई एक विशिष्ट उच्च अध्ययन अनुसन्धान संस्थाका रुपमा विकसित गरी स्वायत्तता प्रदान गर्नुका साथै यसलाई साधन र सुविधासम्पन्न तुल्याउनु पर्छ।

(६) उच्च माध्यमिक शिक्षा परिषद् ऐन, २०४६ मा प्रस्तावित गरे अनुसार त्रिभुवन विश्वविद्यालयले चरणबद्ध रुपमा प्रवीणता प्रमाणपत्र तहको पढाई वि.सं. २०५७ सम्ममा पूर्ण रुपले बन्द गरिनुपर्छ। अहिलेका त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुबाट प्रवीणता प्रमाणपत्र स्तरलाई बन्द गरेपछि विश्वविद्यालय अन्तर्गतका संकाय र विभागहरु तथा महाविद्यालयहरुले

स्नातक र स्नातकोत्तर डिप्लोमाहरु, एम.फिल र विद्यावारिधिका कार्यक्रमहरुको संचालन गरिनुपर्छ।

(७) हरेक विभाग, संकाय, अध्ययन संस्थान र क्याम्पसले आफ्नो शैक्षिक र भौतिक क्षमताको आधारमा छुट्टाछुट्टै भर्ना र प्रवेश परीक्षा लिन पाउने व्यवस्था हुनुपर्छ।

(८) मानविकी र सामाजिकशास्त्र, शिक्षाशास्त्र, व्यवस्थापन र विज्ञान विषयहरुमा स्नातक तह ३ वर्षको हुनुपर्छ र यी विषयहरुमा ऐच्छिक अनर्स पाठ्यक्रमको समेत व्यवस्था गर्नुपर्छ।

(९) स्नातकोत्तर तहको प्रवेशमा अनर्स पास गरेको विद्यार्थीलाई ग्राह्यता दिइनु पर्छ। दुई वर्षे स्नातकमा उत्तीर्ण पुराना विद्यार्थीहरुका लागि १ वर्षे अनर्सको थप पाठ्यक्रम तयार गर्नुपर्छ।

(१०) पिएच.डी. कार्यक्रममा नाम दर्ता गर्न एम.फिल. लाई पूर्वावश्यक गर्नुपर्छ र त्यसलाई बढी सुसंगत रुपमा संचालन गरेर प्रभावकारी तालिमको रुप दिनुपर्छ। एम.फिल. का पाठ्याँशहरुमा अन्य सम्बन्धित विषयहरु पनि रहनुपर्दछ।

(११) अनुसन्धान पेशालाई प्राज्ञिक तथा सिर्जनात्मक काममा लगानी समेत गर्न सक्ने स्थितिमा पुग्न संकायहरु तथा अनुसन्धान केन्द्रहरुलाई बढी आन्तरिक स्वायत्तता प्रदान गर्नुपर्छ। विश्वविद्यालय तहमा गरिने अनुसन्धान संगठित, अन्तरक्रियात्मक एवं आकर्षक प्राज्ञिक अभ्यासका रुपमा अगाडि आउनुपर्छ। यसका निम्ति विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षामा अनुसन्धान नीति तय गर्नुपर्छ।

(१२) सम्पूर्ण गतिविधिमा जवाफदेहीको भावनालाई कायम गर्न नीति निर्धारण प्रक्रियामा सहभागिताको अधिकतम सम्भावनाको विस्तार गरिनुपर्छ, जसबाट संकाय र विद्यार्थी दुवैमा निजत्वको भावना जागरित होस्। तर संकायलाई आफ्नो शिक्षण तथा अनुसन्धानको मौलिकता तथा व्यावसायिक स्तर निर्धारण गर्न पूर्ण स्वायत्तता दिइनुपर्छ र त्यसमा हस्तक्षेप गरिनु हुँदैन। विश्वविद्यालयका गतिविधिवारे नीति निर्धारण गर्दा सहभागिता, स्पष्टता र उत्तरदायित्वको निर्देशक सिद्धान्तको पालन गर्नुपर्छ।

(१३) हरेक विश्वविद्यालय, संकाय तथा विभागमा आफ्नै वा कुनै स्वदेशी वा विदेशी दाताका सहयोगमा दीर्घकालीन वृत्ति विकास कार्यक्रम संचालित गर्न प्रोत्साहित गर्नु पर्दछ जसबाट देशभित्र तालिम, गोष्ठी, कार्यशाला, विषय–संगोष्ठी र अल्पकालीन अध्ययन भ्रमण तथा पेशागत आत्मोन्नतिको व्यवस्था गर्न सकियोस्।

(१४) शिक्षण विभाग, संकाय, अध्ययन संस्थान, कलेज, स्कूल, विद्यापीठ र अनुसन्धान केन्द्रहरुका तहमा अधिकारको अत्यधिक विकेन्द्रीकरण र यथोचित मात्रामा अधिकारको प्रत्यायोजन गरिनुपर्छ। नीति, योजना र मूल्यांकनलाई छोडेर

कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने सबै कुरामा उपयुक्त तहमा पूरै जिम्मेवारी सुम्पिने व्यवस्था मिलाइनुपर्छ।

(१५) शिक्षण तथा प्रशासनका उच्च पदहरुको सिर्जना गर्दा हरेक पदको कार्य, कार्यक्रम र भूमिका स्पष्ट रुपले परिभाषित हुनुपर्छ। त्यस्ता पदको पूर्वाधार सकेसम्म स्पष्ट हुनुपर्छ।

(१६) प्रशासनिक र आर्थिक व्यवस्थाको संचालन तथा क्याम्पसका निम्ति जनसहभागिता परिचालन गर्न एउटा क्याम्पस सञ्चालक समिति रहन सक्नेछ। यसको काम, कर्तव्य र अधिकार तोकिए अनुसार हुनेछ।

(१७) राष्ट्रिय विकास सेवालाई सामाजिक सेवा र विस्तार कार्यक्रमका रुपमा जनतासम्म लैजान आर्थिक स्रोत जुटाएर क्रेडिट जम्मा नहुने गरी स्वेच्छाका आधारमा संचालन गर्ने व्यवस्था गर्नुपर्छ। उदाहरणका निमित्त यस्ता केही कार्यक्रम हुन् : (अ) वृक्षारोपण तथा वातावरण शिक्षा, (आ) जनसंख्या शिक्षा, (इ) साक्षरता, (ई) आधार शिक्षा, (उ) स्वास्थ्य शिक्षा, (ऊ) प्रतिरक्षण (इम्युनाइजेशन), तथा विद्यालयहरुमा (ए) अंग्रेजी, विज्ञान, गणित आदि विषयको शिक्षण। यस्तो कार्यक्रम स्नातकोत्तर तहमा मात्र सीमित रहनेछ। ग्रामीण सामाजिक विकास र ग्रामीण समाजशास्त्र जस्ता विषयहरुमा भने राष्ट्रिय विकास सेवालाई अनिवार्य बनाउनेतर्फ प्रोत्साहित गर्नुपर्छ।

(१८) हरेक विश्वविद्यालयले उपलब्ध सूचना तथा अध्ययन अनुसार आफ्नो आन्तरिक कार्यक्षमता बढाएर अनि आफ्ना शिक्षकहरुको कार्यभारलाई पुनर्वितरण गरेर उपलब्ध तथा आफ्नो आन्तरिक स्रोत र साधनको परिचालन गर्नुपर्छ। त्यस्तै उच्च शिक्षामा अधिकार स्रोत र साधनको दुरुपयोग तथा क्षति (बीचैमा छोड्ने, दोहोऱ्याउने र असफल हुने विद्यार्थीको संख्या तथा कारण) वा उच्च शिक्षाको अवसर वारे सघन तथा विस्तृत अध्ययन अनुसन्धान गर्नुपर्छ।

(१९) (१९) उच्च शिक्षा क्षेत्रमा एउटा पूर्ण विकसित तथ्यांक बैंक र उच्च शिक्षा सम्बन्धी सूचना व्यवस्थापन प्रणाली हुनुपर्छ, जसले गर्दा समकालीन तथा पुराना उच्च शिक्षा सम्बन्धी सबै महत्वपूर्ण आँकडा र अभिलेखहरु त्यसै अभिलेख केन्द्रमा सजिलै उपलब्ध हुन सकुन्।

(२०) बेला बेलामा संसारका अरु भागका विशेष गरी दक्षिण एशियाका विश्वविद्यालयमा नेतृत्व लिनेहरुसँग वैचारिक आदान प्रदानका कार्यक्रमहरुको संचालन गर्नु पर्छ। यसो गर्नाले अन्यत्रका विश्वविद्यालयका तुलनामा आफ्नो वास्तविक स्थितिको जानकारी लिन सहयोग मिल्नेछ।

(२१) विश्वविद्यालयहरु, अध्ययन संस्थानहरु, संकायहरु र क्याम्पसहरुले आफ्नो शैक्षिक सत्रको कार्यतालिका कम्तीमा पनि तीन महिना अगावै प्रकाशित गरी प्रवेश लिन चाहनेहरुलाई उपलब्ध गराउनु पर्छ।

(२२) शिक्षाको बढ्दो विस्तार र देशलाई चाहिने पेशागत जनशक्तिलाई ध्यानमा राखी आगामी वर्षहरुमा व्यवस्थापन शिक्षालाई बढाउँदै जानु पर्ने आवश्यकता छ। प्रस्तावित संरचनाभित्र पेशागत विषयहरुको विस्तार गरी विशिष्टीकरणतिर जाने कुरामा ध्यान दिनुपर्छ। व्यवस्थापनका विविध विषयहरुको शिक्षण प्रशिक्षणका निम्ति औपचारिक शिक्षाका रुपमा संकायहरु, महाविद्यालयहरु र बहुप्राविधिक संस्थान तथा खुला विश्वविद्यालयका तहमा पनि कार्यक्रमहरुको संचालन गर्नुपर्छ।

(२३) विश्वविद्यालय अन्तर्गतका महाविद्यालयहरुमा स्नातक र स्नातकोत्तर स्तरको व्यवस्थापन शिक्षाको कार्यक्रमहरुको संचालन गर्दा विषयहरुको विस्तार गरी छनौटका संभावनाहरुको विस्तार गर्नुपर्छ। सामाजिक मागलाई ध्यानमा राखी व्यवस्थापनका विषयहरुको विकास गर्नु र अन्तर्विषयक अध्ययनलाई अघि बढाउनु आवश्यक छ। अध्ययन अध्यापनको क्षेत्र विस्तार र सुदृढीकरणका साथै यस क्षेत्रमा विद्यावारिधि स्तरीय अनुसन्धानको तयारी गर्ने र अध्यापनका क्षेत्रमा प्रवेश गर्नेहरुका लागि एम.फिल. को अध्ययनको कार्यक्रम पनि संचालन गर्नुपर्छ। एकातिर व्यवस्थापन शिक्षालाई सुदृढ तुल्याई स्तरीय बनाउँदै जानु छ भने अर्कातिर उच्चस्तरीय अनुसन्धान पनि गर्नुपर्छ।

(२४) स्नातक तह उत्तीर्ण व्यक्तिलाई मात्र बी.एल. को कार्यक्रममा प्रवेश दिनुपर्छ। नयाँ पाठ्यक्रम निर्माण गर्दा कानूनको शिक्षा सैद्धान्तिक र पेशागत रुपमा प्रदान गर्नका निम्ति उपयुक्त र सामयिक बनाउनु आवश्यक छ। कानून शिक्षामा एल.एल.एम. को कार्यक्रम पनि यथाशीघ्र प्रारम्भ गर्नु र यसलाई एम.फिल. सरहको मान्यता दिनुपर्छ। यस तहमा कानूनलाई बहुविषयक दृष्टिकोणले बुझ्ने र सैद्धान्तिक र व्यावहारिक पक्षको विश्लेषण गरी सन्तुलन पैदा गर्न सक्ने अध्ययनको शैली अँगाल्नुपर्छ। स्नातक तह र माथिका कानून शिक्षाका कार्यक्रमहरुको संचालन गरेपछि क्रमशः कानूनमा विद्यावारिधिस्तरको अनुसन्धान कार्यक्रमको प्रारम्भ गर्नुपर्छ।

(२५) उच्च शिक्षाका लागि चाहिने गुणस्तरयुक्त पाठ्यपुस्तक र पाठ्यसामग्रीको अभिवृद्धिका निम्ति उपयुक्त स्तरको वैज्ञानिक स्थलगत पूर्व प्रशिक्षणको व्यवस्था गरी योग्य लेखकहरुलाई प्रोत्साहित गर्नु र लेखिएका पाठ्यपुस्तकहरुको सम्पादन गरी उपयुक्त स्तरमा मुद्रण गरेर विद्यार्थीहरुलाई उचित मूल्य उपलव्ध गराउनु पर्छ।

# अनुसूची

## विश्वविद्यालय अनुदान आयोग

अहिलेका विश्वविद्यालयहरु र पछि स्थापित हुने विश्वविद्यालयहरु, महाविद्यालयहरु र उच्च शैक्षिक संस्थानहरुको भूमिका स्पष्ट गरी ती सबै संस्थाहरुको समन्वय र मूल्यांकनका साथै तिनलाई श्री ५ को सरकारका तर्फबाट दिइने अनुदानको निर्धारण गर्न राष्ट्रिय स्तरको एउटा विश्वविद्यालय अनुदान आयोगको गठन गरिनेछ।

यस आयोगमा निम्नलिखित अनुसारका सदस्य रहनेछन् :

(१) राष्ट्रिय स्तरका ख्याति प्राप्त शिक्षाविद्, प्राध्यापक तथा प्राविधिज्ञहरु मध्येबाट ४ जना

| | | |
|---|---|---|
| (२) | राष्ट्रिय योजना आयोगको सदस्य (शिक्षा) | १ जना |
| (३) | सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | १ जना |
| (४) | सचिव, अर्थ मन्त्रालय | १ जना |
| (५) | राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्का प्रमुख | १ जना |
| (६) | उच्च शिक्षामा विशेष योगदान दिने समाजसेवी | १ जना |
| (७) | विश्वविद्यालयका उपकुलपतिहरुबाट | २ जना |
| | | जम्मा ११ जना |

## आयोगका पदाधिकारीहरु

(१) आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव लगायत सदस्यहरुको मनोनयन श्री ५ को सरकार मन्त्रिपरिषद्ले गर्नेछ।

(२) आयोगका अध्यक्ष तथा सदस्यहरुका तलब, सुविधा र सहुलियत श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

(३) आयोगका अध्यक्ष, उपाध्यक्ष, सदस्य–सचिव र एक जना सदस्य पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(४) आयोगको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ।

(५) आयोगको बैठकको अध्यक्षता आयोगका अध्यक्षले गर्नेछन् र अध्यक्षको अनुपस्थितिमा सो कार्य उपाध्यक्षले गर्नेछन्।

(६) आयोगले आवश्यकता अनुसार विशेषज्ञहरुको कार्यटोली बनाई उच्च शिक्षाको विभिन्न पक्षवारे अध्ययन गराउनेछ।

(७) पदेन सदस्यहरु बाहेक आयोगका सदस्यहरुको कार्यावधि ४ वर्षको हुनेछ।

**विश्वविद्यालय अनुदान आयोगको कर्तव्य र अधिकार :**

(१) विश्वविद्यालय अनुदान आयोगको काम, कर्तव्य र अधिकार निम्नलिखित अनुसार हुनेछ :

(२) उच्च शिक्षाका लागि दिइने अनुदान सम्बन्धी हालको नीतिमा आवश्यक सुधार गरी अनुदान सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा गर्ने।

(३) निर्धारित नीति अनुसार अनुदान उपलब्ध गराउने।

(४) उच्च शिक्षासँग सम्बद्ध विभिन्न निकायहरुको शैक्षिक विकास, भौतिक, विस्तार तथा सुदृढीकरणका निम्ति सरकारी, गैरसरकारी, निजी, राष्ट्रिय र अन्तर्राष्ट्रिय साधन स्रोतको परिचालन गर्ने।

(५) देशका विभिन्न भागमा आन्तरिक तथा बाह्य स्रोतबाट निजी क्षेत्रमा स्थापित हुने विश्वविद्यालय, महाविद्यालय उच्च शैक्षिक संस्थान र बहुप्राविधिक संस्थानहरुको संचालन तथा सम्बन्धनका विषयमा श्री ५ को सरकारलाई सल्लाह दिने।

(६) शैक्षिक गुणस्तर बृद्धिका निम्ति उपयुक्त कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

(७) विश्वविद्यालय संचालन गर्न स्वीकृतिको लागि सिफारिश गर्ने तथा तिनको शैक्षिक स्तर निर्धारण गर्ने र विश्वविद्यालयहरुका बीच स्तर निर्धारण गर्ने।

(८) श्री ५ को सरकारका मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, विश्वविद्यालयहरु र उच्च शैक्षिक संस्थाहरुका बीच समन्वय कायम राख्ने।

(९) देशभित्र र देश बाहिरका विश्वविद्यालय एवं शैक्षिक संस्थाहरु बीच छात्रवृत्ति, विद्वत्वृत्ति जस्ता कार्यक्रमहरुको व्यवस्था गरी उच्च शिक्षा एवं अनुसन्धानका क्षेत्रहरुमा आपसी आदान प्रदान कार्यक्रम संचालन गर्ने।

(१०) उच्च शिक्षामा कार्यरत जनशक्तिलाई अनुसन्धानको अवसर प्रदान गर्नुका साथै अनुसन्धान सम्बन्धी विविध कार्यक्रमको तर्जुमा र कार्यान्वयनको व्यवस्था मिलाउने।

(११) विश्वविद्यालय एवं अन्य उच्चस्तरीय शैक्षिक संस्थाहरुले पेश गरेका कार्यक्रम र योजनाहरुको अध्ययन गरी अनुदान दिने।

(१२) शैक्षिक तथा प्राज्ञिक कार्यक्रमलाई टेवा दिन, गुणस्तर बढाउन, समस्या पहिल्याउन र सुल्झाउन आवश्यकता अनुसार समय समयमा सम्मेलन, गोष्ठी, कार्यशाला गोष्ठी र अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यक्रम संचालन गर्ने।

# ५. उच्च शिक्षा (प्राविधिक)

## १.पृष्ठभूमि

नेपालमा प्राविधिक उच्च शिक्षाको इतिहास त्यति लामो छैन। वि.सं.१९७६मा १९७६मा त्रिचन्द्र कलेजमा विज्ञानमा आइ.एस्सी को पढाइ शुरु भए पनि बी.एस्सी को पढाइ त्यस कलेजमा २००४साल र  एम.एस्सी २०२२ सालमा मात्र शुरु हुन सकेको देखिन्छ। २०२९सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि श्री ५को सरकारका विभिन्न नियकायहरुद्वारा संचालित कार्यक्रमहरुलाई संगालेर त्रिभुवन विश्वविद्यालयअन्तर्गत कृषि तथा पशुविज्ञान, चिकित्साशास्त्र, वनविज्ञान तथा इन्जिनियरिङका विषयहरुमा निम्न र मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न थालियो। देश विकासका लागि आवश्यक प्राविधिक जनशक्ति तयार गर्न यी अध्ययन संस्थानहरुको विकास तथा विस्तारमा विशेष जोड दिइयो। राष्ट्रिय स्तरमा ठोस विज्ञान शिक्षा नीतिको अभावमा विज्ञान शिक्षालाई कहिले साधारण शिक्षामा र कहिले प्राविधिक शिक्षामा राखिएकाले यस शिक्षाले अपेक्षाकृत प्रगति गर्न सकेको देखिएन तापनि हाल आएर यसको महत्वलाई अङ्गीकार गरी यसलाई पनि प्राविधिक शिक्षाअन्तर्गत राखिएको छ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान बाहेक अन्य चारै अध्ययन संस्थानहरु स्थापना कालदेखि केही वर्षहरुमा निम्न तथा मध्यमस्तरीय जनशक्तिको उत्पादनका कार्यक्रमहरुमा तल्लीन रहे। कृषि तथा पशुविज्ञान अध्ययन संस्थानले २०३५ सालदेखि कृषिमा र २०४४ सालदेखि पशुविज्ञानमा पनि स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा पनि २०३४सालदेखि नर्सिङमा र २०३५ सालदेखि साधारण चिकित्सा विषयमा स्नातक कार्यक्रम चलाइएको छ। इन्जिनियरिङ अध्ययन संस्थानले २०३५ सालदेखि नै सिभिल इन्जिनियरिङ विषयको स्नातक तहको पढाइ शुरु गरेतापनि कारणवश उक्त कार्यक्रम चार वर्ष सम्म स्थगित हुन गई पछि २०३९ सालदेखि सोही विषयमा स्नातक कार्यक्रम पुनः संचालन हुँदै आएको छ। त्यस्तै वनविज्ञान अध्ययन संस्थानले पनि २०३८ सालदेखि नै स्नातक कार्यक्रम चलाइआएको छ। विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा स्नातकोत्तर तहसम्मको पढाइ जारी रहनुको साथै वि.सं. २०३३ देखि विद्यावारिधि तहको कार्यक्रम समेत नियमित ढंगले चलाउने प्रयास भएको देखिन्छ।

## २.वर्तमान स्थिति

शैक्षिक कार्यक्रमः प्राविधिक उच्च शिक्षाको क्षेत्रमा हाल त्रिभुवन विश्वविद्यालयका उपर्युक्त पाँच प्राविधिक अध्ययन संस्थानअन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन भइरहेका छन्। साथै २०३७ सालपछि त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा निजी क्षेत्रमा क्याम्पसहरु संचालन गर्ने क्रम शुरु भएपछि प्राविधिक उच्च शिक्षा क्षेत्रमा पनि विज्ञानको प्रमाणपत्र तहमा सात क्याम्पसहरु तथा चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत दुई क्याम्पसहरु हाल संचालित छन्। साथै निजी क्षेत्रमा हालै काठमाडौँ विश्वविद्यालको स्थापना भई विज्ञान तथा प्राविधिक क्षेत्रमा पनि पठनपाठन गर्ने लक्ष्यअनुरुप कार्य भइरहेको देखिन्छ।

त्रिविको इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत हाल चार क्याम्पस सञ्चालित छन्। र यी चार क्याम्पसमा व्यावसायिकदेखि स्नातक तहका १७ प्रकारका नियमित शैक्षिक कार्यक्रमहरु सञ्चालित छन् ।४ वर्ष स्नातक तहको कार्यक्रम सिभिल इन्जिनियरिङ विषयमा मात्र सञ्चालित छ भने ३ वर्षे डिप्लोमा कार्यक्रम सातवटा इन्जिनियरिङ विषयमा उपलब्ध छ। अन्य नौ बटा कार्यक्रम व्यावसायिक विषयका छन्।आगामी तीन वर्ष भित्र अन्य चार विषयमा स्नातक कार्यक्रमहरु शुरु गर्ने लक्ष्य राखी इन्जिनियरिङ शिक्षा परियोजना संचालन भइरहेको छ। त्यस्तै वनविज्ञान अध्ययन संस्थानअन्तर्गत दुई क्याम्पसहरुमा वनविज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तहका तथा ३ वर्षे स्नातक तहको कार्यक्रम संचालन भइरहेका छन् । स्नातक तहको कार्यक्रम हाल एउटा क्याम्पसमा मात्र संचालित छ। चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत ११ क्याम्पसहरुमा २१ प्रकारका कार्यक्रमहरु संचालित छन्। तीमध्ये ३ वटा कार्यक्रम आधारभूत अर्थात व्यावसायिक स्तरका ८ वटा कार्यक्रम प्रमाणपत्र तहका , ३ वटा कार्यक्रम स्नातक तहका र ७ वटा कार्यक्रम स्नातकोत्तर तहका छन्। कृषि तथा पशुविज्ञान अध्ययन संस्थानअन्तर्गत ३ वटा क्याम्पसहरुमा हाल कृषिविज्ञान विषयमा प्रवेशिकापछि २ वर्षे पूर्वस्नातक र ३ वर्षे स्नातक गरी ५ वर्षे कार्यक्रम संचालन भइरहेका छन्। भने आइएस्सी पछि ४ वर्षे स्नातक तहको पशुविज्ञान विषयको अध्यापन पनि भइरहेको छ। विज्ञान अध्ययन संस्थानअन्तर्गत २० वटा क्याम्पसहरुमा प्रविणता प्रमाणपत्र तहदेखि विद्यावारिधि तहसम्मका कार्यक्रम संचालित छन्। प्रमाणपत्र तहमा दुई वर्षका दुई वटा कार्यक्रम तथा स्नातक तहमा ९ विषयमा दुई वर्षे कार्यक्रम संचालन भइरहेको पाइन्छ। खाद्यप्रविधिमा ४ वर्षे स्नातक तहको कार्यक्रम

एउटा क्याम्पसमा मात्र संचालन भइरहेको छ। त्यस्तै ९ विषयमा दुई वर्षे स्नातकोत्तर तहको कार्यक्रमका साथै केही विषयहरुमा विद्यावारिधिको पनि कार्यक्रम संचालित छ।

क्याम्पसहरुको स्थितिः हाल देशमा विभिन्न भागहरुमा फैलिएका प्राविधिक अध्ययन संस्थानहरुअन्तर्गतका ४० क्याम्पसहरुमा विभिन्न विज्ञान र प्राविधिक विषयहरुमा शैक्षिक कार्यक्रमहरु संचालित छन्। ती क्याम्पसहरुको भौगोलिक वितरण र नयाँ भर्ना क्षमताको विवरण तालिका १ र २ मा दिइएको छ।

**तालिका १**

**विकास क्षेत्रगत प्राविधिक क्याम्पसहरुको विवरण**

| अध्ययन संस्थान र क्याम्पसहरु | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुविज्ञान | | १ | २ | | | ३ |
| विज्ञान तथा प्रविधि | ६ | ९ | ३ | १ | १ | २० |
| वनविज्ञान | | १ | १ | | | २ |
| चिकित्साशास्त्र | २ | ५ | २ | २ | | ११ |
| इन्जिनियरिङ | १ | २ | १ | | | ४ |
| जम्मा क्याम्पस संख्या | ९ | १८ | ९ | ३ | १ | ४० |

मध्यमाञ्चल विकास क्षेत्रमा सबभन्दा बढी (करिव ४७ प्रतिशत) क्याम्पसहरु अवस्थित छन् भने सुदूर पश्चमाञ्चलमा विज्ञानको प्रमाणपत्र तहको एउटा क्याम्पस मात्र छ। त्यस्तै मध्यपश्चिमाञ्चल क्षेत्रमा पनि चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहको एउटा नर्सिङ क्याम्पस र एउटा सीएमए क्याम्पस तथा विज्ञानको प्रमाणपत्र तहको एउटा क्याम्पस गरी जम्मा तीन क्याम्पस मात्र संचालित देखिन्छन्।

मध्यमाञ्चल क्षेत्रका १८ वटा क्याम्पसहरु मध्ये विज्ञानसम्बन्धी ६ वटा चिकित्साशास्त्रका ३ वटा र इन्जिनियरिङका २ वटा गरी ११ वटा क्याम्पसहरु

काठमाडौँ उपत्यकाभित्र अवस्थित छन्।उपत्यकाभित्र वनविज्ञान अध्ययन संस्थानको र कृषि तथा पशुविज्ञान अध्ययन संस्थानको कुनै शैक्षिक कार्यक्रम हाल संचालित छैन। पश्चिमाञ्चल विकास क्षेत्रका पाँचै अध्ययन संस्थानहरुमा विभिन्न तहका कार्यक्रमहरु संचालन भइरहेको पाइन्छ।

विद्यार्थी भर्नाः विभिन्न विकास क्षेत्रहरुमा विभिन्न अध्ययन संस्थान र त्यस अन्तर्गत हाल अध्ययनरत छात्रछात्राहरुको संख्या तालिका २ मा दिइएको छ।

त्रिभुवन विश्वविद्यालयमा २०४७/४८ मा अध्ययनरत कुल ९१८२६ विद्यार्थी संख्याको अनुपातमा प्राविधिक अध्ययन संस्थानहरुमा १८.८ प्रतिशत विद्यार्थीहरु अध्ययन गरिरहेका देखिन्छन्। सबभन्दा बढी विद्यार्थीहरु मध्यमाञ्चल क्षेत्रभित्र (प्राविधिक क्याम्पसहरुमा पढ्ने कुल विद्यार्थी संख्याको करिब तीन चौथाइ भाग) पढ्ने गरेको पाइन्छ भने करिब ७२ प्रतिशत प्राविधिक विद्यार्थीहरु विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा अध्ययनरत देखिन्छन्। विज्ञान तथा प्रविधि अध्ययन संस्थानभित्रका क्याम्पसहरुमा पढ्ने विद्यार्थी संख्याको चापले गर्दा खास गरेर केही क्याम्पसहरुमा बढी विद्यार्थी घनत्व हुन गएको देखिन्छ।

**तालिका नं २**

| अध्ययन संस्थान | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| कृषि तथा पशुविज्ञान | | ६८४* | १५४ | | | ८३८ | ४.८ |
| | | (३७) | (१५) | | | (५२) | |
| वनविज्ञान | | २२६ | ३३५ | | | ५६१ | ३.३ |
| | | (२८) | (३८) | | | (६६) | |
| विज्ञान तथा प्रविधि | १३९१ | ९५२३ | ९४२ | २२४ | २२१ | १२२०१ | ७१.२ |
| चिकित्साशास्त्र | ११७ | १०३८ | २३५ | १४१ | | १५३१ | ८.९ |
| | (५२) | (४८९) | (१८३) | (५८) | | (७८२) | |
| इन्जिनियरिङ | १५८ | १५८६ | २९५ | | | २०३९ | ११.८ |
| | (३६) | (१६६) | (८) | | | (२१०) | |
| जम्मा | १६६६ | १३०५७ | १९६१ | ३६५ | २२१ | १७२७० | १०० |
| प्रतिशत | ९.६ | ७५.६ | ११.४ | २.१ | १.३ | १०० | |

*द्रष्टव्यः यसमा विज्ञानमा अध्ययनरत विद्यार्थीहरुको संख्या पनि समावेश भएको छ।

कोष्ठभित्र छात्राहरुको संख्या देखाइएको छ।

विज्ञान अध्ययन संस्थानको विद्यार्थी संख्या २०४६/४७ र २०४७/४८को भर्ना संख्याहरुको जम्मा गरी निकालिएको हो।

कार्यरत शिक्षकहरुः तह अनुसार विभिन्न अध्ययन संस्थानमा कार्यरत शिक्षकहरुको संख्या तालिका नं ३ मा दिइएको छ।

**तालिका नं ३**

**शिक्षक संख्या(तह अनुसार) २०४५/४६ (क) र २०४७/४८ (ख)**

| अध्ययन संस्थान | प्राध्यापक | | सह प्रा. | | उप प्रा. | | सहा प्रा. | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क | ख | क | ख | क | ख | क | ख | क | ख | क | ख |
| इन्जिनियरिङ | ५ | | १९ | | १०२ | | ३५ | | १०५ | | ३११ | ० |
| कृषि तथा पशुविज्ञान | | ८ | ७ | २१ | ६७ | ६० | ५६ | ५७ | ११ | १८ | १४४ | १६४ |
| वनविज्ञान | | | | ५ | | १६ | | २६ | | ७ | ६२ | ५४ |
| चिकित्सा शास्त्र | ११ | २० | २० | ६२ | ९४ | ७८ | ७९ | १५९ | ६५ | ६१ | २६९ | ३८० |
| विज्ञान तथा प्रविधि | १८ | २५ | ४७ | १४७ | २०६ | २०० | २२३ | ३२४ | ५८ | ६३ | ५५२ | ७५९ |

त्यस्तै विभिन्न अध्ययन संस्थानमा कार्यरत शिक्षकहरुको क्षेत्रगत वितरण तालिका ४ मा दिइएको छ।

**तालिका ४**

**विभिन्न क्याम्पसमा कार्यरत शिक्षकहरुको क्षेत्रगत वितरण**

| अध्ययन संस्थान | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुविज्ञान | | १३८ | २६ | | | १६४ |
| वनविज्ञान | | १९ | ३५ | | | ५४ |
| विज्ञान तथा प्रविधि | ९१ | ५६९ | ६४ | १२ | १२ | ७४८ |
| चिकित्साशास्त्र | ४३ | ३५१ | २५ | २५ | | ४४४ |
| इन्जिनियरिङ | ४२ | २८३ | ७९ | | | ४०४ |
| जम्मा शिक्षक संख्या | १७६ | १३६० | २२९ | ३७ | १२ | १८१४ |

द्रष्टव्यः चिकित्साशास्त्रको जम्मा शिक्षक संख्यामा निम्न तहका प्रशिक्षक र निजी क्याम्पसका शिक्षकलाई पनि समावेश गरिएको छ र विज्ञान तथा प्रविधिको शिक्षक संख्यामा निम्नतहका प्रशिक्षकलाई पनि समावेश गरिएको छ।

मध्यमाञ्चल क्षेत्रमा भएको विद्‌यार्थी संख्या चापअनुरुप उक्त क्षेत्रमा बढी शिक्षक कार्यरत रहनु स्वभाविक हो। विद्‌यार्थी संख्याको अनुपातमा अन्य अध्ययन संस्थानहरुको तुलनामा विज्ञान तथा प्रविधि अध्ययन संस्थानको शिक्षक संख्या त्यति धैरै भन्न मिल्दैन। विशेष गरी काठमाडौँ उपत्यकाभित्र बढी विद्‌यार्थी संख्या भएको एउटै क्याम्पसमा विहान र साँझ समेत आंशिक काम गर्ने शिक्षकहरुबाट कक्षाहरु संचालन हुने गरेको कारणले यस अध्ययन संस्थानको शिक्षकसंख्या त्यति धैरै देखिन नआएको हुन सक्दछ।

लगानी र बजेटः राष्ट्रिय शिक्षा पद्धतिको योजनाले प्राविधिक उच्च शिक्षामा विशेष जोड दिने लक्ष्य राखे अनुरुप गत दुई दशकदेखि मुलुकमा प्राविधिक उच्च शिक्षातर्फको आर्थिक लगानीमा वृद्धि भएकोले संस्थानहरु र तीअन्तर्गतका क्याम्पसहरुमा पूर्वाधारको विकासमा निश्चित आर्थिक लगानीको व्यवस्था गरियो। क्याम्पसहरुको स्थापना, सुदृढीकरण तथा विकास कार्यहरुमा बाह्यस्रोतको समेत परिचालन गरी मुलुकमा प्राविधिक उच्च शिक्षाका लागि आधारशिला तयार गर्नेतर्फ ठोस कदम चालियो। वैदेशिक सहयोग अन्तर्गत अध्ययन संस्थानहरुमा शिक्षकहरुको तालिम एवं वृत्ति विकासका लागि केही निश्चित कार्यक्रमहरु पनि संचालित गरिए।

बाह्यस्रोतको लगानीका हिसाबले कृषि तथा पशुविज्ञान अध्ययन संस्थानमा अमेरिकी सहयोग नियोग र विश्व बैंकको, चिकित्साशास्त्र अध्ययन संस्थानमा जापान सरकारको, इन्जिनियरिङ अध्ययन संस्थानमा विश्व बैङ्क, एशियाली विकास बैङ्क आदिको र वनविज्ञान अध्ययन संस्थानमा विश्व बैङ्कका साथै भारत सरकारको सहयोग विशेष उल्लखनीय छ। यस्तै सरकारले पनि वैदेशिक सहयोगद्‌वारा संचालित परियोजनामा स्थानीय खर्चको लागि आवश्यक रकम बेहोर्नुको अतिरिक्त अध्ययन संस्थान तथा क्याम्पसहरुको स्थापनार्थ आवश्यक जग्गाजमिन समेत उपलब्ध गराइआएको छ।

प्राविधिक क्षेत्रका विभिन्न अध्ययन संस्थानहरुको बजेट तालिका ५ मा दिएअनुसार छ।

## तालिका ५

**विभिन्न अध्ययन संस्थानहरुको नियमिततर्फको बजेट (रु हजारमा)**

| अध्ययन संस्थान | २०४५/४६ | २०४७/४८ |
|---|---|---|
| इन्जिनियरिङ | १,४०,०५१ | ३,४४,०७ |
| कृषि तथा पशुविज्ञान | १,२५,४५ | १,९९,८८ |
| वनविज्ञान | ४७,१८ | १,६३,०३ |
| चिकित्साशास्त्र | ५,८१,५८ | ८,००,२४,५ |
| विज्ञान तथा प्रविधि | ३,०४,०१ | ४,९३,७७ |

त्यस्तै विभिन्न अध्ययन संस्थानहरुलाई प्राप्त वैदेशिक सहायताबारे तालिका ६ बाट अबगत हुन्छ।

## तालिका ६

**अध्ययन संस्थानलाई प्राप्त वैदेशिक सहायता** रु हजारमा

| अध्ययन संस्थान | २०४५/४६ | २०४७/४८ |
|---|---|---|
| इन्जिनियरिङ | ५,२४,५८ | २,४६,८६ |
| कृषि तथा पशुविज्ञान | ५,०८,५० | २,११,५५ |
| वनविज्ञान | ५५,०१ | १,६४,३९ |
| चिकित्साशास्त्र | १,२१,५२ | १,१३,३८ |
| विज्ञान तथा प्रविधि | २,८७ | - |

तालिका ६ बाट विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा विद्यार्थी भर्नाको अनुपातमा उपलब्ध बजेट निकै कम देखिन्छ। यसले गर्दा भौतिक र प्रयोगात्मक सुविधा कम भई कार्यक्रममा प्रतिकुल  असर पर्न जाने कुरा स्पष्ट छ। त्यस्तै वैदेशिक सहायता रकम पनि विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा सबभन्दा कम रहेको देखिन्छ।

प्रतिविद्यार्थी शिक्षक संख्या र खर्चः विभिन्न प्राविधिक अध्ययन संस्थानहरुको शिक्षक-विद्यार्थी अनुपात तालिका ७ मा प्रस्तुत छ।

**तालिका ७**

**प्राविधिक अध्ययन संस्थानहरुका शिक्षक विद्यार्थी अनुपात**

| अध्ययन संस्थान | २०४५/४६ | २०४७/४८ |
|---|---|---|
| इन्जिनियरिङ | ६.३ | ५.० |
| कृषि तथा पशुविज्ञान | ८.७ | ५.१ |
| वनविज्ञान | ९.५ | १०.४ |
| चिकित्साशास्त्र | ६.२ | ४.० |
| विज्ञान तथा प्रविधि | १६.५ | १६.१ |

त्यस्तै विभिन्न अध्ययन संस्थानहरुमा प्रतिविद्यार्थी खर्च तालिका ८मा उल्लिखित छ।

**तालिका ८**

**विभिन्न प्राविधिक अध्ययन संस्थानहरुको प्रतिविद्यार्थी खर्च**

| अध्ययन संस्थान | २०४५/४६ | २०४७/४८ |
|---|---|---|
| इन्जिनियरिङ | ७१९८ | १८७९१ |
| कृषि तथा पशुविज्ञान | १००१९ | ३४७०१ |
| वनविज्ञान | ८०३७ | २८२५४ |
| चिकित्साशास्त्र | ३५०७७ | ५२२९६ |
| विज्ञान तथा प्रविधि | ३३३४ | ५२६१ |

प्रतिविद्यार्थी खर्च सबभन्दा बढी चिकित्साशास्त्रतर्फ छ भने सबभन्दा कम विज्ञान तथा प्रविधितर्फ देखिन्छ। साथै प्रतिविद्यार्थी खर्च हरेक साल धेरै मात्रामा फरक हुन गएको पनि पाइन्छ। यसबाट बजेट तर्जुमामा कुनै ठोस आधारको अभाव रहेको कुरा स्पष्ट हुन्छ।

शैक्षिक कार्यतालितकाः विभिन्न चार अध्ययन संस्थानहरुको शैक्षिक कार्यतालिका अनुरुप कार्यक्रम संचालन भइरहेको देखिन्छ। तर ती कार्यतालिकाहरु बेग्लाबेग्लै हुनुको साथै ती बीच समन्वय पनि नहुनुको कारणले विद्यार्थीहरुलाई असुविधा पर्न गएको , स्रोत र साधनको उचित प्रयोग हुन नसकेकोले खास गरी विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा विद्यार्थी भर्ना चाप बढेको देखिन्छ। विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा बाहेक अरु अध्ययन संस्थानहरुले आफ्ना शैक्षिक कार्यक्रम नियमित समयमा पूरा गरेको तर विज्ञान तथा प्रविधि अध्ययन संस्थानको विद्यार्थी भर्ना र परीक्षा केन्द्रीय स्तरबाट हुने भएकोले र अरु संकायहरु सरह नै  परीक्षा

संचालन समेत हुने गरेकोले शैक्षिक कार्यक्रम निश्चित समयमा पूरा गर्न सकिएको देखिँदैन।

पाठ्यक्रम पाठ्यसामग्री तथा प्रयोगशालाः हाल विभिन्न अध्ययन संस्थानहरुले निम्न स्तरको जनशक्ति तयार गर्ने र उच्च प्राविधिक शिक्षाको तयारी गर्ने समेत उद्देश्य राखी पाठ्यक्रम लागू गरेका छन्। उक्त पाठ्यक्रमहरु संस्थाको आफूसँग भएका भौतिक सुविधाको आधारमा तयार गरिएका देखिन्छन्। यसरी पाठ्यक्रम तयार गर्दा केही वर्ष सम्मका लागि उच्च प्राविधिक शिक्षाका निम्ति विज्ञान अध्ययन संस्थानबाट आएका र आफ्नै संस्थानका तल्ला तहबाट माथिल्ला तहमा आएका जनशक्तिलाई समेत दृष्टिगत गरिएको देखिन्छ।

चिकित्साशास्त्र, वनविज्ञान, इन्जिनियरिङ र कृषि तथा पशुविज्ञान अध्ययन संस्थानहरुमा पाठ्यसामग्रीहरु आवश्यक मात्रामा भएको पुस्तकालयको व्यवस्था राम्रो देखिन्छ। साथै यी पुस्तकालयहरु पर्याप्त समयका निम्ति खुला रहने गरेको पाइन्छ। विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा उपयुक्त किसिमको पुस्तकालयको व्यवस्था भएको पाइँदैन। कुनै कुनै एकात्मक क्याम्पसमा केही मात्रामा पुस्तकालयको व्यवस्था भए तापनि पाठ्यसामग्री यथेष्ट मात्राममा उपलब्ध छैनन्। कीर्तिपुर क्याम्पसमा रहेको केन्द्रीय पुस्तकालयमा समेत विज्ञानका पुस्तक र जर्नलहरुको कमी देखिन्छ।

विज्ञान अध्ययन संस्थानमा विद्यार्थी भर्नाको अनुपातमा प्रयोगशालाको सुबिधा पर्याप्त रहेको पाइँदैन। तर अन्य अध्ययन संस्थानहरुमा भने निश्चित विद्यार्थी भर्नाको कारण प्रयोगशाला सुविधा तुलनात्मक रुपमा राम्रो भएको पाइएको छ।

भौतिक साधन र सुविधाः विज्ञान तथा प्रविधि अध्ययन संस्थान बाहेक अरु अध्ययन संस्थानहरुमा भौतिक साधनको कमी देखिँदैन। सबै अध्ययन संस्थानका आफ्नै भवनहरु र पुस्तकालय भवनहरु पनि छन्। विज्ञानमा बाहेक अरु संस्थानहरुको स्थापनाकालमा प्रशस्त लगानीका साथै वैदेशिक सहायताले गर्दा पनि संस्थानहरु भौतिक सुविधायुक्त छन्।तर विज्ञानको धेरैजसो क्याम्पसहरु बुहमुखी क्याम्पसभित्र रहेको हुँदा यसको बेग्लै भौतिक साधन छुट्याउन गाह्रो पर्दछ। एक दुईवटा एकात्मक क्याम्पसहरु भए तापनि तिनमा समेत विद्यार्थी भर्ना चाप र बजेटको अभावमा भौतिक साधन न्यून देखिन्छ। कृषि तथा पशुविज्ञान अध्ययन संस्थानको लमजुङ क्याम्पस र इन्जिनियरिङ अध्ययन संस्थानको थापाथली क्याम्पसमा छात्रावासको सुविधा पर्याप्त छैन। छात्राहरुका निम्ति इन्जिनियरिङ अध्ययन संस्थानमा छात्रावास

सुविधा र चिकित्साशास्त्रमा केन्द्रीय क्याम्पसमा पनि छात्राहरुका निम्ति छात्रावास सुविधा छैन। चिकित्साशास्त्रको शिक्षण अस्पतालमा हाल ३०० शैयासम्मको सुविधा उपलब्ध छ। विज्ञान अध्ययन संस्थानका अमृत क्याम्पस, धरान क्याम्पस र सिद्धार्थ क्याम्पसहरुमा छात्रावासको सुविधा केही मात्रामा भए पनि उपलब्ध छ।

वृत्तिविकास र अनुसन्धानः अध्ययन संस्थानहरुको शैक्षिक स्तरवृद्धि गर्न शिक्षकहरुका निम्ति त्रिभुवन विश्वविद्यालयको आन्तरिक स्रोतबाट वृत्तिविकासको कार्यक्रम नगण्य रुपमा संचालन भइरहेको पाइन्छ। शिक्षकहरुको आफ्नै प्रयासबाट (त्रिविविको आर्थिक भार नपर्ने गरी) पनि केही मात्रामा शैक्षिक योग्यताको विकास हुँदै आएको देखिन्छ। यसका अतिरिक्त विज्ञान अध्ययन संस्थानमा  बाहेक अरु अध्ययन संस्थानहरुमा वैदेशिक सहायताको कारणले वृत्तिविकासका अवसरहरु तुलनात्मक रुपमा बढी उपलब्ध भएको पाइन्छ।

अध्ययन संस्थानहरुको शैक्षिक कार्यक्रममा अनुसन्धानको स्थान हालसम्म नगण्य छ। विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत विद्यावारिधिको कार्यक्रम संचालन भइरहे तापनि यो सुनियोजित तरिकाबाट भइरहेको छैन। अरु अध्ययन संस्थानहरुमापनि संस्थानको कार्यक्रमको रुपमा कुनै अनुसन्धान भइरहेको छैन। तर कृषि तथा पशुविज्ञान अध्ययन संस्थानले अनुसन्धान निर्देशनालयको स्थापना गरी यसतर्फ संस्थागत रुपमा प्रयास गरेको देखिन्छ।

हाल विज्ञान अध्ययन संस्थानले उपाधिमूलक केही अनुसन्धान कार्यक्रमहरु सञ्चालन गरिरहेको र केही विषयमा विद्यावारिधिको उपाधि समेत प्रदान गरी आएको देखिन्छ। तर सो अनुसन्धानको लागि कुनै नियमित बजेट उपलब्ध नहुने गरेको कारण अनुसन्धान कार्यक्रम आर्थिक अभावको कारण सुनियोजित ढङ्गले सञ्चालन हुन सकेको देखिँदैन। अरु अध्ययन संस्थानहरुमा केही वर्ष यतादेखि मात्र स्नातक तहको कार्यक्रम संचालन गरी अनुसन्धान कार्यक्रमप्रति पनि उन्मुखता देखिन्छ तर निश्चित अर्थाभावले सो अनुसन्धान कार्यक्रम सुनियोजित तरिकाले सञ्चालन हुन नसकेको पाइन्छ। उक्त अध्ययन संस्थानहरुमा शिक्षकहरुको सक्रियतामा विदेशी तथा स्वदेशी अनुदानबाट केही मात्रामा अनुसन्धान कार्य भइरहेको देखिन्छ।

**३.प्रमुख समस्या र मुद्दाहरु**

शैक्षिक कार्यक्रमः हालसम्म विज्ञान तथा प्रविधि अध्ययन संस्थान बाहेक अन्य चारै प्राविधिक अध्ययन संस्थानहरुको शैक्षिक कार्यक्रम तथा भर्ना लक्ष्य राष्ट्रिय योजनासँग पूर्ण रुपमा आवद्ध गरिएको हुँदा ती अध्ययन संस्थानहरुको क्रियाकलाप तोकिएको विषय र स्तरका प्राविधिक जनशक्ति तोकिएको संख्यामा आपूर्ति गर्नेतर्फ लक्षित रहेको देखिन्छ। तर मुलुकले यी विषय क्षेत्रहरुमा गरेको लगानीको अनुपातमा देशको आवश्यकता र अवस्थाअनुसार विषयगत विविधीकरण र विशिष्टीकरण अनुरुप अपेक्षित सक्रिय भूमिका निर्वाह गर्न सकेको देखिँदैन।

शुरुका वर्षहरुमै प्राविधिक उच्च शिक्षामा मध्यमस्तरीय जनशक्ति उत्पादनमा जोड दिइनु र प्राविधिक क्याम्पसहरुको शिक्षण तह पनि शुरुमा प्रमाणपत्र स्तरमै सीमितरहेबाट तीब्र विस्तारको कार्यक्रम यसै तहमा केन्द्रित भएको देखिन्छ। अनुमान गरिएको जनशक्तिको माग र अध्ययन संस्थानले तयार गरेको जनशक्तिमा पनि उत्तिको राम्रो तालमेल हुन सकेको देखिँदैन। एकातिर अध्ययन संस्थानहरुले मागअनुसारको जनशक्ति तयार गर्न सकेको देखिन्न भने अर्कातिर सबै उत्पादित जनशक्तिलाई सार्वजनिक क्षेत्रमा खपत गर्न सकेको पनि पाइन्न।

**अध्ययन संस्थानका समस्याहरु**

विद्यार्थी भर्नाः भर्ना लक्ष्य निर्धारणमा कुनै निश्चित आधार नहुनु, खास गरी विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा प्रवेश परीक्षाको व्यवस्था नहुनु र भर्ना लक्ष्यमा निकै लचिलोपन भएकोले लक्ष्य भन्दा निकै बढी संख्यामा विद्यार्थी भर्ना हुने गर्नु र तदनुरुप भौतिक साधन र सुविधाको बन्दोबस्त नहुनु, विभिन्न अध्ययन संस्थानहरुले विभिन्न समयमा भर्ना मिति निर्धारण गर्नु र यसबाट खास गरी विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा विद्यार्थी भर्ना चाप बढ्नु, प्रत्येक साल प्रवेशिका परीक्षा उत्तीर्ण हुने विद्यार्थी संख्या निरन्तर रुपले बढ्दै जानु तर सो अनुरुप प्राविधिक क्याम्पसहरुको क्षमता नबढ्नु  र नयाँ क्याम्पसहरुको संचालन सम्बन्धी कुनै ठोस योजना पनि नहुनुको कारणले हरेक वर्ष विद्यार्थी भर्ना चापले बढ्दो समस्या उत्पन्न हुने गरेको छ। अन्य  चार प्राविधिक अध्ययन संस्थानहरुको खास गरइ स्नातक तहमा भर्ना लिँदा विभिन्न समूहका लागि बेग्लाबेग्लै प्रवेश परीक्षा तोकी विभिन्न समूहबाट विद्यार्थी भर्ना लिने गरेको तथा तिनीहरुलाई केही समयको लागि भिन्नाभिन्नै शैक्षिक कार्यक्रमहरु सञ्चालन  गरी आवश्यक शैक्षिक स्तरमा पुऱ्याउने

प्रयत्न गरेको देखिए तापनि यसबाट एकातिर अन्य विश्वविद्यालयहरुबाट समानस्तरको मान्यता पाउनेतर्फ समस्या उत्पन्न भएको छ भने अर्कातर्फ विज्ञान समूह परीक्षाफलको तुलनामा अन्य समूहको परीक्षाफल त्यती राम्रो हुन नसकेको पाइन्छ।

शैक्षिक कार्यतालिकाः हालसम्म त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी भर्नाको कार्यक्रम प्रवेशिका परीक्षाको नतिजा प्रकाशनको लगत्तै पछि मात्र प्रकाशित हुने गर्नु, त्रिभुवन विश्वविद्यालय र एसएलसी बोर्डका बीच समन्वय नदेखिनु, त्रिभुवन विश्वविद्यालयभित्रकै अध्ययन संस्थानहरुको परीक्षाफल प्रकाशनमा नियमितता नहुनु, परीक्षाफल प्रकाशनमा नियमितता नहुँदा उच्च तहको भर्ना मिति नियमित हुन नसक्नु , विषयगत पाठ्यांशका निम्ति पूर्वावश्यकताको व्यवस्था नभएकाले तत्सम्बन्धी निपुणताको अभाव हुँदाहुँदै पनि माथिल्लो तहमा अध्ययन गर्न पाउने सुविधाको कारण त्यस तहको पठनपाठन संचालनमा अवरोध हुने गर्नु जस्ता समस्याहरु शैक्षिक कार्यतालिकाको अनियमितताबाट उत्पन्न देखिन्छन्।

आर्थिक समस्याः हालको त्रिभुवन विश्वविद्यालयको आर्थिक नियमानुसार अध्ययन संस्थानहरुको दैनिक शैक्षिक कार्यक्रम संचालन गर्न कठिनाइ र अवरोध समेत हुनु, स्वीकृत बजेटभित्र रही कार्यक्रम संचालन गर्न पर्याप्त आर्थिक अधिकारहरुको कमीले गर्दा संस्थानका कार्यक्रमहरुको संचालनमा नराम्रो असर पर्नु, अध्ययन संस्थानहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था हुन नसक्नु र अध्ययन संस्थान स्वयंले आफ्नै तरिकाले स्रोत परिचालन गर्न आर्थिक स्वतन्त्रता नहुनु आर्थिक पक्षमा देखिएका समस्याहरु हुन्। हाल प्राविधिक अध्ययन संस्थानको रुपमा रहेको विज्ञान तथा प्रविधि अध्ययन संस्थानको पूर्वाधारको विकासमा भने कुनै खास लगानी भएको देखिँदैन। यसले कुनै खास बाह्यस्रोतलाई पनि आकर्षण गर्न सकेको पाइँदैन। यसरी विज्ञान उच्च शिक्षा उपेक्षित भई कुनै ठोस लगानीको अभावमा ह्रासोन्मुख स्थितिमा रहेको पाइन्छ।

साधारण उच्च शिक्षाको तुलनामा प्राविधिक उच्च शिक्षामा बढी आर्थिक लगानी भएको देखिए तापनि प्राविधिक शिक्षाको विशेषता र आवश्यकताअनुसार मुलुकमा यसतर्फ भएको लगानीबाट आधारशिला मात्र तयार हुन सकेको देखिन्छ। खास गरेर उपर्युक्त चार प्राविधिक संस्थानहरु शुरुमा त मध्यमस्तरीय प्राविधिक जनशक्तिको उत्पादनतर्फ लागेको र तदनुरुप भौतिक पूर्वाधार तयार गरिएको हुँदा मुलुकको आवश्यकताअनुसार

उच्चस्तरको प्राविधिक जनशक्ति तयार गर्नको लागि तिनीहरुको भौतिक पूर्वाधार एवं साधन र सुविधामा पनि सोहीअनुसार वृद्धि गर्दै जानु पर्ने स्थिति रहेको छ। त्यस्तै हालसम्म उपेक्षित रहेको विज्ञान उच्च शिक्षातर्फ पनि पूर्वाधार विकास एवं थप साधन र सुविधाका लागि आर्थिक लगानीमा ठोस रुपले वृद्धि गर्नुपर्ने देखिन्छ। विशेष गरेर आजको विज्ञान नै भोलिको प्रविधि बन्ने र हाल देखापरेका सबै उच्च प्रविधिहरु विज्ञानमा आधारित भएको परिप्रेक्ष्यमा विज्ञानको उच्च शिक्षामा विशेष जोड दिई आवश्यक आर्थिक लगानी गर्दै जानु नितान्त आवश्यक हुन आएको छ।

हाल देशको शिक्षा क्षेत्रलाई दिइएको कुल बजेटको २० प्रतिशत उच्च शिक्षाका लागि छुट्याइएको छ भने प्राविधिक शिक्षाका लागि त्यसको अधिकांश प्रतिशत रकम निर्धारित हुने गरेको पाइन्छ। उक्त विनियोजित रकममध्ये नियमित बजेटको ९० प्रतिशतभन्दा बढी सञ्चालन खर्चमा प्रयोग हुन्छ भने विकास बजेट अधिकांश रुपमा बाह्यस्रोतमा निर्भर रहेको पाइन्छ। यस स्थितिमा तयार भइसकेको पूर्वाधारको मर्मत सम्भारमा समेत ध्यान पुर्‍याई तिनको अधिकतम परिचालनद्वारा प्राविधिक उच्च शिक्षाको क्षेत्रमा संख्यात्मक तथा गुणात्मक विस्तार हुन सकेको देखिँदैन। यस्तै सञ्चालन खर्चमा मितव्ययिता अंगाली आन्तरिक स्रोतको समेत परिचालन गर्दा पनि बाह्य स्रोतमा निर्भर रहनु परेकोछ।

शैक्षिक व्यवस्थापनका समस्याहरुः शैक्षिक व्यवस्थापनमा शिक्षकहरुको सहभागिता न्यून रहनु र बढी प्रशासनिक कर्मचारीहरुको संलग्नता भएबाट संस्थानको शैक्षिक वातावरणमा प्रतिकुल असर पर्नु, अध्ययन संस्थान वा संकायमा पर्न आएको कुनै समस्या समाधानका लागि अल्पकालीन दृष्टिकोण अंगाली अध्ययन संस्थानहरु र संकायहरुको व्यापक हित र त्यसबाट पर्न सक्ने प्रतिकुल असरलाई ध्यानमा नराखी केन्द्रीय स्तरबाट समय समयमा गर्ने गरेको निर्णयले शैक्षिक व्यवस्थापनमा प्रतिकुल असर पर्नु , आफ्ना विशिष्ट प्राविधिक प्रकृतिअनुरुप विद्यार्थी भर्ना प्रक्रिया तथा शिक्षण र मूल्याङ्कन लगायत अध्ययन संस्थानको शैक्षिक व्यवस्थापन गर्ने स्वायत्तताको (खास गरी विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा) कमी हुनु, राष्ट्रिय स्तरमा आवश्यक दक्ष जनशक्तिको पूर्वानुमान निश्चित रुपले हुन नसकेको परिप्रेक्ष्यमा अध्ययन संस्थानहरुको भर्ना र उत्पादन लक्ष्य अस्थिर हुनुका साथै बदिलिँदो परिस्थितिमा आकांक्षाअनुरुप परिवर्तन गर्न कुनै ठोस नीति भएको देखिँदैन।

प्रवेश परीक्षाको स्वरुप र सञ्चालन राम्ररी परिमार्जन नभइसकेको हुँदा अपेक्षित गुणस्तरयुक्त विद्यार्थी छनोट प्रक्रिया सबल नहुनु, त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यतालिकाको अनिश्चितताले गर्दा निजी क्याम्पसहरुमा प्रतिकुल असर पर्न गई एक शैक्षिक वर्षमा १४ देखि १६महिनासम्म कक्षा संचालन गर्नु पर्ने अवस्था पर्न जानु, विज्ञान तथा प्रविधि अध्ययन संस्थानलाई अन्य संस्थानबाट भिन्नै किसिमको नियम तर्जुमा गरी संकाय सरह केन्द्रीय विभागहरुको व्यवस्था पनि कायम राखी शैक्षिक प्रशासनको मात्र जिम्मेवारी दिइएकाले उक्त अध्ययन संस्थानले अरु अध्ययन संस्थान सरह क्याम्पसहरुको कार्यक्रम सञ्चालनमा कुनै खास योगदान पुर्‍याउन नसक्नु शैक्षिक प्रशासनमा देखिएका समस्या मान्न सकिन्छन्।

राष्ट्रिय परिप्रेक्ष्यमा प्राविधिक उच्च शिक्षाको लक्ष्यनिर्धारणः आज मानव जीवनमा विज्ञान तथा प्रविधिले ठूलो परिवर्तन ल्याएको छ र आउँदो एक्काइसौँ शताब्दीमा यो परिवर्तन अझ तीब्र हुँदै जाने स्पष्ट देखिन्छ। विकासशील राष्ट्रहरु नयाँ नयाँ प्रविधिहरुको विकास एवं प्रयोगद्वारा नयाँ आर्थिक व्यवस्थाको सिर्जना गर्दै छन् र यसरी विकासशील र विकासोन्मुख राष्ट्रहरु बीचमा रहेको आर्थिक दूरी झनझन फराकिलो हुँदैछ।यसै सन्दर्भमा हाम्रो देशमा विद्यमान आर्थिक पछयौटेपन हटाई आधारभूत आवश्यकताको परिपूर्ति गर्दै देशलाई आधुनीकरणतर्फ  उन्मुद गराउन विज्ञान तथा प्रविधिको समुचित प्रयोग अपरिहार्य हुन आएको छ।एकातिर कृषि उत्पादन र उत्पादकत्व बढाउन र अर्कातिर रोजगारीको अवसरमा वृद्धि गर्न स्थानीय स्रोत र साधनको परिचालन गरी क्रमशः औधोगीकरणतिर लागेर आन्तरिक आपूर्ति तथा निर्यातका अवसरहरुको समेत सिर्जना गर्नुका साथै वातावरणको संरक्षण गर्न विज्ञान तथा प्राविधिक क्षेत्रमा राष्ट्रिय क्षमता वृद्धि गरी तिनको समुचित प्रयोग गर्नु पर्ने खाँचो छ।

हाल मुलुकमा विज्ञान तथा प्रविधिको क्षेत्रमा उच्चस्तरीय जनशक्तिको ठूलो कमी छ। उदाहरणार्थ ; सन् १९८१ को विश्व बैङ्कको तथ्याङ्कअनुसार नेपालमा करिब २९००० व्यक्तिको लागि एक  मात्र डाक्टर उपलब्ध देखिन्छ भने  छिमेकी मुलुकहरुमा यो भन्दा कम व्यक्तिहरुमा लागि नै एक डाक्टर उपलब्ध भएको देखिन्छ। भारतमा करिब ४ हजार व्यक्तिका लागि एक, पाकिस्तानमा करिब तीन हजार व्यक्तिका लागि एक, बंगलादेशमा करिब दश हजार व्यक्तिका लागि एक र श्री लङ्कामा सात हजार व्यक्तिका लागि एक डाक्टर उपलब्ध रहेको देखिन्छ।  नेपालमा हाल आएर करिब सत्र

हजार व्यक्तिको लागि एक डाक्टर रहेको अनुमान गरिन्छ। तर पनि यो अन्तर छिमेकी मुलुकहरुको संख्याभन्दा धेरै बढी छ। त्यसमा पनि विशेष गरी डाक्टरहरुको सेवा शहरी क्षेत्रमा मात्र बढी सीमित रहने तथ्यलाई दृष्टिगत गर्दा गाउँधरमा डाक्टर दुर्लभप्रायः हुनु स्वभाविक छ। त्यस्तै विज्ञान, इन्जिनियरिङ, कृषि, वन आदि क्षेत्रहरुमा पनि दक्ष जनशक्तिको निकै कमी देखिन्छ। पाँच वर्षअधिको तथ्याङ्कअनुसार नेपालमा प्रति एकलाख जनसंख्यामा २८ जना विज्ञान र प्रविधिका उच्चस्तरीय जनशक्ति भएको देखिन्छ। सोही बेला छिमेकी मुलुकहरु बङ्गलादेश, श्रीलङ्का, र भारतका लागि यो संख्या क्रमशः ४५, ५८० र ३४६रहेको देखिन्छ। युनेस्कोको सिफारिसअनुसार पनि हाम्रो जस्तो अति कम विकसित मुलुकमा तीव्र सामाजिक तथा आर्थिक विकासका लागि प्रति एक लाख जनसंख्यामा १४० जना विज्ञान र प्रविधिका उच्चस्तरीय जनशक्ति रहनुपर्ने खाँचो देखाइएको छ।

उच्च शिक्षामा प्राविधिक विद्यार्थी संख्याको अनुपातः आज मुलुकमा उच्च अध्ययनमा लागेका कुल विद्यार्थीहरुको करिब १९ प्रतिशत छात्रछात्राहरु प्राविधिक विषयहरुमा अध्ययन गरिरहेका देखिन्छन्। तीमध्ये १३ प्रतिशत विज्ञान विषयमा र बाँकी ६ प्रतिशत अन्य प्राविधिक विषयहरुमा अध्ययनरत छन्। विकसित मुलुकहरुमा उच्च शिक्षाममा विद्यार्थीहरुको अनुपात साधारण शिक्षातर्फ ५० प्रतिशत र प्राविधिकतर्फ ५० प्रतिशत कायम गरी आवश्यक प्राविधिक दक्ष जनशक्ति उत्पादनतर्फ विशेष ध्यान दिने गरेको पाइन्छ भने विकासशील देशहरु र छिमेकी मुलुकहरु पनि उक्त अनुपात कायम गर्नेतर्फ लागिरहेका छन्। हाल स्रोत र साधनको अभावले गर्दा समाजमा देखापरिरहेका उच्च शिक्षाको बढ्दो मागलाई साधारण उच्च शिक्षाको विस्तारबाट बढी मात्रमा पूर्ति गर्ने प्रवृति रहेको पाइन्छ। साथै खर्चिलो प्राविधिक उच्च शिक्षाबाट उत्पादित जनशक्तिको बेरोजगारी समस्या उत्पन्न होला भन्ने डरले पनि प्राविधिक उच्च शिक्षामा भर्ना लक्ष्य रोजगारीको अवसरलाई दृष्टिगत गरी तयर गर्ने गरिएको छ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका हकमा यसबाट हुने जनशक्तिको माग राष्ट्रिय योजनामा निश्चित रुपले निर्धारण हुने नगरेको र यसका कार्यक्रमहरुको भर्ना लक्ष्यमा ज्यादै लचिलोपन रहेको हुँदा विगत केही वर्ष यता केही क्याम्पसहरुमा विद्यार्थी भर्नाको चाप निक्कै बढेको देखिन्छ। कहिले साधारण र कहिले प्राविधिक अध्ययन संस्थानका रुपमा लिइने गरेको यस अध्ययन संस्थानमा भौतिक पूर्वाधार र

शैक्षिक कार्यक्रमहरुको विकासमा खास कुनै लगानी भएको पाइँदैन। सीमित पूर्वाधारमा विद्यार्थीहरुको भर्ना चापको क्षमताभन्दा निकै बढी विद्यार्थी संख्यामा विद्यार्थीहरु भर्ना हुने गरेको र यसरी कुनै भर्ना नीति नदेखिएको कारण शैक्षिक वातावरणमा प्रतिकूल असर पर्नुका साथै गुणस्तमा समेत आघात पुग्न गइरहेको देखिन्छ। स्नातकोत्तर तहमा समेत क्षमताभन्दा धेरै गुना बढी विद्यार्थी भर्ना गरिएको कारण भविष्यमा वैज्ञानिक तथा अधिकांश संख्यामा शिक्षक बन्ने यस तहका विद्यार्थीहरुको पढाइको स्तरमा ठूलो ह्रास हुन गई सम्पूर्ण विज्ञान र प्रविधिको शिक्षामा प्रतिकूल असर पर्न जाने देखिन्छ। त्यस्तै यस अध्ययन संस्थामा विद्यार्थीहरुको मागको आधारमा तह थप्ने तथा नयाँ विषयहरुमा कार्यक्रम संचालन गर्ने जस्ता कार्यहरु भइरहेको देखिन्छ। तर स्रोत र साधनको सुनियोजित व्यवस्थाको अभावमा ती कार्यक्रमहरु पनि सबल रुपले सञ्चालन भइरहेको देखिँदैन। धरान क्याम्पसमा यस अध्ययन संस्थान अन्तर्गत खाद्य प्रविधि विषयमा स्नातक तहको कार्यक्रम सञ्चालन भइरहेको पनि एक दशक भन्दा बढी भइसकेको छ। कृषि प्रधान देशमा यस प्रकारको जनशक्तिको महत्व स्वयंसिद्ध छ। तर आवश्यक प्रोत्साहन र बजेटका साथसाथै थप लगानीको अभावमा यो कार्यक्रम पनि कुण्ठित अवस्थामा रहेको पाइन्छ। अल्पकालीन दृष्टिकोणले मात्र प्राविधिक उच्च शिक्षा क्षेत्रमा भर्ना लक्ष्य निर्धारण गर्ने र स्तरयुक्त जनशक्तिको उत्पादनमा ध्यान नपुऱ्याउने प्रवृतिले गर्दा भविष्यमा आइपर्ने आवश्यकतालाई तुरुन्तै आपूर्ति गर्न नसकिने भई विकासको गतिमा समेत असर पर्न जाने संभावना रहन्छ। त्यस्तै प्राविधिक उच्च शिक्षाबाट मुलुकमा प्राविधिक तथा वैज्ञानिक चेतनाको संवर्द्धन हुने र प्रतिभाशाली प्राविधिक जनशक्तिबाट स्वयं रोजगारीको तथा थप नयाँ रोजगारीहरुको समेत सिर्जना हुन सक्ने परिप्रेक्ष्यमा प्राविधिक उच्च शिक्षाको अवसरमा वृद्धि गरी उच्च शिक्षामा प्राविधिक विद्यार्थी संख्याको अनुपात क्रमशः वृद्धि गर्दै ५० प्रतिशत पुऱ्याउने लक्ष्य राखी कार्यक्रमको तर्जुमा हुनुपर्ने हुन आउँछ। उपर्युक्त परिप्रेक्ष्यमा प्राविधिक अध्ययन संस्थानहरुको शैक्षिक कार्यक्रम र प्राज्ञिक क्रियाकलापलाई योजना आयोगको जनशक्ति मागसँग मात्र आवद्ध नगरी स्वयं अध्ययन संस्थानले रोजगारीको माग र अवसरको अध्ययन गरी आफ्नो स्रोत र साधनको आधारमा राष्ट्रिय योजनाको जनशक्तिको मागलाई समेत ध्यानमा राखी शिक्षण प्रशिक्षण कार्यक्रम निर्धारण गर्नु र भर्ना लक्ष्य समेत तोकी कार्यक्रम सञ्चालन गर्न लगाउनु अपेक्षित छ।

पाठ्यक्रम र पाठ्यसामग्रीः पाठ्यक्रमको समसामयिक सुधार र आधुनिकीकरण तर्फको प्रक्रिया नियमित भएको नदेखिनु, पाठ्यक्रमको सुधार र आधुनिकीकरण अनुरुप प्रयोगशालाको सुदृढीकरण नहुनु, विद्यार्थी भर्ना अनुरुप पाठ्यसामग्रीहरु ज्यादै न्यून हुनु तथा प्रयोगशालाको क्षमता र उपकरणहरुको कमी हुनु व्यवहारिक तालिमको लागि पर्याप्त सुविधा नहुनु आदि खास विज्ञान तथा प्रविधि अध्ययन संस्थानको पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी समस्या हुन्। अन्य संस्थानहरुमा पनि आवश्यक समसामयिक सुधार एवं आधुनिकीकरण तर्फको प्रक्रियामा केही कमी नै देखिन्छ।

त्रिभुवन विश्वविद्यालयभित्र कार्यमूलक सीप तालिम गर्ने अ.न.मि, अटोमेकानिक्स, इलेक्ट्रिसियन, जे.टि,जे.टि.ए, रेन्जर इत्यादि कार्यक्रमहरु समावेश गर्दा सीप तालिममा ह्रास हुन आएको गुनासो उक्त जनशक्ति प्रयोग गर्ने केही निकायहरु एकातिर गर्दछन् भने अर्कातिर विश्वविद्यालयले यस्ता तालिमसम्बन्धी अध्ययनलाई

स्नातक तहको अध्ययनसित पनि जोड्ने प्रावधान राखी पाठ्यक्रममा धेरै परिवर्तन गरिएको र यसबाट बाहिरी जगतमा डिग्रीको मान्यताका समस्याहरुदेखि लिएर अन्य विभिन्न समस्याहरु उत्पन्न हुने गरेको देखिन्छ। यसरी दुई तहलाई जोड्ने समय समयमा शैक्षिक कार्यक्रमहरुको अवधि, पाठ्यक्रम तथा प्रवेशका लागि आवश्यक योग्यतामा समेत परिवर्तनहरु भइरहेको विद्यार्थीहरुलाई तह पूरा गर्न बढी समय लाग्ने गरेको र एकै कार्यक्रममा विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण भएकालाई र सम्बन्धित विषयमा प्रमाणपत्र उत्तीर्ण भएकालाई बेग्लाबेग्लै प्रवेश परीक्षा लिई प्रवेश गराउने गरेको तथा विभिन्न समूहलाई विभिन्न थप पाठ्यांशहरु पढाउने गरेको आदिबाट हालको यस व्यवस्थाले समस्याको समाधान गर्नुभन्दा बढी समस्याहरुको सिर्जना गरेको देखिन्छ। यसका अतिरिक्त चिकित्साशास्त्रको स्नातक कार्यक्रममा विज्ञानमा प्रमाणपत्र उत्तीर्ण विद्यार्थीहरुलाई थप एक वर्षको कार्यक्रम तथा वनविज्ञानको स्नातक तहको कार्यक्रममा विज्ञानमा स्नातक उत्तीर्ण भएपछि मात्र प्रवेश पाउने र तीन महिनाको पूरक पढाइपछि स्नातक तहको दोस्रो वर्षमा प्रवेश दिने आदि व्यवस्थाहरुको कुनै औचित्य देखिँदैन। फेरि व्यावहारमा विज्ञान समूहबाट आउने विद्यार्थीहरुको परीक्षा नतिजा साधारणतया अधिकांश मात्रामा राम्रो हुने गरेको पाइनु आदि हालको व्यवस्थामा केही अमिल्दोपनका सूचकहरु मान्न सकिन्छ। अतः गुणस्तरयुक्त प्राविधिक उच्च शिक्षा प्रदान गर्न तथा प्रदान गरिएको डिग्रीको सार्क मुलुकहरुका साथै बाह्य जगतमा समेत समान स्तरको मान्यता सरल रुपले प्राप्त हुने व्यवस्था गर्न

यसतर्फ भएका कमजोरीहरुलाई केलाई तिनको समाधान  गर्दै जानु नितान्त आवश्यक देखिन्छ। यसका निमित्त वर्तमान पाठ्यक्रमहरुको समीक्षा गरी बाह्य विश्वविद्यालयहरु र विशेष गरेर सार्क राष्ट्रहरुका प्रतिष्ठित विश्वविद्यालयहरुको दाँजोमा गुणस्तरयुक्त हेरफेर वा सुधार गर्न तथा प्रत्येक तहमा प्रवेशका लागि एकै किसिमको मात्र प्रवेश परीक्षा सञ्चालन गर्ने गरी सोको लागि आवश्यक शैक्षिक विषयबस्तु निर्धारण गर्नु वाञ्छनीय देखिन्छ।

स्रोत परिचालन तथा निजीकरणः अति कम विकसित मुलुक भएको कारण आज देशमा आवश्यक आर्थिक लगानीका क्षेत्रहरु प्रशस्त हुनु स्वभाविकै छ। हाल मुलुकमा शिक्षा क्षेत्रमा कुल गार्हस्थ्य उत्पादनको २.१ प्रतिशत मात्र लगानी भएको देखिन्छ जुन अति कम विकसित मुलुकहरुको औसत लगानी ३.१को तुलनामा निकै कम छ। विकास क्रममा मानव संशाधन विकासको महत्वपूर्ण भूमिकालाई दृष्टिगत गर्दै आगामी दश वर्ष भित्र शिक्षा क्षेत्रमा लगानी बढाएर अति कम विकसित मुलुकहरुको उक्त औसत लगानी ३.१ प्रतिशत सम्म पुर्‍याउनु पर्ने खाँचो छ। अर्कातिर युनेस्को तथा तेस्रो विश्व विज्ञान प्रतिष्ठानको सिफारिशअनुसार प्राविधिक उच्च शिक्षामा कुल शिक्षा बजेटको २५ प्रतिशत लगानी हुनु अति आवश्यक देखिन्छ। उक्त २५ प्रतिशत रकममध्ये विज्ञान साधारण प्रविधि तथा उच्च प्रविधिसम्बन्धी उच्च शिक्षामा समानुपातिक रुपले वितरण भएमा अपेक्षित उद्देश्य पूरा गर्न सजिलो पर्ने हुन्छ।

मुलुकको योजनाबद्ध विकासको निमित्त अपेक्षित दक्ष प्राविधिक जनशक्तिको उत्पादनमा विशेष जोड दिने नीति अनुरुप खास गरेर चार प्राविधिक अध्ययन संस्थानहरु एवं तिनका क्याम्पसहरुमा उल्लेखनीय लगानी भई भौतिक पूर्वाधारको विकास भएको र थप शैक्षिक पूर्वाधार स्थापित हुन लागिरहेको स्पष्ट छ। तर उक्त पूर्वाधारहरु खास गरेर बाह्यस्रोतबाट विकास गरिएको हुँदा तिनीहरुको स्याहार, सम्भार तथा सञ्चालनमा आन्तरिक खर्चको बोझ बढ्नु स्वभाविक छ। हुन त परियोजनाको शुरुमा केही संचालन खर्च पनि बाह्यस्रोतबाट बेहोर्ने प्रावधान रहेता पनि पछि क्रमशः ती सबै खर्च आन्तरिक स्रोतबाट बेहोर्नु पर्ने हुन आउँछ। अतः यी अध्ययन संस्थानहरुलाई खडा भएको पूर्वाधारहरुको अधिकतम उपयोग गरेर आन्तरिक स्रोत परिचालनद्वारा सञ्चालन खर्चको केही अंश आफैले बेहोर्न सक्ने गरी कार्यक्रमहरुलाई स्थायित्व एवं आफैले धान्न सक्ने स्थितिमा पुर्‍याउन अत्यावश्यक देखिन्छ। यसरी

अध्ययन संस्थानहरु बढ्दो खर्चको लागि सरकार माथि मात्र निर्भर पर्ने नभई आर्थिक स्वायत्ततातर्फ लाग्न सक्ने देखिन्छन्।

निजी क्षेत्रमा पनि सक्षम स्रोत परिचालन र दक्ष व्यवस्थापनद्वारा प्रभावकारी रुपले शिक्षण प्रशिक्षणको कार्य सम्पादन हुने तथा प्रतिस्पर्धाको वातावरण सिर्जना भई शिक्षाको गुणस्तरमा समेत वृद्धि हुने अपेक्षा राखी निजी क्षेत्रलाई यथासंभव प्रोत्साहन दिनुपर्ने देखिन्छ। त्यस्तै हाल संचालित क्याम्पसहरुमध्ये पनि कुनै क्याम्पस आफैं स्वेच्छाले त्रिभुवन विश्वविद्यालयबाट केही अनुदान लिई जनसहयोगको भरमा सञ्चालन गर्न तयार हुन्छ भने त्यस्तालाई पनि निजी क्षेत्रमा जान दिने व्यवस्था भएको देखिँदैन। अधिकांश निजी क्याम्पसहरु हाल आंशिक शिक्षकहरुबाट अरुको भवनमा सञ्चालन गर्नुपर्ने स्थिति रहेको हुँदा निजीकरणलाई स्थायित्व प्रदान गर्न यसतर्फ पनि राष्ट्रिय स्तरमा आवश्यक कदम चाल्नु पर्ने खाँचो छ।

अनुसन्धान कार्यक्रमः हाल त्रिभुवन विश्वविद्यालयभित्र विज्ञान तथा प्रविधि क्षेत्रमा व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र पनि संचालित छ। तर यस केन्द्रलाई शिक्षण प्रवाहबाट अलग्ग नराखी उच्च शिक्षा र अनुसन्धानलाई एक अर्काको पूरकको  रुपमा विकास गर्न सकिएको देखिँदैन।

त्रिभुवन विश्वविद्यालयले अनुसन्धानसम्बन्धी एक ठोस नीति प्रतिपादन गरी विभिन्न अध्ययन संस्थानहरुलाई शिक्षण र अनुसन्धान एक अर्काको परिपूरकको रुपमा संचालन गर्न सकेको छैन। यसका लागि त्रिभुवन विश्वविद्यालयले छुट्टै बजेटको व्यवस्था गरेको देखिँदैन। अनुसन्धान नीति तर्जुमा गर्दा राष्ट्रिय र प्राज्ञिक आवश्यकता समेतलाई ध्यान दिनु जरुरी देखिन्छ।

उच्च माध्यमिक शिक्षा र प्राविधिक उच्च शिक्षाः हाल विश्वविद्यालयमा प्राविधिक अध्ययन संस्थानहरुले निम्न र मध्यमस्तरीय प्राविधिक जनशक्तिको माग समेत आपूर्ति गर्नका लागि निम्न स्तर र प्रमाणपत्र स्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालित गर्दै आएको छन्। उक्त कार्यक्रमहरु तुरुन्त बन्द गर्दा भएका पूर्वाधारहरुबाट अन्य प्रकारका कार्यक्रमहरु तुरुन्त शुरु गर्न सक्ने स्थिति पनि नरहेको हुनाले ती कार्यक्रमहरुलाई केही समयका लागि अध्ययन संस्थानहरुद्वारा नै संचालन गर्नुपर्ने हुन्छ। देशमा उच्च माध्यमिक शिक्षा कार्यक्रम पूर्ण रुपले लागू भएपछि सम्पूर्ण उच्च शिक्षा स्नातक र सो भन्दा माथिल्लो तहमा मात्र केन्द्रित हुन जाने परिप्रेक्ष्यमा प्राविधिक उच्च शिक्षा तर्फ पनि प्रत्येक अध्ययन संस्थानको शैक्षिक कार्यक्रम स्नातक

तहदेखि मात्र शुरु हुने भई ती कार्यक्रमहरु प्रवेशका लागि आवश्यक योग्यता निर्धारण गर्दा गत एक दशकको अनुभवलाई समेत ध्यानमा राखी सबै प्राविधिक उच्च शिक्षामा प्रवेशका लागि उच्च माध्यमिक शिक्षामा विज्ञान समूहबाट उत्तीर्ण हुने विद्यार्थीहरुबाट नै प्रवेश दिनुपर्ने देखिन्छ। हुन त प्राविधिक उच्च शिक्षामा जाने अधिकार समान रुपले सबैलाई हुनुपर्छ। तर यसमा प्रवेशको आधारमा योग्यता हुनु आवश्यक छ। अतः अध्ययन संस्थानहरुले तोकिएको प्रवेश आवश्यकताको आधारमा एकै प्रकारको प्रवेश परीक्षामा सबैलाई बस्न दिने र सो मा उत्तीर्ण हुनेलाई उच्च अध्ययन गर्न दिने नीति अपनाउनु उपयुक्त हुनेछ।

यसरी विज्ञान समूहबाट प्रवेश दिँदा अधिराज्यभरिका जेहेन्दार विद्यार्थीहरुले प्रतिस्पर्धाको आधारमा प्राविधिक उच्च शिक्षामा प्रवेश पाउने भई कार्यक्रमको गुणस्तर वृद्धिमा सहायक हुने देखिन्छ। साथै यसबाट प्राविधिक अध्ययन संस्थानहरुको स्रोत र साधन सम्बन्धित विषयको पठनपाठन र अनुसन्धान आदि कार्यमा केन्द्रित गर्न मद्दत पुग्न जाने हुनेछ। तर यस व्यवस्थाबाट उच्च माध्यमिक शिक्षामा सीपमूलक र कार्यमूलक प्राविधिक र व्यावसायिक समूहबाट उत्तीर्ण हुने अधिकांश विद्यार्थीहरुलाई प्राविधिक अध्ययन संस्थानहरुमा प्रवेश बन्द भई उच्च अध्ययनको अवसरबाट बञ्चित हुन जाने देखिन्छ। अतः यसरी उच्च अध्ययन तर्फ लाग्न इच्छुक प्राविधिक र व्यावसायिक समूहबाट उच्च माध्यमिक परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुका लागि छुट्टै बहुप्राविधिक महाविद्यालय खोली अध्ययन अध्यापनको व्यवस्था हुनु अनिवार्य हुन आउँछ। यसले गर्दा एकातिर प्राविधिक उच्च शिक्षाको गुणस्तर विकास गर्नमा सहायक सिद्ध हुनेछ भने अर्कोतिर विभिन्न प्रकारका प्राविधिक जनशक्तिको आपूर्ति समस्या पनि हल हुँदै जानेछ।

उच्च माध्यमिक (१०+२)कार्यक्रममा प्राविधिक विषयहरुको पनि अध्ययन अध्यापन कार्य समावेश  हुने भएको र उच्च माध्यमिक परिषद् अन्तर्गत यी कार्यक्रम संचालन भएपछि हाल निम्न र प्रमाणपत्र तहका विभिन्न अध्ययन संस्थानहरुबाट संचालित कार्यक्रमहरु उक्त परिषद् अन्तर्गत आउँछन्। यसरी अध्ययन संस्थानहरुका कार्यक्रमहरु स्नातक र सो भन्दा माथिल्लो तहमा मात्र संचालन हुने भई सीमित क्याम्पसहरुमा मात्रै कार्यक्रम सञ्चालन हुन जाने देखिन्छ।

## ४. सुझाउहरु :

देशमा प्राविधिक उच्च शिक्षाको वर्तमान वस्तुस्थिति र हाल यस्ता कार्यक्रमहरु सुचारु रुपले सञ्चालन गर्न सामना गर्नु परेका समस्याहरुको सन्दर्भ तथा भविष्यमा प्राविधिक उच्च शिक्षाको विशेष महत्व समेतलाई दृष्टिगत गरी यथाशीघ्र गर्नु पर्ने समसामयिक सुधार एवं प्राविधिक उच्च शिक्षामा गुणात्मक तथा संख्यात्मक बृद्धिका निमित्त निम्न अनुसारका सिफारिसहरु प्रस्तुत गरिएका छन् :

(१) देशमा वैज्ञानिक एवं प्राविधिक उच्च जनशक्तिको खाँचोलाई मध्यनजर राख्दै प्राविधिक उच्च शिक्षालाई जोड दिई ठोस नीतिका आधारमा प्राविधिक उच्च शिक्षाको सुदृढीकरण, विस्तार तथा विकास गर्नु पर्दछ।

(२) अध्ययन संस्थानहरुले आफ्ना स्रोत र साधनको अधिकतम परिचालन हुने गरी तथा रोजगारीका अवसर र योजना आयोगबाट प्राप्त जनशक्तिको मागलाई समेत ध्यानमा राखी स्वयंले आफ्ना शैक्षिक कार्यक्रमहरु तथा भर्ना लक्ष्य निर्धारण गरी सञ्चालन गर्नु पर्दछ।

(३) हाल संचालित भइरहेका प्राविधिक निम्न र प्रमाणपत्र तहका कार्यक्रमहरु यथासम्भव विश्वविद्यालयबाट क्रमशः हटाउँदै २०५७ साल सम्ममा पूर्ण रुपले हटाइनु पर्छ र यसरी हटाइएका कार्यक्रमहरु उच्च माध्यमिक शिक्षा अन्तर्गत सम्बन्धित निकायहरुद्वारा सञ्चालन गर्नु पर्दछ। साथै सीपमूलक उच्च शिक्षाका निमित्त क्रमशः बहुप्राविधिक महाविद्यालयहरुको स्थापना गर्नु पर्दछ।

(४) प्रमाणपत्र तहका मात्रै कार्यक्रम सञ्चालन भइरहेका प्राविधिक क्याम्पसहरु मध्ये केहीलाई तिनीहरुको क्षमता तथा क्षेत्रीय आवश्यकता हेरी स्नातक तहको मात्र कार्यक्रम सञ्चालन गर्ने गरी तह बृद्धि गर्नुपर्छ।

(५) प्राविधिक अध्ययन संस्थानहरुलाई आफ्नो कार्य क्षमता बढाउन उपाधि प्रदान गर्ने वाहेक अन्य आवश्यक गतिविधिमा पूर्ण स्वायत्तता प्रदान गरी महाविद्यालयहरुलाई पनि आफ्नो विकास गर्न तथा क्षमता अभिवृद्धि गर्न आवश्यक स्वायत्तता प्रदान गर्नु पर्दछ।

(६) अन्य सम्बन्धित विषयक्षेत्रका अध्ययन अध्यापन कार्यक्रमहरुलाई समेत समावेश गरी अध्ययन संस्थानहरुलाई कार्यदक्षता र क्षमताको आधारमा क्रमशः पूर्ण विश्वविद्यालयको रुपमा विकसित गर्नुपर्छ।

(७) प्राविधिक अध्ययन संस्थानहरुलाई बाह्य स्रोत र सहयोग प्राप्त हुन छाडे पनि आफ्ना कार्यक्रमहरु यथावत् सुचारु रुपले सञ्चालन गरी आफ्नै खुट्टामा उभिनको निमित्त सक्षम हुनका लागि आफ्नो आन्तरिक स्रोत परिचालनद्वारा आयस्रोतको वृद्धि गरी यथासम्भव सञ्चालन खर्चको प्रतिशत बेहोर्दै जाने नीति लिइनुपर्छ।

(८) हालको विज्ञान तथा प्रविधि अध्ययन संस्थानलाई पूर्ण रुपले अरु प्राविधिक अध्ययन संस्थान सरह विकसित गरी सुसज्जित प्रयोगशाला, पुस्तकालय आदिको व्यवस्था गर्नुपर्छ।

(९) अध्ययन संस्थानद्वारा हाल संचालित खाद्य प्रविधिको कार्यक्रमलाई सुदृढीकरण एवं विस्तारका साथै आवश्यकता अनुसार अन्य प्रविधि सम्बन्धी थप कार्यक्रमहरु पनि संचालित गर्नुपर्छ।

(१०) परम्परागत प्रविधिहरुलाई समयानुकूल बनाई तिनको विकास गर्नुपर्छ। यसै परिप्रेक्षमा आयुर्वेदिक शिक्षा प्रणालीको समेत सुदृढीकरण र विस्तार गर्न प्रोत्साहित गर्नुपर्छ।

(११) विज्ञानको उच्च शिक्षामा हाल विभिन्न क्याम्पसहरुमा भौतिक पूर्वाधार र सुविधाहरुको कमी तथा विद्यार्थी भर्नाको बढ्दो चापले शैक्षिक स्तरमा आएको ह्रासलाई घटाउन आवश्यक भौतिक पूर्वाधार र सेवा सुविधाको विस्तार एवं विकासका लागि यस क्षेत्रमा लगानीको बृद्धि गर्नुपर्छ।

(१२) प्राविधिक अध्ययन संस्थानहरु तथा सम्बन्धित सरकारी निकायहरुका बीच आपसी समन्वय कायम गरी सामान्यतया ती निकायहरुमा उपलब्ध सुविधाहरुको प्रयोग पठन पाठन र अनुसन्धानको क्रममा आवश्यकता अनुसार गर्न दिइने व्यवस्था हुनुपर्छ।

(१३) प्राविधिक उच्च शिक्षाको विकास तथा विस्तार गर्ने क्रममा नयाँ पूर्वाधारको सिर्जना गर्दा क्षेत्रीय विकासको पक्षलाई समेत ध्यान दिनुपर्छ।

(१४) प्रत्येक अध्ययन संस्थानले सञ्चालन गरेका कार्यक्रमहरु मध्ये उपयुक्तताका आधारमा कुनै एकाइलाई उत्कृष्ट केन्द्रका रुपमा विकास गर्नुपर्छ।

(१५) प्राविधिक उच्च शिक्षालाई समसामयिक, उच्च गुणस्तरयुक्त एवं सान्दर्भिक बनाउन नियमित रुपले आवश्यक कार्यक्रमहरु संचालित गर्नुपर्छ। यसका लागि बाह्य विश्वविद्यालयहरुसँगको सम्पर्क बढाइनुपर्छ तथा शिक्षकहरु बीच र विद्यार्थीहरु बीचको आदान प्रदान कार्यक्रमलाई प्रोत्साहित गर्नुपर्छ। साथै प्राविधिक उच्च शिक्षाको स्तरलाई अन्य मुलुकहरुको र विशेष गरी सार्क मुलुकका प्रतिष्ठित विश्वविद्यालयहरुका दाँजोमा पुर्‍याउने कोशिश गर्नुपर्छ।

(१६) विज्ञान र अन्य समूहका लागि बेग्लाबेग्लै प्रवेश परीक्षा भइरहेका स्नातक तहका कार्यक्रमहरुमा एकरुपता ल्याउनका निमित्त २०५१/५२ को भर्नादेखि एक किसिमको मात्र प्रवेश परीक्षा गरी उत्तीर्ण विद्यार्थी मध्येबाट योग्यताक्रमानुसार मात्रै भर्ना लिनुपर्छ।

(१७) विज्ञान र चिकित्साशास्त्र वाहेक अन्य सबै प्राविधिक विषयहरुमा स्नातक तहको अवधि साधारणतया चार वर्षको हुनुपर्छ। त्यस्तै सामान्यतया विज्ञानमा

तीन वर्षको र चिकित्साशास्त्रमा एम.बी.बी.एस. कार्यक्रम साढे चार वर्षको हुनुपर्छ।

(१८) शैक्षिक कार्यक्रम सम्बन्धी नीति निर्माण तथा निर्णय प्रक्रियामा शिक्षक तथा प्राज्ञिक वर्गको अधिकतम सहभागिता गराइनुपर्छ। यसलाई अझ गतिशील रुपले संचालित गर्नका लागि आवश्यक सबै अधिकारहरुको विभागीय तहसम्म प्रत्यायोजन गर्नुपर्छ। साथै शिक्षक वर्गमा उच्च मनोबलको अभिवृद्धि गर्न उनीहरुको वृत्तिविकास, पदोन्नति, पुरस्कार आदि तर्फ विशेष ध्यान पुऱ्याउनु पर्छ। विश्वविद्यालयहरु बीच सेवा स्थानान्तरण समेत गर्न सकिने व्यवस्था हुनुपर्छ।

(१९) अनुसन्धान र उच्च शिक्षालाई एक अर्काको पूरकको रुपमा विकसित गर्नुपर्दछ। स्नातक र सोभन्दा माथिल्लो तहका कार्यक्रम संचालित हुने सबै विभागहरुमा अनुसन्धानलाई अभिन्न अङ्गको रुपमा समाविष्ट गरी बढी भन्दा बढी शिक्षकहरुलाई अनुसन्धानमा संलग्न गराउनुपर्छ। सरकारी, गैरसरकारी तथा निजी निकायबाट गराइने अनुसन्धान कार्य विश्वविद्यालय अन्तर्गत गराउन आकर्षित गर्नुपर्छ।

(२०) प्राविधिक अध्ययन संस्थानहरुलाई जनशक्ति उत्पादनको साथै अनुसन्धान तथा विकास कार्यद्वारा देशको वैज्ञानिक एवं प्राविधिक क्षमता बृद्धि तर्फ र देश विकासका प्राविधिक समस्याहरु हल गर्ने कार्यका लागि उत्प्रेरकका रुपमा प्रोत्साहित गर्न कर सुविधा तथा अनुदानको व्यवस्था गर्नुपर्दछ। साथै श्री ५ को सरकारका स्वामित्वमा रहेका विभागहरु तथा निकायहरुलाई उपयुक्त नियमको समेत तर्जुमा गरी यसतर्फ उन्मुख गराउनुपर्छ।

(२१) विश्वमा भइरहेको नयाँ उच्च प्रविधिहरुको विकाससित परिचित रहनुका साथसाथै सान्दर्भिकता अनुसार ती प्रविधिहरुको अध्ययन, अध्यापन तथा क्षमताको विकासतर्फ प्रोत्साहन दिनुपर्छ।

(२२) जेहेन्दार तथा मेधावी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नुपर्दछ। यसका साथै परामर्श सेवा, खेलकूद, विद्यार्थी कल्याण, कार्य–अध्ययन (धयचप कतगमथ) आदि विषयमा पनि विशेष ध्यान पुऱ्याउनु पर्छ। सक्षम तथा गरीव वा पछिपरेका वर्गबाट आएका विद्यार्थीहरुलाई उपयुक्त निकायहरुबाट छात्रवृत्ति तथा ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

(२३) प्राविधिक उच्च शिक्षाका क्षेत्रमा सुधार तथा विकासका लागि नीति निर्माण, मार्गदर्शन गर्नुका साथै कार्यक्रमहरुको मूल्याङ्कन गर्ने र आर्थिक अनुदान जुटाउने कार्य विश्वविद्यालय अनुदान आयोगबाट हुनुपर्छ। यस आयोगमा वैज्ञानिक प्राविधिज्ञको पनि समुचित प्रतिनिधित्व रहनुपर्छ।

(२४) आगामी वर्षहरुमा प्राविधिक उच्च शिक्षा तर्फ विद्यार्थी भर्नाको प्रतिशत क्रमशः बृद्धि गर्दै दश वर्षभित्र कुल विद्यार्थी भर्ना संख्याको ४० प्रतिशत पुऱ्याउने लक्ष्य राखिनुका साथै देशको कुल गार्हस्थ उत्पादनको १ प्रतिशत रकम प्राविधिक उच्च शिक्षामा लगानी गर्ने लक्ष्य राखिनुपर्छ।

(२५) प्राविधिक उच्च शिक्षामा पनि जनसहभागिता तथा निजी क्षेत्रको संलग्नता बढाइनुका साथै नयाँ स्थापना हुने महाविद्यालय तथा विश्वविद्यालयहरुमा समेत आवश्यकता अनुसार प्राविधिक उच्च शिक्षाको व्यवस्था गर्नु पर्दछ।

शिक्षा मन्त्रालय

# ६. संस्कृत शिक्षा

## १. पृष्ठभूमि

संस्कृत शिक्षा नेपालमा अनादिकालदेखि आजसम्म अविछिन्न रुपमा प्रवाहित हुँदै आएको छ । शिक्षाको क्षेत्रमा पाश्चात्य धाराको प्रवेश हुनुभन्दा पहिले यहाँ पूर्वीय चिन्तन तथा ज्ञान-विज्ञानको संवाहकका रुपमा देशभर यही शिक्षा ने प्रचलित थियो । यसैले यहाँको संस्कृति मात्र होइन यहाँका निवासीहरुको मूल्य र मान्यताहरु पनि यसै शिक्षासँग आवद्ध रहँदै आएका छन् ।

प्राचीनकालदेखि मध्यकालसम्म पनि संस्कृत विषयहरुको अध्ययन अध्यापन प्रायः गुरुकुल पद्धतिका विद्यालयहरुमा नै हुने गर्दथ्यो । यस्ता विद्यालयहरु राजकीय संरक्षण, श्रद्धालुहरुका दानदातव्यहरु र छात्रहरु स्वयंले भिक्षाटनद्वारा आर्जन गर्ने आयहरुद्वारा नै निःशुल्क रुपमा सञ्चालित हुने गर्दथे ।तर समयको परिवर्तनअनुसार पछि पछि यस्ता गुरुकुल विद्यालयहरु क्रमशः लुप्त हुँदै गएकाले संस्कृतका विद्वानहरुले आफ्नो त्याग र तपस्याद्वारा आ-आफ्ना घरघरमा नै शिक्षा दिने परम्परा बसाली संस्कृत शिक्षाको ज्योतिलाई जगाइरहेको पाइन्छ ।

संस्थागत रुपमा संस्कृत विद्यालयहरुको इतिहास भने त्यति पुरानो छैन । वि.स.१९३२ भन्दा पहिले नै राजधानी काठमाडौँमा एउटा संस्कृत पाठशाला खुलिसकेको र पछि यसले रानीपोखरी संस्कृत प्रधान पाठशालाको नामले वि.सं. १९३४ मा राजकीय विद्यालयको रुप ग्रहण गरेको देखिन्छ ।वि.सं.१९३२ मा भोजपुर जिल्लाको दिङ्लामा पनि अर्को संस्कृत पाठशालाको स्थापना भएको थियो । यस्तै १९४२ तिर राजधानीमा नै तीनधारा संस्कृत छात्रावासको स्थापना भयो । संस्कृत शिक्षाको प्रचार प्रसारमा यी संस्थाहरुले गरेको योगदान प्रसिद्ध रहेको छ ।पछि जनकपुर, मटिहानी, रिडी, कलैया, तौलिहवा, पोखरा, पाल्पा, दाङ आदि ठाउँहरुमा पनि संस्कृतका विद्यालयहरु खुल्दै गए ।

वि.सं. १९५८ मा सरकारले एकै पटक ७५ वटा भाषा पाठशालाहरु खोलेपछि नेपालमा संस्थागत रुपमा संस्कृत शिक्षाको प्रचार-प्रसारमा तीब्रता आएको देखिन्छ । यस्ता भाषा पाठशालाहरु र संस्कृत पाठशालाहरु पछि अरु पनि थपिँदै गए । वि.सं. २०१० सालसम्ममा यिनको संख्या २३३ पुगेको पाइन्छ । तर राष्ट्रिय शिक्षा योजना (२०११) को सिफारिश लागू गर्ने सन्दर्भमा वि.सं. २०११मा प्राथमिक र निम्नमाध्यमिक तहका

यस्ता सबै शिक्षण संस्थाहरु बन्द गरिए । यसबाट संस्कृत शिक्षामाथि ठूलो प्रहारको अनुभव भयो र यसको क्षतिपूर्ति आजसम्म हुन सकेको छैन ।

पछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति(२०१८), संस्कृत शिक्षा सुधार परामर्शदात्री समिति (२०२३) र राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् (२०२४) आदि विभिन्न समितिहरु गठन भए, सुझावहरु पेश गरिए, तर संस्कृत शिक्षामा भने उल्लेखनीय परिवर्तन आउन सकेन । राष्ट्रिय शिक्षा पद्धतिको योजना(२०२८-३२)ले संस्कृत शिक्षाको महत्व औँल्याउँदै वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत छुट्टै संस्कृत अध्ययन संस्थानको स्थापना गरायो तर यसै योजनाद्वारा साधारण शिक्षातर्फ राखिएको अनिवार्य संस्कृत हटाइएको र कक्षा ८ देखि मात्र संस्कृत माध्यमिक विद्यालयहरु सञ्चालन गर्न अनुमति दिइएकाले विद्यालयहरु राम्रोसँग सञ्चालित हुन नसकी विद्यार्थीहरुको पर्याप्त स्रोत उपलब्ध नहुँदा उच्च शिक्षाको क्षेत्रमा गरिएको व्यवस्था पनि अपेक्षित मात्रामा उपलब्धीमूलक हुन सकेन ।

रानीपोखरी प्रधान पाठशाला वि.सं. १९७३ देखि शास्त्री, आचार्य तहको अध्यापन गराई परीक्षा दिन अनौपचारिक रुपमा वनारस पठाउने चलन चलेको देखिन्छ । वि.सं. १९९० देखि त्यहाँ विभिन्न विषयका शिक्षकहरुको नियुक्ति गरी औपचारिक रुपमा नै उच्च शिक्षाको अध्यापन आरम्भ गरियो । तर परीक्षा भने अनौपचारिक नै थियो । पछि वि.सं. २००८ मा राजकीय संस्कृत महाविद्यालयको स्थापना गरियो । जसको समुद्घाटन श्री ५ त्रिभुवनबाट २००९ सालमा भएको थियो । यसै वर्ष धरानमा निजीस्तरमा पिण्डेश्वर महाविद्यालयको पनि स्थापना भयो । यस्तै २०११मा दाङमा जनता संस्कृत महाविद्यालयको स्थापना भयो । यस बाहेक जनकपुर, मटिहानी, कलैया, तौलिहवा आदिका संस्कृत प्रधान पाठशालाहरुमा पनि शास्त्री र आचार्य तहसम्म पठनपाठन गराई परीक्षाको निमित्त वनारस नै पठाइन्थ्यो ।

यो क्रम त्रिभुवन विश्वविद्यालयले आफ्नो परीक्षा सञ्चालन नगर्दासम्म कायमै रह्यो । त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति प्राप्त गरे पछि जनकपुरमा याज्ञवलक्य संस्कृत महाविद्यालय र मटिहानीमा लक्ष्मीनारायण संस्कृत महाविद्यालयहरु स्थापित भए । यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२)लागू हुन अघिसम्म अधिराज्यमा पाँचवटा संस्कृत महाविद्यालयहरु चलिरहेका देखिन्छन् । वि.सं. २०२२ देखि भने आचार्य तहका सम्पूर्ण कक्षाहरु त्रि.वि. कलेज, कीर्तिपुरमा मात्र चल्न थालेका थिए ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि संस्कृत अध्ययन संस्थानको केन्द्रीय कार्यालय दाङमा स्थापित भयो । जनकपुर र मटिहानीका महाविद्यालयहरु गाभिएर मटिहानीमा याज्ञवलक्य लक्ष्मीनारायण क्याम्पसको व्यवस्था भयो र आचार्य कक्षाहरु कीर्तिपुरबाट ल्याएर बाल्मीकि क्याम्पसमा मिसाइयो ।अध्ययन संस्थानले विद्यावारिधिको कार्यक्रम चलाउन आरम्भ गरे पनि त्यो जग विनाको महल सावित भयो ।दाङको बेलझुण्डीमा पछि स्नातकोत्तर तहको केन्द्रीय क्याम्पस वि.सं. २०३९ मा स्थापना गरियो । शाही उच्च शिक्षा आयोगको गठन २०३९ पछि यसको समेत सिफारिशलाई आधार मानेर वि.सं. २०४३सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएको छ । विश्वविद्यालयको गठन पछि रिडीमा रुरु विद्यापीठ, जनकपुरमा हाजी जनक विद्यापीठ(२०४७) र महेन्द्रनगरमा शारदा विद्यापीठ समेत गरी थप तीन संस्कृत विद्यापीठहरु थपिएका छन् ।

**२. वर्तमान स्थित**

संस्कृत माध्यमिक शिक्षाः स्थायी र अस्थायी स्वीकृति प्राप्त समेत गरी हाल अधिराज्यका कक्षा ८ देखि १० सम्म पठनपाठन हुने संस्कृत माध्यमिक विद्यालयहरुको संख्या करिब ४३ रहेको छ । यिनमा केही वेदविद्याश्रम पद्धतिका गुरुकुल विद्यालयहरु पनि रहेका छन् । यी सबै विद्यालयहरुबाट गरी गत २०४७ सालको पूर्वमध्यमा एसएलसी परीक्षामा सम्मिलित परीक्षार्थीहरुको संख्या ७१७ रहेको र यी मध्ये ६४८ छात्रछात्राहरु त्यस परीक्षामा उत्तीर्ण भएका देखिन्छन् । यसबाट संस्कृत विद्यालयहरुको उत्तीर्ण प्रतिशत ९० देखिन आएको छ । एसएलसी परीक्षा दिने सम्पूर्ण विद्यार्थीहरुको उत्तीर्णता प्रतिशतको तुलनमा संस्कृततर्फका विद्यार्थीहरुको उत्तीर्णता प्रतिशत निकै बढी देखिन्छ । तर विद्यार्थी संख्याको कमी भने यहाँ खड्किने कुरा हुन आएको छ ।

**साधारण शिक्षामा संस्कृतः** साधारण शिक्षातर्फ कक्षा ४ र ५ मा पचास पचार पूर्णाङ्क र कक्षा ६ र ७ मा तीस तीस पूर्णाङ्कको संस्कृत समावेश गरिएको छ । कक्षा ८ देखि १० सम्म भने एक-एक पत्र इच्छाधीनको रुपमा राखिएको छ । यस्तै साधारण उच्च शिक्षाममा मानविकी र सामाजिकशास्त्र संकायतर्फ संस्कृतलाई ऐच्छिक रुपमा समावेश गरिएको छ । त्यहाँ प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्म नै संस्कृतको पढाइ हुने व्यवस्था रहेको छ ।

संस्कृतमा उच्च शिक्षाः हाल संस्कृत उच्च शिक्षातर्फ म.सं.वि. अन्तर्गत आठवटा विद्यापीठहरुमा संस्कृतका शास्त्रीय विषयहरुको पढाइ हुन्छ । तीमध्ये एकमा उत्तरमध्यमा तहदेखि आचार्य तहसम्म , तीनवटामा उत्तरमध्यमा र स्नातक तह, एउटामा आचार्य तह मात्र र तीनवटामा उत्तरमध्यमा तहका कक्षाहरु सञ्चालित हुँदै आएका छन् । हाल ती विद्यापीठहरुमा पढ्ने छात्रहरुको संख्या १००३ छ । यसमध्य् आधाभन्दा बढी भारतबाट पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरी आएका छन् । अनुसन्धान कार्यक्रम म.सं.वि. केन्द्रीय कार्यालद्वारा छुट्टै सञ्चालन गरिएको छ । हाल म.सं.वि. द्वारा दुईवटा संस्कृत माध्यमिक विद्यालयहरु सञ्चालित छन् । यिनमा पढ्ने छात्रहरुको संख्या करिब एक हजार रहेको छ ।

### ३.प्रमुख समस्या र मुद्दाहरु

वर्तमान शिक्षा प्रणालीअन्तर्गतको संस्कृत शिक्षा विभिन्न समस्याहरुबाट गुज्रिरहेको छ । संस्कृत शिक्षाको राष्ट्रिय नीति स्पष्ट नहुँदा यसको कार्यक्रम प्रभावकारी हुन नसकी केवल परम्परागत ढंगले मात्र सञ्चालित हुन गएको छ । संगठन ढाँचा समसामयिक अन्तर्राष्ट्रिय ढाँचासँग निमल्दो हुनु, संस्कृत माध्यमिक विद्यालयको संख्या कम हुनु तथा विद्यार्थीहरुलाई संस्कृततर्फ आकर्षित गर्ने उपायहरुको कमीले गर्दा संस्कृत उच्च शिक्षामा विद्यार्थी स्रोतको न्यूनता रहनु, समाजको आवश्यकताअनुरुप एकातिर जनशक्तिको उत्पादन कम हुनु र अर्कातिरत उत्पादित जनशक्तिको निमित्त रोजगारीको निश्चितता नहुने हुँदा परस्पर विरोधाभास खडा हुनु, संस्कृतमा आधारित प्राविधिक शिक्षा र व्यावसायिक विषयहरुको विकास तथा विस्तार गर्ने कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन नगरिनु र विश्वविद्यालय एवं माध्यमिक विद्यालयहरुको पाठ्यक्रममा परस्पर तालमेल नमिल्नु यसका मुख्य समस्याहरु रहेका छन् ।

संस्कृत माध्यमिक विद्यालयहरुको संख्या ज्यादै कम हुनु, भएका माध्यमिक विद्यालयहरुमध्ये पनि कतिपय विद्यालयहरु सुदृढ र सुव्यवस्थित रुपमा संचालित हुन नसक्नु, अनिवार्य संस्कृतमा पनि भाषा सिकाउनुमा भन्दा विषयवस्तुको ज्ञान गर्नुपर्ने खालका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु राखिनु, शिक्षक प्रशिक्षणको व्यवस्था नहुनु, पठनपाठनको निरीक्षण तथा अनुगमनको सक्रिय व्यवस्था नहुनु, आर्थिक स्रोतहरु अनुपलब्ध रहेकाले शैक्षिक र भौतिक विकासका लागि कठिनाइ हुनु, जग्गा जमिनहरु भएका विद्यालयहरुमा पनि भौतिक सम्पतिको संरक्षण र



शिक्षा मन्त्रालय

सञ्चालनको राम्रो व्यवस्था नहुँदा उपयुक्त आयस्रोतको प्रबन्ध हुन नसक्नु, विद्यालयहरुमा विषयगत शिक्षकहरुको कमी हुनु, विद्यार्थीहरुको निमित्त छात्रावासहरुको उचित प्रवन्ध नहुनु आदि प्रमुख समस्याका रुपमा देखिएका छन् ।

उच्च शिक्षातर्फ दृष्टि दिँदा उद्देश्यअनुरुप योजनाको तर्जुमा र कार्यक्रम परिचालित नहुनु,विश्वविद्यालयका निमित्त अपेक्षित छात्र स्रोत उपलब्ध नहुनु, संस्कृत वाङ्मयभित्र निहित महत्वपूर्ण ज्ञानहरु जनसमक्ष पुर्‍याउने उपयुक्त एवं सशक्त कार्यक्रम नहुनु, संस्कृतमा रहेको ज्ञान प्राप्त गर्न चाहने विदेशीहरुलाई अध्ययन अनुसन्धान गर्न अवसर प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन नगरिनु, संभावित आर्थिक स्रोतको प्रभावकारी रुपमा परिचालन नगरिनु, शैक्षिक एवं प्राज्ञिक स्तरवृद्धिका निमित्त आवश्यक प्रयास नहुनु , संस्कृतका उच्चस्तरीय जनशक्तिको निमित्त कार्यक्षेत्र अत्यन्त सीमित रहनु, पाठ्यक्रमको विकास तथा पाठ्यपुस्तक र पाठ्यसामग्रीहरुको निर्धारण र प्रकाशन गर्ने नियमित प्रवन्ध नहुनु, राष्ट्रका लागि आवश्यक पर्ने संस्कृतनिष्ठ प्राविधिक ज्ञानको पठनपाठन तथा विकास गर्ने समुचित व्यवस्था नहुनु, अनुसन्धान कार्यक्रमलाई प्रभावकारी ढंगले राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकता अनुरुप परिचालन नगरिनु, पर्याप्त आधार खडा नगरिएबाट संस्कृत विश्वविद्यालयको स्थिति सुदृढ हुन नसक्नु र शैक्षिक एवं प्राज्ञिक पक्षको तुलनामा प्रशासनिक एवं व्यवस्थापन पक्षमा बढी लगानी गर्ने परिपाटी विकसित हुँदै जानु जस्ता समस्याहरु प्रमुख रहेका छन् ।

आर्थिक स्रोतको परिचालनतर्फ हालसम्म संस्कृत शिक्षा प्रायः सरकारी अनुदानमा नै निर्भर रहेकोले सञ्चालनमा विशेष समस्या उत्पन्न भएको छैन । तापनि यसको भौतिक पक्षको विकास गर्न र भविष्यमा आत्मनिर्भरतातर्फ उन्मुख हुन सक्ने वातावरण भने देखा परिरहेको छैन । हाल स्वीकृतिप्राप्त सबै संस्कृत माध्यमिक विद्यालयहरुको सम्पूर्ण खर्च श्री ५ को सरकारले नै बेहोरेको छ भने उच्च शिक्षातर्फ पनि बजेटको लगभग ९८ प्रतिशत रकम श्री ५ को सरकारद्वारा नै बेहोरिएको देखिन्छ ।म.सं.वि.को प्रतिवेदनअनुसार विश्वविद्यालयको दाङ देउखुरीस्थित जग्गाबाट आर्थिक वर्ष २०४७/४८ प्रति विगाहा रु २२७।- मात्र आम्दानी भएको देखिन्छ र त्यस जग्गाको खास उपयोग हुन सकिरहेको देखिँदैन । यस्तै सिचाइ सुविधाको अभावले गर्दा बेलझुण्डीस्थित ३२६ विगाहा जमिनको

आम्दानी पनि नगण्य रहेको छ । यसरी संस्कृत शिक्षामा आन्तरिक स्रोत निकै कमजोर रहेको तथ्य स्पष्ट हुन आएको छ ।

## ४. सुझाउहरु :

वर्तमान समस्याहरुको समाधान गरी संस्कृत शिक्षालाई अझ बढी उपयोगी बनाउनका निमित्त यहाँ केही सुझाउहरु प्रस्तुत गरिएका छन् :

(१) नेपालको राष्ट्रिय संस्कृति र मूल्य एवं मान्यताहरुको जगेर्ना गर्न सक्षम व्यक्तिहरु तयार पार्नु, संस्कृतका विविध शास्त्रीय विषयहरुका अध्ययन परम्पराको संरक्षण गर्नु, राष्ट्रभाषा एवं अन्य राष्ट्रिय भाषाहरुको भाषिक, साहित्यिक प्रयोग र शिक्षणमा सघाउ पुऱ्याउनु, संस्कृत भाषामा निहित उच्चस्तरीय साहित्यिक सृजना र शास्त्रीय चिन्तनका साथै आयुर्वेद, ज्योतिष, योग जस्ता प्रयोग प्रधान ज्ञानहरुको माध्यमबाट राष्ट्रलाई लाभान्वित गराउनु र संस्कृत वाङ्मयका विविध पक्षको अध्ययन अनुसन्धान परम्पराद्वारा राष्ट्रलाई संस्कृत विद्याको अध्ययन अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय केन्द्रको रुपमा स्थापित गराउनु संस्कृत उच्च शिक्षाको प्रमुख उद्देश्य हुनुपर्छ।

(२) संस्कृत शिक्षाको पाठ्यक्रम निर्धारण गर्दा शिक्षाको राष्ट्रिय परिप्रेक्ष्य र संस्कृत शिक्षाको अन्तर्राष्ट्रिय मान्यतालाई समेत ध्यान दिनु आवश्यक छ।

(३) संस्कृत शिक्षालाई समसामयिक, समाजोपयोगी र गतिशील बनाउने प्रयास जारी रहनुपर्छ।

(४) संस्कृत शिक्षाको अध्ययन परम्परालाई राष्ट्रिय स्तरबाट अन्तर्राष्ट्रिय स्तरसम्म विस्तार गर्ने प्रयत्न हुनुपर्छ।

(५) संस्कृत शिक्षातर्फ पूर्व मध्यमादेखि आचार्य तहसम्म संस्कृत भाषाकै माध्यमबाट संस्कृतका विषयहरुको अध्ययन अध्यापन हुनुपर्छ र साधारण शिक्षातर्फ विद्यालय तहदेखि एम.ए. सम्म राष्ट्रभाषा तथा अन्तर्राष्ट्रिय भाषाहरुको माध्यमबाट पठनपाठन सञ्चालित हुनुपर्छ।

(६) राष्ट्रिय शिक्षाको मूल धारामा समाहित गरी आफ्नो मौलिक विशेषता कायम राख्न संस्कृत शिक्षा सञ्चालन गर्न तालिका १ मा दिए अनुसारको संरचनाको व्यवस्था हुनुपर्छ :

**तालिका-१**

| प्राथमिक | | | | | माध्यमिक | | उच्चमाध्यमिक | उच्चशिक्षा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्वमध्यमा | | उत्तरमध्यमा | शास्त्री | | आचार्य | अनुसन्धान |
| १ | २ | ३ | ४ | ५ | ६ ७ ८ | ९ १० | ११ १२ | १३ | १४ १५ | १६ १७ | |
| | | | | | | संस्कृत माध्यमिक विद्यालय | | महेन्द्र संस्कृत विश्वविद्यालय | | | |

(क) संस्कृत शिक्षाको निमित्त छुट्टै प्राथमिक शिक्षाको व्यवस्था नगर्ने।

(ख) संस्कृत शिक्षाको निमित्त संस्कृत माध्यमिक विद्यालयहरुको व्यवस्था कायम राखी यस्ता विद्यालयहरुलाई कक्षा ६ देखि १० सम्म सञ्चालित गर्ने।

(ग) संस्कृत शिक्षाको निमित्त उच्च माध्यमिक तह (कक्षा ११ र १२) को छुट्टै व्यवस्था गर्ने।

(घ) शास्त्री (स्नातक) तीन वर्षको र आचार्य (स्नातकोत्तर) दुई वर्षको गरी सञ्चालन गर्ने।

(ङ) विद्यावारिधिको कार्यक्रम सञ्चालन गर्ने र एक वर्षे अनुसन्धान प्रविधि

(च) (एम.फिल.) को प्रशिक्षण पूरा गरेकाहरुलाई मात्र विद्यावारिधि कार्यक्रममा सहभागी बनाउने।

(छ) तह पार गरेपछि आफ्नो योग्यता र रुची अनुसार साधारण शिक्षातर्फ जान, निर्धारित शर्त पूरा गरेमा प्राविधिक शिक्षातर्फ लाग्न र अन्य विषय क्षेत्रहरुबाट संस्कृत शिक्षा तर्फ आउन पाइने व्यवस्था समेत हुनुपर्ने।

(ज) साधारण शिक्षामा हुने व्यवस्था बमोजिम संस्कृत शिक्षामा पनि अनौपचारिक शिक्षा र दूर शिक्षाको व्यवस्था क्रमिक रुपमा गर्दै जानुपर्ने।

**संस्कृत माध्यमिक शिक्षा**

(७) स्थलगत उपयुक्तता र सम्भाव्यताका आधारमा प्रत्येक जिल्लामा कम्तीमा एउटा संस्कृत माध्यमिक विद्यालयको स्थापना गरिनु पर्दछ।

(८) राम्ररी चलन नसकेका संस्कृत माध्यमिक विद्यालयहरुलाई चल्न सक्ने र जनरुचि भएका ठाउँहरुमा सारी व्यवस्थित ढङ्गले सञ्चालन गर्ने व्यवस्था मिलाइनु पर्दछ।

(९) संस्कृत माध्यमिक विद्यालयहरुमा कक्षा ६ देखि ८ सम्म संस्कृत भाषाको शिक्षणमा मात्र जोड दिने र कक्षा ९ र १० मा संस्कृतका विभिन्न ऐच्छिक विषयहरु समेत पढाउने उद्देश्य राखी पाठ्यक्रमको तर्जुमा गरिनुपर्छ र तद्नुसार उपयुक्त पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरुको निर्माण गरिनुपर्दछ।

(१०) संस्कृत पढाउने प्रत्येक शिक्षकलाई अनिवार्य रुपमा सम्बद्ध विषय शिक्षणको तालिम दिने व्यवस्था मिलाइनु पर्दछ।

(११) प्रत्येक संस्कृत माध्यमिक विद्यालयमा छात्रावासको व्यवस्था मिलाउनका लागि स्थानीय सहयोग जुटाउने, संभव भएमा अन्य चल तथा अचल सम्पत्तिको उपयोग गर्ने र दाताहरु खोजी गरी दाताकै कीर्तिस्तम्भको रुपमा छात्रावासको निर्माण गराउने समेत व्यवस्था मिलाउनु पर्दछ।

(१२) मन्त्रालय अन्तर्गत संस्कृत शिक्षा निरीक्षण एकाइको व्यवस्था गरी शैक्षिक कार्यक्रमको निरीक्षण तथा सुदृढीकरणको प्रबन्ध मिलाइनु पर्दछ।

(१३) म.सं.वि. अन्तर्गत संचालित हुँदै आएका संस्कृत माध्यमिक विद्यालयलाई अन्य साधारण विद्यालय सरह नै मन्त्रालयको व्यवस्थापन अन्तर्गत सञ्चालन गर्ने व्यवस्था हुनुपर्दछ।

(१४) संस्कृत निम्नमाध्यमिक कक्षा ६ देखि ८ सम्म साधारण निम्न माध्यमिक विद्यालयहरुका निमित्त निर्धारित रहेका अनिवार्य विषयहरुको पठनपाठन हुने व्यवस्थाका साथै ऐच्छिक भाषा अन्तर्गत संस्कृत लिने व्यवस्था हुनुपर्दछ।

(१५) संस्कृत माध्यमिक विद्यालयहरुको कक्षा ९ र १० मा पनि साधारण माध्यमिक विद्यालयहरुका निमित्त निर्धारित रहेका अनिवार्य विषयहरुको पठनपाठन गराउने, साधारण शिक्षाको ऐच्छिक अन्तर्गत अनिवार्य संस्कृत र वेद, व्याकरण, साहित्य आदि संस्कृतका शास्त्रीय विषयहरुको पठन पाठन गराउने र अतिरिक्त ऐच्छिकमा भने पौरोहित्य, आयुर्वेद वा साधारण माध्यमिक विद्यालयहरुका निमित्त निर्धारित रहेका ऐच्छिक समूहका विषयहरु मध्येबाट कुनै एक विषय पढाउने व्यवस्था गरिनु पर्दछ।

**उच्च माध्यमिक शिक्षा**

(१६) संस्कृत माध्यमिक शिक्षा वा तत्समकक्ष परीक्षोत्तीर्ण विद्यार्थीहरुलाई उच्च माध्यमिक तहमा प्रवेश दिइनु पर्दछ।

(१७) साधारण उच्च माध्यमिक विद्यालयका अनिवार्य विषयहरु नै संस्कृत उच्च माध्यमिक विद्यालयहरुमा पनि अनिवार्य रहनुपर्छ। यस्तै संस्कृत भाषा र साहित्यका कम्तीमा दुई पत्रहरु संस्कृत उच्च माध्यमिक विद्यालयहरुमा थप अनिवार्य गरिनु पर्छ। ऐच्छिक क वर्गमा वेद, व्याकरण, साहित्य आदि शास्त्रीय विषयहरु मध्ये कुनै एक विषय अन्तर्गत चार पत्र र ऐच्छिक ख वर्गमा अर्थशास्त्र, राजनीतिशास्त्र आदि मानविकी तथा सामाजिक शास्त्रका विषयहरु रहनु उपयुक्त हुनेछ।

(१८) संस्कृत विषय नलिई उत्तीर्ण भएका साधारण माध्यमिक शिक्षाका विद्यार्थीहरुलाई पनि पूर्वावश्यक पाठ्याँश उत्तीर्ण गरेमा संस्कृत उच्चमाध्यमिक शिक्षाका खास विषयमा प्रवेश दिने व्यवस्था गरिनु पर्दछ।

(१९) न्यूनतम शैक्षिक एवं भौतिक पूर्वाधार पुगेका र चलाउन उत्सुक संस्कृत माध्यमिक विद्यालयहरुलाई उच्चमाध्यमिक कक्षा संचालन गर्न स्वीकृति प्रदान गरिनु पर्दछ।

(२०) संस्कृत उच्चमाध्यमिक शिक्षाको पाठ्यक्रम, व्यवस्थापन, निरीक्षण, परीक्षा संचालन आदि सम्पूर्ण कामहरु साधारण शिक्षा सरह उच्चमाध्यमिक शिक्षा

परिषद् अन्तर्गत संस्कृत एकाइद्वारा संचालित हुनुपर्दछ र हाल म.सं.वि. अन्तर्गत सञ्चालित उत्तरमध्यमा तहको कार्यक्रम पनि क्रमशः यसै व्यवस्था अन्तर्गत ल्याइनु पर्दछ।

**उच्च शिक्षा**

(२१) प्रायोगिक तथा प्राविधिक विद्यामा जोड दिने क्रममा म.स.वि. अन्तर्गत आयुर्विज्ञान अध्ययन संस्थानको व्यवस्था गरिनु उचित हुनेछ। प्राकृतिक चिकित्सा सम्बन्धी शैक्षिक तथा प्रायोगिक कार्यक्रम पनि यसै संस्थान अन्तर्गत सञ्चालन गर्न सकिनेछ।

(२२) अनुसन्धानतर्फ विद्यावारिधि जस्ता उपाधिमूलक कार्यक्रमहरुका साथै संस्कृतसँग सम्बद्ध विभिन्न विषय र क्षेत्रमा अल्पकालिक र दीर्घकालिक अनुसन्धान परियोजनाहरु सञ्चालित हुनुपर्दछ।

(२३) आयुर्वेद र बौद्ध दर्शनसम्बन्धी अध्ययनको निमित्त छुट्टै विद्यापीठहरुको व्यवस्था हुनुपर्दछ।

(२४) हाल सञ्चालित रहेका विद्यापीठहरुको सुदृढीकरण गरी नयाँ विद्यापीठहरुको स्थापना तथा विस्तारका लागि यथासम्भव निजी स्रोतहरुको परिचालनलाई प्रोत्साहित गरिनु पर्दछ।

(२५) अनुसन्धान तथा ग्रन्थ सम्पादनसम्बन्धी प्रविधिको प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

**अन्य**

(२६) संस्कृत वाङ्मयको अध्ययनका निमित्त संस्कृत, पाली र प्राकृत भाषा सिक्न चाहने स्वदेशी तथा विदेशी प्रशिक्षार्थीहरुका लागि भाषा प्रशिक्षणको कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

(२७) देशको धार्मिक तथा सांस्कृतिक आवश्यकताको परिपूर्तिका लागि मध्यम तथा उच्चस्तरीय जनशक्ति पैदा गर्न पौरोहित्य प्रशिक्षण कार्यक्रम पनि सञ्चालन गरिनु पर्दछ।

(२८) संस्कृत माध्यमिक विद्यालयहरुमा आधारभूत कक्षाका रुपमा चलेका प्राथमिक कक्षाहरुमा मातृभाषा वा अन्य भाषाको बदला संस्कृत पनि लिन पाइने व्यवस्था हुनुपर्दछ।

(२९) गुरुकुल पद्धतिमा आधारित आश्रम पाठशालाहरु एवं वेदविद्याश्रमहरु सञ्चालनतर्फ जनतालाई प्रोत्साहित गरिनुपर्दछ।

(३०) महिला तथा विभिन्न जातजातिका छात्रछात्राहरुलाई संस्कृत शिक्षाप्रति आकर्षित गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिनु पर्दछ।

(३१) उत्तरमध्यमा उत्तीर्ण गरेका व्यक्तिहरुलाई कक्षा ६–८ को र शास्त्री उत्तीर्ण गरेकाहरुलाई कक्षा ९–१० को संस्कृत शिक्षणका लागि प्रशिक्षण दिने व्यवस्था मिलाइनु पर्दछ। यस्तै साधारण माध्यमिक विद्यालयतर्फ अनिवार्य संस्कृतको शिक्षणका निमित्त पनि छुट्टै संस्कृत शिक्षकहरुको व्यवस्था गरी यस्ता शिक्षकहरुलाई पनि प्रशिक्षणको प्रबन्ध मिलाइनु आवश्यक छ।

(३२) माध्यमिक तथा उच्चमाध्यमिक तहमा संस्कृत पढाउने शिक्षकहरुको नियुक्ति, पदोन्नति र सेवासुरक्षा आदिको व्यवस्था उक्त तहका अन्य शिक्षकहरुको निमित्त उल्लेख भए अनुसार सोही निकाय अन्तर्गत मिलाइनु पर्छ।

शिक्षा मन्त्रालय

# ७. प्राविधिक तथा व्यावसायिक शिक्षा

## १.पृष्ठभूमि

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा परम्परागत रुपमा प्राचीन समयदेखि नै चलिआएको छ। त्यस बेला निर्माण गरिएका मूर्तिहरु, दरबारहरु र अन्य शिल्प कला देख्दा ती व्यावसायमूलक शिक्षाकै परिणाम थिए भन्ने कुरा स्पष्ट हुन्छ।२००४ सालदेखि नै बस्तुकला एवं हस्तकलामा आधारित आधार  शिक्षाको प्रारम्भ भएको थियो। २०१३सालतिर बहु-उद्देश्यीय व्यावसायिक शिक्षाको माध्यमबाट कृषि, उद्योग, गृहविज्ञान र सचिवालय विज्ञानका क्षेत्रमा माध्यमिक स्तर सम्मको शिक्षा दिने व्यवस्था भएको थियो। देशनिर्माणका निमित्त दक्ष जनशक्तिको आवश्यकता टड्कारो रुपमा २००७ सालपछि मात्र अनुभव गरिएको हो। यसरी प्रजातन्त्र पछिका दुई दशकहरुमा निम्न स्तर र मध्यम स्तरको जनशक्ति उत्पादन कार्यको थालनी भएको पाइन्छ। यी जनशक्तिमध्ये जे.टी.ए, अनमी, ओभरसियर, सर्भेयर र रेन्जर प्रमुख छन्। यस खालका तालिम दिने संस्थाहरु प्रथम पञ्चवर्षीय योजनाको थालनी(२०१३) हुनुभन्दा पूर्व नै स्थापित भइसकेका थिए। तृतीय पंचवर्षीय योजना पूरा हुने समयसम्ममा नर्स ट्रेनिङ, नर्मल, फरेष्ट, हेल्थ असिस्टेन्ट, इन्जिनियरिङ स्कूलहरु खुली धमाधम कार्य प्रारम्भ भए भने यस अवधिसम्ममा उच्च प्राविधिक ज्ञान हासिल गर्न धैरै जसो युवाहरु भारत, जापान, अमेरिका जान थालिसकेका थिए। व्यवस्थित रुपमा व्यावसायिक शिक्षाको अवसर दिने र दक्ष जनशक्तिको उत्पादन स्वदेशमा नै गर्ने कार्यको थालनी  भने रा.शि.प को योजना २०२८-२०३२ बाट मात्रै प्रारम्भ भएको देखिन्छ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देशभरमा निम्नमाध्यमिक विद्यालयहरुमा पूर्व व्यावसायिक विषय र माध्यमिक कक्षाहरुमा अनिवार्य रुपले व्यावसायिक विषयको व्यवस्था गरी उच्च  शिक्षामा जान नसक्ने विद्यार्थीहरुका लागि आफ्नो व्यवसाय चलाउनका निम्ति वैज्ञानिक ज्ञान र सीप दुबै प्रदान गर्ने लक्ष्य निर्धारित गरेको थियो र तदनुसार कार्यक्रम संचालन पनि भएको हो तर प्रयोगात्मक सीप तिर  कम ध्यान दिई सैद्धान्तिक कुरा पाठ्यक्रममा समावेश भएको हुनाले र प्रयोगात्मक सीप सिकाउनका निम्ति पर्याप्त शैक्षिक सामग्री र शिक्षकको समेत अभावले गर्दा दक्ष जनशक्तिको उत्पादन गर्ने लक्ष्य पूरा हुन सकेन। वास्तवमा प्राविधिक तथा व्यावसायिक शिक्षा व्यावहारिक र कम खर्चिलो भई आर्थिक विकासमा पछि परेकालाई

अगाडि बढ्न टेवा दिने खालको हुनुपर्छ। आधारभूत र मध्यमस्तरीय सीपयुक्त जनशक्ति उत्पादन गर्ने र वर्तमान जीवनस्तरलाई उकासी नेपालको आर्थिक विकासलाई सघाउ पुर्‍याउने खालको हुनुपर्छ।

देशमा विकास र निर्माणको अभियान संचालन भएको बखत रा.शि.प. को योजनाले तय गरेका अध्ययन संस्थानहरु (इन्जिनियरिङ, वनविज्ञान, कृषि तथा पशुविज्ञान र चिकित्साशास्त्र) ले निम्नस्तरका सीपमूलक कार्यक्रमदेखि लिएर उच्च प्रविधिज्ञहरुको उत्पादन गर्ने कार्य प्रारम्भ गरेका थिए। तिनले पनि प्रयोगात्मक सीप सिकाउनेतर्फ कम ध्यान दिए। यस स्थितिमा विशेष गरेर निम्नस्तरका सीपयुक्त जनशक्ति छिमेकी मुलुकबाट ओइरिन थाले। यसै परिप्रेक्ष्यमा प्राविधिक शिक्षालयहरुको स्थापना गर्न र थोरै भए पनि पूर्ण रुपले सुसज्जित पार्ने लक्ष्य लिएर जुम्ला, जिरी, धनकुटा र लाहानमा प्राविधिक शिक्षालयहरु खुले। पहिलेदेखि संचालन हुँदै आएको मेकानिकल प्रशिक्षण केन्द्रहरु पनि यिनै विद्यालयहरुमा समावेश गरिए। यी शिक्षालयहरुमा ८० प्रतिशत पाठ्यभार प्रयोगात्मक सीप सिकाउने कार्यमा लगाइने गरेकोले दक्ष जनशक्तिको उत्पादन हुने सम्भावनामा वृद्धि भयो।

**२.वर्तमान स्थिति**

सामाजिक पक्षः हाम्रो मुलुकमा शिक्षित व्यक्तिले सीपमूलक व्यवसाय वा हातले गर्ने परिश्रम गर्नु हुँदैन भन्ने धारणा प्रबल रुपमा विद्यमान छ। अधिकांश सीपमूलक पेशाहरुलाई (जस्तैः धातुकार्य, सिकर्मी, डकर्मी, छालाको काम, सिलाइ र बुनाइ आदि) जातीय पेशाको रुपमा हेर्ने गरेको अझै पनि पाइन्छ। प्राविधिक शिक्षालाई माथि चढ्ने सिढीको रुपमा केही महत्व दिइएता पनि व्यावसायिक पेशाहरु तथा व्यावसायिक शिक्षाको लोकप्रियता ज्यादै न्यून पाइएको छ। कृषिजन्य पेशाहरुमा पनि सीपको ठूलो महत्व हुने कुराको ज्ञान नभएको र आधोगिक विकास तीब्रतर रुपमा नभएको कारणबाट सीपमूलक रोजगारहरु सीमित देखिएकाले पनि जनतामा यसप्रति सम्मान नजागेको हो। सीपयुक्त जनशक्ति नै राष्ट्रिय विकासको पूर्वाधार हो भन्ने भावना शिक्षित समुदाय तथा नेतृत्व दिने वर्गमा विकसित गराउनुका साथै आम जनसमुदायमा व्यावसायिक तथा प्राविधिक शिक्षाप्रति चासो पैदा गर्ने कार्य एक चुनौतिको रुपमा रहेको छ।

रोजगार जनशक्ति र आधोगिक नीतिः रोजगारका लागि प्रभावकारी श्रम बजार सूचना नभएकोले रोजगारदाताहरुको आवश्यकताअनुसार उद्योग विकास तथा सेवा कार्यहरुमा

कस्ता खालका सीपमूलक रोजगारहरु उपलब्ध छन् वा हुनेछन् भन्ने कुराको सार्वजनिक सूचना प्रवाह अतिसीमित मात्रामा भएको र सीपमूलक रोजगारका लागि उम्मेदवार छान्ने प्रक्रिया त्रुटीपूर्ण भएको र छनोटका आधारहरु पनि मूलतः प्रमाणपत्रमुखी भएका पाइन्छन्। राष्ट्रिय योजना आयोगबाट जनशक्तिबारे पूर्वानुमान हुँदा निजी क्षेत्रलाई समेट्ने नगरेको , महाविद्यालय र विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई मात्र उल्लेख गर्ने गरेको र पूर्वानुमानका तथ्याङ्कअनुसार उत्पादन भएको सीमित जनशक्तिलाई समेत रोजगार उपलब्ध हुन नसकेको पाइन्छ। वस्तुगत पूर्वानुमानको लागतको व्यावहारिक सर्वेक्षण हुनुपर्नेमा सो नभएको पाइन्छ। यस प्रकार पूर्वानुमान र रोजगार बजारका बीच तालमेल देखिन्न। जनशक्तिको आवश्यकताको निर्धारण नगरी सीपयुक्त तालिम कार्यक्रमरु संचालन गर्दा तालिमप्राप्त जनशक्ति र रोजगारीका बीच एवं तालिमको प्रकृति र कामको प्रकृतिका बीच व्यावहारिक सम्बन्ध नभएको पाइन्छ। उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सीपयुक्त जनशक्ति उत्पादन गर्ने तालिम कार्यक्रमहरुमा उद्योगहरुको सहभागिता नभएको , सहभागी हुने उद्योगलाई कसरी प्रोत्साहित गर्ने र के सुविधा दिने भन्ने सरकारी नीति नै नभएको र तालिम कार्यक्रम र उद्योगका बीच आधारभूत सम्बन्धसम्म पनि स्थापित नभएको पाइएको छ।

शैक्षिक तहको स्थितिः हालसम्म पनि नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षाको स्थान शैक्षिक मूलधारको रुपमा स्पष्ट छैन। आधारभूत, निम्न तथा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्ने तालिम संस्थाहरु छरिएर रहेका र आफ्नै किसिमले कार्यक्रम संचालन गरिरहेका छन्। प्राविधिक उच्च शिक्षातर्फ विश्वविद्यालयमा जनशक्ति उत्पादननीति तथा कार्यक्रमहरु रहे पनि सो भन्दा मुनिका तहहरु अझ शैक्षिक मूलधारभित्र त्यति परिचित छैनन्। दक्षिणपूर्व एशिया लगायत विश्वका प्रायः सबै मुलुकहरुमा व्यावसायिक प्रशिक्षण र प्राविधिक शिक्षाका निश्चित मूल्य, मान्यता र प्रक्रियाहरु विकसित भइसकेका भए पनि हाम्रो देशमा सीपमूलक व्यवसायहरु अपहेलित भई व्यवसायीहरु अन्योलकै स्थितिमा छन्। प्राविधिक तथा व्यावसायिक शिक्षाको स्थान मूलधारमा स्पष्ट हुनुपर्ने र औपचारकि , अनौपचारिक तथा उच्चा शिक्षासँग यसको समानता वा भिन्नता खुलस्त हुनु नितान्त आवश्यक भएको वर्तमान परिप्रेक्ष्यमा शिक्षाको संरचनालाई पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ।

शिक्षा मन्त्रालय

हाल प्राविधिक शिक्षा तथा व्यावसायिक प्रशिक्षण कार्यक्रम संचालन गर्ने संलग्न संस्थाहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत संचालित प्राविधिक शिक्षालय र प्रशिक्षण केन्द्रहरु , त्रिभुवन विश्वविद्यालयका प्राविधिक अध्ययन संस्थान र ट्रेड प्रोगामहरु, घरेलु तथा ग्रामीण उद्योग विभाग अन्तर्गतका तालिम केन्द्रहरु , श्रम विभाग अन्तर्गतका श्रमिक आपूर्ति केन्द्र र आयोजनाहरु, कृषि विभाग अन्तर्गतका तालिम केन्द्रहरु, पर्यटन, संचार, भूमिसुधार, वन, स्थानीय विकास तथ स्वास्थ्य मन्त्रालयहरु र विभागहरु अन्तर्गतका तालिम संस्थाहरु , निजी क्षेत्रमा संचालित तालिम कार्यक्रमहरु र संघ, संगठन तथा क्लवहरुद्वारा संचालित तालिम कार्यक्रमहरु पर्दछन्।

तालिका १

विभिन्न संस्थाहरुद्वारा दिइने तालिममा भर्ना संख्या

| संस्थाहरु | टेक्निसियन | टीएसएलसी | छो.अ. तालिम | जम्मा |
|---|---|---|---|---|
| प्राविधिक शिक्षालय | २८८ | ११८८ | २८८ | १७०४ |
| प्राविधिक क्याम्पसहरु(त्रि.वि) | ३३०६ | ९८० | १६० | ४३४६ |
| घरेलु तथा ग्रामीण उद्योग विभाग | ६३ | २०० | ११३० | १८९३ |
| श्रम आपूर्ति केन्द्रहरु | | | १४०० | १४०० |

नेपालका अन्य कतिपय संस्थाहरुद्वारा पनि समयसमयमा अल्पकालीन तालिमहरुको व्यवस्था गरेको देखिन्छ। यस्ता संस्थाहरुमा होटेल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र, दूरसंचार तालिम केन्द्र, राष्ट्रिय कम्प्यूटर केन्द्र, महिला प्रशिक्षण केन्द्र, साना व्यवसाय प्रवर्द्धन आयोजना, विद्युत प्राधिकरण तालिम महाशाखा, नापी तालिम महाशाखा र बैङ्कहरु पर्दछन्।

**पाठ्यक्रम र शैक्षिक सामग्रीः** विभिन्न निकायहरुले संचालन गर्दै आएका तालिम कार्यक्रमहरुको पाठ्यक्रम, तालिम अवधि, गुणस्तर, मान्यता र प्रमाणिकरणको प्रक्रियामा एकरुपता हुन सकेको छैन। पेशा र प्राविधिक क्षेत्रमा हाल सञ्चालित व्यवसायहरु आधारभूत, निम्न तथा मध्यमस्तरका प्रशिक्षण कार्यक्रमहरुममा जनरल मेकानिक्स, प्लम्बर, सानिटेशन फिटर्स, इलेक्ट्रिसियन, कृषि जेटिए, पशुपालक जेटिए, निर्माण सब-ओभरसियर, मिडवाइफ, सहायक कार्पेट बुनाइ, ड्राफ्टमेनसिप, ट्रेकिङ्ग गाइड, फ्रन्ट अफिस म्यानेजमेन्ट, रेष्टुरा क्याप्टेन, कुक, फ्लोर सुपरभाइजर, छपाइ कार्य, बाइन्डिङ कार्य, टाइपिङ, कम्प्यूटर अपरेसन, एयर कन्डिसन, अमिन, सर्भे, होटल व्यवस्थापन, स्वास्थ्य सहायक, अपरेटर आदि पर्दछन्।

एउटै व्यवसायको प्रशिक्षणको अवधि र मान्यता फरक फरक भएको पाइन्छ। जस्तैः इलेक्ट्रिसियन तालिमहरु ६ महिने, १ वर्षे, २ वर्षे र ३ वर्षे अवधिका छन् र सबैलाई इलेक्ट्रिसियन भनिन्छ तर कुनै मान्यता प्राप्त छन्, कुनै छैनन्, कुनैको प्रवेश योग्यता तोकिएको र कुनैमा नतोकिएको पाइन्छ। एउटै प्रकारको व्यवसायी वा प्राविधिकलाई विभन्न नामले चिनाउने गरेको पनि पाइन्छ। जस्तै; प्लम्वर मेकानिक, प्लम्बर फिटर आदि, मुलकमा पेशाहरुको सर्वेक्षण र विश्लेषण नभएको हुँदा तालिम र कामको तालमेल मिलेको छैन। कुनै तालिम संस्थाहरुमा आधारभूत मेसिन, औजार र उपकरणहरु समेत नभएको, कुनैमा कार्यशालाहरु सुसज्जित भएको, कुनैमा तालिम सामग्रीहरु नै नभएको र कुनै संस्थामा प्रचुर  शैक्षिक सामग्री नभई तालिम संचालन भइरहेको पाइन्छ। शैक्षिक सामग्री प्रयोग भए नभएको वा तालिम प्रभावकारी भए नभएको र स्तरीय भएक नभएको कुरा निश्चति गर्ने सुपरिवेक्षण र मूल्याङ्कनको अभाव भएको पाइन्छ।

व्यवस्थापन प्रक्रियाः कुनै पनि कार्यक्रमको सफलता वा असफलताको कसी त्यसको व्यवस्थापन पक्षमा विशेष रुपमा भर पर्दछ। हाल संचालित प्राविधिक तथा व्यवसायिक शिक्षाको क्षेत्रमा व्यवस्थापन पक्ष त्यति स्पष्ट नभएको पाइएको छ। हरेक तालिम संस्थामा त्यसको व्यवस्थापन पक्ष पनि फरक फरक पाइएको छ। विश्वविद्यालयअन्तर्गत संचालित  कार्यक्रमहरुको व्यवस्थापन एक प्रकारको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत अर्कै छ र मन्त्रालय तथा अन्य संस्थाहरुअन्तर्गत आफ्नै एक प्रकारको छ। व्यवस्थापनमा देखापरेका कमीहरु हुन, कार्यक्षेत्र स्पष्ट नहुनु, संगठन तालिका हचुवा किसिमको हुनु, संस्थाहरुलाई न्यूनतम स्वायत्तता पनि नहुनु, केन्द्रीकृत प्रशासन हुनु, कार्य विवरण स्पष्ट नहुनु, भएको ठाउँमा पनि सोअनुसार कार्य संचालन नहुनु, कार्य सम्पादन मूल्याङ्कनका आधारहरु अनिश्चित र अव्यावहारिक हुनु आदि।

कानूनी आधारः एकै प्रकारका कामहरु धेरै  संस्थाहरुबाट सञ्चालित भइरहेका छन् तर कुनै संस्थाले  कुन  कुन काम कुन कुन स्तरसम्म गर्ने भन्ने स्पष्ट कानूनी निर्णय छैन। उदाहरणका लागि विश्वविद्यालयले कुन तहसम्मको कार्यक्रम संचालन गर्ने, हरेक सम्बद्ध मन्त्रालयले कुन तहसम्म के के तालिम प्रदान गर्ने भन्ने स्पष्ट कानूनी प्रावधान नभएको र भएका कानूनहरु पनि बाझिन गएको देखिन्छ। उदाहरणका निम्ति औधोगिक प्रशिक्षण तालिम श्रम मन्त्रालयले गर्ने भनी २०४०/२/२३ मा व्यवस्था भएको

छ भने त्यही काम २०४५/७/२८मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले गर्ने भन्ने कानून बनेको छ। त्यसै गरी एउटै काम गर्ने प्रशिक्षक  कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरु स्पष्ट छैनन्। लामो समयसम्म प्रशिक्षक कर्मचारीहरु अस्थायी रुपमा काम गरिरहेका छन्। यस्ता समस्याहरु मन्त्रालयअन्तर्गत संचालन भएका संस्थाहरुमा देखापरेका छन्। जस्तै;श्रम मन्त्रालयअन्तर्गतका श्रम आपूर्ति केन्द्रका प्रशिक्षक कर्मचारीहरु र स्थानीय विकास मन्त्रालअन्तर्गतका स्थानीय विकाससम्बन्धी प्रशिक्षक कर्मचारीहरु। स्पष्ट नियम विनियमको अभावमा त्यस सेवामा लागेका प्रशिक्षक कर्मचारीहरुको समयमा बढुवा हनु सक्ने भरपर्दो मूल्याङ्कनको व्यवस्था नभएको र आधारभूत सुविधा, औषधी उपचार, निवृत्तिभरण, उपदान तथा सञ्चयकोषको व्यवस्था नभएको हुँदा नैराश्य बढेको पनि पाइन्छ। यस्तै अरु क्षेत्रमा काम गर्ने समान योग्यता र सीप भएका व्यक्तिहरुले जति पनि सुविधा नपाउँदा र आफूले के पाउने र के बन्ने भन्ने स्पष्ट बाटो नदेख्दा, शिक्षक कर्मचारीहरुमा आफ्नो पेशाप्रति विश्वास घटेको  र कामतर्फ चासो कम भएको कारणले कामको गुणात्मकता र प्रभावकारितामा असर परेको देखिन्छ।

शिक्षक तथा कर्मचारी तालिमः प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गरी गुणात्मक जनशक्ति उत्पादन गर्ने प्रमुख माध्यम प्रशिक्षकहरु हुन्। योग्य, तालिम प्राप्त र सीपयुक्त प्रशिक्षकहरुबाट मात्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अपेक्षा गर्न सकिन्छ। उपयुक्त र नियमित तालिमको अभावमा केही संख्या बाहेक धेरैजसो ठाउँहरुमा गुणात्मक प्रशिक्षण हुन सकेको छैन। फलस्वरुप कुनै तालिम कार्यक्रम परियोजनाका रुपमा प्राप्त भएमा मात्र प्रशिक्षक कर्मचारीले तालिमको अवसर पाउने गर्नु, सेवाकालिन तालिम, पूर्वसेवाकालिन तालिम,  र कार्यगत तालिम गर्ने कुनै नियमित व्यवस्था नहुनु, तालिम भए तापनि त्यस्तो तालिम संचालन गर्ने उपयुक्त प्रशिक्षक तालिम संस्था आजसम्म स्थापना नहुनु, एकातिर सानोठिमी क्याम्पस व्यावसायिक मावि  शिक्षकहरुलाई मात्र तालिम गर्ने उद्देश्यले स्थापना भएको हुँदा हाल संचालित प्राविधिक शिक्षालय तथा अन्य तालिम केन्द्रहरु जस्तै; बालाजु प्राविधिक प्रशिक्षण केन्द्र, थापाथली क्याम्पस, पश्चमाञ्चल क्याम्पस आदिको शिक्षक तालिमको आवश्यक खाँचो पूरा गर्न त्यसबाट संभव नदेखिनु र अर्कातिर माध्यमिक विद्यालयहरुमा दिइने व्यावसायिक शिक्षासम्बन्धी  नीति बदलिन जाँदा सानोठिमी क्याम्पसको काममा शिथिलता आउनु, तालिमको प्रभावकारी कार्यान्वयन एवं गतिशील

नेतृत्व र सहयोगको लागि प्रशासकीय कर्मचारीहरुलाई नियमित रुपमा तालिम दिने प्रावधानहरु नदेखिएकोले कुनै-कुनै संस्थाहरुले परियोजना अवधिभित्र मात्र केही कर्मचारीहरुलाई तालिम दिने गर्नु जस्ता समस्याहरु शिक्षक तथा कर्मचारी तालिममा देखा परेका छन्।

स्रोत परिचालनको नीति र अवस्थाः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुको संचालनमा गरिएको सरकारी लगानीको परम्परा प्रशंसनीय छ। तर उद्योगहरु भने यस कार्यमा धैरैपछि परेका देखिन्छन्। अरु विकसित मुलुक तथा नवविकसित मुलुकहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुको खर्चको ठूलो अंश उद्योगहरुले बेहोरेका र बाँकी अंश सरकारले बेहोरेको देखिन्छ भने नेपालका प्रायः सरकारी खर्चमा मात्र यस्ता तालिमहरु संचालित भएका छन्।नेपालमा यस्ता तालिम केन्द्रहरु प्रायः वैदेशिक सहयोग वा श्रृण लिई स्थापना भएका तथा स्थापना कालमा श्री ५को सरकारबाट यथेष्ट स्रोत प्राप्त भएको देखिन्छ भने परियोजना समाप्त भएपछि सरकारी अनुदान वा बजेट पर्याप्त मात्रामा नभएको, भवन, मेसिन, औजार मर्मतकार्यका लागि आवश्यक रुपमा रकम नभएको देखिन्छ। मेसिन, औजार खरिद गर्दा आयोजनाको रुपमा संचालित तालिम केन्द्रहरुले प्रायः वैदेशिक स्रोत वा अनुदानबाट खर्च गरी विदेशबाट आयात गर्ने गरेको र हस्तान्तरण भएपछि मेसिन, औजार तथा पाटपूर्जाहरु आयात गर्न नसकिने र स्थानीय बजारमा नपाइने हुँदा कार्यक्रम संचालनमा नकारात्मक असर परेको पाइएको छ। मेसिन औजार भएर पनि तिनीहरुको प्रयोग गरिने शैक्षिक सामग्रीहरुको पनि योजना अवधि सकिएपछि अति नै अभाव भएको देखिन्छ। प्रशिक्षार्थीहरुलाई विषय, कार्यक्रम र रोजगारीको व्यवस्थाबाट आकर्षण गर्नुभन्दा सबका सबलाई छात्रवृत्ति, निःशुल्क पढाइ र बसाइको व्यवस्थाबाट आकर्षण गर्ने बोझिलो परम्परा बस्न गएको छ। यही स्थिति छोटो अवधिको तालिमको रहेको छ। तालिम संस्थाहरुमा भौतिक सुविधाहरुको अधिकतम उपयोग नभएको र सरकारबाट तलब पाउने भएकोले प्रशिक्षणमा कार्यरत कर्मचारीहरु आन्तरिक स्रोतको परिचालन गरी आयआर्जनतर्फ निष्क्रिय रहने गरेको पाइएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम स्वभावैले खर्चिलो हुने हुँदा यसमा बढी स्रोतको आवश्यकता पर्दछ। उदाहरणका रुपमा एशिया, प्रशान्त क्षेत्र र अफ्रिकी मुलकका ३३ वटा व्यावसायिक तालिम कार्यक्रमको सालाखाला प्रतिवर्ष खर्च २३१५ डलर प्रतिविद्यार्थी भएको देखिन्छ भने नेपालको बुटवल टेक्निकल

इन्स्टिच्युटको प्रतिविद्यार्थी प्रतिवर्ष खर्च २५३६ डलर छ जुन खर्च एक जना नेपालीको वार्षिक आयभन्दा पन्ध्र गुना बढी देखिन्छ।

**प्रमुख समस्या र मुद्दाहरु**

सामाजिक सोचाइः मध्यम र तल्लो स्तरको प्राविधिक व्यावसायिक शिक्षा एवं तालिमलाई दोस्रो दर्जाको शिक्षा ठान्ने, कपडा, छाला, फलामसम्बन्धी कामहरु खास जातका मानिसहरुले गर्ने भन्ने संस्कार र सीपमूलक कार्यभन्दा ज्ञानमूलक कार्यमा धेरैको झुकाव हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति समाजको निम्न तहको दृष्टि रहेको देखिन्छ र रोजगारी, विकास कार्य, जनशक्ति उत्पादन र औधोगिक नीतिमा मेल खाएको पाइँदैन।

शैक्षिक संरचनाः १) राष्ट्रिय शिक्षक संरचनामा औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक तालिमहरु एवं सीप परीक्षालाई स्पष्ट रुपमा परिभाषित गरेको पाइन्न। केवल कक्षा १ देखि विश्वविद्यालयसम्मको शिक्षालाई शिक्षा ठान्ने र अरु प्रकारका शिक्षा र सीप तालिमलाई सो सरह मात्र भन्ने गरेको देखिन्छ। २) शैक्षिक संरचना अपर्याप्त कानूनी आधारहरु , कमजोर व्यवस्थापन र अस्पष्ट शैक्षिक एवं तालिम संगठनबाट संचालित भइरहेको छ। ३) प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम लक्षित समूहमा केन्द्रित गर्ने काम अति कठिन देखापरेको छ। ४) काम तथा रोजगारीसँग सम्बन्धित सीपमूलक पाठ्यक्रमहरु बनाउने, शैक्षिक सामग्री र मेसिन औजार जुटाउने र जुटेपछि मरम्मत-संभार गर्ने, पाठ्यक्रम परिमार्जन र प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई निरन्तरता दिने कार्यहरुमा धेरै व्यवधानहरु खडा भएका छन्। ५) समन्वय, स्तरीकरण र प्रमाणिकरणमा पनि धेरै चुनौती र कठिनाइहरुको सामना गर्नु परिरहेको छ र ६) आर्थिक स्रोत र तालिम प्राप्त सबल जनस्रोतको कमी र प्राप्त भएको स्रोतको प्रभावकारी रुपमा परिचालन हुन नसक्नु सबभन्दा ठूलो चुनौतीका रुपमा देखिन्छ।

तालिम आवश्यकताको पहिचानः मुलुकको जनसंख्यामा ठूलो अंश ओगट्ने युवा र बालबालिकाको संख्यालाई उपयुक्त सीप र ज्ञान दिलाई आर्थिक विकासलाई अघि बढाउन उनीहरुलाई के सीप दिने, कुन काम र व्यवसायका लागि तयार गर्ने, मुलुकमा के के व्यवसायहरु विद्यमान छन्, औधोगिक र ग्रामीण विकासका लागि कस्ता सीप र ज्ञान दिनु पर्छ, काम र व्यवसायसँग सान्दर्भिक पाठ्यक्रम, प्रशिक्षण प्याकेज कसरी बन्न सक्छ भन्ने आधार र जानकारीका लागि तालिम आवश्यकताको पहिचान हुनु

पर्नेमा सो नभएको देखिन्छ। आर्थिक तथा अन्य कुनै दृष्टिकोणले पनि सीप र पेशाहरुका बीचमा घनिष्ठ सम्बन्ध कायम हुनु अनिवार्य छ। अन्यथा त्यो सीपको कुनै उपादेयता नै हुँदैन। कसलाई सिकाउने,के  का लागि सिकाउने र कति सिकाउने भन्ने कुरा महत्वपूर्ण हुन्छ र सोको सही विश्लेषण नगरी तालिम कार्यक्रमहरु सञ्चालन गरिँदा पनि तालिम र आवश्यकतामा मेल नखाई बेरोजगारीको समस्याको सिर्जना भएको छ।

**४. सुझाउहरु :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुको वर्तमान वस्तुस्थिति र त्यसको समीक्षा गरी यस क्षेत्रमा हाल देखा परेका मुख्य समस्याहरुको संक्षिप्त विश्लेषणपछि निम्न बमोजिम गर्न गराउन सुझाउहरु पेश गरिएका छन् :

**अभिप्राय :** वर्तमान राष्ट्रिय सन्दर्भमा सबैलाई काम र शिक्षा भन्ने मानव अधिकारको पालना गर्ने, नागरिकमा आवश्यक ज्ञान, सीप र भावनाको विकास गर्ने संवैधानिक अपेक्षा पूरा गर्ने, देशको प्रजातन्त्र, शान्ति र संस्कृतिको जगेर्ना गर्ने, आर्थिक सामाजिक विकासका साथसाथै आधुनिक सभ्यताको विकास गर्ने र आर्थिक सामाजिक जीवनका विविध क्षेत्रमा गरिने व्यवसाय, पेशा, रोजगारी र सेवासम्बन्धी आवश्यक सीप, मनोवृत्ति, व्यक्तित्व, ज्ञान र समझदारीको विकासको पूर्वाधारको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिइनु पर्छ।

**क्षेत्र :** प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले यस प्रसंगमा कुनै सरकारी, गैरसरकारी, सामाजिक सांस्कृतिक संस्था वा संगठनबाट दिइने औपचारिक एवं अनौपचारिक छोटो या लामो अवधिको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र व्यक्तिले उसको आर्थिक र सामाजिक जीवनको कुनै पेशा वा काम सम्बन्धी पटक पटक गरेको प्रयोगात्मक अभ्यासद्वारा प्राप्त वैज्ञानिक र प्राविधिक सीप, मनोवृत्ति, व्यक्तित्व, समझदारी र ज्ञान भन्ने बुझ्नु पर्नेछ। यसका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले साधारण मा.वि. मा दिइने व्यावसायिक विषयहरु, व्यक्ति कुनै खास पेशा र कामका लागि गर्ने तयारी, साक्षर बालबालिका र युवालाई जीवनस्तर सुधार्ने प्रदान गरिने जीविकोपार्जक आधारभूत सीपहरु, प्रौढ एवं बृद्धहरुलाई जीवन निर्वाहका लागि दिइने सीप सम्बन्धी शिक्षा वा तालिम, उद्योग, कृषि, पर्यटन, व्यापार आदि क्षेत्रमा आवश्यक आधारभूत एवं मध्यम स्तरीय जनशक्तिलाई प्रदान गरिने

सीपहरु, घुम्ती टोलीहरुबाट दिइने तालिमहरु, अन्धा, अपाङ्ग र सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई दिइने सीप र तालिमलाई समेत जनाउने हुन्छ।

(१) प्राविधिक शिक्षा र व्यावसायिक तालिमका उद्देश्यहरु निम्नानुसार हुनुपर्छ।

(क) जनसाधारणको जीविकोर्पाजनमा सुधार ल्याउने र आर्थिक उन्नतिका लागि सीपयुक्त जनशक्तिको विकास गर्ने।

(ख) देशको सामाजिक, आर्थिक, सांस्कृतिक विकासका साथै वृहत् प्रजातान्त्रिकरण र पुनर्निर्माणमा योगदान पुऱ्याउन व्यक्तिको क्षमता, प्रतिभा र सीपको विकास गर्ने,

(ग) प्रशिक्षार्थीहरुलाई वैज्ञानिक, प्राविधिक प्रयोजन एवं परिवर्तनबाट सभ्यता, समाज, राजनीति एवं वातावरणमा पर्ने प्रभावहरु बुझ्न सक्ने बनाउने,

(घ) सामुदायिक कार्य, समूहकार्य र कुनै काममा नेतृत्व दिन सक्ने तुल्याउन आवश्यक क्षमताको विकास गर्ने, र

(ङ) आर्थिक उन्नतिका लागि सीपयुक्त जनसाधनलाई अपार स्रोतका रुपमा विकास गर्ने।

## नीति निर्देशन

(२) व्यावसायिक तथा प्राविधिक शिक्षा आधारभूत, मध्यम, उच्चमध्यम र उच्च गरी चार तहको हुनुपर्छ :

(क) आधारभूत पहिलो तहमा औपचारिक एवं अनौपचारिक रुपमा साधारण साक्षर व्यक्तिहरुलाई जीवनमा सुधार ल्याउने जीविकोपार्जनका आधारभूत सीपहरु दिनुपर्छ।

(ख) दोश्रो तहमा सामान्य प्रवेश परीक्षा उत्तीर्ण व्यक्तिहरुलाई औपचारिक तथा अनौपचारिक रुपमा छोटो अवधिका मोडुलर कोर्सहरु, नियमित तालिम कोर्सहरु, एप्रेन्टिसिप तालिमहरु र कुनै खास व्यवसायका लागि तयार गर्ने सीपहरु दिनुपर्छ।

(ग) उच्चमध्यम तहमा निजी र सरकारी क्षेत्रमा स्थापित उद्योगहरु, निजी व्यवसायहरु, रोजगार र घरेलु उद्योगहरुका लागि चाहिने जनशक्ति आपूर्तिका लागि जुनियर टेक्निसियन र टेक्निसियन जस्ता विभिन्न तह र विषयका टेक्निसियन तथा ट्रेडस्म्यानहरु उत्पादन गर्ने र एप्रेन्टिसिप तालिमलाई क्रमशः लागू गर्दै लैजानु पर्छ।

(घ) उच्च तहमा सिनियर टेक्निसियनहरुको उत्पादन गर्ने व्यवस्था हुनुपर्छ।

(३) प्राविधिक शिक्षा तथा व्यावासयिक तालिम कार्यक्रमहरुलाई शैक्षिक संरचनाको मूलधारामा स्पष्ट स्थान दिनुपर्छ।

(४) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई वास्तविक कामसँग सम्बद्ध र रोजगारीमूलक बनाई सर्वसुलभ पार्न लचिला शैक्षिक संरचना र भरपर्दो संगठन बनाई औपचारिक एवं अनौपचारिक रुपमा लागू गरिनुपर्छ।

(५) निजी तथा सरकारी उद्योग व्यवसायहरु, ग्रामीण एवं सामुदायिक विकास आयोजनाहरु र साना तथा घरेलु उद्योग व्यवसायहरुका लागि उपयुक्त जनशक्ति प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुबाट उत्पादन गरिनुपर्छ।

(६) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई आधारभूत तहदेखि प्राविधिक प्रशिक्षक प्रशिक्षण कार्यक्रमसम्म लैजाने नीति लिइनु पर्छ।

(७) क्षेत्रीय स्तरमा रहेका व्यावसायिक तथा प्राविधिक शिक्षाका निकायहरुले आफ्नो क्षेत्रको स्थानीय आवश्यकता तथा रोजगारीका अवसरहरुको अध्ययन गरी सोही अनुसारको पाठ्यक्रम बनाएर तालिम दिने व्यवस्था गरिनुपर्छ। क्षेत्रीय निकायहरुले स्थानीय तहमा सञ्चालित व्यावसायिक तालिम कार्यक्रमहरुका लागि स्रोत केन्द्रको रुपमा समेत कार्य गर्नुपर्छ।

(८) आधारभूत तहभन्दा माथिका प्राविधिक शिक्षा र व्यावसायिक तालिम कार्यक्रमहरुको संचालनमा आवश्यकता अनुरुप अहिलेको क्षमता (९३४२ व्यक्ति प्रतिवर्ष) लाई आगामी ५ वर्षमा २ गुना र १० वर्षमा ३ गुना बृद्धि गर्ने गरी विस्तार गरिनुपर्छ।

(९) तालिम कार्यक्रमहरुको संचालनमा विस्तार गर्दा थप प्राविधिक शिक्षालयहरु वा तालिम केन्द्रहरु क्षेत्रीय आधारमा विकसित गर्ने तर नयाँ तालिम संस्थाहरुको स्थापना गर्दा स्थानीय आवश्यकता अनुरुप सम्भाव्यता अध्ययन गरेर मात्र स्थापना गर्नुपर्छ। यसका लागि जनसंख्या, आर्थिक सामाजिक तथा भौगोलिक संरचना र तालिम प्राप्त व्यक्तिको रोजगार तथा सो रोजगारको स्थितिलाई मुख्य आधार मानिनु पर्छ।

(१०) तालिम कार्यक्रममा महिलाहरुको सहभागिता बढाउन शहरी तथा ग्रामीण क्षेत्रका महिलाहरुका लागि उपयुक्त विषयहरु कार्यक्रममा समावेश गराउने नीति लिनुपर्छ। हाल संचालित वा अब संचालन हुने तालिम कार्यक्रम र पाठ्याँशहरुमा महिलाहरुका लागि कोटा तोकी भर्ना लिने व्यवस्था गरिनुपर्छ।

(११) निजी स्तरमा पनि प्रशिक्षण केन्द्रहरु वा पोलिटेक्निकहरु खोली संचालन गर्नका लागि सम्बन्धित संघ संस्था वा उद्योगलाई समन्वय गर्ने राष्ट्रिय निकाय प्रा.शि.तथा व्या.ता. परिषद्का सिफारिसमा मेशिन औजार आदि आयात गर्नमा भन्सार र कर छुट तथा वैदेशिक सहायता वा स्थानीय बैंकहरुले ऋण दिने प्रावधान कानूनमा हुनुपर्छ।

(१२) तालिम दिने संस्थाहरुलाई आर्थिक तथा प्रशासनिक स्वायत्तता दिई गुणस्तर नियन्त्रण र समन्वय गर्ने काम राष्ट्रिय निकायद्वारा गरिनुपर्छ।

(१३) प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्ले पाठ्यक्रम विकास, तालिम र त्यसको स्तरीकरण, निरीक्षण, सीप परीक्षण, वर्गीकरण, प्रमाणिकरण र प्राविधिक व्यावसायिक सरसल्लाहको काम गरी गुणस्तर नियन्त्रण र समन्वयको संस्थागत जिम्मेवारी पूरा गर्नुपर्छ।

(१४) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको संचालनमा राष्ट्रिय योजना आयोगको नीति निर्देशनमा खोज तथा अनुसन्धान कार्यहरु गर्ने, जनशक्तिको आवश्यकताको पहिचान गर्ने, पेशाहरुको वर्गीकरण गर्ने, व्यावसायिक पेशाहरुको कार्यसूची तयार गर्ने र तद्नुरुप सीपमूलक प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने गराउने राष्ट्रिय नीति लिइनु पर्छ।

## शैक्षिक संरचना

(१५) हालसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरुलाई समेट्ने गरी शैक्षिक संरचनामा यस्तो स्थान स्पष्ट रुपमा उल्लेख नभएको हुँदा तालिम कार्यक्रमहरुलाई पनि औपचारिक तथा विश्वविद्यालयका शैक्षिक उपाधिहरुसँग दाँजेर हेर्ने वा समानान्तर रुपमा लिने गरेको पाइन्छ। अबदेखि प्राविधिक शिक्षा र व्यावसायिक तालिम कार्यक्रमलाई निम्नलिखित तालिका २–३ मा उल्लेख भएको शैक्षिक संरचना अनुसार व्यवस्था गरिनुपर्छ।

तालिका २

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको संरचना

| स्तर | तालिम प्रकार | | | सीप परीक्षण |
|---|---|---|---|---|
| | एप्रेन्टिसिप | पोलिटेक्निक | प्राविधिक शिक्षालय | सीप परीक्षण |
| डिप्लोमा | | सिनियर टेक्निसियन | सिनियर टेक्निसियन | तह - ४ |
| सिनियर टेक्निकल एस.एल.सी. | टेक्निसियन | | टेक्निसियन | तह - ३ |
| टेक्निकल एस.एल.सी. | जुनियर टेक्निसियन | | जुनियर टेक्निसियन | तह - २ |
| सहभागिता प्रमाणपत्र | | आधारभूत सीप तालिम | | तह - १ |

टिप्पणी : - पोलिटेक्निकमा एस.एल.सी., टेक्निकल एस.एल.सी. वा सो सरहले प्रवेश पाउन सक्ने छन्।

- प्राविधिक शिक्षालयले संचालन गरेको जुनियर टेक्निसियन तालिममा १० कक्षाका विद्यार्थीले प्रवेश पाउन सक्नेछन्।

- कुनै पनि विषय र तहको तालिम कार्यक्रमका लागि आवश्यक आधारहरु अवधि, अनुभव, उमेर र न्यूनतम योग्यताहरु हरेक पाठ्यक्रम वा पाठ्याँश तोके बमोजिम हुनेछ।

तालिका ३

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम संचालन गर्ने संगठन तालिका

| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | | | |
|---|---|---|---|---|
| पाठ्यक्रम विकास तालिमको स्तरीकरण तथा निरीक्षण | प्राविधिक शिक्षक तालिम | सीप परीक्षण वर्गीकरण तथा प्रमाणीकरण | प्राविधिक जनशक्ति सर्वेक्षण, अनुसन्धान तथा सल्लाह | प्राविधिक शिक्षालय संचालन |

तालिम कार्यक्रम संचालन गर्ने संस्थाहरु

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले संचालन गरेका शिक्षालय तथा अन्य कार्यक्रमहरु,
- विश्वविद्यालयले संचालन गरेको under graduate level ट्रेड टेक्निसियन प्राविधिक तालिमहरु,
- विभिन्न मन्त्रालयले संचालन गरेका तालिमहरु,
- सामुदायिक संघ संस्थाहरुले संचालन गरेका तालिमहरु,
- गैर सरकारी संस्थाहरु (NGO'S), बाट संचालित कार्यक्रमहरु,
- निजी क्षेत्रमा संचालित प्राविधिक शिक्षालय र तालिमहरु।

**प्रस्तावित शैक्षिक संरचनाका विशेषताहरु निम्नानुसार छन् :**

(क) सीप परीक्षण पद्धतिलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको संरचनासँग आवद्ध गरिएको छ। यस प्रक्रियाबाट अनौपचारिक तथा औपचारिक माध्यमबाट सीप हासिल गरेका प्राविधिकहरु तथा व्यवसायीहरुका लागि वृत्ति विकासको मौका र प्रोत्साहन मिल्नेछ। सीपको दक्षता प्रमाणित गरी देखाउन सक्नेहरुका लागि सोही पेशामा पदोन्नतिका अवसरहरु र एक पेशाबाट समान प्रकृतिको अर्को पेशामा स्थानान्तर भई जाने अवसरहरु मिल्नेछन्।

(ख) कुनै पनि मोडुलर वा तहको प्रशिक्षणमा प्रवेश पाउनका लागि यति वा उति कक्षा पास भएको भन्ने योग्यताहरु हटाइएका छन् र प्रत्येक तहका लागि न्यूनतम आधारहरु किटान गरी पाठ्याँशको प्रकृति अनुसार प्रवेशका लागि योग्यता, उमेर आदि तोक्ने र स्तर अनुरुपको प्रवेश परीक्षाका आधारमा मात्र भर्ना लिने प्रावधान राखिएको छ। प्रत्येक तहका आ–आफ्ना तालिम अवधि फरक फरक हुन सक्ने र प्रत्येक तहका पाठ्याँशहरु आफैमा टुङ्गिने वा पूर्ण हुने (self terminating) हुनाले तल्लो तह पूरा गरी सीधै माथि जाने व्यवस्थालाई हटाई प्रत्येक तहमा प्रवेश परीक्षाको व्यवस्था गरिएको छ।

(१६) औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, सीप परीक्षण पद्धति लगायत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कै संरचनाबाट समेत कुनै पनि व्यक्तिले कुनै पनि तहको प्रशिक्षण कार्यक्रम वा पाठ्याँशको प्रवेश परीक्षामा सामेल हुन सक्ने गरिनु पर्छ।

(१७) कुनै पनि तहका तालिमका लागि पाठ्याँशको प्रकृति हेरी उमेर तोक्न सकिने प्रावधान रहेकोले आ–आफ्नो इच्छा, क्षमता र अभिरुचि अनुसार बालबालिकादेखि लिएर प्रौढ एवं बृद्धहरुले पनि व्यावसायिक प्रशिक्षण लिन पाउने गरी लचिलो नीति रहनुपर्छ।

**संगठन एवं व्यवस्थापन**

(१८) देशमा संचालन भइरहेका र अब संचालन हुने व्यावसायिक प्रशिक्षण तथा प्राविधिक शिक्षाका कार्यक्रमहरुको गुणस्तर नियन्त्रण, प्रमाणीकरण र समन्वयका लागि राष्ट्रिय स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई प्रभावकारी निकायका रुपमा विकसित गरिनुपर्छ।

(१९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले देशमा विभिन्न निकायहरुबाट संचालन गरिएका र संचालन गरिने व्यावसायिक शिक्षा तथा प्राविधिक प्रशिक्षण कार्यक्रमहरुको गुणस्तर नियन्त्रण, प्रमाणीकरण, समन्वय र स्तरीकरण गर्ने कार्य गर्नुपर्छ।

(२०) आधारभूत तथा मध्यमस्तरका सीपयुक्त प्राविधिक जनशक्तिको क्षेत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को कार्यक्षेत्रमा रहने गरी ऐन, नियमहरुलाई प्रभावकारी बनाउँदै लगिनुपर्छ। परिषद् अन्तर्गत रहने गरी एस.एल.सी. परीक्षा पछि योग्यता र प्रवेश परीक्षाका आधारमा भर्ना लिइने हाल थापाथली, पुल्चोक क्याम्पसका डिप्लोमाहरु र यसप्रकारका अन्य संस्थाहरुलाई पोलिटेक्निक इन्स्टिच्यूटका रुपमा रहने व्यवस्था गरिनुपर्छ।

(२१) त्रि.वि. द्वारा संचालन भइरहेका पोलिटेक्निक र ट्रेड प्रोग्रामहरु संचालन गर्न गराउन संचालक समितिहरु गठन गरी स्पष्ट सेवा शर्त तोकेर आवश्यक स्वायत्तता दिने, शिक्षक कर्मचारीहरुको सेवालाई आकर्षक बनाउन वृत्ति विकास र तालिमका अवसरहरु उपलब्ध गराउँदै लैजाने र यस्ता पोलिटेक्निक इन्स्टिच्यूट र ट्रेड प्रोग्रामहरुको समन्वय, प्रमाणीकरण र गुणस्तर नियन्त्रणको कार्य त्रि.वि. ले क्रमिक रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई हस्तान्तरण गर्दै लगी आगामी १० वर्षभित्रमा यो कार्य पूरा गरिसक्ने नीति लिइनुपर्छ।

(२२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा प्रशिक्षार्थी र प्रशिक्षक अनुपात तोक्ने प्रशिक्षार्थी कर्मचारी अनुपातका साथै प्रत्येक प्रशिक्षक कर्मचारीको कार्यभार र कार्य विवरण समेत तोकिनुपर्छ।

(२३) प्रशिक्षक कर्मचारीको तालिम, अध्ययन, बढुवा र दण्ड एवं पुरस्कारका निमित्त व्यावहारिक र प्रभावकारी मूल्यांकन प्रणाली लागू गरिनुपर्छ।

**कानूनी आधारहरु**

(२४) राष्ट्रिय स्तरमा विभिन्न तालिम कार्यक्रम, प्रशिक्षण, शिक्षण कार्यका लागि तोकिएका संस्थाहरुले कुन कुन तहसम्म के के कार्यक्रम गर्ने भनी कार्य क्षेत्र, तह र सीमाहरु स्पष्ट रुपमा कानूनमा व्यवस्था हुनु पर्दछ। उदाहरणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई तोकिनु पर्ने काम, क्षेत्र र तहहरु हाल विद्यमान कानूनमा पर्याप्त नभएकाले त्यसमा संशोधन गरिनुपर्छ। यस्तै गरी अरु शिक्षण प्रशिक्षण संस्थाका कार्य र क्षेत्रहरु पनि स्पष्ट रुपमा तोकिनु पर्छ। साथै केन्द्रीय स्तरका संगठनहरुको कार्यक्षेत्र तोकि सकेपछि हरेक संस्थाको नियम, विनियम र सेवा शर्तहरु स्पष्ट हुने गरी बनाई लागू गरिनुपर्छ।

(२५) कुनै तालिम केन्द्र वा प्राविधिक शिक्षालय वा पोलिटेक्निक इन्स्टिच्यूट खोल्नु परेमा सजिलोसँग निजी वा सरकारी, अर्ध सरकारी रुपमा खोल्न सक्ने नियमहरु बनाइनुपर्छ।

## पाठ्यक्रम तथा पाठ्यसामग्री

(२६) स्थानीय आवश्यकता अनुसारका आधारभूत तालिमको पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण स्थानीय निकायको संलग्नतामा विशेषज्ञको वा प्राविधिज्ञहरुको सहयोग लिई केन्द्रीय स्तरबाट गराउने व्यवस्था मिलाइनुपर्छ। मध्यम र उच्चमध्यम तहका तालिमका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणमा पनि आ–आफ्नो स्थानीय आवश्यकता तथा रोजगारका अवसरहरुको अध्ययनलाई आधार बनाईनुपर्छ।

(२७) आधारभूत सीपमूलक तालिमभन्दा माथि प्रदान गरिने सबै खालका तालिमको संयोजन, पाठ्यक्रमको तयारी, पाठ्यक्रमको परीक्षा र स्तरीकरण कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले गर्नु पर्नेछ। त्यस्तै गरेर तालिमको किसिम, पाठ्यक्रमको स्तर आदिका विषयमा बराबर अध्ययन, अनुसन्धान र अनुगमन गरी संशोधन वा अद्यावधिक गर्ने कार्य पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई नै दिइनुपर्छ।

(२८) अहिलेसम्म पनि मुलुकमा विद्यामान पेशाहरुको नामावली संकलन र हरेक पेशाका कामको विवरण (पेशागत विश्लेषण) तयार नभएको परिप्रेक्ष्यमा के कस्ता सीप खास पेसाका निमित्त आवश्यक पर्छन् र कस्ता पाठ्यक्रमले सीप अभिवृद्धि हुन सक्छ भन्ने कुराको नै किटान हुन सकेको छैन। त्यसकारण राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संयुक्त तत्वावधानमा पेशाहरुको नामावली संकलन र पेशागत विश्लेषण गरी तद्नुसारका पाठ्यक्रमको तर्जुमा गरिनुपर्छ।

(२९) प्रविधिमा छिटो छिटो परिवर्तन भइरहने हुनाले हरेक विषयको पाठ्यक्रमको अनुगमन र पाठ्यक्रमको परिमार्जन प्रक्रिया नियमित गर्ने व्यवस्था मिलाइनु पर्छ।

(३०) पाठ्यक्रम निर्माण गर्दा रोजगारवाला तथा निजी उद्योगहरुलाई समावेश गर्ने, पाठ्यक्रम विकासमा उद्यमशीलताको विकासलाई प्राथमिकता दिने र पाठ्यक्रम तर्जुमा गर्दा महिलावर्गको आवश्यकतालाई समेत ध्यान दिने व्यवस्था हुनुपर्छ।

## समन्वय, स्तरीकरण, प्रमाणीकरण

(३१) पोलिटेक्निक, एप्रेन्टिसिप लगायत सबै प्रकारका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको समन्वय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट र सबैभन्दा तल्लो तहको आधारभूत सीपको तालिमको समन्वय चाहिं सम्बन्धित मन्त्रालयका जिल्ला एवं गाउँ स्तरीय कार्यालयहरुबाट गरिनुपर्छ।

(३२) समन्वय गर्दा तालिम कार्यक्रम संचालन गर्न स्वीकृति दिने, यस्ता कार्यक्रमको राष्ट्रियस्तरमा ठीक दुरुस्त रिकर्ड राख्ने, पाठ्यक्रमको स्तर निर्धारण गर्ने, प्राविधिक कार्यशालाहरुको स्तर निर्धारण गर्ने, प्रशिक्षकहरुको न्यूनतम योग्यता र तालिम तोक्ने, आर्थिक अनुदान सहयोग दिने, वैदेशिक सहायता प्राप्त गराउन सम्बन्धित निकायलाई सुझाउ पेश गर्ने, यस्ता तालिम एवं प्रशिक्षण कार्यमा संलग्न प्रशिक्षक कर्मचारीको सेवा शर्त र सुविधाहरुको अध्ययन गरी सुझाउहरु पेश गर्ने र संस्थाहरुका कार्यक्षेत्रहरु तोक्ने कुरामा ध्यान दिइनुपर्छ।

(३३) कुन कुन कार्यक्रमलाई कुन कुन तहको मान्यता र प्रमाण पत्र दिनु पर्ने हो सो निर्धारण गरी प्रमाणीकरण गर्ने व्यवस्था हुनुपर्छ।

(३४) राष्ट्रिय स्तर कायम गर्नका लागि प्रमाणपत्र र लाइसेन्स दिलाउन प्रा.शि. तथा व्या.ता. परिषद् अन्तर्गत राष्ट्रिय सीप परीक्षण समितिलाई सुदृढ गराई त्यसलाई स्वायत्त संस्थाका रुपमा खडा गरी सीप परीक्षण कार्यलाई विस्तार गरिनुपर्छ।

(३५) सीप परीक्षणको विस्तार र औद्योगिक विकास एवं ग्रामीण विकासको लागि आवश्यक प्राविधिक तालिम कार्यक्रम बनाउन राष्ट्रिय योजना आयोगको नीति निर्देशनमा रही प्रा.शि. तथा व्या.ता.प. को संयोजकत्वमा उपयुक्त संस्थाद्वारा जनशक्तिको आवश्यकता पहिचान गराई संस्थागत रुपमा नियमित रुपले तालिम आवश्यकता पहिचानका लागि सर्भेक्षणहरु गर्ने गराउने व्यवस्था मिलाइनु पर्छ। यसरी आवश्यकताका आधारमा विभिन्न तहको सीपयुक्त जनशक्ति तयार गर्नुपर्दछ।

## कार्यरत जनशक्तिको वृत्ति-विकास

(३६) आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्तिको लागि वृत्तिविकासको समस्या टड्कारो रुपमा देखिएको छ। प्रशिक्षण नीति, औद्योगिक नीति र रोजगारी नीतिका बीच सामञ्जस्य हुनु नितान्त आवश्यक छ। सीप हासिल गरेका विभिन्न तहका प्राविधिकका लागि सेवाहरुको वर्गीकरण, सेवा प्रवेशका लागि न्यूनतम क्षमता र पदोन्नति सम्बन्धी वर्तमान नियमहरुमा ठोस सुधार हुनु अत्यावश्यक छ। निजी तथा सरकारी उद्योगहरु, संस्थानहरु, आयोजना र कम्पनीहरुमा प्राविधिक सेवाका लागि छुट्टै व्यवस्था हुनुपर्ने र लोकसेवा आयोगको सामान्य सिद्धान्तमा मूलभूत सुधार हुनु आवश्यक छ।

(३७) सीपमूलक व्यावसायिक तथा प्राविधिक प्रशिक्षण हासिल गरेका र सीप परीक्षण विधिबाट प्रयोगात्मक परीक्षा उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गरेका प्राविधिक जनशक्तिको वृत्ति विकासका लागि निम्नबमोजिम गर्नु गराउनु आवश्यक छ।

(क) आधारभूत तथा मध्यस्तरीय प्राविधिक जनशक्तिको रोजगार एवं वृत्तिविकासका लागि सबै निकायहरु (निजी, सरकारी तथा संस्थागत र कम्पनीहरु समेत) मा प्राविधिक सेवातर्फ तह १ देखि तह ६ सम्म पदहरुको वर्गीकरण गर्ने।

(ख) तह १ मा शुरु नियुक्ति हुने हेल्पर तथा अदक्ष कामदारहरु र तह २ मा तह १ बाट (कम्तीमा २ वर्षपछि) पदोन्नति हुने तथा आधारभूत श्रम प्रशिक्षण पाएका कामदारहरुलाई राख्ने व्यवस्था गर्ने।

(ग) तह ३ मा कुनै एक सीप परीक्षणको लेभल १ को परीक्षा पास भएका रा.प.अ. तृतीय श्रेणी वा सहायक तृतीय अथवा मोडुलर कोर्सबाट मान्यता प्राप्त कुनै एक तालिम पाएको आधारभूत जनशक्ति रहने व्यवस्था गर्ने।

(घ) तह ४ मा जुनियर टेक्निसियन वा टेक्निकल एस.एल.सी. वा २ देखि ३ वर्ष एप्रेन्टिसिप तालिम पाएका वा मोडुलर कोर्सबाट कम्तीमा एक वर्ष अवधि तालिम र अनुभव भएका वा सीप परीक्षणबाट आधारभूत सीपको प्रमाणपत्र प्राप्त (लेभल २ को) प्राविधिक तथा व्यावसायिक जनशक्ति रहने व्यवस्था गर्ने।

(ङ) तह ५ मा टेक्निसियन तहको प्रमाणपत्र पाएको वा सीप परीक्षणबाट लेभल ३ को परीक्षण पास गरेका वा प्रवीणता प्रमाणपत्र वा सो सरहको पोलिटेक्निकल डिप्लोमा पाएका मध्यमस्तरीय प्राविधिकहरु रहने व्यवस्था गर्ने।

(च) तह ६ मा टेक्निसियन सर्टिफिकेट वा पोलिटेक्निक डिप्लोमा प्राप्त गरी चार वर्षको कार्य अनुभव एक वर्षको सुपरभाइजरी तालिम पाएका वा सीप परीक्षणबाट लेभल ४ को परीक्षा उत्तीर्ण भई प्रमाणित भएका प्राविधिकहरुलाई सिनियर टेक्निसियन पदमा राख्ने व्यवस्था गर्ने।

(छ) प्राविधिक सेवातर्फ पदोन्नतिको हकमा न्यूनतम सेवा अवधि तह १ बाट २ मा २ वर्ष, तह २ बाट ३ मा ३ वर्ष, तह ३ बाट ४ मा ३ वर्ष, तह ४ बाट ५ मा ३ वर्ष, र तह ५ बाट ६ मा ४ वर्ष (एक वर्षको सुपरभाइजरी तालिम) कायम गर्ने।

(ज) तह ६ (असिस्टेण्ट इन्जिनीयर सरह) बाट माथिल्ला तहहरु वा श्रेणीहरुमा पदोन्नति गर्दा प्रचलित नियममा व्यवस्था भएको अवधि कायम गरी सीपमूलक कार्यसम्पादनलाई बढी अंक भार दिई पदोन्नति गर्ने, प्राविधिक तथा व्यावसायिक सेवाहरुमा माथिल्लो शैक्षिक उपाधि अनिवार्य नगर्ने।

(झ) सेवा प्रवेश वा पदोन्नतिका लागि शैक्षिक डिग्रीलाई अनिवार्य आधार बनाउन वर्तमान अवस्थाको प्राविधिक तथा व्यावसायिक सेवाको क्षेत्रलाई यथावत् राख्नु अव्यावहारिक र अवैज्ञानिक भएकाले यसमा सुधार गरी निश्चित

अवधिको प्राविधिक प्रशिक्षण र अनौपचारिक शिक्षा, सीप परीक्षा र प्राविधिक क्षेत्रमा गरेको अनुभवलाई समेत समेट्ने गरी प्रचलित नियम कानूनमा संशोधन गर्ने।

(ञ) उपर्युक्त बुँदाहरु (क देखि ञ सम्म) अनुसार गर्ने गराउन लोकसेवा आयोगको सामान्य सिद्धान्त, रोजगार नीति, औद्योगिक नीति र प्रशिक्षण तथा शैक्षिक नीतिहरुमा आवश्यक संशोधन गर्ने र समन्वय कायम गर्ने।

## आर्थिक स्रोत परिचालन

(३८) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सर्वसुलभ र व्यापक पार्न निम्नलिखित सुझाउहरु पेश गरिएका छन् :

(क) आधारभूत सीप तालिममा गाउँ र जिल्लाका स्रोतहरुलाई परिचालन गर्ने र प्राविधिक सहयोग र केही अनुदान केन्द्रबाट पनि उपलब्ध गराउने।

(ख) हाल संचालन भइरहेका प्राविधिक शिक्षालय, क्याम्पसहरु र अन्य तालिमहरुमा सरकारी अनुदान कायम राख्ने।

(ग) उद्योगहरुलाई तालिममा योगदान पुऱ्याउन अनिवार्य रुपले लगाउने।

(घ) प्रा.शि. तथा व्या.ता. परिषद् अन्तर्गत सञ्चालित प्राविधिक प्रशिक्षण कार्यक्रमको हालको स्तरलाई यथावत् राख्ने। छात्रवृत्ति वा निर्ब्याजी, ऋण दुर्गम क्षेत्रका प्राविधिक शिक्षालयहरुलाई यथावत् राखी अन्यका हकमा गरीव र जेहेन्दार प्रशिक्षार्थीलाई मात्र यस्तो सुविधा दिने र अरु सबैले शुल्क तिर्नु पर्ने प्रावधान राख्ने।

(ङ) हरेक पोलिटेक्निक, शिक्षालय एवं तालिम केन्द्रहरुमा सम्भव भएसम्म उत्पादनका साथसाथै सिक्ने प्रक्रियालाई सुदृढ गरी उपार्जन भएको रकमबाट त्यसै संस्थाको संचालनमा सहयोग पुऱ्याउने।

(च) ठूला ठूला योजना निर्माण गर्दा आधारभूत र मध्यमस्तरीय जनशक्तिलाई तालिम दिने प्रावधान अनिवार्य रुपमा राख्ने।

(छ) (छ)प्रविधि हस्तान्तरण (Technology Transfer) गर्न र महँगा तालिम कार्यक्रमहरु जस्ता नभई नहुने कार्यक्रमको लागि दुई पक्षीय र बहुपक्षीय वैदेशिक सहयोग र प्राविधिक सहयोगको विस्तार गर्ने।

(ज) प्रा.शि. तथा व्या.ता. परिषद्लाई कानूनले दिएको समन्वय गर्ने लगायतका विषयहरुमा बाझन आउने अन्य केही ऐन भए हटाउने।

(झ) प्राविधिक शिक्षालाई कम खर्चिलो र समुदायको आवश्यकता परिपूर्ति गर्ने माध्यमको रुपमा विकसित गर्न थुप्रै अल्पकालीन तालिमको आयोजना गर्ने र शिक्षालयहरुको अवस्था हेरी नियमित प्रशिक्षणलाई दुई सिफ्टमा सञ्चालन गर्ने व्यवस्था गर्ने।

(ञ) त्यस्तै गरेर परिषद्ले उद्यमी विकास गर्ने लक्ष्यलाई अघि बढाउन सम्भव हुने शिक्षालयहरुमा उत्पादन एकाई (Production Unit) लाई सक्रिय पार्ने।

(ट) शिक्षालय रहेको स्थान वरपर आवश्यक पर्ने सेवा शिक्षालयले उपलब्ध गराउने र सेवा वापत लिने शुल्कले शिक्षालयको आर्जन बढाउनाका साथै यस्ता काममा संलग्न प्रशिक्षक र प्रशिक्षार्थीलाई यस्तो आयको केही अंश दिन सक्ने प्रावधान राख्ने।

## प्राविधिक प्रशिक्षक तालिम

(३९) तालिम प्राप्त र योग्य प्रशिक्षकहरु नै तालिमको मेरुदण्ड हुने हुँदा संस्थागत रुपमा नियमित रुपले प्रशिक्षकहरुको तालिम मुलुकभित्रै संचालन गरिनुपर्छ।

(४०) प्राविधिक प्रशिक्षकहरुको तालिममा विषयसँग सम्बन्धित सीप र प्रशिक्षण विधि जस्ता दुई पक्षको उपयुक्त प्रशिक्षण दिनुपर्ने व्यवस्था हुनुपर्छ।

(४१) प्राविधिक तथा व्यावसायिक तालिम व्यवस्थापन एवं प्रशासनमा सम्बद्ध व्यवस्थापक र कर्मचारीलाई पनि नियमित रुपमा तालिम दिने व्यवस्था गरिनुपर्छ।

(४२) यस्ता तालिमहरुलाई विषयगत प्रकृति, तह र किसिमको आधारमा ३ महिनादेखि २ वर्षसम्मको बनाइनुपर्छ।

(४३) हालै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत स्थापित प्राविधिक प्रशिक्षक प्रशिक्षण केन्द्रलाई माथि उल्लिखित तालिम दिने सक्षम संस्थाका रुपमा विकसित गरिनुपर्छ।

(४४) त्रि.वि. अन्तर्गत रहेको सानोठिमी क्याम्पसलाई विद्यालयको व्यावसायिक तालिम दिने संस्थाका रुपमा सुदृढ गरिनुपर्छ।

## औद्योगिक विकासका लागि जनशक्ति

(४५) सरकारी, गैरसरकारी, निजी एवं अर्धसरकारी स्वामित्वमा संचालित उद्योग र सेवासँग मेल खाने खालको जनशक्ति उत्पादन गरिनुपर्छ।

(४६) दक्ष, अर्धदक्ष श्रमिक र अन्य कामदारहरुलाई पेशा, काम तथा रोजगारी सम्बन्धी यथार्थ जानकारी दिन श्रम बजार सूचना (Labour Market Information) दिने व्यवस्था गरिनुपर्छ।

(४७) प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रम र उद्योगहरुका बीच घनिष्ठ सम्बन्ध कायम गर्ने तालिमलाई उद्योगको उत्पादकत्व बढाउने खालको बनाउने, सोही अनुसारको पाठ्यक्रम निर्माण गर्ने र तालिमको छनौट तथा नीति निर्माण गर्ने व्यवस्था मिलाइनुपर्छ।

# ८. शिक्षक शिक्षा

## पृष्ठभूमि

राष्ट्रिय स्तरमा शिक्षक शिक्षा प्रदान गर्ने प्रयास सर्वप्रथम वि.सं. २००४ मा आधार शिक्षाअन्तर्गत आधार शिक्षक शिक्षण केन्द्रको स्थापनापछि भएको मान्न सकिन्छ। २००७सालको प्रजातान्त्रकि आन्दोलनको केही वर्ष अगाडि राणाकालीन सम्पूर्ण क्रियाकलापकै विरोभ भइरहेका बेला प्रादुर्भाव भएको आधार शिक्षक शिक्षण कार्यक्रम जनताको समर्थन र सहभागिता विना फल्न फुल्न सकेन र २००७ साल पछि स्वतः निष्क्रिय हुन गयो।

२००७ सालमा प्रजातन्त्रको उदय भएपछि देशको सर्वतोमुखी विकासका लागि शिक्षाको आवश्यकता महसुस भएअनुरुप २०१३सालमा आधार शिक्षक शिक्षण केन्द्रलाई नेपाल शिक्षक शिक्षण केन्द्रमा परिणत गरियो र वि.सं. २०११ मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो जसले दुई वर्षको समय लिई प्रजातान्त्रिक नेपालका लागि आवश्यक शिक्षाको सबैजसो पक्ष समेटेर शिक्षाको एक वृहत् योजना पेश गर्‍यो। यस योजनाको सुझावअनुसार वि.सं.२०१४मा एउटा शिक्षक शिक्षा महाविद्यालय "कलेज अफ एजुकेशन"को स्थापना गरियो। त्यसमा एसएलसी पछि चार वर्षको बीएड कार्यक्रम पनि शुरु भयो। यस्तै प्राथमिक शिक्षकका लागि १० महिने तालिम कार्यक्रम पनि संचालन गर्न थालियो। यी दुबै कार्यक्रममा सेवाकालीन शिक्षकहरुलाई प्रशिक्षित हुने मौका दिनुका साथै नयाँ खोलिएका विद्यालयहरुका लागि शिक्षकहरुको उत्पादनमा विशेष जोड दिइएको थियो।

उक्त शिक्षा महाविद्यालयमा चार वर्षे बीएड का साथै एक वर्षे बीएडको कार्यक्रम पनि संचालन भएको थियो जसमा अन्य विषयहरुमा स्नातक गरेका सेवाकालीन तथा पूर्वसेवाकालीन शिक्षकहरु संलग्न थिए। प्राथमिक शिक्षक तालिमाका लागि काठमाडौँ बाहेक बाहिर जिल्लाहरुमा पनि घुम्ती टोलीको व्यवस्था गरी तालिम संचालन गरिएको थियो। यसबाट नेपालभरिका हजारौँ नयाँ तथा पुराना शिक्षकहरुले तालिम पाई विद्यालयहरु खोल्नुको साथै शिक्षाको ज्योति देशको कुना कुना सम्म फैलाएका थिए। पछि वि.सं.२०१८ मा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको सिफारिशअनुसार विभिन्न जिल्लाहरुमा स्थायी प्राथमिक शिक्षक तालिम केन्द्रहरु स्थापना गरिए र घुम्ती टोली प्रथा बन्द गरियो। शिक्षक शिक्षाका यी कार्यक्रमहरुबाट वि.सं.२०२८सम्ममा

७०० जना माध्यमिक शिक्षकहरु र ९००० जना प्राथमिक शिक्षकहरु तयार भएका देखिन्छन्।

वि.सं.२०१६मा त्रिभुवन विश्वविद्यालयको स्थापना पश्चात कलेज अफ एजुकेशन त्रिविको अंग भएपछि ४ वर्षको बीएड कार्यक्रमलाई टुक्याएर मानविकी र विज्ञान संकायको कार्यक्रम सरह २ वर्षको आइएड र सो उत्तीर्ण गर्नेलाई अरु दुई वर्षको बीएड कार्यक्रम संचालन गरियो। साथै आइएडबाट निम्न माध्यमिक विद्यालयका र बीएडबाट माध्यमिक विद्यालयका शिक्षक उत्पादन गर्ने लक्ष्य लिइयो। कलेज अफ एजुकेशनको विस्तार केन्द्र वीरगञ्जमा पनि स्थापना गरियो।

वि.सं.२०२८मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षक शिक्षामा एउटा ठूलो परिवर्तन आयो। स्थायी शिक्षक बन्न शिक्षक तालिमलाई अनिवार्य गरियो। तालिमप्राप्त र तालिम अप्राप्त शिक्षकको तलबमा फरक गरियो। शिक्षकहरुको तलब अरु पेशामा उत्तिकै शैक्षिक उपाधि भएकाहरुले पाए सरह पाउने गरी बढाइयो। फलस्वरुप शिक्षण शिक्षा कार्यक्रममा अध्ययन गर्नेहरुको ओइरो लाग्यो। देशका लागि चाहिने विभिन्न तहका शिक्षकहरुका साथै शिक्षक प्रशिक्षक, शिक्षा प्रशासक, निरीक्षक आदि समेत तयार गर्न शिक्षक शिक्षाको एउटा बृहत् एवम् दूरगामी योजना र कार्यक्रमको आवश्यकता थियो। सोहीअनुरुप कलेज अफ एजुकेशन, प्राथमिक स्कूल शिक्षक तालिम केन्द्रहरु, राष्ट्रिय व्यावसायिक तालिम केन्द्र, अंग्रेजी भाषा तालिम केन्द्र आदि सबैलाई मिलाई त्रिवि अन्तर्गत शिक्षाशास्त्र अध्ययन संस्थान खडा गरियो। यस अध्ययन संस्थानले अरु कार्यक्रमहरु संचालन गर्नुका साथै विभिन्न विषयका शिक्षक प्रशिक्षक र शिक्षा प्रविधिज्ञहरु तयार पार्न स्नातकोत्तर तह (एमएड)को कार्यक्रम पनि संचालन गर्‍यो।

त्यसबेला विभिन्न कार्यक्रमहरुमा सेमेष्टर प्रणाली लागू थियो। वि.सं.२०३९मा सेमेष्टर प्रणालीको सट्टा वार्षिक प्रणाली संचालन भयो। श्री ५को सरकारले शिक्षा ऐनको सातौं संशोधनमा स्थायी शिक्षक बन्न शिक्षक तालिम अनिवार्य नभएको नियम बनाएपछि शिक्षक शिक्षाको महत्व वि.सं.२०३७तिर देखी निकै घट्यो। प्राथमिक शिक्षक तालिमका शिक्षाशास्त्र अध्ययन संस्थानद्वारा संचालित विभिन्न कार्यक्रमहरु बन्द गरिए। प्राथमिक शिक्षकहरुको सेवाकालीन तालिमका लागि श्री ५को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयले नयाँ नयाँ छोटो अवधिका तालिम कार्यक्रमहरु विभिन्न प्रायोजनाअन्तर्गत संचालन गर्न थाल्यो। जस्तै; सेती अञ्चलमा लागू गरिएको ग्रामीण

विकासका लागि शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, रेडियो शिक्षा शिक्षक तालिक तथा १५० घण्टे तालिम। प्राथमिक शिक्षकहरुका लागि दिइने तालिम शिक्षा मन्त्रालयबाट व्यवस्थापन र संचालन हुने र उपाधिमूलक खालका लामो अवधिका तालिम त्रिवि अन्तर्गतको शिक्षाशास्त्र अध्ययन संस्थानबाट हुने नीति लिइयो। सोहीअनुरुप वि.सं.२०४० तिर विज्ञान, गणित र अङ्ग्रेजी शिक्षकहरुको आपूर्ति गर्न र सेवामा रहेका ती विषयका शिक्षकहरुलाई छोटो अवधिको तालिम दिन विज्ञान शिक्षा परियोजनाको कार्यान्वयन शुरु भयो।

वि.सं.२०४३ तिर शाही उच्च शिक्षा आयोगका सिफारिशहरु लागू हुन थाले। आयोगको सिफारिश कार्यान्वयनको सिलसिलामा शिक्षाशास्त्र अध्ययन संस्थानलाई शिक्षाशास्त्र संकायमा परिणत गरी यस संस्थानलाई प्राविधिक स्तर नदिई साधारण शिक्षाअन्तर्गत राखियो। शिक्षाशास्त्रका कार्यक्रम संचालन भएका बाहिर जिल्लाका कतिपय क्याम्पसहरु बहुमुखी क्याम्पसको अङ्गको रुपमा संचालन गर्ने क्रम कायम नै रह्यो। ती क्याम्पसहरु शिक्षाशास्त्र संकायको डीनअन्तर्गत संचालन नभई त्रिवि केन्द्रीय प्रशासन अन्तर्गत रहन गए। एकातिर शिक्षाशास्त्र संकायबाट ती कार्यक्रमहरुसँगको सम्बन्ध र समन्वय कम हुँदै गयो, भने अर्कातिर यस संकायअन्तर्गत कीर्तिपुरमा एक अर्काका स्वतन्त्र रुपमा कार्यरत विभिन्न विषय शिक्षाका शिक्षण समितिहरुलाई ६ वटा केन्द्रीय शिक्षण विभाग अन्तर्गत गाभिएकाले पनि शिक्षक शिक्षाले अझ सही मोड समात्न सकेन।

**वर्तमान स्थिति**

शिक्षक शिक्षा र प्रशिक्षण मुख्यतया दुइवटा माध्यमबाट संचालित छन्। सेवाकालीन प्राथमिक शिक्षकहरु र माध्यमिक शिक्षकहरुलाई विशेष गरी विज्ञान र गणितमा प्रशिक्षणका लागि छोटो अवधिको तालिम कार्यक्रम श्री ५को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयबाट र आइएड, बीएड र एमएड जस्ता डिग्री प्रदान गर्ने लामो अवधिका शैक्षिक कार्यक्रमका साथै महिला प्रशिक्षण कार्यक्रम त्रिभुवन विश्वविद्यालयका शिक्षाशास्त्र संकायसँग सम्बन्धित विभिन्न क्याम्पसहरु मार्फत संचालित छन्।

**प्राथमिक शिक्षक प्रशिक्षण**

शिक्षा मन्त्रालय

शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमः मन्त्रालयअन्तर्गत संचालित हालका प्रशिक्षण कार्यक्रमहरु निम्नलिखित अनुसार छन्:

(क) क्षेत्रीय शिक्षा निर्देशनालयबाट वि.सं.२०४४सालमा शुरु भएको १५० घण्टे आधारभूत तालिम कार्यक्रम।

(ख) सेती परियोजनाबाट वि.सं.२०३९ मा शुरु गरिएको २१ दिने प्राथमिक शिक्षक तालिम।

(ग) प्राथमिक शिक्षा परियोजनाबाट वि.सं. २०४२ सालमा शुरु गरिएको १२ दिने कार्यक्रम तीन पल्ट गरी १५० घण्टा बराबरको कार्यक्रम।

(घ) वि.सं. २०४५ सालमा भएको रेडियो शिक्षाको व्यवस्थाअन्तर्गत रेडियो शिक्षा शिक्षक कार्यक्रम ।

परियोजनाहरुबाट संचालित प्राथमिक शिक्षक प्रशिक्षणसम्बन्धी उपर्युक्त कार्यक्रमका मुख्य समस्या हुन्: १) यी कार्यक्रमहरुको बीचमा समन्वय नहुनु र कार्यक्रममा एकरुपता नहुनु।२)शिक्षण सिद्धान्त र त्यसका व्यवहारिक पक्षका बीचमा समन्वयको अभाव, तालिम कार्यक्रम सघनरुपमा चल्नु तर तालिममा सिकेका कुराहरु तालिमबाट विद्यालयमा फर्केपछि लागू गर्न उपयुक्त वातावरण नहुनु। ३) यी कार्यक्रमहरु परियोजनाभित्र विशेष स्थितिमा संचालित हुनु र परियोजना पछि काम गर्नेलाई परियोजनाले दिएको जस्तो सुविधा दिन नसक्नाले परियोजनापछिको कार्यक्रम (शिक्षण सिकाइ) उत्तिकै जोडतोडका साथ संचालन हुन नसक्नु, र ४) यी कार्यक्रममा संलग्न प्रशिक्षकहरु कोही योग्य, अनुभवी तथा शिक्षा स्नातक उपाधि प्राप्त भए तापनि प्राथमिक शिक्षामा विशिष्टीकरण गरेको प्रशिक्षकको संख्या ज्यादै थोरै हुनु तथा विविध शैक्षिक तथा प्रशिक्षणको पृष्ठभूमि भएका प्रशिक्षकहरुबाट संचालित यी कार्यक्रमहरुको संचालनमा एक रुपता नहुनु ।

शिक्षाशास्त्र संकायअन्तर्गत संचालित कार्यक्रमः हाल त्रिवि शिक्षाशास्त्र संकायअन्तर्गत धनकुटा, वीरगंज, पोखरा, सुर्खेत र जुम्लाका क्याम्पसहरुमा १० महिने पूर्वसेवाकालीन महिला शिक्षक प्रशिक्ष० कार्यक्रम संचालित छ। यस बाहेक अरु कुनै किसिमको प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम संचालित छैन। प्राथमिक शिक्षा शिक्षण समितिमार्फत संचालित १५० घण्टाको कार्यक्रम पनि हाल संचालन हुनबाट रोकिएको छ।

देशमा गुणात्मक शिक्षाका लागि तालिप्राप्त शिक्षकको ठूलो आवश्यकता हुँदाहुँदै पनि त्रिवि अन्तर्गत शिक्षाशास्त्र संकायमा प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम शिथिल हुँदै

जानाले तालिम प्राप्त शिक्षकको आपूर्तिमा निकै ठूलो असर पर्न गएको छ। त्रिवि शिक्षाशास्त्र संकायमा प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम सिथिल हुन जानाका केही कारण हुन्:

(१) २०३६सालपछि प्राथमिक तहमा स्थायी शिक्षक बन्न प्रशिक्षणको अनिवार्यता नरहेकाले प्रशिक्षणको महत्व घट्तै गई शिक्षाशास्त्र अध्ययन संस्थाअन्तर्गत संचालित कार्यक्रमहरु धमाधम बन्द हुँदै जानु,

(२) शिक्षा तथा संस्कृति मन्त्रालयले प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रमहरु परियोजनाको रुपमा आफैंले संचालन गर्ने निर्णय लिनु,

(३) त्रिवि शिक्षाशास्त्र संकायबाट पनि प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम त्रिवि अन्तर्गत नै राख्न विशेष प्रयास नहुनु तथा रेडियो शिक्षा शिक्षक तालिम शिक्षा मन्त्रालयमा सारिनु, र

(४) त्रिविले प्राथमिक शिक्षासम्बन्धी प्रशिक्षण कार्यक्रमलाई तल्लो प्राथमिकता दिनु।

**माध्यमिक शिक्षक प्रशिक्षण**

माध्यमिक स्तरका शिक्षकहरुका लागि पनि शिक्षक शिक्षा तथा प्रशिक्षण मुख्यतः दुईवटा संस्थाहरुअन्तर्गत दिइँदै आएको छ । त्रिवि शिक्षाशास्त्र संकायले लामो अवधिको र उपाधि दिने किसिमको र शिक्षक शिक्षा दिइआएको छ भने शिक्षा तथा संस्कृति मन्त्रालयका विभिन्न निकायहरुले छोटो अवधिको सेवाकालीन प्रशिक्षण संचालन गर्दै आएका छन्। धेरैजसो विद्यार्थीहरु एसएलसी पछि आइएडमा भर्ना हुन्छन् र बीएड र एमएड सम्मको उच्च शिक्षा प्राप्त गर्दछन् ।नेपालमा शिक्षण पेशामा पस्नु अगाडि प्रशिक्षण वा शिक्षक शिक्षाको अनिवार्यता नभएको हुँदा धेरै सेवाकालीन शिक्षकहरु तालिम अप्राप्त छन् र यस्ता शिक्षकहरु पहिलोपल्ट शिक्षक शिक्षा प्राप्त गर्न विश्वविद्यालयको पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रममा प्रवेश गर्दछन्। यसका लागि शिक्षा मन्त्रालयबाट कोटा तोक्ने गरिन्थ्यो तर हाल सेवाकालीन शिक्षकहरुलाई विश्वविद्यालयको उपाधिमूलक कार्यक्रममा पठाउने प्रक्रिया बन्द गरेपछि केही सेवाकालीन शिक्षकहरु आफ्नै खर्चमा स्कूलबाट बिदा लिई उक्त कार्यक्रममा अध्ययनरत हुने गरेका छन्।

नेपालमा सेवाकालीन शिक्षक प्रशिक्षण भन्नाले मूलतः सेवामा प्रवेश गरिसकेकाहरुलाई विभिन्न निकायहरुले पाठ्यक्रमको परिचय दिने, नियमहरुको जानकारी दिने, शिक्षण

सम्बन्धी समस्या तथा शिक्षणका नयाँ विधिहरुमा तालिम दिने उद्देश्यअनुरुप छोटो अवधिका कार्यशाला तालिमहरु आदिलाई बुझाउँछ। यस्ता छोटा अवधिका कार्यक्रमहरुमा पहिले शिक्षक शिक्षा पाइसकेका तथा पहिले तालिम नपाएका सबै किसिमका सेवाकालीन शिक्षकहरुलाई भाग लिन पठाइन्छ। भाग लिन पठाउँदा प्रायःजसो पहिले तालिम नपाएकाहरुलाई प्राथमिकता दिइन्छ। यसैले सेवाकालीन शिक्षकहरुले विभिन्न किसिमको तालिम पाएका हुन्छन्। कोही लामो अवधिको उपाधि सहितको शिक्षक शिक्षा तालिम पाएका छन् भने धेरैजसोले छोटो अवधिको परिचयात्मक तालिम मात्र लिएका छन्।

छोटो अवधिको परिचयात्मक किसिमको र विषय शिक्षणसम्बन्धी सेवाकालीन तालिमहरु शिक्षा मन्त्रालयले क्षेत्रीय शिक्षा निर्देशनालय जिल्ला शिक्षा निरीक्षकको कार्यालय, पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र तथा विज्ञान शिक्षा परियोजना मार्फत संचालन गर्दै आएको छ।

हाल संचालन भइरहेका उपाधिमूलक कार्यक्रमहरु

| **त्रिविका क्याम्पसहरु** | **कार्यक्रमहरु** |
|---|---|
| केन्द्रीय शिक्षण विभाग, कीर्तिपुर | स्नातक, स्नातकोत्तर, विद्यावारिधि |
| महेन्द्र रत्न क्याम्पस, इलाम | प्रवीणता प्रमाण पत्र (प्र.प) |
| धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | प्र.प, महिला शिक्षक तालिम (म.शि.ता), स्नातक |
| सिरहा बहुमुखी क्याम्पस, सिरहा | प्र.प, स्नातक |
| ठाकुरराम बहुमुखी क्याम्पस, वीरगंज | प्र.प, स्नातक |
| महेन्द्र रत्न क्याम्पस, ताहाचल | प्र.प., स्नातक र स्नातकोत्तर |
| सानोठिमी क्याम्पस, भक्तपुर | प्र.प, स्नातक |
| गोरखा क्याम्पस, गोरखा | प्र.प, स्नातक |
| पृथ्वीनारायण क्याम्पस, पोखरा | प्र.प, म.शि.ता, स्नातक |
| बुटवल क्याम्पस, बुटवल | प्र.प, स्नातक |
| वीरेन्द्र क्याम्पस, सुर्खेत | प्र.प, म.शि.ता, स्नातक |
| जुम्ला क्याम्पस, जुम्ला | प्र.प, म.शि.ता |

ख) निजी क्याम्पस

काठमाडौँ शिक्षा क्याम्पस, काठमाडौँ — स्नातक

ललित शिक्षा क्याम्पस, ललितपुर — प्र.प, स्नातक

यसका साथै शारदा बहुमुखी क्याम्पस, भक्तपुर, चैतन्य बहुमुखी क्याम्पस, बनेपा, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर  र विपी बहुमुखी क्याम्पस, जनकपुरमा पनि शिक्षाशास्त्रका उपाधिमूलक कार्यक्रम संचालित छन्।

माध्यमिक तहमा शिक्षकहरुको शिक्षणस्तर उठाउन शिक्षा तथा संस्कृति मन्त्रालयले विज्ञान शिक्षा परियोजना वि.सं.२०४१/४२मा लागू गऱ्यो। यसको लागि आवश्यक स्रोत एशियाली विकास बैङ्क र युएनडिपीबाट उपलब्ध भएको थियो। यसै कार्यक्रममा सम्मिलित गरिएको अंग्रेजी विषयका शिक्षकहरुको प्रशिक्षणका लागि वेलायतको ओभरसिज डेभलपमेन्ट एजेन्सीबाट पनि सहयोग प्राप्त भएको थियो। यस परियोजनाले शिक्षक बाहेक विज्ञान शिक्षाका लागि विद्यालय प्रशासकहरु र निरीक्षकहरुको प्रशिक्षणको व्यवस्था पनि गरेको थियो। यस अन्तर्गत ७०० विद्यालयबाट विज्ञान र गणित गरी करिब २००० सेवाकालीन शिक्षकहरुले एकाइमा एक एक महिनाको २ पटक प्रशिक्षण प्राप्त गरेका छन्। यसमा १८०० शिक्षक विज्ञान तर्फका र २०० गणितका थिए। यस्तै, परियोजनाको सहयोगमा त्रिवि शिक्षाशास्त्र संकायबाट विभिन्न माध्यमिक विद्यालयका १०५० जना विज्ञान शिक्षकहरुले विज्ञान शिक्षाको प्रशिक्षण प्राप्त गरेका छन्। उक्त परियोजनाले सेवाकालीन प्रशिक्षणका लागि प्रशिक्षण पुस्तिका र कक्षा ६ देखि १० सम्म विज्ञान पढाउनका लागि शिक्षक निर्देशन पुस्तिका तयार पारेको छ।

## उपाधिमूलक कार्यक्रम प्रभावकारी नहुनाका केही कारणहरु

(१) एसएलसी मा राम्रो अङ्क प्राप्त गर्ने विद्यार्थीहरुका लागि शिक्षण पेशा आकर्षक भएको छैन। त्यस्ता उच्चस्तरीय विद्यार्थीहरु प्रायः गरी प्राविधिक अध्ययन संस्थानमा पढ्न चाहान्छन्  भने कहीँ स्थान पाउन नसकेर बाँकी भएकाहरु मात्र शिक्षा संकायमा भर्ना हुन आउँछन्। शिक्षण पेशामा संलग्न व्यक्तिहरुलाई प्रशस्त मेहनत गरे तापनि थोरै पैसा आउने भई सामान्य जीवन विताउनुपर्ने बाध्यता छ।

(२) विश्वविद्यालय अन्तर्गतका प्रवीणता प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहहरु दुई-दुई वर्षको भए तापनि विभिन्न कारणले गर्दा यी तहहरु पूरा गर्न तीन वर्ष लाग्ने र एसएलसी पछि स्नातक तह पूरा गरी विद्यालय शिक्षक बन्न कम्तीमा पनि ६/७ वर्ष लाग्ने भएबाट विद्यालयका लागि ठूलो संख्यामा चाहिने प्रशिक्षण प्राप्त शिक्षकहरुको आपूर्ति गर्न ठूलो बाधा पुगेको छ।

(३) क्याम्पसमा संचालित शिक्षक शिक्षा कार्यक्रमहरु बढी सैद्धान्तिक भएको र विद्यालयको आवश्यकता र यथार्थतासित कम मेल खाने भएको हुँदा त्यति प्रभावकारी हुन नसकेको देखिन्छ।

(४) क्याम्पसहरुमा प्रवीणता प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहमा निकै ठूलो संख्यामा भर्ना हुने तर उत्तीर्ण हुने संख्या चाँहि धेरै कम भएका कारणले शिक्षक शिक्षण पद्धतिमा निकै ठूलो कमजोरी रहेको देखिन्छ। यसले गर्दा बहुमूल्य तर सीमित मात्रामा उपलब्ध भएका स्रोतहरुको क्षति भएको टड्कारै देख्न सकिन्छ। फलस्वरुप प्रशिक्षकको तालिम लागत निकै बढेको देखिन्छ।

(५) अरु संकायमा स्नातक तहमा अनिवार्य रुपमा अङ्ग्रेजी पढनुपर्ने तर शिक्षा स्नातक तहमा त्यो पढ्नु नपर्ने भएबाट अरु संकायबाट प्रवीणता प्रमाणपत्र उत्तीर्ण गर्ने विद्यार्थीहरु शिक्षा स्नातक तहमा पढी सो तह उत्तीर्ण गर्ने गर्दछन्। त्यसपछि ती विद्यार्थीहरु अरु संकायको स्नातकोत्तर तहमा भर्ना हुन जाने भएबाट शिक्षा स्नातक उपाधि सजिलैसँग उत्तीर्ण गरिने अथवा फड्किने माध्यम बन्न पुगेको छ।

(६) शिक्षक शिक्षा सिद्धान्त र प्रयोगको संगम भएकोले कम्तीमा ६ हप्ताको अध्यान अभ्यास एक अभिन्न अंगको रुपमा राखिएको भए तापनि यो पक्ष सबैभन्दा उपेक्षित रुपमा रहेको र त्यसको संचालन विभिन्न क्याम्पसमा विभिन्न हुनु तथा विषयवस्तु र विधि सँगसँगै जानुपर्नेमा शिक्षण विधिलाई अध्यापन अभ्यास शुरु हुनु केही दिन अगाडि मात्रै पढाइने गर्नाले यस्ता विद्यार्थीहरुले अध्ययन पश्चात पनि अध्यापन कार्यलाई प्रशिक्षण अप्राप्त शिक्षकले भन्दा भिन्न रुपमा सम्पन्न गर्न सकेका छैनन्।

(७) गत ९/१० वर्षदेखि शिक्षाशास्त्र संकायका पाठ्यक्रमहरु यथावत् रहेका छन्। वार्षिक प्रणाली लागू गर्दा पनि हतार हतार पाठ्यक्रमको व्यवस्था थोरै समयमा गरियो। हाल नेपालको परिवर्तित सन्दर्भलाई ध्यान दिँदा पाठ्यक्रममा व्यापक सुधारको आवश्यकता टड्कारो रुपमा देखिन्छ।

(८) प्रशिक्षण प्राप्त शिक्षकहरुले विद्यालयबाट केही तालिम भत्ता पाउने र तलबको ५० प्रतिशत विद्यालयले बेहोर्नुपर्ने भई विद्यालयको खर्चमा बढी भार पर्ने भएकोले धेरैजसो विद्यालयले आम्दानीको सीमितताको कारणबाट खर्च घटाउने विचार राखी सकेसम्म तालिम अप्राप्त शिक्षकहरुलाई लिने गरेको देखिन्छ र यस्ता विद्यालयले आफ्ना शिक्षकलाई तालिममा पठाउन पनि प्रोत्साहन नदिने गरेको पाइएको छ।

(९) शाही उच्च शिक्षा आयोगको सिफारिशमा शिक्षाशास्त्र अध्ययन संस्थानलाई साधारण शिक्षा दिने संकायमा परिणत गरियो। शिक्षाशास्त्रमा कार्यक्रमहरु संचालन भएका क्याम्पसहरुमा क्याम्पस प्रमुखहरु सोझै केन्द्रप्रति उत्तरदायी

भइदिनाले शिक्षा संकायका डीनसित खास सम्बन्ध रहन गएन। कितपय ठाउँमा त शिक्षाशास्त्र मात्र संचालन भएको क्याम्पसमा पनि क्याम्पस प्रमुख अरु संकायको रहन गएको छ। यसले गर्दा शिक्षाशास्त्रका कार्यक्रमहरु फष्टाउन सकेनन्। बहुमुखी क्याम्पसहरु भएको ठाउँमा त शिक्षाशास्त्रको निम्ति अलग्याइएको आर्थिक स्रोत र मानवी संशाधन पनि अरु अरु नै कार्यक्रममा प्रयोग गरिएको देखिन्छ।

**३.प्रमुख समस्या र मुद्दाहरु**

(१) शिक्षण सेवामा प्रवेश गरिसकेपछि मात्र शिक्षकहरुलाई प्रशिक्षण दिने नीतिलाई हाल शिक्षा मन्त्रालयले अपनाएको देखिन्छ। यस्ता नीतिबाट शिक्षकहरुको सेवा प्रवेशमा वाञ्छनीय नियन्त्रण भएको देखिएन। कम तलब दिनुपर्ने शिक्षकहरुलाई शिक्षण सेवामा भर्ना गर्ने प्रवृत्तिमा वृद्धि भएको छ। प्राथमिक विद्यालय स्तरमा यस्ता विषयबस्तुमा नै कमजोर भएका शिक्षकहरुलाई एक महिनाको सेवाकालिन तालिम प्रशिक्षण दिएर शिक्षण कार्य गर्न लगाउँदा प्रशिक्षणबाट खास केही उपलब्धि नहुने कुरा छर्लङ्ग हुन आएको छ।

(२) सबै किसिमको शिक्षक शिक्षा तथा प्रशिक्षणका निम्ति नीति निर्धारण गर्ने, समन्वय गर्ने, निर्देशन दिने, मूल्याङ्कन गर्ने र स्रोतहरु जुटाउन सक्ने एउटा सक्षम निकाय मन्त्रालयमा छैन।

(३) शिक्षक प्रशिक्षणको बढ्दो माग र शिक्षक प्रशिक्षणमा गुणात्मक स्तरको आवश्यकतालाई ध्यानमा राखी हेर्दा विभिन्न माध्यम, तरिका र उपायहरुको आवश्यकता भएको देखिए तापनि सोअनुसारका प्रशिक्षण कार्यक्रमहरु संचालन गर्न सकिएको छैन।

(४) त्रिवि अन्तर्गतका क्याम्पसहरुमा शैक्षिक सुधारका लागि स्रोतको अभाव भएको र हाल त्रिविले खाली शिक्षकको तलब मात्र बेहोर्ने काम भएको छ।

(५) शिक्षाशास्त्र संकायअन्तर्गत प्रमाणपत्र, र बीएड कार्यक्रमहरुमा आवश्यक विषयवस्तुहरुलाई एकीकृत गरी शिक्षण विधि सिकाउनेतर्फ यथेष्ट ध्यान दिइएको छैन।

(६) विभिन्न शिक्षक संगठनहरुलाई शिक्षक प्रशिक्षणसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमप्रति आकर्षित गर्न सकिएको छैन।

(७) जन आन्दोलन पछि देशमा विविध क्षेत्रमा देखापरेका परिवर्तनको परिप्रेक्ष्यमा शिक्षाको राष्ट्रिय मूल लक्ष्य, नीति र प्राथमिकताअनुसार शिक्षक शिक्षा र प्रशिक्षणको लक्ष्य, नीति र प्राथमिकताहरु पुनर्निधारण भइसकेको छैन।

(८) हाम्रो राष्ट्रिय चरित्र कस्तो हुनुपर्दछ र नागरिकमा गुण र विशेषताहरु के के हुनुपर्दछ। सोही अनुसारको चरित्र भएका नागरिकहरु तयार पार्न प्राथमिकदेखी माध्यमिकसम्मका शिक्षकहरुमा कस्ता गुण र सीप अपेक्षा गर्नुपर्ने हो निश्चित भएको छैन।

(९) प्राथमिकदेखि माध्यमिक तहको शिक्षक तालिमको तर्जुमा गर्दा प्रशिक्षण नपाएका सेवाकालीन र छोटो अवधिका तालिम पाइसकेका शिक्षकहरु समेतका लागि उपयुक्त अवधि र तालिममा समावेश हुनुपर्ने विषयहरुको निर्धारण भएको छैन।

(१०) विभिन्न तहका विद्यालयका लागि शिक्षक तयार पार्दा एउटै प्रकारको तालिम दिनु अव्यावहारिक हुने भएकोले पूर्वसेवाकालीन तथा तालिम अप्राप्त सेवाकालीन शिक्षकहरुमध्ये कतिलाई कुन प्रकारको तालिम दिने सो को नीति, योजना तथा कार्यक्रम स्पष्ट छैन।

(११) शिक्षण पेशामा प्रवेश गर्न शिक्षक प्रशिक्षणको अनिवार्यता कहिले हुने र कहिले नहुने भई रहेको हुँदा शिक्षकहरुमा प्रशिक्षणप्रति आस्था हट्न गएको देखिन्छ। अतः शिक्षण स्तर उकास्न सेवामा प्रवेश गर्नुभन्दा पहिले शिक्षक शिक्षा वा प्रशिक्षणको अनिवार्यताको नीति स्पष्ट भएको छैन।

(१२) शिक्षक प्रशिक्षणमा सामान्य विद्यार्थीले मात्र प्रवेश लिएको देखिएकोले शिक्षण पेशा योग्य उम्मेदवारका लागि अनाकर्षक भएको बुझिन्छ। अतः यस्ता विद्यार्थीलाई छोटो अवधिको शिक्षण प्रशिक्षणबाट योग्य तुल्याउन गाह्रो भएको छ।

(१३) शिक्षाशास्त्रका क्याम्पसहरु त्रिविले बहुमुखी बनाउँदै लगेको छ।

(१४) तालिम प्राप्त शिक्षकहरुलाई आफूले जानेका सीप कक्षामा प्रयोग गर्न विद्यालयमा आवश्यक वातावरण सृजना हुन सकेको छैन। साथै विद्यालयमा भौतिक तथा शैक्षिक सुविधाको कमी भएकाले स्तरीय शिक्षा दिनमा बाधा परेको छ।

(१५) शिक्षक शिक्षा तथा प्रशिक्षणका कार्यक्रमहरुका लागि नीतिनिर्माण, निर्देशन, समन्वय तथा स्तर एवं मान्यता निर्धारण गर्न एउटा राष्ट्रिय एकाइको व्यवस्था छैन।

(१६) शिक्षक प्रशिक्षणको महत्व बढाउन, कार्यक्रमको स्तर उठाउन तथा प्रशिक्षणको मान्यता दिलाउन शिक्षकहरुको व्यावसायिक संघ-संगठनलाई सक्रिय रुपमा संलग्न गराउन सकिएको छैन।

(१७) त्रिवि अन्तर्गतका आंगिक तथा निजी क्षेत्रमा संचालित शिक्षाशास्त्रका क्याम्पसहरुको शिक्षक प्रशिक्षण कार्यक्रमहरुलाई समन्वय गर्न, निर्देशन दिन तथा नियन्त्रण गर्ने हालको डीन कार्यालय प्रभावकारी हुन सकेको छैन।

(१८) शिक्षक प्रशिक्षकहरुलाई समयसापेक्ष तालिम नदिइँदा निजहरुबाट स्तरयुक्त प्रशिक्षण दिलाउन सकिएको छैन।

(१९) शिक्षक प्रशिक्षण कार्यक्रमको सम्बन्धित निकायहरु (पाठ्यक्रम विकास, परीक्षा नियन्त्रण, शिक्षण सामग्री निर्माण, शैक्षिक प्रशासन र विद्यालयहरुसँग सम्बन्धित निकायहरु आदि) सित ज्यादै कम सम्बन्ध र समन्वय भएकाले प्रभावकारी प्रशिक्षण दिन बाधा परेको छ।

(२०) केही वर्षदेखि विश्वविद्यालयले शिक्षाशास्त्र संकायको कार्यक्रमलाई कम ग्राह्यता दिएबाट शिक्षक शिक्षा कार्यक्रममा ह्रास हुन आएको छ।

(२१) शिक्षण पेशामा बढी महिलाहरुलाई संलग्न र आकर्षित गराउन प्रभावकारी र विशेष कार्यक्रमको अभाव भएको छ।

(२२) देशको आवश्यकताअनुरुप शिक्षक शिक्षाका कार्यक्रमहरु तर्जुमा गर्न, संचालन गर्न, स्तर उठाउन यथेष्ट वित्तीय व्यवस्था नभएकाले कार्यक्रमको विस्तार र विकास हुन सकेको छैन।

(२३) शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत संचालित शिक्षक प्रशिक्षण कार्यक्रम शिक्षा परियोजनाको एक अंगका रुपमा रही आएको र परियोजनाको अवधि सकेपछि शिक्षक प्रशिक्षणको निरन्तरता कायम गर्ने नीति देखिएको छैन।

(२४) पूर्वसेवाकालीन र सेवाकालीन तालिमको बीचमा समन्वयको अभाव रहेको छ।

(२५) शिक्षाशास्त्र संकाय तथा शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत संचालित विभिन्न शिषक शिक्षा तथा प्रशिक्षणका कार्यक्रमहरुको प्रभावकारिता थाहा पाउने उद्देश्यले समष्टिगत रुपमा अध्ययन अनुसन्धान भएको छैन।

(२६) पूर्वप्राथमिक तथा उच्चमाध्यमिक विद्यालयका शिक्षकहरुका लागि हाल शिक्षक प्रशिक्षणको नीति तथा व्यवस्था भएको छैन।

**४. शिक्षक शिक्षाको प्रस्तावित रुपरेखा र सुझावहरु :**

शिक्षाको क्षेत्रमा खास गरेर शिक्षण पेशामा संलग्न हुन चाहने तथा यस पेशामा प्रवेश गरिसकेका व्यक्तिहरुका लागि शिक्षक शिक्षा तथा शिक्षक प्रशिक्षण कार्यक्रम एउटा अनिवार्य आवश्यकता हुन आउँछ। विषयगत रुपमा परिपक्व र पेशागत रुपमा दक्ष शिक्षकले नै प्रभावकारी शिक्षणको माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासमा एउटा कारकतत्वको भूमिका निर्वाह गर्न सक्तछ। राष्ट्रका विकासको आधार शिक्षा भएको र दक्ष शिक्षकले शिक्षाको विकासको गतिलाई तीव्रतर बनाउँदै लैजानुका साथै यसलाई अर्थपूर्ण बनाउन प्रमुख भूमिका खेल्ने भएकाले पनि शिक्षक प्रशिक्षण कार्यक्रमको औचित्यलाई सबैले सहज रुपमा स्वीकार्न पुगेका हुन। दक्ष शिक्षकको उत्पादन गरी

तिनको माध्यमबाट राष्ट्रिय रुपमै शिक्षा विकासका लागि भरपर्दो टेवा प्रदान गर्नु शिक्षक शिक्षा तथा शिक्षक प्रशिक्षण कार्यक्रमको मूल लक्ष्य हो।

वर्तमान सन्दर्भमा शिक्षक शिक्षा कार्यक्रमसँग प्रत्यक्ष सरोकार राख्ने संस्था त्रि.वि. को शिक्षाशास्त्र संकाय र शिक्षा तथा संस्कृति मन्त्रालय मात्र हुन्। तालिम प्राप्त शिक्षकको बढ्दो माग र भविष्यमा बढ्ने प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तहका शिक्षकहरुलाई ठूलो संख्यामा प्रशिक्षित गर्नु पर्ने आवश्यकतालाई ध्यान राख्दा शिक्षक प्रशिक्षण कार्य संचालन गर्ने हालका उक्त दुई संस्था अपर्याप्त हुने हुँदा वैकल्पिक उपायहरुको खोजी गर्नु नितान्त जरुरी भएको छ। वि.सं. २०५७ सम्ममा प्राथमिक तहमा ६१,०४५ शिक्षकहरु तथा माध्यमिक तहमा करीव ३७,७४८ शिक्षकहरुलाई शिक्षक प्रशिक्षण दिने वृहत् कार्य एकातिर हाँकको रुपमा छ भने अर्कोतिर सरकारी, गैरसरकारी संघ संस्था तथा अरु थप विश्वविद्यालयहरुको संख्या पनि बढ्दै जाने निश्चित प्रायः भएको हुनाले शिक्षक शिक्षण कार्यक्रमलाई वर्तमान स्वरुप अनुसार सञ्चालन गर्दा उपर्युक्त हाँकलाई आत्मसात् गर्न असंभव प्रायः देखिन्छ। यसरी एकातिर बहुविश्वविद्यालयको धारणालाई स्वीकार्दै  जानु पर्ने आवश्यकता छ भने अर्कातिर ती विश्वविद्यालयले भविष्यमा संचालन गर्न सक्ने शिक्षक प्रशिक्षण कार्यक्रमको आवश्यकता र औचित्यलाई पनि समयमै मान्यता दिंदै जानुपर्ने हुन्छ। शिक्षक प्रशिक्षणमा पर्न आउने भावी चापलाई वर्तमानमै दृष्टिगत गर्न सक्ने हो भने यो जिम्मेवारी निजीस्तरमा संगठित संस्थाहरुलाई पनि दिनु पर्ने हुन आउँछ। अन्यथा वि.सं. २०५७ सम्ममा सबैको लागि शिक्षा भन्ने हाम्रो उद्देश्य प्राप्त गर्न कठिन हुनेछ। शिक्षक प्रशिक्षण कार्यक्रम यसरी विभिन्न संगठित निकायहरुद्वारा संचालित हुने हुनाले यस कार्यक्रममा एकरुपता तथा समन्वय ल्याउन उत्तिकै जरुरी पर्ने कारणबाट राष्ट्रिय स्तरमा नै एउटा यस्तै निकायको आवश्यकता महसुस गरिएको छ।

शिक्षक उत्पादन कार्यक्रमलाई सामान्यतः दुई प्रकारमा बाँडिएको छ :  शिक्षक शिक्षा र शिक्षक प्रशिक्षण।

**शिक्षक शिक्षा :**  वर्तमान शिक्षाशास्त्र संकाय अन्तर्गत र विश्वविद्यालयसँग सम्बन्धन प्राप्त निजी क्याम्पसहरुमा निश्चित समयावधि पार गरेर तोकिएका पाठ्याँशहरु अध्ययन गरेपछि सो सम्बन्धी परीक्षा उत्तीर्ण गरेर प्राप्त गर्ने उपाधि जस्तै : प्रवीणता प्रमाणपत्र, बी.एड., एम.एड. लाई शिक्षक शिक्षाको रुपमा मानिएको छ। साथै शैक्षिक प्रशासन, सुपरिवेक्षण र पाठ्यक्रम निर्माण एवं मूल्यांकन जस्ता कार्यहरुमा

संलग्न व्यक्तिहरुलाई दिइने पेशागत डिप्लोमालाई पनि यसप्रकारको शिक्षाभित्र राखिएको छ।

**शिक्षक प्रशिक्षण :** शिक्षाशास्त्र संकाय तथा शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत संचालन भइरहेको प्राथमिक शिक्षक तालिम, प्याकेज तालिम, सेवाकालीन तालिम, छोटो अवधिको तालिम र यस्तै अन्य सेवाकालीन तालिमलाई शिक्षक प्रशिक्षणको रुपमा लिइएको छ। यस्तो कार्यक्रम निश्चित मान्यता र निर्दिष्ट नीति नियम भित्र रहेर सरकारी, गैरसरकारी तथा अन्य निजी संघ संस्थाहरुले पनि संचालन गर्न सक्ने प्रावधान राखिएको छ।

**शिक्षक शिक्षाको राष्ट्रिय नीति**

(१) शिक्षक प्रशिक्षण नीति : केही व्यक्तिमा शिक्षकमा हुनुपर्ने गुण जन्मजात हुन्छ भने धेरै जसोलाई प्रशिक्षण दिई योग्य र दक्ष तुल्याउनु पर्ने हुन्छ। सफल शिक्षक हुनका लागि विषयवस्तुको ज्ञान र अनुभव मात्र भएर पुग्दैन, शिक्षा विज्ञान र प्रविधिको अध्ययन गरी आवश्यक सीपहरु आर्जन गर्नु पनि उत्तिकै जरुरी हुन्छ। यसैले प्रत्येक शिक्षकमा शिक्षण पेशाप्रति व्यावसायिक भावना बढाउन, शिक्षाशास्त्र सम्बन्धी आधारभूत ज्ञान र सीप हासिल गर्न र शिक्षण दक्षता प्राप्त गर्न शिक्षक प्रशिक्षण अनिवार्य गराउनु पर्ने देखिन्छ। त्यसैले यस सम्बन्धमा निम्नलिखित अनुसारको राष्ट्रिय नीति अँगाल्नु आवश्यक देखिन्छः

(क) विद्यालय तहको शिक्षण पेशामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्ने।

(ख) हाल शिक्षण पेशामा प्रवेश गरिसकेका तर तालिम नपाएका शिक्षकहरुलाई अनिवार्य रुपले तालिम दिने व्यवस्था मिलाउने।

(ग) तालिम प्राप्त शिक्षकहरुलाई दिने तलब तथा अन्य सुविधाहरु तालिमको तह अनुसार बढाउँदै लैजाने।

(घ) शिक्षक प्रशिक्षणमा महिलालाई ग्राहयता दिने।

(ङ) विभिन्न तहमा शिक्षकहरुका लागि प्रशिक्षण कार्यक्रमहरु निर्धारित गर्ने।

(२) देशमा बढ्दो शिक्षाको मागलाई दृष्टिगत गरी त्यस अनुरुप विविध शिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरिनु पर्छ र यी कार्यक्रम संचालन गर्ने अभिभारा विभिन्न निकाय, विश्वविद्यालय, शिक्षा तथा संस्कृति मन्त्रालय, निजी संस्था र गैरसरकारी संस्थालाई दिइनुपर्छ।

(३) शिक्षक प्रशिक्षण कार्यक्रमलाई विकेन्द्रित गरी क्षेत्रीय निकायहरुबाट संचालित गरिनुपर्छ।

(४) शिक्षक प्रशिक्षण तथा शिक्षक शिक्षा लिन आउने प्रशिक्षार्थीहरुलाई दिइने छात्रवृत्तिमध्ये महिलाहरुलाई ७० प्रतिशत र पुरुषलाई ३० प्रतिशतका दरले निश्चित गरिनुपर्छ।

(५) संगठन : शिक्षक शिक्षा कार्यक्रमलाई संस्थागत रुपमा व्यवस्थित, संगठित र समन्वित गरी संचालन गर्न शिक्षा तथा संस्कृति मन्त्रालयले सम्बन्धित संस्थाहरुसँग सम्पर्क राखी राष्ट्रिय स्तरमा एउटा निकायको गठन गर्नुपर्छ। उक्त निकाय स्वतन्त्र र स्वायत्त प्रकृतिको हुनुपर्छ। शिक्षक शिक्षा सम्बन्धी राष्ट्रिय नीति निर्धारित गर्नु, आवश्यक निर्देशन दिनु, शिक्षक शिक्षाका कार्यक्रमहरुमा समन्वय ल्याउनु, कार्यक्रमको आवधिक अनुसन्धान तथा मूल्यांकन गर्नु र उक्त कार्यक्रमलाई मान्यता दिनु वा प्रमाणित गर्नु यसको मुख्य कार्य हुनुपर्छ। यस निकायले वर्तमान विश्वविद्यालय तथा भावी विश्वविद्यालयहरु र शिक्षा तथा संस्कृति मन्त्रालयका बीच सम्बन्ध स्थापना गरी आवश्यक सहयोग जुटाउने काम पनि गर्नुपर्छ।

(६) शिक्षक प्रशिक्षण कार्यक्रमको योजना बनाउन, कार्यान्वयन गराउन, शिक्षक प्रशिक्षण प्राप्त व्यक्तिहरुका लागि पदस्थापन गर्न तथा शिक्षक प्रशिक्षणमा संलग्न एकाइहरुको बीचमा कार्यगत समन्वय स्थापना गर्न शिक्षा तथा संस्कृति मन्त्रालयमा एउटा उपयुक्त स्तरको एकाई हुनुपर्छ।

(७) शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत रहने क्षेत्रीय र जिल्लास्तरीय कार्यालयले छोटो अवधिको तालिम संचालन गर्नुपर्छ। मन्त्रालय अन्तर्गतका निकायहरुले शिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्नु पर्छ भने शिक्षाशास्त्र संकाय र सो अन्तर्गतका क्याम्पसहरुले शिक्षक शिक्षाका साथै शिक्षक प्रशिक्षण कार्यक्रमको संचालन गर्नुपर्छ।

(८) विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र संकायमा एक केन्द्रीय क्याम्पसको व्यवस्था गरिनुपर्छ। यस क्याम्पसले शिक्षक शिक्षाका लागि अन्य तहका साथै विद्यावारिधि तहको कार्यक्रम संचालन गर्ने र शिक्षक प्रशिक्षणका लागि छोटो अवधिको प्रशिक्षण र प्याकेज तालिमको पनि संचालन गर्ने व्यवस्था गर्नुपर्छ। यस्तो केन्द्रीय क्याम्पसका मातहतमा ६ क्षेत्रीय शिक्षा क्याम्पसहरुको संचालन हुनुपर्छ। जसमध्ये एउटा क्याम्पस व्यावसायिक शिक्षाका लागि संचालन गरिनुपर्छ। यी क्षेत्रीय क्याम्पसहरुमा प्याकेज तालिमका अतिरिक्त प्रवीणता प्रमाणपत्र तहदेखि एम.एड.स्तर सम्मको पढाई संचालन गर्नुपर्छ।

(९) क्षेत्रीय शिक्षा क्याम्पस अन्तर्गत विस्तार क्याम्पस र घुम्ती टोलीको व्यवस्था गरिनुपर्छ जसमा घुम्ती टोलीले प्राथमिक तहका शिक्षकका लागि प्याकेज तालिमको व्यवस्था गर्नुपर्छ भने विस्तार क्याम्पसमा प्याकेज तालिमका साथै प्रवीणता प्रमाणपत्र तहको पढाई सन्चालन गरिनुपर्छ। विस्तार क्याम्पस र

घुम्ती टोलीद्वारा दिइने प्याकेज तालिम प्राथमिक तहका शिक्षकको लागि मात्र हुनुपर्छ।

(१०) शिक्षक शिक्षाका उद्देश्यहरु : शिक्षकलाई तालिम दिई शिक्षणको गुणस्तर उठाउनु, शिक्षण पेशालाई व्यवसायीकरण गर्नु, समाजमा शिक्षण पेशालाई मर्यादित तुल्याउनु, शिक्षकहरुको लागि प्रशिक्षणको अवसर सर्वसुलभ गराउनु, शिक्षा क्षेत्रमा चाहिने विभिन्न विषयका शिक्षक, प्रशिक्षक, प्राविधिक र विशेषज्ञहरु तयार पार्नु, शिक्षा क्षेत्रमा देखा परेका विभिन्न समस्याहरुको अध्ययन अनुसन्धानको व्यवस्था गर्नु, शैक्षिक क्षेत्रमा संलग्न विभिन्न निकायहरुलाई आवश्यक सरसल्लाह उपलव्ध गराउनु, शैक्षिक प्रवर्तनसम्बन्धी धारणा प्रकाशित गरी प्रशिक्षणको स्तर उठाउनु र विद्यालयहरुको वस्तुस्थिति अनुरुप शिक्षक प्रशिक्षणको विकास गर्दै लैजानु शिक्षक शिक्षाका उद्देश्यहरु हुनुपर्छ।

**शिक्षक शिक्षा र प्रशिक्षणका कार्यक्रमहरु**

(११) पूर्वप्राथमिक शिक्षक प्रशिक्षण : देशमा दिनानुदिन बढ्दै गइरहेको पूर्व प्राथमिक विद्यालयको संख्यालाई दृष्टिगत गर्दा र हालसम्म पनि यस तहमा अध्यापन गर्ने शिक्षकहरुका लागि कुनै पनि प्रकारको तालिमको व्यवस्था नभएकोले आगामी दिनहरुमा यस्ता शिक्षकहरुलाई पनि प्रशिक्षित गर्नु पर्ने उद्देश्य राखिएको छ। यस प्रशिक्षण अन्तर्गत (क) प्रवेशिका उत्तीर्ण गर्ने व्यक्तिलाई १० महिने प्रशिक्षण र (ख) प्रशिक्षण प्राप्त गरी अध्यापनमा संलग्न शिक्षकलाई प्रत्येक पाँच वर्षमा छोटो अवधिको (कम्तीमा ६ हप्ते) सेवाकालीन प्रशिक्षण दिने व्यवस्था गरिनुपर्छ।

(१२) प्राथमिक शिक्षक प्रशिक्षण : (क) प्रमाणपत्र तहमा प्राथमिक शिक्षामा विशिष्टीकरण गराउने गरी दुई वर्षे उपाधिमूलक कार्यक्रमको संचालन गरिनुपर्छ। (ख) हाललाई प्रवेशिका उत्तीर्णलाई १० महिने तालिम प्याकेज दिई प्रमाणित प्राथमिक शिक्षकको प्रमाणपत्र दिइनु पर्छ। अन्य विषयमा प्रवीणता प्रमाणपत्र पूरा गरेकालाई १० महिने प्रशिक्षण दिई प्राथमिक शिक्षकको व्यवस्था गर्ने तर्फ पनि क्रमशः जोड दिइनुपर्छ। (ग) प्रवेशिका उत्तीर्ण भएका सेवाकालीन शिक्षकका निम्ति हालको १५० घण्टे तालिम कार्यक्रमको पाठ्यक्रम बढी सैद्धान्तिक भएकाले त्यसलाई विद्यालयको शिक्षण सिकाइका दैनिक गतिविधिसँग प्रत्यक्ष सरोकार हुने खालका विषयवस्तु तथा कार्यकलापसँग सम्बद्ध हुने गरी सामयिक परिवर्तनका साथ चालू राखिनुपर्छ र एकपल्ट यस्तो तालिम लिई सकेकालाई केही उच्चस्तरका अरु थप दुईपल्ट तालिम लिई सकेपछि मात्र पूरा तालिम लिएको मान्यता दिएर प्रमाणित प्राथमिक शिक्षकको

प्रमाणपत्र दिइनुपर्छ। (घ) प्रशिक्षण प्राप्त गरी अध्यापनमा संलग्न शिक्षकलाई प्रत्येक ५ वर्षमा छोटो अवधिको (कम्तिमा ६ हप्ते) सेवाकालीन तालिम दिइनुपर्छ। (ङ) प्रवेशिका उत्तीर्ण गरी १० महिनाभन्दा कम र ५ महिनासम्मको तालिम प्राप्त गरिसकेका सेवाकालीन शिक्षकहरुलाई ५ महिनाको थप विशेष प्याकेज दिई प्रमाणित प्राथमिक शिक्षकको प्रमाणपत्र दिइनुपर्छ। (च) प्राथमिक शिक्षामा विशिष्टीकरण गरी प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेकालाई प्राथमिक शिक्षामा नै विशिष्टीकरण गर्ने गरी तीन वर्षे बी.एड.को कार्यक्रम सञ्चालन गरिनुपर्छ।

(१३) माध्यमिक शिक्षक प्रशिक्षण : (क) अरु संकायबाट प्रमाणपत्र तह उत्तीर्ण गरेकालाई १० महिने तालिम दिई ६, ७, ८ कक्षा (निम्नमाध्यमिक) का लागि तालिम प्राप्त शिक्षकको प्रमाणपत्र दिइनुपर्छ। (ख) माध्यमिक शिक्षाका विभिन्न विषयमा विशिष्टीकरण गराउने गरी तीन वर्षे बी.एड. को संचालन गरिनुपर्छ। (ग) माध्यमिक शिक्षाका विभिन्न विषयहरुमा विशिष्टीकरण गराउने गरी एक वर्षे बी.एड. कार्यक्रमलाई व्यापक रुपमा संचालन गरिनु पर्छ। (घ) प्रशिक्षण प्राप्त गरी अध्यापनमा संलग्न शिक्षकलाई प्रत्येक पाँच वर्षमा छोटो अवधिको (कम्तीमा ६ हप्ते) सेवाकालीन प्रशिक्षण दिइनुपर्छ।

(१४) उच्चमाध्यमिक शिक्षक प्रशिक्षण : माध्यमिक शिक्षाका विभिन्न विषयमा विशिष्टीकरण गरी बी.एड. उपाधि प्राप्त व्यक्तिलाई दुई वर्षे एम.एड. कार्यक्रममा सहभागी बनाउने र यस कार्यक्रममा पनि उच्च माध्यमिक स्तरमा अध्यापन गराइने कुनै एक विषयमा विशिष्टीकरण गर्न लगाइनुपर्छ। साथै अन्य विषयमा स्नातकोत्तर गरेकालाई ५ महिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनुपर्छ।

(१५) शिक्षा सम्बन्धी अन्य जनशक्ति प्रशिक्षण : शिक्षक शिक्षाको निश्चित शैक्षिक लक्ष्य प्राप्त गर्न आवश्यक खास प्रकारको शिक्षा जनशक्ति उत्पादन गर्ने उद्देश्य लिई यो कार्यक्रम संचालन गरिनुपर्छ। शिक्षा प्रशासन तथा व्यवस्थापन, शिक्षा योजना, शैक्षिक सुपरिवेक्षण, पाठ्यक्रम तथा मूल्यांकन, शिक्षा विकास तथा प्रवर्तन, शिक्षा प्रविधि, शिक्षा अर्थशास्त्र (विद्यालयको वित्तीय व्यवस्था) मा दक्ष जनशक्ति तयार पार्नुका साथै प्राथमिक माध्यमिक र उच्चमाध्यमिक शिक्षक प्रशिक्षक जस्ता जनशक्ति तयार पार्न पनि स्नातकोत्तर कार्यक्रम संचालन गरिनुपर्छ :

(क) बी.एड. गरेकालाई दुई वर्षे एम.एड. कार्यक्रम संचालन गर्ने।

(ख) अन्य विषयमा स्नातकोत्तर गरेकालाई एक वर्षे एम.एड. कार्यक्रम सञ्चालन गर्ने।

(ग) अरु विषयमा स्नातकोत्तर व्यक्तिलाई ५ महिने शिक्षण विधि तालिम दिने।

(१६) व्यावसायिक शिक्षक शिक्षा तथा प्रशिक्षण : व्यावसायिक तालिमहरु देशका विभिन्न क्षेत्रमा विभिन्न निकायद्वारा संचालित छन्। विद्यालयहरुमा पनि व्यावसायिक शिक्षा दिने गरिएको छ। त्यस्ता विद्यालयहरुमा अध्यापन गर्ने व्यावसायिक शिक्षकहरुको आवश्यकता स्वतः सिद्ध छ। व्यावसायिक शिक्षक तालिम दिने एक मात्र संस्था शिक्षाशास्त्र संकायको सानोठिमी क्याम्पस हो जहाँबाट प्रमाणपत्र र स्नातक तहका शिक्षकलाई व्यावसायिक शिक्षाको प्रशिक्षण संचालन हुँदै आएको छ। व्यावसायिक विषयहरु पढाउने विद्यालय तथा प्राविधिक विद्यालयहरुका शिक्षकहरुमा हुनुपर्ने गुण र सीपको अध्ययन गरी सोही अनुसार पाठ्यक्रम तयार गरेर सानोठिमी क्याम्पसबाट व्यावसायिक शिक्षक शिक्षा र प्रशिक्षण कार्यक्रम संचालन गरिनुपर्छ।

(१७) ल्याबोरेटरी स्कूल : शिक्षक शिक्षा र प्रशिक्षण कार्यक्रममा भाग लिने प्रशिक्षार्थीहरुलाई विभिन्न विषयको पठनपाठन सम्बन्धी सीपको अभ्यास गराउन नेपालको सन्दर्भमा नयाँ नयाँ शिक्षण विधिहरुको परीक्षण गर्न र विद्यालयको शैक्षिक व्यवस्थापकीय, प्रशासनिक, आर्थिक आदि समस्याहरुको अनुसन्धानका साथै ती समस्याहरु सुल्झाउन सक्ने सीप प्रदान गर्ने उद्देश्यले शिक्षाशास्त्र संकाय केन्द्रीय क्याम्पस र क्षेत्रीय क्याम्पसहरुमा एक एक वटा ल्याबोरेटोरी स्कूलको छनोट गरी विकास गरिनेछ। साथै विस्तार क्याम्पस र घुम्ती टोलीहरुसँग पनि यस्तो प्रयोजनका लागि नियमित रुपमा संचालित स्थानीय विद्यालयहरु मध्ये कुनै एक विद्यालयसँग औपचारिक सम्बन्धन स्थापित गरिनुपर्छ।

(१८) बाल अध्ययन केन्द्र : शिक्षक शिक्षा र प्रशिक्षण विशेषतः नेपालका बालबालिकाहरुसँग सम्बन्धित हुने हुँदा उनीहरुको शारीरिक वृद्धि र मानसिक तथा बौद्धिक विकाससँग सम्बन्धित विविध पक्षहरुमा अध्ययन तथा अनुसन्धान गर्नु आवश्यक देखिन्छ। यस प्रयोजनका लागि शिक्षाशास्त्र संकाय अन्तर्गत एउटा बाल अध्ययन केन्द्रको स्थापना गर्नेतर्फ ध्यान दिनुपर्छ।

(१९) छोटो अवधिको पुनर्ताजगी प्रशिक्षण : शिक्षाको विभिन्न क्षेत्रमा काम गर्ने प्राविधिक र विशेषज्ञहरु मध्ये विशेष तालिम अप्राप्त र धेरै समय पहिले प्रशिक्षण पाइसकेकाहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नु आवश्यक छ। यस्तो प्रशिक्षण शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक, प्रशासक, सुपरिवेक्षक, योजनाविद्, पाठ्यक्रम निर्माता, मूल्यांकनकर्ता जस्ता व्यक्तिलाई दिन सकिनेछ।

(२०) सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षण : विश्वविद्यालयको प्राध्यापन सेवामा प्रवेश गर्न चाहने तथा प्रवेश गरिसकेका केही वर्षदेखि प्राध्यापनरत शिक्षकमध्ये

इच्छुक शिक्षकका लागि विषयगत शिक्षण विधि, शैक्षिक प्रविधि, पाठ्यक्रम निर्माण तथा मूल्यांकन, अनुसन्धान विधि, मूल्यांकन विधि, शैक्षिक इतिहासका साथै शिक्षाका सामाजिक तथा दार्शनिक पक्षहरुको सम्बन्धमा परिचयात्मक जानकारी दिने उद्देश्यले छोटो अवधिको प्रशिक्षण दिइनुपर्छ। यस्ता प्रशिक्षणको व्यवस्था गोष्ठी तथा कार्यशालाका रुपमा हुनुपर्छ र यस्ता गोष्ठीहरु शिक्षाशास्त्र संकाय अन्तर्गत केन्द्रीय तथा क्षेत्रीय स्तरमा संचालित गर्नुपर्छ।

शिक्षा मन्त्रालय

# ९. विशेष शिक्षा

## १.पृष्ठभूमि

संवत् २०१८ सालतिर रोटरी क्लवले कुमार नामक एक व्यक्तिलाई संयुक्त राज्य अमेरिकाको बोस्टनस्थित 'पर्किन्स इन्स्टिच्युट फर द व्लाइन्ड' नामक संस्थामा एक महिनाको शिक्षक तालिम लिन पठाएको र स्वदेश फर्किएपछि जाउलाखेलमा ४/५ जना अन्धा विद्यार्थी पढाउने गरी उनले अन्धाहरुको विद्यालय संचालन गरेका र उक्त विद्यालय केही महिना मात्र संचालन भई बन्द भएको थियो । २०२० सालमा डाक्टर इसावेल ग्रान्ट नाम गरेकी नेत्रहीन अमेरिकी महिला नेपालमा छुट्टी मनाउन आएकी थिइन् । उनले नेपालमा अन्धाहरुका शिक्षाको कुनै व्यवस्था नभएको बुझेर अन्धाहरुका लागि विद्यालय स्थापना गर्न तत्कालीन अधिकारी वर्गसँग कुरा गरी अन्धाहरुको एकीकृत कक्षा संचालन गर्न अनुरोध गरिन् र ल्वायड स्टिभिन्स नामक एक अमेरिकी अन्धा पीसकोरलाई स्वयंसेवकको रुपमा अन्धाहरुको शिक्षा कार्यक्रम संचालन गर्न केही शैक्षिक सामग्रीसहित पठाइन् । २०२१ सालको मीन पचासको विदामा लेवोरेटरी स्कूलका शिक्षक तथा कलेज अफ एजुकेसनका केही विद्यार्थीहरुलाई अन्धाहरुलाई पढाउने तालिम दिइयो र २०२१ साल फाल्गुन  महिनादेखि लेवोरेटरी स्कुलमा ८/९जना अन्धा विद्यार्थी भर्ना गरी एकीकृत शिक्षा कार्यक्रमको संचालन भयो । २०२३ सालमा बालमन्दिर नक्सालको प्राङ्गणमा बहिरा बाल-बालिकाका लागि बहिराहरुको स्कूल स्थापित भयो । २०२६ सालमा स्वयम् शारीरिक रुपमा अपाङ्ग भएका श्री खगेन्द्र बहादुर बस्नेतको सक्रियतामा नेपाल अन्धा अपाङ्ग संघको स्थापना भएपछि अन्धा र अपाङ्ग विद्यार्थीहरुलाई शिक्षा र व्यावसायिक तालिम दिने उद्देश्यले जोरपाटीमा अन्धा अपाङ्ग विद्यालयको स्थापना भयो । यो विद्यालय  अहिले स्व. बस्नेतका नामबाट "खगेन्द्र नवजीवन केन्द्र" का नामले संचालित छ । २०३७ सालमा सुसेत मनःस्थितिका बालबालिकाहरुलाई शिक्षा दिने उद्देश्यले "निर्मल बाल विकास केन्द्र"नामक संस्थाको स्थापना भयो । यसरी अपाङ्गहरुका चार क्षेत्रमा विशेष शिक्षा विद्यालय स्थापना भएता पनि अझसम्म एकभन्दा बढी अपाङ्गता भएका बालबालिका लागि विशेष शिक्षा विद्यालयको स्थापना हुन सकेको छैन ।

श्री ५ को सरकारले विशेष शिक्षा कार्यक्रम २०२१सालबाट शुरु गरेको हो तापनि योजनाबद्ध रुपमा विशेष शिक्षाको विकास र विस्तारको प्रयास २०२८ सालमा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाबाट भएको हो । "विशेष शिक्षा परिषद्" को

गठन (२०३०) उक्त योजनाको प्रतिफल हो । विशेष शिक्षा परिषद गठन भएपनि सरकारी तथा सामाजिक क्षेत्रबाट विशेष शिक्षाको महत्व राम्ररी नबुझ्नु , आवश्यक दक्ष जनशक्तिको अभाव, भौतिक तथा शैक्षिक सामग्रीको अभाव र आवश्यक आर्थिक व्यवस्था हुन नसक्नु आदि विभिन्न कारणले गर्दा आशा गरेअनुरुप विशेष शिक्षाको विकास र विस्तार हुन सकेन तापनि "विशेष शिक्षा परिषद्" ले विस्तारै भए पनि यस क्षेत्रमा विकास गर्ने प्रक्रिया शुरु गर्न थालेकै बेला २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापना भएपछि यसले विदेशी सहयोग प्राप्त गर्ने आशामा विशेष शिक्षाको जिम्मा आफैले लियो । त्यसपछि विशेष शिक्षा परिषद् निस्क्रिय हुन पुग्यो ।विशेष शिक्षाका सबै कार्यक्रमहरु सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतका विभिन्न कल्याणकारी संस्थाका मातहतमा संचालन हुन पुगे ।यसपछि विशेष शिक्षा परिषद्ले सामाजिक संघ-संस्थालाई आर्थिक अनुदान उपलब्ध गराउनु बाहेक अरु कुनै कार्य गर्न नसक्ने भयो । फलस्वरुप पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री निरीक्षण, शिक्षक तालिम आदि आधारभूत कुराहरुमा पनि शिक्षा तथा संस्कृति मन्त्रालयको कुनै ध्यान गएन ।सामाजिक संघ-संस्थाको सक्रियतामा अपांगहरुको विद्यालय संचालन व्यावसायिक तालिम , पुनर्स्थापना आदि कार्यमा अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरुबाट सहयोग प्राप्त हुन थाले तर विशेष शिक्षाको राष्ट्रिय नीति, लक्ष्य र उद्देश्य स्पष्ट नहुनाका साथै सरकारी पक्ष बिलकुल निष्क्रिय भइदिनाले विशेष शिक्षाको योजनाबद्ध रुपमा विकास हुन सकेन । यसले गर्दा विशेष शिक्षा विद्यालय खुले पनि यसको गुणस्तरतिर ध्यान जान नसकेकोले गुणात्मक विकास नभई संख्यात्मक विकासमा मात्र सीमित हुन गयो ।

अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष सन् १९८१ पछि विदेशी दातृ संस्थाहरुले विशेष शिक्षामा बढी सहयोग गरेको देखिन्छ । तर विदेशी दातृ संस्थबाट उपलब्ध गराइने सहयोग निश्चित अवधिका लागि हुने भएको हुँदा सो अबधिपछि उक्त कार्यक्रम कसबाट र कसरी संचालन हुने हो कुनै ठेगान रहेन । विस्तारै आर्थिक तथा भौतिक स्रोत र जनशक्तिका अभावका कारणले विस्तारित संस्थाको व्यवस्थापनमा ह्रास आउने स्थिति खडा हुन गयो । त्यसपछि सामाजिक संस्थाबाट मात्र यो कार्य गर्न सकिदैन भन्ने कुरा उठ्न थाले । श्री ५को सरकारले पनि "आधारभूत शिक्षा " तथा "सबैका लागि शिक्षा" जस्ता कार्यक्रम संचालन गर्दा विशेष शिक्षालाई छोड्दा शिक्षाकै एक पक्ष नै छुट्न गई अपुरो हुने देखी  विशेष शिक्षालाई आफैँले संचालन गर्नुपर्ने आवश्यकता महसुस गर्‍यो ।

तदनुरुप २०४६ सालमा शिक्षा तथा संस्कृति मन्त्रालयले विशेष शिक्षा विकास र विस्तरका लागि समसामयिक सुझाउ पेश गर्न एउटा समिति गठन गर्‍यो । उक्त समितिले दिएको सुझावअनुरुप विशेष शिक्षालाई क्रमिक रुपमा शिक्षा तथा संस्कृति मन्त्रालयले आफैँले संचालन गर्ने निर्णय गरी २०४८/४९ को आर्थिक वर्षदेखि  विशेष शिक्षा विद्यालयका शिक्षक कर्मचारीको तलबभत्ता श्री ५ को सरकार स्वयम् ले बेहोर्ने गरी बजेटको व्यवस्था गरियो ।विशेष शिक्षा परिषदलाई सक्रिय गराउने उद्देश्यले शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा उक्त परिषद्को पुनर्गठन समेत भइसकेको छ ।

**२.वर्तमान स्थिति**

हाल नेपालमा अन्धा र अपाङ्गहरु प्राथमिक कक्षादेखि एम.ए सम्म अध्ययनरत छन् भने सुस्त श्रवण कार्यक्रमका विद्यार्थीहरुको लागि नवम् कक्षा सम्म मात्र अध्ययन गर्ने अवसर प्राप्त छ । सुस्त मनः स्थितिका विद्यार्थीहरुको अवस्था अझ दयनीय देखिन्छ ।यो कार्यक्रम उनीहरुलाई साधारण लेखपढको ज्ञान गराई व्यावसायिक तालिम दिने कार्यमा मात्र सीमित छ ।एकभन्दा बढी रुपले अपांग भएकाहरुको शिक्षाको विषयमा भने कुनै व्यवस्था हुन सकेको छैन ।विकलाङ्गताका विषयमा भरपर्दो तथ्याङ्कको अभाव छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार ५.२ प्रति हजार विकलाङ्क छन् । अन्तर्राष्ट्रिय अपांग वर्षको सर्भेअनुसार ३० प्रति एकजार विकलाङ्ग छन् भने वि.स्वा.सं. अनुसार प्रति एकहजार मा १०० विकलाङ्ग छन् ।

अपाङ्गहरुका लागि उपलब्ध शिक्षा सेवा पनि सन्तोषजनक छैन ।२०४७मा ५-१४ वर्षका १ प्रतिशतभन्दा कम अपांग केटाकेटीलाई शिक्षाको अवसर मिलेको अनुमान छ ।जम्मा विद्यार्थी संख्या अन्दाजी १००० (२०४७) र विद्यार्थी संख्या (२०४६)मा विशेष विद्यालय २६ र एकीकृत विद्यालय १४ छन् । अन्धा र अन्य शारीरिक अपाङ्गहरुका निम्ति एकीकृत शिक्षाको व्यवस्था छ र सुस्त मनःस्थिति र बहिराहरुलाई  विशेष विद्यालयमा मात्र पढाउने व्यवस्था छ ।शिक्षाको व्यवस्थापन विशेष शिक्षा परिषद् (शिक्षा तथा संस्कृति मन्त्रालय) तथा विशेष शिक्षा शिक्षण समिति (शिक्षाशास्त्र संकाय) बाट भएको देखिन्छ ।कल्याणकारी संस्थाहरुमा अन्धा, सुस्त मनःस्थिति , शारीरिक अपाङ्ग र बहिराहरुका लागि कार्यरत संस्थाहरु देखिन्छन् ।शिक्षक तालिमको व्यवस्थापनमा हाल शिक्षाशास्त्रको प्याकेज कार्यक्रम, बहिरा संघको प्याकेज कार्यक्रम, तथा बहिरा र अन्धाहरुका लागि बी.एड कार्यक्रम देखिन्छन् ।पुनर्स्थापना सेवा अहिले कल्याणकारी संस्थाहरुबाट नगण्य रुपमा व्यवस्था भएको छ ।विद्यालयको

पाठ्यक्रमअन्तर्गत अपाङ्गहरुको विशेष पाठ्यक्रम तयार गरिएको छैन । साधारण विद्यालयको पाठ्यक्रम सामान्य रुपले अनुकूलन गरिएको छ ।विशेष शिक्षामा पाठ्यक्रमविज्ञको पनि अभाव छ ।

**३. प्रमुख समस्या र मुद्दाहरु**

(क) **समस्याका कारक तत्वहरुः** नेपालमा विशेष शिक्षाको थालनी भएको २५ वर्ष भन्दा बढी भइसके तापनि यसको समुचित र व्यवस्थित विकास हुन सकेको छैन ।यसको केही विस्तार भने पहिलेको तुलनामा भएको छ तर विकास चाँहीं हुन सकेको छैन ।उक्त किसिमको स्थिति सृजना हुने प्रमख कारण निम्नानुसा देखिन्छन् ।

अपाङ्गताको कारणबारे जनधारणा र विश्वासः वैज्ञानिक दृष्टिकोणअनुसार अपांगताका कारणमध्ये दरिद्रता , अल्पपोषण, रोग, मातपितामा रहेको यौनविकृति र दुर्घटना नै प्रमुख मानिएका छन् ।तर नेपाली समाजको अधिकांश भाग दरिद्र मात्र होइन अन्धविश्वासी , भाग्यवादी र रुढिवादी समेत छ ।समाजको तर्फबाट विशेष शिक्षाको निम्ति जबरजस्त दबाब नआएको स्थितिमा यस क्षेत्रको सुव्यवस्था नहुनु स्वभाविक देखिन्छ ।

सरकारी नीतिमा प्राथमिकताको कमीः अहिलेसम्म विशेष शिक्षाका विषयमा श्री ५ को सरकारको राष्ट्रिय नीति, लक्ष्य र उद्देश्य अस्पष्ट नै देखिन्छ ।सातौँ योजनासम्म विशेष शिक्षा राष्ट्रिय लक्ष्य र सोबाट बञ्चित हुन पुगेको उल्लेख छ । शिक्षा क्षेत्रमै "आधारभूत शिक्षा" "सबैका लागि शिक्षा" र "शिक्षाको उज्यालो घामबाट कुनै बालबालिका बञ्चित हुन नपरोस्" भन्ने जस्ता नारा दिएपनि तदनुरुपको विशेष शिक्षा नीतिको तर्जुमा नभएबाट विशेष शिक्षाको उचित रुपमा विकास हुन सकेको छैन ।

विशेष शिक्षाको गलत धारणाः सामान्य जनस्तरमा होस् वा विकासोन्मुख राज्य नीतिमा होस् कता कता अपांगहरुको शिक्षाले कल्याणकारी कार्यको भाव वा ब्याख्या बोकेको आभास पाइन्छ ।यसको आसय के हुन सक्छ भने विकलाङ्गहरुको शिक्षा र तालिम सामाजिक र राष्ट्रिय स्तरमा सरकारले गर्नुपर्ने आधारभूत कार्य नभई एउटा कल्याणकारी कार्य मात्र हो ।विशेष शिक्षाको यो भाव अप्रत्यक्ष रुपले सरकारी नीति र काम कारवाहीमा पनि प्रतिबिम्वित भएको भेटिन्छ ।राष्ट्रिय शिक्षा पद्धतिको योजनाको अवधिमा विशेष शिक्षाको अभिभारा लिने शिक्षा तथा संस्कृति मन्त्रालयले विशेष शिक्षाको नेतृत्व कल्याणकारी संस्था र सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्लाई सुम्पी आफू निष्क्रिय बन्नु यस्तै दृष्टिकोणको परिचायक हो

।आजसम्म देखापरेका शिक्षा योजनमा विशेष शिक्षाप्रतिको यस दृष्टिकोणमा परिवर्तन पाइँदैन ।

(ख) **समस्याः** मुख्यतः उल्लखित कारक तत्वले नै विशेष शिक्षामा अनेकन् समस्या पैदा गरेका छन् । तिनमध्ये केही समस्याहरु विशेष उल्लेख्य छन् :विशेष शिक्षा दिनको निमित्त अपांगताको स्तर निर्धारण हुन नसकेकोले साधारण रुपमा अपांग, मध्यमखाले अपांग र पूर्ण अपांगहरुका लागि एकै पद्धतिबाट पठनपाठनको व्यवस्था गरिएको छ ।देशको कुन क्षेत्र र जिल्लामा कुन प्रकारका र कति अपांगहरु छन् सो बारेमा भरपर्दो जानकारीको अभाव भइदिँदा विशेष शिक्षाको निम्ति समुचित योजना बनाउन कठिन भएको छ ।शिक्षकहरुको तलब, बेतनमान , तथा अन्य सुविधाहरु साधारण विद्यालयका शिक्षकहरुको भन्दा बढी हुनुपर्नेमा झन सुविधाहरु साधारण विद्यालयमा भन्दा कम हुनु , विशेष शिक्षा विद्यालयमा काम गर्ने एउटै योग्यता भएका शिक्षकहरुको तलबमान भिन्नता हुनु , तालिम अप्राप्त व्यक्तिलाई पनि विशेष शिक्षा विद्यालयको शिक्षकमा नियुक्त गरिनु आदिबाट पनि विशेष शिक्षाको गुणस्तर वृद्धिमा ह्रास आएको देखिन्छ ।

विद्यालयमा तथा विद्यार्थीहरुका लागि आवश्यकताअनुसारको अनुकूलित पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्ध नहुँदा एकातिर विद्यार्थीको पठनपाठनमा अवरोध खडा भएको छ भने अर्कोतर्फ पाठ्यपुस्तक बाहेक विद्यार्थीलाई ज्ञानोपार्जनका लागि अरु आवश्यक पुस्तक उपलब्ध हुन सकेको छैन ।विशेष शिक्षाको अध्ययन-अध्यापनका लागि नभई नहुने शैक्षिक सामग्री तथा उपकरणहरुको अभावले गर्दा अध्ययन-अध्यापन कार्य प्रभावकारी हुन सकेको छैन । विशेष शिक्षा शिक्षण प्रशिक्षण कार्यक्रम पनि प्रभावकारी हुन सकेको देखिँदैन । उक्त तालिम दिने संस्था शिक्षाशास्त्र संकायमा अत्यावश्यक शैक्षिक सामग्री, उपकरण तथा उपयुक्त कार्यक्रमको अभाव हुनुबाट पनि यो स्थिति पैदा हुन गएको देखिन्छ ।

विशेष शिक्षा कार्यक्रमअन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरुको शारीरिक, बौद्धिक तथा मानसिक विकासका लागि अत्यावश्यक अतिरिक्त कार्यकलापको कार्यक्रम नभइदिँदा अपांग विद्यार्थीहरुले आफ्नो शारीरिक, बौद्धिक तथा मानसिक विकास गर्ने अवसरबाट बञ्चित हुनुपरेको छ ।

विशेष शिक्षा कार्यक्रमको निमित्त आवश्यक जनशक्ति, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा भौतिक साधन जस्ता कुराहरुको पूर्वाधार खडा नभई कार्यक्रम

संचालन भइदिनाले पनि विशेष शिक्षालाई असर पारेको छ । एकीकृत विद्यालयमा दिइने व्यावसायिक शिक्षामा न्यूनतम प्रयोगात्मक तालिमको अभावले गर्दा अपाङ्गहरुको व्यावसायिक शिक्षा अनुत्पादक हुन पुगेको छ । अध्ययन तथा तालिमपछि रोजगारको उचित प्रबन्ध हुन नसक्नाले अपांगहरु योग्यता र  क्षमता हुँदाहुँदै पनि एकातिर आत्मनिर्भरताबाट बञ्चित भइ आश्रित हुन पुगेका छन् भने अर्कोतर्फ देशले उनीहरुबाट प्राप्त गर्ने योगदानलाई पनि गुमाउनु परेको छ ।

विशेष शिक्षाका विद्यालय खुल्दै जानु तर तिनको व्यवस्थापन पक्ष कस्तो छ पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री र पठनपाठनमा के भइरहेको छ । कसरी सुधार गर्नुपर्दछ भन्ने बारे निरीक्षण तथा सुपरीवेक्षण हुन नसक्नाले विद्यालयको पठनपाठन कार्यमा समस्या खडा हुन पुगेको छ। त्यस्तै प्रकारले विशेष शिक्षा विद्यालयको सर्वाङ्गीण मूल्याङ्कन नभइदिनाले विशेष शिक्षालाई व्यवस्थित रुप दिन गाह्रो भइरहेको छ । एकीकृत विद्यालयमा संचालक, प्रधानाध्यापक तथा शिक्षकहरु विशेष शिक्षाबारे अनभिज्ञ हुनाको कारणले निजहरुबाट विशेष शिक्षाका शिक्षक र अपांग विद्यार्थीले अपेक्षित सहयोग पाउन सकेका छन् ।

हालसम्म देशमा एउटा पनि विशेष शिक्षा पुस्तकालय (खास गरी नेत्रहीनका लागि अत्यावश्यक ब्रेल पुस्तकालय) स्थापित हुन सकेको छैन । यसले गर्दा अपांग विद्यार्थीहरुले पाठ्यपुस्तक बाहेक अन्य सामग्री नपाई बौद्धिक विकास गर्न सकेका छैनन् । निरक्षर अपांग प्रौढहरुका लागि के कस्ता कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम लागू गर्नु पर्ने हो यसबारे श्री ५ को सरकारबाट विचार भएको पाइँदैन । यसका अभावमा अपांग प्रौढहरुले आधारभूत शिक्षाका अवसरबाट बञ्चित हुनु परेको छ ।विशेष शिक्षाबाट अध्ययन तथा तालिम प्राप्त गरेकाहरुको प्रमाणपत्रको मान्यता दिने व्यवस्था हुन नसकेकोले उनीहरुले प्राप्त गरेको योग्यता र तालिम अनुरुपको रोजगार प्राप्त गर्न गाह्रो भएको देखिन्छ ।

**४. सुझाउहरु :**

राष्ट्रले आधारभूत शिक्षाका लागि गरेको संकल्प, अन्तराष्ट्रिय स्तरमा प्रतिपादित सबैको लागि शिक्षा भन्ने सिद्धान्तको नेपालले गरेको खुला समर्थन, संयुक्त राष्ट्रसंघको आह्वानमा बाल अधिकारका सम्बन्धमा नेपालले गरेको अनुमोदन तथा नेपालको संविधानमा उच्चारित भएको संवैधानिक प्रतिबद्धता राज्यले अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि

शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने छ जस्ता सिद्धान्त र नीतिलाई व्यवहारमा उतार्नका लागि निम्नलिखित सुझाउहरु प्रस्तुत छन् :

(१) अपाङ्गहरुको सामाजिक एकीकरण र स्वावलम्बनका निम्ति उपयुक्त ज्ञान र सीप प्रदान गर्नु विशेष शिक्षाको उद्देश्य हुनुपर्छ।

(२) अपांगहरुका शिक्षाको विस्तार र गुणात्मक विकासको लागि श्री ५ को सरकारको स्तरमा नै नीतिगत प्रतिबद्धता हुनु आवश्यक छ। नीतिगत प्रतिबद्धतालाई कानूनी रुप दिन २०३९ सालमा तर्जुमा भएको अपांगहरु सम्बन्धी ऐन (आवश्यक संशोधन सहित) लागू गर्नका निम्ति आवश्यक नियमावली समेत बनाइनुपर्छ।

(३) अपाङ्गहरुलाई दिइने शिक्षा राष्ट्रको आधारभूत शिक्षा तथा सबैका लागि शिक्षाको कार्यक्रमको अभिन्न अंगको रुपमा हुनु अनिवार्य छ। तसर्थ अपाङ्गताको कारणबाट आवश्यक हुने स्थितिमा शिक्षा प्रणालीको मूल पाठ्यक्रममा न्यूनतम समायोजन गरिनु पर्छ र यस्ता पाठ्यक्रमलाई मूल पाठ्यक्रमका सरह मान्यता दिइनु पर्छ।

(४) अपाङ्ग विद्यार्थीहरुलाई यथासम्भव एकीकृत विद्यालयद्वारा नै शिक्षा दिनु वाञ्छनीय छ। त्यसका लागि साधारण विद्यालयमै एउटा विशेष एकाइको व्यवस्था गर्न सकिनेछ। असामान्य रुपले विकलाङ्ग (खास सुस्त श्रवण र सुस्त मनःस्थिति भएका) लाई मात्र आवश्यकता अनुसार विशेष विद्यालयको व्यवस्था गर्नुपर्छ। तर विशेष विद्यालयको संख्या सकभर न्यूनतम राख्नु उचित भएकाले त्यसका लागि प्रत्येक विकास क्षेत्रमा श्रवण र मानसिक क्षमतामा असामान्य रुपले अशक्त भएका विद्यार्थीलाई एक विद्यालयले सेवा दिने व्यवस्था मिलाइनुपर्छ। यस्ता विद्यालयहरुको स्थापना, भौतिक सुविधा र आवासीय व्यवस्थामा श्री ५ को सरकारले पूरै सहयोग गर्ने र सञ्चालनमा सरकारको आंशिक सहयोगका साथै जनसहभागिता परिचालन तर्फ पनि ध्यान दिनुपर्छ।

(५) अपाङ्गहरुलाई शिक्षा निःशुल्क गरिनुका साथै आवासीय सुविधा, पाठ्यसामग्री र उपकरणहरु आदि समेत उपलब्ध गराउने नीति लिइनुपर्छ।

(६) विशेष शिक्षाको सार्थकता विकलाङ्गहरुलाई उपयुक्त र प्रायोगिक, व्यावसायिक र प्राविधिक शिक्षा तथा तालिम दिई आर्थिक दृष्टिकोणले आत्मनिर्भर हुन सक्ने बनाउनु भएकोले विशेष शिक्षालाई सीप केन्द्रित बनाउनु युक्तिसंगत छ। तसर्थ अपाङ्गहरुको व्यावसायिक तथा प्राविधिक तालिम निम्न, मध्यम, उच्चतर, उच्चतम गरी चार प्रकारको हुनुपर्छ। यी तालिमहरुका लागि प्राविधिक विद्यालयहरु, घरेलु तथा शिल्पकलाका तालिम केन्द्रहरु, श्रम तथा सामाजिक कल्याण मन्त्रालयका तालिम केन्द्रहरु, अपाङ्गहरुको संस्थाहरुद्वारा संचालित

तालिम केन्द्रहरुलाई सक्रिय गराइनु पर्छ। अपाङ्गहरुलाई दिनुपर्ने सीपवारे अध्ययन गरी तालिमको व्यवस्था मिलाउन जोड दिनुपर्छ।

(७) विशेष शिक्षाको अनवरत प्रसार र गुणात्मक सुदृढीकरणका निम्ति विशेष शिक्षाका शिक्षक तथा अन्य जनशक्तिको तालिम कार्यक्रमको संस्थागत रुपले विकास गर्न जोड दिनुपर्छ। हाललाई यस्ता प्रकारका तालिमका लागि शिक्षाशास्त्र संकाय अन्तर्गतको विशेष शिक्षा शिक्षक तालिम कार्यक्रमलाई सुदृढीकरण तथा साधन एवं स्रोतयुक्त बनाइनु पर्छ। भविष्यमा राष्ट्रिय विशेष शिक्षा तथा पुनर्स्थापन केन्द्रको स्थापनातर्फ प्रयास गरिनुपर्छ।

(८) विशेष शिक्षा शिक्षक तथा सहयोगी कार्यकर्ता एवं कर्मचारीहरुको काम कठिन र अपाङ्गहरुको असामान्य मनःस्थितिको सामना गर्नु पर्ने भएबाट अप्ठ्यारो पनि देखिन्छ। जो कोही र जस्तोसुकै प्रकारको तालिम पाएका शिक्षकबाट अपाङ्गहरुको शिक्षा सफल र सार्थकताका साथ सम्पादन गर्न मुश्किल छ। यस कामको निम्ति उपयुक्त मनःस्थिति, अभिवृद्धि र अङ्ग सेवाको भावना भएका शिक्षकको जरुरत पर्दछ। तसर्थ यिनीहरुलाई दिइने सेवा सुविधा सामान्य शिक्षक तथा कर्मचारीलाई दिइने सेवा सुविधाभन्दा बढी आकर्षक गराइनु पर्छ।

(९) विशेष शिक्षाका राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरीय कार्यक्रम तथा गतिविधिहरुको नीति निर्देशन, कार्यक्रम निर्माण, समन्वयन, मूल्यांकन आदि कार्यका लागि विशेष शिक्षा परिषद्लाई सक्रिय गराइनुपर्छ।

(१०) अपाङ्गहरुलाई उपयुक्त प्रकारको अतिरिक्त क्रियाकलापमा सरीक गराई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक कार्यक्रममा भाग लिन पाउने अवसर प्रदान गर्नु आवश्यक छ। यसो गर्नाले उनीहरुको मनोबलमा बृद्धि हुन सक्छ।

(११) अपाङ्ग विद्यार्थीका निम्ति मूल पाठ्यक्रममा अनुकूलन (ब्मबउतष्यल) गर्ने आवश्यकता पर्छ। सो अनुकूलन कार्य पाठ्यक्रम विशेषज्ञ र विशेष शिक्षा विशेषज्ञको कार्यटोलीद्वारा सम्पादन हुनु वाञ्छनीय छ।

(१२) अन्धा र सुस्त श्रवण भएका विद्यार्थीका लागि विशेष पाठ्यपुस्तकको तयारीमा पाठ्यक्रम विशेषज्ञ र विशेष शिक्षा विशेषज्ञलाई संलग्न गराउनु तथा पाठ्यपुस्तक, शैक्षिक सामग्रीको उत्पादनमा जनक शिक्षा सामग्री केन्द्रलाई संलग्न गराउनु आवश्यक छ। अपाङ्गहरुका निम्ति सबै पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने नीति लिनु आवश्यक छ।

(१३) अपाङ्गताका प्रारम्भिक अवस्थामा कतिपय लक्षणहरु औषधोपचारद्वारा निर्मूल हुन सक्ने भएकोले विद्यालय तहका पाठ्यक्रममा अपाङ्गता केन्द्रित स्वास्थ्य शिक्षा पनि समावेश हुनु दीर्घकालीन रुपले उपयोगी हुन्छ। साथै भावी पुस्तालाई समेत सचेत गराई अपाङ्गताको रोकथाम र निदानात्मक उपचारतर्फ पनि जोड

दिनुपर्छ। यस दिशातर्फ सम्बन्धित पाठ्यक्रम विज्ञहरुको ध्यान आकर्षित गर्ने व्यवस्था मिलाइनु पर्छ।

(१४) अपाङ्गहरु पढ्ने विद्यालयहरुमा उनीहरुका लागि अनुकूलित पाठ्यपुस्तक तथा पाठ्यसामग्री भएको पुस्तकालय वा पुस्तक कक्षको व्यवस्था गर्नुपर्छ। अपाङ्गता केन्द्रित विशेष विद्यालयमा भने विद्यार्थीहरुको प्रकृति अनुसार छुट्टै ब्रेल पुस्तकालय वा अन्य कक्षाको स्थापना गर्नुपर्छ।

(१५) विशेष शिक्षाको सञ्चालनका लागि श्री ५ को सरकारबाट प्राप्त अनुदान, अन्तर्राष्ट्रिय दातृसंस्थाहरुबाट र राष्ट्रिय स्तरका संघसंस्था तथा दाताहरुबाट प्राप्त सहयोग परिचालित हुनुपर्छ।

(१६) अपाङ्ग विद्यार्थीहरुलाई विद्यालय मार्फत मात्र शिक्षा सेवा दिएर पुग्दैन। अपाङ्ग विद्यार्थी तथा परिवार सल्लाह सेवा साथै सामुदायिक पुनर्स्थापन सेवा कार्यक्रमको पनि उत्तिकै आवश्यकता छ। सम्बन्धित शिक्षक, समाजसेवी, संघ संस्थाहरुको माध्यमबाट यस्तो सेवा उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनुपर्छ।

(१७) अपाङ्गहरुका लागि विशेष शिक्षा दिई सराहनीय कार्य गर्ने संघ संस्था तथा व्यक्तिहरुलाई प्रोत्साहन गर्न राष्ट्रिय मान, पुरस्कार आदिको व्यवस्था गरिनुपर्छ।

(१८) अपाङ्गताको प्रकृति हेरी पाठ्क्रम, पाठ्यसामाग्रीको निर्माण र सो अनुरुपको शिक्षा उपलब्ध गराउनु पर्ने हुन्छ। त्यसैले अपाङ्गताको संख्या, उमेर लिङ्ग, तह, कारण आदिको विस्तृत विवरण संकलन गर्ने व्यवस्था मिलाउनुपर्छ।

(१९) विभिन्न सांस्कृतिक, धार्मिक जातीय र आर्थिक कारणले अधिकांश जनमानसमा व्याप्त रहेको विकलाङ्गप्रतिको गलत विश्वास र व्यवहारमा आमूल परिवर्तन ल्याउन नसकेसम्म विशेष शिक्षाको कुनै भविष्य देखिंदैन। यसर्थ विशेष शिक्षालाई एउटा अभियानका रुपमा सञ्चालन गर्न जोड दिइनु पर्छ। यस्ता अभियानमा शिक्षा, स्वास्थ्य, संचार, श्रम तथा समाज कल्याण मन्त्रालयहरु शिक्षण संस्थाहरु, औद्योगिक प्रतिष्ठानहरु, राजनैतिक दलहरु, युवाशक्ति र विभिन्न सामाजिक संगठनलाई संलग्न गराइनु पर्छ।

(२०) अपाङ्गहरुको कल्याण कार्यसँग सम्बद्ध गैरसरकारी संस्था र अन्य संस्थाहरुलाई समेत अपाङ्गहरुको शिक्षा, भौतिक सुविधा तथा छात्रवृत्ति प्रदान गर्न समेत सक्रिय र जवाफदेही बनाइनुपर्छ।

# १०. अनौपचारिक शिक्षा

## १.पृष्ठभूमि

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिरका कुनै पनि शैक्षिक गतिविधिलाई अनौपचारिक शिक्षा भनिन्छ । नेपालमा अनौपचारिक शिक्षाअन्तर्गतका गतिविधिहरुमध्ये प्रमुख स्थान साक्षरताले लिएको छ । हाल संचालित साक्षरता कार्यक्रमले दुई उमेर समूहका व्यक्तिहरुलाई सेवा पुर्‍याएको छ । ती हुन् : क) १५-४५ वर्षका प्रौढ निरक्षरहरु र ख) ८-१४ वर्षका विद्यालय बाहिर रहेका निरक्षर बालबालिकाहरु । वास्तवमा साक्षरता र विकासको गहिरो सम्बन्ध रहन्छ । कतिपय विकासोन्मुख देशमा संचालित भएका अध्ययन तथा अनुसन्धानबाट १५ वर्ष भन्दा माथिका जनसङ्ख्यामा ५० प्रतिशत भन्दा बढी निरक्षरता भएको देशमा साधारणतया निम्नानुसारका समस्याहरु देखिएका छन् : क)मानिसको सरदर आयु ५० वर्ष भन्दा कम हुनु ख) बालमृत्युदर प्रति हजारमा १०० भन्दा बढी हुनु ग) विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत कम हुनु, घ) राष्ट्रिय उत्पादनमा कमी हुनु, ङ) उच्च प्रजनन् दर हुनु, च) शिशु स्याहारमा कम सफलता हुनु, र छ) आधा वा सोभन्दा बढी जनसंख्या गरीबीको रेखामुनी रहनु।

त्यस्तै अरु अध्ययनले पनि अनौपचारिक शिक्षाबाट निम्नलिखित योगदानलाई स्पष्ट गरेका छन् : क) जनताको आयस्तरमा वृद्धि, ख) शहरी क्षेत्रमा रोजगारीको बढी सम्भावना, ग) ग्रामीण क्षेत्रमा उत्पादकत्वमा वृद्धि, घ) जन्मदरमा कटौति, ङ)स्वास्थ्य र पोषणको क्षेत्रमा सुधार, र च) शिक्षाप्रतिको रुढीवादी भावनामा परिवर्तन ।

हुन त साक्षरता स्वयं एक साध्य हो तर यो अन्य प्रयोजनका निम्ति एक भरपर्दो साधन पनि हो । साधनका रुपमा साक्षरता सिकाइ र संचारको सशक्त माध्यम हो , विकासको सहायक हो , व्यक्तिका लागि सशक्तिकरणको महत्वपूर्ण उपाय हो र व्यक्तिकै लागि जीवनव्यापी शिक्षाको निम्ति प्रारम्भिक खुड्किलो पनि हो ।

नेपालमा आवधिक योजना लागू भए देखि नै अनौपचारिक शिक्षाको संचालन हुँदै आइरहेको छ ।शुरुका समयमा यस कार्यक्रममा धेरै समस्याहरु देखा परेका थिए । पाठ्यसामग्रीहरु वैज्ञानिक ढाँचाबाट तैयार गरिएका थिएनन्, शिक्षकहरुको तालिमको व्यवस्था नहुँदा अध्यापन कार्य प्रौढ मनोविज्ञानका सिद्धान्तका विरुद्ध परम्परागत ढाँचाबाटै हुन्थ्यो , सुपरिवेक्षणको कुनै प्रबन्ध थिएन र कार्यक्रममा धेरैजसो सहभागीहरु

आधारभूत साक्षरता सीप हासिल गरेपछि साक्षरोत्तर कार्यक्रम र पाठ्यसामग्रीको अभावमा पुनः निरक्षर हुन बाध्य हुन्थे ।

शुरुका समयमा कार्यक्रमको व्यापकता पनि ज्यादै कम थियो । पहिलो योजना कालमा साक्षरताको लक्ष्य जम्मा १००० व्यक्तिलाई साक्षर तुल्याउनु थियो ।तेस्रो योजना कालसम्ममा यो संख्या विस्तारै बढ्दै ६६, ००० पुग्यो । यस अवधिसम्म कार्यक्रमको उद्देश्य पूर्णतः साक्षरतामा सीमित थियो ।वि.सं. २०२२ सालदेखि यसलाई कार्यमूलक बनाउने प्रयास भयो  र कृषि , स्वास्थ्य, सफाइ, बन संरक्षण जस्ता विषयहरु यस कार्यक्रममा समाविष्ट गरिए । यसै अवधिमा केही अन्य सरकारी विभागहरु, विकास कार्यक्रमसँग सम्बन्धित संस्थाहरु तथा सामाजिक संस्थाहरुले पनि प्रौढ शिक्षा कार्यक्रमहरुको संचालन गर्न थाले । कृषि मन्त्रालयको कृषि विस्तार कार्यक्रम र तत्कालीन महिला संगठनबाट संचालित महिला साक्षरता कार्यक्रम यसका मुख्य उदाहरण हुन् ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२) ले प्रौढ शिक्षालाई प्राथमिकता क्षेत्र भित्र समावेश गर्‍यो र यसलाई बढी कार्यमूलक बनाउनुपर्ने कुरामा जोड दियो । वि.सं. २०३५ सम्ममा विभिन्न प्रयोगहरुपश्चात एक राष्ट्रिय साक्षरता कार्यक्रमको विकास भयो । सम्पूर्ण अधिराज्यभर कार्यमूलक साक्षरता र सीप प्रदान गर्ने उद्देश्यले संचालित यस कार्यक्रम अन्तर्गत व्यवस्थित र वैज्ञानिक ढंगबाट बहुसन्देशासात्मक (Multi-message) पाठ्यपुस्तकहरुको निर्माण भयो । आधुनिक तालिम अवधिमा आधारित प्रशिक्षण पुस्तिकाहरु विकसित गरिए र शिक्षण विधिमा व्यापक सुधार ल्याइयो । यसको फलस्वरुप कार्यक्रममा क्रमैले व्यापकता आउन थाल्यो । वि.सं. २०३५/३६ मा नेपालका २५ जिल्लामध्ये हरेकमा ८-९ वटा कक्षाका दरले प्रौढ साक्षरता कार्यक्रमको संचालन गरियो । अर्को वर्ष यसलाई बढाएर जम्मा ४०० कक्षाहरु ५२ जिल्लामा संचालित गरिए । त्यसपछि अर्को संचालित साक्षरता कक्षाहरुको संख्या २५०० पुग्यो । यसरी पाँचौ पंचवर्षीय योजनाकालमा मात्र करिब ३ लाख निरक्षरलाई साक्षर बनाइयो ।

छैटौं योजनाकाल (२०३७-४२) मा करिब ९ लाख मानिसलाई साक्षर बनाउने लक्ष्य राखिएको थियो । यसै समयमा प्रौढ  शिक्षा कार्यक्रमलाई एकीकृत रुपमा संचालन गर्ने उद्देश्यले प्रयोगात्मक कार्यक्रम सुदृढ गरियो । सातौं योजनाकालमा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्नुपर्ने नीति लिएर २०४५ सालमा सुर्खेतमा प्रयोगका रुपमा एक मार्गदर्शी परियोजना (Pilot Project) लागू गरियो । हाल साक्षरता

अभियानलाई हरेक विकास क्षेत्रको १/१ जिल्लामा विस्तार गरिएको छ । परिणामस्वरुप २०४७ सालमा मात्र करिब १ लाख निरक्षार जनताले साक्षर हुने अवसर प्राप्त गरे । यसै योजनाकालमा अनौपचारिक शिक्षामा शिक्षा मन्त्रालय बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुको संलग्नतामा उल्लेखनीय वृद्धि भयो । २०४७ सालमा मात्र यस्ता संस्थाहरु अन्दाजी ४५ थिए र करिब ५० प्रतिशत साक्षरता कार्यक्रमहरु यिनीहरुबाट संचालित थिए । वर्तमान आ.व. २०४८/४९ मा शिक्षा तथा संस्कृति मन्त्रालयबाट करिब ४५,००० प्रौढहरु तथा अन्य ५० जति सरकारी तथा गैरसरकारी निकायबाट करिब ७५,००० प्रौढहरुलाई साक्षर गर्ने गरी कार्यक्रम बनाइएको छ । यी सबै कार्यक्रममा शिक्षा मन्त्रालयबाट परल मूल्यमा पाठ्यसामग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ । यी बाहेक केही गैर सरकारी संस्थाहरु तथा सेती अञ्चलमा "ग्रामीण विकासका लागि शिक्षा" नामक सेती परियोजनामा छुट्टै पाठ्यसामग्रीको निर्माण गरी प्रयोग पनि गरिएको छ ।

**२. वर्तमान स्थिति**

नेपालमा २००७ सालमा २ प्रतिशत मात्र साक्षर रहेको अनुमान भएकोमा २०४७ सालमा साक्षरता प्रतिशत ३६ पुगेको छ । यस तथ्यांक अनुसार ५४ प्रतिशत पुरुष र १८ प्रतिशत महिलाहरु साक्षर छन् । हाल करिब १४,००० प्राथमिक विद्यालयका औपचारिक रुपमा र ५० वटा जति सरकारी तथा गैरसरकारी निकायहरुबाट अनौपचारिक रुपमा निरक्षर प्रौढ तथा विद्यालय बाहिर रहेका वा विद्यालय छोडेका बालबालिकाहरुलाई साक्षर बनाउने प्रयास भइरहेको छ । यस्ता प्रयास हुँदाहुँदै पनि आवश्यकताको आधारमा साक्षरता शिक्षाको व्यवस्था सन्तोषजनक छैन । हाल विद्यालयबाहिर प्राथमिक शिक्षा उमेर समूहका (६-१२वर्ष) बालबालिकाहरु जम्मा १४ लाख ४२ हजार भएको अनुमान छ भने यस वर्ष जम्मा २०, ००० बालबालिकाहरुलाई अनौपचारिक बाल शिक्षा पुर्‍याइएको छ । त्यसै गरी निरक्षर प्रौढहरुको (१५-४५को) संख्या अन्दाजी ८० लाख भएको सन्दर्भमा जम्मा १ लाख जतिलाई मात्र साक्षरता सेवा पुग्नु पनि ज्यादै निरासाजनक छ । अर्को समस्या पुरुष र महिलाको बीचमा भएको ठूलो अन्तर तथा शहरी र ग्रामीण क्षेत्रमा रहेको अवसरको असमान वितरण पनि हो । तल दिइएका तालिका १ र तालिका २ को तुलनाहरुबाट उपर्युक्त कुरा स्पष्ट हुन्छ ।

तालिका १

महिला र पुरुषहरुको साक्षरता स्थितिमा अन्तर

| लिङ्ग | २०३८ | २०४३ | २०४७ |
|---|---|---|---|
| दुवै | १९.९ | ३१.२ | ३६ |
| पुरुष | ३०.७ | ४६.७ | ५४ |
| महिला | ८.६ | १५.७ | १८ |

स्रोतः शिक्षा तथा संस्कृति मन्त्रालय, प्रौढ शिक्षा शाखा

तालिका २

शहरी र ग्रामीण क्षेत्रको साक्षरता स्थितिमा अन्तर

| लिङ्ग | शहरी क्षेत्र | | ग्रामीण क्षेत्र | |
|---|---|---|---|---|
| | २०३८ | २०४३ | २०३८ | २०४३ |
| दुवै | ५०.५ | ६२.७ | २१.४ | ३२.५ |
| पुरुष | ६१.१ | ७७.७ | ३१.९ | ४९.९ |
| महिला | ३८.२ | ४७.५ | १०.३ | १६.१ |

स्रोतः demographic sample survey(1986/87, First Report 1987)

अनौपचारिक शिक्षाप्रतिको राष्ट्रिय प्रतिवद्धता तथा संकल्प अति कम रहेको कुरा निम्नलिखित तथ्यबाट स्पष्ट हुन्छः क) अनौपचारिक शिक्षाबारे सरकारको स्पष्ट नीति देखिदैन, ख) कार्यक्रमहरुको तर्जुमा अस्थायी र पटके ढंगबाट हुने गरेको देखिन्छ , ग) आर्थिक दृष्टिकोणले अनौपचारिक शिक्षालाई अति कम प्राथमिकता दिइएको छ , घ) अनौपचारिक शिक्षा हेर्ने सरकारी निकाय एउटा सानो शाखामा सीमित रहेको छ, ङ) क्षेत्रीय तथा जिल्ला स्तरमा अनौपचारिक शिक्षाको जिम्मेवारी बहन गर्ने कुनै निकाय छैन ।

**३.प्रमुख समस्या र मुद्दाहरु**

उपर्युक्त तथ्यहरुको विश्लेषणबाट अनौपचारिक शिक्षामा संख्यात्मक तथा गुणात्मक सुधार ल्याउने क्रममा निम्नलिखित मुद्दाहरु प्रमुख रुपमा रहेका देखिन्छन् : क) सरकारी स्तरमा राजनैतिक प्रतिबद्धता, ख) अवसर र सहभागितामा समानता, ग)

प्रशासनिक संगठन घ) पाठ्यक्रम र पाठ्यपुस्तकको सान्दर्भिकता, ङ) मानव संशाधनको विकास प्रक्रिया, च) आर्थिक स्रोतको परिचालन, र छ) मूल्याङ्कन , यी मुद्दाहरुलाई राम्ररी केलाएर हेर्दा नेपालको अनौपचारिक शिक्षामा विभिन्न समस्याहरु देखिन्छन् ।

**नीतिगत पक्षः** राष्ट्रिय स्तरमा अनौपचारिक शिक्षाप्रतिको अवधारणा, नीति, लक्ष्य र उद्देश्यको स्पष्ट किटान छैन । परिणामतः अनौपचारिक शिक्षाप्रति राष्ट्रिय प्रतिबद्धता नभएको र यो राष्ट्रिय शिक्षा प्रणालीबाट बाहिर परेको स्पष्ट रुपमा देखिन्छ । यस्तै साक्षरताको राष्ट्रिय परिभाषा नभएको कारणले अनौपचारिक शिक्षा संचालन गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुमा साक्षरताबारेमा एकरुपता रहेको पाइँदैन ।

औपचारिक र अनौपचारिक शिक्षाबीच सम्बन्धसेतु (linkage) का बारेमा स्पष्ट नीतिको अभाव छ । अनौपचारिक शिक्षाका विभिन्न तहहरु र तिनको औपचारिक शिक्षाका विभिन्न तहहरुसँग समस्तरता निश्चित नगरिएकाले अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्न चाहनेहरुका लागि आवश्यक प्रोत्साहन प्राप्त भएको छैन ।

अनौपचारिक शिक्षा संचालन गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुका बीच आवश्यक समन्वय स्थापित गर्ने कुनै संस्थागत प्रक्रिया र अंगको अभावमा कार्यक्रमको प्रभावकारितामा बाधा पुगेको छ । अनौपचारिक शिक्षामा गैरसरकारी संस्थाहरुको भूमिका र महत्वबारे धेरै चर्चा परिचर्चा भए तापनि यसका सम्पूर्ण पक्षमा राष्ट्रिय प्रयासमा गैरसरकारी संस्थाहरुलाई समावेश गराउने दिशामा उपयुक्त नीति तथा पर्याप्त प्रयास भएको देखिँदैन । विभिन्न कारणवश विद्यालयबाहिर रहेका बालबालिकाहरुका लागि अनौपचारिक शिक्षाअन्तर्गत विशेष बाल शिक्षाको प्रवन्ध गर्नेबारे कुनै युक्तिसंगत उद्देश्य र सिद्धान्त छैन ।

**कार्यान्वयन पक्षः** अनौपचारिक शिक्षाको वर्तमान कार्यान्वयन पक्ष पूर्णतःकेन्द्रमुखी छ । लक्षित जनसमूहका आवश्यकता र मागका आधारमा कार्यक्रम नबनी केन्द्रबाटै कोटा निर्धारण गरी जिल्ला जिल्लामा पठाइन्छ । जनस्तरमा यस शिक्षाप्रति जागरुकता उत्पन्न गर्ने प्रयासको अभाव छ । प्रचार प्रसार भएको छैन । यसका लागि सञ्चारका माध्यमहरु(रेडियो, टिभी, पत्र, पत्रिका आदि)को उपयोग भएको देखिँदैन । कार्यक्रम धेरैजसो जिल्लाका सदरमुकाम र प्रमुख क्षेत्रहरुमा मत्र सीमित रहेकाले आवश्यक मात्रामा महिला, पछि परेका समुदाय र विपन्न जनसंख्यालाई समेट्न सक्षम

रहेको देखिन्न । कार्यक्रम  कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्थाहरुको परिचालन पनि पर्याप्त मात्रामा हुन सकेको छैन । शिक्षा मन्त्रालयअन्तर्गत रहेका विभिन्न एकाइहरुबाट संचालित कार्यक्रमकै विभन्न पक्ष, अवधि, कार्य सम्पादन शैली, तलब तथा अन्य खर्च आदिमा आवश्यक समन्वयको अभावमा एकरुपता आउन सकेको छैन । कोटाको अवधारणाबाट संचालित कार्यक्रम जिल्लामा आवश्यकताको आधारमा नभई राजनैतिक वा अन्य दवावको आधारमा बाँडिने भएको हुनाले कार्यक्रममा निरन्तरता छैन । सुपरिवेक्षण र अनुगमन पक्ष ज्यादै कमजोर छ । साक्षरोत्तर कार्यक्रम तथा नवसाक्षरहरुका लागि पाठ्यसामग्रीहरुको अभाव छ । मूल्यांकनको परिपाटी बसेको छैन । हालसम्म फाटफुट कार्यक्रमको मूल्यांकन बाहेक राष्ट्रिय साक्षरता कार्यक्रमको बृहत् मूल्यांकन हुन सकेको छैन ।

**प्राविधिक पक्ष (पाठ्यक्रम, पाठ्यसामग्री तालिम आदि):** साक्षरतका निम्ति राष्ट्रिय पाठ्यक्रमको निर्माण अझै भएको छैन । वर्तमान पाठ्यसामग्रीको निर्माण प्रौढ मनोविज्ञानको
आधारमा बृहत् आवश्यकता मूल्याङ्कन र क्षेत्र परीक्षणको आधारमा बनाइएको भए तापनि १२ वर्ष पुरानो भएकाले र हालको राजनैतिक परिवर्तनका परिप्रेक्ष्यमा यसको सान्दर्भिकतामा प्रश्न गर्न सकिन्छ ।

भौगोलिक तथा जातीय दृष्टिकोणअनुसार पाठ्यक्रममा विविधता ल्याउनुपर्ने आवश्यकताबारे आवश्यक प्रयास भएको छैन । तालिम कार्यक्रमको अवधि पर्याप्त छैन । जिल्ला जिल्लामा रहेका तालिमप्राप्त प्रशिक्षकहरुको क्षमतामा आवश्यक वृद्धि र सुधार नभएकाले सहयोगी कार्यकर्ताहरुको तालिम प्रभावकारी हुन सकेको छैन । सहयोगी कार्यकर्ताहरुको छनौट प्रभावकारी नभएकाले र त्यसमा योग्यता नपुगेका समेत पर्ने हुनाले तालिमबाट आवश्यक क्षमता हासिल गर्न नसक्ने तथा पौढ मनोविज्ञानका आधारमा सिकाउन नसक्ने उदाहरणहरु देखिन्छन् ।

संगठनात्मक पक्षः अनौपचारिक शिक्षाको कार्यान्वन गर्ने संगठनात्मक संरचना स्पष्ट छैन । हाल यो केन्द्र एउटा प्रौढ शिक्षा शाखामा सीमित रहेको देखिन्छ । स्थानीय स्तरमा अनौपचारिक शिक्षा संचालन गर्ने जिम्मा जिल्ला शिक्षा  निरीक्षक कार्यालयमा रहेको छ । तर अनौपचारिक शिक्षा हेर्ने कुनै कर्मचारीको व्यवस्था छैन । स्थानीय स्तरमा कार्यक्रम संचालन गर्ने दक्ष जनशक्तिको विकास भएको छैन ।

**आर्थिक पक्षः** अनौपचारिक शिक्षाको व्यापकताको दृष्टिकोणले उपलब्ध स्रोत र साधन ज्यादै अपर्याप्त छ । अनौपचारिक शिक्षाको बजेट ज्यादै कम छ । आर्थिक पक्षमा आत्मनिर्भर हुनका लागि आन्तरिक तथा बाह्यस्रोतको परिचालन गर्न कुनै नीति छैन र खास प्रयास पनि भएको छैन । अनौपचारिक शिक्षाको संचालनमा श्री ५ को सरकारलाई आर्थिक भार कम गर्ने सम्भाव्य उपायहरुको खोजी भएको छैन ।

## ४. सुझाउहरु :

**नीतिगत :**

(१) अनौपचारिक शिक्षाका उद्देश्यहरु निम्नलिखित अनुसार हुनुपर्दछ :

(क) औपचारिक शिक्षा ग्रहण गर्न नसकेका विभिन्न आयु वर्गका व्यक्तिहरुलाई राष्ट्रिय शिक्षाको लक्ष्य प्राप्तिका निम्ति अनौपचारिक विधिबाट ज्ञान, सूचना र सीप प्रदान गर्ने।

(ख) प्रौढ साक्षरता कार्यक्रमका माध्यमबाट दैनिक जीवनयापनका निम्ति आवश्यक पर्ने कार्यमूलक ज्ञान र सीप प्रदान गर्ने।

(ग) बालशिक्षा कार्यक्रमका माध्यमबाट प्राथमिक विद्यालय जान नसकेका र बीचैमा पढाई छाडेका बालबालिकाहरु (८–१४ वर्षका) लाई साक्षर तुल्याई औपचारिक शिक्षामा प्रवेशका लागि प्रोत्साहित गर्ने।

(घ) साक्षरोत्तर तथा निरन्तर शिक्षाको व्यवस्था गरी जीवन व्यापी सिकाइको प्रक्रियालाई समुचित गति प्रदान गर्ने।

(ङ) समाजबाट निरक्षतालाई निर्मूल गर्न साक्षरता अभियानको संचालन गर्ने।

(२) (२) साक्षरताका विभिन्न तह (आधारभूत तह, मध्यम तह र स्वाध्ययन तह) को राष्ट्रिय परिभाषा तयार गरी हरेक तहको औपचारिक शिक्षासँग समस्तरता तोक्नु पर्दछ। यसैगरी, बालशिक्षा तर्फ पहिलो चरण र दोश्रो चरणको पाठ्यक्रम निर्धारण गरी त्यसको पनि औपचारिक शिक्षासँग समस्तरता तोकिनुपर्छ। साक्षरताका विभिन्न तहहरुको समस्तरता निश्चित गर्दा यसको आधारभूत तहलाई प्राथमिक शिक्षाको कक्षा ३ र मध्यम तहलाई कक्षा ५ सरह मानिनुपर्छ। यसैअनुसार बालशिक्षा सदन वा यस्तै संघ संस्थाबाट प्रदान गरिने बालशिक्षाको पहिलो चरणलाई कक्षा ३ सरह र दोश्रो चरणलाई कक्षा ५ सरह मानिनुपर्छ। यससन्दर्भमा अनौपचारिक शिक्षाका प्रौढ साक्षरता र बालशिक्षा दुवैको पाठ्यक्रम निर्माण गर्दा औपचारिक शिक्षाको पाठ्यक्रमका मूलभूत तत्वहरु (Main Features) समावेश हुने कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ। स्वाध्यायन तहमा



शिक्षा मन्त्रालय

लक्षित समूहका चाख र आवश्यकतानुसार सघन पाठ्यपाठ्याँश (Condensed Course) हरु तयार गरी नियमित कक्षा, दूरशिक्षा, पत्राचार–पाठ्याँश (Correspondense Course), अध्ययन केन्द्रहरु आदि विभिन्न माध्यमहरु मार्फत अध्ययनमा निरन्तरता रहने मौका प्रदान गरिनुपर्छ।

प्रौढ साक्षरताका पहिला दुई तह र बालशिक्षाका दुवै चरणबाट औपचारिक शिक्षामा प्रवेश गर्न चाहनेहरुका लागि साधारण प्रवेश परीक्षा लिई औपचारिक शिक्षामा सामेल हुन पाउने प्रावधान हुनुपर्छ। स्वाध्यायन तहको हकमा यस्तै किसिमबाट प्रवेश परीक्षामा सम्मिलित भई निम्नमाध्यमिक तहदेखि उच्च माध्यमिक शिक्षासम्म योग्यतानुसार प्रवेश दिन सक्ने व्यवस्था हुनुपर्छ।

(३) सन् १९९०को सबैका लागि शिक्षा विषय विश्व सम्मेलन तथा सन् १९९० कै बालबालिका सम्बन्धी विश्व शिखर सम्मेलनमा नेपालले दर्शाएको प्रतिबद्धता अनुरुप वि.सं. २०५७ सम्म हाल विद्यामान निरक्षरताको दरलाई ५० प्रतिशत कम पार्नु पर्दछ।

(४) अनौपचारिक शिक्षा (प्रौढ साक्षरता तथा बालशिक्षा) लाई राष्ट्रिय शिक्षा प्रणालीको एक मूल अङ्गको रुपमा स्थापित गर्नु पर्दछ।

(५) औपचारिक, अनौपचारिक एवं प्राविधिक तीन किसिमका शिक्षाका बीच आदान प्रदानलाई सजिलो पार्ने दृष्टिले प्रारम्भिक स्तरदेखि उच्च स्तरसम्म लचिला संरचना एवं कार्यक्रमहरुको विकास गर्नु पर्दछ।

(६) साक्षरोत्तर कार्यक्रम एवं जीवनोपयोगी सीपमूलक शिक्षालाई साक्षरतापछि सर्वसुलभ गर्ने तिर उचित कदम चाल्नु पर्छ।

(७) समाजबाट निरक्षरता निर्मूल गर्ने उद्देश्यले साक्षरता कार्यक्रमलाई सघन रुपमा विस्तार गर्नुका साथै यसलाई व्यापक पूर्व तयारीका साथै राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्नुपर्दछ। यसरी संचालन गर्दा खास गाउँ वा जिल्लाको निरक्षरता उन्मूलन गर्ने कार्यक्रममा जोड दिनुपर्छ।

(८) साक्षरता अभियानका लागि श्री ५ को सरकारको नियमित कोष वाहेक एउटा अतिरिक्त कोष खडा गरिनुपर्छ।

**गैरसरकारी संस्थानहरुको भूमिका :**

(९) अनौपचारिक शिक्षामा गैरसरकारी संस्थानहरुको सक्रिय भूमिकालाई दृष्टिगत गरी देशमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थानहरुलाई व्यापक रुपमा परिचालन गर्नुपर्छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थानहरुका हकमा आ–आफ्नो कार्यक्रममा अनौपचारिक शिक्षालाई प्राथमिकता दिई सघन रुपमा सञ्चालन गराउन आधिकारिक प्रयत्न हुनुपर्दछ।

(१०) अनौपचारिक शिक्षामा राष्ट्रिय गैरसरकारी संस्थाहरुको संलग्नता बृद्धि गर्नका लागि स्थानीय स्तरमा यस्ता संस्थाहरु पहिल्याई उनीहरुलाई कार्यक्रम सञ्चालनार्थ प्राविधिक सहयोग (तालिम, पाठ्यपुस्तक आदि) तथा आर्थिक अनुदान दिने व्यवस्था हुनुपर्दछ।

(११) राष्ट्रिय साक्षरता पाठ्यक्रम निर्माण र पाठ्यसामग्रीहरुको विकास तथा कार्यक्रमको स्वरुप (Program Design) को विकासमा अनौपचारिक शिक्षामा कार्यरत गैरसरकारी निकायहरुलाई समेत संलग्न गराइनु पर्दछ।

(१२) गैरसरकारी संस्थाहरुबाट सञ्चालित विभिन्न कार्यक्रम ढाँचा (Program Model)हरुको अध्ययन गरी सृजनशील तथा सफल ढाँचाहरुलाई अन्य स्थानहरुमा पनि लागू गर्ने प्रयत्न हुनुपर्छ।

**प्राविधिक पक्ष :**

(१३) हाल उपयोगमा रहेका पाठ्यसामग्रीहरुलाई बढी समयसापेक्ष तथा कम खर्चिलो बनाउने उद्देश्यले परिमार्जन गरिनुपर्छ।

(१४) पाठ्यसामग्रीहरुलाई नेपालीका साथै देशका राष्ट्रिय भाषा वा भाषिकाहरुमा समेत विकास गर्न आवश्यक अध्ययन अनुसन्धान कार्य गरी नमूना सामग्रीको निर्माण हुनुपर्छ।

(१५) सहयोगी कार्यकर्ताहरुको न्यूनतम योग्यता दुर्गम क्षेत्रमा ८ कक्षा सरह तथा अन्य स्थानमा १० कक्षा सरहको हुनुपर्दछ।

(१६) साक्षरोत्तर कार्यक्रमलाई अनौपचारिक शिक्षाको अभिन्न अंगका रुपमा स्थापना गरी आवश्यक सामग्री र अन्य कुराहरुको व्यवस्था हुनुपर्दछ।

(१७) साक्षरताका लागि उपयुक्त वातावरण निर्माण गर्न ग्रामीण तथा सामुदायिक अध्ययन केन्द्रहरुको व्यापक रुपमा प्रबन्ध हुनुपर्दछ।

(१८) नवसाक्षरहरुको पठनपाठन कार्यलाई चालू राख्न र उनीहरुको अभिवृद्धिमा विकास गर्न उपयुक्त विषयवस्तु समावेश भएका पूरक पाठ्यसामग्रीहरुको उत्पादन गर्नुपर्दछ।

**तालिम पक्ष :**

(१९) कार्यक्रमलाई बढी प्रभावकारी बनाउनका लागि केन्द्रीय तहमा मूल प्रशिक्षकहरु तथा जिल्ला तहमा प्रशिक्षकहरुको व्यवस्था गरी उनीहरुको सीप र क्षमता बृद्धि गर्न समय समयमा तालिमको व्यवस्था गर्नुपर्दछ।

(२०) सहयोगी कार्यकर्ता (शिक्षक) हरुको पूर्वसेवा कार्यक्रमको अवधि बढाई यसलाई अझ प्रभावकारी बनाउनुपर्छ। एकै जना सहयोगी कार्यकर्तालाई अर्को वर्ष पुनः काममा लगाइएमा पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्छ।

(२१) गाउँ तथा जिल्लामा छोटो अवधिका तालिम तथा परिचयात्मक गोष्ठीहरु संचालन गरी कार्यक्रममा संलग्न सबै व्यक्तिहरुलाई अनौपचारिक शिक्षाको महत्व, आवश्यकता आदि वारे ज्ञान दिनुपर्छ।

**संगठनात्मक पक्ष :**

(२२) अनौपचारिक शिक्षा कार्यक्रमलाई व्यवस्थित, सुसंगठित तथा प्रभावकारी बनाउनका लागि राष्ट्रिय नीति निर्माण र निर्देशनका निम्ति श्री ५ को सरकारका प्रतिनिधिहरु, अनौपचारिक शिक्षाविद् तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु समेत समावेश भएको एक उच्च स्तरीय राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्को गठन गरिनुपर्दछ।

(२३) अनौपचारिक शिक्षामा संलग्न सम्पूर्ण संस्थाहरुका बीचमा नियमित सम्पर्क, बैठक, गोष्ठी आदि गरी कुशल समन्वय स्थापना गर्नका लागि राष्ट्रिय अनौपचारिक शिक्षा परिषद् अन्तर्गत एक समन्वय समिति बनाइनुपर्दछ।

(२४) केन्द्रीय तहमा हाल रहेको प्रौढ शिक्षा शाखालाई अनौपचारिक शिक्षा महाशाखामा परिणत गरी तद्नुसार जनशक्तिको व्यवस्था हुनुपर्दछ।

(२५) शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत राष्ट्रिय स्तरको अनौपचारिक शिक्षा स्रोत केन्द्रको स्थापना हुनुपर्दछ। यस केन्द्रको कार्य आवश्यक जनशक्तिका लागि तालिमको व्यवस्था गर्ने, पाठ्यक्रम र पाठ्यसामग्रीहरुको समय समयमा पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्ने र कार्यक्रमको मूल्यांकनको व्यवस्था गर्ने आदि हुनुपर्दछ।

(२६) क्षेत्रीय शिक्षा कार्यालयमा एक अनौपचारिक शिक्षा शाखाको स्थापना गरी आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्दछ।

(२७) जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा अनौपचारिक शिक्षाको विशेष जिम्मेवारी वहन गर्ने एकजना प्रशासकीय अधिकृत र एकजना तालिम अधिकृतको व्यवस्था हुनुपर्दछ।

**कार्यान्वयन पक्ष :**

(२८) हालसम्म केन्द्रमुखी भएको अनौपचारिक शिक्षा कार्यक्रमको कार्यान्वयन ढाँचालाई पूर्ण रुपले परिवर्तित गरी लक्षित समूहको आवश्यकता र मागको आधारमा कार्यक्रम तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने अभिभारा जिल्ला शिक्षा निरीक्षकको कार्यालयलाई दिइनुपर्छ। जिल्ला शिक्षा निरीक्षकको कार्यालयले जिल्ला र गाउँ स्तरमा विभिन्न संघ संस्था तथा शिक्षाविद्हरुको एक साक्षरता समन्वय समिति गठन गरी कार्यक्रमको कार्यान्वयनमा जनसहभागिता जुटाउनु पर्दछ।

(२९) हाल रहेको कोटा प्रणाली हटाउनु पर्दछ।

(३०) कार्यक्रम सञ्चालन गर्दा जिल्लाको कुनै निश्चित क्षेत्रबाट शुरु गरी त्यसलाई क्रमशः बाँकी भागमा विस्तार गर्दै जानु पर्दछ।

(३१) सहयोगी कार्यकतालाई बढी उत्पेरणा प्रदान गर्नका लागि तिनीहरुलाई दिइने सुविधा र पारिश्रमिक बढाइनु पर्दछ।

(३२) सुपरिवेक्षण प्रणालीलाई सुदृढ तथा प्रभावकारी बनाउनका लागि स्थानीय तहमा सुपरिवेक्षकहरु नियुक्त गरी उनीहरुको तालिमको राम्रो प्रबन्ध गर्नु पर्दछ। यसको अलावा जिल्ला शिक्षा कार्यालयका अनौपचारिक शिक्षा हेर्ने अधिकृतहरु तथा जि.शि.नि. बाट समय समयमा सुपरिवेक्षण गर्ने व्यवस्था हुनुपर्दछ। यस तहका सुपरिवेक्षकहरुलाई दिइने भत्तामा आवश्यक बृद्धि गरिनुपर्दछ।

(३३) अनौपचारिक शिक्षा र औपचारिक शिक्षाका बीच सम्बन्ध स्थापनाका लागि स्रोत केन्द्र प्रणाली नभएसम्म निम्नलिखित अनुसारको प्रबन्ध मिलाइनु पर्दछ :

(क) साक्षरता कक्षाहरु प्राथमिक विद्यालयको मातहतमा सञ्चालन गर्ने।

(ख) ५–७ वटा प्राथमिक विद्यालयको सेरोफेरोमा रहेको एउटा माध्यमिक विद्यालयलाई स्रोत केन्द्रको रुपमा प्रयोग गर्ने र उक्त विद्यालयका प्रधान अध्यापक वा निजले तोकेको एकजना शिक्षकलाई सुपरिवेक्षक बनाउने।

(ग) ९ वा १० कक्षामा अध्ययनरत छात्रछात्राहरुले आ–आफ्ना वडा, टोल वा घरमा अनौपचारिक शिक्षा सञ्चालन गरी केही निश्चित संख्यालाई साक्षर तुल्याएमा सो वापत केही अंक दिने व्यवस्था गर्ने।

(घ) एस.एल.सी. परीक्षा दिएपछि ६–७ महिना परीक्षाफलका लागि प्रतीक्षा गर्नु पर्ने छात्रछात्राहरुलाई साक्षरता अभियानमा संलग्न गराउने।

(ङ) उच्च शिक्षा अन्तर्गतको राष्ट्रिय विकास सेवामा भाग लिने छात्रछात्राहरुलाई साक्षरता अभियानमा भाग लिन प्रोत्साहित गर्ने।

(३४) विद्यालय बाहिरका बालबालिकाहरुका निमित हाल चलिरहेको शिक्षा सदन कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिनु पर्दछ।

(३५) विशेष गरी साक्षरता अभियान कार्यक्रममा विभिन्न राजनैतिक दल तथा सामाजिक संस्थाहरुलाई पनि सरीक गराई यस्ता संघ संस्थाका कार्यकर्ताहरुलाई स्वयंसेवकको रुपमा परिचालित गर्नुपर्छ।

(३६) ग्रामीण स्तरमा रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यले सहयोगी कार्यकर्ता (शिक्षक) भर्ना गर्दा यथासम्भव विद्यालय बाहिरका स्थानीय योग्य व्यक्तिलाई प्राथमिकता दिनुपर्छ।

(३७) अनौपचारिक प्रौढ शिक्षामा सहभागी समूहलाई ऋण सुविधा, सीप विकासको अवसर, तरकारी बीउ वितरण, प्राथमिक उपचार सामग्रीको वितरण जस्ता थप सुविधा र सहयोगको प्रबन्ध मिलाउनुपर्छ।

(३८) देशमा साक्षरता अभियान पूरा भएपछि पनि १०–१५ प्रतिशत जनसंख्या निरक्षर रहिरहने एउटा स्वाभाविक परिस्थिति भएकाले त्यसका लागि साक्षरता कार्यक्रम चलाई राख्नु पर्दछ र भविष्यमा कुनै पनि निरक्षर नरहुन् भन्ने अभिप्रायले प्राथमिक स्तरको शिक्षालाई क्रमशः अनिवार्य बनाउने तर्फ विचार हुनुपर्दछ।

(३९) अनौपचारिक शिक्षा वारे जनचेतना जगाउन प्रभावकारी प्रसार प्रचारको व्यवस्था गर्नुपर्छ।

(४०) साक्षरता कार्यक्रम सम्बन्धी छलफल, प्रदर्शनी गोष्ठी, शैक्षिक भ्रमण आदि गरी त्यसप्रति सकारात्मक धारणाको विकास गर्नुपर्दछ।

**आर्थिक पक्ष :**

(४१) राष्ट्रिय स्तरमा एक अनौपचारिक शिक्षा कोषको स्थापना हुनुपर्छ। यस कोषलाई श्री ५ को सरकारको साधारण बजेटबाट स्वतन्त्र राखी परिषद्को माध्यमबाट संचालन गर्नुपर्छ।

(४२) स्रोत परिचालनका लागि देश तथा विदेशका दातृसंस्थाहरुसँग सरकारी स्तरमा आधिकारिक वार्तालाप हुनुपर्छ।

(४३) गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिको कोषबाट अनौपचारिक शिक्षालाई केही रकम छुट्याई सरकारी व्ययभार कम गराउने उपाय गरिनुपर्छ।

(४४) हालसम्म अनौपचारिक शिक्षामा श्री ५ को सरकारको बजेट ज्यादै न्यून रहेको सन्दर्भमा अनौपचारिक शिक्षालाई शिक्षाको बजेटबाट बढी प्रतिशत छुट्याइनु पर्छ।

# ११. शिक्षा क्षेत्रको आर्थिक व्यवस्थापन

## १. पृष्ठभूमि

शिक्षा क्षेत्रमा आथिक व्यवस्थापन भन्नाले निर्धारति शैक्षिक उद्देश्यहरुको प्राप्तिका निम्ति आवश्यक आर्थिक स्रोत जुटाउनु तथा प्रभावकारी ढंगले परिचालन गर्नु भन्ने बुझिन्छ। यस अन्तर्गत शिक्षा क्षेत्रका विभिन्न तह र कार्यक्रमहरुका निम्ति मूलतः सरकारले गर्ने खर्च प्रमुख रुपमा आउँछन् । साथै परिवार निजी क्षेत्र (गैरसरकारी संगठनहरु, उद्योग, वाणिज्य तथा व्यवसायिक संगठनहर) र सामुदायिक संघसंस्थाहरु तथा निजी व्यक्तिहरुले गर्ने खर्चलाई पनि आर्थिक व्यवस्थापनभित्र समावेश गर्नुपर्ने हुन्छ।शिक्षाका निम्ति आर्थिक स्रोतको व्यवस्थाको मुख्य उद्देश्यहरु निम्नलिखित छन्:

(क) प्राथमिकता प्राप्त कार्यक्रमहरुको निम्ति आवश्यक खर्च जुटाउनु,

(ख) सरकारले गर्ने खर्चका अतिरिक्त निजी क्षेत्र र स्थानीय स्रोतहरुको परिचालन गर्नु,

(ग) उपलब्ध हुने आर्थिक स्रोतहरुको प्रभावकारी ढंगले प्रयोग गर्नु,

(घ) कम लागतमा बढी उपलब्धि हासिल गर्नु,

(ङ) दीर्घकाल तथा मध्यावधिमा आवश्यक हुने रकमको पूर्वानुमान गर्नु र उक्त रकमका स्रोतहरु पहिल्याउनु।

## २ वर्तमान स्थिति

जनसंख्यामा भइरहेको निरन्तर वृद्धिको फलस्वरुप शिक्षा आर्जन गर्ने जनसमूहमा भएको वृद्धि, गुणस्तरयुक्त शिक्षा र सकेसम्म माथिल्लो तहको शिक्षा प्राप्त गर्ने मानिसहरुको बढ्दो चाहना शिक्षा क्षेत्रका विभिन्न नव प्रवर्तन कार्यहरु तथा पढाइने विषयहरुमा विविधीकरण आदि कारणहरुबाट शिक्षाका निम्ति थप खर्चको माग भइरहेको छ। सातौँ योजनाको मध्यतिर नेपालमा आधारभूत आवश्यकताहरुको परिपूर्तिका निम्ति कार्यक्रम (२०४२-५७) लागू गरी २०५७साल सम्ममा ६ देखि १० वर्षका सबै बालबालिकाहरुलाई प्राथमिक शिक्षा सर्वसुलभ गर्ने तथा साक्षरता प्रतिशतलाई तीब्रतर रुपमा वृद्धि गर्ने उद्देश्य राखियो र राष्ट्रिय शिक्षाका विभिन्न तहमा वेग्लावेग्लै किसिमले खर्चको व्यवस्था गरियो।

प्राथमिक शिक्षाः प्राथमिक विद्यालयमा अध्ययन गर्ने उमेर पुगेका बालबालिकाहरुको सहभागिता बढाउनका लागि श्री ५ को सरकारले विभिन्न कदम चालेको छ। जसमा क) प्राथमिक शिक्षा निःशुल्क, ख) प्राथमिक शिक्षकको तलबको शतप्रतिशत श्री ५ को

सरकारबाट अनुदान, ग) कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरु निःशुल्क वितरण, घ) प्राथमिक शिक्षामा बालिकाहरुको सहभागिता बढाउन विद्यालयमा भर्ना भएका ५ प्रतिशत बालिकाहरुलाई छात्रवृत्ति र ५ प्रतिशत बालिकाहरुलाई विद्यालय पोशाक उपलब्ध गराउने व्यवस्था, ङ) बालिकाहरुका लागि कक्षा ४ र ५ का पाठ्यपुस्तकहरु पनि निःशुल्क वितरण, र च) प्राथमिक शिक्षामा बालिकाहरुको सहभागिता बढाउन महिला शिक्षक नियुक्तिमा जोड जस्ता कुरा मुख्य छन्।

माध्यमिक शिक्षाः माध्यमिक शिक्षा तर्फ श्री ५ को सरकारले विद्यालयको आवश्यकता हेरी शिक्षकहरुको दरबन्दी निर्धारण गर्ने र उक्त दरबन्दीअनुसारका निम्नमाध्यमिक शिक्षकहरुको तलबको ७५ प्रतिशत र माध्यमिक विद्यालयका शिक्षकहरुको तलबको ५० प्रतिशत अनुदान दिने नीति लिएको छ। यस्तै दुर्गम क्षेत्रका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका शिक्षकहरुको तलबको १०० प्रतिशत श्री ५ को सरकारले अनुदान दिने निर्णय गरेको छ। अहिले शिक्षण शुल्क तथा अन्य शुल्कबाट प्राप्त भएको रकमबाट र स्थानीय स्रोत परिचालन गरी विद्यालय संचालन गर्नका निमित्त चाहिने अन्य रकमको व्यवस्था गरी विद्यालय भवन निर्माण, फर्निचर तथा अन्य पूँजीगत खर्चका लागि चाहिने रकम स्थानीय स्रोत परिचालन गरी जुटाउने गरेको देखिन्छ।

उच्च शिक्षाः उच्च शिक्षा प्रदान गर्ने कार्यमा श्री ५ को सरकारको नीतिअनुसार त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कार्यालहरु तथा क्याम्पसहरु संचालन गर्नका निमित्त चाहिने अधिकांश रकम श्री ५ को सरकारबाट त्रिभुवन विश्वविद्यालयलाई अनुदानस्वरुप प्रदान गरिन्छ तर निजी क्षेत्रमा संचालन गरिएका क्याम्पसहरुलाई भने पटके अनुदान दिने गरिएको पाइन्छ। क्याम्पस संचालन गर्नका निमित्त चाहिने केही प्रतिशत रकम शुल्कबाट उठाउने व्यवस्था पनि गरिएको छ।

जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन प्राविधिक अध्ययन संस्थान तथा शिक्षाशास्त्र संकायअन्तर्गतका क्याम्पसहरुमा भर्ना भएका विद्यार्थीहरु मध्ये भर्ना लक्ष्यको २५ प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्ति दिने व्यवस्था गरिएको छ। यसै गरी भर्ना लक्ष्यको १५ प्रतिशत विद्यार्थीहरुलाई निःशुल्क वृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ। महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गतका कार्यालयहरु तथा क्याम्पस संचालन गर्नका निमित्त चाहिने सम्पूर्ण रकम श्री ५ को सरकारले महेन्द्र संस्कृत विश्वविद्यालयलाई अनुदान स्वरुप प्रदान गर्ने गरेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षाः देशको आर्थिक विकास गर्नका निमित्त विभिन्न तहको दक्ष जनशक्तिको आवश्यकता पर्दछ। उच्च स्तरको दक्ष जनशक्ति उत्पादन गर्ने काम विश्वविद्यालयको कार्यक्षेत्रभित्र पर्दछ भने मध्यम र निम्नस्तरको दक्ष जनशक्ति उत्पादन गर्ने काम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को कार्यक्षेत्रभित्र पर्दछ। देशका विभिन्न भागमा प्राविधिक शिक्षा तथा व्यावसायिक केन्द्रहरु स्थापना गरी सीमित मात्रामा भएता पनि निम्न तथा मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने काम भइरहेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रहरु श्री ५ को सरकारबाट प्राप्त  हुने अनुदानको आधारमा संचालित भइरहेका छन्। यस कार्यको लागि मित्रराष्ट्रहरुबाट सहयोग पनि प्राप्त भएको छ। प्राविधिक तथा अन्य कारणले गर्दा यी तालिम केन्द्रहरु ज्यादै खर्चिला भएका देखिन्छन्।

अनौपचारिक शिक्षाः शिक्षा तथा संस्कृति मन्त्रालयले कोटा प्रणाली अँगाली सीमित मात्रामा जिल्ला शिक्षा निरीक्षकको कार्यलय मार्फत प्रौढशिक्षा कार्यक्रम संचालन गर्दै आएको छ। यसको साथसाथै यसले प्रौढशिक्षा कार्यक्रम संचालन गर्नका निमित्त चाहिने शैक्षिक सामग्रीहरुको विकास गर्ने, उत्पादन गर्ने र वितरण गर्ने काम पनि गर्दै आएको छ। प्रौढ शिक्षा कार्यक्रम संचालन गर्ने कार्यमा शिक्षा तथा संस्कृति मन्त्रालयलाई सरकारी तथा गैरसरकारी निकायहरु स्वदेशी तथा विदेशी संघसंस्थाहरुको सहयोग प्राप्त भएको छ। हाल यस कार्यमा ४० भन्दा बढी सकारी तथा गैर सरकारी निकायहरु र संघ-संस्थाहरु संलग्न भएका देखिन्छन्।

विशेक्ष  शिक्षाः राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघि पनि सरकारी तथा विभिन्न संघ-संस्थाहरुको प्रयासबाट अन्धा, बहिरा तथा अपाङ्ग बालबालिकाहरुलाई शिक्षा दिने प्रयत्नहरु गरिएका थिए। यो योजना लागू भएपछि विशेष शिक्षाको व्यवस्था गर्ने अभिभारा शिक्षा तथा संस्कृति  मन्त्रालयले लिएको देखिन्छ। विशेष शिक्षा कार्यक्रमलाई सुचारु रुपले संचालन गराउनका निमित्त शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत विशेष शिक्षा परिषद्को पनि गठन भएको छ। विशेष शिक्षा कार्यक्रमअन्तर्गत  स्थापना गरिएका विद्यालयहरुमा निम्नमाध्यमिक तहसम्म साधारण शिक्षा दिइसकेपछि व्यावसायिक तालिम दिने व्यवस्था गरिएको छ। विशेष शिक्षा कार्यक्रम श्री ५ को सरकारबाट प्राप्त हुने अनुदान तथा दातृसंस्थाहरुको सहयोगको आधारमा संचालन भइरहेको देखिन्छ।

शिक्षा क्षेत्रमा श्री ५ को सरकारको खर्चः शिक्षा क्षेत्रमा श्री ५ को सरकारको खर्च निरन्तर रुपले बढ्दै गइरहेको छ। २०३२/३३ मा शिक्षा क्षेत्रमा श्री ५ को सरकारले रु २३ करोड खर्च गरेको थियो। यो खर्च रकम बढेर २०४२/४३ मा बढेर रु १ अर्ब ९ करोड पुग्यो। २०४७/४८मा शिक्षा क्षेत्रको निम्ति रु २१० करोडको व्यवस्था भएको थियो। २०३२ देखि २०४७ सम्ममा श्री ५ को सरकारको शिक्षा क्षेत्रको खर्च वार्षिक ८.४ प्रतिशतका दरले वृद्धि भएको देखिन्छ। यही अवधिमा श्री ५ को सरकारको कूल खर्च वार्षिक १० प्रतिशतका दरले वृद्धि भएको देखिन्छ। श्री ५ को सरकारले २०४८/४९ को बजेटमा शिक्षा क्षेत्रलाई रु ३२०.५ करोड दुट्याएको छ। कुल सरकारी खर्च र शिक्षा क्षेत्रमा भएको खर्चको तुलना तालिका १मा दिइएको छ। २०४७/४८मा कुल सरकारी खर्चको करिब १० प्रतिशत शिक्षा क्षेत्रमा खर्च भइरहेको देखिन्छ भने २०४८/४९को बजेटमा कुल सरकारी खर्चको १२ प्रतिशत शिक्षा क्षेत्रको निम्ति छुट्याएको पाइन्छ।

तालिका १

कुल सरकारी खर्च र शैक्षिक खर्च करोडमा

| क्र.सं | खर्च | २०४५/४६ वास्तविक | २०४६/४७ संशोधित अनुमान | २०४७/४८ अनुमान | २०४८/४९ अनुमान |
|---|---|---|---|---|---|
| १ | कुल सरकारी खर्च | १८००.५ | १८६६.५ | १९७९.१ | २६६४.० |
| २ | कुल शिक्षा खर्च | १७४.२ | १९५.० | २१०.६ | ३२०.५ |
| ३ | शिक्षा खर्च र सरकारी खर्चको अनुपात (प्रतिशत) | ९.७ | १०.४ | १०.५ | १२.० |

कुल ग्राहस्थ्य उत्पादनसँग शिक्षा क्षेत्रको खर्च दाँजेर हेर्दा यसबाट पनि शिक्षा क्षेत्रमा देशले कति प्रयास गरेको छ भन्ने संकेत मिल्छ। २०३१/३२मा (GDP) को ०.९ प्रतिशत मात्र शिक्षा क्षेत्रमा खर्च भएको देखिन्छ भने २०४५/४६मा यो प्रतिशत बढेर २.२ प्रतिशत भएको देखिन्छ। यहाँ स्मरणीय कुरा के छ भने यो प्रशित सरकारी खर्चलाई मात्र लिइएको छ। परिवारले गरेको खर्च शुल्क, किताब, परिवहन, लुगा आदि पनि निकै धेरै छ। यसको हिसाब उक्त प्रतिशतमा समावेश भएको छैन। त्यस्तै निजी क्षेत्र र समुदायले गरेको खर्च पनि समावेश गरिएको छैन। यी खर्चहरु पनि जोडेको खण्डमा (GDP) को बढी प्रतिशत शिक्षा क्षेत्रमा खर्च भएको देखिने छ। गत विभिन्न वर्षमा शिक्षा क्षेत्रमा गरिएको खर्चको विवरण परिशिष्टमा दिइएको छ। विभिन्न पञ्चवर्षीय योजनामा कुल सरकारी खर्च र शिक्षा क्षेत्रमा भएको खर्च दाँजेर हेर्दा छैठौं योजना

(२०३७-४२)मा ११.३ प्रतिशत र सातौँ योजना (२०४२-४७)मा १०.४ प्रतिशत शिक्षा क्षेत्रमा खर्च भएको देखिन्छ।

शिक्षा क्षेत्रका कार्यक्रमहरुः हाल नेपालमा संचालित सबैजसो एकीकृत ग्रामीण विकास परियोजनाहरुमा शिक्षासम्बन्धी कार्यक्रमहरु रहेका छन् र ती शिक्षा तथा संस्कृति मन्त्रालयको कार्यक्रमभन्दा भिन्न छन् । विद्यालयहरुको भौतिक स्थितिको स्थितिको सुधार, प्रौढशिक्षा कक्षा संचालन, शिक्षकहरुको छोटा अवधिका तालिम जस्ता कार्यक्रमहरु यी एकीकृत ग्रामीण विकास परियोजनाहरुमा पाइन्छन्।

शिक्षा खर्चको स्वरुपः श्री ५ को सरकारको २०४७/४८ र २०४८/४९ को बजेटअनुसार विनियोजित बजेटको (साधारण र विकास) बाँडफाँड तालिकामा दिएअनुसार छ। गत दशक भित्र विभिन्न तहको शिक्षामा सरकारी खर्चको बाँडफाँडमा ठूलो परिवर्तन आएको छ। २०३५/३६मा २८ प्रतिशत बजेट रकम मात्र प्राथमिक शिक्षामा खर्च गरिएको थियो भने २०४५/४६मा झण्डै ४५ प्रतिशत बजेट रकम प्राथमिक शिक्षामा खर्च गरिएको छ। २०४७/४८मा प्राथमिक शिक्षामा शिक्षा बजेटको ४८ प्रतिशत रकम र २०४८/४९मा ४९.३ प्रतिशत रकम छुट्याइएको छ। माध्यमिक शिक्षातर्फ खर्च गरिएको रकमको अनुपातमा ह्रास आएको छ। २०३५/३६मा शिक्षा बजेटको २१.४ प्रतिशत माध्यमिक शिक्षामा लगाइएको थियो भने २०४५/४६मा यो १६.३ प्रतिशतमा झर्‍यो। २०४७/४८मा यो घटेर १५ प्रतिशत जति रहेको छ भने २०४८/४९मा यसमा अझ कमी आई १३.२ प्रतिशत हुन गएको छ।

तालिका २
शैक्षिक खर्च

| क्र.सं | तह | बजेट रकमको प्रतिशत | |
|---|---|---|---|
| | | २०४७/४८ | २०४८/४९ |
| १ | प्राथमिक शिक्षा | ४८.० | ४९.३ |
| २ | माध्यमिक शिक्षा | १५.५ | १३.२ |
| ३ | प्रौढ शिक्षा | ०.४ | ०.६ |
| ४ | उच्च शिक्षा | २३.० | २८.१ |
| ५ | प्राविधिक व्यावसायिक शिक्षा | १.६ | १.७ |
| ६ | शिक्षा प्रशासन, पाठ्यक्रम-पाठ्यपुस्तक, शिक्षक तालिम, महिला शिक्षा | ९.९ | ३.७ |
| ७ | अन्य | १.६ | ३.४ |



शिक्षा मन्त्रालय

आर्थिक वर्ष २०३५/३६मा उच्च शिक्षा तर्फ श्री ५ को सरकारको खर्च ३७.१ प्रतिशत थियो। २०३९/४०मा कुल शिक्षा बजेट खर्चको ५० प्रतिशत भन्दा केही बढी उच्च शिक्षामा गएको थियो भने २०४७/४८मा २३ प्रतिशत रकम मात्र उच्च शिक्षालाई छुट्याइएको थियो । आर्थिक वर्ष २०४८/४९मा यो रकम २८.१ प्रतिशत देखिन्छ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

क) सरकारी स्रोतको बढ्दो माग

शिक्षा क्षेत्रमा सुधार ल्याउन र विभिन्न सामाजिक तथा आर्थिक उद्देश्य प्राप्तिका निम्ति श्री ५ को सरकारले आफ्नो वचनबद्धता जनाइसकेको छ। केही मुख्य खर्च लाग्ने क्षेत्रहरुमा शिक्षाको अवसरमा विस्तार गर्ने, शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, थप विश्वविद्यालयहरु स्थापना गर्ने, माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क गर्ने र उच्च माध्यमिक शिक्षा व्यवस्था लागू गर्ने जस्ता कार्यहरु पर्दछन्। यस प्रकार विभिन्न नयाँ शैक्षिक कार्यक्रमहरु संचालन गर्न थप आर्थिक स्रोतहरुको आवश्यकता परेको छ।

ख) तहगत समस्याहरु

प्राथमिक शिक्षाः सबै प्राथमिक शिक्षकको तलब, मसलन्द खर्च, निःशुल्क पाठ्यपुस्तकको वितरण र छात्रवृत्तिहरु यी सबैको व्यवस्था दिगो रुपले गरिरहन श्री ५ को सरकारलाई धेरै कठिन भएको छ। शिक्षा खर्चको झण्डै ५० प्रतिशत प्राथमिक शिक्षामा खर्च हुन्छ र कुल खर्चको ९५ प्रतिशत शिक्षक तलबमा जान्छ। यसरी शिक्षाको गुणस्तर अभिवृद्धिका निम्ति नगण्य रकम बाँकी रहन्छ। प्राथमिक शिक्षा निःशुल्क प्रदान गरिने व्यवस्था भए तापनि प्राथमिक उमेर जाने उमेर भएका धेरैजसो बालबालिकाहरु विद्यालय गएका देखिँदैनन्। वि.सं. २०४५/४६को तथ्याङ्क अनुसार प्राथमिक शिक्षामा खास उमेरको भर्ना अनुपात ७४.३ प्रतिशत र छात्राहरुको मात्र खास उमेरमा भर्ना अनुपात ५५.४ प्रतिशत मात्र भएको देखिन्छ। प्राथमिक शिक्षामा खास उमेरको भर्ना अनुपात शतप्रतिशत पुर्‍याउनका निमित्त श्री ५ को सरकारले अझ बढी लगानी गर्नुपर्ने भएको छ। विद्यालयका लागि चाहिने पुस्तक, शैक्षिक सामग्री, फर्निचर तथा अन्य भौतिक सुविधा जुटाउनमा निमित्त स्थानीय स्रोत परिचालन गर्नुपर्ने भनिएको छ। प्राथमिक शिक्षामा शैक्षिक सामग्री तथा भौतिक सुविधाहरुको अभाव भएको देखिएकोले स्थानीय स्रोत परिचालन गर्न दिशा तर्फ सन्तोषजनका प्रगति हुन नसकेको तथ्य स्पष्ट भएको छ।

माध्यमिक शिक्षाः शिक्षकहरुलाई तलब दिनका निमित्त चाहिने रकमका लागि निर्धारित केही अंश श्री ५ को सरकारबाट बेहोरेको देखिन्छ। विद्यालयको लागि चाहिने पुस्तक, शैक्षिक सामग्री, फर्निचर तथा अन्य भौतिक सुविधा जुटाउनको निमित्त स्थानीय स्रोत परिचालन गर्नु पर्ने भनिएको छ। तर स्थानीय स्रोत परिचालन गर्ने दिशातर्फ सन्तोषजनक प्रगति भएको पाइँदैन। वि.सं २०४५/४६को तथ्याङ्कअनुसार माध्यमिक शिक्षामा विद्यार्थी भर्ना अनुपात ३२ प्रतिशत भएको देखिन्छ। माध्यमिक शिक्षामा सहभागिता बढाउने उद्देश्यले श्री ५ को सरकारले माध्यमिक शिक्षा क्रमशः निःशुल्क गर्दै लैजाने निर्णय गरिसकेको छ। माध्यमिक शिक्षा निःशुल्क भएपछि माध्यमिक विद्यालयका शिक्षकहरुलाई तलब दिनको निमित्त चाहिने रकम उपलब्ध गराउन श्री ५ को सरकारको आर्थिक दायित्व अझ बढ्ने देखिन्छ।

माध्यमिक विद्यालयको आम्दानीको मुख्य स्रोत शिक्षण शुल्क हो। माध्यमिक शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था भएपछि विद्यार्थीबाट शिक्षण शुल्क नलिने स्थितिमा शैक्षिक तथा प्रशासनिक स्टाफको तलब शतप्रतिशत श्री ५को सरकारले बेहोर्ने अवस्था स्वतः सिद्ध छ। यति भए पनि विद्यालय संचालन गर्नका लागि आवश्यक हुने पुस्तक, शैक्षिक सामग्री, फर्निचर तथा अन्य भौतिक सुविधा (भवन, मरमत, कोठा थप आदि) जुटाउनको निम्ति चाहिने आर्थिक स्रोतको व्यवस्था समेत गर्नुपर्ने हुन्छ।

उच्च शिक्षाः खास गरी श्री ५ को सरकारबाट प्राप्त हुने अनुदानको आधारमा त्रिभुवन विश्वविद्यालय संचालन भइरहेको देखिन्छ। विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा न्यूनतम शुल्क लिने गरेको तथा सबै किसिमका उच्च शिक्षामा एउटै शुल्क दर कायम गरेको देखिन्छ। उच्च शिक्षाको माग दिनप्रतिदिन बढ्दै गएको छ। माध्यमिक शिक्षाको तुलनामा उच्च शिक्षा ज्यादै खर्चिलो पनि छ। माग अनुसार उच्च शिक्षा कार्यक्रम विस्तार गर्ने हो भने यस क्षेत्रमा लगानी गरिने रकममा थप स्रोत जुटाउनु पर्ने हुन्छ।उच्च शिक्षा क्षेत्रमा देखिएको विद्यार्थी भर्ना चाप र अन्य शैक्षणिक तथा प्रशासनिक समस्याहरु समाधान गर्नको निमित्त अरु थप विश्वविद्यालयहरु स्थापना गर्नु अत्यावश्यक भइसकेको छ। यसरी थप नयाँ विश्वविद्यालयहरु स्थापना गर्न उच्च शिक्षा क्षेत्रमा अझ बढी रकम लगानी गर्नुपर्ने स्थिति स्पष्टै छ।

उच्च माध्यमिक शिक्षाः श्री ५ को सरकारले शिक्षाको संरचनामा व्यापक परिवर्तन गरी उच्च माध्यमिक (१०+२) संरचनाका विद्यालयहरुको स्थापना गर्ने निर्णय गरिसकेको छ। एसएलसी परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुलाई २ वर्षको उच्च माध्यमिक शिक्षा

प्रदान गर्ने कुरा सिद्धान्ततः स्वीकृत भइसकेको छ। अतः उच्च माध्यमिक शिक्षा दिने व्यवस्था मिलाउनका निमित्त आवश्यक पूर्वाधार खडा गर्न र यसको संचालनका लागि व्यवस्था मिलाउन श्री ५ को सरकारले थप लगानी गर्नुपरेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षाः प्राविधिक दक्ष जनशक्तिको माग अनुसार आपूर्ति हुन सकेको छैन। आधारभूत स्तर र मध्यस्तरको प्राविधिक दक्ष जनशक्तिको आपूर्ति बढाउनको निमित्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई अझ विस्तार गर्नुपरेको छ। यो तालिम कार्यक्रमव विस्तार गर्नको लागि यस क्षेत्रमा अझ बढी रकम लगानी गर्नुपर्ने भएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विभिन्न प्राविधिक शिक्षालयहरु मार्फत प्रदान गरिन्छ। यी विद्यालयहरुमा शुल्क लिइँदैन, बरु छात्रवृत्त दिइन्छ। शहरी क्षेत्रमा अवस्थित तालिम केन्द्रहरुमा भर्नाको निम्ति उपलब्ध सीट संख्या भन्दा धेरै गुना बढी आवेदन पर्दछन्। आवासीय स्वरुप र छात्रवृत्ति दिने व्यवस्थाबाट यी शिक्षालयहरुमा एकाइ लागत निकै बढी भएको पाइन्छ।

प्रौढ शिक्षाः देशको साक्षरता २०४७मा ३६ प्रतिशत भएकोमा अहिले बढेर ३९ प्रतिशत पुगेको अनुमान छ ।२०५७ सालसम्ममा यो साक्षरता प्रतिशतलाई ६७ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राखिएको छ। हाल शिक्षा तथा संस्कृति मन्त्रालयको कुल शिक्षा बजेटको १ प्रतिशत भन्दा कम रकम प्रौढ शिक्षा कार्यक्रमहरुको निम्ति लगाइँदै आएको छ। देशमा कार्यरत विभिन्न गैरसरकारी संगठनहरु र विभिन्न जिल्लाहरुमा संचालन भइरहेका एकीकृत ग्रामीण विकास आयोजनाहरुले प्रौढ शिक्षा कार्यमा धेरै योगदान दिइरहेका छन्। विभिन्न संगठनहरु र आयोजनाहरुले शिक्षा तथा संस्कृति मन्त्रालयका शिक्षण सामग्रीहरुलाई प्रयोगमा ल्याएर समेत प्रौढ शिक्षा कार्यक्रम संचालित गरेका छन्। हाल प्रौढ शिक्षा कार्यक्रमको लागि छुट्याइएको रकम न्यूनतम भएको अनुभव गरिएको छ।

**सुझाउहरु :**

प्रमुख सुझाउहरु

(१) शिक्षा विकासका विभिन्न उद्देश्यहरु प्राप्त गर्न सरकारले शिक्षा क्षेत्रलाई थप वित्तीय स्रोत उपलब्ध गराउनु पर्दछ। थप विद्यार्थीहरुलाई पढाउन, शिक्षाको गुणस्तरमा बृद्धि गर्न तथा नयाँ कार्यक्रमहरु संचालन गर्न बढी खर्चको आवश्यकता पर्दछ। शिक्षामा निजी क्षेत्रको संलग्नतामा बृद्धि हुने देखिए तापनि आगामी वर्षहरुमा शिक्षा क्षेत्रको खर्चको ठूलो अंश श्री ५ को सरकारको

बजेटबाट उपलब्ध गराउनु पर्ने देखिन्छ। यस निम्ति शिक्षा क्षेत्रको निम्ति कुल बजेटको अंशमा बृद्धि गर्नु आवश्यक हुन्छ। यस परिप्रेक्ष्यमा कुल बजेटको १५ प्रतिशत शिक्षा क्षेत्रलाई उपलब्ध गराउने सिद्धान्त अँगाल्नु उचित देखिन्छ।

(२) प्राथमिक तथा माध्यमिक शिक्षाको निम्ति श्री ५ को सरकारले उपलब्ध गराउने रकम सम्पूर्णतया शिक्षक तलबमा जाने भएको हुँदा, शिक्षाको गुणस्तरमा गुणस्तर विकास गर्नका निम्ति अरु वैकल्पिक स्रोतहरु खोज्नु पर्ने हुन्छ। यस्ता स्रोतहरुमा मुख्यतः स्थानीय स्रोत आउँछन्। जिल्ला विकास समिति र गाउँ विकास समितिहरुलाई स्थानीय तहमा प्राप्त हुने रकमको निश्चित प्रतिशत विद्यालयहरुको शैक्षिक सुविधा विस्तार र गुणस्तर बृद्धिको काममा प्रयोग गर्नु उचित हुनेछ।

(३) हाल रहेको दरबन्दीको आधारमा अनुदान दिने व्यवस्थाको सट्टा निम्न बमोजिमको व्यवस्था हुनुपर्छ:

- (क) विद्यालयलाई दिइने अनुदान जिल्ला शिक्षा कार्यालय मार्फत उपलब्ध गराउने,
- (ख) अहिले अनुदान प्राप्त गर्ने विद्यालयहरुलाई अहिले जस्तै अनुदान दिने,
- (ग) भविष्यमा श्री ५ को सरकारले विद्यालय नक्साङ्कनको आधारमा खोलेका विद्यालयलाई साल बसाली एकमुष्ट अनुदान दिने,
- (घ) भविष्यमा स्थानीय जनताले खोलेका विद्यालयहरुलाई निधारित तहको पूरा कक्षाहरु संचालन भइसकेपछि सरकारी अनुदान दिने,

(४) उच्च शिक्षातर्फ प्राविधिक शिक्षा प्रदान गर्ने विदेशी संस्थाहरुले नेपालमा विद्यालयहरु, महाविद्यालयहरु र उच्च शैक्षिक संस्थानहरुको स्थापना गर्न चाहेमा श्री ५ को सरकारले निर्धारित गरेका नियममा रही निजी क्षेत्रमा संचालन गर्न दिनुपर्छ।

(५) विद्यालय तहको शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन तथा शिक्षा प्रदान गर्ने कार्यमा जनसहभागिता बढाउन जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकालाई विद्यालय स्थापना गर्ने र संचालन गर्ने कार्यमा संलग्न गराउनु पर्दछ। यी निकायहरुले स्थानीय स्तरमा उठाउने करको केही प्रतिशत अनिवार्य रुपले शिक्षण संस्थाहरु संचालन गर्नमा लगाउनु पर्ने व्यवस्था गर्नु पर्दछ।

**तहगत सुझाउहरु :**

(६) प्राथमिक विद्यालयका शिक्षकहरुको तलब, भत्ता तथा मसलन्दको लागि चाहिने सम्पूर्ण रकम श्री ५ को सरकारबाट अनुदान स्वरुप प्रदान गर्नु पर्दछ।

(७) विद्यालय भवन निर्माण, फर्निचर तथा अन्य पूँजीगत खर्चको लागि चाहिने सम्पूर्ण रकम स्थानीय स्रोत परिचालन गरी जुटाउनु पर्दछ। यसका निमित्त श्री

५ को सरकारले त्यस बराबरको रकम अनुदानका रुपमा दिने व्यवस्था गर्नु पर्दछ।

(८) प्राथमिक र माध्यमिक शिक्षामा छात्राहरुको सहभागिता बढाउनको निमित्त कम प्रतिशत भर्ना हुने जिल्लाहरुमा छात्रवृत्ति कोटा वा अन्य सुविधा (पोशाक आदि) को वृद्धि गर्नु पर्दछ।

(९) प्राथमिक र माध्यमिक विद्यालयमा भर्ना भएका पिछडिएका वर्ग र समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति तथा विद्यालय पोशाक दिने व्यवस्था गर्नु पर्दछ।

(१०) श्री ५ को सरकारबाट नियमित रुपमा अनुदान दिनु नपर्ने र निजी स्रोतमा संचालित भएका विद्यालयहरु, महाविद्यालयहरु र उच्च शैक्षिक संस्थानहरुलाई तिनका शैक्षिक कार्यक्रमको संचालन, विस्तार तथा सुदृढीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउन पटके अनुदान, सरल ऋण जस्ता सहुलियतहरुको व्यवस्था गर्नु उचित देखिन्छ।

(११) माध्यमिक विद्यालयहरुमा भौतिक सुविधाहरुमा विस्तार गर्नुका साथै शिक्षाको गुणस्तरमा वृद्धि गर्नुपर्ने भएकोले शिक्षण शुल्क वाहेक अन्य रकम उठाउन पाइने व्यवस्था गर्नु पर्दछ।

(१२) माध्यमिक शिक्षा क्रमशः निःशुल्क गर्दै जाने क्रममा सरकारलाई पर्न जाने थप व्ययभारको लेखाजोखा गरी निःशुल्क गरिसक्ने अवधि निश्चित हुनु पर्दछ।

(१३) प्राथमिक तहमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने नीतिको पुनरावलोकन गरी पुस्तक किन्न नसक्नेहरुले मात्र पुस्तक निःशुल्क पाउन सक्ने व्यवस्था मिलाउनुका साथै सहुलियत दरमा मुख्य पाठ्यपुस्तकहरुको बिक्री वितरणको व्यवस्था गर्नु पर्दछ।

(१४) जिल्ला शिक्षा समितिले श्री ५ को सरकारको अनुदानका साथै आफ्नो आन्तरिक स्रोतबाट समेत अर्थ संकलन गरी जिल्ला शिक्षा कोषको स्थापना गर्नुपर्छ र यसै कोषबाट विद्यालयहरुलाई अनुदान दिनुपर्छ।

(१५) विद्यालय, महाविद्यालय, विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थानहरुलाई आर्थिक सहयोग र चल अचल सम्पत्ति प्रदान गर्ने संस्था वा व्यक्तिहरुलाई कर माफी दिने र उचित रुपमा सम्मान गर्ने परिपाटी चलाउनु पर्छ।

(१६) विद्यालय, महाविद्यालय, उच्च शैक्षिक संस्थानहरु तथा विश्वविद्यालयहरुमा नियुक्त शिक्षक तथा कर्मचारीलाई पूरा कार्यभार दिनुपर्छ। काम नभएमा दरबन्दी भएकै आधारमा कुनै पदमा कसैलाई नियुक्त गर्नु हुँदैन।

(१७) उच्च माध्यमिक शिक्षा (१०+२) को विस्तार हुँदै जाने सन्दर्भमा आवश्यक खर्चको लेखाजोखा गरी बजेटको निर्धारण गर्ने र अनुदान दिने काम उच्च माध्यमिक शिक्षा परिषद्ले गर्नुपर्छ।

(१८) विद्यालयहरुलाई दिइने अनुदान जिल्ला शिक्षा समिति मार्फत उपलब्ध गराउनु पर्दछ। विद्यालयको शैक्षिक कार्यक्रम शिक्षकको दरबन्दी र जिल्लाको आर्थिक अनुदानको रकमको निर्धारण हुनुपर्दछ।

(१९) विश्वविद्यालयहरुको संचालन गर्नको निमित्त चाहिने रकम श्री ५ को सरकारबाट प्राप्त गरेर प्रत्येक विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थानहरुको आवश्यकता हेरी सो अनुदान दिने व्यवस्था विश्वविद्यालय अनुदान आयोगले गर्नु पर्द्दछ।

(२०) उच्च माध्यमिक तथा उच्च तहमा शिक्षण शुल्क निर्धारण गर्दा लागत पूरण सिद्धान्त लागू गरी शिक्षण शुल्कमा क्रमशः वृद्धि गर्दै लैजानु पर्दछ।

(२१) माध्यमिक तथा उच्चशिक्षाको अन्तिम परीक्षाहरुमा सर्वोच्च अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई हाल दिइएका छात्रवृत्ति कायम राख्नुपर्दछ र पिछडिएका वर्गका विद्यार्थीहरुलाई विशेष छात्रवृत्ति दिने व्यवस्था हुनुपर्दछ।

(२२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको एकाइ लागत घटाउनको निमित्त छात्रावासमा बसी पढ्ने विद्यार्थीका साथै दिउँसो घरबाट आई पढ्ने विद्यार्थीहरु राखी छात्र शिक्षक अनुपात बढाउने, शहरी क्षेत्रको विद्यालयमा छात्रवृत्ति दिने प्रथा बन्द गर्ने र शुल्क लिने, ग्रामीण क्षेत्रका विद्यालयमा छात्रवृत्ति न्यूनतम गर्ने तथा कम लागत पर्ने प्राविधिक, व्यावसायिक तालिम कार्यक्रमहरु संचालन गर्ने नीति अँगाल्नुपर्दछ।

(२३) देशको आर्थिक विकास गर्नको निमित्त आवश्यक हुने मध्यम स्तरको प्राविधिक जनशक्ति उपलब्ध गराउन प्राविधिक तथा बहु–प्राविधिक शिक्षाको विस्तार हुनु अत्यावश्यक छ। तर प्राविधिक कारणले गर्दा यी दुवै किसिमको शिक्षा ज्यादै खर्चिलो हुन सक्छ। यसर्थ प्राविधिक तथा बहु–प्राविधिक शिक्षाको संचालन गराउने उच्च माध्यमिक विद्यालयको लागि चाहिने रकमको केही अंश श्री ५ को सरकारले अनुदान स्वरुप प्रदान गर्नु पर्दछ।

(२४) अधिराज्यभरि स्थापना गरिएका ४४ वटा विशेष शिक्षा विद्यालयहरुमा करीव १,००० अपाङ्ग विद्यार्थीहरुले मात्र शिक्षा हासिल गर्ने मौका प्राप्त गरिरहेको हुँदा विशेष शिक्षा कार्यक्रम विस्तार गर्नको निमित्त अझ धैरै प्रयास गर्नुपर्छ। यो शिक्षा खर्चिलो भएकोले यसमा विद्यार्थीहरुबाट शिक्षण शुल्क लिनु न्यायोचित देखिँदैन। अतः विशेष शिक्षा कार्यक्रम श्री ५ को सरकारबाट प्राप्त हुने अनुदान तथा दातृ संस्थाहरुबाट प्राप्त हुने सहयोगको आधारमा संचालन गर्नु पर्ने देखिन्छ।

(२५) खास गरी उच्च शिक्षाका क्षेत्रका महाविद्यालय तथा शैक्षिक संस्थानहरु संचालन खर्च उठाउने सिद्धान्तमा जानुपर्छ र शिक्षण शुल्क र अन्य शुल्क लिए अनुसारको समुचित सेवा प्रदान गर्नुपर्छ।

(२६) प्रतिभाशाली र गरीब विद्यार्थीहरुलाई उच्चस्तरसम्मको अध्ययनका लागि अवसरहरु प्रदान गर्न राष्ट्रिय स्तरको एउटा छात्रवृत्ति कोषको व्यवस्था गर्नुपर्छ र राष्ट्रिय स्तरका सबै छात्रवृत्तिहरुको समन्वय गरी विद्यार्थीहरुलाई जानकारी उपलब्ध गराउनुपर्छ।

(२७) अनौपचारिक शिक्षाका कार्यक्रमहरुको संचालनमा सहयोग गर्न राष्ट्रिय स्तरमा एउटा अनौपचारिक शिक्षा कोषको स्थापना गर्नु पर्दछ।

(२८) प्रत्येक जिल्लामा जिल्ला शिक्षा समितिले एउटा शिक्षा परिक्रमा कोष (Revolving Fund) को स्थापना गरी त्यसबाट विद्यालयहरुले र गरीव बिद्यार्थीहरुले ऋण वा सापटी लिन सक्ने व्यवस्था हुनुपर्दछ।

शिक्षा मन्त्रालय

# अनुसूची

## शिक्षा क्षेत्रमा आवश्यक हुने रकमको पूर्वानुमान

श्री ५को सरकारको शिक्षा नीति अनुसार शिक्षाका विभिन्न क्षेत्रमा खर्च गर्नका निमित्त चाहिने रकमको विवरण तालिकाहरुमा दिइएका छन्।

प्राथमिक शिक्षाका लागि आवश्यक हुने रकमको विवरण आधारभूत प्राथमिक शिक्षाको गुरुयोजना (BPEP Master Plan)मा उल्लेख गरिए अनुसार प्रस्तुत गरिएको छ। उक्त गुरु योजनामा प्राथमिक शिक्षाका लागि आवश्यक हुने रकमको पूर्वानुमान २०४७/४८को मूल्यमा गरिएको हुनाले उक्त पूर्वानुमानमा १० प्रतिशत थप गरी २०४८/४९ को मूल्यमा प्रस्तुत गरिएको छ।

प्राथमिक शिक्षामा सहभागिता बढाउनका लागि श्री ५ को सरकारबाट संचालन गराइने विभिन्न कार्यक्रमहरुको सकारात्मक परिणाम प्राप्त हुने भएको हुनाले वि.सं. २०५७ सम्ममा बालबालिकाहरुको सहजै देखिने भर्ना अनुपात ११४ प्रतिशत र सहजै देखिने भर्ना अनुपात १०० प्रतिशत पुग्ने अनुमान गरिएको छ।

माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्याको सरदर वार्षिक वृद्धिदर ७ प्रतिशत भएको देखिएकोले यसै वृद्धि दरअनुसार वि.सं. २०५२ सम्ममा हुने विद्यालय संख्या पूर्वानुमान गरी उक्त विद्यालयहरुमा अध्यापन गराउनको निमित्त चाहिने अनुमानित रकमको निर्धारण गरिएको छ। २०५३ देखि २०५७ सम्मको पूर्वानुमान एकाइ लागतमा आधारित छ।

माध्यमिक शिक्षा क्रमशः निःशुल्क गर्दै लैजाने श्री ५ को सरकारको नीति अनुसार २०४८/४९ मा छैठौं कक्षामा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था भएको छ। यसै गरी २०४९/५०मा छैठौं र सातौँ कक्षामा निःशुल्क शिक्षा प्रदान गरिने अनुमान गरिएको छ। यहि क्रमले माध्यमिक शिक्षा निःशुल्क गर्दै लगेको खण्डमा २०५२/५३मा माध्यमिक तहका सबै कक्षामा निःशुल्क शिक्षा प्रदान गरिने देखिन्छ।

उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या वार्षिक ९ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ। २०४८/४९ मा उच्च शिक्षाको एकाइ लागत रु ५८२६ भएको देखिन्छ। यसरी विद्यार्थी संख्या र एकाइ लागत अनुमान गरी उच्च शिक्षा क्षेत्रको लागि आवश्यक हुने रकमको पूर्वानुमान गरिएको छ।

शिक्षा मन्त्रालय

अन्धा, बहिरा, अपाङ्ग तथा सुस्त मनःस्थितिका केटाकेटीहरुको लागि संचालन गरिने विशेष शिक्षा कार्यक्रम अन्तर्गत २०४९देखि २०५७ सम्ममा ६२६११ बालबालिकाहरुलाई प्राथमिक तथा माध्यमिक शिक्षा प्रदान गर्ने लक्ष्य राखिएको छ।विशेष शिक्षा कार्यक्रमको एकाइ लागत रु २९७२ हुने अनुमान गरिएको छ। यसरी विद्यार्थी संख्या र एकाइ लागत  अनुमान गरी विशेष शिक्षा कार्यक्रमको लागि चाहिने रकमको पूर्वानुमान गरिएको छ।

वि.सं. २०५७ सम्ममा साक्षरता दर ६७ प्रतिशत पुऱ्याउने लक्ष्य अनुसार २०४९ देखि २०५७ सम्ममा ३५,२०,००० पौढहरुलाई साक्षर तुल्याउनु पर्ने अनुमान गरिएको छ। यसै गरी बालशिक्षा कार्यक्रम अन्तर्गत १०,२३,३०० बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने लक्ष्य राखिएको छ। प्रौढ शिक्षा कार्यक्रमको एकाइ लागत रु ३२५ र बाल शिक्षा कार्यक्रमको एकाइ लागत रु ३७५ हुने अनुमान गरिएको छ।यसरी प्रौढहरुको संख्या, केटाकेटीहरुको संख्या र एकाइ लागत अनुमान गरी प्रौढ शिक्षा कार्यक्रम र बाल शिक्षा कार्यक्रम अन्तर्गत खर्च गर्नु पर्ने रकमको पूर्वानुमान गरिएको छ। प्रौढ शिक्षा कार्यक्रम संचालन गर्ने कार्यमा सरकारी तथा गैरसरकारी निकायहरु र स्वदेशी तथा विदेशी संघ संस्थाहरु समेत संलग्न हुने भएकोले यो कार्यक्रम संचालन गर्नका निमित्त चाहिने कुल रकमको ४५ प्रतिशत श्री ५ को सरकारले र ५५ प्रतिशत रकम स्वदेशी तथा विदेशी संघ-संस्थाहरुबाट बेहोर्ने अनुमान गरिएको छः

(१) प्राविधिक दक्ष जनशक्ति वार्षिक ७०० का दरले उत्पादन गर्ने
(२) यस तालिम कार्यक्रम अन्तर्गतका विद्यार्थीहरुलाई २ वर्ष ६ महिना तालिम दिने।
(३) वि.सं.२०४०/४१मा देखिएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको एकाइ लागत रु १८५९८ मुद्रा स्फितिले गर्दा वि.सं २०४८/४९ मा रु ३६२४२ हुने।

## तालिका नं ३

### प्राथमिक शिक्षाका लागि चाहिने रकम (रु लाखमा) (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या हजारमा | कुल खर्च २०४७/४८को मूल्यमा | कुल खर्च २०४८/४९को मूल्यमा |
|---|---|---|---|
| २०४९ | २८३३ | १९५८० | २१५३८ |
| २०५० | २९१७.८ | २०६०८ | २२६२२ |
| २०५१ | ३००६.१ | २१५११ | २३६६२ |
| २०५२ | ३०९८.१ | २२२०९ | २४४३० |
| २०५३ | ३१९४ | २३५८६ | २५९५६ |
| २०५४ | ३२९४ | २४५७२ | २७०२९ |
| २०५५ | ३३९८.२ | २४७३४ | २७२०७ |
| २०५६ | ३५०७ | २५६२६ | २८१८९ |
| २०५७ | ३६२०.५ | २६४९३ | २९१४२ |
| | | | |

## तालिका ४

### माध्यमिक शिक्षाका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या | खर्च | खर्चको १० प्रतिशत गुणस्तर वृद्धि गर्न | कुल खर्च (लाखमा) |
|---|---|---|---|---|
| २०४९ | ८४५२१० | ४८०२५१२४३ | ४८०२५१२४ | ५२८३ |
| २०५० | ९३०९३६ | ७५४९२५७२३ | ७५४९२५७९ | ८३०४ |
| २०५१ | १०२५६९४ | ९४२९७०५१५ | ९४२९७०५२ | १०३७३ |
| २०५२ | ११३०४६७ | ११९२५०२११५ | ११९२५०२१२ | १३११८ |
| २०५३ | १२१५००५ | १२५९४५९८९८ | १२५९४५९९७ | १३८५४ |
| २०५४ | १३०५८७७ | १३३१४०७२७२ | १३३१४०७२७ | १४६४६ |
| २०५५ | १४०३५५९ | १४०८७१६६८८९ | १४०८७१६८७ | १५४९६ |
| २०५६ | १५०८५६२ | १४९१७८९२१३ | १४९१७८९२१ | १६४१० |
| २०५७ | १६२१४३६ | १५८१०५४८१० | १५८१०५४८१ | १७३९२ |

शिक्षा मन्त्रालय

## तालिका ५

## उच्च शिक्षाका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या | एकाइ लागत | कूल लागत | गुणस्तर वृद्धिका लागि चाहिने रकम १० प्रतिशत | कुल खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| २०४९ | १५४६०० | ५८२६ | ९००६९९६०० | ९००६९९६० | ९९०८ |
| २०५० | १५३३०० | ५८२६ | ८९३१२५८०० | ८९३१२५८० | ९८२४ |
| २०५१ | १६७००० | ५८२६ | ९७२९४२००० | ९७२९४२०० | १०७०२ |
| २०५२ | १८१६०० | ५८२६ | १०५८००१६०० | १०५८००१६० | ११६३८ |
| २०५३ | २१५५०० | ५८२६ | १२५५५०३००० | १२५५५०३०० | १३८११ |
| २०५४ | २३४७०० | ५८२६ | १३६७३६२२०० | १३६७३६२२० | १५०४१ |
| २०५५ | २५५६०० | ५८२६ | १४८९१२५६०० | १४८९१२५६० | १६३८० |
| २०५६ | २७७८०० | ५८२६ | १६१८४६२८०० | १६१८४६२८० | १७८०३ |
| २०५७ | ३०२८०० | ५८२६ | १७६४११२८०० | १७६४११२८० | १९४०५ |

## तालिका ६

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या | एकाइ लागत | कूल लागत | कुल लागतको १० प्रतिशत | कुल खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| २०४९ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५० | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५१ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५२ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५३ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५४ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५५ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५६ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |
| २०५७ | १७५० | ३५२४२ | ६३४२२३५०० | ६३४२३५० | ६९७.७ |

तालिका ७

विशेष शिक्षाका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या | एकाइ लागत | कूल लागत | कुल लागतको १० प्रतिशत | कुल खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| २०४९ | १३६९ | २९७२ | ४०६८६६८ | ४०६८६७ | ४४.८ |
| २०५० | १८९४ | २९७२ | ५६२८९६८ | ५६२८९७ | ६१.९ |
| २०५१ | २६१९ | २९७२ | ७७८३६६८ | ७७८३६७ | ८५.६ |
| २०५२ | ३६२२ | २९७२ | १०७६४५८४ | १०७६४५८ | ११८.४ |
| २०५३ | ५०१० | २९७२ | १४८८९७२० | १४८८९७२ | १६३.८ |
| २०५४ | ६९२९ | २९७२ | २०५९२९८८ | २०५९२९८ | २२६.५ |
| २०५५ | ९५८३ | २९७२ | २८४८०६७६ | २८४८०६८ | ३१३.३ |
| २०५६ | १३२५४ | २९७२ | ३९३९०८८८ | ३९३९०८९ | ४३३.३ |
| २०५७ | १८३३१ | २९७२ | ५४४७९७३२ | ५४४७९७३ङ्क | ५९९.३ |

तालिका ८

प्रौढ शिक्षाका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | प्रौढ संख्या हजारमा | एकाइ लागत | कूल लागत हजारमा | कुल लागतको १० प्रतिशत हजारमा | कुल खर्च (लाखमा) | श्री ५ को सरकारले बेहोर्नु पर्ने रकम लाखमा |
|---|---|---|---|---|---|---|
| २०४९ | २८७ | ३२५ | ९३२७५ | ९३२८ | १०२६.० | ४६१.७ |
| २०५० | ३०८ | ३२५ | १००१०० | १००१० | ११०१.१ | ४९५.५ |
| २०५१ | ३३२ | ३२५ | १०७९०० | १०७९० | ११८६.९ | ५३४.१ |
| २०५२ | ३५७ | ३२५ | ११६०२५ | ११६०३ | १२७६.३ | ५७४.३ |
| २०५३ | ३८४ | ३२५ | १२४८०० | १२४८० | १३७२.८ | ६१७.८ |
| २०५४ | ४१३ | ३२५ | १३४२२५ | १३४२३ | १४७६.५ | ६६४.४ |
| २०५५ | ४४५ | ३२५ | १४४६२५ | १४४६३ | १५९०.९ | ७१५.९ |
| २०५६ | ४७९ | ३२५ | १५५६७५ | १५५६८ | १७१२.४ | ७७०.६ |
| २०५७ | ५१२ | ३२५ | १६७३७५ | १६७३८ | १८४१.१ | ८२८.५ |

शिक्षा मन्त्रालय

तालिका१०

बाल शिक्षाका लागि चाहिने रकम (२०४९-२०५७)

| साल | विद्यार्थी संख्या हजारमा | एकाइ लागत | कूल लागत हजारमा | कुल लागतको १० प्रतिशत हजारमा | कुल खर्च (लाखमा) | श्री ५ को सरकारले बेहोर्नु पर्ने रकम लाखमा |
|---|---|---|---|---|---|---|
| २०४९ | ५८ | ३७५ | २१७५० | २१७५ | २३९.३ | १०७.७ |
| २०५० | ८३ | ३७५ | ३११२५ | ३११३ | ३४२.४ | १५४.१ |
| २०५१ | १०७ | ३७५ | ४०१२५ | ४०१३ | ४४१.४ | १९८.६ |
| २०५२ | १३१ | ३७५ | ४९१२५ | ४९१३ | ५४०.४ | २४३.२ |
| २०५३ | १५६ | ३७५ | ५८५०० | ५८५० | ६४३.५ | २८९.६ |
| २०५४ | १८० | ३७५ | ६७५०० | ६७५० | ७४२.५ | ३३४.१ |
| २०५५ | २०४ | ३७५ | ७६५०० | ७६५० | ८४१.५ | ३७८.७ |
| २०५६ | २२९ | ३७५ | ८५८७५ | ८५८८ | ९४४.६ | ४२५.१ |
| २०५७ | २५३ | ३७५ | ९४८७५ | ९४८८ | १०४३.६ | ४६९.६ |

तालिका ११

शिक्षा क्षेत्रतर्फ उपलब्ध हुन सक्ने रकम (रु करोडमा) (२०४९-२०५७)

| साल | कुल गार्हस्थ्य उत्पादन | कुल सरकारी खर्च | शिक्षा क्षेत्रका लागि उपलब्ध हुने रकम | |
|---|---|---|---|---|
| | | | १२%((कुल स.ख.) | १५%(कुल स.ख.) |
| २०४९ | ११६६८.८ | २६५५.८ | ३१८.७ | ३९८.४ |
| २०५० | १२१५९.४ | २८२७.१ | ३३९.२ | ४२४.१ |
| २०५१ | १२७१३.३ | ३०२८.३ | ३६३.४ | ४५४.२ |
| २०५२ | १३३४४.५ | ३२५४.७ | ३९०.५ | ४८८.२ |
| २०५३ | १४०८९.७ | ३५१३.९ | ४२१.६ | ५२७.१ |
| २०५४ | १४९७५.७ | ३७९९.३ | ४५५.९ | ५६९.९ |
| २०५५ | १५७३९.५ | ४०७१.८ | ४८८.६ | ६१०.८ |

शिक्षा मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| २०५६ | १६५४२.२ | ४३६२.२ | ५२३.५ | ६५४.३ |
| २०५७ | १७३८५.८ | ४६७१.६ | ५६०.६ | ७००.७ |

स्रोतः क) २०४९ देखि २०५४ सम्मको कुल गार्हस्थ्य उत्पादनको अनुमान तथा कुल सरकारी खर्चको अनुमान राष्ट्रिय योजना आयोगको प्रक्षेपणमा आधारित।

क) २०५५ देखि २०५७ सम्मको कुल गार्हस्थ्य उत्पादन र कुल सरकारी खर्च (क) को प्रक्षेपणको प्रवृत्तिमा आधारित।

तालिका १२

शिक्षा क्षेत्रमा गरिएको खर्चको विवरण २०३२-२०४६ रु करोडमा

| साल | शिक्षा क्षेत्रमा गरिएको कुल खर्च (करोडमा) | शिक्षा क्षेत्रमा गरिएको खर्च र कुल गार्हस्थ्य उत्पादनको अनुपात (प्रतिशतमा) | शिक्षा क्षेत्रमा गरिएको खर्च र सरकारी खर्चको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|
| २०३२ | १५.४२ | ०.९ | १०.२ |
| २०३३ | २२.९४ | १.३ | १२.० |
| २०३४ | २५.३५ | १.४ | १०.९ |
| २०३५ | २७.०३ | १.३ | १०.१ |
| २०३६ | ३१.६३ | १.४ | १०.५ |
| २०३७ | ३३.०६ | १.४ | ९.५ |
| २०३८ | ३८.४२ | १.४ | ९.४ |
| २०३९ | ५१.९१ | १.६ | ९.७ |
| २०४० | ७३.४० | २.१ | १०.५ |
| २०४१ | ८१.५८ | २.० | ११.० |
| २०४२ | ८०.५६ | १.८ | ९.६ |
| २०४३ | १०८.७० | २.१ | ११.१ |
| २०४४ | १२७.८८ | २.१ | ११.१ |
| २०४५ | १४८.९३ | २.१ | १०.६ |
| २०४६ | १७४.१७ | २.२ | ९.७ |

स्रोतः नेपालः सेकेण्डरी एजुकेशन डेभलपमेन्ट (२), दि ब्रिटिश काउन्सिल, १९९१

तालिका १३

शिक्षा क्षेत्रमा खर्च गरिएको रकमको बाँडफाँड (२०३५-२०४८)

| साल | शिक्षा क्षेत्रमा खर्च गरिएको रकम | प्राथमिक शिक्षा क्षेत्रमा खर्च गरिएको रकम | प्रतिशत | माध्यमिक शिक्षा क्षेत्रमा खर्च गरिएको रकम | प्रतिशत | उच्च शिक्षामा खर्च गरिएको रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०३५ | २७.०३ | ७.३० | २७.० | ६.०५ | २२.४ | ९.३६ | ३४.७ |
| २०३६ | ३१.६३ | ८.८४ | २७.९ | ६.७७ | २१.४ | ११.७५ | ३७.१ |
| २०३७ | ३३.७६ | ९.८६ | २९.८ | ७.३९ | २२.४ | ११.८४ | ३५.८ |
| २०३८ | ३८.४२ | ११.४२ | २९.७ | ७.९५ | २०.७ | १५.०३ | ३९.१ |
| २०३९ | ५१.९१ | १६.४८ | ३१.७ | ८.६७ | १६.७ | २०.२३ | ३९.० |
| २०४० | ७३.४० | २२.४२ | ३०.५ | ११.३१ | १५.४ | ३७.०८ | ५०.५ |
| २०४१ | ८१.५८ | ३०.७१ | ३७.६ | ११.२१ | १३.७ | ३१.४१ | ३८.५ |
| २०४२ | ८०.५६ | ३२.१९ | ४०.० | १४.५० | १८.० | ३०.८३ | ३८.३ |
| २०४३ | १०८.७० | ४४.२४ | ४०.७ | १८.८८ | १७.४ | ४१.४५ | ३८.१ |
| २०४४ | १२७.८८ | ४६.७३ | ३६.५ | १९.६७ | १५.४ | ३६.५६ | २८.६ |
| २०४५ | १४८.९३ | ६८.६२ | ४६.१ | २१.५७ | १४.५ | ३७.९७ | २५.५ |
| २०४६ | १७४.१७ | ७७.९२ | ४४.७ | २८.३८ | १६.३ | ३८.१४ | २१.९ |
| २०४७ | १९५.०० | ९६.७१ | ४९.६ | ३३.२५ | १७.१ | ४६.५९ | २३.९ |
| २०४८ | २०७.८७ | १००.३० | ४८.३ | ३२.६० | १५.७ | ४८.५३ | २३.3 |

स्रोतः नेपालः सेकेण्डरी एजुकेशन डेभलपमेन्ट (२), दि ब्रिटिश काउन्सिल, १९९१

तालिका १४

शिक्षा क्षेत्रमा खर्च गरिने रकमको बाँडफाँड (प्रतिशतमा)

| साल | प्राथमिक अन्य | माध्यमिक शिक्षा | उच्च शिक्षा | प्राविधिक | विशेष शिक्षा व्यावसायिक | अनौपचारिक | शिक्षक शिक्षा |
|---|---|---|---|---|---|---|---|
| २०४९ | ५३.९ | १३.२ | २४.८ | १.७ | ०.१ | १.४ | ४.८ |
| २०५० | ५१.१ | १८.७ | २२.२ | १.६ | ०.१ | १.५ | ४.८ |
| २०५१ | ४८.७ | २१.४ | २२.० | १.४ | ०.२ | १.५ | ४.८ |
| २०५२ | ४५.८ | २४.६ | २१.८ | १.३ | ०.२ | १.५ | ४.८ |
| २०५३ | ४४.६ | २३.८ | २३.७ | १.२ | ०.३ | १.६ | ४.८ |
| २०५४ | ४३.९ | २३.८ | २४.० | १.१ | ०.४ | १.६ | ४.८ |
| २०५५ | ४२.३ | २४.१ | २५.५ | १.१ | ०.५ | १.७ | ४.८ |
| २०५६ | ४१.५ | २४.१ | २६.२ | १.० | ०.६ | १.८ | ४.८ |
| २०५७ | ४०.५ | २४.२ | २७.० | १.० | ०.८ | १.८ | ४.८ |

शिक्षा मन्त्रालय

# १२. शैक्षिक व्यवस्थापन तथा निरीक्षण

## १.पृष्ठभूमि

नेपालमा आधुनिक शिक्षा प्रणाली स्थापनाको प्रारम्भिक चरणदेखि नै शिक्षासम्बन्धी प्रशासन व्यवस्थाको स्थापना भएको देखिन्छ। राणा शासनकालमा एकजना जनरललाई शिक्षा विषयको तालुक दिइन्थ्यो र पछि यस पदलाई महानिर्देशक भनी नामाकरण गरेको देखिन्छ। आधुनिक शिक्षाको विस्तार भएपछि महानिर्देशकअन्तर्गत भाषा पाठशाला, आधार शिक्षाका विद्यालय, संस्कृत विद्यालय, अंग्रेजी हाइस्कूल र कलेजहरु संचालन गरिए। यस्ता शिक्षण संस्थाका शिक्षकहरुलाई तलब दिनका निम्ति स्कूल गोश्वारा अड्डाको पनि व्यवस्था भएको थियो। २००७सालको राजनैतिक परिवर्तनपछि सरकारको शिक्षा नीतिमा व्यापक परिवर्तन आयो । विद्यालयको संख्या बढाउनका निम्ति तथा संचालित भएका शिक्षा संस्थाहरुको व्यवस्थापनका लागि शिक्षा मन्त्रालयको स्थापना भयो। २००७सालदेखि २०२७साल सम्ममा शिक्षाको सुविधाको छिटो विस्तार हुनुको साथै श्री ५ को सरकारको संयुक्तराज्य अमेरिकी सरकारसँग भएको शिक्षा विकास सहयोग कार्यक्रमले ल्याएका शिक्षा विकासका नयाँ क्षेत्रहरुको व्यवस्था गर्न, शिक्षाका निम्ति प्रशासनको संगठनमा व्यापक परिवर्तन ल्याइयो। शिक्षक तालिम, प्रौढ शिक्षा, सामग्रीको उत्पादन, प्राथमिक तथा माध्यमिक शिक्षाको विस्तार जस्ता नयाँ कार्यक्रमहरु संचालन गर्न शिक्षा विभागलाई व्यापक विस्तार गरियो। २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनको सिलसिलामा शैक्षिक प्रशासनको क्षेत्रमा अर्को मोड देखा पऱ्यो। शिक्षा मन्त्रालयलाई नीति निर्माण, मूल्याङ्कन तथा अनुगमन जस्ता कार्यमा संलग्न गराउने र कार्यान्वयनको काम सबै क्षेत्रीय कार्यालयहरुलाई सुम्पने सिद्धान्तका आधारमा राष्ट्रिय शैक्षिक व्यवस्थापनको संगठनमा व्यापक परिवर्तन ल्याइयो। शिक्षा मन्त्रालयमा महाशाखाहरु थपिए र केन्द्रीय शिक्षा विभागको व्यवस्था खारेज गरियो।

नेपालमा आधुनिक शिक्षा प्रणालीको स्थापनाको प्रारम्भिक समयदेखि नै विद्यालय निरीक्षण व्यवस्थाको पनि प्रचलन भएको पाइन्छ।राणाकालीन प्रशासन व्यवस्थामा शिक्षाको सुविधाको विस्तार गर्ने नीति नभए पनि खुलेका केही विद्यालयहरु निरीक्षण गर्न विद्यालय निरीक्षक (Inspector of School) नियुक्त गरी विद्यालय निरीक्षण गराउने व्यवस्थाको प्रारम्भ भएको थियो। राणा कालको अन्ततिर देशलाई क्षेत्रहरुमा(Zones) विभाजित गरी प्रत्येकका लागि जोनल इन्स्पेक्टर (Zonal

Inspector) नियुक्त गरी विद्यालय निरीक्षण गराउँने काम भएको पाइन्छ। २००७ सालको राजनैतिक परिवर्तन पछि केन्द्रमा चीफ इन्स्पेक्टर अफ स्कूल (Chief Inspector of Schools) को पदको पनि सृजना गरी विद्यालय निरीक्षणलाई अझ प्रभावकारी गराउन खोजिएको देखिन्छ। २००७ सालको परिवर्तनपछि देशमा विद्यालयहरुको संख्या ज्यादै छिटो गतिमा बढेको हुनाले यी विद्यालयहरुको निरीक्षण गर्न निरीक्षण व्यवस्थामा नै धैरै पटक परिवर्तनहरु ल्याइएको देखिन्छ। परिवर्तित राजनैतिक परिप्रेक्ष्यमा निरीक्षकहरुको भूमिकामा पनि परिवर्तन भयो। राणाकालमा विद्यालयको संख्या वृद्धिमा प्रोत्साहन नदिने गरी विद्यालयको कार्यकलापमा नियन्त्रण गर्नु निरीक्षणको उद्देश्य हुन्थ्यो र २००७ साल पछि निरीक्षणहरुले जनसमुदायलाई विद्यालयहरु स्थापना गर्न प्रोत्साहन दिने काम गर्न थाले र यस्ता विद्यालयहरुलाई आर्थिक सहायता वितरण गर्ने काम गरे। त्यसपछि २०१८ सालमा देशलाई १४ अंचलमा विभाजित गरेपछि प्रत्येक अंचलमा नियुक्त अंचल शिक्षा अधिकारी र देशलाई ७५ विकास जिल्लामा विभाजित गरिएपछि ७५ वटै जिल्लामा नियुक्त जिल्ला शिक्षा निरीक्षकहरुको निरीक्षण कार्यलाई अघि बढाए। २०१८ सालदेखि २०४८ सालको तीन दशकमा विद्यालय प्रशासन तथा निरीक्षण व्यवस्थामा धैरै पटक परिवर्तन ल्याइएको पाइन्छ। यी परिवर्तनहरु मध्ये २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्ने सिलसिलामा ल्याइएको परिवर्तन नै सबभन्दा प्रमुख मान्न सकिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजनामा विद्यालय निरीक्षणको भूमिकाको महत्वलाई स्पष्टरुपमा उल्लेख गर्नुका साथै विद्यालय निरीक्षकको अनुपात पनि निर्धारण गरेको पाइन्छ। जिल्लाको शिक्षाको प्रमुखलाई जिल्ला शिक्षा अधिकारी भन्ने नामाकरण गर्नुका साथै प्रत्येक जिल्लामा विद्यालय संख्याको आधारमा माध्यमिक विद्यालय निरीक्षक तथा प्राथमिक विद्यालय निरीक्षकका पदहरु सृजना भए। राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनको सिलसिलामा निर्धारित संख्यामा निरीक्षक तथा अधिकारीहरुको नियुक्त गरी कार्य संचालन गरियो। जिल्लाको अलावा प्रत्येक क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशकको कार्यालयहरु पनि स्थापित गरिए। २०२८सालमा शिक्षाको नयाँ ऐन र नियम लागू गरिएको थियो। यस नियमलाई २०४६ सालसम्ममा आठ पटक संशोधन गरी सामयिक सुधार ल्याउन प्रयास गरेको देखिन्छ। साथै शिक्षा ऐनमा नै सुधार गरी क्षेत्रीय शिक्षा निर्देशकलाई क्षेत्रीय शिक्षा निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीलाई जिल्ला शिक्षा निरीक्षक गरी नयाँ नामाकरण गरेको देखिन्छ।

नेपालमा आधुनिक उच्च शिक्षाको व्यवस्थाको शुरु देखि नै शिक्षा विभाग तथा शिक्षा मन्त्रालयले यस्ता संस्थाहरुको व्यवस्थापन गर्दथ्यो। देशमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि यस विश्वविद्यालयलाई आफ्नो क्याम्पस संचालन गर्न केही स्वायत्तता दिइयो। २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयन गर्ने सिलसिलामा बनेको त्रिभुवन विश्वविद्यालय ऐनले यस विश्वविद्यालयलाई बढी स्वायत्तता दियो। देशमा भएका सबै सरकारी तथा निजी क्याम्पसहरुलाई यसै अन्तर्गत ल्याइयो । उच्च शिक्षाको क्षेत्र वृद्धिको सिलसिलामा यसका आंगिक तथा निजी क्षेत्रका क्याम्पसहरु बढ्दै गएका छन्। त्रिभुवन विश्वविद्यालयको वर्तमान ऐनको व्यवस्थाअनुसार यो पूर्ण रुपले स्वतन्त्र छ र यसले श्री ५को सरकारको निर्देशन पालन गर्नु पर्ने पनि छैन। यस्तै दाङमा महेन्द्र संस्कृत विश्वविद्यालय पनि संचालित छ। तर यी विश्वविद्यालयहरु प्रशासकीय स्वायत्तता भएर पनि आर्थिक रुपले श्री ५को सरकारको मातहतमा आश्रित छन्। हाल सालै २०४८ सालमा निजी क्षेत्रमा काठमाडौँ विश्वविद्यालयको स्थापना भएको छ।

**२.वर्तमान स्थिति**

शैक्षिक व्यवस्थापनको वर्तमान स्थितिको समीक्षा गर्दा २०२८सालमा यस क्षेत्रमा ल्याइएको व्यापक परिवर्तनलाई नै एक प्रमुख आधार मान्नु पर्ने हुन्छ। अहिले जे जति व्यवस्थापनका संगठन, संस्था र संरचना संचालन छन्, ती प्रायः सबै नै त्यस बेला राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनको सिलसिलामा स्थापित भएका हुन्। त्यस समयको व्यवस्थागत परिवर्नका अनुसार केन्द्रीय शिक्षा मन्त्रालय नीति निर्माण, अनुगमन, मूल्याङ्कनमा संलग्न रहने र कार्यान्वयनको कामको सम्पूर्ण जिम्मा क्षेत्रीय तथा जिल्ला तहको कार्यालयलाई दिने नीति लिइएको थियो। यसरी नै उच्च शिक्षाका क्षेत्रमा विश्वविद्यालयलाई अध्ययन संस्थानहरुको सामूहिक रुप बनाई अध्ययन संस्थानहरुलाई पूर्ण अधिकार प्रदान गरिएको थियो र विकेन्द्रीत सिद्धान्तका आधारमा देशमा उच्च शिक्षा व्यवस्थापनको पूर्ण जिम्मा त्रिभुवन विश्वविद्यालयलाई दिइएको थियो।

जुन सिद्धान्तको आधारमा राष्ट्रिय शैक्षिक व्यवस्थापनको संगठन तथा कार्यान्वयन प्रकिया बनेको थियो, त्यो सिद्धान्त फेरिएको विषयमा आधिकारिक प्रकाशन वा सूचना दिइएको देखिन्न। तर व्यवहारमा ती सिद्धान्तहरुको अवलम्बन पनि भएको देखा परेको छैन। यसैले वर्तमान व्यवस्थापनको प्रभावकारिता तथा दक्षताको मूल्याङ्कन गर्न

त्यति सजिलो देखिन्न। कुन आधारमा वर्तमान व्यवस्थापनको समीक्षा गर्ने भन्ने ठूलो प्रश्न छ। अर्को महत्वपूर्ण कुरा के हो भने देशको शैक्षिक व्यवस्थापनको संगठन र प्रक्रिया राष्ट्रिय व्यवस्थापनको एक भाग मात्र हो। यसैले यस क्षेत्रलाई मात्र अलग्याएर मूल्याङ्कन गर्न पनि सकिन्न्। देशको आर्थिक, राजनैतिक, सामाजिक र भौगोलिक परिप्रेक्ष्य र सीमानाभित्र रही वर्तमान शैक्षिक व्यवस्थापनले अधिराज्यका उच्च, माध्यमिक तथा प्राथमिक शिक्षामा अन्दाजी २० हजार विद्यालयहरुको व्यवस्थापन गर्दै आएको छ। यसैले प्रश्न अक्षमताको होइन, प्रश्न क्षमताको स्तर (Level of efficiency) को हो।

शैक्षिक व्यवस्थापनको समीक्षा गर्दा उच्च शिक्षा तथा विद्यालय शिक्षा -यी दुई फाँटलाई स्पष्ट छुट्याउन आवश्यक छ किनभने २०२८ सालपछि उच्च शिक्षाको व्यवस्थापन पक्षको पूर्ण जिम्मा त्रिभुवन विश्वविद्यालयलाई दिइएको थियो। शिक्षा मन्त्रालयलाई विद्यालय प्रशासन पक्षमा मात्र जिम्मेदार बनाइएको थियो। शुरुमा विद्यालय तथा उच्च शिक्षाको समन्वय गर्ने काम राष्ट्रिय शिक्षा समितिलाई दिइएको थियो। त्रिभुवन विश्वविद्यालय ऐनको संशोधनपछि यस समितिले पनि समन्वय गर्न नपर्ने अवस्था आएको देखिन्छ। साथै देशको शैक्षिक नीति निर्माण अनुसन्धान शैक्षिक कार्यक्रमहरुको मूल्याङ्कन अवधिको क्षेत्रमा पनि हाल यसले कुनै कार्य गरेको देखिँदैन।

व्यवस्थापनको दक्षता तथा प्रभावकारिताको समीक्षा गर्दा वस्तुगत आधारको अधिकतम आवश्यकता पर्दछ किनभने कार्य सम्पादन कुनै खास व्यक्ति वा व्यक्ति समूहबाट हुने कामलाई कुनै व्यक्ति वा व्यक्ति समूहले मूल्याङ्कन गर्दा तिनमा व्यक्तिगत धारणा र भावनाले प्रभाव पार्दछन्। शैक्षिक व्यवस्थापन के का लागि स्थापना भएको छ। यसको उद्देश्य के हो? यही कुराको विश्लेषणबाट शैक्षिक प्रशासनको दक्षता स्तर पनि वस्तुगत रुपले मापन गर्न सजिलो हुनेछ।

उपलब्ध साधन र स्रोतको अधिकतम उपयुक्त स्तरमा परिचालन गरी राष्ट्रिय शिक्षाको उद्देश्य प्राप्त गर्नु शैक्षिक व्यवस्थापनको प्रमुख उद्देश्य मान्न सकिन्छ। देशमा संचालित शिक्षण संस्थाहरुमा निर्धारित पाठ्यक्रम (अध्ययन अध्यापन स्थिति) तथा सम्बन्धित कार्यकलापहरु निर्धारित प्रक्रियाअनुसार संचालित भएपछि मात्र राष्ट्रिय शिक्षाको उद्देश्य पूरा हुन्छ। उच्च शिक्षण संस्थाहरुमा पठनपाठको स्थितिलाई उच्चतम स्तरमा पुऱ्याउन नै विश्वविद्यालयको प्रशासन व्यवस्था र शिक्षा मन्त्रालयको

संरचनाको स्थापना भएको हुन्छ। यसैले शैक्षिक व्यवस्थापनको प्रभावकारिता तथा दक्षताका विषयमा शिक्षण संस्थाहरुको क्षमतालाई नापेर मात्र निष्कर्षमा पुग्न सकिन्छ।

स्वीकृत सूचकहरुका (Indicators) आधारमा राष्ट्रको शैक्षिक व्यवस्थापनको दक्षता स्तर नापेर हेर्दा यो स्तर उत्साहजनक नभएको कुरा स्वीकार गर्न कर लाग्छ। केही सूचकहरु निम्नलिखित अनुसार छन् :

- कक्षा १ बाट २ कक्षामा जाँदा ५० प्रतिशत बालबालिकाहरु कक्षा छोड्छन्।
- कक्षा १ बाट ५ पूरा गर्ने सरदर अवधि १० वर्षको छ। कक्षा ५ का विद्यार्थीको शैक्षिक उपलब्धी स्तर करिब ३ कक्षाको छ।
- वर्ष दिनमा जति दिन शिक्षण संस्था संचालित हुनु पर्ने हो , त्यसको आधा मात्र संचालित भएको देखिन्छ।
- शिक्षकले कक्षामा पढाउनु पर्ने पूरा घण्टाको आधा पनि प्रयोग नभएको बताइन्छ।
- एसएलसी परीक्षामा सरदर ४० प्रतिशत मात्र सफल हुन्छन्।
- उच्च शिक्षाको तहमा सफल प्रतिशत अति कम छ र २ वर्षको पाठ्यांश पूरा गर्न ३ वर्षभन्दा बढी लाग्ने स्थिति बसेको छ।
- विद्यालय तथा उच्च शिक्षालयहरुमा पढाइने विषय जीवनको आवश्यकतासँग सम्बन्धित नभएको हुँदा उच्च शिक्षा प्राप्त गर्नेहरु बेकार रहेका देखापरेका छन्।
- देशमा आवश्यक जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थाहरु सक्षम छैनन्।

यी सूचकहरुबाट राष्ट्रिय व्यवस्थापनको दक्षताको स्तर सन्तोषजनक नभएको भरपर्दो सूचना पाइन्छ। यसका कारणहरु धैरै हुन सक्छन्। तर यी सूचकहरुबाट एउटा कुरा प्रमाणित हुन्छ त्यो के भने वर्तमान शैक्षिक व्यवस्थापन प्रणालीमा केही समस्याहरु छन्। वर्तमान व्यवस्थामा शिक्षा तथा संस्कृति मन्त्रालयले विद्यालय तहको व्यवस्थापनको जिम्मेदारी लिएको देखिन्छ र उच्च शिक्षाका शिक्षण संस्थाहरुको संचालन गर्ने जिम्मेदारी विश्वविद्यालयहरुलाई नै दिएको छ। यी दुई फाँटका व्यवस्थापनगत वस्तुस्थितिको समीक्षा यहाँ प्रासङ्गिक छ।

**शिक्षा तथा संस्कृति मन्त्रालयको व्यवस्थापन**

योजना तथा परियोजनाको कार्यान्वयनः राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयन गर्ने सिलसिलामा स्थापना गरिएको राष्ट्रिय शिक्षा समितिलाई योजना कार्यान्वयनपछि पनि कायम नै राखियो। यस समितिले शैक्षिक योजना कार्यमा शिक्षा मन्त्रालयलाई सहयोग पुर्‍याउने अपेक्षा गरेको थियो। तर शैक्षिक योजनाका विषयमा अविरल कार्य गर्ने कुरामा सो समिति संलग्न रहेन र शिक्षा मन्त्रालयमा पनि योजनका सम्बन्धमा काम गर्न कुनै सक्षम निकायको व्यवस्था गरिएन। राष्ट्रिय शिक्षा पद्धितको योजनका सैद्धान्तिक पक्षहरु एक एक गरी तिरस्कृत हुँदै गए। शिक्षा प्रणालीलाई पूर्ण रुपले हेरेर योजनामा सुधार गरिएन। समय समयमा तदर्थ निर्णयहरु हुँदै गए। यसले गर्दा व्यवस्थापनमा दक्षता ल्याउन कठिनाई भएको देखिन्छ।

शिक्षा मन्त्रालयले आफैँ तयार गरी शिक्षा विकासको एउटा गुरु योजना बनाउन नसकेको हुँदा बाह्य दातृसंस्थाहरुबाट तयार भई पेश भएका प्रायोजनाहरुलाई अँगाल्नुपरेको छ। यस प्रकारका परियोजनाद्वारा निर्दिष्ट योजनाको कार्यान्वयन गर्दा समष्टि रुपमा राष्ट्रिय शिक्षाको व्यवस्थापनमा नकारात्मक प्रभाव पनि देखापरेको छ। गत दशकदेखि संचालन गरिएका परियोजनाहरु शिक्षा मन्त्रालयको व्यवस्थापन प्रक्रियाबाट अलग रही संचालन गरिँदा परियोजना समाप्त भएपछि ती कार्यक्रमहरुलाई शिक्षा मन्त्रालयको साधारण कार्यक्रममा समाहित गर्न कठिन हुन आएको छ। कार्यक्रम संचालनको समयमा यी परियोजनाहरुका साधन र स्रोतलाई मन्त्रालयको व्यवस्थापन दक्षता बढाउनका निम्ति प्रयोग गर्न पनि कठिन हुन गएको  हुँदा परियोजना कार्यन्वयनबाट मन्त्रालयको व्यवस्थापन दक्षताको विकास गर्न नसकेको महसूस भएको कुरा स्पष्ट देखिन्छ। शिक्षा  मन्त्रालयको योजना महाशाखामा योजना मूल्याङ्कन, परियोजनाको अनुगमन तथा योजना निर्माण जस्ता काम गर्ने प्राविधिक विशेषज्ञको व्यवस्था देखिन्न। यसै कारणले धैरै हदमा योजना निर्माण कार्यमा बाहिरी प्रभाव गरेको देखिन्छ।

मन्त्रालयको संगठन तथा कर्मचारीको व्यवस्थाः राष्ट्रिय शिक्षा पद्धतिको योजनाका साथ २०२८ सालमा पुनर्गठित भई स्थापित भएको शिक्षा मन्त्रालयको संगठन अहिले पनि प्रायः उस्तै छ। त्यस बेला अन्दाजी ७,००० प्राथमिक विद्यालय र अन्दाजी १,१०० माध्यमिक विद्यालयहरुको प्रशासन गर्न बनेको संगठनमा आजसम्म कुनै खास परिवर्तन भएको छैन। तर देशमा अहिले अन्दाजी १८,००० प्राथमिक विद्यालय र

६,००० माध्यमिक विद्यालयहरु संचालित भइसकेका छन्। अहिलेको संगठनबाट बढ्दो विद्यालय संख्याको संचालन हुन नसक्ने भएको हुँदा मन्त्रालय तथा यसका अन्य निकायहरुको विस्तार गर्ने प्रयास भएको देखिन्न। यसै कारणले पनि मन्त्रालयको प्रभावकारितालाई बढाउन नसकेको देखिन्छ। शिक्षा मन्त्रालयका अधिकृत पदहरुमा केही प्रतिशत प्राविधिक सेवाका रहने व्यवस्था २०२८ सालमा गरिएको थियो र प्राविधिक व्यक्तिले कर्मचारीका रुपमा काम गर्ने अपेक्षा गरिएको थियो। तर ती प्राविधिक अधिकृतहरु सबैले प्रशासकीय प्रमुखले जस्तै काम गर्न थालेको हुँदा वास्तविक रुपमा प्राविधिक काम गर्ने व्यक्तिको मन्त्रालयमा खाँचो छँदैछ।

अधिकार तथा कर्तव्यको बाँडफाँड र अधिकार विकेन्द्रीकरणः वर्तमान व्यवस्थापन प्रक्रियामा मन्त्रालयभित्र मन्त्री तथा सचिवमा मात्र कानूनी अधिकार छ। मन्त्रालयका अरु कुनै अधिकारीको अधिकार र कर्तव्यको स्पष्ट व्याख्या छैन। कार्य संचालनका लागि अधिकार प्रत्यायोजन हुन्छ। तर यस्तो प्रत्यायोजन अधिकार प्राप्त व्यक्तिको व्यक्तिगत धारणामा भर पर्ने हुँदा यसले प्रशासन प्रक्रियामा अपेक्षित सकारात्मक प्रभाव पारेको देखिन्न। मन्त्रालय तथा यसअन्तर्गतका कार्यालयहरुमा कार्यरत अधिकारी तथा कर्मचारीहरुको विस्तृत कार्यविवरणको अभावले गर्दा व्यवस्थापनका दक्षतामा नकारात्मक प्रभाव परेको देखिन्छ।

वर्तमान प्रशासनको प्रक्रियामा मन्त्रालयले क्षेत्रीय तथा जिल्ला स्तरका प्रमुखहरुलाई अधिकार विकेन्द्रीकरण गरेको देखिन्छ। तर विकेन्द्रित अधिकार क्षेत्रमा पनि समय समयमा केन्द्रबाट आफैंले काम गर्ने गरेको पनि व्यावक रुपमा पाइन्छ। जिल्ला स्तरको शैक्षिक प्रशासन गर्ने जिल्ला शिक्षा निरीक्षक अधिकारको क्षेत्रमा ज्यादै कमजोर देखिन्छ। जिल्ला स्तरको सबैजसो अधिकार शिक्षा समिति, शिक्षक छनोट समिति र विद्यालय स्तरका संचालक समितिमा राखिएको हुँदा जिल्ला शिक्षा निरीक्षक (अधिकारी) समितिको सचिवको रुपमा मात्र सक्रिय हुनु परेको देखिन्छ।

क्षेत्रीय कार्यालयहरुः क्षेत्रीय स्तरमा शिक्षाको कार्यालय स्थापना गर्दा शैक्षिक कार्यक्रमहरुको क्षेत्रीय स्तरमा कार्यान्वयन गर्ने प्रमुख जिम्मेदारी यस कार्यालयलाई दिने उद्देश्य थियो। तर प्रचलनमा कार्यान्वयनको काम केन्द्र र जिल्लाले गर्ने गर्दा यस कार्यालयको औचित्यमा नै प्रश्न चिन्ह लाग्ने अवस्था देखापरेको छ। यस कार्यालयका प्रमुखलाई "क्षेत्रीय शिक्षा निरीक्षक" भनेपछि तदनुसारको काम कर्तव्यको अपेक्षा गरिनु स्वभाविकै हो र सामान्यतः क्षेत्रीय तहको कार्यालयले निरीक्षणको काम गर्न ज्यादै

कठिन पर्छ। क्षेत्रीय कार्यालयलाई दिइआएको खर्चको रकम पनि ज्यादै न्यून भएको हुँदा यस कार्यालयबाट कुनै कार्यक्रम संचालन गर्न सकिने स्थिति नै देखिएको छैन। यस कार्यालयका विषय विशेषज्ञहरु अधिकांश अन्य कार्यालयहरुमा काजमा काम गरिरहेका देखिन्छन्।

जिल्ला स्तरीय कार्यालयः शैक्षिक व्यवस्थापनलाई प्रभावकारी तुल्याउन जिल्ला स्तरको कार्यालयलाई अझ सक्षम तथा प्रभावकारी तुल्याउनुपर्ने हुन्छ। तर वर्तमान अवस्थामा जिल्ला कार्यालयहरु ज्यादै कमजोर अवस्थामा छन्। यसका केही कारण हुन् :

(१) जिल्ला स्तरको शिक्षा कार्यालयलाई शिक्षा मन्त्रालयअन्तर्गत राख्नसम्म पनि शिक्षा मन्त्रालयलाई समय समयमा संघर्ष गर्नु पर्ने स्थिति देखापरेको छ। जिल्ला शिक्षा शाखाहरु गत ३० वर्षमा गृह पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत धेरै पटक रहेका थिए। अहिले पनि केही हदमा यो कार्यालय प्रमुख जिल्ला अधिकारीको प्रभाव क्षेत्रमा परेको देखिन्छ।

(२) २०२८ सालमा पुनर्गठन गरी सृजना गरिएका दरबन्दी यथावत् छन् तर विद्यालय संख्या भने तीन चार गुना बढिसकेको छ।

(३) जिल्ला कार्यालय भौतिक सुविधाको स्थितिमा ज्यादै उपेक्षित देखिएको छ। अधिकांश जिल्ला शिक्षा कार्यालय भाडाको घरमा संचालित छन्।

(४) जिल्ला शिक्षा निरीक्षकको पद प्रशासकीय सेवाको छ। यो पदमा यस सेवाका व्यक्तिलाई आकर्षक नहुनाको कारणले तथा त्यस पदमा प्राविधिक व्यक्ति राख्ने मन्त्रालयको दृष्टकोणले पनि अहिले ७५ जिशिनिमा करिब ७० जना कायम मुकायम गराई काम चलाउनु पर्ने स्थिति देखा परेको छ।

(५) जिल्ला शिक्षा निरीक्षकले समितिहरुको निर्णयअनुसार काम गर्नु पर्दा आफैँमा निर्णय गर्ने क्षमताको विकास नभएको पाइन्छ।

जिल्ला कार्यालयको प्रमुख काम विद्यालयलाई प्रभावकारी तवरले संचालन गराउनु हो । तर यो कार्यालय आफ्नो काम प्रति नै उदासिन देखापरेको छ।

शिक्षकहरुको सेवालाई व्यवस्थित गरी शिक्षकहरुलाई कामप्रति सकारात्मक भावना जागृत गराउनु यस कार्यालयको प्रमुख काम हो ।तर यस कार्यालयले शिक्षकहरुको एउटा अध्यावधिक अभिलेखसम्म पनि राख्न नसकेको देखापरेको छ।

जिल्ला शिक्षा कार्यालयहरुलाई उपलब्ध गराइएको बजेट कामको परिमाण हेर्दा ज्यादै न्यून देखिन्छ । काम चलाउनु पर्ने नै भएकोले अनियमित भए पनि जिल्ला शिक्षा

कार्यालयहरुले शिक्षक तलबको लागि निकासा भएको जिल्ला शिक्षा कोषमा रहेको बजेट कार्यालय संचालनको लागि पनि खर्च गरेको पाइन्छ।

जिल्ला शिक्षा समितिको व्यवस्था गरी २०२८ सालदेखि जिल्ला स्तरमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याउने उद्देश्य राखेको भए पनि यो समिति यस काममा आवश्यक रुपले सक्षम भएको पाइन्न। यस समितिको संगठन, काम , कर्तव्य तथा अधिकार क्षेत्र उपयुक्त नभएको कारणले यसले अपेक्षित रुपमा काम गर्न नसकेको देखापरेको छ।

यस्तै किसिमले जिल्ला स्तरको शिक्षक छनोट समितिको व्यवस्थामा धेरै पटक परिवर्तन गरिएको र हालको व्यवस्था पनि त्यति उपयुक्त नभएको कारणले पनि शिक्षक छनोट, नियुक्ति जस्ता कामहरु सन्तोषजनक रुपमा हुन सकेका छैनन्।

संचालक समितिः नेपालको विद्यालय शिक्षा जनसहयोगबाट नै बिस्तार भएको हुँदा विद्यालय संचालक समिति शैक्षिक व्यवस्थापन प्रणालीको अभिन्न अङ्गकारुपमा रहेको देखापर्दछ। तर शिक्षा नियमावलीको धेरै पटकका संशोधनहरुअनुसार संचालक समितिलाई विशुद्ध शैक्षिक दृष्टिकोणबाट नराखिएको कारणले यस समितिबाट अपेक्षित सहयोग पाउन सकिएको छैन। संचालक समितिको गठन, काम, कर्तव्य तथा अधिकार क्षेत्रको पुनरावलोकन गरी यसमा सुधार गर्नुपर्ने खाँचो छ।

प्रधानाध्यापकः वितेका वर्षहरुका अनुभवबाट स्पष्ट भएको छ कि अहिलेको प्रधानाध्यापकको व्यवस्था उपयुक्त देखिन्न। उदाहरणका रुपमाः

१ माध्यमिक तहमा रा.प.द्वित्तीय श्रेणी सरह तलब पाउने प्रधानाध्यापकको व्यवस्था छ। यो पदमा शिक्षकबाट बढुवा गरी पूर्ति गरिन्छ। असल शिक्षक असल प्रधानाध्यापक पनि हुन्छ भन्ने कुनै निश्चित छैन। कुनै विद्यालयको दुर्भाग्यले गर्दा असक्षम प्रधानाध्यापक नियुक्ति भएमा विद्यालयको विकास गर्न गाह्रो पर्छ।

२ प्राथमिक विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदको व्यवस्था छैन। मासिक तीस रुपियाँ भत्ता दिई एक शिक्षकलाई प्रधानाध्यापक बनाइन्छ। यस भत्ताले उस माथि धेरै काम थपिने हुँदा कुनै पनि शिक्षक प्रधानाध्यापक बन्ने रुचि देखाउँदैनन्।

३ विद्यालयको शैक्षिक तथा अन्य क्षेत्रको विकास धेरै हदमा प्रधानाध्यापककै क्षमतामा भर पर्दछ। यस्तो महत्वपूर्ण पदमा काम गर्ने व्यक्तिहरुका लागि खास कुनै तालिमको व्यवस्था गरेको पाइन्न।

उच्च शिक्षाको व्यवस्थापन

राष्ट्रिय शिक्षा पद्धतिको योजनका आधारमा २०२८ सालमा बनेको त्रिभुवन विश्वविद्यालयको ऐनले देशको उच्च शिक्षाको व्यवस्थापनको सम्पूर्ण जिम्मा त्रिभुवन विश्वविद्यालयलाई दिएको देखिन्छ। यसै ऐनको आधारमा देशका सम्पूर्ण उच्च शिक्षाका संस्थाहरु त्यस विश्वविद्यालयअन्तर्गत राखिएका थिए। तर २०४८ सालमा आएर यो नीतिमा परिवर्तन आइसकेको छ। अन्य दुई विश्वविद्यालयको स्थापना भइसकेको हुँदा वर्तमान परिप्रेक्ष्यमा उच्च शिक्षाको नयाँ व्यवस्थापनको प्रारुपको तयार गर्नु आवश्यक देखापरेको छ।

अध्ययन संस्थानहरुको संगठित प्रारुप नै त्रिभुवन विश्वविद्यालय हो भन्ने नीतिअनुरुप स्वायत्तता प्राप्त अध्ययन संस्थानहरुको व्यवस्था गरिएकोमा त्रिवि ऐनका संशोधनहरुले केन्द्रित प्रशासनको संरचना स्थापित गरेको छ। अहिलेको विस्तारले गर्दा विश्वविद्यालयले देशभर छरिएका आंगिक क्याम्पसहरुमा नियमित पढाइ र समयमा विद्यार्थी भर्ना सम्म पनि गर्न नसक्ने स्थिति देखापरेको छ। समयमा परीक्षा संचालन गरी परीक्षाफल प्रकाशित गर्न नसक्नु त्रिवि प्रशासनका लागि सामान्य भइसकेको छ। कतिपय कारणले गर्दा त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन पक्ष पूर्ण रुपले अस्तव्यस्त अवस्थामा देखापरेको छ। उदाहरणार्थः शिक्षकहरुको पद सिर्जनाका निम्ति कुनै आधार लिएको देखिन्न। देशको उच्च शिक्षाको व्यवस्थापनको जिम्मा दिइएको भएता पनि विश्वविद्यालयलाई श्री ५ को सरकारले निर्देशनसम्म पनि दिन सक्ने प्रावधान देखिन्न।अन्दाजी ९० प्रतिशत सरकारी अनुदानमा निर्भर रहेको यस विश्वविद्यालयको आर्थिक कारोवारमा श्री ५ को सरकारको नियन्त्रण छैन। त्रिभुवन विश्वविद्यालयले थप आर्थिक दायित्व पर्ने कार्यक्रमहरु संचालन गर्दै आएकाले प्रत्येक वर्ष आर्थिक संकटमा गुज्रने र सरकारले आर्थिक सहायता थप्ने जस्ता प्रक्रिया अँगालेको पनि देखिएको छ।

त्रिभुवन विश्वविद्यालय केन्द्रित प्रशासनको नमूना बनेको देखिन्छ। केन्द्रीय विभागीय प्रमुख, संकाय डीन तथ क्याम्पस प्रमुखहरुलाई हाल दिइएको अधिकारबाट यस कुराको प्रमाण पाइन्छ। कुनै पनि व्यवस्थापन संरचनामा कामको आधारमा पद सिर्जना हुन्छ। संगठनको संरचना नियन्त्रणको क्षेत्रका आधारमा बन्दछ र जिम्मेवारीका आधारमा पदको तह राखिन्छ। २०४७ सालमा नोकरी वर्षको आधारमा जसरी बढुवा गरियो त्यसबाट अब त्रिवि मा व्यवस्थापनको सिद्धान्तको पालन नभएको देखिन्छ।

### ३.शैक्षिक व्यवस्थापनका केही प्रमुख समस्या र मुद्दाहरु

शैक्षिक व्यवस्थापनको वर्तमान स्थितिको समीक्षा गर्दा यस क्षेत्रमा कतिपय मुद्दाहरु देखापर्दछन्। तीमध्ये केही सैद्धान्तिक आधारका छन् भने केही चाहिँ कार्यान्वयन पक्षका छन्, प्रमुख मुद्दाहरु हुन् :

(१) शिक्षा तथा संस्कृति मन्त्रालयले योजना बनाउने, नीति निर्माण गर्ने, कार्यक्रम मूल्याङ्कन गर्ने तथा अनुगमन कार्यमा संलग्न रहने वा कार्यक्रम संचालनमा पनि प्रत्यक्ष रुपले भाग लिने?

(२) निर्णय गर्ने प्रक्रियालाई अहिलकै शाखा अधिकृतदेखि मन्त्रीसम्ममा ८ तह राख्ने वा छोटो गर्ने?

(३) क्षेत्रीय कार्यालयहरुलाई कुनै खास काम दिई यो तह प्रशासकीय संरचनामा यथावत राख्ने वा यस तहलाई हटाउने?

(४) जिल्ला तहको शिक्षा प्रशासन वर्तमान स्थितिमा नै राख्ने वा बढी विकेन्द्रीकरण गरी पूर्णरुपले जिम्मेदार बनाउने?

(५) संचालक समितिको व्यवस्था राख्ने वा खारेज गर्ने?

(६) प्रधान अध्यापकको नियुक्तिको वर्तमान व्यवस्था कायम गर्ने वा अरु नै व्यवस्थाको अवलम्बन गर्ने?

(७) उच्चशिक्षा व्यवस्थापनको वर्तमान ढाँचालाई कायम गर्ने वा अन्य कुनै व्यवस्थापनको संगठन बनाउने?

(८) त्रिभुवन विश्वविद्यालयको व्यवस्थापनको वर्तमान केन्द्रीकृत रुपलाई यथावत् राख्ने वा विकेन्द्रीकृत व्यवस्था अँगाल्ने?

(९) महेन्द्र संस्कृत विश्वविद्यालयको व्यवस्थापनबारे के कस्तो व्यवस्था गर्ने?

(१०) निजी क्षेत्रका विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयको व्यवस्थापनका निम्ति कस्तो नीति अँगाल्ने?

(११) विस्तृत हुँदै गएको शिक्षाको व्यवस्थापन क्षेत्रलाई श्री ५ को सरकारको प्रत्यक्ष व्यवस्थापन संगठनभित्र राख्दै जाने वा स्वशासित संस्थाहरुको स्थापना गरी प्रत्यक्ष प्रशासनबाट अलग्याउँदै लैजाने?

### ४.निरीक्षण व्यवस्था

वर्तमान शैक्षिक निरीक्षण व्यवस्था २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनको सिलसिलामा स्थापना भएको हो । योजना लागू गरेको ३ वर्षपछि नै योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कन गरिएको थियो। त्यसबेला नै सो निरीक्षण व्यवस्था प्रभावकारी हुन नसकेको कुरा दर्शाई त्यस मूल्याङ्कन प्रतिवेदनमा

निरीक्षण व्यवस्थामा सुधार ल्याउन सिफारिशहरु पेश गरिएका थिए। तीमध्ये प्रमुख सिफारिशहरु निम्नलिखित अनुसार थिएः

(१) जिल्लाहरुलाई निरीक्षण एकाइहरुमा विभाजित गर्नुका साथै प्रत्येक एकाइलाई माध्यमिक निरीक्षकको क्षेत्र बनाउने र प्राथमिक निरीक्षकहरुले माध्यमिक निरीक्षकहरुलाई सहयोग गर्ने।

(२) शिक्षकहरुलाई केही समयका लागि निरीक्षक तथा शिक्षा अधिकारीमा नियुक्त गर्ने।

(३) निरीक्षकहरुलाई जिल्ला शिक्षा अधिकारीको प्राविधिक सहायक बनाउने र उनीहरुलाई प्रशासक नवनाउने।

(४) प्राथमिक निरीक्षकहरुको योग्यता बढाउने तथा उनीहरुलाई बीएड को प्रशिक्षणको व्यवस्था गर्ने।

(५) शिक्षा मन्त्रालयमा रहेको निरीक्षण शाखालाई सुदृढ गर्ने र यसले समय समयमा निरीक्षकहरुको लागि तालिम संचालन गर्ने व्यवस्था गर्ने।

(६) २०३७ सालमा नेपालको शैक्षिक निरीक्षण व्यवस्था विषयमा युनेस्को आइ.आई.ई.पी. भन्ने संस्थाले अध्ययन मूल्याङ्कन गरेको थियो। त्यस अध्ययनको प्रतिवेदनमा निरीक्षण व्यवस्थाको प्रभावहीनताको मुख्य कारण निरीक्षकहरुको शैक्षिक योग्यता तथा अनुभवको कमी नै मुख्य कारण देखाएको थियो। निरीक्षकहरुले शिक्षकहरुबाट मान मर्यादा नपाउनुमा उनीहरुमा शैक्षिक सीप नहुनु अर्को समस्या थियो भने पदहरुमा दक्ष शिक्षकहरु आउन आकर्षित नहुन अर्को कारण दर्शाइएको थियो। त्यस प्रतिवेदनले निरीक्षण व्यवस्थामा सुधार ल्याउनका निम्ति प्रस्तुत गरेका सुझाउहरुमध्ये केही निम्न लिखित अनुसार छन्:

(क) प्राथमिक तथा माध्यमिक विद्यालय निरीक्षण गर्न एउटै तहको निरीक्षक हुनुपर्दछ।

(ख) निरीक्षणको काम अतिकठिन भएको हुँदा निरीक्षकहरुलाई सवारी साधन, स्लिपिङ व्याग इत्यादिको सुविधा प्रदान गर्नुपर्दछ।

(ग) निरीक्षकहरुलाई पर्याप्त दैनिक भ्रमण भत्ता दिनुपर्दछ।

(घ) निरीक्षकहरुलाई सामयिक सेवाकालीन तालिमको व्यवस्था हुनुपर्दछ।

निरीक्षण व्यवस्थाको वर्तमान स्थितिको समीक्षाः दैनिक तथा भ्रमण भत्ता नपुग भएको र भ्रमण बिल फछ्र्यौट गर्ने झमेला भएको कारण हटाउन निरीक्षकहरुलाई मासिक एक मुष्ट निरीक्षण भत्ताको व्यवस्था गरियो। निरीक्षकहरुलाई २६ दिन भ्रमणमा रहनु पर्ने आदेश दिइयो र निरीक्षकहरुलाई तोकिएको क्षेत्रमा नै बस्नु पर्ने

व्यवस्था पनि गरियो। तर परिणाम सकारात्मक देखिएन। निरीक्षकहरुबाट प्रभावकारी निरीक्षण नभएकै पाइयो। निरीक्षककहरुलाई पेशागत तालिम संचालन गरी दक्ष बनाउन बढीमा ३ महिनेसम्म तालिमको व्यवस्था पनि गरियो ।तर ती तालिमहरु लिएपछि पनि निरीक्षककहरुमा आफ्नो निरीक्षण व्यवहारमा देखिने परिवर्तन भएको पाइएन। जिल्ला शिक्षा अधिकारीको पद प्रशासकीय भएको हुँदा यिनमा प्रशासकीय भूमिका भएका व्यक्तिहरु आउँछन् र निरीक्षकहरुको शैक्षिक कार्यकलापमा उनीहरुबाट कुनै रुचि देखाइँदैन भन्ने निरीक्षकहरुको गुनासो देखिन्छ। यसै क्रममा करिब आधा जति जिल्ला शिक्षा अधिकारीहरु माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुबाट करार सेवामा आए। अहिले पनि अन्दाजी ९० प्रतिशत जिल्ला निरीक्षकहरु माध्यमिक शिक्षा निरीक्षकमा नै कार्यरत छन् तर शैक्षिक निरीक्षणमा खास सुधार भएको पाइएको देखिन्न।

जिल्ला शिक्षा अधिकारीहरु स-साना प्रशासकीय कामहरुमा अल्झनुपरेको छ। यस कारणले शैक्षिक काममा संलग्न हुन समय नपाएको भन्ने गुनासो सुनिएको हुँदा विद्यालय संचालक समितिहरुलाई शिक्षकको अस्थायी नियुक्ति तथा सरुवाको अधिकार दिइयो। तर यसले पनि निरीक्षकहरुलाई प्रशासकीय कामबाट उम्काउन सकिएन।

केन्द्रीय, क्षेत्रीय तथा जिल्ला सबै स्तरको शैक्षिक निरीक्षण अहिले ज्यादै प्रभावहीन अवस्थामा देखिन्छ। केन्द्रीय तहमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रमा एउटा निरीक्षण शाखा छ। यस शाखाले केही वर्ष यतादेखि कुनै कार्यक्रम संचालन गरेको देखिन्न। यस शाखामा कुन जिल्लामा कति जना को को निरीक्षक छन् भन्नेसम्म जानकारी हुँदैन। यस शाखाले निरीक्षकहरुको तालिम संचालन नगरेको एक दशक वितिसकेको छ।

क्षेत्रीय शिक्षा निरीक्षक कार्यालयबाट विद्यालय निरीक्षण गराउने काम पनि सीमित भएको देखिन्छ र व्यावसायिक शिक्षाको तालिम तथा निरीक्षणका लागि राखिएका निरीक्षकहरु र प्रशिक्षकहरु अधिकांश अन्य कार्यालयहरुमा कार्यरत छन्। प्रचलित नियमअनुसार माध्यमिक तथा प्राथमिक निरीक्षकले पाउने भत्ता ज्यादै कम छ। सो रकम लिएर निरीक्षणमा जाने रुची नदेखाउनुलाई अस्वभाविक मान्न सकिन्न। २०२८ सालमा त्यसबेलाको विद्यालय संख्याको आधारमा निरीक्षक नियुक्त गरिएको थियो। अहिले विद्यालय संख्या २/३ गुना बढिसकेको छ तर निरीक्षकको संख्या भन् बढेको छैन। केही जिल्लाका निरीक्षकहरुको स्थितिलाई तालिका १ मा देखाइएको छ।

तालिका १

केही जिल्लाका विद्यालय र निरीक्षकहरु

| जिल्ला | माध्यमिक विद्यालय | माध्यमिक निरीक्षक | प्राथमिक विद्यालय | प्राथमिक निरीक्षक |
|---|---|---|---|---|
| काठमाडौँ | ३५३ | ७ | ४६१ | ६ |
| चितवन | १०७ | ३ | २७२ | ६ |
| तनहुँ | ११७ | ३ | ३२७ | ६ |
| सुर्खेत | ६० | १ | २०७ | ५ |
| मोरङ | १७९ | ३ | ३१४ | ४ |
| झापा | १४३ | ३ | २८३ | ३ |

नेपालको जस्तो भौगोलिक स्थितिको देशमा बाहिरी निरीक्षकहरुबाट मात्र निरीक्षण गराउन सम्भव छैन। प्रधान अध्यापकलाई नै निरीक्षकको पनि कामको जिम्मा दिनुपर्दछ। तर प्रधान अध्यापकलाई शैक्षिक निरीक्षणको तालिम दिने व्यवस्था कहिल्यै पनि भएन। यस्तै किसिमले विद्यालय निरीक्षण कार्यमा सहयोग पुऱ्याउन प्रत्येक विद्यालयका लागि एउटा संचालक समितिको गठन गर्ने व्यवस्था छ। तर ती संचालक समितिहरुलाई आफ्नो काम कर्तव्यको जानकारी दिनका निम्ति गोष्ठीहरु संचालित गरिएका देखिन्नन्। संचालिक समितिहर पनि आफूले पाएको प्रशासकीय अधिकार प्रयोग गर्नमा नै व्यस्त देखिन्छन्।

राष्ट्रव्यापी शैक्षिक निरीक्षण व्यवस्थाबाट प्रभावकारी निरीक्षण नभएको देखिएको हुँदा यता केही वर्षदेखि  लागू हुँदे आएको सेती प्रोजेक्ट ( ग्रामीण विकासका लागि शिक्षा र प्राथमिक शिक्षा परियोजना)ले छुट्टै निरीक्षण व्यवस्था प्रयोगमा ल्याएको छ। हुन त सेती परियोजना र प्राथमिक  शिक्षा परियोजनाको विद्यालय समूह बनाई एउटा विद्यालयलाई नेतृत्व गर्ने स्रोत विद्यालय वा स्रो त केन्द्रको रुपमा लिएको हुन्छ। तर यी दुई परियोजनाको स्रोत केन्द्र संचालन कार्यमा केही क्षेत्रहरुमा भिन्नता पनि छ। दुबै परियोजनाले स्रोत केन्द्र संचालन गर्दा देखिएका कतिपय समान पक्षहरु पनि छन्। उदाहरणका निम्ति स्रोत केन्द्रबाट ४/५ घण्टाको हिँडाइभित्र पर्ने १०/१५ विद्यालयलाई एक समूहमा राख्ने र बीचमा परेको साधनयुक्त माध्यमिक विद्यालयलाई स्रोत केन्द्र वा स्कूल मान्ने व्यवस्था गरिएको छ। प्राथमिक शिक्षा परियोजनामा निम्न माध्यमिक र प्राथमिक विद्यालयलाई पनि कहीँ कहीँ स्रोत केन्द्र  मानेको देखिन्छ र ती स्रोत

केन्द्रहरुले समूहभित्रका विद्यालयहरुको निरीक्षण गर्ने, साक्षरता कक्षा र चेलीबेटी कार्यक्रमको निरीक्षण गर्ने , शिक्षा सदन कक्षाको निरीक्षण गर्ने, ग्रामीण अध्ययन केन्द्र स्थापना गर्ने, शैक्षिक क्यालेण्डरबारे बैठक आयोजना गर्ने, संचालक समिति, प्रधान अध्यापक तथा शिक्षकहरुलाई तालिम दिने, प्राथमिक शिक्षक तालिम संचालन गर्ने, र शैक्षिक सामग्रीको वितरण गर्ने जस्ता कार्य गर्दछन्।

दुबै परियोजनाका स्रोत केन्द्रको संचालनमा केही फरक व्यवस्थाहरु पनि छन्। उदाहरणका निम्ति सेती परियोजनाले खास एकजना स्रोत व्यक्ति नियुक्ति गर्दैन। विद्यालयलाई नै सम्पूर्ण कामको जिम्मा दिन्छ र माध्यमिक शिक्षकले पाउँने मासिक तलब विद्यालयलाई दिन्छ। तर प्राथमिक शिक्षा परियोजनाले एक माध्यमिक शिक्षक सरहको स्रोत व्यक्ति नियुक्त गर्दछ र उसैबाट सबै काम गराउँछ। सेती परियोजनाले छुट्टै स्रोतकेन्द्र भवन बनाउँदैन। विद्यालयलाई नै केही रकम दिएर भवनलाई विस्तार गर्न सघाउ पुऱ्याउँछ। प्राथमिक शिक्षा परियोजनाले भने स्रोत केन्द्र भवन बनाउँछ। दुबै परियोजनाको खर्चमा हुने भिन्नतालाई तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २

सेती परियोजना र प्राथमिक शिक्षा परियोजनाको खर्चको तुलना

| क्र.सं | सेती परियोजना | प्राथमिक शिक्षा परियोजना |
|---|---|---|
| १ | वार्षिक संचालन खर्च करिब रु ४०,०३३।- | स्रोत केन्द्र भवन निर्माण करिब रु ३, ००, ०००। |
| २ | स्थापना खर्च करिब रु १९,२००। | उपकरण करिब रु ८०,०००। |
| ३ | | संचालन खर्च रु ५३,७५०। |

यो निरीक्षण व्यवस्था प्रचलित राष्ट्रिय निरीक्षण व्यवस्थाभन्दा बढी खर्चिलो देखिन्छ। तर यस प्रयोगबाट निरीक्षण व्यवस्थामा सुधार भने अवश्य देखिएको छ। सुधारका केही विशेषताहरु हुन् : १) विद्यालय निरीक्षण समय समयमा हुनु, २) विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर बढ्नु, ३) विद्यालय र समुदायका बीचको सम्बन्ध बढ्नु र ४) स्रोत केन्द्रबाट संचालित तालिम बढी सान्दर्भिक तथा प्रभावकारी हुनु।

### ५. निरीक्षण व्यवस्था सम्बन्धी समस्या र मुद्दाहरु

विद्यालय व्यवस्था र विद्यालय निरीक्षण एक रथका दुई पाङ्ग्रा हुन्। दुबैको लक्ष्य विद्यालयहरुको संचालन प्रभावकारी रुपले गरी राष्ट्रिय शिक्षाको स्तरलाई उठाएर

राष्ट्रिय शिक्षाको उद्देश्य पूरा गर्नु हो। तर वर्तमान व्यवस्थामा शैक्षिक प्रशासन प्रशासनमुखी हुन गएको छ र शैक्षिक कार्यलाई निरीक्षकको जिम्मा लगाइएको छ। शैक्षिक व्यवस्थापनको मुख्य उद्देश्य विद्यालयहरुको संचालन गर्नु हो भन्ने कुरो नै गौण हुन पुगेको देखिन्छ। निरीक्षणको वास्तविक स्थान र परिभाषा स्पष्ट रुपमा सम्बन्धित सबैले बुझ्न नसक्नु नै एउटा ठूलो समस्याका रुपमा रहेको देखिन्छ।

विद्यालय निरीक्षणको प्रमुख जिम्मेदारी कसको हो भन्ने कुरो पनि अझै स्पष्ट भएको देखिन्न। यो एउटा सामूहिक जिम्मेवारी हो र यो काम जिल्ला स्तरमा जिल्ला शिक्षा निरीक्षक, शिक्षा निरीक्षक, संचालक समिति , प्रधान अध्यापक सबैको हो र सबैले यस कामलाई सघाउनु पर्ने हुन्छ । तर यस जिम्मेदारीका विषयमा सम्बन्धित व्यक्तिहरुलाई यथेष्ट रुपमा जानकारी भएको पाइन्न। शैक्षिक निरीक्षणको सुधार गरी प्रभावकारी तुल्याउन धेरै प्रयासहरु भएका देखिन्छन्। तर ती सबै सुधार राम्रो अध्ययनका आधारमा नभई हचुवा धारणाको आधारमा गरिएका पाइन्छन्। यसकारण शैक्षिक निरीक्षणको वर्तमान स्थिति र देशको वर्तमान परिप्रेक्ष्यमा यस व्यवस्थामा सुधार ल्याउन खास केही विषयमा निर्क्यौलमा पुग्नु आवश्यक देखिन्छ । केही यस्ता विषयहरु हुन् :

(१) केन्द्रीय तहको हालको निरीक्षण व्यवस्थाले काम नगरेको स्थितिमा यो काम केन्द्रीय तहमा कुन एकाइबाट संचालित गराउने ? शिक्षा मन्त्रालयमा निरीक्षण शाखा स्थापना गर्ने वा हालकै व्यवस्था सुदृढ पार्ने? समाधानका विकल्प धेरै हुन सक्छन्।

(२) हालको प्राथमिक तथा माध्यमिक निरीक्षक दुई थरीलाई एउटै बनाई दुबै काम एउटै बाट गराउने हो वा छुट्टाछुट्टै निरीक्षकहरु कायम गर्ने?

(३) सेती तथा प्राथमिक शिक्षा परियोजनाले प्रवर्तन गरेका निरीक्षण पद्धतिलाई देशव्यापी रुपले लागू गर्ने हो भने कुन चाहिँ पद्धतिलाई अँगाल्ने?

(४) निरीक्षण व्यवस्थामा स्रोत व्यक्तिको व्यवस्था गर्दा त्यस स्रोत व्यक्तिलाई शिक्षक दरबन्दीमा राख्ने हो वा सरकारी कर्मचारी राख्ने?

(५) विद्यालय निरीक्षणको जिम्मा जिल्ला शिक्षा समिति तथा संचालक समितिलाई कति हदमा दिने? प्रधान अध्यापकलाई शैक्षिक निरीक्षणको के कस्तो जिम्मा दिने?

शिक्षा मन्त्रालय

**६. सुझाउहरु :**

(१) राष्ट्रिय शैक्षिक व्यवस्थापनलाई बढी प्रभावकारी तथा दक्ष तुल्याउन कार्यान्वयनको तह वा एकाइसम्म अधिकार प्रत्यायोजन गर्नुपर्छ।

(२) व्यवस्थापनका संगठनबाट अनावश्यक तह हटाइनु पर्छ र निर्णयको प्रक्रिया यथासम्भव छोटो बनाउनु पर्छ। कुनै पनि टिप्पणी वा मेमो निर्णयका तहसम्म पुग्न तीन तहभन्दा बढी पार गर्नु नपर्ने प्रक्रियाको अवलम्बन गर्नुपर्छ।

(३) शिक्षा तथा संस्कृति मन्त्रालयको संगठन अनावश्यक रुपमा व्यापक नगरी यो मन्त्रालय नीति र योजना बनाउने, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता काममा संलग्न रहनुपर्छ। कार्यान्वयनको, काम केन्द्रीय तहबाट हटाई क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरुलाई दिनुपर्छ।

(४) अनुसन्धान तथा विकास जस्ता कार्यहरु आफैले वा उपयुक्त संस्थाबाट गराई शिक्षा प्रशासनलाई दक्ष तथा प्रभावकारी बनाउन अविरल प्रयास गर्नुपर्छ।

(५) परिवर्तित शैक्षिक परिप्रेक्ष्यमा राष्ट्रिय शिक्षा समितिको औचित्य नरहेकाले यसलाई खारेज गरी राष्ट्रिय शिक्षाका विभिन्न पक्षमा शिक्षा मन्त्रालयलाई सरसल्लाह दिनका निम्ति एउटा उच्च स्तरीय र स्थायी राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् रहनुपर्छ।

(६) उच्च शिक्षाका क्षेत्रमा नीति निर्धारण, कार्यक्रमहरुको समन्वय, मूल्याङ्कन र अनुगमन कार्यका लागि विश्वविद्यालय अनुदान आयोग र उच्च माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा र विशेष शिक्षाका क्षेत्रमा विभिन्न परिषद्हरु रहनुपर्दछ। यी सबै उच्चस्तरीय निकायहरुको काम, कर्तव्य र अधिकार वारे ऐन नियममा व्याख्या हुनु पर्दछ। वर्तमान उच्चमाध्यमिक शिक्षा परिषद्को ऐनमा आवश्यक संशोधन हुनुपर्दछ।

(७) शिक्षा मन्त्रालय अन्तर्गतको वर्तमान योजना महाशाखालाई सुदृढ गराउनु पर्छ। साथै परियोजना समन्वय तथा कार्यान्वयन महाशाखा तथा प्राथमिक शिक्षा महाशाखाको स्थापना गर्नुपर्छ।

(८) पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास केन्द्रको रुपमा पुनर्गठित गरी यस केन्द्रलाई प्राथमिक देखि उच्च माध्यमिक शिक्षासम्मको पाठ्यक्रम बनाउने तथा पाठ्यपुस्तक तयार गर्ने जिम्मा दिनुपर्छ।

(९) राष्ट्रिय शिक्षा विकास केन्द्र स्थापना गरी यस केन्द्रले सबै प्रकारका शिक्षा प्रशासकहरु (निरीक्षक, प्रधान अध्यापक, प्राविधिक अधिकृत, विशेषज्ञ) लाई र क्षेत्रीय तथा जिल्ला तहका प्रशिक्षकहरुलाई तालिम दिने व्यवस्थाका साथै अनुसन्धान तथा विकासको काम गर्नुपर्छ।

(१०) परीक्षा नियन्त्रण कार्यालय वोर्डलाई स्वायत्त संस्थाका रुपमा क्रमशः विकसित गर्नुपर्छ र पाँचै विकास क्षेत्रहरुबाट एस.एल.सी. परीक्षाको संचालन गर्नुपर्छ।

(११) अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरी यस क्षेत्रका लागि आवश्यक शैक्षिक सामग्री तयार गर्ने र प्रशिक्षक–शिक्षकहरुको तालिमको व्यवस्था गर्नुपर्छ।

(१२) वर्तमान रेडियो शिक्षा तालिम एकाइलाई दूर शिक्षण केन्द्रका रुपमा विकसित गरी दूर शिक्षणको क्षेत्रलाई विस्तार गर्नुपर्छ।

(१३) अधिराज्यभित्र स्थापित हुने विश्वविद्यालय तथा उच्च शिक्षाका संस्थाहरुलाई शैक्षिक क्षेत्रमा पूर्ण स्वायत्तता दिइनुपर्छ। तर शैक्षिक प्राज्ञिक क्षेत्रभन्दा बाहिरका अन्य पक्षमा ती उच्च शिक्षाका संस्थाहरुले श्री ५ को सरकारको राष्ट्रिय शैक्षिक नीति अन्तर्गत रही काम गर्नुपर्ने व्यवस्था गरिनुपर्छ।

(१४) क्षेत्रीय शिक्षा निरीक्षकको नाम परिवर्तन गरी क्षेत्रीय शिक्षा निर्देशक बनाउनु पर्छ र क्षेत्रीय कार्यालयलाई क्षेत्रीय स्तरमा शैक्षिक योजना बनाउने, प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक शिक्षकको नियुक्तिका लागि परीक्षा संचालन गर्ने, क्षेत्रीय स्तरमा शिक्षक, प्रशिक्षक, निरीक्षक तथा अन्य शिक्षा विशेषज्ञको तालिम संचालन गर्ने र क्षेत्रीय स्तरमा एस.एल.सी. परीक्षा संचालन गर्ने सहयोग पुऱ्याउने उत्तरदायित्व दिनुपर्छ।

(१५) जिल्ला शिक्षा निरीक्षकको नाम परिवर्तन गरी जिल्ला शिक्षा अधिकारी बनाउनु पर्छ र जि.शि.अ. एउटा प्राविधिक सेवाको पद रहनुपर्छ।

(१६) विद्यालयको संख्याको आधारमा ७५ जिल्लालाई क, ख र ग वर्गमा विभाजित गर्नु पर्छ र वर्गको आधारमा कर्मचारीहरुको व्यवस्था गर्नुपर्छ।

(१७) जिल्ला शिक्षा कार्यालय भवनहरु बनाउने काममा प्राथमिकता दिइनुपर्छ र यस कार्यालयलाई अन्य आवश्यक भौतिक सुविधाहरु पनि जुटाइनुपर्छ।

(१८) जिल्ला शिक्षा कार्यालयलाई शिक्षकहरुको विवरण अद्यावधिक राख्ने, शिक्षकहरुको नियुक्ति, सरुवा र बढुवा गर्ने, निवृत्तिभरण र उपदान उपलब्ध गराउने, नियमित रुपमा विद्यालय निरीक्षण गराउने र विद्यालय सम्बन्धी सबै आवश्यक अभिलेख तथ्याँक राख्ने, कक्षा ५ को र कक्षा ८ को परीक्षा संचालन गर्ने तथा प्रधान अध्यापक, संचालक समितिका सदस्य तथा शिक्षकहरुका निम्ति सामयिक परिचयात्मक गोष्ठी तथा तालिम कार्यक्रमहरु संचालित गर्ने जस्ता उत्तरदायित्व दिनुपर्छ। विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारी जिल्ला शिक्षा कार्यालयका कर्मचारी मानिनुपर्छ।

(१९) प्रत्येक जिल्लामा एउटा जिल्ला शिक्षा समिति हुनुपर्दछ। यस समितिलाई जिल्ला स्तरका विद्यालयहरु स्तरयुक्त तवरबाट संचालन गर्ने आवश्यक अधिकार प्रदान गर्नुपर्दछ। यस समितिको संगठन तथा काम, कर्तव्य र अधिकारहरु ऐनमा व्यवस्था भए अनुसार हुनुपर्दछ। जिल्लाका विद्यालयहरुको

संचालन गर्नु, श्री ५ को सरकारबाट प्राप्त अनुदान र अन्य स्रोतबाट रकम जुटाई जिल्लाका विद्यालयहरुलाई नियमित रुपमा अनुदान दिनु, जिल्लाका विद्यालयहरुको नक्साङ्कन गर्नु, जिल्लास्तरीय शैक्षिक योजनाहरु बनाउनु तथा जिल्लाका विद्यालयहरुलाई प्रोत्साहित गर्ने पुरस्कारहरु दिनु जिल्ला शिक्षा समितिको प्रमुख काम हुनुपर्दछ।

(२०) सबै स्तरका विद्यालयहरुमा संचालक समितिको गठन गर्नु पर्दछ। तर प्राथमिक विद्यालयको हकमा गाउँ विकास समिति अन्तर्गतका पनि अर्थात् समितिमा भएका सबै प्राथमिक विद्यालयहरुका लागि पनि एउटै संचालक समिति रहने व्यवस्था पनि हुनसक्छ।

(२१) प्राथमिक विद्यालयको संचालक समितिमा ५ देखि ७ सम्म र अन्य विद्यालयमा ९ देखि ११ जनासम्मको समिति हुनुपर्दछ। यस समितिमा विद्यालय संस्थापक, अभिभावक, शिक्षा तथा समाजसेवी, चन्दादाता तथा जि.शि.अ. का प्रतिनिधिहरु रहनुपर्दछ। संचालक समितिको पदावधि ४ वर्षको हुनुपर्दछ र यसका अध्यक्ष तथा सदस्य सचिव जिल्ला शिक्षा समितिले मनोनित गरेको हुनुपर्दछ। सम्बन्धित विद्यालयका प्रधानाध्यापक पदेन सदस्य सचिव हुनेछन्। भौतिक सुविधा जुटाउने विद्यालयका सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्ने कार्यका साथै संचालक समितिले शिक्षकको नियुक्ति, सरुवा र बढुवाको सिफारिस गर्ने र शिक्षकलाई पुरस्कार तथा द48ड दिने अधिकार पनि पाउनुपर्छ।

(२२) प्रत्येक विद्यालयमा एउटा प्रधानाध्यापक हुनुपर्दछ। विद्यालयका प्रधान अध्यापकको नियुक्ति, काम कर्तव्य र अधिकार नियमावलीमा तोकिए अनुसार हुनुपर्दछ।

(२३) प्रधान अध्यापक पदमा कुनै शिक्षकलाई खास अवधिका लागि नियुक्ति गर्नुपर्छ र प्रधान अध्यापकको पदबाट फर्केपछि शिक्षकका रुपमा काम गर्ने व्यवस्था हुनुपर्दछ।

(२४) प्रधान अध्यापकहरुका लागि विशेष पाठ्यक्रम तयार गरी सेवाकालीन तथा पूर्व सेवा तालिम दिने व्यवस्था गर्नु पर्दछ।

(२५) सबै तहका शिक्षक तथा कर्मचारीको सेवालाई सुरक्षित तथा मर्यादित गर्न आवश्यक व्यवस्था गर्नु पर्दछ।

(२६) कुनै पनि शिक्षकले धेरै वर्षसम्म अस्थायी रुपमा काम गर्नु पर्ने अवस्थाको अन्त्य हुनुपर्दछ।

(२७) प्रत्येक तहको शिक्षकलाई आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिमको आवश्यकता वारे श्री ५ को सरकारले तोक्नुपर्छ र सोही बमोजिम शिक्षकको नियुक्ति गर्ने व्यवस्था मिलाउनुपर्छ।

(२८) निरीक्षणलाई छुट्टै कामको रुपमा नहेरी पाठ्यक्रम, तालिम तथा निरीक्षणलाई समष्टिमा हेर्न केन्द्रीय तहमा पाठ्यक्रम, तालिम तथा निरीक्षणसँग सम्बन्धित सबै कार्य समावेश भएको एउटा निरीक्षण समन्वय समितिको स्थापना गर्नुपर्छ। निरीक्षणलाई पाठ्यक्रमको प्रयोगको साधनको रुपमा प्रयोग गर्नुपर्छ।

(२९) संस्कृत विद्यालयहरुको व्यवस्थापन, पाठ्यक्रम पाठ्यपुस्तक विकास तथा निरीक्षणका लागि समेत आवश्यक व्यवस्था मिलाउनुपर्छ।

(३०) केन्द्रीय स्तरमा राष्ट्रिय शिक्षा विकास केन्द्रले निरीक्षकहरुको लागि नियमित सेवा प्रवेश तथा सेवाकालीन तालिमको संचालन गर्नुपर्छ।

(३१) क्षेत्रीय शिक्षा निर्देशानलयहरुले प्रधान अध्यापकहरुलाई सामयिक तालिमको संचालन गरी प्रधान अध्यापकलाई विद्यालय तहको शैक्षिक निरीक्षक भई काम गर्न समक्ष तुल्याउनु पर्छ।

(३२) जिल्ला स्तरमा विद्यालय निरीक्षण गर्न विद्यालयहरुको समूह व्यवस्था लागू गर्नुपर्छ। प्रत्येक समूहका लागि एकजना निरीक्षक नियुक्त गर्नु अति खर्चिलो हुने हुँदा दुई समूहको लागि एक जना निरीक्षक नियुक्त गर्ने र निरीक्षकले क्षेत्र मै बस्नु पर्ने व्यवस्था हुनुपर्दछ।

(३३) विद्यालय समूहहरुका काममा निरीक्षण तथा सहयोग पुऱ्याउनका लागि जिल्ला स्तरीय निरीक्षकको पनि व्यवस्था हुनुपर्दछ र प्रत्येक निरीक्षकलाई मासिक एकमुष्ट रकम दैनिक भ्रमण भत्ताको रुपमा उपलब्ध गराउनु पर्दछ।

(३४) विद्यालय संचालक समितिलाई विद्यालय संचालन तथा विद्यालयमा पढाई भए नभएको निरीक्षण गर्नका लागि स्पष्ट जिम्मेदारी दिनुपर्छ। यस कामका निम्ति समक्ष तुल्याउन विद्यालय संचालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई गोष्ठी र अभिमुखीकरण कार्यक्रमको व्यवस्था गर्नुपर्छ।

(३५) अनौपचारिक शिक्षाका कार्यक्रमहरुको निरीक्षणका लागि जिल्ला शिक्षा कार्यालयहरु अन्तर्गत व्यवस्था गर्नुपर्छ र यस कार्यमा स्रोत केन्द्रहरुले आवश्यक सहयोग पुऱ्याउनु पर्छ।

(३६) समाजबाट निरक्षरताको उन्मूलन गर्ने लक्ष्यलाई ध्यानमा राखी प्रयोगका रुपमा नगर, गाउँ जस्ता स्थानीय निकायले प्राथमिक शिक्षालाई आफ्ना क्षेत्रमा अनिवार्य गराउन चाहेमा प्रोत्साहित गर्नुपर्छ।

(३७) निजीकरणलाई प्रोत्साहित गर्ने उद्देश्य अनुरुप विद्यालय, महाविद्यालय, विश्वविद्यालय वा शैक्षिक संस्थानहरुको स्थापना र संचालन गर्न प्रोत्साहन दिनुपर्छ। सरकारी अनुदानमा संचालित शैक्षिक संस्थाहरुलाई पनि नाफा नलिने (Non Profit Making) निजी संस्थाका रुपमा आफूलाई परिवर्तित गर्न चाहेमा स्वीकृति दिनुपर्छ।

**शैक्षिक व्यवस्थापन संगठन**

तालिका नं.३मा राष्ट्रिय शिक्षा सम्बन्धी नीति निर्माण, कार्यक्रम तथा कार्यान्वयनका साथै मूल्याङ्कन तथा अनुगमन  कार्यका निम्ति शैक्षिक व्यवस्थापनको संरचना प्रस्तुत गरिएको छ। शिक्षालाई सुव्यवस्थित रुपमा संचालन गर्ने शिक्षा सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने दायित्व श्री ५ को सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयमा हुनेछ। शिक्षा मन्त्रालयका प्रमुखमा शिक्षा मन्त्री र निजका मातहतमा शिक्षा सहायक मन्त्री, सचिव र अन्य कर्मचारी रहनेछन्।

मन्त्रालय शिक्षाको विविध क्षेत्रको निरीक्षण गर्ने, समन्वय गर्ने र संचालन गर्ने केन्द्रीय सर्वोच्च निकाय हुनेछ। शिक्षाको हरेक क्षेत्र र तहको व्यवस्थापन गर्नका निमित्त बेग्ला-बेग्लै निकायहरुको व्यवस्था गरिएको छ। उच्चमाध्यमिक शिक्षा व्यवस्थापनको निम्ति उच्चमाध्यमिक शिक्षा परिषद्, प्राविधिक तथा व्यावसायिक शिक्षाको निम्ति प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्, अनौपचारिक शिक्षाका निम्ति अनौपचारिक शिक्षा परिषद्, र विशेष शिक्षाका निम्ति विशेष शिक्षा परिषद्को व्यवस्था गरिएको छ। यी परिषद्हरुले सम्बन्धित शिक्षा क्षेत्रको नीति निर्माण, व्यवस्थापन, अध्ययन-अध्यापन, परीक्षा र सम्बन्धित शिक्षा क्षेत्रको विकास गर्नेछन्। परिषद्हरु आफ्नो कार्यक्षेत्रमा ती परिषद्का ऐन-नियमले तोकेका परिधिमा स्वायत्त हुनेछन्। सम्बन्धित शिक्षा परिषद् र मन्त्रालय बीचको समन्वय मन्त्रालयको सम्बन्धित महाशाखा मार्फत हुनेछ।

शिक्षाको अन्य क्षेत्रको विकास गर्नको निमित्त केन्द्रहरुको व्यवस्था गरिएको ५। शिक्षा सामग्रीहरुको उत्पादनका लागि जनक शिक्षा सामग्री केन्द्र, अनौपचारिक शिक्षा संचालन गर्नका लागि अनौपचारिक शिक्षा केन्द्र, शैक्षिक स्तरको विकास गर्नका निम्ति शिक्षक तालिम प्रदान गर्न शिक्षा विकास तथा तालिम केन्द्र, दूर शिक्षाको संचालनका लागि दूर शिक्षा केन्द्र र पाठ्यक्रम र पाठ्यपुस्तकको विकासका लागि पाठ्यक्रम पाठ्यपुस्तक विकास केन्द्र, युनेस्कोद्वारा सहयोग प्राप्त भई शिक्षा क्षेत्रमा विकास गर्नको लागि युनेस्को नेशनल कमिशन कार्यालयहरुको व्यवस्था गरिएको छ। यी सबै केन्द्रहरु मन्त्रालय प्रति उत्तरदायी हुनेछन्। यी केन्द्रहरुले आफ्ना क्षेत्रका कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्नेछन्।

जिल्लालाई नै शिक्षाको प्रमुख कार्यस्थल मानी विकेन्द्रीकरणको आधारमा विद्यालय व्यवस्थापनको व्यवस्था मिलाइएको छ। यसर्थ हरेक जिल्लाका जिल्ला शिक्षा कार्यालय , जिल्ला शिक्षा समिति र स्थानीय विकास समितिलाई नै विद्यालयको व्यवस्थापन गर्ने दायित्व प्रदान गरिएको छ। विद्यालय व्यवस्थापनको अन्तिम दायित्व स्थानीय विकास समितिमा हुनेछ। स्थानीय विकास समितिले विद्यालयको व्यवस्थापन कार्य जिल्ला शिक्षा समितिको परामर्शबाट गर्नेछ। जिल्ला शिक्षा कार्यालय विद्यालय र मन्त्रालय वीचको सम्पर्क विन्दुको रुमा रहनुका साथै विद्यालयहरुको आवश्यक निरीक्षण र तिनलाई निर्देशन दिने कार्य गर्नेछ। क्षेत्रीय स्तरका क्षेत्रीय शिक्षा निर्देशनालय सम्बन्धित क्षेत्रका जिल्ला स्तरीय व्यवस्थापन निकायहरु वीच समन्वय कायम गर्न तथा तिनलाई आवश्यक नीतिगत तथा कार्यगत निर्देशन र निरीक्षण गर्ने निकायको रुपमा रहनेछ। विकेन्द्रीकरणकै आधारमा एसएलसी परीक्षालाई क्रमशः पाँचै क्षेत्रमा क्षेत्रीय एसएलसी परीक्षा वोर्डको स्थापना गरी क्षेत्रीय स्तरमा एसएलसी परीक्षा संचालन गरिनेछ।

उच्च शिक्षामा शिक्षाको व्यवस्थापनलाई वैज्ञानिक र व्यवस्थित गर्न एउटा विश्वविद्यालय अनुदान आयोगको स्थापना हुनेछ। यस आयोगले विश्वविद्यालयहरु तथा उच्च शिक्षा अध्ययन संस्थानहरुको शैक्षिक स्तर तथा कार्यक्रमहरुको मूल्याङ्कन गर्नेछ र सो अनुरुप अनुदान उपलब्ध गराउनेछ। यस्तै उच्च शिक्षाको विकासका निम्ति आवश्यक अनुसन्धान र विश्वविद्यालय तथा उच्च शिक्षा अध्ययन संस्थानहरुको विकासको निम्ति अध्ययन, अनुसन्धान गर्ने यो प्रमुख निकाय हुनेछ। विश्वविद्यालयहरु आफैमा स्वायत्त संस्था हुनेछन्। सबै विश्वविद्यालय आफ्नो शैक्षिक क्रियाकलापहरुलाई स्तरयुक्त बनाउने कार्यमा स्वतन्त्र हुनेछन्।

शिक्षाका विविध क्षेत्रमा सम्बन्धित निकायले आफ्नो क्षेत्रको व्यवस्थापन र विकास गर्नेछन्। शिक्षा मन्त्रालयलाई राष्ट्रिय  शिक्षाका विभिन्न पक्षमा सरसल्लाह दिनका लागि एउटा उच्च स्तरीय राष्ट्रिय शिक्षा सल्लाहकार समिति रहनेछ। यस समितिले समय समयमा राष्ट्रिय शिक्षाको स्थितिको मूल्याङ्कनका साथै शिक्षा विकासको निम्ति आवश्यक अध्ययन अनुसन्धान गरी सुझावहरु प्रदान गर्नेछ। यस परिषद्ले शैक्षिक व्यवस्था र शिक्षा नीतिको पुनरावलोकन गरी संशोधन गर्नका लागि परामर्श गर्न पनि सक्नेछ।

शिक्षा मन्त्रालय

# १३. विविधः

## (क) पूर्व प्राथमिक शिक्षा :

### १.पृष्ठभूमि

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षासम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरमा वि.सं.२००७ मा काठमाडौँमा एउटा मन्टेश्वरी स्कूलको स्थापना बाट भएको पाइन्छ। यसका लागि चाहिने आवश्यक तालिम केही शिक्षकहरुले शुरुमा भारतबाट प्राप्त गरेका थिए भने २०१९सालतिर केही शिक्षकहरुलाई इजरायल समेत पठाइएको थियो। तर २०२० सालमा मन्टेश्वरी स्कूल तत्कालीन डेमोन्स्ट्रेसन (हाल ल्यावोरेटरी) स्कूलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना केटाकेटीहरुका लागि २०२१ मा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको देखिन्छ। यसै सन्दर्भमा २०२२ सालदेखि बालमन्दिरहरुको स्थापना भई शिशुशिक्षासम्बन्धी कार्यक्रमहरु संचालन हुन थालेको उल्लेखनीय छ। शिक्षा मन्त्रालय अन्तर्गत २०२५ सालदेखि शिशुकक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको हो।उक्त पाठ्यक्रमलाई पुनः २०२९मा शिशुकक्षा व्यवस्था नियमावलीद्वारा सुव्यवस्थित गर्ने प्रयास भयो। तदनुसार समय-समयमा पाठ्यक्रमपाठ्यपुस्तक निरीक्षण तथा विकास केन्द्रद्वारा तालिमहरु तथा सम्बन्धित शिक्षक र प्रधानाध्यापकहरुका निम्ति गोष्ठीहरु आयोजना हुने गरेका छन्। यस सम्बन्धी सबैभन्दा पछिल्लो गोष्ठी २०४७मा समेत भएको थियो।

यस्ता प्रयासहरु हुँदाहुँदै पनि नेपालमा शिक्षा तथा संस्कृति मन्त्रालयबाट पूर्वप्राथमिक शिक्षाको विकास सम्बन्धमा धेरै योगदान हुन नसकेको देखिन्छ। नेपाल राष्ट्रिय शिक्षा योजना आयोग(२०१२) तथा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति(२०१८)ले यस सम्बन्धमा सिफारिस गरेका थिए। तर पूर्वप्राथमिक उमेरका बालबालिकाहरुको शिक्षा र विकासका सम्बन्धमा राष्ट्रिय योजनाहरुमा धेरै पछिसम्म पनि उल्लेख गरिएको पाइँदैन। सातौं योजना(१९८५-९०)मा आएर बल्ल ६ वर्ष पूर्वको बालकको विकासम्बन्धी कार्यक्रमहरु समाविष्ट गरिएका देखिन्छन्। यसरी स-साना बालकहरुको हेरचाह र शिक्षाको विषयमा जेजति कार्यक्रम र उपलब्धीहरु भएका छन् तिनका कारकहरु हुन्: क) पढेलेखेका महिलाहरु घरबाहिर काम गर्न थालेकाले उनीहरुले आफ्ना स-साना शिशुहरुलाई हेरचाह गर्ने केन्द्रहरुमा राख्नुपर्ने आवश्यकता, ख) केही महिला विकास परियोजनाहरुद्वारा बाल-हेरचाह केन्द्रहरुको स्थापना, ग) सम्पन्न परिवारका शिशुहरुलाई अङ्ग्रेजी

माध्यमका विद्यालयहरुमा सानैदेखि पठाइने कुरालाई इज्जतको रुपमा लिइनाले अरुमा समेत त्यसको प्रभाव, र घ) शिक्षामा निजीकरणलाई बढावा दिने सरकारी नीति।

२.वर्तमान स्थिति

हाल पूर्वप्राथमिक उमेरका बालबालिकाहरुका लागि देशमा विभिन्न किसिमका कार्यक्रम र केन्द्रहरु संचालित भएका देखिन्छन्।ती सबै कार्यक्रमहरुलाई खास गरी ४ वर्गमा विभाजित भएका देखिन्छन्। ती यस प्रकार छन्: क) कल्याणकारी बालशिक्षा कार्यक्रमहरु, ख) परियोजनाजनित बालशिक्षा कार्यक्रमहरु, ग) निजी बालशिक्षा कार्यक्रमहरु र घ) विद्यालयजनित बालशिक्षा कार्यक्रमहरु।

कल्याणकारी बालिशिक्षा कार्यक्रमहरुः यसप्रकारका कार्यक्रमहरु खास गरी गैरसरकारी संस्थाहरुद्वारा संचालित हुने गरेका छन्। सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् (सा.से.रा.सा.प.) अन्तर्गतको बाल कल्याण समन्वय समितिले नेपाल बाल संगठन, एस.ओ.एस. बालग्राम, पिछडिएका बालकहरुको शिक्षा कार्यक्रम(युसेप), पौष्टिक आहार कार्यक्रम, राष्ट्रिय बालकोष जस्ता संस्थाहरुको निरीक्षण र समन्वय गरेको छ। नेपाल बाल संगठनअन्तर्गत प्रत्येक जिल्लामा एक एक वटा बाल-मन्दिरहरु स्थापना गरिएका छन्, जसमा लगभग ५० जना जति स-साना केटाकेटीहरुलाई पौष्टिक आहारका साथै बालविकाससम्बन्धी साधारण कार्यकलापहरु गराइने व्यवस्था रहेको छ। यसै संगठन अन्तर्गत ३ वटा अनाथालयहरु समेत संचालित भइरहेका छन्। एसओएस बालग्राम योजनाले टुहुरा बालबालिकाहरुका लागि कार्यक्रम संचालन गर्ने गरेको छ। यहाँ बाल-हेरचाह र शिक्षासम्बन्धी सेवा प्रदान गर्नुका साथै विद्यालय शिक्षाको पनि व्यवस्था गरिएको छ। हाल काठमाडौँ, पोखरा, सुर्खेत र इटहरीमा बालग्रामहरु छन्। परोपकार अनाथालयले समेत हालसम्म थुप्रै अनाथ बालबालिकाहरुलाई शिक्षाको अवसर दिएर विभिन्न पेशामा स्थापित गराउने महत्वपूर्ण काम गरेको छ। उक्त संस्थाले एउटा माध्यमिक विद्यालयको समेत संचालन गरेको छ र आफ्नो कार्यक्रम विस्तार गर्ने योजना राखेको छ। श्रम तथा सामाजिक कल्याण मन्त्रालयले विराटनगर, बीरगञ्ज, बुटवल र राजविराज गरी ४ वटा अनाथालय स्थापना गरेको छ जसमध्ये प्रत्येकमा २५-३० शिशुहरुलाई खान, बस्न र सामान्य शिक्षाको सुविधा दिइएको छ। त्यसै गरी हरमन मायनर विद्यालय र डगलस स्मारक केन्द्र जस्ता दाताकै नामबाट स्थापित संस्थाहरुअन्तर्गत काठमाडौँ र पोखरामा दलित जातका र निम्न आय भएका वर्गबाट करिब ३०० बालबालिकाहरुलाई बाल-हेरचाह र शिक्षासम्बन्धी सुविधा उपलव्ध छ।

विश्व खाद्य कार्यक्रम र श्री ५ को सरकारको सम्झौतामा २०२७ सालमा स्थापित पौष्टिक आहार कार्यक्रमअन्तर्गत ३४ जिल्लाका गर्भवती र दूध खुवाइरहेका महिला लगायत ५ वर्ष मुनिका थुप्रै बालबालिकाहरु लाभान्वित भएका छन्। यसका अतिरिक्त सा.से.रा.स.प. अन्तर्गतको स्वास्थ्य सेवा समन्वय समितिद्वारा पनि केही अन्धा, बहिरा, सुस्तमनस्थितिका र अपांग बालबालिकाहरुका साथै कुष्ठरोगीका बालबालिकाहरुका लागि बाल हेरचाह र शिक्षासम्बन्धी कार्यक्रम चलाइएका छन् ।यस्ता कार्यक्रमहरुमध्ये ७ काठमाडौँमा र ४ अन्य स्थानमा रहेका छन्। बालविकास र शिक्षा सम्बन्धी विषयमा युनिसेफको सहयोग उल्लेखनीय देखिन्छ। यसबाट स्वास्थ्य मन्त्रालयअन्तर्गत बालबालिकाहरुको रोग र कुपोषणको रोकथाम गर्ने प्रयास भइरहेको छ। यसबाट बालशिक्षासम्बन्धी कुरामा प्रत्यक्ष सहयोग नभए पनि आमाको स्वास्थ्यको सुधारबाट बालकको विकासमा पर्ने प्रभाव दीर्घकालीन हुन सक्ने हुँदा यसलाई पनि एउटा उपयोगी कार्यक्रमका  रुपमा लिन सकिन्छ।

परियोजनाजनित कार्यक्रमहरुः सा.से.रा.स.प. अन्तर्गत महिला सेवा समन्वय समितिद्वारा संचालित परियोजनाहरुमा साक्षरता र आयवृद्धिका अतिरिक्त बालहेरचाहसम्बन्धी कार्यक्रमहरु पनि छन्।त्यसमा काम गर्ने महिलाहरुका साना बालबालिकाहरुको हेरचाह सम्बन्धी सेवा प्रदान गरिन्छ। स्थानीय विकास मन्त्रालयअन्तर्गतको महिला विकास महाशाखाले पनि बाल हरेचाह र शिक्षासम्बन्धी कार्यक्रमहरु थुप्रै जिल्लाहरुमा संचालित गरेको छ। हालसम्म विभिन्न ग्रामीण सामुदायिक विकास परियोजना क्षेत्रहरुमा बालबालिकाहरुको देखभाल गर्ने करिब ७० वटा दिवा सेवा केन्द्रहरु संचालित भएका देखिन्छन्। यिनमा मुख्य दुइवटा परियोजनाहरुको ठूलो योगदान देखिन्छ। ती हुन् : महिला विकास महाशाखाअन्तर्गतको ग्राम्रीण महिलाका लागि उत्पादन कर्जा परियोजना र कृषि विकास बैँकअन्तर्गतको साना किसान विकास योजना । यी दिवा सेवा केन्द्रहरुमा करिब १८०० पूर्वप्राथमिक उमेरका शिशुहरुले सेवा पाएका छन्।

निजी बालविकास कार्यक्रमहरुः हाल निजी क्षेत्रमा संचालित बालहेरचाह र शिक्षासम्बन्धी कार्यक्रमहरु के कति मात्रामा छन् भन्ने  कुराको निश्चित तथ्यांक उपलब्ध छैन। तर बाल हेरचाह सम्बन्धी केन्द्रहरु थोरै रहेको अनुमान गरिन्छ। बालशिक्षासम्बन्धी केन्द्रहरुमा नर्सरी, के.जी. इत्यादि विभिन्न नामले प्रचलित छन्। काठमाडौँ उपत्यकाभित्रका तीनै शहरमा मात्र यस्ता करिब २०३ बाल-विद्यालयहरु

रहेका छन् तथा यिनीहरुको संख्या अन्य  शहरी क्षेत्रमा समेत क्रमशः बढ्दै गएको छ। यी केन्द्रहरुमा बालविकास शिक्षाभन्दा कक्षा १ मा भर्ना गर्न सजिलो होस् भनेर जोडतोडका साथ विभिन्न विषयहरुको शिक्षण गरेको नै बढी मात्रामा पाइएको छ। शिशुहरुलाई मनोवैज्ञानिक व्यावहारबाट मद्दत गरी सिक्नमा सहयोग पुर्‍याएको विरलै मात्र पाइन्छ। साथै यस्ता अधिकांश विद्यालयहरु सेवाभावले भन्दा पनि व्यापारी दृष्टिकोणबाट प्रेरित भएका देखिन्छन्।

विद्यालयजनित बालशिक्षा कार्यक्रमहरुः हाल नेपालका अधिकांश प्राथमिक विद्यालयहरुमा कक्षा १मा कम उमेरका (६ वर्ष भन्दा कम) बालबालिका भर्ना गरेको धैरै पाइएको छ। केही विद्यालयहरुले 'शिशु कक्षा 'भनेर छुट्याएको पनि पाइन्छ। यस्ता विद्यार्थीहरुको संख्या कक्षा १ मा लगभग ४०-५० प्रतिशत पाइएको छ। यसरी यी शिशुहरु प्रायः दुई वर्षसम्म कक्षा १मै बस्दछन्। हालको प्राथमिक शिक्षा प्रणालीमा आन्तरिक क्षमता धैरै कम हुनाको कारण यस्तो भएको हो। यसरी हाम्रा प्राथमिक विद्यालयहरुमा शिशु कक्षाको स्थापना भएको देखिएता पनि त्यसमा पूर्वप्राथमिक शिक्षासम्बन्धी तत्वहरुको अभाव पाइन्छ। ती विद्यार्थीहरुलाई प्रायः कक्षा १ कै पाठ्यक्रमअन्तर्गत व्यवहार गरिन्छ। यद्यपि कहीँ कहीँ पूर्वप्राथमिकसम्बन्धी शिक्षा चित्तबुझ्दो रुपमा समावेश भएको पाइन्छ तापनि त्यस्ता विद्यालयहरु साह्रै कम छन् ।हाल यस्ता शिशुहरुको ठूलो संख्या विद्यालय अन्तर्गत रहेको छ। तिनको भर्नालाई बन्द गर्न पनि नसकिने भएको छ र ती विद्यालयहरुमा भएको छ र ती विद्यालयहरुमा पनि केही पूर्वावश्यक व्यवस्थाहरु नमिलाई तिनको समुचित समाधान नहुने देखिन्छ।

### ३.प्रमुख समस्या र मुद्दाहरु

हालसम्म बालविकास र तत्सम्बन्धी शिक्षाको जे जस्ता कार्यक्रमहरु संचालित पाइन्छन् ती कार्यक्रमहरुको अध्ययनबाट मोटामोटी रुपमा पूर्वप्राथमिक शिक्षाको क्षेत्रमा कतिपय समस्याहरु र मुद्दाहरु रहेका देखिन्छन्:

***धारणात्मक अस्पष्टताः*** नेपालमा बालहेरचाह र बालशिक्षासम्बन्धी अवधारणाहरु अस्पष्ट छन्। यस सम्वन्धमा युनेस्को-प्रोएपले मुख्य चार वटा मापदण्डहरुको उल्लेख गरेको छ, ती हुन् :१) बालकको सर्वाङ्गीण विकास, २)बालकको विकासात्मक अभिरुचिसँग सम्बन्धित कार्यकलापको अभिप्रेरणा, ३) स्वभाविक सिकाइका लागि अवसर र ४) माया गर्ने तथा हेरविचार गर्न जान्ने दक्ष प्रौढव्यक्तिहरुसँग सम्बन्ध। यी

अवधारणाहरुका आधारमा हेर्ने हो भने नेपालमा पूर्वप्राथमिक वा शिशुशिक्षा ज्यादै कम महत्वको विषय रहेको छ।

***बालविकास र शिक्षासम्बन्धी कार्यक्रमको दिशाहीनताः*** बालविकास र बालशिक्षासम्बन्धी कार्यक्रमहरुका वीच समन्वय, प्राविधिक ज्ञान, स्पष्ट उद्देश्य तथा कार्यक्रम संचालकहरुका बीच विचार र व्यवहारको आदान प्रदानको कमीले गर्दा तिनीहरु विभिन्न दिशातर्फ उन्मुख देखिन्छन्।

प्राथमिक शिक्षाको पूर्वतयारीमा मात्र केन्द्रित कार्यक्रमः धेरैजसो बालविकास र बालशिक्षासम्बन्धी कार्यक्रमहरु खास गरी निजी क्षेत्रबाट संचालित छन् र ती कार्यक्रमहरुले विद्यार्थीको सर्वाङ्गीण विकास गर्नुभन्दा प्राथमिक शिक्षाको पूर्वतयारीका रुपमा केटाकेटीहरुलाई अनावश्यक रुपमा किताबको भारी बोकाउन खोजेको पाइन्छ। यस्ता अनियमितताहरु खुला रुपमा हुने गरेको पनि देखिएको छ।

आवश्यक दक्षताको विकासका लागि संस्थागत आधारको कमीः पूर्वप्राथमिक शिक्षासम्बन्धी कार्यक्रमहरु संचालन गर्न आवश्यक पर्ने जनशक्ति ठीक प्रकारसँग तयार पार्नका लागि संस्थागत प्रयास भएको पाइँदैन। प्राथमिक शिक्षामा चाहिने दक्ष सीपभन्दा पूर्वप्राथमिक शिक्षाका लागि भिन्नै किसिमको दक्षताको आवश्यकता पर्दछ।

***अनुसन्धानको कमीः*** हालसम्म यस सम्बन्धमा नेपालका विभिन्न समुदाय र वर्गका केटाकेटीबारे अध्ययन-अनुसन्धानको निकै कमी रहेको छ जसबाट कार्यक्रम तर्जुमा गर्न असजिलो भएको छ।

ग्रामीण क्षेत्रमा कार्यक्रमको अभावः बालविकास र बालशिक्षाबारे जे जति कार्यक्रमहरु हालसम्म संचालित छन् तिनीहरु खास गरी राजधानी र शहरी क्षेत्रमा मात्र सीमित छन्। तिनको ग्रामीण क्षेत्रमा पहुँच पुगेकै छैन। प्राथमिक कक्षाका लागि उमेर नपुगेका थुप्रै बालबालिकाहरु गाउँ क्षेत्रमा छन्। तिनीहरुको विकास तथा शिक्षाबारे समुचित दृष्टिकोण राखिनु पर्ने ठूलो खाँचो छ।

***सामाजिक-सांस्कृतिक परिवेशसँग असम्बद्धताः*** हाल सञ्चालित पूर्वप्राथमिक शिक्षामा बालबालिकाहरुको सामाजिक-सांस्कृतिक परिवेशलाई कमै ध्यान दिइएको देखिन्छ। कलिला उमेरका बालबालिकाहरुलाई आफ्नो परिवेशसँग परिचित हुने खालका कार्यकलापहरुमा जोड नदिएमा उनीहरुमा समाजीकरणका लागि अनुकूल आनीबानी तथा व्यवहारको विकास गर्न कठिनाइ पर्ने हुन्छ।

## ४. सुझाउहरु :

देशबाट निरक्षरता हटाउन प्राथमिक शिक्षामा सुधार ल्याउनुपर्छ। तर प्राथमिक शिक्षामा सुधार ल्याउन पूर्वप्राथमिक शिक्षा मार्फत बालबालिकाहरुको पारिवारिक सिकाईसंग शुरुदेखि नै सम्बन्ध स्थापना गर्नु पर्ने कुरा पनि उत्तिकै आवश्यक छ। त्यसकारण यी समस्याहरुको समुचित समाधान गर्न विभिन्न उपायहरु अँगाल्नु उपयुक्त हुने हुँदा यहाँ केही सुझाउहरु प्रस्तुत छन् :

(१) शारीरिक, मानसिक, बौद्धिक तथा गतिविकासका धारणा अनुरुप बालबालिकाहरुको विकासलाई ध्यानमा राखी बाल शिक्षा दिनु पूर्व प्राथमिक शिक्षाको उद्देश्य हुनुपर्दछ।

(२) समुदायको माग र आवश्यकतालाई ध्यानमा राखी एक वर्षको पूर्व प्राथमिक शिक्षाको व्यवस्थाका लागि प्रोत्साहित गर्नु पर्दछ।

(३) प्राथमिक विद्यालय जाने उमेर नपुगेका ४ वर्ष पुगेका बालबालिकाहरुलाई यस तहमा प्रवेशका लागि योग्य मान्नु पर्दछ। पूर्व प्राथमिक शिक्षालाई शिशु स्याहार केन्द्र भन्दा स्पष्टतः अलग गराइनु पर्छ।

(४) कक्षा एकको पूर्व तयारीलाई समेत दृष्टिगत गरी पूर्वप्राथमिक शिक्षाको व्यवस्था गरिनु पर्छ। यस तहको शिक्षालाई पुस्तकीय ज्ञानभन्दा कार्यकलापपरक बनाइनु पर्छ।

(५) बालविकास तथा बालशिक्षाका सिद्धान्त र पद्धतिलाई ध्यानमा राखी पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम राष्ट्रिय संस्कृतिलाई दृष्टिगत गरी बालबालिकाका सामाजिक सांस्कृतिक परिवेश अनुरुपका विषयवस्तुसँग सम्बन्धित हुनुपर्छ।

(६) पूर्वप्राथमिक विद्यालयहरुले अभिभावकहरुबाट उचित शुल्क लिई बालबालिकाहरुका लागि आवश्यक खेलकूदका सामग्री, पाठ्यसामग्री तथा श्रव्य–दृश्य सामग्रीहरुको व्यवस्था मिलाउनु पर्दछ।

(७) श्री ५ को सरकारको सम्बन्धित निकायले पूर्व प्राथमिक शिक्षाका गतिविधिहरुको मूल्यांकन, अनुगमन तथा निरीक्षणको व्यवस्था गर्नुपर्छ।

(८) ग्रामीण क्षेत्रमा पनि पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नेतर्फ प्रोत्साहित गर्नुपर्छ। यस्तो व्यवस्था स्थानीय समुदायबाट गर्न सकिन्छ।

(९) पूर्व प्राथमिक शिक्षामा काम गर्ने शिक्षकहरुका लागि प्रशिक्षणको व्यवस्था मिलाई बालबालिकाको मातृभाषाको ज्ञान भएका शिक्षक तथा महिला शिक्षिकाहरुलाई प्राथमिकता साथ नियुक्त गर्नु पर्दछ।

(१०) सामाजिक संघ संस्था र सामुदायिक तथा निजी क्षेत्रका आन्तरिक तथा बाह्य स्रोतबाट पूर्व प्राथमिक शिक्षाका कार्यक्रमहरुका लागि आर्थिक उपायहरुको परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(११) श्री ५ को सरकारले निर्धारण गरेको शर्तमा रही तथा तोकेका निकायहरुबाट स्वीकृति लिई निजी क्षेत्रमा पूर्वप्राथमिक शिक्षाको संचालन गर्न प्रोत्साहित गर्नु पर्दछ।

(१२) नेपाली बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक तथा भाषिक विकासको अध्ययन अनुसन्धान गर्ने व्यवस्था हुनुपर्छ।

शिक्षा मन्त्रालय

## (ख) निजी क्षेत्रमा संचालित विद्यालयहरु:

### १.पृष्ठभूमि

२००७ साल पछि स्थापना भएका निजी वा आवासीय वा दुवै विद्यालयहरुले २०४८ सालसम्ममा धेरै मोडहरु पार गरिसकेका छन् । २००७ सालपछि स्थापना गरिन थालेका यस्ता विद्यालयहरु २०२८ सालसम्म सीमित संख्यामा नै थिए। २०२८सालमा यस्ता विद्यालयहरु पनि अन्य विद्यालय सरह नै श्री ५ को सरकारको नियन्त्रण र सहयोगमा चल्न थाले। तर २०३७ सालपछि यस्ता विद्यालयहरुले श्री ५को सरकारबाट आर्थिक सहायता नपाउने व्यवस्था भएपछि उक्त विद्यालय स्थापना गर्न दिने उदार नीति अपनाइयो र फलस्वरुप यी विद्यालयहरुको संख्या ज्यादै द्रुतगतिले बढ्न थालेको देखिन्छ। शिक्षा नियमावली २०४६मा निजी क्षेत्रमा संचालित विद्यालयहरुलाई सामुदायिक विद्यालयको वर्गीकरणभित्र समावेश गरिएको छ, जसमा यस्ता विद्यालयहरुलाई "श्री ५को सरकारको अनुदान नलिई जनसहयोग र विद्यालयको आफ्नै आयस्रोतबाट संचालन गर्न स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ" भन्ने कुराको उल्लेख गरिएको छ।

यता केही वर्षदेखि निजी क्षेत्रमा संचालित विद्यालयहरु अंग्रेजी भाषा सिकाउनमा र एसएलसी मा बढी प्रतिशत विद्यार्थी सफल बनाउनमा सापेक्षिक रुपमा सक्षम देखिएकाले यिनीहरुप्रति जनआकर्षण बढेको पाइन्छ। प्रत्येक वर्ष बढिरहेको विद्यार्थी भर्ना चापलाई हेर्दा यस्ता विद्यालयहरुले २०४६मा अन्दाजी १९ प्रतिशतको भर्ना लिई सहयोग पुर्‍याएका छन् ।निजी क्षेत्रका विद्यालयहरुको विस्तार हुँदै जाँदा सरकारी स्रोतमाथिको चाप घट्न गई शिक्षामा हुने सरकारी व्ययभार केही हदसम्म कम हुने हुँदा बचत भएको रकम शिक्षाको गुणस्तर वृद्धि गर्नेतर्फ लगाउन सकिन्छ। तर निजी क्षेत्रमा संचालित केही यस्ता विद्यालयहरु सेवाको भावनाले भन्दा मुनाफाको दृष्टिले बढी प्रेरित भएको भन्ने जनगुनासो पनि छ । निजी क्षेत्रमा विद्यालयहरुले श्री ५को सरकारलाई गुणस्तर भएका थप विद्यालय स्थापना गर्ने बोझ केही हदसम्म हल्का पार्न सहयोग पुर्‍याएका छन्।यसबाट स्तरीय शिक्षा चाहने स्वदेशी अभिभावकहरुको धनराशी विदेश जानबाट रोक्ने र स्वदेशी पूँजी स्वदेशमा नै रहनसक्ने वातावरण केही हदसम्म भएपनि सृजना भएको छ।

**२.प्रमुख समस्या र मुद्दाहरु**

वितेका दशकमा निजी क्षेत्रमा संचालित विद्यालयहरुमा द्रुतगतिमा देखा परेको विस्तारले गर्दा यस्ता विद्यालयहरुले राष्ट्रिय शिक्षा प्रणालीमा गर्न सक्ने योगदानलाई पुनरावलोकन गरी उपयुक्त व्यवस्था गर्न टड्कारो रुपमा आवश्यक देखिएको छ।यस क्षेत्रमा हाल जे जति समस्याहरु देखिएका छन् तीमध्ये उक्त विद्यालयहरुको संचालनका सम्बन्धमा उब्जेका नयाँ प्रश्नहरु नै विशेष महत्वपूर्ण देखिन्छन्। यस्ता केही समस्या र मुद्दाहरु निम्नलिखित अनुसार छन् :

(१) निजी क्षेत्रमा संचालित विद्यालयहरुमा स्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सहयोग पुर्‍याउन थप सान्दर्भिक पुस्तक राख्न सक्ने व्यवस्था गरिएको छ। तर विद्यालयहरुले ती पुस्तकहरु उपयुक्त तरिकाले आफ्नो पाठ्यसामग्री सूचीमा राखेर प्रयोग गरेका छन् वा छैनन् भनी हेर्न सकिएको छैन। विद्यालयले आवश्यकता भन्दा बढी पाठ्यसामग्री राखी अनावश्यक बोझ विद्यार्थी र अभिभावकमा थपेको पनि गुनासो सुनिएको छ।

(२) निजी क्षेत्रमा संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहनस्वरुप श्री ५ को सरकारले यस्ता विद्यालय स्वीकृति दिनमा उदार नीति अपनाएको छ। तर यस उदार नीतिको प्रतिकूल प्रभावका रुपमा घर घर गल्ली गल्लीमा खेल्ने चौर र बस्ने कोठासमेम राम्रो नएका विद्यालयहरु यत्रतत्र खुल्न थालेका छन्। तर यस्ता विद्यालयहरुलाई अपेक्षित स्तरअनुरुप संचालन गर्ने व्यवस्था हुन सकेको देखिन्न।

(३) निजी क्षेत्रमा संचालित विद्यालयको शिक्षक नियुक्ति, तलब तथा अन्य सुविधाको जिम्मा विद्यालयको संचालक समितिलाई दिइएको छ। सबै संचालक समितिहरुले स्वीकृत नीतिका आधारमा शिक्षक नियुक्ति तथा शिक्षक सुविधाको व्यवस्था गरेका छैनन्। सम्बन्धित निकायले पनि यस क्षेत्रमा आवश्यक निगरानी राखेको देखिँदैन।

(४) निजी क्षेत्रमा संचालित विद्यालयहरुले चर्को शुल्क लिनु, अचानक शुल्क बढाउनु र आफूले उपयुक्त सेवा नपुर्‍याए पनि त्यसबापत शुल्क लिने गर्नु जस्ता कुरा व्यापक गुनासोका रुपमा देखा परेका छन्। यी गुनासाहरु कति जायज र सत्य छन् र यसबाट उठेका समस्याहरु सुल्झाएर अभिभावकहरुलाई राहत दिन के कस्तो पाइला चाल्नु पर्ने हो सो कुरामा पनि आवश्यक ध्यान पुगेको देखिँदैन।

(५) निजी क्षेत्रमा संचालित विद्यालयहरुमा जवाफदेहीको प्रचलन छैन। जस्तै आम्दानी खर्चको विभिन्न शीर्षक अन्तर्गत प्रष्ट हिसाब अभिभावक तथा जनसमक्ष ल्याउने व्यवस्था छैन।

## ३. सुझाउहरु :

(१) निजी विद्यालय दुई किसिमका हुनुपर्छ (१) सामाजिक सेवाको भावनाबाट प्रेरित अथवा मुनाफाको दृष्टि नराख्ने (Non Profit Making) र (२) सेवामूलक उद्योग। व्यवसायबाट प्रेरित अथवा मुनाफाको दृष्टि राख्ने (Profit Making)।

(२) श्री ५ को सरकारको नियमित आर्थिक सहायताको अपेक्षा नगरी संचालक समितिले निर्धारण गरे अनुसार शुल्क लगाई वा विशेष व्यवस्था गरी संचालन गरिएका विद्यालयहरुलाई निजी क्षेत्रका विद्यालयहरु मानिनुपर्छ।

(३) निजी क्षेत्रका विद्यालयहरुले पनि मूल पाठ्यक्रम चाहिँ श्री ५ को सरकारले तोके अनुसार पठनपाठन गर्ने व्यवस्था मिलाउनुपर्छ। यस्ता विद्यालयहरुमा थप शैक्षिक कार्यक्रम र पाठ्यसामग्री लागू गर्न सकिने व्यवस्था समेत हुनुपर्छ।

(४) श्री ५ को सरकारबाट स्वीकृत थप पाठ्यसामग्री प्रयोग गरी उपयुक्त पठन पाठनको वातावरण वैज्ञानिक शिक्षण विधिबाट अध्यापन गरी उच्चस्तरीय शिक्षा दिन यस प्रकारका विद्यालयहरु अभिप्रेरित हुनुपर्छ।

(५) निजी क्षेत्रमा सञ्चालित विद्यालयहरुको समूह बनाई त्यस्तो समूह अन्तर्गतका विद्यालयहरुलाई थप पाठ्यक्रम तथा परीक्षा व्यवस्था हालको एस.एल.सी. वोर्ड अन्तर्गत नै रहने गरी लागू गर्न श्री ५ को सरकारले निर्धारित शर्तमा अनुमति दिनुपर्दछ।

(६) निजी तथा आवासीय विद्यालयको शैक्षिक व्यवस्थापन, पठनपाठन आदिको मूल्यांकन अनुगमन तथा निरीक्षणका लागि सम्बन्धित निकायले व्यवस्था गर्नुपर्छ।

(७) स्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक तथा शैक्षिक आवश्यकताहरुको सूची तयार पारी ती सबै पूर्वाधारहरु पूरा गरेका विद्यालयहरुलाई पहिलो चरणमा अस्थायी स्वीकृति दिनुपर्छ।

(८) निजी विद्यालयहरुलाई स्थायी स्वीकृति दिंदा निश्चित आधार पूरा गरेका तथा आफ्नै भवन भएकाहरुलाई प्राथमिकता दिनुपर्छ। स्वीकृति प्राप्त गरिसकेका तर न्यूनतम आधार पूरा नभएका विद्यालयहरुलाई तोकिएको अवधिभित्र (५ देखि १० वर्षभित्र) उक्त आधार पुरा गर्न लगाइनुपर्छ। अन्यथा स्वीकृति रद्द गर्न सकिने व्यवस्था हुनुपर्छ।

(९) विद्यालय संचालन गर्न प्रत्येक विद्यालयको एउटा संचालक समिति हुनुपर्छ। यस समितिमा विद्यालय संस्थापक, स्थापनामा सहयोग पुऱ्याउने चन्दादाता,

अभिभावकहरुले छानेका प्रतिनिधि, सरकारी प्रतिनिधि तथा विद्यालय शिक्षकहरुले छानेका प्रतिनिधि हुनुपर्छ। विद्यालय संचालन सम्बन्धी सम्पूर्ण जिम्मेदारी यसै संचालक समितिमा हुनुपर्छ। साधारणतया विद्यालयको संस्थापक मध्येबाट एकजना संचालक समितिको अध्यक्ष र विद्यालय स्थापना वा संचालनमा प्रमुख योगदान दिने व्यक्ति संचालक समितिको सदस्य–सचिव हुनुपर्छ।

(१०) विद्यालयको शैक्षिक कार्यक्रम तथा कार्यक्षेत्र हेरी निजी क्षेत्रमा संचालन हुने विद्यालयहरुका लागि एउटा बोर्ड अफ ट्रस्टीज पनि गठन गर्न सकिनेछ। विद्यालय स्थापनामा सहयोग पुऱ्याउने, विद्यालयका लागि अक्षय कोष खडा गर्न चन्दा दिने, अचल सम्पत्ति दिने तथा शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरु यस वोर्डका सदस्य हुन सक्नेछन्।

(११) हालसम्म नेपालमा निजी तथा आवासीय विद्यालय जे जस्तो स्वामित्वमा रहेका छन् सोही अनुसारको स्वामित्वमा रहने नीति लिइनुपर्छ।

(१२) निजी विद्यालयहरुले आफूले विद्यार्थीहरुलाई दिने सहुलियत र सुविधा अनुरुपको शुल्क मात्र लिने गर्नुपर्छ।

(१३) निजी विद्यालयहरुले कम्तीमा ५ प्रतिशत गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क अध्ययन गराउने व्यवस्था हुनुपर्छ।

(१४) निजी क्षेत्रका विद्यालयहरुले श्री ५ को सरकारबाट स्वीकृत तथा निर्धारित नियमका आधारमा रही आफ्नो आर्थिक क्षमता अनुसार शिक्षकको तलब, सञ्चय कोष, उपदान तथा अन्य सुविधाको व्यवस्था गर्नुपर्छ।

(१५) विद्यालयले प्रत्येक वर्ष आम्दानी खर्चको लेखा परीक्षण गराउनुपर्छ र सो प्रतिवेदन वारे श्री ५ को सरकार तथा अभिभावकहरुलाई जानकारी गराउनुपर्छ।

(१६) आफ्नो भवन नभएका विद्यालयहरुले प्रत्येक वर्षको बजेटमा भौतिक सुविधाको व्यवस्था गर्न बजेटको केही प्रतिशत छुट्याउनुपर्छ।

(१७) स्वीकृति प्राप्त गरेर चलिरहेका निजी क्षेत्रका विद्यालयहरुलाई श्री ५ को सरकारले भवन निर्माण गर्न सरल ऋण तथा जग्गा उपलब्ध गराउनमा र शैक्षिक उपकरण, सवारी साधन, पाठ्यसामग्री, विशेष क्षेत्रका शिक्षक र तालिम आदिको व्यवस्थामा आवश्यक सहयोग गर्नुपर्छ।

(१८) साधारणतया जुनसुकै ठाउँमा खोलिने निजी विद्यालयहरुलाई पनि उपयुक्त नक्साङ्कनका आधारमा खोल्न स्वीकृति दिने व्यवस्था हुनुपर्छ।

(१९) देशका प्रत्येक विकास क्षेत्रमा कम्तीमा एउटा उच्चस्तरीय निजी स्तरमा संचालित नमूना विद्यालय स्थापना गर्न श्री ५ को सरकारले प्रोत्साहन र सहयोग पुऱ्याउनु पर्छ।

(२०) कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पूर्व प्राथमिक, प्राथमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालय खोल्न चाहेमा श्री ५ को सरकारको सम्बद्ध निकायसँग आवश्यक सम्झौता गरी सो बमोजिम गर्ने व्यवस्था हुनुपर्दछ।

(२१) निजी क्षेत्रमा सञ्चालन गरिने विद्यालयहरुको स्थापना र सञ्चालन निजी स्वामित्वमा गर्न सकिनेछ। तर यस्ता निजी विद्यालयहरुले सरकारी दायित्व पूरा गर्ने व्यवस्था हुनुपर्दछ।

(२२) निजी क्षेत्रमा संचालित विद्यालयहरुको भौतिक सुविधा, पठनपाठनको स्तर, शिक्षकको स्तर, अतिरिक्त क्रियाकलापका कार्यहरुको सम्पादन आदि सबै पक्षहरु दर्शाउने पुस्तिका प्रत्येक विद्यालयले जनसाधारणका जानकारीको निमित्त प्रकाशनमा ल्याउनुपर्छ।

(२३) हाल खोलिएका विद्यालयहरुमा कुनै विद्यालय राष्ट्रिय मूल पाठ्यक्रमको पठनपाठन नहुने गरी खोलिएका भए सोको छानवीन गरी त्यस्तालाई पनि राष्ट्रिय मूल पाठ्यक्रम लागू गर्ने व्यवस्थामा ल्याइनुपर्छ।

शिक्षा मन्त्रालय

## (ग) पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन

### १.पाठ्यक्रम तथा मूल्याङ्कन

पाठ्यक्रम पठनपाठन प्रक्रियाको एउटा क्रमबद्ध व्यवस्था हो जसको माध्यमबाट शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरु हासिल गर्ने प्रयास गरिन्छ।कुनै पनि पाठ्यक्रममा पाठ्यवस्तु, त्यसको शिक्षण विधि, प्रयोग गरिनु पर्ने अन्य शैक्षिक सामग्री र मूल्याङ्कन विधि समेत समेटिएको हुन्छ। तर हालको व्यवस्थामा पाठ्यपुस्तकमा मात्र हाम्रो ध्यान गएको छ र पाठ्यक्रमलाई क्रमबद्ध प्रकियाको रुपमा लिएको पाइँदैन। त्यसै गरी पाठ्यक्रम भनेको समय र परिस्थितिसापेक्ष पनि हुने गर्दछ। बदलिँदो समय र परिस्थितिको मागअनुसार पाठ्यक्रमलाई पनि आवधिकरुपमा परिवर्तन गर्नुपर्ने हुन्छ तर हाम्रो पाठ्यक्रममा वर्षौंदेखि कुनै परिवर्तन भएको पाइँदैन। विद्यार्थीहरुले पढिआएका विषयवस्तु आजको परिस्थितिमा कतिका उपयोगी छन् र सोअनुसार परिमार्जन गर्नेतिर पनि कुनै ठोस प्रयास भएको छैन।

विशेष गरी आजको प्रजातान्त्रिक वातावरणमा पाठ्यक्रम निर्माणको प्रक्रियालाई विशेष ध्यान दिनु पर्ने हुन्छ किनभने अब तयार गरिने भावी सन्ततिलाई एउटा स्वतन्त्र व्यक्तिको रुपमा उसको प्रतिभा, झुकाउ, रुचि, सम्भावना र अन्य वैयक्तिक विशिष्टताको आधारमा हेरिनुपर्ने हुन्छ। यस्ता कुरालाई व्यावहारिक बनाउन पाठ्यक्रम निर्माण र कार्यान्वयनको तरिकालाई आधुनिकीकरण नगरी हुँदैन। पाठ्यक्रम निर्माण गर्ने प्रक्रिया वैज्ञानिक नभएसम्म शिक्षणको अर्थ भाषण र पढाइको अर्थ घोकाइ हुनु स्वभाविकै हो। त्यस अवस्थामा शिक्षण सामग्रीको न्यूनतम प्रयोग गरिने र वर्षको अन्त्यमा एक पटक परीक्षा लिने बाहेक अरु केही हुन सक्तैन।

नेपालमा २००७ सालपछि आधुनिक शिक्षाको अभ्युदयपछि नै २०१४साल तिर कलेज अफ एजुकेशनको स्थापनाका साथै आधुनिक किसिमबाट पाठ्यक्रम बनाउने र त्यसलाई सो अनुसार कार्यान्वयन गर्ने प्रयासको प्रारम्भ भएको हो। त्यसपछि २०२८ को शिक्षा योजनाले पाठ्यक्रम निर्माण प्रक्रियालाई क्रमबद्ध गराउनेतिर एउटा दरिलो कदम चालेको थियो तर एक पटके प्रयासलाई सफल भन्न सकिन्न। अब ती प्रयासहरुका अनुभवहरुका आधारमा पाठ्यक्रम निर्माण र विकासको कार्यलाई बढी वैज्ञानिक, व्यावहारिक र वस्तुगत बनाउनु पर्ने आवश्यकता छ।

पाठ्यक्रमलाई क्रमबद्ध गराउन शिक्षकको भूमिका र प्रभावकारिताले पनि फरक पार्ने हुन्छ। किनभने छात्रछात्राहरुले केही कुरा एक्लै स्वाध्यायनबाट सिक्छन् भने केही चाँहि स-सानो समूहमा विभाजित भएर राम्ररी सिक्न सक्छन्। त्यस्तै अन्य कतिपय शैक्षिक क्रियाकलापहरु ठूलठूला समूहमा सिक्न सकिने हुन्छन्। त्यसअनुसार के कस्तो शिक्षण विधि र सामग्री प्रयोग गर्ने हो त्यो शिक्षकलाई थाहा हुनुपर्दछ। यस परिप्रेक्षमा शिक्षकले व्याख्यान विधिबाट मात्र होइन एउटा निपुण व्यवस्थापक वा संयोजकको भूमिका खेलेर छात्रछात्राहरुको उमेर, योग्यता र झुकावअनुसार के कस्तो र कसरी पढाउने भन्ने कुराको निधो गर्न सक्ने हुनुपर्दछ। यसै गरी पठनपाठनका सबै कारकहरु (जस्तैः पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि) र सम्पूर्ण शिक्षण संस्थानका गतिविधिहरुलाई नियन्त्रण गर्ने, महत्वपूर्ण र शक्तिशाली पक्ष हाम्रो परिप्रेक्ष्यमा अन्तिम परीक्षालाई नै मानिन्छ। यो कुरा विशेष गरी माध्यमिक र उच्च शिक्षाको क्षेत्रमा बढी यथार्थ ठहर्छ।यो परम्परादेखि चलिआएको एउटा अवैज्ञानिक तर सबैले मान्दै आएको र संचालन तथा नियन्त्रण गर्न सजिलो भएकाले वर्षमा एक पटक जाँचेर पनि छात्रछात्राहरुको वस्तुगत मूल्याङ्कन भएको भ्रमलाई स्वीकार्दै आइएको छ। किनभने एकै वर्षमा धेरै पटक जाँच लिनुको अर्थ नियमितता बढाउनु पर्छ, जाँचको अभिलेख राख्नुपर्छ, राम्रो प्रगति नभएमा आफ्नो शिक्षण विधिमा नै कुनै त्रुटि छ कि भन्ने शंका पनि हुने हुँदा त्यस झन्झटप्रति धेरैजसो शिक्षकहरु उदासिन भएको पाइन्छ। तर मूल्याङ्कन (परीक्षा)लाई शिक्षणको एउटा अभिन्न अङ्गको रुपमा ठानेर नियमित रुपमा संचालन गर्ने हो भने शिक्षणको शिक्षण विधिलाई मात्र सुधार्नमा यो सहयोगी नभई पाठ्यक्रम र पाठ्यसामग्रीको परिमार्जन र सम्पूर्ण शैक्षिक व्यवस्थापनलाई समेत सहयोगी हुन सक्छ। यस  कारण छात्रछात्राहरुको उपलब्धिको नियमित र निरन्तर लेखाजोखा हुनु राम्रो शिक्षाका लागि एउटा पूर्वशर्त नै मान्नुपर्दछ।

एसएलसी परीक्षालाई सुधार्ने प्रयास भएता पनि यसलाई मूल्याङ्कनको प्रभावकारी माध्यम भन्न मिल्दैन। यसले छात्रछात्राहरुले घोकेको र संझेको कुरा मात्र जाँच गर्छ। ज्ञानको प्रयोग गर्ने क्षमता विकास भए नभएको , समीक्षात्मक वा विश्लेषणात्मक सोचाइमा वृद्धि भएनभएको आदितिर यस परीक्षाले ध्यान दिन सकेको छैन। तसर्थ पाठ्यपुस्तकमा भएका तथ्यहरुलाई घोक्ने र जाँचमा ती जानकारीहरुलाई प्रकट गर्ने कुरामा मात्र छात्रछात्राहरुलाई यस परीक्षाले प्रोत्साहन गर्न सकेको छ। साथै एसएलसी परीक्षा समाजिक न्यायमा आधारित भएको देखिँदैन किनभने निम्नमाध्यमिक पूरा

गरेकामध्ये झण्डै ८० प्रतिशतले सेन्टअप परीक्षा पास गर्छन् भने एसएलसी परीक्षा उत्तीर्ण हुनेको प्रतिशत सरदर ३०-३५ मात्र छ। एसएलसी को इतिहासमा परीक्षाफल आजसम्म दुई पटक मत्र करिब ४८ प्रतिशत पुगेको छ। यति दोष हुँदाहुँदै पनि नियन्त्रण र संचालन गर्न सजिलो र परम्परादेखि चलिआएको आज पनि यसको महत्वलाई नकार्न सकिएको छैन तर शैक्षिक प्रक्रियामा सुधार गर्ने हो भने एसएलसी परीक्षामा सुधार हुन अति आवश्यक भएको कुरा उल्लेख्य छ।

**२.पाठ्यपुस्तक तथा पाठ्यसामग्री**

नेपालमा औपचारिक शिक्षाको थालनीपछि पाठ्यपुस्तकहरुको आवश्यकता पर्‍यो। बालबालिकाहरुका निम्ति अनौपचारिक रुपमा समेत प्रयोगमा आएका वर्णमालाका साथै अरु पुस्तकहरु पनि मुद्रित भए। नेपालमा र भारतमा पनि यस्ता पुस्तकहरुको मुद्रण कार्यमा गति आयो। नेपालमा १९६९ सालमा स्थापित गोरखा भाषा प्रकाशिनी समितिले प्रारम्भमा विद्यालयका निम्ति पाठ्यपुस्तकहरुको निर्माण कार्यलाई अघि बढायो। विस्तारै भारतका विश्वविद्यालयहरुमा आधुनिक भाषाका रुपमा नेपालीले स्थान पाएपछि साहित्यिक कृतिहरुको अभिवृद्धि भयो। विद्यालयको संख्या ज्यादै कम भएको २००७साल अघिको नेपालमा विभिन्न जिल्लामा खुलेका भाषा पाठशालाहरुले साक्षरतामा जोड दिई आधारभूत शिक्षा दिने खालका पाठ्यपुस्तकलाई प्रश्रय दिइयो।

प्रजातन्त्रको उदयपछि नेपालभरि नै विद्यालयहरुको संख्यामा वृद्धि भयो। प्रारम्भिक वर्षहरुमा पाठ्यपुस्तकहरुको अभाव हटाउन विभिन्न प्रकाशन संस्थाहरु सक्रिय हुन थाले।प्रकाशन गरी सरकारी तहबाट स्वीकृति प्राप्त भएपछि पाठ्यपुस्तकका रुपमा पुस्तकहरु स्वीकृत गरिन्थे। कलेज अफ एजुकेशनको स्थापनापछि २०१४सालतिर पाठ्यपुस्तकको निर्माण र प्रकाशनमा प्रारम्भिक प्रयासहरु भएका थिए। त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि उच्च शिक्षाका पाठ्यपुस्तकहरुको विकासको काम पनि थपियो।विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गर्न श्री ५ को सरकारले २०२८सालमा पाठ्यक्रम विकास केन्द्रको स्थापना गर्‍यो र आज यस केन्द्रको नाम पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र रहेको छ।यस केन्द्रले पाठ्यपुस्तकहरुको निर्माण गराई जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशन र वितरण गराउने व्यवस्था भयो। विद्यालय र विश्वविद्यालयका विभिन्न तहका लागि पाठ्यपुस्तकहरुको प्रकाशन र वितरण कार्यमा विभिन्न प्रकाशनहरुले योगदान गरे। नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रुपमा २०२२ सालमा स्थापित

साझा प्रकाशनले पाठ्यपुस्तकको निर्माण र विकासमा योगदान गर्‍यो। साझा प्रकाशन तथा अन्य निजी क्षेत्रमा प्रकाशकहरुबाट समेत स्वतन्त्र रुपमा प्रकाशित कतिपय पुस्तकहरु छनोटका आधारमा पाठ्यपुस्तकका रुपमा स्वीकृत भए। त्रिभुवन विश्वविद्यालयमा पनि उच्च शिक्षाका विभिन्न पक्षमा पाठ्यपुस्तकहरुको व्यवस्था मिलाउन २०३० सालमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भयो।

निर्धारित एउटै निकायबाट पाठ्यपुस्तकहरु प्रकाशन गर्ने नीति लागू भएपछि यो काम गर्न निजी प्रकाशकहरुलाई सहयोगी बनाउन सकिएन। राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरेपछि नयाँ पाठ्यक्रमको आधारमा सबै नयाँ पाठ्यपुस्तकहरु लेखाइए। यस्तै २०४६को राजनैतिक परिवर्तनपछि पनि कतिपय पाठ्यपुस्तकहरुलाई संशोधन गर्नुपर्‍यो भने कतिपय पुस्तकहरु पाठ्यक्रमबाटै हटाइए। पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकारले गर्दा केही प्रकाशकहरुले निरुत्साहित भएर प्रकाशन गर्ने काम छोडेको देखिन्छ भने केही प्रकाशकहरुले आर्थिक घाटा सहेर पनि प्रकाशन कार्यलाई संचालित गरिरहेको पाइन्छ।पुस्तक प्रकाशकहरुलाई सुविधा र टेवा दिएर पुस्तक प्रबर्द्धन गर्ने परिपाटिको विकास नेपालमा हुन सकेको छैन। देशभित्र छापाखानाहरुको संख्यामा विगत वर्षहरुमा उल्लेखनीय रुपमा वृद्धि भएको छ। यसको परिणाम स्वरुप प्रकाशकहरु देशभित्रै स्तरीय पाठ्यपुस्तकहरुको मुद्रण कार्य गर्न समर्थ भएका छन्। बढ्दो मूल्यवृद्धि र विदेशमा मुद्रित सामग्रीको आयात गर्नुपर्ने स्थितिले पाठ्यपुस्तकलाई पनि महंगो पार्नु स्वभाविकै हो। यसैकारण धेरै संस्थागत र निजी प्रकाशकहरुको स्थिति राम्रो छैन। यस्ता अवस्थामा पनि नेपालको पाठ्यपुस्तक उत्पादन र पुस्तक प्रबर्द्धन कार्यमा प्रकाशकहरुले दिएको योगदानलाई बिर्सन सकिन्न।

### ३. पाठ्यपुस्तकका समस्या र मुद्दाहरु

पाठ्यपुस्तकहरुको कमीः विद्यालय तहदेखि माथिल्ला तहसम्म पुग्दा विभिन्न तहका लागि विभिन्न विषयका पाठ्यपुस्तकहरुको कमी स्पष्ट देखिन्छ। विद्यालयदेखि विश्वविद्यालय तह सम्मका सबै विषयका सबै पाठ्यपुस्तकहरु देशमा नै निर्माण गर्ने कुरा अहिलेलाई न सम्भब छ न व्यावहारिक। विद्यालयहरुकै खास गरी अङ्ग्रेजी भाषामा तयार गरिएका पाठ्यपुस्तकहरु पनि बाहिरबाटै आयात गरी उपयोग गर्ने परिपाटी अहिले पनि कायमै छ। यसो गर्दा खास गरी भाषा तथा सामाजिकशास्त्र जस्ता विषयका पाठ्यपुस्तकहरुमा आफ्नै समाजका कतिपय विषयवस्तुको प्रस्तुतीकरण पर्याप्त मात्रामा हुन नसक्ने कुरा स्पष्ट छ। विगत वर्षहरुमा

विद्यालयहरुमा प्रयोगका निमित्त भारतमा प्रकाशित केही पाठ्यपुस्तकहरुलाई नेपालको आवश्यकताअनुसार अनुकूलन गरी प्रस्तुत गर्न खोजिएको देखिन्छ। यसका साथै नेपाली प्रकाशकहरु पनि पुस्तक निर्माणमा रुचि लिई विद्यालय स्तरका पुस्तकहरुको प्रकाशन गर्न थालेका छन्। उच्च शिक्षाका तहमा पाठ्यपुस्तक निर्माणको गति ज्यादै मन्द छ। त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रले पनि पर्याप्त मात्रामा पाठ्यपुस्तकहरुको प्रकाशन गर्न सकेको देखिन्न। निजी प्रकाशनहरुबाट भएका प्रयासमा केही वृद्धि भएपनि सन्तोषजनक छैन। यसरी आजको परिवर्तित सन्दर्भमा शिक्षाका विभिन्न तहका लागि आवश्यक पाठ्यपुस्तक र पाठ्यसामग्रीको कमी छ।

पुस्तक किन्ने प्रवृतिको कमीः पाठ्यपुस्तकहरुको माग बढ्दै गएमा तिनको उत्पादन पनि बढ्दै जान्छ। नेपालका बहुसंख्यक कृषक समुदायमा शिक्षाको चेतनाको विस्तार क्रमिक रुपमा हुँदैछ। केही मात्रामा अज्ञानताबश र केही मात्रामा आर्थिक विवशताले गर्दा उनीहरुले आफ्ना बालबालिकाहरुका निम्ति पाठ्यपुस्तक किन्ने गरेका देखिन्नन्। अर्कातिर सम्पन्नहरुमा पनि पठनशिलताको अभावले गर्दा पुस्तक किन्ने प्रवृत्ति छैन र सकेसम्म आफ्ना इष्टमित्र, छरछिमेक तथा साथीसंगातीबाट लिएर कामम चलाउने बानी देखिन्छ।

पाठ्यपुस्तकहरु विद्यार्थीहरुका निम्ति तयार भएका हुन्। विद्यार्थीहरु कुनै पुस्तकलाई आफ्नो खास अध्ययन अवधिमा प्रयोगका निम्ति किन्छन्। सामन्यतया यो अवधि तल्ला तहमा एक वर्षको हुन्छ। एक वर्षसम्म आफ्ना साथमा रहेको र नियमित रुपमा प्रयोग गरिने वस्तु व्यक्तिको आफ्नै निजी वस्तु जस्तै हुन्छ। पठनपाठनका क्रममा भएका घटना र अनुभव पनि पुस्तकका पानाहरुसँग जोडिएकाले कति विद्यार्थीहरुका लागि पुस्तकहरु स्थायी वस्तुका रुपमा रहन्छन्।यसकारण पाठ्यपुस्तकहरुलाई आफैसँग सुरक्षित राखी आफ्नो अर्जित ज्ञानको स्थायित्वका लागि पठन संस्कारको सम्बर्द्धन गर्नु श्रेयस्कर हुन्छ।

केही कितावमा मात्र सीमित भएर व्यक्तिले आफ्नो ज्ञानको विस्तार गर्न सक्तैन। हाल अन्तर्राष्ट्रिय दातृसंस्थाहरुको समेत सहयोग प्राप्त भई देशभरि नै कक्षा १ , २ र ३ का सबैलाई र कक्षा ५ सम्मका बालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था छ। यसका साथै दुर्गम क्षेत्रका ५ कक्षासम्मका सबै बालबालिकाहरुलाई पनि निःशुल्क पाठ्यपुस्तकहरु दिइएको छ। तर यस व्यवस्थाबाट पुस्तक किन्न

नसक्नेहरुले भन्दा किन्न सक्नेहरुले बढी फाइदा लिएको देखिन्छ। देशभरि पाठ्यपुस्तकहरुको वितरण गर्ने व्यवस्था गर्दा सरकारको ठूलो लगानी हुने, समयमा किताब नपुग्ने, र पाउनुपर्नेले किताब नपाउने स्थितिलाई ध्यानमा राखी किताब किन्न नसक्नेहरुलाई पाठ्यपुस्तकहरु उपलब्ध गराउने हालको व्यवस्थामा सुधार गर्नुपर्ने छ।

पाठ्यपुस्तकको माध्यमः पाठ्यपुस्तकको निर्माणका कुरासँग माध्यमको प्रश्न विशेष रुपले जोडिएको छ। नेपाली भाषा र नेपालका राष्ट्रिय भाषाहरुमा अथवा अङ्ग्रेजीमा पाठ्यपुस्तक तयार गर्दा त्यसको औचित्यमा पनि विचार गर्नुपर्छ।उच्च शिक्षासम्म शिक्षाको माध्यम नेपाली हुनेछ भनेर नीति निर्माण भइसकेको हो तापनि कार्यान्वयनमा शिथिलता, योजना तथा निर्देशनका तहमा अस्पष्टता र अङ्ग्रेजी माध्यमका विद्यालयहरुमा वृद्धि र ती विद्यालयहरुमा अङ्ग्रेजीका पाठ्यपुस्तकहरुको प्रयोगको फलस्वरुप आज नेपाली माध्यमको प्रश्न गौण जस्तै भएको छ। विषयका रुपमा अङ्ग्रेजी भाषाको पठनपाठनलाई प्रभावकारी तुल्याएर माध्यमका रुपमा प्राथमिक तहमा मातृभाषा र त्यसभन्दा माथिल्लो तहमा नेपालीको प्रयोग भएमा शिक्षाको गुणस्तरको विकास गर्न सकिनेछ। यस कार्यका लागि आवश्यक मात्रामा राष्ट्रिय भाषाहरुमा र नेपाली भाषामा पाठ्यपुस्तकहरुको निर्माण गराउनु पर्ने हुन्छ। नेपालको राष्ट्रभाषा र सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषा शिक्षाको माध्यमका रुपमा सबै तहका सबै विषयमा स्वीकृत छ। तर नेपाली भाषाका पाठ्यपुस्तकहरु पर्याप्त मात्रामा नभएकाले विज्ञान र प्रविधिका विभिन्न विषयको पठनपाठनमा नेपाली भाषालाई उच्च शिक्षाको माध्यम बनाएतापनि जबसम्म नेपाली भाषामा पाठ्यपुस्तकहरुको पर्याप्त रुपमा विकास गरी विज्ञान र प्रविधिको भाषा बनाउन सकिन्न तबसम्म नेपाली भाषा उच्च शिक्षाको माध्यम बन्न कठिन छ।

प्रकाशनः पाठ्यपुस्तकहरुको प्रकाशन व्यवसाय नेपालमा त्यति राम्रो फष्टाएको छैन। प्राथमिक र माध्यमिक शिक्षाका तथा अनौपचारिक शिक्षाका लागि चाहिने पुस्तकहरु सरकारी संस्थाहरुबाट तयार हुन्छन्। धेरैजसो विद्यालय तहका पाठ्यपुस्तकहरुको प्रकाशन जनक शिक्षा सामग्री केन्द्रबाट भएको छ। केही विभिन्न परियोजनाबाट पनि प्रकाशित छन्। उच्च शिक्षाका पाठ्यपुस्तकहरु साझा प्रकाशन, त्रिवि पाठ्यक्रम विकास केन्द्र र कतिपय निजी प्रकाशन संस्थाबाट पनि प्रकाशित छन् तापनि उच्च शिक्षाका लागि चाहिने पुस्तकहरु निकै सीमित छन्। उच्च कक्षामा विद्यार्थीहरु कम हुने भएकाले पनि महंगा पुस्तक निकिनिने हुँदा पुस्तक व्यवसायी र प्रकाशन संस्थाहरु

उच्चस्तरका पाठ्यपुस्तकहरुको प्रकाशन गर्न इच्छुक देखिन्नन्। प्रकाशन व्यवसायमा संलग्न संस्थानहरु पनि पाठ्यपुस्तकहरुको पुनर्मुद्रण समयमा गर्न सक्तैनन्।

पाठ्यपुस्तकहरुको निर्माण र विकासः नेपालमा पाठ्यपुस्तकहरुको निर्माण र विकास विभिन्न समयमा निर्णयहरु नभएका होइनन्। केही क्षेत्रबाट प्रयास पनि भएका हुन् तापनि पाठ्यपुस्तकहरुको स्थिति सन्तोषजनक छैन। विद्यालय तहका लागि आवश्यक सबै जसो पाठ्यपुस्तकहरुको निर्णय श्री ५ को सरकारको शिक्षा मन्त्रालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रबाट भएको छ। प्राथमिक शिक्षाका लागि केही पाठ्यपुस्तक र पाठ्यसामग्रीको निर्माण प्राथमिक शिक्षा परियोजनाबाट पनि भएको छ। खास गरी यस परियोजनाको प्राथमिक सामग्री एकाइबाट केही बालसाहित्यको प्रकाशन भएको देखिन्छ। तर प्रकाशित पाठ्यपुस्तक र पाठ्यसामग्रीको गुणस्तरमा अपेक्षित विकास हुन सकेको छैन। प्रजातन्त्रको पुनर्बहालीपछिको वर्तमान सन्दर्भमा पाठ्यक्रममा हुनु पर्ने परिवर्तनलाई ध्यानमा राखी कतिपय पाठ्यपुस्तकहरुको संशोधन, परिवर्तन र परिवर्द्धन गर्नुपर्ने कुरा स्पष्ट छ।

अहिलेको प्रवीणता प्रमाणपत्र स्तरको पठनपाठन आगामी वर्षहरुमा उच्चमाध्यमिक कक्षाका रुपमा उच्चमाध्यमिक विद्यालयहरुमा हुनेछ। यी विद्यालयहरुलाई उच्चमाध्यमिक कक्षामा विभिन्न विषयहरुको अध्यापनका निम्ति पाठ्यपुस्तकहरुको कमी हुने देखिन्छ। यस्ता पाठ्यपुस्तकहरु धैरैजसो विषयहरुमा नेपाली भाषामा तयार गरिएमा ज्ञानआर्जनको प्रक्रिया सजिलो हुनेछ र त्यसको गतिमा पनि शीघ्रता आउनेछ। यसकारण उच्च माध्यमिक तहका लागि विभिन्न विषयका पुस्तक निर्माणका निम्ति योजनाबद्ध प्रयासको खाँचो स्पष्ट देखिन्छ।यस्तै अङ्ग्रेजी विषयका पुस्तकहरुको व्यवसायिक सम्भावना देखेर केही नेपाली प्रकाशकहरुले पनि यस्ता पुस्तकहरुको प्रकाशन गर्न थालेको देखिन्छ। पाठ्यपुस्तकहरुको वृद्धि भएर छनोट गर्न सकिने सम्भावना बढ्दै गएपछि गुणस्तरमा वृद्धि हुन्छ र विद्यार्थीहरुलाई उपयुक्त मूल्यमा स्तरीय पाठ्यपुस्तकहरु उपलव्ध हुन्छन्। तर विद्यार्थीहरुलाई दिइने पाठ्यपुस्तकहरुको प्रयोग पनि एउटा समस्याका रुपमा देखिन्छ। स्तरीय पठनपाठनका नाममा यस्ता थप पुस्तकहरुको प्रयोग विद्यालयहरुले व्यापक रुपमा गरेका छन्। आज थप किताबहरु राख्नु विद्यालयको प्रतिष्ठाको विषय भएको छ। तर ती किताबहरुको पठनपाठन पूर्णरुपमा हुँदैन। विद्यार्थीलाई किन्न लगाएर अभ्यास गराएका वर्कबुकहरु शिक्षकहरुले हेर्न नभ्याइ जाँचको दिन आउँछ। यस्ता कथित सन्दर्भ पुस्तकले भरिएका

बालबालिकाका काँधका झोलाहरु आज स्तरीय विद्यालय शिक्षाका सूचक बन्न पुगेका छन्।

संस्थागत प्रयासको कमीः मातृभाषाका माध्यमबाट शिक्षा दिन सकिने कुरा नेपालको संविधान २०४७ को शिक्षासम्बन्धी हकअन्तर्गत उल्लिखित छ। यसका लागि पनि पहिलो आवश्यकता त्यस्ता मातृभाषाहरुमा पाठ्यपुस्तकहरु उपलब्ध हुनु हो। तर आज स्थिति के छ भने नेपालको राष्ट्रभाषा र सरकारी कामकाजको भाषामा पनि प्राथमिक कक्षाका लागि समेत उपयुक्त पाठ्यपुस्तकहरुको कमी छ। नेपालका राष्ट्रिय भाषाहरुमा पनि पाठ्यपुस्तकहरु छैनन् र अझ कति भाषाहरु त अलिखित अवस्थामा छन्। यस्ता स्थितिमा संवैधानिक अधिकारलाई ध्यानमा राखी पाठ्यपुस्तकहरुको गर्जुमा गर्न सम्बद्ध भाषाका विद्वानहरुलाई प्रोत्साहित गर्नु पर्ने खाँचो छ।

आधुनिक ज्ञान र नवीनतम् सूचनालाई समाजमा विस्तार गर्न पुस्तक र पाठ्यसामग्रीको सम्बर्द्धन हुनु पर्दछ। तल्ला तहदेखि माथिल्ला तहसम्मको शिक्षाका निम्ति चाहिने पाठ्यपुस्तक, सहायक ग्रन्थहरु, सन्दर्भ सामग्रीहरु र विविध प्रकारका पाठ्यसामग्रीको निर्माण, उत्पादन र वितरणको समुचित व्यवस्थाका निम्ति संस्थागत प्रयासको खाँचो छ। आज एकातिर विभिन्न व्यक्ति र संस्थाबाट भइरहेका पुस्तक लेखन, प्रकाशन र वितरण कार्यहरुलाई सुदृढ गरी अझ उपयोगी र प्रभावकारी तुल्याउने कुरा छ भने अर्कातिर व्यवस्थित गर्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ। लेखक, सम्पादक, अनुवादक, चित्रकार तथा प्रकाशक र मुद्रकहरुलाई पेशागत विकासका निम्ति अवसरहरु उपलब्ध गराउने, प्रशिक्षण दिने र तिनका उत्तम कार्यका निमित्त पुरस्कृत गर्ने नियमित व्यवस्थाको पनि कमी छ। यस्तै किसिमले देशमा निजी तथा संस्थागत रुपमा प्रकाशित पुस्तकमा निश्चित प्रति किन्ने व्यवस्था गरी पुस्तक प्रवर्द्धनकार्यमा प्रोत्साहनको पनि अभाव देखिन्छ।

## ४. सुझाउहरु :

**पाठ्यक्रम :**

(१) पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रलाई एउटा राष्ट्रिय स्तरको स्वायत्त र दरिलो संस्थाको रुपमा विभिन्न दक्ष व्यक्तिहरु सम्मिलित गरी विकास गरिनु पर्दछ। यसले शिक्षाका सम्पूर्ण प्राविधिक पक्ष (जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण विधि, निरीक्षण प्रविधि र मूल्यांकन अथवा परीक्षा सुधार) आदि क्षेत्रहरुमा अनुसन्धान, विकास र

निर्माणको कार्य गरी यस क्षेत्रमा रहेको ठूलो कमीलाई पूरा गर्न सक्नु पर्दछ। शिक्षाको गुणात्मक विकासका लागि यसलाई सबैभन्दा महत्वपूर्ण पूर्व शर्तको रुपमा लिइनु पर्दछ।

(२) विभिन्न तहका पाठ्यक्रममा राष्ट्रिय उद्देश्य प्रतिविम्बित हुनुपर्छ। विद्यालयको पाठ्यक्रम वस्तुपरक र स्थानीय वातावरणसित मेल खाने गरी छात्रछात्राहरुका लागि जीवनोपयोगी हुने किसिमबाट निर्माण गरिनुपर्छ।

(३) विद्यालय तहमा कक्षा १ देखि १२ सम्मको श्रृँखलालाई हृदयगंम गरी उद्देश्य, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया र मूल्यांकन प्रक्रिया समेत उल्लेख भएको पाठ्यक्रम हुनुपर्दछ।

(४) पाठ्यक्रमलाई अन्तिम रुप दिनुभन्दा अगाडी स्थलगत परीक्षण गरिनुपर्छ।

(५) शिक्षण सिकाईका लागि र शिक्षकलाई सहयोग पुऱ्याउने खालको भएमा मात्र पाठ्यक्रमको सही उपयोग हुन जाने हुँदा निर्माण अवस्थामा नै त्यस पक्षप्रति विशेष ध्यान पुऱ्याइएको हुनुपर्दछ।

(६) पाठ्यक्रमहरु प्रकाशित गरी निःशुल्क वितरण गर्ने परिपाटी समाप्त गरी सम्बद्ध संस्थाहरुले लागत मूल्यमा बिक्री वितरण गर्ने व्यवस्था हुनुपर्दछ।

(७) प्रजातान्त्रिक मूल्य र मान्यतालाई महत्व दिने पाठ्यक्रम, शिक्षण र मूल्यांकन विधि विकास गर्दा प्रत्येक व्यक्तिको प्रतिभा, झुकाव, रुचि र वैयक्तिक भिन्नतालाई मध्यनजर राखी कार्य गर्नुपर्दछ।

(८) आधुनिक नेपालको पाठ्यक्रम छात्रछात्राहरुमा राष्ट्रिय आकांक्षा र चिन्तनहरु (जस्तै : स्वतन्त्रता, समानता, अधिकार र कर्तव्य, वातावरण, स्वास्थ्य, सरसफाई, जनसंख्या र प्रजातान्त्रिक मूल्य र मान्यताहरु) प्रति सजग गराई शिक्षालाई अर्थपूर्ण र उपयोगी बनाउने खालको हुनुपर्दछ।

(९) प्रत्येक तहको पाठ्यक्रम विकासको काम एउटा निरन्तर चलिरहने प्रक्रिया भएकाले पाठ्यक्रम निर्माण, कार्यान्वयन, मूल्यांकन, परिमार्जनलाई सक्रिय रुपमा (दोहोऱ्याइ राख्नु पर्ने प्रक्रियाको रुपमा) लिइनु पर्दछ। यसो गर्दा पाठ्यक्रमलाई समयानुकूल र बदलिंदो परिस्थिति अनुरुप सुहाउँदो ढंगले कम्तीमा ५ वर्षभित्र परिवर्तन गरिनुपर्छ। यसका लागि अध्ययन अनुसन्धानलाई प्रोत्साहित गरिनुपर्छ।

(१०) पाठ्यक्रम, पाठ्यपुस्तक तथा सहायक सामग्रीहरुको स्तर निर्धारण गरी उपयुक्तता निश्चित गर्ने कार्य सम्बन्धित विषय समिति मार्फत गराइनुपर्छ।

(११) पाठ्यक्रम, शिक्षण र मूल्यांकन (परीक्षा) विधिको अन्योन्याश्रित सम्बन्ध हुने हुंदा यिनको विकास पनि आपसी अन्तरक्रियाका आधारमा गरिनु पर्दछ। यी तीनैमा निरन्तरता र आपसी सम्बन्ध दरिलो भएमा छात्रछात्राहरुको अनुत्तीर्ण हुने संख्या निकै घट्न सक्नेछ।

(१२) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण विधिलाई प्रभावकारी र रुचिकर बनाउने हुँदा स्थानीय स्रोत, सीप र साधनमा आधारित सामग्रीहरुको विकासमा सकेसम्म निजी क्षेत्रको सहभागिता गराई निर्माण र बिक्री वितरण गराउने व्यवस्था गर्नु पर्दछ।

**मूल्याँकन :**

(१३) कुनै पनि स्तरको मूल्यांकन (अथवा परीक्षा) पद्धतिले शिक्षकले के र कसरी पढाउँछन्? विद्यार्थीहरुको पठनपाठन सम्बन्धी क्रियाकलाप के कस्तो छ? गुणस्तरको आधारमा विद्यार्थीहरुको छनोट गर्ने काम कतिको वस्तुगत रुपमा भएको छ? आदि कुराहरुलाई दर्शाउने हुँदा सोही अनुरुप यसमा ध्यान पुऱ्याउनु पर्छ। अतः मूल्यांकन (परीक्षा) लाई पठनपाठनका साथै वर्षभरि नै चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापको रुपमा लिइनु पर्दछ। यसका लागि मासिक, द्वैमासिक वा त्रैमासिक परीक्षा लिने व्यवस्था गर्नु उपयुक्त हुनेछ।

(१४) प्रत्येक विद्यार्थीको शैक्षिक प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलापको समेत विवरण समावेश गरिनु पर्दछ।

(१५) हालको परीक्षा नियन्त्रण कार्यालय वर्तमान बढ्दो आवश्यकताको तुलनामा स्रोत र जनशक्तिको दृष्टिबाट साह्रै कमजोर अवस्थामा छ। यसलाई एउटा दरिलो स्वायत्त संस्थाको रुपमा संचालन र विकास गरिनुपर्छ। यसले परीक्षा संचालनमा सुधार गर्ने कार्य गर्नुपर्छ र परीक्षा सुधार गर्ने प्रक्रियामा नमूना प्रश्नहरुको बैंक खडा गर्ने, अनुसन्धान गर्ने, स्तरयुक्त प्रश्नहरु बनाउने जस्ता विकासमुखी काम पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रबाट गराइनुपर्छ।

(१६) परीक्षा र मूल्यांकन दक्ष व्यक्तिले मात्र स्तरयुक्त ढंगले गर्न सक्ने विषय भएकोले त्यसको व्यवस्थापन र सञ्चालन पनि सोही अनुरुपका विषय विशेषज्ञहरुबाट नै हुनुपर्छ। यसकारण यस क्षेत्रमा जनशक्तिको विकास गर्नु र तिनैबाट परीक्षालाई स्तरयुक्त बनाउने कार्य गराउनु आवश्यक छ।

(१७) अनौपचारिकबाट औपचारिक वा व्यावसायिक शिक्षामा प्रवेशका लागि पनि प्रवेश परीक्षाको विकास गरिनु पर्दछ।

(१८) उच्च शिक्षामा प्रवेशका लागि स्तरयुक्त प्रश्नपत्रको निर्माण, परीक्षण र संचालन तर्फ ठोस कदम चालिनु पर्दछ।

(१९) आगामी वर्षहरुमा सेमेष्टर प्रणालीलाई पुनः कार्यान्वयन गर्नेबारे सम्बन्धित विषयका दक्षहरुले चिन्तन मनन गरी एउटा कार्यक्रम बनाई लागू गर्नेतर्फ विचार गर्नुपर्दछ। त्यो नभई शिक्षक र विद्यार्थीहरुको पठनपाठनमा संलग्नता र जबाफदेहीमा वृद्धि गर्न कठिनाई पर्ने हुन्छ।

(२०) लिखित र निबन्धात्मक परीक्षा बाहेक गृहकार्य, पुस्तक समीक्षा, कक्षा निरीक्षण, मौखिक मूल्यांकन आदि विविध विधिहरु प्रयोग गर्नुपर्छ। साथै निबन्धात्मक परीक्षालाई वस्तुगत बनाउने उपायहरुतर्फ पनि कदम चालिनुपर्छ।

(२१) विद्यार्थीहरुको मूल्यांकन हरेक तहमा मासिक, त्रैमासिक, अर्द्धवार्षिक र वार्षिक परीक्षाको संयुक्त आधारमा गरिनु उपयुक्त हुन्छ।

(२२) मूल्यांकनले शिक्षण पद्धतिको पनि लेखाजोखा गर्ने हुँदा शिक्षकको मूल्यांकनमा पनि उनले पढाउने विषयका विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई समेत आधार बनाइनु उपयुक्त हुनेछ।

(२३) विभिन्न विषयमा अनुत्तीर्ण हुने विद्यार्थीहरुले धेरै वर्षसम्म केही पत्रको मात्र परीक्षा दिने हालको प्रचलनमा सुधार गर्नुपर्छ।

**पाठ्यपुस्तक र पाठ्यसामग्री**

(२४) राष्ट्रिय शिक्षाको उद्देश्य र तह अनुसारका पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकहरु तयार गरिनुपर्छ।

(२५) भाषिक समुदायको आवश्यकतालाई ध्यानमा राखी प्राथमिक शिक्षाका पाठ्यपुस्तकलाई राष्ट्रिय भाषाहरुमा तयार गर्न सम्बद्ध भाषाका विद्वानहरुलाई प्रोत्साहित गर्नुपर्दछ।

(२६) पाठ्यपुस्तकको प्रयोग, शिक्षण प्रक्रिया, पाठयोजना आदि विषयमा व्यवस्थित र क्रमबद्ध रुपले चर्चा गरिएको शिक्षक निर्देशिका तयार गरी प्रत्येक शिक्षकलाई उपलब्ध गराउनुपर्छ। सो पुस्तकमा मातृभाषाका माध्यममा शिक्षा दिने विषयमा र सामान्य कक्षामा एकीकृत गर्नुपर्ने अपाङ्ग बालबालिकाको शिक्षाका विषयमा पनि व्याख्या गरिएको हुनुपर्दछ।

(२७) ज्ञान विज्ञानका विभिन्न विषयमा विद्यार्थीहरुका लागि पाठ्यपुस्तकको निर्माण र अनुवाद गर्न शिक्षकहरुलाई प्रोत्साहित गर्नुपर्दछ। पाठ्यपुस्तक लेखन, अनुवाद तथा सम्पादनका निम्ति विदा, आर्थिक सुविधा तथा पुरस्कारको व्यवस्था हुनुपर्दछ र लेखक, सम्पादक, अनुवादक तथा चित्रकारहरुलाई पुस्तकको समुचित लेखस्व दिनुपर्छ।

(२८) सबै विद्यालयमा प्रयोग गरिने पाठ्यपुस्तक र पाठ्यसामग्रीहरु श्री ५ को सरकारको संबद्ध निकायले निर्देशन गरेको पाठ्यक्रमको ढाँचाका आधारमा हुनुपर्दछ।

(२९) पाठ्यपुस्तकहरुको प्रकाशनलाई प्रतिस्पर्धाका आधारमा विकास गर्नुपर्छ। सबै प्रकाशकलाई पाठ्यपुस्तकहरुको प्रकाशनका लागि अवसर दिनुपर्छ। विद्यालयहरुलाई विभिन्न सेटबाट छानेर उपयुक्त पाठ्यपुस्तकको प्रयोग गर्ने स्वायत्तता दिनुपर्छ।

(३०) श्री ५ को सरकारको सम्बद्ध निकायबाट स्वीकृत पाठ्यपुस्तकलाई प्रकाशकहरुले मुख्य पाठ्यपुस्तकका रुपमा स्वीकृत भएको हो वा सहायक पुस्तकका रुपमा स्वीकृत भएको हो सो स्पष्ट रुपमा अंकित गरेको हुनुपर्छ।

(३१) पाठ्यपुस्तकहरुको प्रकाशन दुई प्रकारको हुनुपर्छः पुस्तकालय संस्करण र विद्यार्थी संस्करण। पुस्तकालय संस्करण पुस्तकालयमा राखी इच्छुक विद्यार्थीहरुलाई दिनुपर्छ र विद्यार्थी संस्करण चाहिँ सहूलियत दरमा उपलब्ध गराउनुपर्छ।

(३२) श्री ५ को सरकारको सम्बद्ध निकायबाट पाठ्यक्रममा आंशिक वा पूर्ण संशोधन वा परिवर्तन गरिएमा निजी प्रकाशकले पनि तद्नुरुप पाठ्यपुस्तक वा सहायक पुस्तकहरुमा संशोधन गरेर मात्र प्रकाशन गर्न पाउने व्यवस्था हुनुपर्दछ।

**विक्री वितरण**

(३३) कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरु, बालपुस्तकहरु र पाठ्यसामग्री विद्यालयको संकलनबाट विद्यार्थीहरुलाई दिनुपर्छ। यसरी दिंदा विद्यालयले न्यूनतम धरौटी लिन सक्ने व्यवस्था हुनुपर्छ।

(३४) विद्यालयका निम्ति प्रकाशित पाठ्यपुस्तकहरु सस्तो मोलमा विक्री वितरण गर्ने गराउने व्यवस्था हुनुपर्छ र पुस्तकहरुको मूल्य नेपालभरि नै एउटै हुनुपर्छ।

(३५) महिला वर्ग, अपाङ्ग तथा सामाजिक दृष्टिले पछि परेका समुदायका लागि विभिन्न संघ–संस्था र सेवाभावले प्रेरित व्यक्तिहरुबाट निःशुल्क रुपमा पाठ्यपुस्तक तथा पाठ्यसामग्री उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।

(३६) निःशुल्क वितरण गरिने पाठ्यपुस्तकका लागि एउटा निश्चित आधार बनाई सम्बद्ध संस्थाहरुबाट प्रकाशन र वितरण सम्बन्धी काम गराउनु पर्दछ।

**व्यवस्थापन र कार्यान्वयन**

(३७) पाठ्यपुस्तक, बालपुस्तक, साहित्यिक पुस्तक, ज्ञान–विज्ञानका मौलिक ग्रन्थहरु र सन्दर्भ ग्रन्थहरुको राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न एउटा राष्ट्रिय पुस्तक गुठीको स्थापना हुनुपर्छ र यसै संस्थाबाट पाठ्यपुस्तक तथा अन्य पुस्तकहरुको प्रकाशन कार्यको समन्वय र मूल्यांकन गर्नुका साथै लेखक, सम्पादक, अनुवादक, चित्रकार, तथा प्रकाशकलाई प्रतिवर्ष पुरस्कृत गर्ने, प्रशिक्षण र गोष्ठीहरुको आयोजना गर्ने, पुस्तक प्रदर्शनीहरुको आयोजना गर्ने जस्ता काम गर्नुपर्छ।

(३८) पुस्तक प्रवर्द्धन गरी शिक्षाको विकासमा गति ल्याउन देशमा प्रकाशित स्तरीय पुस्तकहरुको केही प्रति किनिदिने व्यवस्था हुनुपर्दछ।

(३९) निःशुल्क वितरित गरिने पाठ्यपुस्तक, शिक्षक निर्देशिकाहरु, बालपुस्तकहरु र अन्य पाठ्यसामग्रीहरु जिल्ला शिक्षा समिति मार्फत स्थानीय विद्यालय, पुस्तकालय तथा अन्य शैक्षिक संस्थानहरुले पाउने व्यवस्था हुनुपर्छ। निःशुल्क

पाठ्यपुस्तकहरु पुस्तक किनेर पढ्न नसक्नेहरुलाई मात्र उपलब्ध गराउने नीति लिइनुपर्छ। यसका लागि स्थानीय निकायहरुको सिफारिशलाई आधार बनाउनु पर्छ।

शिक्षा मन्त्रालय

## (घ) पुस्तकालय

### १.पृष्ठभूमि

राणाकालीन नेपालमा बीर पुस्तकालय र केही व्यक्तिगत पुस्तकालयहरु (केसर पुस्तकालय, सिंह पुस्तकालय, हेमाराज गुरुको पुस्तकालय आदि) थिए । तर जनताका लागि स्थापित पुस्तकालयहरु थिएनन् । २००७ सालको क्रान्तिको केही समय अघि र अनि लगत्तैपछि देशका कुना काप्चामा धेरै पुस्तकालयहरु खोलिएका थिए । तानसेनमा वि.सं.१९९३ मा पुस्तक पढ्ने दलान नाममा खोलिएको र पछि २००४ मा छुट्टै भवनमा रहेको धवल पुस्तकालय, वि.सं. २००४ सालमा स्थापित वुटवलको महावीर पुस्तकालय र प्रदीप्त पुस्तकालय, वि.सं. २००४ सालमै स्थापित धरानको सार्वजनिक विद्या भवन पुस्तकालय आदि केही उदाहरण हुन्। विभिन्न स्कूल, कलेज र शैक्षिक संस्थाहरुमा पनि केही पुस्तकालय स्थापित भए। त्रि-चन्द्र क्याम्पसको हालको पुस्तकालय यसको ज्वलन्त उदाहरण हो ।

कुनै पनि शैक्षिक संस्थाका लागि एउटा राम्रो पुस्तकालय  हुनु पर्ने कुरालाई वि.सं. २०११ सालको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनले जनसमक्ष राखेको थियो । एउटा आधुनिक पुस्तकालयको स्थापना गरी संचालन गर्ने काम यू.एस.ए.को सहयोगमा २००९ साल देखि सेन्ट्रल लाइव्रेरीले शुरु गर्‍यो । शिक्षा आयोगको सिफारिश तथा सेन्ट्रल लाइव्रेरीबाट भएको पुस्तकालय सेवाको शुरुवातलाई मूर्तरुप दिई एउटा व्यवस्थित आधुनिक पुस्तकालयको रुपमा विकास भएर आवश्यक सेवा प्रदान गर्दै राष्ट्रमा आधुनिक पुस्तकालयको महत्व र आवश्यकता जनमानसमा पुर्‍याउने श्रेय भने त्रि.वि.केन्द्रीय पुस्तकालयलाई छ।

### २. वर्तमान स्थिति

नेपालमा अहिलेसम्म विभिन्न प्रकारका पुस्तकालयहरु छन्। सार्वजनिक पुस्तकालयहरु, त्रि.वि. क्याम्पसका पुस्तकालयहरु, विभिन्न संस्था र सरकारी विभागका पुस्तकालयहरु र विदेशी संस्थाका पुस्तकालयहरु गरी नेपालभरिका पुस्तकालयहरुको संख्या ५०० नाघेको बताइन्छ। यी पुस्तकालयहरुमा धेरैको स्थिति राम्रो छैन । केही पुस्तक र पत्रिकाको संग्रहलाई नै पुस्तकालय भन्ने धारणा मुलुकमा देखिन्छ । जानकारी र ज्ञानका कुराहरु जुन, जहाँ, जहिले चाहिन्छ उपलब्ध गराई शिक्षक र विद्यार्थीहरुलाई आवश्यक एक अनिवार्य संस्थाका रुपमा विद्यालय र महाविद्यालय वा शैक्षिक

संस्थाहरुका निम्ति पुस्तकालयहरु अनिवार्य आवश्यकता हुन् भन्ने कुरालाई हाम्रो मुलुकमा अझै पनि अनुभव गरिएको छैन। यसै कारण यहाँ भएका केही पुस्तकालयहरु पनि पुस्तकालयका रुपमा भन्दा पुस्तक संग्रहका रुपमा छन् ।

नेपालका कतिपय पुस्तकालयहरुको अवस्था क्रमिक रुपमा केही सुधार भएको छ र पुस्तकालय सेवामा पनि विस्तार भएको छ । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयले उच्च शिक्षाका विद्यार्थीहरुलाई सेवा पुर्‍याउँदै आएको छ भने काठमाडौँ उपत्यकाका राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय, मदन पुरस्कार पुस्तकालय जस्ता विशेष पुस्तकालयहरुको सेवा महत्वपूर्ण रहिआएको छ । दिनदिनै आउने पाठकहरुको संख्या र पुस्तकालय सेवाका दृष्टिले राजधानीका व्रिटिश काउन्सिल पुस्तकालय, नेपाल भारत सांस्कृतिक केन्द्रका पुस्तकालय तथा यू.एस.आई.एस. पुस्तकालय विशेष रुपले उल्लेख्य छन् । नेपालका विभिन्न नगरपालिका क्षेत्रमा संचालित पुस्तकालयहरुले पनि समाजमा पठनशीलताको सम्बर्द्धन गर्नमा योगदान गर्दै आएका छन् । आज शैक्षिक विकासका पूर्वाधारका रुपमा नेपालका शैक्षिक र सार्वजनिक पुस्तकालयहरुको समयोचित विकास गर्नुपर्ने आवश्यकताको अनुभव क्रमशः हुँदै गइरहेको छ ।

### ३. प्रमुख समस्या तथा मुद्दाहरु

(क) औपचारिक शिक्षाको अभिन्न अङ्गका रुपमा प्रत्येक शैक्षिक संस्थामा पुस्तकालयहरुको स्थापना र संचालन हुनु पर्ने सन्दर्भमा हाम्रा कति विद्यालयहरुमा पुस्तकहरुको सानो संकलन पनि छैन । त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरुमा पुस्तकालयहरुको स्थिति केही राम्रो छ ।प्रतिवर्ष केही पुस्तकालय थपिएका छन् तर तिनमा आवश्यक पुस्तक र पत्रिका छैनन् र शिक्षक तथा विद्यार्थीहरुको निम्ति पुस्तकालय सेवा पर्याप्त छैन ।

(ख) देशमा पुस्तकालयहरुको स्थिति विभिन्न दृष्टिले दयनीय छ । अहिले संचालित भइरहेका पुस्तकालयहरुमध्येका राम्रा पुस्तकालयहरुमा पनि आवश्यक सेवा उपलव्ध गराउन सकेको देखिन्न । तिनमा नयाँ पुस्तकहरु र पत्र-पत्रिकाहरु पाइन्नन्। छिटो छरितो सेवाको र दक्ष कर्मचारीको कमी छ । देशमा विभिन्न भागमा रहेका सार्वजनिक पुस्तकालयहरुको स्थिति पनि दयनीय छ। विगत वर्षहरुमा पुस्तकालयलाई शिक्षाको अभिन्न अङ्गका रुपमा दिइएन र शैक्षिक संस्थाहरुका निम्ति पुस्तकालय अनिवार्य ठानिएन भन्ने कुरालाई पुस्तकालयहरुलाई दिइने अनुदानमा वृद्धिको अभाव र

शिक्षातर्फको बजेटको बाँडफाँडले नै स्पष्ट गरेको छ। यसको मूलभूत कारण चाहिँ पुस्तकालयबारे स्पष्ट राष्ट्रिय नीति नहुनु ने हो ।

(ग) आधारभूत तथा प्राथमिक शिक्षाको विस्तार गर्दै शिक्षालाई स्तरीय र उपयोगी बनाउन बालबालिकाहरुलाई केही पाठ्यपुस्तकहरुमा सीमित राखेर पुग्दैन । उनीहरुमा पढ्ने बानी बसाल्नका निम्ति सचित्र बाल पुस्तकहरुको खाँचो पर्छ। यस्ता पुस्तकहरु प्रत्येक बालबालिकाले किनेर पढ्न सम्भव छैन। बालबालिकाहरुलाई केवल पाठ्यपुस्तकहरुमा मात्र सीमित राखियो भने उनीहरुको ज्ञान र अनुभवको क्षेत्र सीमित हुनेछ र उनीहरुमा पढ्ने बानी बसाल्न ढीलो हुनेछ।

(घ) अहिले पनि माध्यमिक स्तरका विद्यार्थीहरु बढी मात्रामा पाठ्यपुस्तकहरुमा मात्र केन्द्रित रहेका देखिन्छन् । उनीहरुका निम्ति उपयुक्त पुस्तकहरुको छनोट गरी पढ्न प्रेरित गर्ने वातावरण छैन र उनीहरुको पाठ्यविषयसँग सम्बद्ध सहायक ग्रन्थहरुको र विभिन्न विषयमा ज्ञान, सूचना र सीपका निम्ति उपयुक्त सन्दर्भ ग्रन्थहरुको संकलन पुस्तकालयमा छैन। निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुका निम्ति पनि सन्दर्भ सामग्रीहरु, शब्दकोषहरु र विश्वकोषहरुको खाँचो पर्छ। यस्तो सन्दर्भ सामग्री भएमा शिक्षकहरुलाई चाहिने ज्ञान र सूचना संकलित गरी शिक्षाको गुणस्तर वृद्धि गर्न सकिनेछ।

(ङ) उच्चमाध्यमिक तहमा पुगेका विद्यार्थीहरुमा किशोरावस्थामा शारीरिक, मानसिक र भावनात्मक विशेषताहरु रहिरहन्छन्।यस कारण उनीहरुका लागि उपयुक्त किशोर साहित्यको आवश्यकता पर्छ।यस अवधिमा उनीहरुले श्रेष्ठ साहित्य र प्रसिद्ध ग्रन्थहरु तथा सहायक पुस्तकहरु पनि पढ्छन्।आज प्रतिवर्ष बढ्दै गरेका क्याम्पसहरुमा अध्ययन अध्यापनको वातावरण विकसित नहुनुमा पुस्तकालयहरुमा उपयुक्त पुस्तक र पाठ्यसामग्रीको अभाव पनि हो। तर पुस्तकालयहरुको स्थिति भविष्यमा पनि यस्तै रहिरहनु हुँदैन। अव स्थापित हुने उच्चमाध्यमिक विद्यालयहरुमा उपयुक्त स्तरको पुस्तकालयको व्यवस्थालाई पूर्वावश्यक गर्नुपर्ने हुन्छ।अन्यथा विद्यार्थीहरु आत्म विकासका लागि चाहिने पुस्तक र ग्रन्थहरुबाट बन्चित हुनेछन् र त्यसबाट शिक्षाको गुणस्तरमा गम्भीर नकारात्मक प्रभाव पर्नेछ।

(च) उच्च शिक्षाको क्षेत्रमा रहेका पुस्तकालयहरु शैक्षिक संस्थाका आवश्यक अङ्गका रुपमा रहनु पर्ने खाँचो छ। स्नातक स्तरमा पढ्नु पर्ने सबै नयाँ नयाँ पाठ्यपुस्तकरु किन्न सबै विद्यार्थीहरुलाई सजिलो पर्दैन। विदेशी प्रकाशनका पाठ्यपुस्तकहरु, सहायक पुस्तकहरु, सन्दर्भ ग्रन्थहरु र विषयगत शोध प्रत्रिकाहरु पनि धेरै विद्यार्थीहरुले किन्न

सक्दैनन्।उच्चस्तरीय कक्षाहरुमा पढ्ने र अनुसन्धान गर्ने विद्यार्थीहरुका लागि एउटा पुस्तकहरुले सुसज्जित पुस्तकालय आवश्यक हुन्छ।

स्नातक स्तरका स्नातकोत्तर स्तरका र अनुसन्धान कार्यरत विद्यार्थीहरुका लागि विश्वविद्यालयहरु तथा उच्च शैक्षिक संस्थानहरुले आफ्ना केन्द्रीय पुस्तकालयको स्थापना गर्नुपर्छ। विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय र विभागहरुमा आ-आफ्ना संकलनहरु हुन सक्छन् तर विश्वविद्यालयका केन्द्रीय पुस्तकालय र संस्थानका पुस्तकालयहरुमा शिक्षक र विद्यार्थीहरुको उपयोगका लागि र अन्तर्विषक अध्ययन र अनुसन्धानका  लागि विभिन्न विषयका पुस्तक, पत्रिकाहरु, शोध पत्रिकाहरु , शोध-पत्रहरु लगायत सबै प्रकारका पाठ्यसामग्री रहनु पर्दछ। यस्ता केन्द्रीय पुस्तकालयहरुमा चाहिएको मात्रामा अध्ययन कक्षहरु रहनु पर्छ जहाँ विद्यार्थी  र शिक्षकहरु बसेर अध्ययन गर्न सक्नेछन्।खास गरी केन्द्रीय पुस्तकालयहरुबाट विद्यार्थी र शिक्षकलाई पढ्नका लागि खास अवधिका लागि खास संख्याका पुस्तकहरु दिने व्यवस्था गर्नुपर्दछ। वर्तमान र भविष्यमा स्थापित हुने शैक्षिक संस्थाहरुले पुस्तकालयको निम्ति संचालनमा विशेष ध्यान दिनु पर्ने खाँचो छ।

(छ) अनौपचारिक शिक्षाको आधारभूत साक्षरताको तह पार गरेपछि पनि नवसाक्षरहरुले नियमित रुपमा पढ्ने गरेमा मात्र साक्षर भएको सार्थक हुन्छ।प्रत्येक नवसाक्षरले पढ्ने सामग्रीको व्यवस्था गर्न सम्भव छैन।घना बस्ती भएका गाउँ गाउँमा र शहरका ठाउँ ठाउँमा सामुदायिक पुस्तकालयको स्थापना गर्न समुदायहरुलाई प्रेरित गर्नुपर्ने खाँचो छ। धेरै आवादी भएका क्षेत्र तथा नगरपालिकाहरुमा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरुको अभाव हुँदा व्यक्तिहरु महत्वपूर्ण सूचना तथा ज्ञानबाट बन्चित हुन जान्छन्।

(ज) अहिले संचालित पुस्तकालयहरुले पनि पाठकहरुलाई आवश्यक र उपयोगी सेवा दिन सकेका छैनन्। यसको खास कारण पुस्तकालयहरुमा पाठकहरुलाई चाहिने पाठ्यसामग्रीको कमी हो। शैक्षिक संस्थाका पुस्तकालयहरुमा नयाँ नयाँ सन्दर्भ सामग्रीहरुको अभाव छ।विद्यालयका पुस्तकालयहरुमा उपयुक्त पुस्तकको कमीले गर्दा पुस्तकहरुबाट पाठक र विद्यार्थीहरुलाई लाभान्वित गर्न सकिएको छैन।पुस्तकालयहरुमा भौतिक सुविधाको राम्रो व्यवस्था छैन। पर्याप्त मात्रामा फर्निचर र आवश्यक सामग्री छैनन् र पुस्तकालय भवन र कोठाहरु पनि सुव्यवस्थित छैनन्। यस्तै किसिमले पुस्तकालयहरुमा तालिमप्राप्त कर्मचारीहरुको पनि कमी देखिन्छ।एउटा तथ्याङ्कअनुसार नेपालमा जम्मा ८० जना मात्र पुस्तकालय

विज्ञानसम्बन्धी तालिम प्राप्त दक्ष व्यक्ति छन्।अहिलेका पुस्तकालयहरुका निम्ति पनि यो संख्या ज्यादै कम हो। यसरी पुस्तकालय विज्ञानका स्नातकहरुको कमी पनि नेपालमा पुस्तकालयहरुको विकासमा देखिएको अवरोधको एउटा प्रमुख कारण हो ।तर समाजमा पुस्तकालयले महत्व नपाएको कारणले र पुस्तकालयहरुको व्यवस्था जसले पनि गर्न सक्छ भन्ने मानसिकताले गर्दा दक्ष व्यक्तिहरु पनि अरु काममा लागेका देखिन्छन्।

(झ) पुस्तकालय र सूचना सेवाको व्यवस्था खर्चिलो छ। पुस्तक र पत्रिकाहरुका निम्ति राम्रै धनराशि चाहिन्छ र विशेष गरी विदेशबाट झिकाउनु पर्ने शोधपत्रिका र पुस्तकका निम्ति विदेशी मुद्राको आवश्यकता पनि पर्छ।प्रारम्भिक चरणमा पुस्तकालयको स्थापनामा बढी खर्च लाग्छ भने पछि नियमित रुपमा पुस्तक र पत्रका थप्दै जानुपर्ने हुन्छ।

## ४. सुझाउहरु

विभिन्न तहका शैक्षिक संस्थासँग सम्बद्ध गरी संचालित भएका र सार्वजनिक रुपमा स्थापित पुस्तकालय तथा सूचना सेवाको विस्तार र सुदृढीकरणका लागि निम्नलिखित सुझाउहरु प्रस्तुत गरिएका छन् :

(१) सबै उमेरका व्यक्तिहरुमा आत्मोन्नतिका लागि जीवनव्यापी पठन–संस्कारको सम्बर्द्धन गर्नु र औपचारिक तथा अनौपचारिक माध्यमबाट शिक्षा प्राप्त गरिरहेकाहरुलाई पाठ्यसामग्रीका माध्यमबाट ज्ञानको विकास, सूचनाको संकलन र सीपको सिकाइमा सहयोग पुर्‍याउनु पुस्तकालय र सूचना सेवाको उद्देश्य हुनुपर्दछ।

(२) पहिलेदेखि संचालित प्राथमिक र माध्यमिक विद्यालयहरुमा बालबालिकाहरुका लागि आवश्यक पुस्तकहरुको संकलनलाई क्रमशः बढाई उपयुक्त स्तरको बाल पुस्तकालयको स्थापनाका निम्ति योजनाबद्ध रुपमा काम थाल्नुपर्छ।

(३) अब स्थापित हुने प्रत्येक प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक विद्यालय वा महाविद्यालयहरुले उपयुक्त स्तरका पुस्तकालयको व्यवस्था प्रारम्भमा नै गरी प्रतिवर्ष आवश्यक पुस्तक र पत्रिकाहरुको वृद्धि गर्दै जानुपर्छ।

(४) केन्द्रीकृत पुस्तकालय व्यवस्थाको माध्यमबाट विश्वविद्यालय अन्तर्गतका संकायहरु, महाविद्यालयहरु तथा विभागहरुलाई पुस्तकालय तथा सूचना सेवा प्रदान गर्नुपर्छ।

(५) विश्वविद्यालय अन्तर्गतका संकायहरु, महाविद्यालयहरु, विभागहरु तथा अनुसन्धान केन्द्रहरुलाई आ–आफ्ना विषयका सन्दर्भ–पुस्तक र पाठ्यसामग्रीको संकलन राख्न प्रोत्साहित गर्नुपर्छ।

(६) स्थानीय तहमा नवसाक्षरहरु र अन्य साक्षरहरुलाई ज्ञान र सूचनाका निम्ति पुस्तक र पाठ्यसामग्री उपलब्ध गराउने सेवा कार्य तथा जनसहभागिताको परिचालन गर्नुपर्छ। जनघनत्व भएका गाउँ, नगर र उपनगर क्षेत्रमा पुस्तकालय तथा वाचनालयहरुको स्थापना गर्न प्रोत्साहित गर्नुपर्छ।

(७) प्रत्येक गाउँ विकास समितिमा वाचनालयको व्यवस्था गर्न र जिल्ला विकास समिति तथा नगरपालिकाहरुमा आवश्यक पत्र–पत्रिका तथा श्रव्यदृश्य सामग्री समेतका पुस्तकालयहरुको स्थापना गर्न प्रोत्साहित गर्नुपर्छ।

(८) पुस्तकालय तथा सूचना सेवाका लागि उचित शुल्कको निर्धारण गरी लक्षित समूहलाई सेवा उपलब्ध गराउनु पर्छ। समाजमा पठनशीलताको सम्बर्द्धन गर्ने उद्देश्य राखी शुल्क न्यूनतम हुनुपर्छ।

(९) पुस्तकालय तथा सूचना सेवाको क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको विकासका निम्ति विश्वविद्यालयमा पुस्तकालय तथा सूचना विज्ञानको पठनपाठनका लागि एउटा पुस्तकालय विज्ञान विभागको स्थापना गर्नुपर्छ। पुस्तकालयहरुमा कार्यरत जनशक्तिलाई अद्यावधिक तुल्याउन प्रशिक्षण कार्यक्रम र कार्यशाला–गोष्ठीहरुको संचालन हुनुपर्छ।

(१०) केन्द्रीय तहमा एउटा साधन र सुविधा सम्पन्न राष्ट्रिय पुस्तकालयको स्थापना हुनुपर्दछ।

(११) श्री ५ को सरकारको शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत नेपालका सम्पूर्ण पुस्तकालयहरुलाई हेर्ने एउटा निकाय हुनुपर्दछ।

(१२) शैक्षिक संस्थासँग सम्बद्ध पुस्तकालयहरुको र सार्वजनिक पुस्तकालयहरुको आवधिक मूल्यांकन गरी पुस्तकालय सेवाको सुव्यवस्थाका लागि व्यक्ति र संस्थालाई प्रतिवर्ष पुरस्कृत गर्नुपर्छ।

(१३) सार्वजनिक पुस्तकालयहरुलाई पनि नियमित रुपमा समुचित अनुदान प्राप्त हुनुपर्छ।

(१४) शैक्षिक संस्थाहरुसँग सम्बद्ध तथा सार्वजनिक पुस्तकालयहरुको स्थापना तथा संचालनका लागि जनसहभागिताको परिचालन गर्नुका साथै सेवा भावनाले प्रेरित दाताहरुबाट समेत आर्थिक सहयोग जुटाउनु पर्छ।

## (ङ) अतिरिक्त क्रियाकलाप

### १ पृष्ठभूमि

विद्यार्थीहरुको सर्वाङ्गीण व्यक्तित्वको विकासका निमित्त परम्परागत कक्षा शिक्षणका साथै अन्य सह क्रियाकलापहरुमा पनि विद्यार्थीहरुलाई संलग्न गराउनुपर्दछ। यस्ता क्रियाकलापहरुमा शारीरिक, बौद्धिक तथा रचनात्मक शारीरिक गतिविधिहरु पर्छन् ।विद्यार्थीहरुको मनोवैज्ञानिक तथा बौद्धिक पक्षको विकास गरी व्यक्तित्व निर्माण गर्न सह तथा अतिरिक्त क्रियाकलापको व्यवस्था अपरिहार्य बनिसकेको छ ।त्यसैले यस्ता क्रियाकलापहरु विद्यार्थीहरुको शैक्षिक विकासको अभिन्न अंग वा सम्पूरक विषयका रुपमा विकसित हुन थालेका छन् ।यस सन्दर्भमा अतिरिक्त क्रियाकलापहरुलाई समेत पाठ्यक्रियाकलापकै सहकार्यकलापका रुपमा हेरिनुपर्ने हुन्छ ।अतः कतिपय स्थितिमा अतिरिक्त क्रियाकलाप र सह क्रियाकलापका बीच सीमारेखा छुट्याउन गाह्रो हुन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा अतिरिक्त क्रियाकलापलाई विशेष रुपमा जोड दिइएको थियो ।सोहीअनुसार शिक्षा तथा संस्कृति मन्त्रालय, पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण विकास केन्द्र अन्तर्गत र त्रिभुवन विश्वविद्यालयमा पनि अतिरिक्त क्रियाकलाप निकाय कार्यरत छन् । तर विद्यालयहरु र विश्वविद्यालयका विभिन्न क्याम्पसहरुमा यस्ता कार्यकलापहरुलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्था गरिएको देखिदैन ।

विद्यालयहरुमा खेलकुदका रुपमा फुटवल, भलिबल जस्ता खेलहरु खेलाइन्छन् र हाजिर-जवाफ प्रतियोगिता, संगीत र नृत्य आदिका प्रतियोगिता पनि यदाकदा गराइन्छन् ।तर तिनको नियमित र व्यवस्थित रुपमा संचालन गर्ने प्रचलन विकसित भएको देखिदैन ।

राष्ट्रिय खेलकुद परिषद जस्तो संस्थाले केवल पेशेवार खेलाडीहरुको निम्ति काम गरिरहेको छ तर प्रभावकारी समन्वयको अभावमा विद्यालय र विश्वविद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापमा भने अपेक्षाकृत ढंगबाट सहयोग पुर्याउन सकेको छैन ।नेपाल स्काउटले पनि हरेक विद्यालयहरुमा विद्यार्थीहरुको सर्वाङ्गीण विकास गराउने लक्ष्य राखी स्काउटिङको कार्यक्रम संचालन गर्दै आएको छ ।यसका शाखाहरु ७५ जिल्लामा छन् । केही समय यता शिक्षण शिक्षा मार्फत स्काउटिङ शिक्षकले स्काउट

प्रशिक्षण गर्ने गरेका थिए तर हाल उक्त व्यवस्थामा अतिरिक्त क्रियाकलाप सम्बन्धी आवश्यक सुविधा र प्रोत्साहनमा कमी आएकोले गर्दा शिथिलता आएकोछ।

**२ प्रमुख समस्या र मुद्दाहरु**

नेपाल जस्तो मुलुकमा अतिरिक्त क्रियाकलापलाई विद्यार्थीको व्यक्तित्व विकासका साथै समाज सेवा र राष्ट्र निर्माणमा पनि सघाउ हुने गरी लिनुपर्दछ ।तर वर्तमान सन्दर्भमा शिक्षामा हुनुपर्ने भूमिका अनुरुप अतिरिक्त क्रियाकलापतर्फ दृष्टि नपुगेकाले यस क्षेत्रमा कतिपय समस्या र मुद्दाहरु देखिन्छन् ।

विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका निम्ति नियमित पठनपाठनका साथै प्रयोगात्मक अभ्यास र प्रतियोगितात्मक क्रियाकलापहरुको संचालन नियमित रुपमा हुनुपर्ने हो ।तर यस्ता क्रियाकलापहरुमा नाटकहरुमा अभिनय र नृत्य कार्यक्रमका प्रतियोगिताहरु , साहित्यिक गोष्ठीको आयोजना र साहित्यिक प्रतियोगिताहरु, चित्रकला प्रतियोगिताहरु, भित्ते पत्रिका तथा हस्तलिखित पत्रिकाको सम्पादन र प्रकाशन आदि कार्यक्रमहरुलाई विद्यार्थीहरुको रुचिका आधारमा सबै विद्यालयहरुमा र उच्च शिक्षण संस्थाहरुमा सुचारु रुपले संचालन गरेको पाइँदैन ।

विभिन्न आयुवर्गका विद्यार्थीहरुको शारीरिक विकासका निम्ति सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापका रुपमा खेलकूद, व्यायाम, योगाभ्यास आदिको अभ्यास र प्रतियोगिताहरुको आयोजना शैक्षिक संस्थाहरुमा पर्याप्त रुपमा भएको पाइन्न ।

हाम्रा शैक्षिक संस्थाहरुमा विद्यार्थीहरुको मानसिक तथा वौद्धिक विकासका निम्ति कार्यपत्रहरुको नियमित आयोजनाहरुको कमी छ । यस्ता कार्यक्रमहरुमध्ये वकृत्वकला प्रतियोगिता, हाजिर जबाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता आदि कार्यक्रमहरुको केही मात्रामा संचालन भइरहे तापनि धेरैजसो शैक्षिक संस्थाहरुमा यस्ता अतिरिक्त क्रियाकलापहरुको आयोजना भएको पाइन्न ।

विभिन्न प्रकारका शैक्षिक भ्रमणहरुबाट विद्यार्थीहरुमा ज्ञान, अनुभव र समझदारिको विकास गर्न सकिन्छ । पुस्तकहरु तथा शिक्षकका व्याख्यानहरुबाट नबुझेका कुरा विद्यार्थीहरु अवलोकन भ्रमणबाट बुझ्छन् । विद्यार्थीहरुको उमेर अनुसार उनीहरुलाई चिडियाखाना, संग्रहालय, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु, औधोगिक प्रतिष्ठानहरु र सार्वजनिक महत्वका संस्थाहरुको अवलोकन भ्रमण गराउन ज्यादै लाभप्रद हुन्छ तर यस्ता भ्रमण कार्यक्रमहरुको अपेक्षित मात्रामा आयोजना हुन सकेको

छैन र अहिले संचालित कार्यक्रमहरुबाट पनि विद्यार्थीहरुलाई लाभान्वित गर्न सकिएको छैन ।

विद्यार्थीहरुमा समाजसेवाका भावनाको अभिवृद्धिका निम्ति उनीहरुलाई सक्रिय रुपमा समाजसेवा कार्यमा सहभागी तुल्याउनु पर्छ । खास गरी आफ्नो घर र विद्यालयको वरिपरि सरसफाइ, मन्दिर, पोखरी, धारा, चौतारा आदिको संरक्षण, विद्यालयको बगैचा निर्माण र व्यवस्था, करेसावारीको प्रवन्ध, वृक्षारोपणका क्रियाकलापहरु, वातावरण संरक्षणका गतिविधिहरु र साक्षरता, जनस्वास्थ्य र परिवार कल्याणका कार्यक्रमहरुमा भाग लिन विभिन्न उमेरका विद्यार्थीहरुलाई समुचित रुपमा प्रेरित गर्न अझै सकिएको छैन । आजको बढ्दो वातावरण विनाश र प्रदूषणलाई ध्यानमा राखी वातावरण संरक्षणसम्बन्धी चेतनाको विस्तारको साथै शहर-बजार र गाउँघरमा वातावरण संरक्षण कार्यमा सबैलाई जागरुक तुल्याउँदै वातावरणको संरक्षण गर्नु आजको ठूलो चुनौती भएको छ ।

अतिरिक्त क्रियाकलापहरुको आयोजना विद्यालय, महाविद्यालय, विश्वविद्यालय वा कुनै शैक्षिक संस्थाको तहमा मात्र आन्तरिक प्रतियोगिता गराएर पुग्दैन । आवश्यकताअनुसार शैक्षिक संस्थाहरु, जिल्लाहरु र क्षेत्रहरुका बीच पनि हुनुपर्छ । यस्ता प्रतियोगिताहरु आफ्नै देशका र छिमेकी देशका शैक्षिक संस्थाहरु बीच पनि हुनसक्छन् । यसरी स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका कार्यक्रमहरुको समन्वय हुनुपर्दछ ।सम्पन्न गरिएका यस्ता कार्यक्रमहरुको समुचित मूल्यांकन गरी विद्यालय, विद्यार्थीहरु र कार्यक्रमसँग सम्बद्ध व्यक्तिहरुलाई प्रोत्साहित र पुरस्कृत गर्नु पनि आवश्यक छ ।

**३. सुझाउहरु :**

(१) विद्यार्थीहरुका रचनात्मक प्रतिभाहरुको विकासका निम्ति निम्नलिखित सह तथा अतिरिक्त क्रियाकलापहरुको संचालन सबै शैक्षिक संस्थाहरुमा हुनुपर्छ:

(क) साहित्यका विभिन्न विधाहरुमा रचनाको अभ्यास र प्रतियोगितात्मक कार्यक्रमको आयोजना,

(ख) भित्ते पत्रिका तथा हस्तलिखित पत्रिकाहरुको सम्पादन एवं प्रकाशन,

(ग) चित्रकलाको अभ्यास र प्रतियोगिताको आयोजना,

(घ) स्थानीय सामग्रीहरुमा आधारित हस्तकलाको अभ्यास र प्रतियोगिता,

(ङ) नाटक, नृत्य र संगीतको अभ्यास र प्रतियोगितात्मक प्रदर्शन।

(२) शैक्षिक संस्थाहरुले विद्यार्थीहरुको शारीरिक विकासका निम्ति निम्नलिखित अनुसारका क्रियाकलापहरु नियमित रुपमा गराउन समुचित व्यवस्था गर्नुपर्छः

(क) विभिन्न किसिमका खेलकूदहरुको नियमित अभ्यास र प्रतियोगिता,
(ख) विद्यार्थीहरुको क्षमता अनुसारका व्यायाम र योगाभ्यास,
(ग) स्काउट, स्वयंसेवक तथा राष्ट्रिय सेवादलका कार्यक्रमहरु।

(३) विद्यार्थीहरुको मानसिक तथा बौद्धिक विकासका लागि निम्नलिखित अनुसारका प्रतियोगिताहरु शैक्षिक संस्थाहरुले आयोजना गर्नुपर्छः

(क) वक्तृत्व कला प्रतियोगिता
(ख) हाजिर–जवाफ प्रतियोगिता
(ग) हिज्जे प्रतियोगिता।

(४) विद्यार्थीहरुमा ज्ञान, अनुभव र समझदारीको विकास गर्न शैक्षिक संस्थाहरुले निम्नलिखित अनुसारका शैक्षिक भ्रमणहरुको व्यवस्था गर्नुपर्छ :

(क) चिडियाखाना, संग्रहालयको अवलोकन–भ्रमण।
(ख) ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्वका क्षेत्रहरुको भ्रमण।
(ग) औद्योगिक संस्थान, सार्वजनिक महत्वका संस्थाहरु र औद्योगिक स्थलको अवलोकन–भ्रमण।

(५) विद्यार्थीहरुमा सामाजिक सेवा र वातावरण संरक्षण प्रतिको सचेतता बढाउन शैक्षिक संस्थाहरुले निम्नलिखित अनुसारका कार्यक्रममा सहभागी गराउन प्रोत्साहित गर्नुपर्छ :

(क) शिक्षण संस्था र त्यस वरिपरिका वातावरणको सरसफाई,
(ख) सार्वजनिक स्थल (मन्दिर, पोखरी, धारा, चौतारा आदि) को संरक्षण र सरसफाइ,
(ग) विद्यालयको बगैंचा, करेसाबारीको निर्माण तथा संरक्षण,
(घ) वृक्षरोपण तथा वातावरण संरक्षण,
(ङ) साक्षरता, जनस्वास्थ्य र परिवार कल्याणका कार्यक्रमहरु।

(६) शैक्षिक संस्थाहरुमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुलाई व्यवस्थित गर्न

(क) तह अनुसारका कार्यक्रमहरुको संचालन,
(ख) अतिरिक्त क्रियाकलापहरुमा विशिष्टता देखाउने विद्यार्थीहरुलाई प्रोत्साहन, शिक्षकहरुलाई अतिरिक्त क्रियाकलापको संचालन सम्बन्धी प्रशिक्षण र प्रत्येक विद्यालयबाट आफ्ना अतिरिक्त क्रियाकलापका निम्ति निश्चित रकमको निर्धारणमा जोड दिनुपर्छ।

(७) विविध अतिरिक्त क्रियाकलापहरुमा प्रतियोगिता हुँदा विशिष्टता देखाउने विद्यालयहरुलाई प्रोत्साहित गर्नुपर्छ।

(८) अतिरिक्त क्रियाकलापमा समावेश गरिएका र पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्ने खालका सुझाउका बुँदाहरु (१), (२), (४) का सबै क्रियाकलाप र बुँदा (५) का केही कार्यक्रमलाई पठनपाठन प्रक्रियामा सबै तहमा सामेल गराई विद्यार्थीहरुको आन्तरिक मूल्यांकनमा केही अंकभार दिने व्यवस्था मिलाइनुपर्छ।

(९) शैक्षिक संस्थाहरुको मूल्यांकन गर्दा अतिरिक्त क्रियाकलापको प्रभावकारी संचालन पक्षलाई समेत आधार बनाउनुपर्छ।

शिक्षा मन्त्रालय

## परिशिष्ट क

## राष्ट्रिय शिक्षा आयोगका कार्यटोलीहरुका सदस्यहरुको नामावली

क) शिक्षाको उद्देश्य, नीति, जनशक्ति, संगठन तथा आर्थिक व्यवस्थापन

| | | | |
|---|---|---|---|
| १ | डा.नरोत्तम उपाध्याय | व्यवस्थापन संकाय, त्रिवि | संयोजक |
| २ | श्री हेमराज लेखक | सिन्धुपाल्चोक जि.शि.नि | सदस्य मुख्य समूह |
| ३ | श्री अच्यूतमान भण्डारी | शिक्षाशास्त्र संकाय, त्रिवि | सदस्य मुख्य समूह |
| ४ | डा.तीर्थराज खनिया | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | सदस्य |
| ५ | डा.शंकरप्रसाद प्रधान | विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रिवि | सदस्य |
| ६ | श्री केशवप्रसाद नेपाल | योजना महाशाखा, शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |

ख) उच्च शिक्षा साधारण

| | | | |
|---|---|---|---|
| १ | डा.कमलप्रकाश मल्ल | अङ्ग्रेजी विभाग, त्रिवि | संयोजक |
| २ | डा.मोहनविक्रम ज्ञवाली | विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रिवि | सदस्य मुख्य समूह |
| ३ | डा.वासुदेव उप्रेती | व्यवस्थापन संकाय, त्रिवि | सदस्य |
| ४ | डा.प्रेमराज पन्त | व्यवस्थापन संकाय, त्रिवि | सदस्य |
| ५ | डा.रामवतार यादव | पाठ्यक्रम विकास केन्द्र, त्रिवि | सदस्य |
| ६ | डा.पन्नालाल प्रधान | योजना महाशाखा, त्रिवि | आमन्त्रित |
| ७ | डा.शान्ता थपलिया | ल क्याम्पस, प्रदर्शनीमार्ग | आमन्त्रित |
| ८ | श्री वेदनाथ रेग्मी | सेरिड, त्रिपुरेश्वर | आमन्त्रित |
| ९ | डा.सुर्यलाल अमात्य | सेडा, त्रिवि, कीर्तिपुर | आमन्त्रित |
| १० | श्री विष्णुमान श्रेष्ठ | रिकास्ट, त्रिवि कीर्तिपुर | आमन्त्रित |
| ११ | डा.दुर्गाप्रसाद भण्डारी | सिनास, त्रिवि, कीर्तिपुर | आमन्त्रित |
| १२ | श्री उपेन्द्रदेव आचार्य | पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा | आमन्त्रित |

ग) उच्च शिक्षा प्राविधिक

| | | | |
|---|---|---|---|
| १ | डा.केदारलाल श्रेष्ठ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रिवि | संयोजक |
| २ | डा.श्रीरामभक्त माथेमा | इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक | सदस्य मुख्य समूह |
| ३ | डा.गोपाल आचार्य | चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज | सदस्य मुख्य समूह |
| ४ | श्री चित्तबहादुर तुलाधर | अमृत साइन्स क्याम्पस, लैनचौर | सदस्य मुख्य समूह |
| ५ | श्री तेजबहादुर केसी | कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर | सदस्य |

| | | | |
|---|---|---|---|
| ६ | श्री नेत्रबहादुर बस्नेत | विशेषज्ञ, मैतिदेवी | सदस्य |
| ७ | डा.सुदर्शनराज तिवारी | इन्जिनियरिङ अध्ययन संस्थान | सदस्य |
| ८ | श्री कपिल चित्रकार | वनविज्ञान अध्ययन संस्थान | सदस्य |
| ९ | डा.शिवप्रसाद धौभडेल | विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रिवि | आमन्त्रित |

## घ) शिक्षक शिक्षा

| | | | |
|---|---|---|---|
| १ | डा.वीरेन्द्रकुमार मल्लिक | शिक्षाशास्त्र संकायप त्रिवि | संयोजक |
| २ | डा.बज्रराज शाक्य | शिक्षाशास्त्र संकायप त्रिवि | सदस्य मुख्य समूह |
| ३ | डा.रत्नमान प्रधान | शिक्षाशास्त्र संकायप त्रिवि | सदस्य मुख्य समूह |
| ४ | श्री शंकरलाल सिंह | शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |
| ५ | श्रीमति शान्ति वस्नेत | विजय स्मारक मावि, डिल्लीबजार | सदस्य |
| ६ | श्री रमेशनारायण श्रेष्ठ | वाल्मिकी क्याम्पस | सदस्य |
| ७ | श्री उत्तमबहादुर अमात्य | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| ८ | श्रीमती प्रमिला राजभण्डारी | महेन्द्ररत्न क्याम्पस, ताहाचल | आमन्त्रित |
| ९ | डा.इन्द्रविलास अधिकारी | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १० | डा.शिशिरकुमार स्थापित | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| ११ | डा.हेमाङ्गराज अधिकारी | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १२ | श्री केशवानन्द गिरी | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १३ | श्री वटुकप्रसाद राजभण्डारी | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १४ | डा.केदारमान प्रधान | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १५ | श्री वुद्धिबज्र वज्राचार्य | शिक्षाशास्त्र संकायप सानोठिमी | आमन्त्रित |
| १६ | डा.सर्वज्ञभक्त मल्ल | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| १७ | श्री अनिरुद्र श्रेष्ठ | शिक्षाशास्त्र संकायप सानोठिमी | आमन्त्रित |
| १८ | श्री गोपीनाथ शर्मा | शिक्षा तथा संस्कृति मन्त्रालय | आमन्त्रित |
| १९ | श्री जयराम गिरी | शिक्षा तथा संस्कृति मन्त्रालय | आमन्त्रित |
| २० | श्री लोकेन्द्रमान प्रधान | क्षे.शि.नि, मध्यमाञ्चल | आमन्त्रित |
| २१ | श्री नानीहिरा कंसाकार | पापानिवि केन्द्र, सानोठिमी | आमन्त्रित |
| २२ | श्री रामानन्द मिश्र | शिक्षा तथा संस्कृति मन्त्रालय | आमन्त्रित |
| २३ | श्रीमती निलम वस्नेत | शिक्षा तथा संस्कृति मन्त्रालय | आमन्त्रित |
| २४ | श्री रमेशप्रसाद गौतम | जिशिनि ललितपुर | आमन्त्रित |
| २५ | श्री अर्जुनबहादुर भण्डारी | जिशिनि भक्तपुर | आमन्त्रित |
| २६ | डा.नोवलकिशोर राई | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| २७ | डा.दिव्यमान वज्राचार्य | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| २८ | श्रीरत्नलाल प्रधान | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| २९ | श्री गौतमध्वज जोशी | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| ३० | डा.बलराम श्रेष्ठ | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| ३१ | श्रीमती कोमलबदन मल्ल | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |
| ३२ | डा.सुन्दरश्यामभगत | शिक्षाशास्त्र संकायप त्रिवि | आमन्त्रित |

| | | | |
|---|---|---|---|
| | माथेमा | | |
| ३३ | डा.पन्नालाल प्रधान | योजना महाशाखा त्रिवि | आमन्त्रित |
| ३४ | डा.केदारनाथ श्रेष्ठ | शिक्षा तथा संस्कृति मन्त्रालय | आमन्त्रित |
| ३५ | श्री नागेन्द्रप्रसाद सिंह | जिल्ला शिक्षा निरीक्षक काठमाडौं | आमन्त्रित |

## ङ) माध्यमिक तथा उच्च माध्यमिक

| | | | |
|---|---|---|---|
| १ | डा.केदारनाथ श्रेष्ठ | शिक्षा तथा संस्कृति मन्त्रालय | संयोजक |
| २ | श्रीमती गौरी राणा जोशी | शहीद स्मारक मावि | सदस्य मुख्य समूह |
| ३ | श्री गोपालप्रसाद बास्कोटा | श्री ५ रत्नराज्यलक्ष्मी मावि, वानेश्वर | सदस्य मुख्य समूह |
| ४ | श्री चन्द्रशेखर ठाकुर | जुद्ध मावि गौर रौतहट | सदस्य मुख्य समूह |
| ५ | श्रीमती वीणा जोशी | विशेषज्ञ ललितपुर | सदस्य |
| ६ | श्री अष्टकुरमा श्रेष्ठ | खलंगा माध्यमिक विद्यालय, प्यूठन | आमन्त्रित |

## च) संस्कृत शिक्षा

| | | | |
|---|---|---|---|
| १ | डा.हरिदेव मिश्र | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान | संयोजक |
| २ | डा.माधव भट्टराई | बाल्मिकी विद्यापीठ | सदस्य मुख्य समूह |
| ३ | श्री माधवशरण उपाध्याय | बाल्मिकी विद्यापीठ | सदस्य मुख्य समूह |
| ४ | श्री खेमराज उपाध्याय केशवशरण | बाल्मिकी विद्यापीठ | सदस्य |
| ५ | श्री नीलमणि ढुङ्गाना | बाल्मिकी विद्यापीठ | सदस्य |
| ६ | श्री विष्णु अधिकारी | बुढानीलकण्ठ स्कूल | सदस्य |
| ७ | श्री विदुर पौडेल | गौरीघाट | सदस्य |
| ८ | श्री शिवगोपाल रिसाल | पद्मकन्या क्याम्पस, वागवजार | आमन्त्रित |
| ९ | श्री नारायण चालिसे | सं.मा.वि, बाग्लुङ | आमन्त्रित |
| १० | श्री तिलकनाथ अधिकारी | शिक्षाप्रेमी दुराडाँडा, लमजुङ | आमन्त्रित |
| ११ | श्री बद्रीनाथ झा | शिक्षाप्रेमी, रौतहट | आमन्त्रित |
| १२ | डा.ज्ञानलाल श्रेष्ठ | शिक्षाविद, घट्टेकुलो | आमन्त्रित |

## छ पूर्व प्राथमिक तथा प्राथमिक शिक्षा

| | | | |
|---|---|---|---|
| १ | डा.यज्ञराज पन्त | शिक्षा संकाय त्रिवि | संयोजक |
| २ | श्री विमललाल श्रेष्ठ | प्राथमिक शिक्षा परियोजना | सदस्य मुख्य समूह |
| ३ | श्री शिवप्रसाद सत्याल | बाल्मिकी क्याम्पस | सदस्य मुख्य समूह |
| ४ | श्रीमती स्टेला तामाङ | भृकुटी मावि चावहिल | सदस्य |
| ५ | श्रीमती रामबदन जोशी | पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र, सानोठिमी | सदस्य |
| ६ | श्री रणबहादुर थापा | विशेषज्ञ, महाराजगञ्ज | सदस्य |
| ७ | श्री गिरीराज जोशी | अमर आदर्श मावि, बानेश्वर | सदस्य |
| ८ | श्री हेमचन्द्र श्रेष्ठ | विशेषज्ञ, महाराजगञ्ज | सदस्य |
| ९ | श्रीमती रञ्जना पोखरेल | कान्तिइश्वरी शिशु विद्यालय, त्रिपुरेश्वर | सदस्य |

| | | | |
|---|---|---|---|
| १० | डा.चुडामणी बन्धु | मानविकी संकाय, त्रिवि | आमन्त्रित |
| ११ | श्री अनिता नेपाल | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १२ | श्री हरिशंकर मानन्धर | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १३ | श्री बेजुना जोशी | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १४ | श्री भीमलाल गुरुङ | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १५ | श्री लक्ष्मीनाथ श्रेष्ठ | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १६ | शिवभक्त शर्मा | प्राथमिक शिक्षा परियोजना | आमन्त्रित |
| १७ | सत्यबहादुर श्रेष्ठ | सेती परियोजना | आमन्त्रित |
| १८ | श्री विन्देश्वरप्रसाद गुप्ता | क्षेशिनि, सुदूर पश्चिमाञ्चल | आमन्त्रित |
| १९ | श्री कमलप्रसादलाल कर्ण | क्षेशिनि, सुदूर पश्चिमाञ्चल | आमन्त्रित |

## प्राविधिक तथा व्यावसायिक शिक्षा

| | | | |
|---|---|---|---|
| १ | श्री अग्नीप्रसाद काफ्ले | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | संयोजक |
| २ | श्री भवानीशंकर सुवेदी | बी.टी..टी.सी, बालाजु | सदस्य मुख्य समूह |
| ३ | श्री जीवन अधिकारी | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य मुख्य समूह |
| ४ | श्री सरोज देवकोटा | इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक | सदस्य मुख्य समूह |
| ५ | श्री रत्नबहादुर ताम्राकार | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य |
| ६ | श्री नारायणप्रसाद भट्टराई | ट्रेड स्कूल, सानोठिमी | सदस्य |
| ७ | श्री रामदेव भट्टराई | घरेलु तथा ग्रामीण उद्योग विभाग | सदस्य |
| ८ | श्री टंकनाथ शर्मा | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | आमन्त्रित |
| ९ | श्री पुष्पलाल श्रेष्ठ | सानोठिमी क्याम्पस, सानोठिमी | आमन्त्रित |

## झ अनौपचारिक शिक्षा दूर शिक्षा र विशेष शिक्षा

| | | | |
|---|---|---|---|
| १ | डा.चुडानाथ अर्याल | शिक्षाशास्त्र संकाय त्रिवि | संयोजक |
| २ | डा.दिनेश ढुङ्गेल | एल.फर.फोरम फर कम्युनिटी | सदस्य मुख्य समूह |
| ३ | श्री प्रकाशसिंह अधिकारी | इनोभेटिभ फोरम फर कम्युनिटी डेभलपमेन्ट, पुतलीसडक | सदस्य मुख्य समूह |
| ४ | श्री राधावरध्वज खाती | राष्ट्रिय शिक्षा समिति, केशरमहल | सदस्य |
| ५ | श्री दिलबहादुर श्रेष्ठ | प्रौढ शिक्षा शाखा , शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |
| ६ | श्री रामेश्वर श्रेष्ठ | रेडियो शिक्षा तालिम परियोजना, सानोठिमी | सदस्य |
| ७ | श्री किरण सिन्हा | बहिरा बालकको स्कूल, नक्साल | सदस्य |
| ८ | श्री चीजकुमार श्रेष्ठ | वर्ल्ड एजुकेशन, ज्ञानेश्वर | आमन्त्रित |

## ञ बहुविश्वविद्यालय सम्भाव्यता

| | | | |
|---|---|---|---|
| १ | मोहनप्रसाद लाखे | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | संयोजक |
| २ | डा.पन्नालाल प्रधान | योजना महाशाखा त्रिवि | सदस्य |
| ३ | श्री सरस्वतीप्रसाद रिमाल | पद्मकन्या क्याम्पस, वागवजार | सदस्य |
| ४ | श्री लोकेन्द्रप्रसाद आचार्य | महेन्द्र बहुमुखी क्याम्पस, धरान | सदस्य |

## ट. पाठ्यपुस्तक तथा पाठ्यसामग्री

| | | | |
|---|---|---|---|
| १ | डा.त्रैलोक्यनाथ उप्रेती | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | संयोजक |
| २ | श्री लोकेन्द्रमान प्रधान | परीक्षा नियन्त्रण कार्यालय, त्रिवि | आमन्त्रित |
| ३ | श्री विश्वनाथ अर्याल | पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र, सानोठिमी | आमन्त्रित |
| ४ | श्री दीपक खड्का | रत्नपुस्तक भण्डार | आमन्त्रित |
| ५ | श्री नारायण शर्मा गजुरेल | साझा प्रकाशन | आमन्त्रित |
| ६ | श्री चन्द्रबहादुर श्रेष्ठ | परीक्षा नियन्त्रण कार्यालय | आमन्त्रित |
| ७ | श्री अर्जुन | एजुकेशनल इन्टरप्राइजेज | आमन्त्रित |
| ८ | श्री अर्जुन विलास पन्त | जनक शिक्षा सामग्री केन्द्र | आमन्त्रित |

## ठ पुस्तकालय

| | | | |
|---|---|---|---|
| १ | डा.त्रैलोक्यनाथ उप्रेती | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | संयोजक |
| २ | श्री पूर्णप्रसाद अमात्य | केन्द्रीय पुस्तकालय, त्रिवि | आमन्त्रित |
| ३ | श्री मधुसुदन शर्मा सुवेदी | संसद सचिवालय पुस्तकालय | आमन्त्रित |
| ४ | श्रीमती सुशीला द्विवेदी | राष्ट्रिय पुस्तकालय, हरिहरभवन | आमन्त्रित |
| ५ | श्री शंकरनाथ अधिकारी | केसर पुस्तकालय, केसरमहल | आमन्त्रित |
| ६ | श्रीमती शान्ति मिश्र | त्रिभुवन विश्वविद्यालय | आमन्त्रित |
| ७ | श्री श्याम | राष्ट्रिय योजना आयोग, पुस्तकालय, सिंहदरबार | आमन्त्रित |

शिक्षा मन्त्रालय

## राष्ट्रिय शिक्षा आयोगका कर्मचारिहरु

| | | |
|---|---|---|
| १ | श्री हेमराज पौडेल | उपसचिव |
| २ | श्री लक्ष्मण उदास | उपसचिव |
| ३ | श्री गोपालप्रसाद अधिकारी | प्रा शाखा अधिकृत |
| ४ | महेशनाथ पराजुली | शाखा अधिकृत |
| ५ | श्री शक्तिप्रसाद श्रेष्ठ | लेखा अधिकृत |
| ६ | श्रीकान्त पौडेल | नासु |
| ७ | श्री जयकृष्ण अर्याल | नासु |
| ८ | सुश्री कमला सिंह | नासु |
| ९ | श्रीमती सर्वज्ञलक्ष्मी मुल्मी | नासु |
| १० | श्रीमती कनकदेवी बर्जाचार्य | नासु |
| ११ | श्री विजेन्द्रमान बर्जाचार्य | प्राविनि |
| १२ | श्रीमती गंगादेवी मानन्धर | टानासु |
| १३ | श्री पूर्णगोविन्द श्रेष्ठ | टानासु |
| १४ | श्री लक्ष्मीबहादुर कारन्जित | लेखापाल |
| १५ | श्री मुरारि शर्मा | लेखापाल |
| १६ | श्री उद्धव थापा | सहलेखापाल |
| १७ | श्रीमती सानुमैया मानन्धर | टाख |
| १८ | श्री श्रृषि डङ्गोल | सहायक |
| १९ | श्री रामबहादुर महर्जन | ड्राइभर |
| २० | श्री सूर्यबहादुर लामा | ड्राइभर |
| २१ | श्रीचन्द्रबहादुर लामा | ड्राइभर |
| २२ | श्री पुरुषोत्तम खनाल | पियन |
| २३ | श्री बीरबहादुर रानामगर | पियन |
| २४ | श्री भीमलाल महर्जन | पियन |

शिक्षा मन्त्रालय